सादिङ्गे तिङ्गेहाङ

संयक लिम्बू वंशावली

(लिम्बु जातिको संक्षिप्त इतिहास सहित)

HISTORY AND GENEALOGY OF SANYAK LIMBU

(With a Brief History of Limbu People)

“कुरुले यक, पदे यक, खा:म्हेला, आम्वेपजः
सादिङ्गे तिङगेहाङले वारु कुवामीसा संयकहाङ”

(संयक लिम्वू वंशको संक्षिप्त इतिहास तथा वंशावली)

(युङ्सिङवा, लाङ्वेवा, तुम्वा र तुम्सा)

(लिम्वू जातिको संक्षिप्त इतिहास सहित)

HISTORY AND GENEALOGY OF SANYAK LIMBU

(Yungsingba, Langbeba, Tumba and Tumsa)

(With a Brief History of Limbu People)

सल्लाहकारहरु :

मानधोज तुम्सा संयक (धरान)
अमृतबहादुर युङ्सिङवा संयक (मोरङ)
पूर्णबहादुर युङ्सिङवा संयक (इलाम)
रामचन्द्र (रेखी) तुम्वा संयक (धरान)
महेन्द्र तुम्वा संयक (तेह्रथुम)
भवीराज तुम्वा संयक (तेह्थुम)
खड्गशेर तुम्वा संयक (धरान
दिलिप तुम्वा संयक (धरान)
लक्ष्मी तुम्वा संयक (हंगकंग)

टेकबहादुर तुम्वा संयक (युके)
टेकबहादुर तुम्सा संयक (धरमपुर, झापा)
डम्वर बहादुर तुम्सा संयक (जाँते, मोरङ)
ठाकुरप्रसाद तुम्सा संयक (भेडेटार)
सुकबहादर तुम्वा संयक,
शुक्रराज तुम्वा संयक तुम्वा संयक (साँगुरीगढी)
तिलकबहादुर तुम्सा संयक(काकरभिट्टा)
स्व.नरबहादुर तुम्वा संयक (धरान)
मोहनबहादुर तुम्सा संयक (टोड्के)

सम्पादन मण्डल

हेमकर्ण तुम्सा संयक
कुलकेशर तुम्वा संयक
लीलाराज तुम्सा संयक
नरबहादुर तुम्वा संयक (ताम्राङ)
रणबहादुर युङ्सिङवा संयक

प्रकाशन समिति

शन्तबहादुर तुम्वा संयक(संयोजक)
छत्रबहादुर तुम्वा(सदस्य)
विमल कुमार तुम्वा संयक(सदस्य)
टेकबहादुर तुम्सा संयक(सदस्य)
सहवीर तुम्सा संयक(सदस्य)
दूर्गाप्रसाद तुम्सा संयक(सदस्य)
टीकाबहादुर तुम्वा संयक(सदस्य)
ऐतरानी युङ्सिङ्वा संयक(सदस्य)
मेरिना तुम्सा संयक(सदस्य)

सचिवालय सदस्यहरु

राजेशकुमार तुम्वा संयक
हेमकर्ण तुम्सा संयक
किशोर तुम्वा संयक
कूलकेशर तुम्वा संयक
टेकबहादुर तुम्सा संयक
दुर्गाबहादुर तुम्वा संयक
कालुराम तुम्वा संयक
सहवीर तुम्सा संयक

शन्तबहादुर तुम्वा संयक
लीलाराज तुम्सा संयक
भवीराज तुम्सा संयक
नरबहादुर तुम्वा संयक
दुर्गाप्रसाद तुम्सा संयक
रनबहादुर युङ्सिङ्वा

लेखन उपसमितिका सदस्यहरु :

हेमकर्ण तुम्सा संयक (संयोजक)
कूलकेसर तुम्वा संयक (सह संयोजक)
किशोर तुम्वा संयक (सदस्य)
सहवीर तुम्सा संयक (सदस्य)
लीलाराज तुम्सा संयक (सदस्य)

भवीराज तुम्सा संयक (सदस्य)
नरवहादुर तुम्वा संयक (सदस्य)
टीका बहादुर तुम्वा संयक (सदस्य)
रणबहादुर युङसिङ्वा संयक (सदस्य)

आर्थिक उपसमितिका सदस्यहरु :

किशोर तुम्वा संयक(संयोजक)
रोशन तुम्वा संयक(सदस्य)
सहवीर तुम्सा संयक(सदस्य)
दूर्गाप्रसाद तुम्सा संयक(सदस्य)

मंगलसिं तुम्वा संयक(सदस्य)
विष्णुबहादुर युङसिङवा संयक(सदस्य)
शेरबहादुर लाङ्वेवा संयक(सदस्य)

मूल लेखक तथा सङ्कलकहरुः

इतिहास खण्ड मूल लेखक : हेमकर्ण तुम्सा संयक
इतिहास खण्डको मानव सभ्यता : किशोर तुम्वा संयक
नावाचईत् मुन्धुम, सँस्कार/सँस्कृति, किपट प्रथा, ऐतिहासिक कागजातको सङ्कलक
तथा माङ्गेना मुन्धुम अनुवाद/लिप्यन्तरण : भवीराज तुम्सा संयक

वंशवृक्ष सङ्कलकहरु
(युङ्सिङवा/लाङवेवातर्फ)
रणबहादुर युङ्सिङवा संयक, राजबहादुर युङ्सिङवा संयक
तेजबहादुर लाङ्वेवा
(तुम्वा तर्फ)
मूल सङ्कलकः कूलकेशर तुम्वा संयक
सह सङ्कलकहरु : नरबहादुर तुम्वा संयक, शुक्रराज तुम्वा संयक
(तुम्सा तर्फ)
मूल संकलकः हेमकर्ण तुम्सा संयक
सह सङ्कलकहरु : टेकबहादुर तुम्सा संयक, सुकबहादुर तुम्सा संयक (सिक्किम)

वंशावली लेखन तथा खोज कार्यमा सहयोग पुऱ्याउने सदस्यहरु :
इन्द्र तुम्वा संयक, दुर्गाबहादुर तुम्वा संयक(काँइला), हरिबहादुर तुम्सा संयक,

माङ्गेना मुन्धुम/फेदाङ्मा :दिलबहादु तुम्वा संयक (खुवाफोक)/वीरबहादुर तुम्सा संयक (खोपीगाउँ)
आवरण/लेआउट डिजाईन :संयक लिम्वू उत्थान समाज
ड्रोन फोटो : टेकेन्द्रजंग माझी (धरान)
कम्प्युटर टाईप : एथ्री कम्प्युटर सेन्टर, धरान-१०
सर्वाधिकार : संयक लिम्वू उत्थान समाज
प्रकाशित प्रति : १००० (एकहजार प्रति)
प्रकाशन मिति : २०८१ फागुन २२ गते
ISBN No : 978-9937-1-6792-5
मुद्रण : अरनिको छापाखाना, विराटनगर
मूल्य : ने.रु १५००। भा.रु ९५०। HKD:: 85.00 USD: 11.00

Sanyak-Society

केन्द्रीय समितिका पदाधिकारीहरू

अध्यक्ष
राजेश कुमार तुम्बा संयक

का.वा. अध्यक्ष
हेकमर्ण तुम्सा संयक

उपाध्यक्ष
खिनमाया तुम्बा संयक

उपाध्यक्ष
रूद्रबहादुर तुम्बा संयक

सचिव
लिलाराज तुम्सा संयक

सह-सचिव
नरबहादुर तुम्बा संयक

कोषाध्यक्ष
किशोर तुम्बा संयक

सदस्य
कुलकेशर तुम्बा संयक

सदस्य
टेकबहादुर तुम्सा संयक

सदस्य
उत्तरबहादुर तुम्सा संयक

सदस्य
बुद्धमाया तुम्सा संयक

सदस्य
बिमलकुमार तुम्बा संयक

सदस्य
सहवीर तुम्सा संयक

सदस्य
हस्तबहादुर ... संयक

सदस्य
दुर्गाप्रसाद तुम्सा संयक

सदस्य
टिकाबहादुर तुम्बा संयक

सदस्य
विष्ण पयांगु तुम्बा संयक

सदस्य
पुष्पा तुम्बा संयक पंधाक

सदस्य
शेरबहादुर तुम्सा संयक

सदस्य
मेरिना तुम्सा संयक

सदस्य
पूर्णबहादुर थक्सु संयक

सदस्य
ममिन्द्र तुम्सा संयक

सदस्य
रत्न तुम्बा संयक

सदस्य
भिमबहादुर तुम्सा संयक

सदस्य
चम्पा तुम्बा संयक

सदस्य
गिता तुम्बा संयक

सदस्य
नन्दा चेम्जोङ्ग तुम्बा संयक

सदस्य
दुर्गाबहादुर तुम्बा संयक

सदस्य
सन्तबहादुर तुम्बा संयक

सदस्य
कालुराम तुम्बा संयक

सदस्य
भविराज तुम्सा संयक

सदस्य
रणबहादुर युङसिङबा संयक

सदस्य
शेरबहादुर लाङबेवा संयक

संयक वंशका १०२ वर्षिय जेष्ठ सदस्य अग्रज श्री उत्तरबहादुर तुम्वा संयक (साविक खुवाफोक गाविस- ५)

स्व विष्णुप्रसाद तुम्वा, धनकुटा जिल्ला पञ्चायत सभापति, २०३४ (साविक खुवाफोक गाविस- ५)

तुम्वातर्फ पहिलो एसएलसी उतीर्ण गर्ने श्री शुरेशराज तुम्वा संयक, २०२४ (साविक खुवाफोक गाविस-१), हाल धरान ।



तुम्सातर्फ पहिलो एसएलसी उतीर्ण गर्ने श्री हेमकर्ण तुम्सा संयक, २०२८ (साविक मुढेवास गाविस-४) हाल छ नम्वर बुधवारे ।

लिम्वू भाषामा मासु राख्ने भाँडालाई "साखोङ" भनिन्छ । सोगुम क्षेत्रमा पहिले ठूलो जंगल भई हिंश्रक जनावरहरु प्रसस्तै भई जंगली जनावरहरु मारेर खाने र धेरै भएपछि त्यँही जतातत‌ै मासु रहन्थे रे र उक्त ठाँउमा प्रसस्तै मासु भएपछि लिम्वू संयकहरुले मासु रहेको ठाँउलाई साखोङ भन्नथाले र पछि त्यही शव्द अपभ्रंश भई "सोगुम" भएको मानिन्छ । त्यसैगरी तुम्साहरुको एक पुर्खा तःअम्वा वसेको स्थान नै विस्तारै तःअम्वाबाट तकम्वा बनेको विश्वास गरिन्छ । तुम्सा संयकहरुको बाहुल्यता रहेको सोगुम र तकम्वा क्षेत्रहरु संयक लिम्वूहरुको मुन्धुमीस्थल कुरुले यक समेत हो, जसलाई मुन्धुममा कुरुले यक, पदेयक भनी उच्चारण गरिन्छ ।

आजभन्दा १५० वर्षजति अघि वैंगनाको महासेर सेन्सिं थेगिमको घोडाले खुवाफोकका सुभा सन्तानसिं तुम्वाको सिमाक्षेत्र पञ्चमी डाँडामा पटकपटक प्रवेश गरी नोक्सानी गरेकाले सुभाको आदेश बमोजिम उक्त घोडालाई काटिदिएपछि खोजतलास गर्दा तुम्वाहरुले काटेको भनी थाहा भएपछि विवाद उत्पन्न भई चुम्लुङ वसी वि.सं १९३१ मा मिलापत्र गरी उक्त सभा वसेको स्थानमा चोत्लुङ ढुंगा गाडेर आईन्दा थेगिम र तुम्वाको वीचमा कुटुम्व नगर्ने भनी निर्णय गरेका थिए ।

खुवावुङ (खुवाफोक), तुम्वावंशको आदिम् थातथलो

खुवाफोक गाउँ,

सुभा भूपालसिं (वि.सं १९५४-२०३३)

याक्थुङ् लाजे (लिम्वूवात भूगोल) मा दशवटा प्रमुख यक छन् । ती दशवटा यक मध्ये एउटा यक पधे यक हो । १६ औं शताब्दी आसपास संयक वंशका एक पुर्खा खाम्बेकहाङ थिए । उनका दुइवटी श्रीमतीहरु थिए । कान्छी श्रीमतीवाट सन्तानको रुपमा पहिले छोराको जन्म भयो । उनलाई तुम्बा (जेठो छोरा) भनियो । पछि, जेठी श्रीमतीबाट पनि सन्तान छोराको जन्म भयो । उनलाई तुम्मारे कुसा (जेठी आमाको छोरा) भनियो । कालन्तरमा आएर तुम्मारे कुसा (जेठी आमाको छोरा) भन्दैजाँदा तुम्सा संयक भयो । कान्छी आमाको जेठो छोरा तुम्बा संयक भयो । यसरी एउटै बाबुका दुई भाइ छोराहरु (तुम्बा र तुम्सा) संयक भएका हुन् । जेठो छोरा पधे यकबाट बसाइसराइका क्रममा खुवाफोक क्षेत्रमा आएर बसोबास गरे । हाल साँगुरीगढी गाउँपालिका वडा नं-३ धनकुटा जिल्लामा पर्दछ । त्यसैले खुवाफोक क्षेत्र तुम्बा संयक वंशको आदिम थातथलो मानिन्छ ।

सेन् कालमा अरुण नदी पूर्वका पहाडि क्षेत्रको (प्रशासनिक केन्द्रको रुपमा पधे यक थियो । त्यसबेला पधे यकलाई प्रगन्ना भनिन्थ्यो । विजयपुरमा बसेर सेनहरुले शासन गरेका वेला पहाडि क्षेत्रका लिम्बू जातिले स्वायत्त शासनको उपभोग गरेका थिए । १८३१ साल श्रावण २२ गतेका दिन लिम्वूवान र गोरखा राज्यबीच भएको सन्धिमा पनि "सेनकालमा पाएको अधिकार थामीदिएका छौं" भनी उक्त लालमोहरमा लेखिएको छ । १८३९ सालमा राजा रणबहादुर साहको पालामा पहिलो रुक्का पत्र जारी भयो । उक्त लिखतमा "किपट" शब्द उल्लेख गरेको पाइन्छ । उक्त लिखतलाइ अध्ययन गर्दा लिम्बू जातिले स्वायत्तता अधिकारबाट खुम्चिएर किपट व्यबस्थामा सिमित् रहन पुगेको देखिन्छ । राजा रणबहादुर साहद्धारा वि.सं १८४९ र १८५१ मा जारी भएका लालमोहरलाइ अध्ययन गर्दा खुवाफोक बस्ने पाण्डावीर तुम्बा संयकले पहिलो सुभाङ्गी पाएको देखिन्छ ।

सुभा देशमानका तीन भाइ छोराहरु थिए । छोरा जेठा सुभा धनवीर (सुभा खलक), छोरा माइला देशगेडेले अमाली प्रथामा लेखनदास काम गर्ने भएकाले (बैदार खलक), कान्छा भाइ रणजीत माङ् साम्माङको सेवा कर्मको काम गर्ने भएकाले (माङधुप्पा खलक) भएको पाइन्छ । सुभा धनवीरका सात भाइ छोराहरु थिए । सुभाङ्गी रोलक्रम अनुसार छोरा जेठाले बाबुको सुभाङ्गी साखर गरी रीतिथिति बमोजिम चलाउँनुपर्ने हुन्छ । तर धनवीरको छोरा जेठा आसरुपले सुभाङ्गी चलाउनु पर्नेमा छोरा साइला सन्तानसिंले सुभाङ्गी साखर गरी चलाएको देखिन्छ । सुभा सन्तानसिंका दुई भाइ छोराहरु थिए । छोरा जेठा राजदल र कान्छा जसतल हुन् । तर रोलक्रम अनुसार छोरा जेठा राजदलले सुभाङ्गी चलाउनु पर्नेमा छोरा कान्छा जसतलले बाबुको सुभाङ्गी साखर गरी चलाएको देखिन्छ । सुभा जसतलका छोरा जेठा जीतबहादुर थिए । उनले बाबुको शेषपछि सुभाङ्गी साखर गरी सुभा जितबहादुर तुम्बा संयकले रीतिथिति बमोजिम चलाउँदा थक्सुवा दाजुभाइको सुभाङ्गी समेत कानून मुताबिक साखर गरील्याएर चलाएको देखिन्छ । सुभा जितबहादुरको पाँचभाइ छोराहरमा जेठा भूपालसिं, माइला रत्नबहादुर, साँइला पङ्जोली, काँइला बमप्रसाद र कान्छा धनप्रसाद मध्ये जेठा छोरा भूपालसिंले वावुको शेषपछि वि.सं. १९९५ सालदेखि २०३२ सालसम्म जम्मा ३७ वर्षसम्म सुभाङ्गी चलाएको देखिन्छ । साथै २०३२ सालमा भूमिसुधार लागु भएपछि लिम्वूवानको किपट व्यवस्थाको अन्त्यसंगै भूपालसि संयकको सुभाङ्गी र सम्पूर्ण सुभाङ्गी प्रथाको समेत अन्त्य भयो ।

शुभकामना

चौबिस क्षेत्रका खाम्बोङ्बा लुम्बासेङ्बा लिम्बू जाति संयक लिम्बूहरुको साझा संस्था "संयक लिम्बू उत्थान समाज" ले आफ्नो इतिहास र वंशको खोज तथा अनुसन्धान गरी सादिङ्गे तिङ्गेहाङ संयक (लिम्बू) वंशावली २०८१ प्रकाशनको लागि तयारी गरिरहेको समाचार प्राप्त हुँदा म अत्यन्त नै हर्षित बनेको छु। विभिन्न उपथरिका संयकहरु मध्ये धनकुटा जिल्ला अन्तर्गत चौबिसे गाउँपालिका भित्र रहेको बोधे यक भएका युङसिङ्बा, लाङ्बेबा, तुम्बा र तुम्सा उपथरको संयकहरु करिब १५०० घरहरुमा विभाजित छन् र उनीहरुको कुल जनसंख्या करिब ५००० रहेको कुरा मलाई जानकारी छ। यो जनसंख्या धेरै जनसंख्या भएका विभिन्न थरका लिम्बूहरु भित्र पर्दछ। त्यसैले संयक थरका लिम्बूको वंशावली प्रकाशनले समग्र लिम्बू जातिलाई नै जातीय भाषा, संस्कृति र इतिहासका बारेमा थप जानकारी गराउन मद्दत पुऱ्याउने छ भन्ने कुरामा म विश्वस्त छु।

लिम्बू जातिको बसोबास कोसी र मेची अञ्चलका जिल्लाहरुमा विशेष रुपले फैलिएको छ। वि.सं. २०७८ सालको जनगणना अनुसार लिम्बूहरुको जम्मा जनसंख्या ४ लाख १४ हजार ७ सय ४ छ। यसमध्ये ३ लाख ५० हजार ४ सय ३६ जनाले मात्र लिम्बू भाषा बोल्दछन्। दोश्रो भाषाको रुपमा १९ हजार ७ सय ५ जनाले यो भाषा बोल्दछन्। जनगणनाले यस प्रकारको तथ्याङ्क प्रस्तुत गरेता पनि लिम्बूहरुको घना बस्ती भएको क्षेत्रहरुका गाउँहरुका केटाकेटीहरुले लिम्बू भाषा नबोलेर प्रायः नेपाली भाषा नै बोलेको सुनिन्छ। ती केटाकेटीहरुलाई लिम्बू भाषामा केही कुरा सोधियो भने उनीहरु नेपालीमा नै जवाफ दिने गर्दछन्। यसको प्रमुख कारण गाउँमा विद्यालयहरुमा प्राथमिक कक्षा देखि नै नेपाली भाषामा पठनपाठन हुन नै हो। यदि यही क्रममा नै जारी रहिरहने हो भने भविष्यमा लिम्बू भाषा नै लोप भएर जान सक्ने सम्भावना समेत रहेको देखिन्छ।

परम्परा देखि चलि आएको पूजाआजा फेदाङ्बा, येबा, साम्बा, माङदेम्बाहरुले गर्दछन्। तर उनीहरुको संख्या पनि क्रमशः घट्दै गइरहेको देखिन्छ। उनीहरुले सक्रिय रुपमा आफ्ना चेला चपेटाहरु उत्पादन गरेको पनि देखिँदैन। उनीहरुमा रहेको ज्ञान नयाँ पुस्तामा हस्तान्तरण नभएमा उनीहरुको पुस्तापछि उक्त अमुल्य ज्ञान पनि उनीहरु सँग नै हराएर जाने छ। यसको संरक्षणको लागि समुदाय नै सक्रिय भएर लाग्नु आवश्यक छ।

लिम्बू जातिका धेरै मानिसहरुमा आफ्नो इतिहासको बारेमा थोरै पनि ज्ञान छैन। उनीहरु मुस्किलले आफ्ना बराजु सम्मको नाम भन्न सक्दछन्। बाँकी पुस्ताको बारेमा उनीहरुको ज्ञान शून्य छ भन्दा पनि हुन्छ। अतः समुदायले उनीहरुलाई आफ्ना पूर्खाहरुको बारेमा जानकारी लिन, उनीहरुले गरेका महत्वपूर्ण कार्यहरुको स्मरण गर्न र समग्रमा आफ्नो जातीय इतिहासको अध्ययन गर्न प्रेरित गर्न जरुरी छ।

माथि उल्लेखित परिस्थितिमा वंशावली तयार पार्नु जस्तो अत्यन्त अप्ठ्यारो र चुनौतिपूर्ण कार्यलाई स्वीकार गर्दै "संयक लिम्बू उत्थान समाज" ले आफ्नो वंशावली प्रकाशन गर्न लागेकोमा गुणस्तरीय प्रकाशनको लागि म हार्दिक शुभकामना व्यक्त गर्दछु। यो वंशावलीले लिम्बू इतिहास, भाषा र संस्कृतिको संरक्षण र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने छ भन्ने कुरामा दृढ विश्वास व्यक्त गर्दछु।

प्रा.डा. गोविन्द बहादुर तुम्बाहाङ
पूर्व प्रदेश प्रमुख
प्रदेश नं. १

Dr. Tigela Research Center
& Social Science
Academia

Dharan Sub-Metropolitan
city Ward No. 9. Block No. 8
(Jha) Road: Gautam Path,
Yakthung Laje (Limbuwan),
Mobile No. 9852045092
Email:

शुभकामना

सादिङ्गे तिङ्गेहाङ संयक वंश भित्रका युङ्सिङ्बा, लाङ्वेबा, तुम्बा र तुम्साहरूको साझा सङ्गठन संयक लिम्बु उत्थान समाज केन्द्रीय समितिले प्रकाशन गर्न लागेको "सादिङ्गे तिङ्गेहाङ संयक लिम्बु वंशावली-२०८१" प्रकाशन हुन लागि रहेको मिति २०८१/०९/१६ गतेको च.न. १४/०८१/८२ पत्रबाट जानकारीमा आएकाले उक्त वंशावली पुस्तकको सफलतापूर्वक प्रकाशनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

सादिङ्गे तिङ्गेहाङ संयक वंश भित्र थक्सुबा, नयङ्बा, युङ्सिङ्बा, लाङ्वेबा, तुम्बा र तुम्सा रहेका छन्। तर, संयक लिम्बु उत्थान समाजमा युङ्सिङ्बा, लाङ्वेबा, तुम्बा र तुम्साहरू मात्र सङ्गठित भएका छन्। सामान्यतय याक्थुङ (लिम्बु) आदिवासीको माङ्गेन्ना यकले कुल वंश भएको प्रमाणित गर्दछ। माङ्गेन्ना यक भनेको सम्बन्धित याक्थुङ (लिम्ब) हरूको उद्गमस्थल (उत्पतिस्थल) र पुर्ख्यौली भूमि हो। तर पछिल्ला दिनहरूमा कुल वंशबाट थरमा रुपान्तरण भएपछि थरै पिच्छे माङ्गेन्ना यक बनाउने चलन पनि चलेको पाइन्छ। यसैगरी एउटै माङ्गेन्ना यक भएपनि विशेष कारणका साथ हाङ्सेम्मा लुङ (ढुङ्गो गाडेर वंश छुट्याउने पद्धति) गाडेर कुटुम्बेरी गर्ने चलन पनि छ। संयकहरूको माङ्गेन्ना यक साँगुरी यक, कुर्ले यक, आम्बेपजः सुम्हा?लुङ पधे यक भनी फेदाङ्माले वर्णन गर्ने गरेको पाइन्छ। माङ्गेन्ना मुन्धुमको विशेषता भनेकै विभिन्न स्थलहरूको बाचन वर्णन गर्दै अन्तिममा जुन स्थलमा लगेर थातथलो कायम गरिन्छ त्यही नै माङ्गेन्ना यक हो। यस अर्थमा संयकहरुको पनि विभिन्न नाम उचारण गरिएता पनि पधे यक अन्तमा बाचन र युक्फुङ तेल्लक (थात्थलो) कामय गरिने भएकाले पधेयक नै माङ्गेन्ना यक हो।

वर्तमान समयमा वंशको वृत्तान्त लेख्ने प्रचलन छ। मूल पुर्खा पत्तालगाएर हालसम्मका शाखासन्तानको क्रमअनुसार तालिका बनाएर राख्ने गरिन्छ। यही प्रचलन अनुसार संयक वंशावलीको पाण्डुलिपिको तयार भएको देखिन्छ। यस वंशावलीमा संयकहरूसँग सम्बन्धित इतिहास, संस्कार, संस्कृति, माङ्गेन्ना मुन्धुम, माङ्गेन्ना यक आदि सविस्तार चर्चा भएको छ। यसबाट भावी पुस्तालाई यो प्रकाशनले पुस्तान्तरण गरेको महसुस गरेको छु। पुनश्चः समग्र संयक वंश एवम् प्रकाशक, सम्पादक तथा सङ्कलक सबैमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

....
डा. कमल तिगेला लिम्बु
प्रबन्ध निर्देशक

किरात याक्थुङ चुम्लुङ-२०४६

केन्द्रीय कार्यालय

(आदिवासी लिम्बूहरूको संगठन)

फोन - 01-5171049

इमेल- info@chumlung.org.np

website : www.chumlung.org.np

नोओीत्ओ/शुभकामना

याक्थुङ/लिम्बु आदिवासी भित्रको विभिन्न थरहरुमध्येका युङसिङवा, लाङ्वेवा, तुम्बा र तुम्साहरुको साझा वंशावली *सादिङ्गे तिङ्गेहाङ संयक लिम्बु वंशावली* प्रकाशन हुन लागेकोमा खुशी लागेको छ। चारवटै थरहरुको वंशसँग सम्बन्धित मुन्धुम, विभिन्न सामाजिक, सांस्कृतक विषयवस्तु, वंशवृक्ष र इतिहासका महत्वपुर्ण विषयवस्तुहरूलाई समावेश गरी निर्माण गरिएको यो महत्वपूर्ण कार्यबाट युङसिङवा, लाङ्वेवा, तुम्बा र तुम्सा वंशको इतिहास र सत्यतथ्य विवरणहरुको व्यवस्थित अभिलेखिकरण हुने साथै आम जनसमुदायसम्म पुग्ने कार्य हुनेछ। यस पुस्तकले युङसिङवा, लाङ्वेवा, तुम्बा र तुम्सा थरको वंशगत इतिहास र पहिचानलाई जीवन्त राख्न महत्वपुर्ण योगदान गर्नेछ भने आम याक्थुङ/लिम्बु समुदाय र लिम्बुवानकै इतिहास, संस्कृति, संस्कारको ब्याख्या विश्लेषण र संरक्षणमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ। यस्तो महत्वपूर्ण वंशावली पुस्तकको सङ्कलन/लेखन, सम्पादन साथै प्रकाशन कार्यमा योगदान पुऱ्याउँदै सफलता हाँसिल गर्नुहुने लेखक, सङ्कलक र चार वटै वंशका वंश उत्थानको लागि काम गर्नुहुने सबैलाई प्रसंशा व्यक्त गर्दै आगामी दिनमा समेत यस्ता थप कार्यसफलताको नोओीत्ओ/शुभकामना व्यक्त गर्दछु।

वि. सं. २०८१ माघ १६

प्रेम येक्तेन
अध्यक्ष

सं.द.नं. ४२२/०७२

लिङथेप कल्याणकारी समिति

LINGTHEP WELFARE COMMITTEE

मादी नपा-७, बाघा संखुवासभा
प्रदेश नं.-१
स्था : २०७२

च.नं. ३१।०८१

शुभकामना

पूर्वी नेपालको हिमालय पहाडको काखमा याक्थुङ सभ्यताको विकास र विस्तार भएको मानिन्छ । अनन्तकालदेखि नै यसै भूमिमा उनिहरूको रगत, पसिना र बलिदानको इतिहास निर्माण भएको छ। यद्यपि लिम्बूवान भूमिको इतिहासको विस्तृत खोज, अध्ययन र अनुसन्धान भइरहेको छैन । यस जातिका असंख्य अलिखित इतिहासहरू मुन्धुम र मिथकमा मात्र सिमित रहँदै आएको पाइन्छन् । लिम्बू जातिको इतिहास बुझ्न हरेक लिम्बू मिङस्रा(वंश समूह) र सङ वा सुमा(कुल/वंश)को इतिहास पनि अध्ययन गर्न जरूरी हुन्छ । खासगरी कुनै हरेक वंशद्वारा आफ्नो बारेमा गरिएको वर्णनलाई वंशको इतिहास वा वंशावली भन्ने गरिन्छ । वंशावली भनेको कुनै एउटा खास वंश वा घरानाका बारेमा लेखिएको वंश वृतान्त हो, अर्थात लघु इतिहास हो । वंशावलीले सम्बन्धित वंशका बारेमा उत्पत्ति, विकास, विस्तार लगायत उसका सामाजिक, सांस्कृतिक, धार्मिक लगायतका अनेकौं पक्षहरूको जानकारीहरू दिँदै नाता, पुस्ता तथा बसोबासका बारेमा पनि जानकारी दिन्छ । अर्को शब्दमा वंशावली एउटा ऐना हो, जसले आफ्नो अनुहार आफैलाई हेर्न मद्दत गर्दछ ।

लिम्बू जातिको इतिहास हजारौं बर्ष पुरानो छ । वर्तमान समयमा भूमिपुत्र याक्थुङ लिम्बू समुदायमा पहिचान, अस्तित्व र स्वामित्वका मुद्दाहरू अत्याधिक मात्रामा चर्चा, बहस र अभ्यासका प्रयासहरू हुँदै आएका छन् । प्रकृतिपूजक लिम्बू जातिको संस्कृति, धर्म, चाडपर्व, भाषा, लिपि आदि अन्य जातिहरूको भन्दा निकै पृथक रहेको पाइन्छ । यसै मेसोमा चौबिस क्षेत्रका खाम्जिरी खाम्बोङवा लुङजिरी लुङबोङवा वंशका सादिङगे तिङगेहाङका सन्तानहरू कात्वावा, लोलिवा, चिएप्पा, तुम्बा, तुम्सा, थक्सुवा, थलङ्वा, नयङवा, नाम्योवा, पितरोङवा, माङगाईवा, युङसिङवा र लाङवेवा आदि तेह्र थरी संयक लिम्बूहरूको नयाँ वंश/घरानाहरू विकसित भई लिम्बूवानका विभिन्न भूगोलमा आवाद भएका छन् । उनिहरू मध्ये कतिपय वंशहरू लोप भइसकेका छन् भने केही लोपोन्मुख रहेका छन् । हाल **युङसिङवा, लाङवेवा, तुम्बा र तुम्सा** वंशहरूले आफ्नो ऐतिहासिक सभ्यता, संस्कार तथा सांस्कृतिक पहिचानको प्रथम साझा दस्तावेजको रूपमा शोध विधिबाट लेखिएको **'सादिङगे तिङगेहाङ संयक लिम्बू वंशावली-२०८१'** प्रकाशनले समग्र लिम्बू जातिकै इतिहासमा वंशावली लेखनमा नयाँ मोड लिनेछ भन्ने विश्वास लिएको छु ।

वास्तवमा लिम्बू जातिको इतिहास वा वंशावली लेख्नु निकै कठिन कार्य हो । यस जातिको इतिहास मिथक र मुन्धुमसंग सम्बद्ध रहेकाले स्व-पहिचान, अस्तित्व र स्वामित्वको खोजीमा सम्बन्धित वंशको मात्र नभई समस्त लिम्बू जातिको इतिहास अध्ययन तथा लेखन कार्यमा नै महत्वपूर्ण उपलब्धि प्राप्त हुनेछ । कुनै खास वंशको बारेमा अध्ययन गरेर वंशावली लेख्ने प्रयास निकै जटिल र चुनौतिपूर्ण कार्य भए पनि थोरै समयमा नै सो महान कार्य सम्पन्न गर्नुभएकोमा यस ऐतिहासिक कार्यको प्रशंसा गर्दै समग्र संयक वंश समूहलाई म आफ्नो व्यक्तिगत तथा संस्थागत रूपमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

मिति २०८१/०९/१९
धरान उमनपा-१६, सुनसरी ।

अध्यक्ष/संयोजक
इतिहास तथा वंशावली उपसमिति
लिङथेप कल्याणकारी समिति

email : uttamkumarlingthep@gmail.com □fb : uttam.lingthep@gmail.com , Mob. 9842453111, 9811362555

संयक लिम्वू उत्थान समाज

(SANYAK LIMBU UPLIFTMENT SOCIETY)

केन्द्रिय समिति, धरान सुनसरी

अध्यक्ष (द्वयको) भनाई



वंशावली लेख्ने चलन आजभोलि संसारभरी नै एकप्रकारले प्रचलन बनेको छ । वंशावली लेखनको थालनी विश्वव्यापी रुपमा हेर्ने हो भने निकै पुरानो ईतिहास भएता पनि नेपालमा यसका पछिल्ला चरणहरुमा मात्र वंशावली लेखिएको देखिन्छ । नेपालको वंशावली इतिहासमा भने लगभग छसय वर्ष अधिको गोपाल राज वंशावलीलाई पहिलो मान्ने गरिएको छ । त्यसयता, थाक्युड लिम्बू जातिभित्र पनि केहीले निकै नै अधि र अन्य विभिन्न जातिजातिहरुले पनि आफ्नो वंशावलीहरु तयार गरी प्रकाशित गरिसकेका छन् । नेपालमा पनि लिम्बू तथा अन्य थरीहरुले समेत आफनो वंशावलीहरु लेख्ने र लेखाउने एकप्रकारले प्रचलन नै वन्दैगएको छ ।

एक्काइसौं शताब्दि विभिन्न पछि परेका जातजाति र भाषाभाषीहरुका लागि एकप्रकारले धर्म, संस्कृति र इतिहासको पुनर्जागरणको युग हो । हालका दिनहरुमा विश्वव्यापी रुपमा अभूतपूर्व र दुरगामी परिवर्तनहरु हुँदैआएको छन् । आज प्रविधी तथा सञ्चारको विकास, सामाजिक तथा आर्थिक जागरण जस्ता कुराहरुले विश्वलाई साँधुरो र छोटो बनाउँदै लगेको छ भने अर्कोतर्फ जलवायु परिवर्तन, प्रदुषण, व्यापक शहरीकरण, वन विनास जस्ता पक्षहरुका कारण विश्व नै विनासको दिशातर्फ गईरहेको होकि भन्ने समेत आशंकाहरु गरिएका छन् । यही विषम् परिस्थितिहरुका बीचमा आजको मानव जाति तथा समुदाय अघि बढिरहेको छ भने भोलि कता पुग्छ भनेर आँकलन गर्न कठिन छ । यस जटिल समयको घेरामा रहेर मानवजातिले आफूलाई डोऱ्याईरहेका छन् र उनीहरुले आफ्नो अस्तित्वको लागि केहीनकेही नगरी नहुने परिस्थिति समेत सिर्जना भएको छ । त्यसैले, नेपालमा विद्यमान विभिन्न लिम्बु जातिहरुले समेत आ-आफ्नो इतिहास, अस्तित्व र हैसियत खोज्दै मानव जगतमा आफ्नो पहिचान स्थापित गर्ने अभियानमा लाग्दैजाँदा आफ्नो पुर्खास्थलहरुको खोजी र संरक्षण गर्दैलगेका छन् साथै वंशावलीहरु तयार गर्दै प्रकाशित गर्दैछन् । सो क्रममा अहिलेसम्म लगभग एकसयको हाराहारीमा याक्थुङ लिम्बू मिङश्राका वंशावलीहरु प्रकाशित भैसकेका छन् र यही पङ्क्तिमा संयक मिश्राले पनि वंशावली प्रकाशन गर्दै आफूलाई उभ्याउने प्रयास गरेको छ । वंशावली लेखन कार्य आफैमा एक जटिल र चुनौतिपूर्ण कार्य हो । वंशावली लेखनको लागि पर्याप्त आर्थिक श्रोत साधनहरु, समुदायमा विज्ञता र दक्षता वा बौद्धिकता, अध्ययनशीलता र लगनशीलता अनि धैर्यताजस्ता कुराहरुको आवश्यकता पर्दछ । संयक लिम्बू बंशावली लेखनको विभिन्न चरणहरुमा हामी स्वयंले उल्लेखित् कुराको सामना गर्दै अघि बढेको हो ।

कुनैपनि वशावलीको मुटु भनेको पूर्खाहरुको इतिहासको लिखतहरु, दस्तावेजहरु अनि अरु विभिन्न प्रमाणहरु हुन् । जसको अभावमा दस्तावेजहरु दन्त्यकथा जस्ता बन्नजान्छ । संयक लिम्बुहरुको यस वंशावली निर्माणका लागि पूर्खाहरुको लिखित इतिहास तथा दस्तावेजहरु अत्यन्त कममात्र पाउन सकिएकोले इतिहासको पक्षहरुलाई केलाउन हम्मेहम्मेको स्थिति भयो । त्यसैले, इतिहासको पक्षहरुको केश्राहरु केलाईरहँदा संयक लिम्बू समुदाय भित्रका बुढापाका, तुतुतुम्याङहरुको समेत सहयोग लिँदै विभिन्न प्राचीन कहावतहरु, किंवदन्तीहरु, मुन्धुमहरु, इतिहासहरु र अन्य वंशावलीका इतिहासहरुको अध्ययनबाट पाईएका श्रोतहरु संगसंगै केही इतिहासविदहरु, मुन्धुमविदहरुसंगको परामर्श, छलफल र विश्लेषणहरुलाई संश्लेषण गर्दै संयक पूर्खाहरुको इतिहास तयारी गर्ने काम भएको छ । त्यसै अनुरुप यस वंशावलीमा सयक लिम्बूहरुको मुन्धुमी मार्गलाई अनुसरण गर्दै संयक लिम्बूहरुका पुर्खाहरु र वंश पुस्ताक्रम, उनीहरुका बसोवासको क्षेत्रहरु, आर्थिक, सामाजिक, साँस्कृतिक पक्षहरुलाई संक्षिप्तमा झल्काईएको छ । साथै, यस वंशावलीमा संयक लिम्बूको परिचय, संयक जातिको उत्पति र विकासक्रम, संयक लिम्बूका पूर्खाहरु, उनीहरुको उद्गमस्थल, संयक लिम्बूहरुको हालको बसोवासको स्थिति, संस्कार, संस्कृति तथा मूल्य मान्यताहरुको वारेमा सामान्य जानकारी पस्कने प्रयास गरिएको छ । वंशावली भनेको पूर्खाहरुको इतिहास हो, सोही पुर्खाहरुको इतिहासको प्रकाशपुञ्जमा उक्त जातिको वर्तमान र भविश्यको प्रतिविम्व कोरिन्छ

र सो जातिको अस्तित्वको आभाष मिल्छ । त्यसकारण कसैको वंशावली तयार गर्नु भनेको त्यस वंशको अस्तित्व र पहिचानको रक्षा गर्दै भविष्यको लागि समेत आधार तयार गर्नु हो ।

संयक लिम्वूहरुलाई साम्वोङ्वा, लुम्वोङ्वा वंशको रुपमा पनि जानिन्छ । खाम्बोङबा लुङबोङबाहरुको आदिम् थात्थलो तथा वस्तीहरुबारे मुन्धुममा चर्चा हुनेगर्दछ । उत्तरमा सिन्युक मुदेन, मुनातेम्वे, फक्ताङलुङ हिमालदेखि दक्षिणमा चौबिसे थुम र मिक्लुक थुमसम्म बसोबास गर्ने लिम्बुहरुनै खाम्बोङबा लुङबोङबा वंश समूहहरु हुन् । लिम्बुवान् क्षेत्रमा उनिहरुले नै पहिलो बस्ती बसाएकोले सो क्षेत्रको माटोढुङ्गाका मालिक उनीहरु नै भएको मुन्धुमले बताउँछ । मृत्यु संस्कारमा चाहिने माटो र ढुङ्गा अन्य लिम्बुहरुले खाम्बोङबा लुङ्बोङबाहरुबाट दाम हाले किन्ने चलन छ तर खाम्बोङबा लुङबोङबाहरु स्वयं आफै माटोढुङ्गाको मालिक भएकाले उनीहरुले माटो किन्नुपर्दैन । तर शवलाई राखेर बोक्ने बाँस (चेधाप) प्रकृतिको देन हो भनी किन्ने चलन पाईन्छ । संयक लिम्बू वंशको मुन्धुम अनुसार "***कूरुलेयक, पदेयक, खाम्हेलाः, आम्वेपजः, सादिङ्गेतिङ्गेहाङ्ले वारु कुवामीसा संयकहाङ***" भनी मार्गनिर्देश गर्दछ । अर्थात, यस मुन्धुमको संश्लेषणमा संयक लिम्वूहरु कुरुले, पदे(बोधे)को रातोमाटो र आँपको रुख भएको ठाउँमा उनीहरुका पुर्खा सादिङ्गेतिङ्गेहाङबाट ल्याईएका सन्ततिहरु हुन् भन्ने हुन्छ । त्यसैले, संयक लिम्बूहरुका पुर्खा सादिङ्गेतिङ्गेहाङ हुन् भन्नेकुरा प्रष्ट छ । तर सादिङ्गेतिङ्गेहाङ पछिका संयक लिम्बूका पुर्खाहरुको पहिचान गर्नु निकै नै कठिन कार्य थियो । किनकि, संयक लिम्बूहरुका लेख्य कागजातहरु, लालमोहरुहरु वा यस्तै दस्तवेजहरु हराएको/हराईएको कारणले गर्दा प्रष्ट रुपरेखा निकाल्न चानचुने काम थिएन । त्यसैले विभिन्न कालखण्डहरुका लिखित वा चर्चामा रहेका पुर्खाहरुको नामलाई विभिन्न परिप्रक्ष्येमा राखेर केलाउने काम गरियो । मुन्धुमलाई अलिकति तन्काउने हो भने, "साबा येत्हाङ सा रो, थिबोङ याक्थुङ सारो" भन्ने गरिन्छ । अर्थात, संयक लिम्बूहरु आठराजा (येत्हाङ) का सन्तानहरु हुन्, दश लिम्बूवानका लिम्बूहरु हुन् भन्ने अर्थ आउँछ । लिम्बू मिङश्राका वंशावली तथा इतिहासहरुमा आठ राजाहरु मध्येका चेस्वीहाङ र दश लिम्बू राजाहरु मध्येका लाईदो संयकहाङ (सोइयोक लादोहाङ, भान्सिटार्ट, १९९२:१४१) राजा संयक वंशका पुर्खाहरु हुन् । उक्त राजाहरु र संयक वंशको बारेमा कुर्ले यक, पदे यक र साँगुरीगढीसंग ऐतिहासिक सम्बन्ध जोडिएको विभिन्न इतिहास तथा दस्तावेजहरुले पुष्टि गरेका छन् । संयक वंशका फेदाङ्मा तथा तुतुतुम्याङहरुले प्राचीन समयदेखि आजपर्यन्त विभिन्न अनुष्ठानहरु सम्पन्न गर्ने क्रममा पुर्खाको नाम लाईदो संयकहाङ भनी वाचन गर्ने गर्दछन् । तर अंग्रेज सैनिक तथा इतिहासकार इडेन भान्सिटार्टले लाईदो संयकहाङलाई त्रुटीवश सोइयोक लादोहाङ लेख्नपुगेका हुन्कि भन्ने हाम्रो ठम्याई छ । सादिङ्गेतिङ्गेहाङ्पछि धेरै पुस्ता यता आएर आठौ शताब्दिताका लाइदो संयकहाङले यस चौवीस क्षेत्रमा राजकाज संचालन गर्दैआएका थिए ।

संयक लिम्बू जातिको मुन्धुम अनुसार, "कुर्ले यक/पदे यक" भनेर पदे(वोधे)भन्दा अघि कुर्लेको नाम आउँछ साथै दुईवटा यकहरुको नाम आउँछ । दश लिम्बूवानमा दशवटा मात्र यक हुन्छन् र एकै वंशको एकभन्दा बढी यक हुन्नन् भन्ने तर्क समेत रहीआएको छ । यस सम्वन्धीको विषयलाई मनन् गर्दा संयक लिम्बूहरु र कुरुले क्षेत्रको सम्बन्ध धेरै प्राचीनकालदेखि जोडिएको वारेमा प्रा. अमर तुम्याङले आफ्नो अध्ययनमा उल्लेख गरिसकेका छन् । उनको अनुसार कुरुले क्षेत्रमा विद्यालयको जग खन्नेक्रममा धेरै प्राचीनकालका नागाहरुका पुँवालो, सिमाला/जिमाला जस्ता बस्तुहरु फेला परेका थिए । जाहेर छ कि नागाहरु रामायण वा महाभारतकालिन (३०००-५००० वर्ष अधिका) प्राचीन जातिहरु हुन् । यसरी विश्लेषण गर्ने हो भने संयक लिम्बूहरुका पुर्खाहरु धेरै प्राचीन समयमा नै कुरुले क्षेत्रमा थिए र पछि उनीहरु बोधे हुँदै आसपासका क्षेत्रहरुमा विस्तारित हुनपुगेका हुन्कि भन्ने आशंका गर्न सकिन्छ । संयक लिम्बूहरु विस्तारित हुनेक्रममा लामोकालपछि १३ थरीमा विभाजन हुँदै त्यहाँबाट फैलिएर हमेला, मुडेवास, टक्रम्बा, सोगुम, खुवाफोक, राजारानी, मौनाबुधुक, वारेकपुङ, पाटीगाउँसम्म पुगे । तर कुरुलेको इतिहास धेरै नै प्राचीनकालको भएको कारणले गर्दा त्यसलाई विस्थापित गर्दै पदे (बोधे) परिचयमा अगाडि आएपछि मात्रै विभिन्न लिखतहरु बनेको र वोधेक्षेत्र संयक लिम्बूहरुको यक भएको बारेमा अन्य लेखक तथा विद्वानहरुबाट स्थापित गरिएपछि वोधेलाई संयकहरुको मूलयक हो भनी उल्लेख गर्नथालिएको हुनसक्ने संभावनाहरु रहेका छन् । हालमा संयक लिम्बूहरुले यही मान्यतालाई कायम राख्दै आफ्नो मूल यक र कुरुले यकको बारेमा अझै बढी खोज तथा अनुसन्धान गरि प्रकाशमा ल्याउने भनी सहमति भएको छ ।

संयक लिम्वू वंशावली निर्माणको वारेमा पनि छोटो चर्चा गरौ । सर्वप्रथम २०६१ पौष २४ मा धनकुटा जिल्ला चौबिसे गा.पा. वडा नं-२ र आसपासमा रहेका तुम्सा संयकहरुको वंशहरुको जानकारीको सङ्कलन गर्दै यसको थालनी भएको थियो । तर, पछि वि.सं २०६९ तिर सुनसरीको धरानमा तुम्वा संयकहरु, मोरङ् जिल्लाको सतिसालेमा तुम्सा संयकहरुले आ-आफ्ना स्थानीय समितिहरु तयार गर्दै आफ्नो दाजुभाईको तथ्याङ्क सङ्कलन प्रारम्भ गरे । वि.सं. २०७१ सालमा काठमाण्डौ र हङकङ तिर पनि संयक वंशावली निर्माण गर्न स्थानीय समितिहरु गठन भए । प्रारम्भमा तुम्बा, तुम्सा, थक्सुवा, नयडवा, युङसिङबा, लाङवेवा लगायतका सबैथरीका संयकहरुको छाता संगठन बनाई संयुक्त बंशावली निर्माण गर्ने भन्ने सैद्धान्तिक कुराहरु भएतापनि यो सम्भव भएन । फलतः २०७३ साल पौष १-२ गते सुनसरीको धरानमा केन्द्रिय

भेला गरी राजेशकुमार तुम्बा संयकको अध्यक्षतामा २७ सदस्यीय केन्द्रीय समिति गठन गरियो जुन भेलामा तुम्बा, तुम्सा, थक्सुवा, लाङवेवा संयकहरुको सहभागिता रहेको थियो । भेलाले संस्थाको नाम "संयक लिम्बू उत्थान समाज" न्वारन गर्दै यस संस्थालाई विधिवत् रुपमा दर्ता गर्ने निर्णय गरेता पनि सो कुरा सार्थक भएन । तथापि, एउटा महत्वपूर्ण कार्यको रुपमा रहेको वंशावली लेखनको कार्यको थालनी गरी सम्पन्न गरेको छ । वि.सं २०७४ सालमा केन्द्रीय समितिका अध्यक्ष श्री राजेशकुमार तुम्बा संयक आफ्नो व्यवहारिक कामको सिलसिलामा हडकडमा गएपछि २०७४ पौष २४ गतेको बैठकले समितिको तत्कालिन उपाध्यक्ष हेमकर्ण संयकलाई कार्यवाहक अध्यक्षको जिम्मवारी दिएसंगै संस्थाको त्यसयताका कामकार्यवाहीहरु कार्यवाहक अध्यक्षको नेतृत्वमा संचालन हुँदैआएको छ । त्यसपछि वंशावली निर्माण तथा अन्य कार्यहरुमा सहज तुल्याउने अभिप्रायले संस्थाको उद्देश्यलाई हरेक संयकहरुको घर घरमा पुऱ्याउन सहज होस् भनेर संयकहरुको बस्तीबस्तीमा स्थानीय कार्यसमितिहरु गठन गरिए । वंशावली लेखन उपसमितिले वंशावली लेखन कार्यलाई चुस्त र व्यवस्थित गर्नका लागि वंशावली पुस्तकमा समावेश गरिने विषयवस्तुहरु लेखन तथा सङ्कलन गर्न कार्य विभाजन गर्दै संयक पूर्खाहरुको इतिहास लेखन र तुम्सा संयक तर्फको वंशवृक्ष तयार गर्ने कार्यभार का.वा अध्यक्ष हेमकर्ण तुम्सा संयक स्वयंलाई, माङगेन्ना मुन्धुम, संस्कार संस्कृति, किपट प्रथा आदिका लागि लेखन गर्न सचिवालय सदस्य भविराज तुम्सा संयक र तुम्बा तर्फको वंशवृक्ष संकलन गर्ने कामको जिम्मा कुलकेशर तुम्वा संयक र नरबहादुर तुम्वा संयकको रहने गरी जिम्मेवारी तोक्दै सोही अनुरुप आफ्नो कार्यहरुलाई सम्पादन गर्ने काम सम्पन्न गरेको छ ।

वि.सं २०७३ साल पौषमा धरान गीता मन्दिरमा सम्पन्न भएको संयकहरुको भेलाले हाल अस्तित्वमा रहेका तुम्बा, तुम्सा, नयडवा, थक्सुवा, युङसिडवा र लाङवेवा संयकहरुको संयुक्त वंशावली निर्माण गर्ने लक्ष्य राखेको थियो । यसमा नयडवा (नयोडहाङ) संयकले अगाडि नै आफ्नो वंशावली प्रकाशन गरी दोश्रो संस्करण समेत प्रकाशित गरिसकेकोले यसमा समावेश छैन । संयक लिम्बूहरुको पुर्खा एकै भएतापनि लामो कालखण्ड भएकोले पहिले नै आ-आफ्नो वंशावली प्रकाशन गरिएता पनि पछि सबैको एक छाता संगठन निर्माण गरी त्यसको मातहतमा संयुक्त वंशावली बन्नसक्ने सम्भावनाहरुलाई खुल्ला राखेर हालमा आ-आफ्नै छुट्टै वंशावली प्रकाशन गर्नसक्ने बाटोलाई अवलम्बन गरिएको छ । एवं रितले थक्सुवा संयकहरुले पनि आफ्नो छुट्टै वंशावली निर्माण गर्ने सोँच बनाएर कार्य प्रारम्भ गरिसकेको जानकारीहरु प्राप्त भएका छन् । यसै क्रममा युङसिङवा तथा लाङवेवा संयकहरुसँग परामर्श गर्ने क्रममा तुम्वा, तुम्सा संयक र युङसिडवा, लाङवेवा संयकको एकै वंशावली निर्माण गर्नसकिने अवस्था विकसित भएपछि एकै वंशावली प्रकाशनको लागि तयारी भएको छ । स्मरण रहोस्: यस वीचमा युङसिडवा, लाङ्वेवा, तुम्वा तथा तुम्साहरुको वीचको सम्बन्ध अझै प्रगाढ बन्नसकोस् भनेर यो चारथरी संयकहरुको वीचमा भद्र सहमतिको दस्तावेज तयार गरी हस्ताक्षर गर्ने काम सम्पन्न भएको छ । यस कार्यले कथा तथा किंवदन्तिहरुको रुपमा रहेको संयक वंशहरुबीचको ईतिहासको कडिलाई जोड्दै भाईचारा तथा भातृत्वको विकासमा अझै टेवा पुग्नेछ भन्ने विश्वास लिईएको छ ।

अन्त्यमा, यो ***साङिङगेतिङगेहाङ संयक लिम्बू वंशावली (लिम्बू जातिको संक्षिप्त इतिहास सहित)*** लाई निर्माण गर्ने क्रममा विभिन्न व्यक्ति, व्यक्तित्वहरु तथा संघसंस्थाहरुको अमूल्य योगदान तथा भूमिका रहेको प्रति सबैमा एकमुष्ठ धन्यबाद ज्ञापन गर्दछौं । आफ्नै बलबुतामा सिर्जना गरिएको यो वंशावली तथा संयक लिम्बूहरुको संक्षिप्त ईतिहास त्रुटीरहित हुननसक्ने भएकोले सो वारेमा विज्ञहरुबाट सरसल्लाह र सुझाव सहित औंल्याईदिनुहुनेछ भन्ने विश्वास गर्दै त्यसप्रकारका कमी कमजोरीहरुलाई अर्को संस्करणको तयारी गर्दा सुधार सहित प्रकाशन गरिनेछ भन्ने विश्वास दिलाउन चाहन्छौं । सेवारो । नोगेन् ।

हेमकर्ण तुम्सा संयक
(का.वा अध्यक्ष)

राजेश कुमार तुम्वा संयक
(अध्यक्ष)

सम्पादकीय

विश्वमा सबैभन्दा पहिलो वंशावली लेखन् चीनबाट शुरु भएको इतिहास पाइन्छ । चीनमा इशापूर्व ५५१ देखि ४७९ बाट कङ वंगको वंशावली लेखन् शुरु भएको थियो र उक्त कङ वंशका कन्फूसियस वंशावलीमा २५०० वर्ष सम्मको वंशपुस्तालाई समेटेर प्रकाशन गरेका थिए । यो वंशावलीको पहिलो प्रकाशन सन् १०८० मा भएको थियो । त्यसैगरी चौथो सन् १३३० र पाँचौ सन् २००९ मा प्रकाशन भएको थियो । यो वंशावलीमा ७७ पुस्ता सम्मको वंशवृक्ष तयार गरिएको थियो जसलाई विश्वकै पहिलो लिखित/प्रकाशित वंशावली मानिन्छ ।

भारतमा चौधौं शताब्दीमा लेखिएको सुमतितन्त्रलाई भारतको वंशावली दस्तावेजहरुको पुरानो आधार मानिन्छ । प्राचीन वंशावली वा इतिहासहरुको लेखनको मूलभूत आधारहरु भनेका पौराणिक कालखण्डमा कुँदिएका ढुङ्गा, तामा र पित्तलजस्ता धातुजन्य शिलालेख, ताम्रपत्र र तिनमा लेखिएका आकृति/अक्षरहरु तथा ऐतिहासिक राजवंशावलीहरुनै विगतका वंशावली लेखनका मूल स्रोतहरु थिए । नेपालमा गोपालराज वंशावली सबैभन्दा पहिले प्रकाशित राजवंशावली मानिन्छ जसले नेपालको प्राचीन राजवंशलाई वैधता दिनेकाम गरेका थिए । यो वंशावली आजभन्दा ६०० वर्ष अघि मल्ल शासनकाल (सन्को १४औ शताब्दी)को स्थितिराज मल्ल (यक्ष मल्ल ?) को समयमा लेखिएको थियो । सन् १३४९ मा सङ्कलन गरेको गोपालराज वंशावलीलाई थप सुधार सहित सन् १७६८ मा भाषा वंशावली भनेर प्रकाशन गरेको पाइन्छ । क्रमशः सन् १७९० पछि नेपाल वंशावली, सन् १८०० पछि कर्कपेट्रिक बंशावली, सन् १८४७ पछि राइट वंशावली र सन् १७७४ पछि नेपाली भाषामा गोर्खा वंशावली प्रकाशन भएको पाईन्छ । यही वंशावलीहरुको आधारमा नेपालको प्राचीन तथा आधुनिक इतिहास लेखिएको देखिन्छ ।

याक्युङ(लिम्वू)जातिको वंशावली लेखनका लागि माङ्गेन्ना यक र मिङश्रालाई अध्ययन गर्नुपर्ने हुन्छ । याक्थुङ(लिम्वू)हरु कुनै एक यक र मिङश्रामा आवद्ध भएका हुन्छन् । त्यसैले, याक्थुङ(लिम्वू)को कुनै एक थरको ईतिहास र वंशावलीको अध्ययन गर्दा एउटै यक र मिङश्रा भएमा एकै कूलघरानाका एकैवंश हुन् भनी जानिन्छ । थाक्थुङ(लिम्वू) जातिको पौराणिककालको विषयलाई अध्ययन अनुसन्धान गर्न विभिन्न कालखण्डमा घटेका घट्नाको वारेमा जानकारीहरु रहनसकोस भन्ने उद्देश्यले त्यससमयका चिन्हका रुपमा ढुङगाहरु गाड्ने/ठड्याउने चलन रहेको थियो । पछि, याक्थुङ लिपी (सिरिजङ्गा लिपी)को विकास भएपछि पुर्खाहरुले गाडेर ठड्याएका ढुङगा, चौतारा, ओढारमा खोपेर लेखिराखेका अभिलेखहरु नै याक्थुङ(लिम्वू)हरुको इतिहास तथा वंशावली लेखनका प्राचीन श्रोतहरु हुन् ।

याक्थुङ लाजे (लिम्वूवान भूमि)मा पाँचौं शताब्दीदेखिनै राजकाज गर्दैआएका येत्हाङ (आठराजा)हरु र तिनका सन्ततिहरु आठौं शताब्दीकालमा पूर्ववाट प्रवेश गरेका दशसरदारसंग भएको युद्ध/लँडाई-झगडा, चौधौं सताब्दीमा विजयपुरका राजा र खेवाहाङ राजाबीच भएका सन्धी, सोह्रौं शताब्दीमा सेन र लिम्वूहरुकाबीच भएका सम्झौता अनुसारका स्यहामोहर, सन् १७७४ मा लिम्बूवान र गोर्खाबीचमा भएको सन्धि अनुसार सन् १९६० सम्मको लालमोहर, रुक्का र स्तीहारहरु र यस्तै ऐतिहासिक कागजातहरु यस वंशावली लेखनका आधारभूत स्रोतहरु हुन् ।

वंशावली लेखनका क्रममा भएका वंशसमूहको अध्ययनमा खाम्बोङवा-लुम्वोङ्वा वंश समूह, सौमर/काशी थाङ्वा वंश समूह, चोङ/रोङ वंश समूह, ताई/श्यान वंश समूह र ताङसाङथावा वंश समुह वीचको.सम्वन्धलाई केलाउने प्रयास गरिएको छ र तिनै विभिन्न वंशसमूहका रक्तमिश्रण भइ याक्थुङ महावंश बनेको देखिन्छ । तथा याक्थुङ(लिम्वू) जातिको आफ्नो सभ्यताको क्रममा आज १० वटा मुख्य यक, २९ वटा मिङश्राहरु र ३५० थरहरु विकसित भएर अस्तित्वमा रहेकाछन् । ती दशवटा यकमध्ये पदे(पधे)यक एउटा हो जो संयक मिङश्राका लिम्वूहरुको आफ्नो यक हो । यही यकको जगमा संयक वंशका लिम्वूहरुको सभ्यता र ईतिहासहरु कोरिएका छन् । उनीहरुले यो भूमिलाई आफ्नो पितृथलो र पवित्र भूमिको रुपमा लिन्छन् । यही यकको वरिपरि उनीहरुले आफ्नो अमीट छापहरु छोडेर गएका छन् जसलाई आजका संयक सन्ततिले वंशावली र इतिहासका रुपमा उतार्न प्रयास गरिएको हो ।

संयक लिम्वूहरुको मुन्धुम अनुसार **"कुरुलेयक, पदेयक, खाःम्हेला, आम्वेपजः, सादिङ्गेतिङगेहाङले वारु कुवामीसा संयकहाङ"** भन्ने गरिन्छ । पदे/कुरुले यकमा सन्को पाँचौ शताव्दीताका येत्हाङ(आठराजा) मध्येका चेश्विहाङ राजाको शासन थियो । पछि, आठौं शताव्दीमा आएर आठराजा तथा दश सरदारहरुको वीचको लँडाई झगडा पछि समेत पदेयक/कुरुले यक (चौवीसे)का क्षेत्रहरु संयक वंशकै पूर्खा लाइदो संयकहाङ (सोइयोक लादोहाङ्) को भागमा परेको थियो । यस चौवसे क्षेत्रमा संयक लिम्वूहरुको राज्यकाल पाँचौं शताव्दीको मध्यकालदेखि अठारौं शताव्दीको वीचसम्म (लगभग

तेह्रसय वर्ष) सम्म भएको देखिन्छ । संयक लिम्वूहरुले आफ्नो मुन्धुमी पूर्खाको रुपमा सादिङगेतिङ्गेहाङलाई मान्ने गर्दछन् । त्यसयता उनै पुर्खाहरुका सन्ततिहरु युङसिङ्वा, लाङवेवा, थक्सुवा, नयङवा, तुम्वा, तुम्सा आदि गरी १३ थरीमा विभाजन भैसकेका छन् । ती तेह्रथरीका संयक लिम्वू दाजूभाईहरु कुरुले, वोधे भएर हाल तिनै क्षेत्रका वरिपरि र केरावारी, वारेकपुङ, पाटीगाँउ, मोरङ, सुनसरी, झापा लगायतका विभिन्न भागहरुमा छरिन पुगेका छन् । तर यस वंशावलीमा सबै तेह्रथरीलाई समेट्न सकिएको छैन । यसमा, युङ्सिङ्वा, लाङ्वेवा, तुम्वा र तुम्सा गरी जम्मा चारप्रकारका संयक लिम्वूहरुलाई मात्र समेट्न सकिएको छ । उनीहरुको ४२ पुस्ताहरुलाई यस वंशावली पुस्तकमा समेटिएको छ ।

वंशावली तयारीका क्रममा तुम्सा संयकहरुको वंशावलीको सङ्कलन धनकुटा जिल्ला साविक मुढेबास-४, हाल चौबिसे गाउँपालिका वडा नं-१ छनम्वर बुधवारे बस्ने पूर्व शिक्षक श्री हेमकर्ण तुम्सा संयकको नेतृत्वमा सन् २००४ देखिनै शुरु गरिएको थियो । साविक खुवाफोक-५, हाल साँगुरीगढी गा.पा. वडा नं-३ बस्ने श्री कूलकेशर तुम्वा संयकले तुम्वा संयकहरुको वंशावलीका लागि सन् १९९२ देखि नै वंशवृक्ष सङ्कलन थाल्नुभएको थियो । सन् २०१२ मा मोरङ जिल्लाको याङ्शिला, सतिसालेमा श्री टेकबहादुर तुम्सा संयकको नेतृत्वमा समिति गठन गरी तुम्साहरुको वंशावली खोजी छलफल प्रारम्भ भएको थियो । सन् २०१४ मा सुनसरी जिल्ला धरान नगरपालिका वडा नं-१५ बस्ने श्री राजेशकुमार तुम्बा संयकको नेतृत्वमा तुम्बा संयकहरुको वंशावलीका लागि घनिभूत रुपमा छलफल तथा वंशवृक्ष सङ्कलन शुरु भयो । सन् २०१५ मा रुद्रबहादुर तुम्वा संयक, विमल तुम्वा संयक र चेली श्री देवीमाया तुम्वा संयकहरुको सक्रियतामा काठमाण्डौमा श्री देवीमाया तुम्वा संयकको नेतृत्वमा काठमाण्डौ संयक समाज गठन गरियो । त्यसैगरी सन् २०१५ मा हङकङमा पूर्णबहादुर तुम्बा संयकको नेतृत्वमा संयक समाज, हङ्कङ् गठन भएको थियो ।

पछि, सन् २०१६ डिसेम्वर १६-१७ मा धरान सुनसरी, मोरङ, झापा, धनकुटा, काठमाण्डौ लगायतको स्थानबाट संयक लिम्वूहरुको प्रतिनिधित्व गराई धरानस्थित् गीता मन्दिरको सभाहलमा २ दिने राष्ट्रिय भेला गरी संयक लिम्वूहरुको प्रतिनिधि संस्था “संयक लिम्वू उत्थान समाज”को गठन गरी श्री राजेशकुमार तुम्वा संयकको नेतृत्वमा २७ सदस्यीय केन्द्रीय समिति गठन गरियो । यस प्रतिनिधिमूलक संस्थाको गठन गर्दा चारवटै सस्थाबाट प्रतिनिधित्व हुनेगरी समन्वय गरिएको थियो । उक्त कार्यक्रमपूर्व नै धनकुटा जिल्ला खुवाफोक, मुढेवासमा सकृय रहेको तुम्सा संयकहरुको संस्थागत स्वामित्व यस मूल समिति समक्ष ल्याईएको थियो । संयक लिम्वू उत्थान समाजको मूख्य उद्देश्यहरुमा वंशावली निर्माणका अतिरिक्त ऐतिहासिक स्थलहरुको संरक्षण, जगेर्ना, शैक्षिक, सामाजिक, आर्थिक, तथ्य तथ्याङ्कहरुको सङ्कलन लगायतका अन्य सामाजिक कियाकलाप समेत सञ्चालन गर्ने तथा संयक वंशमा भातृत्वको विकास गर्दै सामाजिक एकता अभिबृद्धि गर्नु हो ।

यो संयक लिम्वू जातिको वंशावली तथा संङ्क्षिप्त ईतिहास सबै संयक लिम्वूहरुको संयुक्त प्रयासको दस्तावेज हो । यस वंशावलीमा इतिहासको खण्डको मूललेखन श्री हेमकर्ण संयक र संस्कार, संस्कृति खण्डको मूललेखन श्री भवीराज संयकले तयार गरेका हुन् । वहाँहरुबाट तयार गरिएको रुपरेखालाई संयक लिम्वू उत्थान समाजको मूलतः लेखन उपसमिति र सचिवालय समितिबाट व्यापक छलफल तथा खोजहरु गर्दै परिस्कृत गर्नमा यथेष्ठ सहयोग गरियो । साथै पाण्डुलिपीलाई थपघट, काँटछाँट र शुद्धासुद्धि गरी पूस्तकको स्वरुपमा ल्याउनका लागि लेखन उपसमिति र सचिवालय समिति सक्रिय भएको थियो । तयार गरिएको पाण्डुलिपीमा कमी भएको महसुस भएपछि संस्थाको निर्णय बमोजिम पछि विभिन्न ऐतिहासिक पुस्तकहरुको सङ्कलन गर्ने, दस्तावेजहरुको खोजी गर्ने काम समेत सँगसँगै गरियो । सो क्रममा लेख्य दस्तावेजहरु, लालमोहर लगायतका कागजातको खोजीमा समेत केही समय खर्च गर्नुपर्‍यो । त्यसका लागि मालअड्डा धनकुटामा गएर चौवीसे क्षेत्रका कतिपय पुराना लिखत्हरु ल्याउन सकियो । त्यसैगरी गुणस्तरिय फोटोहरु सङ्कलन गर्नसकियोस् भनेर ड्रोन क्यामेराको व्यवस्थापन गरी फोटोहरु सङ्कलन गरियो । सो क्रममा शुभचिन्तक विद्वान मित्रहरुको समेत साथ र सहयोग प्राप्त भयो ।

प्रारम्भमा वंशावली तयार गर्नका लागि तुम्वा तथा तुम्सा संयकमात्र सरसल्लाह भई जुटिएको थियो । तर समयक्रममा अन्य संयकवंशी दाजूभाइहरुसँग पनि छलफल तथा जानकारी आदानप्रदान भईनै रहेका कारणले पछि युङ्सिङवा संयक र लाङ्वेवा संयकहरुलाइ समेत समेटियो । सो क्रममा विगतको ऐतिहासिक पक्षलाई ध्यानमा राख्दै मुन्धुम्को जगमा वि.सं २०८१ साल भदौ २० गते युङ्सिङवा संयक र वि.सं २०८१ साल पौष १३ गते लाङ्वेवा संयकसंग ऐतिहासिक सहमतिका कागजात गरी हस्ताक्षर गर्ने काम सम्पन्न गरियो । आफ्नै बलबुताले वंशावली तयार गर्ने वा आफैले लेख्ने भन्ने साहस गरेपछि यसलाई दस्तावेजीकरण गर्न अलिक वढी नै समय वितेको हो कि भन्ने हामीलाई स्वयं महशुस भएको छ ।

वंशावली दस्तावेज निर्माणका क्रममा विभिन्न प्रकारका कठिनाइहरु आउनु स्वभाविक नै हो । मूलतः सँस्थासँग आधारभूत आवश्यकीय साधन श्रोतको कमी हुनु, वंशावली लेखनको लागि पर्याप्त कागजात, अभिलेखहरु, लेख्य कागजात वा लालमोहर आदि नहुनु जस्ता कुराहरुले गर्दा लेखन कार्यमा कहिलेकाँही गतिरोध वा सुस्तता उत्पन्न भयो । यसप्रकार संस्थाले विभिन्न गतिरोध र सुस्ततालाई हटाउँदै नेपाल भित्र रहनुभएका अन्य दाजुभाइहरु मात्र नभएर विभिन्न काम, पेशाामा नेपाल बाहिर रहनुभएका सबै संयक दाजूभाइहरुको हुटहुटी, सोधखोज, हौसला र प्रेरणाका साथै वहाँहरुको आर्थिक, भौतिक, नैतिक सहायता र वलको साथमा वंशावलीलाई समाप्तिको विन्दूतर्फ अग्रसर गराउन सफल भयो ।

यस वंशावलीलाई आधुनिक अनुसन्धान पद्धतिका जगमा लेख्ने प्रयास गरिएको छ । तर यस सँस्थासँग रहेको सिमित साधन, श्रोत तथा अन्य विविध कठिनाईका कारणले गर्दा उक्त पद्धतिलाई हुवहु रुपमा अङ्गिकार गर्न नसकिएको प्रति हामी क्षमा चाहन्छौं । लगभग संस्थागत् प्रयासको थालनी गरिएको झण्डै ८ वर्षभन्दा बढीको समय र अग्रज संयकहरुको २० वर्ष जतिको प्रयास पछि संयक लिम्बू उत्थान समाजले यो *"सादिङ्गोतिङगेहाङ संयक लिम्बू वंशावली (लिम्बू जातिको संक्षिप्त ईतिहास सहित)"* तयार गर्न सफल भएको छ । यस वंशावलीमा संयक लिम्बूको सङ्क्षिप्त इतिहास र वंशबृक्षका अतिरिक्त लिम्बूजातिसँग सम्वन्धित कतिपय सामान्य जानकारी र इतिहासलाई देखाउने प्रयास भएकाले यो सबै प्रकारका लिम्बूजातिका लागि समेत उपयोगी हुनसक्छ भन्ने अपेक्षा गरिएको छ ।

विभिन्न थरीका संयक वंशको संयुक्त दस्तवेज निर्माण गर्नु एक चुनौतिपूर्ण काम नै थियो साथै यो दस्तावेज तयार गर्दा कतिपय विषयमा कममात्र समय लगानी गर्नसकियो । त्यसैले, माथि उल्लेख गरिएका विभिन्न कठिनाईका वावजुद यस वंशावलीको इतिहास, सँस्कार/सँस्कृति, मुन्धुम तथा वंशवृक्षमा समेत कमी कमजोरी रहेका हुनसक्छन् । ती कमीकमजोरीलाई आगामी संस्करणमा सुधार गर्न यो संस्था प्रतिवद्ध रहेको छ । यो वंशावली तथा सङ्क्षिप्त इतिहासको पुस्तकबाट लिम्बू जाति तथा समुदायले सानो भएपनि लाभ लिनसकेमा हाम्रो प्रयास सार्थक भएको ठान्नेछौं । लिम्बू जातिको इतिहास, मुन्धुम्, वंशावली, संस्कार/संस्कृति आदिमा रुची राख्ने जोकोही विद्वान् पाठकहरुले यस पुस्तकको अध्ययन गरी उचित सुझाव र सल्लाह प्रदान गरिदिनुहुनेछ भन्ने समेत आशा र विश्वास लिइएको छ ।

संयक लिम्बू उत्थान समाज
धरान सुनसरी

प्रकासकीय

धेरै लामो प्रतिक्षा पछि “संयक लिम्वू उत्थान समाज” संस्थाले **सादिङ्गेतिङ्गेहाङ संयक लिम्वू वंशावली** (**लिम्वू जातिको संक्षिप्त इतिहास सहित**) पहिलो लिखित दस्तावेज ग्रन्थको रुपमा प्रकाशनमा ल्याउन सफल भएको छ । यो ग्रन्थ संयक लिम्वू वंशावली लेखन उपसमितिको नेतृत्वमा संयक वंशको आदिम् थातथलोको स्थलगत अध्ययन तथा अनुसन्धान गरी ऐतिहासिक सन्दर्भ सामाग्रीहरु संकलन र संश्लेषण गर्दै तिन्को विश्लेषणको सार संक्षेपीकरण साथै विवेचना सहितको समग्रमा शोध प्रश्नावली विधीद्धारा तयार गरिएको ग्रन्थ हो । यो ग्रन्थ मूलभूत रुपमा याक्थुङ लिम्वू संयकहरुको माङ्गेन्ना मुन्धुमी पथ अनुसार **कुर्ले यक, पदे(वोधे)यक, सादिङ्गेतिङ्गेहाङ्ले वारु कुवामीसा संयकहाङ** तथा संयक वंशको वंशावली ग्रन्थ हो ।

यस वंशावली ग्रन्थमा लिम्वू जातिको संयक वंशले जन्मअघिदेखि जीवनको अन्तसम्म गर्नुपर्ने विभिन्न संस्कार, संस्कृति, चाडपर्व, खानपान र भेषभुषाहरुको वारेमा समेत आउने पुस्ताहरुलाई जानकारी गराउँदै तिनको हस्तान्तरण गर्न सकियोस् भन्ने उद्देश्य समेत रहेको छ । त्यसवाहेक यस ग्रन्थमा प्राचीन लिम्वूवान र नेपालको तत्कालिन राज्यसत्तावीचको उतारचढावपूर्ण ऐतिहासिक सम्वन्धहरुको वारेमा पनि सटिक रुपमा विवेचना गरिएको छ । साथै यस ग्रन्थमा संयक लिम्वूहरुसंग सम्वन्धित अत्यन्त महत्वपूर्ण ऐतिहासिक दस्तावेजहरु (कागजातहरु) र याक्थुङ/लिम्वू जातिको माङ्गेन्ना यक र मिङ्श्राहरु समेत संकलन गरीएकोले यो दस्तावेज समग्र लिम्वू जातिलाई समेत उपयोगी हुने अपेक्षा गरिएको छ । संयक लिम्वूजातिको वंशावली तथा संक्षिप्त इतिहास सहितको यो दस्तावेज तयारी गर्नका लागि वंशावली लेखन उपसमितिको अथक मेहनत र परिश्रम परेको छ । यस दस्तावेज तयारीमा इतिहास, भाषा, मुन्धुम, संस्कार र संस्कृति सम्वन्धीका विभिन्न विधामा सहयोग पुर्‍याउनुहुने सबै तुतुतुम्याहाङ, वुद्धिजिवी र विद्वान वर्गमा वंशावली प्रकासन उपसमितिको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

शन्तबहादुर तुम्वा संयक
(संयोजक) तथा
वंशावली प्रकाशन उपसमित

कृतज्ञता ज्ञापन

संयक लिम्वूहरु चौवीसे भूमिका खाम्वोङ्वा, लुम्वोङ्वाहरु हुन । उक्त भूमिमा उनीहरुका हजारौं वर्षदेखिका इतिहास र प्रमाणहरु आजपनि साक्षी रहिरहेका छन् । यति हुँदाहुँदै पनि संयक लिम्वूहरुले आफ्नो इतिहासजन्य विषयको खोज गर्दै वंशावली निर्माण गर्नका लागि निकै नै समय कुर्नुपर्‍यो । संयक लिम्वूहरुको वंशावली लेखनको लागि सूचनाहरु सङ्कलनको थालनी गरेको झण्डै वीस वर्षको समय पर्खनुपर्‍यो । अघिल्ला पृष्ठहरुमा उल्लेख गरिए झैं उपयुक्त सूचना तथा श्रोत साधन र अवसरहरुको तादात्म्यताबाट मात्र यस प्रकारका कार्यहरु सम्पन्न गर्न सम्भव हुने देखिन्छ । तसर्थ, निकै लामो समयको अवधि वितेता पनि अन्ततः सादिङ्गेतिङ्गेहाङ संयक (लिम्वू) वंशावली प्रकाशन गर्न सफल भएका छौं । सर्वप्रथमः यस वंशावली तथा ईतिहासको पाण्डुलिपी अध्ययन गरी मन्तव्य लेखिदिनुहुने प्रदेश नं-१ को पूर्व प्रदेश प्रमुख तथा लिम्वू समुदायका अग्रज विद्वान प्रा.डा श्री गोविन्द तुम्वाहाङज्यू, वंशावली सम्वन्धिका अध्येता श्री उत्तमकुमार लिङ्थेपज्यू र संस्कार संस्कृतिका अध्येता विद्वान डा.कमल तिगेलाज्यू प्रति संस्था हार्दिक धन्यबाद ज्ञापन गर्दछ । एवं प्रकारले काठमाण्डौमा रहनुहुने विभिन्न वौद्धिक व्यक्तित्वहरुसंग विभिन्न मितिहरुमा थुप्रै विषयहरुमा छलफल तथा अन्तरक्रियाहरु सम्पन्न भएका थिए । यस वंशावली तथा ईतिहास पुस्तकको निर्माणको क्रममा ऐतिहासिक मुन्धुमी स्थलहरुको पहिचानमा सहयोग गर्नुहुने विद्वान प्राज्ञ श्री अमर तुम्याङ, मुन्धुम सम्वन्धी आफ्नो राय प्रदान गर्नुहुने श्री डि.वि आङ्वुहाङ, कन्दङ्वा वंशवृक्षको छलफलमा सरिक हुने श्री नन्द कन्ङ्वा, याक्थुङ लिम्वूहरुका कतिपय पुराना कागजातहरुमा सहायता गर्नुहुने विद्धान प्रा.डा श्री दिनेशराज पन्त, लिम्वू जातिको स्थानीय खाद्य उत्पादन तथा परिकार सम्वन्धी सहयोग गर्नुहुने श्री एल.वि. पालुङ्वा, माङसाम्माङ् तथा अनुष्ठान सम्वन्धी सहायता पुर्‍याउनुहुने श्री आर.वि याक्थुङ र वि.सं १९९७ सालको कागजात सम्वन्धी सहायता पुर्‍याउनु हुने श्री तिलविक्रम कन्दङ्वाज्यू लगायत माथिका सबै विद्वान वर्गमा यस संस्था हार्दिक कृतज्ञता प्रकट गर्दछ ।

यस वंशावली तथा संयक लिम्वूहरुको संक्षिप्त इतिहास तयार गर्ने क्रममा विभिन्न विद्वान मीत्रहरुको व्यक्तिगत तथा विभिन्न संस्थाहरुका संस्थागत सहयोगहरु प्राप्त भएका छन् । सर्वप्रथम धरान निवासी वौद्धिक व्यक्तित्व श्री उत्तम कुमार लिङ्थेपजूले यस वंशावलीलाई आधुनिक अनुसन्धान पद्धतिलाई अपनाएर निर्माण गर्नका लागि सुझाव दिनुभएपछि संस्थाले वहाँको सल्लाहलाई सहर्ष स्वीकार गर्दै वंशावली लेखनको कार्य प्रारम्भ गरेको थियो । पछि, वहाँले आफ्नो ज्ञान र सीपद्वारा वंशावलीको ईतिहासको खण्डलाई परिस्कृत बनाउन सहयोग गर्नुभयो । त्यसैगरी संस्कार, संस्कृतिको खण्डको पाण्डुलिपी हेरेर त्यसलाई अझै परिमार्जित गर्ने काममा धरान निवासी लिम्वू समुदायको वौद्धिक व्यक्तित्व तथा इतिहासविद् डा. कमल तिगेलाज्यूले सहयोग पुर्‍याउनु भएकोमा यो संस्था वहाँ दुवैमा हार्दिक कृतज्ञता र आभार प्रकट गर्दछ । संयक वंशावली निर्माणको क्रममा चौबिसे क्षेत्रका ऐतिहासिक तथा मुन्धुमी स्थलहरुको अवलोकन गर्दै वंशावली लेखन समितिलाई विशेष राय सुझाव दिनुहुने तथा संयकहरुको इतिहासको बारेमा समेत कलम चलाउनुहुने बौद्धिक व्यक्तित्व तथा लालिगुराँस नगरपालिकाका तत्कालिन मेयर श्री अर्जुनबाबु माबुहाङज्युलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

यस वंशावली तथा इतिहासलाई तयारी गर्नका लागि संस्थाभित्रबाट नै थालनी गरिएकोले विभिन्न चरणहरुमा संस्थाको वैठकहरु वसेर आवश्यक विभिन्न कागजातिहरु खोजीगर्ने र जुटाउने काम गरियो । सो क्रममा संयक लिम्वूहरुसंग सम्वन्धित सुभाङ्गिहरु लगायतका ऐतिहासिक कागजातहरु जिल्ला मालपोत कार्यालय, धनकुटाबाट उपलव्ध भएकोमा हामी आभारी छौ । वंशावली र इतिहासलाई स्पष्ट गर्ने क्रममा आफ्नै वंशभित्रका नेयोहाङ समाजसंग केही चरणहरुमा वार्ता तथा सुझावहरु प्राप्त भए । अन्य लिखित श्रोत र कतिपय विषयहरुमा सुझाव र रचनात्मक सल्लाहहरुका लागि विराटनगर निवासी डा. नवराज सुव्वा, डा. भरतराज सुव्वा, लिम्वू शव्दावलीहरुको प्रष्टताका साथ श्रोत सामाग्रीका लागि इटहरी निवासी महेन्द्र बहुमुखी क्याम्पस धरानका प्राध्यापक डा. मोहन तुम्वाहाङ, हाल काठमाण्डौ निवासी येहाङ लावतीज्यू लगायत सबैप्रति हामी आभार व्यक्त गर्न चाहन्छौं ।

वंशावली तथा ईतिहास लेखनको ईतिहास खण्डको लेखनीमा जिम्मेवारी प्राप्त गरी तयार गर्ने संस्थाका का.वा अध्यक्ष श्री हेमकर्ण तुम्सा संयक, इतिहासको केही पाटोमा कलम चलाउने लेखनसमिति सदस्य किशोर तुम्वा संयक, संस्कार संस्कृति,

माङ्गेन्ना मुन्धुम, किपट प्रथाको वारेमा कलम चलाउने र विभिन्न ऐतिहासिक दस्तावेजहरु संकलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने वंशावली लेखन उपसमितिका सदस्य श्री भविराज तुम्सा संयक, वंशावलीको दस्तावेजको अभिन्न अंग वंशवृक्षमा तुम्वा तर्फको वंशवृक्ष संकलन र लेखनमा भूमिका निर्वाह गर्ने लेखन उपसमितिका सहसंयोजक श्री कुलकेशर तुम्वा संयक र सदस्य श्री नरबहादुर तुम्वा संयक, तुम्सा तर्फको वंशवृक्ष सङ्कलन र त्यसलाई पुस्तकको स्वरुपमा उतार्न जिम्मेजारी निर्वाह गर्ने श्री हेमकर्ण तुम्सा संयक, टेकबहादुर तुम्सा संयक, दूर्गाप्रसाद तुम्सा संयकहरु, युङसिङवा तर्फको सम्पूर्ण जिम्मेवारी लिएका श्री रनबहादुर युङ्सिङ्वा संयक र लाङवेवा तर्फको श्री तेजकुमार लाङ्वेवा संयकलाई सबैजना धन्यबादका पात्रहरु हुनुहुन्छ । वंशावली निर्माणका लागि अत्यन्तै महत्वपूर्ण भार आर्थिक जिम्मेवारी निर्वाह र व्यवस्थापनमा जिम्मेवारी लिएका श्री किशोर तुम्वा संयक, तुम्वा तर्फका श्री रोशन तुम्वा संयक, तुम्सा तर्फका श्री सहवीर तुम्सा संयक, दुर्गाप्रसाद तुम्सा संयक, युङसिङ्वा तर्फका रनबहादुर युङसिङ्वा संयक र लाङ्वेवा तर्फका तेजकुमार लाङ्वेवा संयक, जिम्मेवार उपसमितिहरु, सचिवालय समिति, आर्थिक उपसमिति, सल्लाहकार समितिहरुमा रहेर महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका सहकर्मीहरु, वंशावली निर्माणको क्रममा आवश्यक पर्ने आर्थिक सहयोग जुटाई मद्दत गर्ने सम्पूर्ण संयक दाजुभाइहरु, चेलीबेटीहरु र स्थानीय कार्यसमितिमा रहेर केन्द्रीय कार्यसमितिको नीति निर्देशन अनुसार काम गरेका सम्पूर्ण साथीहरु, देश विदेशमा रहेर आर्थिक, नैतिक र भौतिक सहयोग पुर्‍याउने सबैमा हार्दिक धन्यवाद टक्र्याउन चाहन्छौं । वंशावलीको लागि संकलित दस्तावेजहरुमा भाषिक शुद्धता र परिमार्जन सहित सिङ्गो दस्तावेजको स्वरुपमा ढाल्न भूमिका निर्वाह गर्ने केन्द्रीय समितिका सचिव श्री लीलाराज तुम्सा संयक, चौबिस मिक्लुक क्षेत्रका ऐतिहासिक तथा मुन्धुमी स्थलहरुको फोटो संकलन गर्न ड्रोन क्यामेराको व्यवस्था गर्ने सचिवालय समितिका सदस्य तथा अन्य महानुभावहरुमा श्री शन्तबहादुर तुम्वा संयक, कालुराम तुम्वा संयक, दुर्गाबहादुर तुम्वा संयक, श्री रोशन तुम्वा संयक लगायत सबैजना धन्यबादका पात्रहरु हुनुहुन्छ । यसका साथै यस संयक लिम्वू वंशावली र संक्षिप्त ईतिहास तयारीका लागि प्राप्त भएका र उपयोग गरिएका सबै लिखित र अलिखित श्रोत सामाग्रीहरुका लागि हामी सबै लेखक तथा प्रकाशकहरुप्रति आभारी छौं ।

अन्त्यमा, वंशावली लेखन उपसमितिलाई आफ्नो घर निःशुल्क उपलब्ध गराई अन्य भौतिक र व्यवस्थापकीय सहयोग उपलब्ध गराउनु भएकोमा संस्थाका कोषाध्यक्ष श्री किशोर तुम्वा संयक, भाइ हरि तुम्सा संयक मार्फत केही महिनासम्म निशुल्क सम्पर्क कार्यालय स्थापना गरी संचालनमा सहयोग गर्नुहुने धरान न.पा-१५ निवासी श्री वारानन्द चेम्जोङज्यू, पाण्डुलिपी सामाग्रीहरुलाई टाईप गरिदिने एथ्री कम्प्युटर सेन्टर धरान-१०, र वंशावली पुस्तक प्रकाशन गरिदिने अरनिको छापाखाना, विराटनगरलाई धन्यबाद् दिन चाहन्छौं । साथै, यस संयक लिम्वूहरुको वंशावली तथा संक्षिप्त इतिहास निर्माणका क्रममा अन्जानमा सम्वोधन गर्न छुट भएका सानोमात्र पनि सहयोग पुर्‍याउने व्यक्ति, संस्था तथा सबै महानुभावहरुमा यस संस्थाको तर्फबाट हार्दिक आभार प्रकट गर्दै धन्यबाद सहित कृतज्ञता टक्र्याउन चाहन्छौं ।

सेवारो, नोगेन ।

संयक लिम्वू उत्थान समाज
धरान, सुनसरी

चौविसे राज्यको प्राचिन सिमाना

(वि.सं. १८९७ को राजेन्द्र विक्रम शाहको कस्य रुक्का अनुसार)

स्रोत: पुराना दस्तावेज र कागजातहरुको आधारमा थुमको सिमाना कायम गरिएको ।

तयार गर्ने : संघक लिम्बू उत्थान समाज, धरान, सुनसरी

समय तालीकामा संयक लिम्वूवंशीहरु

क्र.सं	संयक पूर्खा	पूस्ता क्रम	समयक्रम	ई.सं	विभिन्न घट्नाहरु
१	लाइदो संयकहाङ (सोइयोक लादोहाङ) य:य नामङ्दी बाइसोहाङ	१ २ ३	आठौं शताव्दि	७५०	दश लिम्वूवानको स्थापना सहित पदे(वोधे)यक निर्माण ।
२	ईडलासो मुक्कुम्हाङ तक्रम (त:अम्वा) पावाहाङ	४ ५ ६	नवौं शताव्दि	८५०	लिम्वूवानमा सिरिजंगाहाङद्वारा सिरिजंगा लिपीको आविस्कार ।
३	नाम्वा मिकहाङ नाम्हाङ	७ ८ ९	दशौं शताव्दि	९५०	राजा न्यायदेवद्वारा सिमरौनगढ राज्यको स्थापना, पश्चिम एशियामा नव आसिरियन साम्राज्यको विस्तार ।
४	सम्जोहाङ नाम्लाहाङ सुलाहाङ	१० ११ १२	एघारौं शताव्दि	१०५०	मध्यकालिन नेपालमा ठकुरीवंशको विभिन्न भागमा शासन, फ्रान्समा पेरि विश्वविद्यालयको स्थापना ।
५	लावाहाङ खेसेहाङ माहाराङ्गे	१३ १४ १५	वाह्रौं शताव्दि	११५०	उपत्यकामा मल्लराजाहरुको शासन, ग्रीकको अन्धाकार युग (८५०-११५०)
६	केरेङवा तान्छेहाङ चोत्लुङहाङ	१६ १७ १८	तेहौं शताव्दि	१२५०	उपत्यकामा अभय मल्लको शासन, मंगोल सम्राट चंगेज खानको उदय र मंगोल साम्राज्यको विस्तार (१२०६-१२२७)
७	लाम्दोहाङ मिङ्सोवा लुप्लिहाङ	१९ २० २१	चौधौं शताव्दि	१३५०	उपत्यकामा मल्ल राजाहरुको शासन, वंगाली सुल्तान शम्सउद्दीन इलियासको उपत्यका आक्रमण र लुटपाट ।
८	युङसिङ्वा युङ्मिवा हाङमिवा/लाङमिवा	२२ २३ २४	पन्ध्रौं शताव्दि	१४५०	उपत्यकामा यक्ष मल्लको शासन, आधुनिक युगको प्रारम्भ, युरोपियनहरुको प्रसिद्ध विश्वखोज यात्रा, कोलम्वसले अमेरिका पत्ता लगाएको ।
९	हाङयोवा/लाविहाङ हाम्वोका/खाम्वो/खाम्वेकहाङ नाक्ला/लाय/तुम्वा/तुम्सा	२५ २६ २७	सोह्रौ शताव्दि	१५५०	उपत्यकामा महेन्द्र मल्लका पिता अमर मल्लको मृत्यू, भारतमा वावरद्धारा मुगल राज्यको स्थापना ।
१०	नाहाङ/माङ्वोते/पेपाहाङ/मुदाहाङ बावा/यङ्जासो/हाङ्गेलेले/सुनराय मिक्योवा/माक्लु/पाण्डावीर/तिगेहाङ	२८ २९ ३०	सत्रौं शताव्दि	१६५०	राजा शिवसिं मल्लले पाटनलाई गाभे, सिद्दिनरसिंह मल्लको उदय
११	माक्लु/लुप्लीहाङ/बाघाजित/मुवेहाङ मिक्ला/पक्ला/देशमान/पाछा राय हाङजाङ्वा/पावहाङ/धनवीर/गंगामुखी	३१ ३२ ३३	अठारौं शताव्दि	१७५०	उपत्यकामा शाहवंश र पृथ्वी नारायण शाहको उदय, नुनपानी सन्धि १७७४ ई, लिम्बूवान गोरखामा समाहित, पोलेनिक राज्यको विरुद्ध अमेरिकामा स्वतन्त्रता आन्दोलन ।
१२	खामवोत/साकेफुङ/सन्तानसिं/धर्मनन्द कृपादल/इलामसिं/जस्तल/धोजवीर कन्दल/इन्द्रसिं/जितबहादुर/दिलमान्	३४ ३५ ३६	उन्नाईसौं शताव्दि	१८५०	नेपालमा राणा शासनको उदय (१८४६), नेपाल र तिव्वतवीच युद्धमा लिम्वूजातिले नेपालको पक्षमा वीरतापूर्वक लडि विजय हासिल गरेपश्चात जंगबहादुर राणाले लिम्वू

					जातिलाई नमासिने मतवाली जातिमा राखिएको ।
१३	सुकबहादुर/हर्कमल/भूपालसिं/दुर्गाप्रसाद सिंगबहादुर/नयन्द्रसिं/कूलकेशर/हेमकर्ण ..../........../........./तेजप्रकाश	३७ ३८ ३९	वीसौं शताब्दि	१९५०	नेपालमा राणा शाासन विरुद्धको सशस्त्र क्रान्ती, प्रथम विश्वयुद्ध १९१४-१९१८ ई, दोश्रो विश्वयुद्ध १९३९-१०४५
१४	प्रकाश/अर्विन/ /छत्रब./क्यालसिं इम्सेड/इन्सु/..../रमेश/ यज्ञब. ...../....../...../इन्सु/ नाम्विन	४० ४१ ४२	एक्काईसौं शताब्दि	२०२४ सम्म	नेपालमा ७.८ रेक्टर स्केलको ठूलो नेपालमा गणतन्त्र घोषणा (२००८), महाभूकम्प (अप्रिल २५, २०१५), नेपाल सहित विश्वव्यापी रुपमा कोरोना महामारी (२०१८)

विषयसूची

क.सं	शीर्षक	पृष्ठ
	शुभकामना सन्देशहरु	
	अध्यक्षको मन्तव्य	
	सम्पादकीय	
	प्रकाशकीय	
	कृतज्ञता ज्ञापन	
	चौवीसे राज्यको प्राचीन सिमाना (नक्सामा हाइलाइट भएको)	
	समयरेखामा सादिङ्गेतिङ्गेहाङ संयकवंशी लिम्बूहरु	
	संक्षिप्त शव्दावलीहरु	
	वंशावलीमा प्रयुक्त पुराना तथा लिम्बूजन्य शव्द र तिनका अर्थहरु	

भाग- १
सादिङ्गे तिङ्गेहाङ संयक (लिम्बू) वंशको परिचय

१.१ अध्ययन परिचय/पृष्ठभूमि १
१.२ अध्ययनको उद्देश्य २
१.३ अध्ययनको समस्या ३
१.४ अध्ययनको सान्दर्भिकता ३
१.५ अध्ययनको क्षेत्र र सीमा ४
१.६ अध्ययन विधि/पद्धति ४
१.७ अध्ययन तथा लेखन स्रोत सामग्रीहरु ५
क) प्राथमिक स्रोतहरु संकलन ५
- अवलोकन ५
- स्थलगत अध्ययन भ्रमण ६
- संवाद, छलफल र अन्तर्वार्ता ६

ख) द्वितीय स्रोतहरु संकलन तथा विश्लेषण ६
- हस्तलिखित सामग्री ६
- मुद्रित सामग्री ६
- विद्युतीय सामग्रीहरु ६
- शिलालेख/अभिलेख ७
- श्रव्य/दृश्य सामग्री ७

१.८ अध्ययनको संगठन वा ढाँचा ७

भाग- २
पृथ्वीको सृष्टि, मानव उत्पत्ति र विकास

२.१ परिचय १०
२.१.१ मुन्धुमी मत अनुसार पृथ्वी तथा जीवको उत्पत्ति १०
२.१.२ वैज्ञानिक सिद्धान्त अनुसार ब्रह्माण्ड तथा जीवको उत्पत्ति १२
क) ब्रह्माण्डको उत्पत्ति १३
ख) जीवको उत्पत्ति र विकास १४

२.३ आधुनिक मानव जातिको विकास र विस्तार १७

भाग-३
किरात जाति : उत्पत्ति र इतिहास

३.१ किरात जाति तथा किरात शब्दको उत्पत्ति १९
३.२ धार्मिक ग्रन्थहरुमा किरात २०
३.३ प्राचीन साहित्यहरुमा किरात २१
३.४ प्राचीन किरात इतिहास २१
३.५ नेपाल खाल्डोमा प्राचीन किरातहरूको शासन २३

भाग-४
लिम्बू जातिको उत्पत्ति र विकास

४.१ लिम्बू जातिको उत्पत्ति २७
४.२ लिम्बू जातिमा रहेका वंश र तिनका समूहहरु २८
क) महावंश २८
ख) वंश (सङ/सुमा) २९
ग) मिङश्रा २९
४.३ लिम्बू जातिमा रहेका पुराना वंश समूहहरु ३०
क) खाम्बोङवा लुङबोङबा वंश ३०
ख) यक्केनावा वंश ३२
ग) सौमर वंश ३२
घ) काशी (थाङवा) वंश ३३
ङ) ताई वा श्यान वंश ३३
च) ताङसाङ्थावा वंश/लासावंश ३४
छ) भूईंफुट्टा/भाइफुट्टाहाङ वंश ३४
ज. अन्य वंशहरु ३५
४.४ उपत्यका बाहिरका प्रख्यात किरात राजाहरु ३५
क) लुक्थुयो ३५
ख) भूईंफुट्टाहाङ (भाइफुट्टाहाङ) ३६
ग) साम्युकहाङ ३६
घ) वाजदेव ३७
ङ) आठ राजाहरु ३७
च) मुङमावरोङ ३७
छ) दस सरदारहरु ३८
४.५ लिम्वू जातिका मिङ्श्राहरु ४०
४.६ लिम्बु जातिका माङ्गेन्ना यकहरू ४०
४.७ लिम्बू जाति र प्राचीन लिम्वूवान भूमिको सिमाना ४५

भाग-५
लिम्वूवान क्षेत्रको किपट व्यवस्था

५.१ किपट भूमिको सामान्य परिचय ४९
५.२ किपट व्यवस्था र लिम्बूहरु ४९
क) राणाकालिन किपट प्रथा र अवस्था ५०
ख) किपट भूमिमा अमाली प्रथा ५१

ग) किपट भूमिमा करको व्यवस्था ५१
घ) किपट भूमि बिक्रिमा प्रतिबन्ध ५२
५.३ किपट भूमि फिर्ताका लागि भएका प्रयासहरु ५२
क) किपटीया सुब्बाहरु र सरकारबीच वार्ता ५३
ख) तेह्र सूत्रीय नीति घोषणा ५३
ग) वि.सं. २०१५ सालको भेला ५५
घ) लालमोहर नवीकरण ५६
५.४ किपट उन्मूलनमा प्रतिरोधहरु ५६
क) धनकुटामा विरोध कार्यक्रम ५६
ख) सरकारमा विन्तिपत्रहरु ५६
ग) राजदरबारमा अन्तिम भेटघाट ५७
५.५ किपट भूमि पुनः स्थापनाका प्रयासहरु ५७
क) विजयपुरको भेला ५७
ख) छकलीटारको बैठक ५८
ग) छकलीटारको दोश्रो भेला ५८
५.६ किपट प्रथाको अन्त्य ५८
५.७ किपटीया तालुकवाला सम्बद्ध तत्कालिन् पारिवारिक विवरण ५९
५.८ चौवीसे क्षेत्रको किपटकालिन अवस्था ५९
क) सेनकालिन भूमि व्यवस्थापन ५९
ख) शाहकालिन भूमि व्यवस्थापन ५९

भाग- ६
चौविसे क्षेत्रका संयक लिम्बूहरुको नालीबेली

६.१ चौविसे क्षेत्रमा संयक लिम्बूहरु ६२
६.२ संयक वंश समूहको उत्पति र विस्तार ६३
क) तुम्वा संयकहरुको ताप्लेजुङ विस्तार ६४
६.३ युङसिङ्वा लाङ्वेवा, तुम्वा र तुम्सा उपथरहरुको निर्माण ६५
६.४ संयक वंश समूह भित्र रहेका थर, उपथरहरु ६५
६.५ संयक वंश समूहभित्रका उपथरहरुको संक्षिप्त जानकारी ६६
क) युङसिङ्वा ६६
ख) लाङ्वेवा ६६
ग) तुम्वा ६६
घ) तुम्सा ६७
ङ) थक्सुवा ६७
च) नयङ्वा ६७
छ) संयक वंशका अन्य लोपोन्मूख उपथरहरु ६७
६.६ संयक वंशका लिम्वूहरुको वसोवास क्षेत्र तथा घरधुरी संख्या ६८
क) युङसिङ्वा ६८
ख) लाङवेवा ६८
ग) तुम्वा ६९
घ) तुम्सा ७१
६.७ संयक वंश समूहका ख्यातिप्राप्त पुर्खाहरु ७२
६.८ चौबिसे (पदे यक) राज्यका थुम, मौजा, प्रगन्ना र ईलाकाहरु ७४
क) मिक्लुक (मिक्लाजोङ) ७४
ख) वाराताप्पा ७४
ग) केरावारी ७४
घ) पानवारी ७५

ङ) गोहाबारी ७५
च) ठिङ्गाबारी ७५
छ) चकघट्टी (सुकनाका) ७५
६.९ संयक लिम्वूहरुको यक तथा ऐतिहासिक स्थलहरु ७६
क) पदे (बोधे) यक ७६
ख) कुरुले यक (गढी) ७७
ग) आम्वेपजः ७८
घ) साँगुरीगढी(साङगोरी भञ्याङ) ७८
ङ) सिरिमाङे (सिरमाने) गुफा ७९
च) महाराङगे राजा र उनको हात्ति बाँध्ने ढुङ्गा ७९
छ) हाङसेमलुङ/हाङसेनलुङ ८०
ज) साधाप्माटार (सधामटार) ८१
झ) लुहकूल डाँडा ८१
ञ) थाक्केलुङ/ खिवेकलुङ ८२
ट) चेघ्रा यक ८२
६.१० संयक वंशका सुभाङ्गी प्राप्त गर्ने सुभा (सुब्बा)तथा तिनका मौजा(क्षेत्र)हरु ८२
क) वि.सं १९९७ सालको सर्पट नापीको मुचुल्का अनुसार संयक लिम्वूका सभाङ्गी मौजाहरु ८४
ख) तुम्वा संयकहरुका सुभाङ्गी मौजा क्षेत्रहरु ८४
ग) तुम्सा संयकहरुका सुभाङ्गी मौजा क्षेत्रहरु ८४
६.११ चौबिसे क्षेत्रमा आगन्तुक जाति र वंशहरु ८५

भाग- ७
संयक लिम्वूहरुको राजनीतिक, सामाजिक तथा आर्थिक अवस्था

७.१ राजनीतिक सहभागिता ८७
क. वि.सं. १८३१ देखि वि.सं. २००७ सम्म ८७
ख. वि.सं. २००७ देखि हालसम्म ८७
१. देवदत्त तुम्सा संयक ८८
२. शुक्रराज तुम्वा संयक ८८
३. शेरबहादुर तुम्सा संयक ८९
७.२ सामाजिक अवस्था ९३
क) भाषिक समूह ९४
ख) मानवशास्त्रीय अध्ययन र आनुवंशिकी ९४
ग) साँस्कृतिक र ऐतिहासिक सन्दर्भ (उत्पति र वँसाईसराई) ९५
घ) जातीय पहिचान ९५
ङ) शैक्षिक क्षेत्रको योगदान ९५
१. विभिन्न क्षेत्रमा विद्यालयको स्थापना र संचालनमा योगदान ९५
२. जलकन्या मा.वि.मां+२ स्थापनामा सहयोग ९६
३. शक्तिका प्रा.वि. मिक्लाजुङ गा.पा-८, पाँचथर ९६
४. पिङडाँडा/खुवाफोकको खेल मैदान ९७
५. चोत्लुङ पार्क, मैवाखोला-४, ताप्लेजुङ ९७
७.३. आर्थिक अवस्था/गतिविधी ९७
क) कृषि ९७
ख) हस्तशिल्प र परम्परागत सीप ९८
ग) पशुपालन ९८
घ) सरकारी तथा गैह्रसरकारी सेवा ९८
ङ) वैदेशिक सेनामा सेवा ९८

७.४. सामाजिक-आर्थिक चुनौतीहरू ९९
क) भौगोलिक अवस्था ९९
ख) शिक्षा र रोजगारी ९९
ग) स्रोतहरूमा कम पहुँच ९९

भाग-८
चौविसे क्षेत्रका संयक लिम्बूहरुको संस्कार, संस्कृति तथा परम्पराहरु

८.१ सामान्य परिचय १००
क) जन्मअघि गरिने संस्कारहरु १००
१.साप्पोक चोमेन् १००
८.२. शिशु/वाल्यकाल र त्यसपछिका संस्कारहरु १०१
क) याङदाङ् युङ्मा १०१
ख) याङदाङ् फोःङ्मा १०१
ग) नारामप्मा १०२
८.३ विवाह तथा मृत्यू संस्कारहरु १०२
८.३.१. विवाह संस्कार १०२
क) मागी विवाह(तेन्धाम मेख्खिम) १०३
१. पहिलो कलम १०३
२. दोस्रो कलम १०४
३. तेश्रो कलम १०६
४. चौथो कलम १०८
ख) प्रेम/भागी विवाह (नानु?मा मेख्खिम) ११०
ग) चोरी/जवर्जस्ती (लक् मेख्खिम) १११
घ) जारी विवाह (खत् मेख्खिम) १११
८.३.२ साईमुन्दी/वागदत् रीत (मेल्लुङ फु?मा थिम) ११३
८.३.३ मृत्यु संस्कार (सिमेरी याम्बक) ११३
क) लासका लागि आवश्यक सामाग्री ११४
ख) चेधाप निर्माणका लागि सामाग्रीहरु ११५
ग) सिसाम-मी र चेधाप वनाउने विधीहरु ११५
घ) चेधाप (धारो)मा लास चढाउँदा गरिने विधि ११५
ङ) लाशलाई घरबाट उठाउने विधी ११६
च) खाम इङ्मा थीम (माटो किन्ने रीत) ११६
छ) चेखोङ (खाल्डो) को तयारी ११७
ज) बाटो लगाउने (लाम्तोमा) विधिमा आवश्यक सामाग्री ११७
झ) इपुङ्देन (चिहान डाँडा) मा लास उठाउने विधि ११८
ञ) लाश उठाउने र खाडल (चेखोङ) मा राख्ने विधी ११८
ट) खाल्डो (चेखोङ) वाट मृतकको आत्मा निकाल्ने विधी ११८
ठ) माटो दिन (खाम पिमा) रीत ११८
ड) चिहान (इपुङ) बनाउने तरिका १२०
ढ) मलामी फर्कंदा वाटोमा गरिने विधी १२०
ण) साम्दाखोङ् फेमा : (मृतात्माको स्थान बनाउने र खानेकुरा चढाउने) १२०
त) युम्सा (नुनतेल) वार्ने सामाग्री र दिन १२२
थ) मरा हम्मा(मुद खोल्ने) कार्यको विधी १२२
द) सुद्धाई कार्य तथा सम्पन्न गर्ने विधी १२२
८.३.४ नावालकको हकमा गरिने मृत्यू संस्कार (सिमेरिक याम्बक) १२३
क) सुकेमोच (कुपोषण/सुकेनास) बाट बालबालिकाको मृत्यु भएको अवस्थामा गरिने विधि १२३
१. बच्चाको मलामी चोख्याउने विधि १२३

२. मोच मार्ने विधि १२३
३. मोच मार्दा चाहिने सामाग्रीहरू र विधीहरु निम्न बमोजिम छन १२४
८.३.५ सुत्केरी मृत्यू (सुगुप) १२४
८.३.६ अकाल मृत्यू (सोघा भई मर्ने) हरुको संस्कार विधी १२५
क) अकाल मृत्युमा सम्पन्न गरिने संस्कार विधी १२५

भाग-९
याक्थुङ् (लिम्बू) संयक वंशले मान्ने चाडपर्व/खानपान तथा माङ्साम्माङ् (देवी/देउता)हरु

९.१ चाडपर्व तथा खानपानहरु १२७
क) उँभौली (यक्वा) पर्व १२७
ख) उँधौली (चासोक) १२७
ग) माघे सक्रान्ति (कक्फेक्वा तङनाम) १२७
घ) साउने सक्रान्ति (सिसेक्पा तङनाम) १२८
९.२ नृत्य/गायन १२८
१. यालाङ (धान नाच) १२८
२. ढोल नाच (केलाङ) १२८
३. पालाम (गायन) १२९
४. हाक्पारे साम्लो १२९
९.३ भेषभूषाहरू १२९
१. छोरामान्छेको (पाङ्वात) भेषभूषा १२९
२. छोरी मान्छेको भेषभूषा १२९
३. छोरी मान्छेको लागि गरगहना (वत्ति) हरू १३०
९.४ याक्थुङ् मुक्ला (बाजा गाजा) १३०
९.५ याक्थुङ (लिम्बू) हरूको फेया (हतियारहरू) १३०
९.६ खानपानहरू १३०
१. तोङ्वा १३०
२. साग्याङ्/सेरगेम्बा १३०
३. पपन्दा १३०
४. लुङघाक्चा १३१
५. इम्भ्रिङःकिक् १३१
६. फःन्छे? १३१
७. साहाःङ् १३१
८. वाम्युःक १३१
९. सगि?सुम्बाक् १३१
१०. नाम्बङ्चा १३१
११. फाःन्दो १३२
१२. खिप्चिमी १३२
१३. फेङ्जा १३२
१४. फासुप् १३२
१५. खे?सुङ् १३२
९.७ थाक्थुङ् (लिम्वू)/संयकहरु/समाजले मान्ने देवी/देउता तथा धार्मिक अनुष्ठानहरु १३२
क) देवीदेवताहरु १३३
१.तागेरेनिङ्वाफुमाङ १३३
२.अःवामा सम्माङ १३३
३.याक्वा साम्माङ् १३३
४.नाहाङ्मा(साम्माङ) १३३
५.ताम्भुङ्ना (वनदेवी) १३३

६.पुङ्साम्माङ (खोल्मेनी देवी) १३३
७.युमासाम्माङ(बोजुदेवी) १३३
८. थेवासाम्माङ १३४
ख) अनुष्ठानहरु १३५
१. चासोक माङ्खमा (न्वागी) १३६
२. साप्पोक चोमेन् १३६
३. मुरूङ्सित्लाङ (मूलखम्बा/वास्तु) १३६
४. साक्मुरा/माङहुक्वा वादेम्मा (गालीसराप बगाउने) १३६
५. तङ्सिङ मुन्धुम् १३८
६. माङ्गेन्ना (शिर उठाउने) १३९
६.१ माङ्गेन्ना गर्न आवश्यक पर्ने सामाग्री तथा विधी १३९
६.२ माङ्गेन्ना गर्ने मुन्धुम् तथा विधी १३९

भाग- १०

चौविसे क्षेत्रका संयक लिम्बूहरुसंग सम्बन्धित लालमोहर, कागजात तथा सामाग्रीहरु

कागज नं-१
वि.सं १८९४ मा चौवीस थुमका गैह्र सुव्वाहरुलाई पानीढलो साँध कायम गरिदिएको रुक्का १४८
कागज नं-२
टोङ्केको हर्कलाल लिम्वूले छोरा ज्ञानबहादुर लिम्वूलाई दिएको वारेशनामाको लिखत् १४९
कागज नं-३
वाली लुटपिटको फिरादपत्र दस्तुर वुझेको भर्पाई- वि.सं १९६१ १५०
कागज नं-४
चौवीस खोपीगाउँका सेरबहादुर लिम्वूले वि.स १९८४ मा पल्लो किरात छ थुम माल धनकुटामा तिरो वुझाएको रसिद १५१
कागज नं-५
बाढीले खेत लगेपछि तिरो मिनाहा गरिदिएको पत्र १५२
कागज नं-६
याङदाप्ला सादाप्ला रीत चलेको मुद्दा कागज वि.सं. १९४३ १५३
कागज नं-७
सोगुमका वध्ये मगरले भोगवन्धकीमा रहेको जग्गा रकम लिई पास गरिदिएको कागज १५६
कागज नं-८
फणीन्द्र संयकको वाजे राई डिल्लीश्वर सुव्वाले आफ्नो रैतीहरुबाट जम्मा भएको रकम धनकुटा गौंडामा तिरो वुझाएको रसीद १५७
कागज नं-९
राई डिल्लीश्वर सुव्वाको मातहतमा रहेको नेपाल सरकारबाट जारी भएको इस्तीहार कागज थान-१ प्राप्त भएको १५८
कागज नं-१०
साविक मुढेवास गाविस हाल चौवीसे गापा वडा नं २, भीरगाउँ वस्ने सुव्वा सनकसिं लिम्वूले आफ्नो रैतिहरुलाई तिरो बुझिलिए वापत भर्पाइ गरिदिएको रसिदहरु १५९
कागज नं-११
सुव्वा राम्री लिम्वूनी/भूपालसिंको धनकुटा माल अड्डामा रहेको लगत १६०
कागज नं-१२
युङसिङवा, लाङ्वेवा, तुम्वा तथा तुम्साहरुका वीचमा सहमति गरी हस्ताक्षर गरिएको कागजात १६१

भाग- ११
संयक लिम्वू उत्थान समाज (संस्था) को सामान्य परिचयः

१. संस्थाको परिचय	१६५
२. संस्थाको विगत र विकासक्रम	१६५
३. लक्ष्य	१६६
४. उद्देश्य	१६७
५. सदस्यता	१६७
६. संस्थाले हालसम्म गरेका मुख्य कार्यहरु	१६७
७. तस्वीरमा संस्थाका कार्यक्रमका केही झलकहरु	१७०

भाग- १२
चौविसे क्षेत्रका संयक लिम्बूहरुको वंशवृक्ष

१. युङसिङ्वा संयक खलक	१७५-१८४
२. लाङ्वेवा संयक खलक	१८५-१९०
३. तुम्वा खलक	
क) धनवीर सुव्वा खलक(पुस्ता न.३३)	१९४-२४३
ख) देशगडे वैदार खलक(पुस्ता न.३३)	२४५-२५५
ग) रणजित माङधुप्पा खलक(पुस्ता न.३३)	२५७-२६६
घ) कम्साहाङ सिन्दुरमान फूकाम्देन खलक(पुस्ता न.३०)	२६८-२७८
ङ) मैवाखोला खलक(ताप्लेजुङ)(पुस्ता न.३०)	२८९-२८७
च) तम्मरखोला खलक(ताप्लेजुङ)(पुस्ता न.३३)	२८९-३११
छ) मिवाखोला खलक(ताप्लेजुङ)(पुस्ता न.३३)	३१३-३२३
४. तुम्सा खलकः	
क) गंगामुखी खलक(पुस्ता न.३३)	३२५-३३७
ख) जसमुखी खलक (अम्वलमान्)(पुस्ता न.३३)	३३९-३४०
ग) जसमुखी खलक (इन्द्रमान)(पुस्ता न.३४)	३४२-३६२
घ) जसमुखी खलक(हङ्शमान)(पुस्ता न.३४)	३६४-३६५
ङ) जसमुखी खलक (अङ्गमान)(पुस्ता न.३४)	३६७-३९२
च) जसमुखी खलक(सम्पूर्ण) (पुस्ता न.३४)	३९४-४०३
छ) जसमुखी खलक(आस्नो) (पुस्ता न.३४)	४०५-४११
ज) मुगेवा खलक (पुस्ता न.३१)	४१३-४१६
झ) लासाहाङ खलक (पुस्ता न.३१)	४१८-४५०
ट) लासाहाङ खलक (सोतुम्हाङ) (पुस्ता न.३१)	४५२-४७५

भाग- १३

सन्दर्भ सामाग्रीहरु	४७६-४७८

अनूसूचि-१

आर्थिक सहयोग गर्नेहरुको रकम तथा फोटो विवरणः	४८०-५७८

संक्षिप्त शव्दावलीहरु

उ.म.न.पा	उपमहानगरपालिका
गा.प	गाउँ पञ्चायत
गा.वि.स	गाउँ विकास समिति
जि.प	जिल्ला पञ्चायत
न.पा	नगरपालिका
ने.क.पा	नेपाल कम्युनिष्ट पार्टी
म.न.पा	महानगरपालिका
रा.प	राष्ट्रिय पञ्चायत
ने.का	नेपाली काँग्रेस
सु.स.स	सुकुम्वासी समस्या समाधान आयोग

वंशावलीमा प्रयुक्त पुराना तथा लिम्वूजन्य शव्द र तिनका अर्थहरु

आगेसुव्वा : तत्कालिन सरकारबाट लालमोहरबाट नै अधिकार प्रदान गरि दिईएको सुभाङ्गी अधिकार प्रदत्त व्यक्तिलाई आगेसुव्वा भन्दछन् ।

आम्वेपजःमा : आम्वेपजःमा भनेको मूलतः आँपको रुख हो, यस नामले त्यो आँपको रुख भएको प्राचीन् स्थानलाई देखाउँछ, जो हालको वोधे गाउँको पुच्छरतिर पर्दछ । जहाँ संयक लिम्वूहरुका पूर्खाहरुले प्राचीनकालमा विभिन्न अनुष्ठानहरु सम्पन्न गर्दथे ।

ईक्सादिङ खाम्वेक : पृथ्वी ।

किपट : प्राचीन लिम्वूवान क्षेत्रका जमीनहरु अन्तिम चरणमा शाहकालबाट रैकरमा वदलि बिक्री वितरण हुनेगरी नमासिउन्जेलसम्म यो किपट जमीनहरु अन्य जातिकालाई बिक्री वितरण हुँदैनथ्यो र यो सोही लिम्वूहरुमा मात्र पुस्तान्तरण हुँदैजान्थ्यो ।

खप्यालुङ् : साविक खुवाफोक हाल साँगुरीगढी गा.पा ३ स्थित् साप्तेन गाँउमा संयक वंशको महाराङ्गे राजाले पारी वुढीमोरङ गाँउका मोरंगे राजासंग वारीपारी गुलेली हानाहान गर्दा महाराङ्गे राजा उक्त ढुङगाको खोपीभित्र वसेर गुलेली हान्थे । उक्त खोपी भाँडाको आकारको भएकोले त्यही खोपीलाई खप्यालुङ भनिन्छ ।

खाम्वोङ्वा लुम्वोङ्वा : कुनैपनि स्थानमा सवैभन्दा पहिले पुगेर उक्त जमीनलाई ढालफाँड गरी वस्नयोग्य तुल्याई वसोवास गरिआउनेहरु । प्रतिकात्मक अर्थमा त्यहाँका ढुङ्गा माटोसंग खेल्नेहरु ।

गढी : किल्ला । प्राचीन समयमा प्रायजसो लँडाई झगडा भैरहने हुनाले शत्रुपक्षको निगरानी गर्नका लागि प्राय अग्लो स्थानमा किल्ला निर्माण गर्ने चलन रहेको थियो ।

चन्जनलुङ : लिम्वू भाषामा डाँडाको उच्च शिखरलाई चन्जनलुङ भनिन्छ । हाल यो नेपालको सगरमाथा हिमाल हो ।

जिम्दार : जमीन्दार वा प्रसस्तै जमीनको मालिक ।

ठिङ्ग्रे सुव्वा : माटो र रुपैंयाँ वुझाउन नसके पनि सुव्वा हुनखोज्नेलाई रु १ तिरेपछि दिईने सूव्वा पदलाई ठिङ्ग्रे सुव्वा भनिन्थ्यो । उसको सुव्वाको अधिकार केही नभई एक्लै सुव्वा हुन्थे ।

तागेरानिङ्वाभूमाङ् :	यो पृथ्वी वा श्रृष्टीको श्रृजनाकर्ता । जसलाई श्रृष्टिकर्ता भगवानको दर्जामा दर्जामा राखिन्छ ।
तुतुगेन तुम्याङ :	लिम्वू समुदायका भद्रभलाादमीहरु, मान्यजनहरु ।
थुम :	प्रशासनिक इकाई । राणाकाल र त्यो भन्दा अगाडिका शाह राजाहरुले पूर्वी लिम्वूवान क्षेत्रमा कर सङ्कलन गर्न, सिमानाको रेखदेख गर्न पूर्वकालदेखि चलिआएको थुमहरुलाई नै मान्यता दिएर चलाईआएका थिए । तर, पछि आफ्नो अनुकूलनमा यसलाई वरपर, तलमाथि गर्नेकामहरु भएका थिए ।
पधे :	सालक । सालक जीवलाई लिम्वू भाषामा पधे भनिन्छ र यही पधेको अपभ्रंश रुप वधे, वोधे भएको भन्ने मान्यता रहीआएको छ । किनकि, वोधेमा पहिले प्रशस्तै सालक पाईन्थे ।
पिपिचक्वा फूङ् :	एक प्रकारको लहरे फूल जो एक जडिवुटी पनि हो यसलाई लिम्वू जातिले मर्चा (खेसुङ ता:ई) बनाउँदा प्रयोग गर्ने गर्दछन् ।
पोरोक्मी याम्फमीमाङ् :	तागेरा निङ्वाभुमाङको आदेश अनुसार पृथ्वी र मानव जातिको सृष्टिकर्ता देव (माङ) हरु ।
फक्ताङ्लुङ :	कुम्भकर्ण हिमाल ।
फिजिकुम् फेदाङ्मा :	देवारी वा लिम्वू जातिको देवदेउता मनाउनै, कूलपित्री आदिको कार्य गर्ने मूल पूजारी,
फूटिसुव्वा :	६० मुरी माटो र ३० रुपैयाँ उठाई चढाउने सहायक सुव्वालाई फुटिसुव्वा भन्दथे ।
फेन्चुवा यक :	शाखा पित्रीथलो । मुख्ययकमा पहिले वसोवास भई कुनै कारणले अर्को स्थानमा समेत पुगेर वसी अर्को पित्रीथलोकै रुपमा विकसित भएको शाखा पित्रीथलो । लिम्वू समुदायमा एकै लिम्वू जातिको एकभन्दा वढी यक भएको निकै कममात्र छ, एकभन्दा वढी यक हुनेमा संयक लिम्वूहरु एक पर्दछन् ।
भाईफुट्टी सुव्वा :	३० मुरी माटो र १५ रुपैंया उठाई वुझाउने सहायक सुव्वालाई भाईफुट्टी सुव्वा भन्ने गरिन्थ्यो ।
माङसाम्माङ	माङ भनेको लिम्वू जातिमा भववानको रुप हो र साम्माङ भनेको भगवानको दूतको रुपमा अवतरित प्रतिनिधी ।
मिथक :	दन्त्यकथाहरु । प्राचीन समयका अलिखित ईतिहासहरु कालान्तरमा दन्त्यकथाका रुपमा सुनिन्दै जान्छन् । समयक्रममा यी कथाहरुमा अलिअलि तलमाथि समेत पर्दैजान्छ ।
मिङ्श्रा :	गोत्रको समकक्षी शव्द । व्रम्हाण, क्षेत्रीय समाजमा वंशावली निर्माणका वखतमा एक ऋषिसम्म पुगेर गोत्र पहिल्याउने चलन झैं लिम्वू समुदायमा खास वंश र त्यसको लाईन पहिल्याउने चलन छ ।
मुजिङ्ना खेयङ्ना :	श्रृष्टिको प्रथम मानव । मुन्धुम अनुसार श्रृष्टिकर्ताहरु तागेरानिङ्वाभूमाङ् र पोरोक्मी याम्फमीले श्रृष्टि गरेको पहिलो मानव मुजिङ्ना खेयङ्ना थिईन् ।
मुन्धुम् :	मानव जाति र तिनको संचालनसंग सम्वन्धित विभिन्न विधी, पद्दतिहरुवारे याक्थुङ् लिम्वूहरुका प्राचीन लिखित, अलिखित ग्रन्थहरु ।
मौजा, प्रगन्ना :	भूगोलको एक निश्चित तोकिएको क्षेत्र ।
यक :	सबैभन्दा पहिले आगमन भएर बसेका पूर्खाहरुको प्राचीन थलो, पित्रीस्थल ।
यक्केनावा :	गुफा वा ओढारहरुमा बसेर माछा मारेर खाने प्राचीन मानवहरु, जो हिमालको काखहरुमा विचरण गर्दथे भन्ने मुन्धुममा उल्लेख छ । जसको वारेमा भित्री पृष्ठमा सकेत व्यख्या छ ।

याक्थुङ :	लिम्वूहरुलाई लिम्वू शव्दले जान्नुपूर्व याक्थुङ भनेर जानिन्थ्यो । यो शव्द पछिमात्र निर्माण भएको हो । खासगरी दश लिम्वूवानको स्थापना भएपछि त्यहाँका वासिन्दाहरुलाई अन्यत्रले सम्वोधन गर्ने क्रममा “लिम्वूवानमा वस्ने लिम्वूहरु” को रुपमा यो शव्द निर्माण भएको हो ।
रैकर :	सबै जातजातिका मानिसहरुले किन्नपाउने र वस्नसक्ने जमीनको तत्कालिन व्यवस्था ।
लिम्वूवान :	किरात जातिका एक समूहको प्राचीनकालमा आगमन भै फेदाप क्षेत्रलाई केन्द्र बनाएर वसोवास गरेका र पछि लिम्वू कहलाईएका र उनीहरुको वसोवास रहेको एक निश्चित भूगोल । प्राचीन लिम्वूवानको भूगोल हालमा ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा र संखुवासभा जिल्लाहरुमा विभाजित हुनपुगेको छ ।
लुङ्धुङ पक्वा :	ढुङ्गाको खोपिल्टामा जमेको पवीत्र जल (पानी) । लिम्वू जातिले आफ्नो विभिन्न संस्कारहरु गर्दा यो जल प्रयोग गर्दछन् ।
सावला साम्वा :	लिम्वू जातिमा विभिन्न अवस्थामा व्यक्तिहरु कुनैपनि नराम्रो वाटोमा नजाओस भनेर एकरात, तीनरात वा सातरातसम्म गरिने अनुष्ठान (तङसिङ) लाई सावला साम्वाहरुले सम्पन्न गर्दछन् ।
सुभाङ्गी अधिकार :	अधिल्ला शाह राजाहरु, त्यसपछि राणाँहरु र पछिल्ला शाहराजाहरुले लिम्वूवानको प्राचीन भूमि जो किपटिया अधिकार अन्तर्गत थिए र पछि रैकर समेत गरिए, त्यस्ता क्षेत्रहरुमा वन जंगल, जनावर र जमीनको रेखदेख गर्ने, कर उठाउने, सिमानाहरुको प्रारम्भिक रेखदेख गर्ने अधिकार सहित निश्चित लिम्वूहरुलाई “सुव्वा” पदवी प्रचलनमा ल्याए । उनको अख्तियारी नै सुभाङ्गी अधिकार थियो ।
हाङ :	राजाको समानार्थी लिम्वू शव्द ।
हाङ्सेमलुङ :	यसमा मूलतः तीनवटा लिम्वू शव्दहरु मिसिएका छन्, ती हुन् हाङ+सेम+लुङ अर्थात् राजाहरुले सभा गरी ढुङ्गा गाडेको ठाउँ । जो हालको चौवीसे गा.पा वोधेमा पर्दछ ।

भाग- १
सादिङ्गे तिङ्गेहाङ संयक (लिम्बू) वंशको परिचय

१.१ अध्ययन परिचय/पृष्ठभूमि :
ऐतिहासिक पधे यक राजधानी भएको हालको धनकुटा जिल्लाको चौविसे क्षेत्रमा सघन आवाद भएका संयक वंश समूहका याक्थुङ लिम्बूहरू मुन्धुमी (शास्त्रीय) मतमा यस क्षेत्रका सबैभन्दा पुराना खाम्वोङ्वा लुङ्वोङवा वंशका सन्तानहरू मध्येका एक हुन्। त्यस्तै ऐतिहासिक, भौगोलिक तथा सांस्कृतिक तथ्यहरूका आधारमा पनि संयक वंश यस क्षेत्रको सबैभन्दा पुराना लिम्बू वंशका रूपमा पहिचान भएका छन्। हजारौं बर्ष अगाडिदेखि नै संयक वंश समूहका पुर्खाहरूले यस चौविसे क्षेत्रलाई बसोवासयोग्य तुल्याएका हुन्। उनीहरूले यहाँको अनकण्टार वनजंगल फडानी गरेर यही भूमिमा आफ्नो रगत र पसिना सिञ्चित गरेका छन्। संयक वंशका मानिसहरूको चौबिस क्षेत्रमा आगमन कहिले भयो ? भन्ने कुनै उल्लेख्य प्रमाणहरू नभए पनि यो वंश समूह/समुदाय अरू जाति वा वंशहरूभन्दा पहिलेदेखि नै यस भूगोलमा बसोबास भएको देखिन्छ। समय क्रममा यस भूगोलमा अन्य लिम्बू वंशहरूको आगमनले यस वंशको सामाजिकीकरण प्रक्रिया समावेशी बनेकाले अन्य लिम्बू वंश समूहहरू भन्दा अलग्गै सभ्यताको रूपमा नभई याक्थुङ लिम्बू सभ्यता (संस्कार/संस्कृति) को एउटै अङ्ग बनेर विकसित भएको देखिन्छ।

चौविसे क्षेत्र पहाड र मधेसको सङ्गम हो। आदिमकालमा मधेस तर्फबाट बसाइसराइ गर्दै उकालो लाग्ने क्रममा तमोर नदीको किनारैकिनार आएका विभिन्न लिम्बू वंशहरू यस क्षेत्रमा आइपुगे। मुन्धुम र इतिहासमा वर्णित प्रसङ्गहरू अनुसार पश्चिमबाट आउने सौमरवंश, तल मधेसबाट आउने कासी वंश, पूर्वबाट आउने ताई/श्यान वंश लगायत कोच वंशहरू समेतको बसाईसराईको मार्ग चौविसकै सधामटार हुँदै फेदाप, छथर, पान्थर, याङवरकतिर भएको पाईन्छ। यही मार्गबाट उकालो लागेका सांवा, थेबे, थेगिम, सातरे, पापो आदि लिम्बू वंशहरू छथर, फेदाप, मेवाखोला, मैवाखोला, तमोरखोला, पाँचथर आदिको उपल्लो भागसम्म आवाद भएका देखिन्छन्। तर चौबिस क्षेत्रका संयक वंश समूह यस क्षेत्रमा कहिलेदेखि आवाद भएका हुन् ? भन्ने बारे कुनै इतिहास, मिथक र मुन्धुम समेतले बोल्दैन। संयक वंशको उत्पत्ति, आगमन र विस्तारका कार्यहरू चौबिसे भूगोलभन्दा बाहिर देखिदैन। यस वंश समूहको माङगेन्ना मुन्धुमले पनि संयक वंशको चौबिस भूगोलभन्दा बाहिर विचरण भएको गाथा गाउँदैन। यसको अर्थ अनादिकालदेखि संयक वंश समूह यस भूगोलमा बसोबास गरिरहेको छ। यसैले यो वंश समूह स्थानीय वंश भएकाले अर्थात् यही भूगोलको ढुङ्गा माटोको सन्तान भएकाले खाम्बोङवा लुङवोङवाको सन्तान भनिएको हो।

इतिहासको विभिन्न कालखण्डहरूमा यस भूगोलमा नयाँ नयाँ वंशहरूको प्रवेशले भूमिपुत्र संयकहरूको शासकीय राज्यसत्ता, भूमिमाथिको अग्राधिकार तथा सांस्कृतिक पहिचानमा आमूल परिवर्तन भएको महसुस गर्न सकिन्छ। हालको अवस्थासम्म आइपुग्दा लिम्बू र लिम्बू बाहेकका अन्य जातजातिहरूको अत्यधिक प्रवेशले गर्दा यो भूगोलको सामाजिक, राजनीतिक, साँस्कृतिक, भाषिक, धार्मिक, आर्थिक लगायत समस्त क्षेत्रमा जबरजस्त प्रभाव परेको देखिन्छ। यस अध्ययनमा संयक वंश समूहको आफ्नो खास पहिचान, स्वाभिमान र इतिहासको अध्ययन गर्दै आफ्नो साँस्कृतिक विरासतलाई ऐतिहासिक दस्तावेजीकरण गर्ने प्रयास स्वरूप यो लघु इतिहास अर्थात् वंशावली लेख्ने कार्य प्रारम्भ गरिएको हो।

वर्तमान समय पहिचानको खोजीको समय पनि हो। खासगरी लिम्बू जातिका विभिन्न वंश तथा वंश समूहहरूले आ-आफ्नो वंशका बारेमा उपलब्ध जानकारीहरू सङ्कलन गरी वंशावलीका रूपमा दस्तावेजीकरण गरिरहेको सन्दर्भमा चौबिसे क्षेत्रका संयक वंश समूहका कात्तावा, लोलिवा, चिएप्पा, तुम्बा, तुम्सा, थक्सुवा, थलङवा, नयङवा, नाम्योवा, पितरोङवा, माङगाईवा, युङसिङवा र लाङवेवा आदि तेह्र थरी संयक लिम्बूहरूमध्ये युङ्सिङ्वा संयक, तुम्बा संयक र तुम्सा संयक वंशहरूले आफ्नो ऐतिहासिक सभ्यता, संस्कार तथा सांस्कृतिक पहिचानको खोजी कार्य शुरू गरिरहेका छन्।

यही मेसोमा संयक लिम्बू उत्थान समाज, केन्द्रीय समिति धरान, सुनसरी मार्फत संस्थागत रूपमा आफ्नो वंशका बारेमा खोज, अध्ययन तथा उपलब्ध स्रोतहरूको माध्यमबाट संयक लिम्बू जातिको वंशावली तथा सङ्क्षिप्त इतिहास लेखन तथा प्रकाशन गर्ने कार्य सम्पन्न गर्ने लक्ष्य लिईएको छ।

१.२ अध्ययनको उद्देश्य :

इतिहासले प्रष्ट गरेको छ कि- लिम्बूवानको चौवीसे क्षेत्रमा परापूर्वकालदेखि संयक वंशको शासकीय अग्राधिकार रहिआएको थियो । पाँचौं शताब्दीतिरका लिम्बूवान भूगोलका येतहाङ (आठ राजा) हरू मध्येका चेस्वीहाङका सन्तानहरू नै हालका संयकहरू हुन्। त्यस्तै लगभग आठौं शताब्दीका आठ राजा र दस राजाहरू बीचको संघर्षपछि चौविसे क्षेत्र (पधे यक) चेस्वीहाङकै सन्तान सोइयोक लादोहाङले कायम गराएका थिए। निज सोइयाक लादोहाङ संयकवंशी राजा हुन् भन्ने तथ्य विभिन्न इतिहासकारहरूले उल्लेख गरेका छन् । यो अध्ययन अर्थात वंशावली लेखनको मुख्य उद्देश्य चौवीसे थुमका संयक लिम्बूहरूका वारेमा विस्तृत अध्ययन गरी उनीहरूको ऐतिहासिक, साँस्कृतिक, धार्मिक, भाषिक, राजनीतिक, आर्थिक आदि विविध पक्षहरूको तथ्यगत विवरण जनसमक्ष ल्याउनु हो। यसबाट उनीहरूको वास्तवीक अवस्था जाहेर भै सामाजिकीकरण प्रकृयामा थप मद्दत पुग्ने आशा गर्न सकिन्छ।
यस अध्ययनमा निम्न लिखित विषयहरू उपर विशेष अध्ययन र चर्चा गरिएको छ-

- यस अध्ययनमा व्रम्हाण्डको उत्पति, पृथ्वीको श्रृष्टि, जीवहरूको उत्पति, मानव जातिको उत्पति र विकास वारे याक्थुङ् मुन्धुम र वैज्ञानिक सिद्धान्तका माध्यमबाट चर्चा गरिएको छ।
- मानव जातिको विकासक्रमका कूलकविला, समूदाय, गण तथा मिङ्श्रा (गोत्र) को उत्पतिको वारेमा समेत सङ्क्षिप्त परिचर्चा गर्ने प्रयत्न भएको छ।
- लिम्बू जातिको इतिहास, संस्कार तथा संस्कृति एवं परम्पराहरूको सङ्क्षिप्त अध्ययन गर्ने प्रयत्न गरिनेछ। त्यस्तै संयक लिम्बू जातिको कला, भाषा, संस्कार-संस्कृति, साहित्य तथा मुन्धुमहरूका वारेमा पनि चर्चा गरिएको छ।
- नेपालका किरात जातिका रूपमा दावी गर्ने जिम्बू, राई, सुनुवार, याख्खा आदिका वारेमा समेत सङ्क्षिप्त चर्चा गरिने छ। यस अध्ययनमा किरातहरूको संस्कार संस्कृति बारेमा सङ्क्षिप्तमा चर्चा गरिएको छ।
- चौवीसे क्षेत्रका संयक लिम्बूहरूको उत्पति, विकास र वंश विस्तारका वारेमा विस्तृत अध्ययन गरिनेछ। साथै सोही अध्ययनबाट संयक वंशको वंशावली खोज, लेखन र प्रकाशनको आधार तयार गरिएको छ।
- इतिहासका विभिन्न कालखण्डहरूका थाक्थुङ लाजेका राजामहाराजा (हाङ) हरू, तिनका सन्ततिहरू, वंश र वंश समूहहरू र तिनका थातथलोहरू, मिङश्रा र माङ्गेन्ना यकहरूका बारेमा समेत संक्षिप्त चर्चा गरिएको छ।
- चौवीसे क्षेत्रको राज्य स्थापना, वंश र उनीहरूको शासनकालका राज्यको ऐतिहासिक कालको विवेचना, भौगोलिक सिमानाको निर्क्यौल र साँस्कृतिक पक्षको विस्तृत अध्ययन र विश्लेषण गर्ने प्रयत्न गरिनेछ।
- यस क्षेत्रमा आगन्तुक अन्य लिम्बू समुदाय तथा अन्य जातिहरूको आगमनको कारण समय र त्यसको प्रभावका वारेमा विश्लेषण गरिएको छ।
- चौवीसे क्षेत्रका पुरातात्विक, धार्मिक तथा ऐतिहासिक स्थलहरूको संरक्षण तथा सम्वर्धन गर्न अभिप्रेरित गरिएको छ।
- चौवीसे क्षेत्रका संयक लिम्बू समूदायको सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक तथा साँस्कृतिक अवस्थाहरूको अध्ययन गरिएको छ।
- चौविसे क्षेत्रमो बसोवासको गरिरहेका अन्य जाति तथा समुदायसँगको सामाजिक अन्तर्सम्वन्ध वारे सङ्क्षिप्त अध्ययन गरिएको छ।
- संयक लिम्बूहरूको वारेमा प्राथमिक सूचनाहरू सङ्कलन गर्न घरधुरी फारम भरीभराई समग्र विवरणहरू सङ्कलन गरिनेछ साथै शोधविधिवाट संयक वंशी लिम्बूहरूको सङ्क्षिप्त इतिहास र वंशवृक्ष सहितको “सादिङ्गेतिङ्गेहाङ संयक (लिम्बू) वंशावली (लिम्बू जातिको सङ्क्षिप्त इतिहास सहित)-२०८१” तयार गरिएको छ।

१.३ अध्ययनको समस्या :

यस अध्ययनको मुख्य उद्देश्य भनेको संयक लिम्बूहरूको ऐतिहासिकताको अध्ययन गर्दै हालको वास्तविक अवस्थाको विश्लेषण सहितको वंशावली तयार गर्नु हो । संयक लिम्बूहरू पनि अन्य लिम्बू वंशहरू झैं विभिन्न समयकाल खण्डमा आफ्नो पुर्ख्यौली थाँतथलो छोडेर नेपालको विभिन्न स्थानहरूमा बसोबास गरेको पाइन्छ। आफ्नो मातृभूमिमा मात्र जीवनयापन गर्न कठिनाई हुन थालेपछि मानिसहरूले आफ्नो थातथलो परिवर्तन गर्ने गरेको पाईन्छ। हालको अवस्थामा पनि उनीहरू शिक्षा, स्वास्थ्य, रोजगारी तथा सुरक्षा लगायत विविध सुविधाहरूको खोज गर्दै जन्मभूमिबाट अन्यत्र बसाईंसराई गरिरहेका छन् । कतिपय व्यक्ति तथा परिवार नेपालमा मात्र नभएर अन्य मुलुकहरूमा समेत पुगिरहेका छन् । यस्तो अवस्थामा चौबिस क्षेत्रका संयक वंशी लिम्बूहरूको सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक अध्ययन गर्नु निकै कठिन कार्य हो । यस अध्ययनमा देखिएका समस्याहरू निम्न बमोजिम रहेका छन-

- संयक लिम्बूहरूसम्वद्ध ऐतिहासिक दस्तावेजहरू नष्ट हुनु वा उपलव्ध नहुनु।
- संयक लिम्बूहरूसँग सम्बद्ध पुराना दस्तावेज, लिखतहरू जानाजान वा अन्जानमा मासिनु र हालमा अत्यन्तै कम मात्रामा उपलव्ध हुनु। उपलव्ध कागजातहरू पनि संयक वंश वाहेकका व्यक्तिहरूसँग भेटिनु।
- लिम्बूवानको किपटहरण भएपछि किपट फिर्ता गर्ने अभियान चलाएका वेलाामा सङ्कलन गरिएका संयक वंशसँग सम्बद्ध सेन र साहकालका सङ्कलित कागजातहरू पुनः फिर्ता नहुनु।
- चौबिस क्षेत्रको इतिहास बारे केही लेखक र केही लिम्बू वंशावलीहरूबाट गलत र भ्रामक कुराहरू लेखिनु।
- संयक मिङस्राको माङगेन्ना यक, मिङस्रा र अवस्थल (गढी, समाधिस्थल, किपट आदि) बारे पर्याप्त एवं सही जानकारी नहुनु।
- संयक वंशमा इतिहास तथा संस्कृति विषयका जानकारहरू कम हुनु।
- पहिचान भएका वा गरिएका ऐतिहासिक माङगेन्ना यक (पितृस्थल) तथा धार्मिक महत्वका भूमिहरूमा व्यक्ति, सरकार र विभिन्न निर्माण योजना तथा समुदायले आफ्नो संरचनाहरू समेत खडा गरिसकेकाले तिनको जिर्णोद्धार, संरक्षण तथा सम्वर्द्धनमा चुनौति खडा हुनु।
- अहिलेका पुस्ताका युवाहरूमा आफ्नो पहिचान, संस्कार/संस्कृति तथा इतिहास प्रति चासो कम हुनु।
- संयक वंशका मानिसहरू लिम्बूवान क्षेत्रको अतिरिक्त अन्यत्र पनि फैलिएकाले सही तथ्याङ्क सङ्कलन गर्न कठिनाई हुनु।
- चौबिसक्षेत्रका १३ थरी संयक दाजुभाइहरूबीच आपसी भाइचारा सम्बन्ध, संपर्क, सहकार्य र समझदारी कायम नहुनु साथै,
- वंशावली लेखन सम्बन्धि ज्ञान, सिप र अध्ययन भएका प्राज्ञिक व्यक्तित्वहरू कम हुनु आदि।

१.४ अध्ययनको सान्दर्भिकता :

लिम्बू जातिमा २९ वंश समूह (मिङस्रा) र झण्डै ३५० थर तथा उपथर(सङ/सुमा) रहेको पाइन्छ। (लिङथेप २०७४ : ३५) तिनमा केही लिम्बू थरका समुदायले निकै अघि नै आफ्नो वंशावली तयार गरेको पाइन्छ। वंशावली मूलतः त्यो वंशको नालीवेली हो, जसमा त्यो समुदायको विस्तृत वंशवृक्ष समेत तयार हुन्छ। त्यस सूचनाबाट उक्त समुदायका पारिवारिक र सामुदायिक अवस्था के कस्तो छ ? भन्ने विषय पनि चित्रण हुन्छ। हालैका दिनहरूमा हरेक वंश व्यक्ति, परिवार, वंश तथा समूह/समुदायले आ-आफ्नो सामाजिक, राजनीतिक तथा आर्थिक क्षमता अभिवृद्धिका लागि प्रयत्नरत रहेको सन्दर्भमा यस्ता सूचना तथा जानकारीहरूले त्यो समुदायको विकास र उत्थानमा सहयोग पुग्दछ। मानव समाजमा एकै वंशको वीचमा विहेवारी जस्ता कार्यहरू वर्जित छ, सो कार्यलाई समेत निषेध गर्न वंशावली लेखनले मद्दत गर्दछ । वदलिँदो समय क्रममा हरेक मानव समूह तथा समुदायका जनसंख्याको बढ्दो र फैलिदो अवस्थामा रहेको छ। मानिसको व्यस्त जिन्दगी, समयको अभाव, नयाँ पुस्ताको बदलिदो सोच, पश्चिमी परम्परामा वढ्दो रूची आदि कारणहरूले आफ्नै वंश तथा नातागोता समेत चिनजान हुन नसक्ने अवस्था बन्दैछ।

यस अर्थमा वंशावलीको निर्माण तथा अध्ययनबाट पछिल्ला पुस्ताहरू समेत वंश बारे जानकार भई सचेत हुन सक्नेछन्। यसबाट आफ्नो अघिल्ला वंशहरूको बारेमा जानकारी हुनका साथसाथै आफ्नो पितृभूमि, तिनको महत्व र ऐतिहासिकता आदिको बारेमा जानकारी प्राप्त हुने भएकोले पछिल्ला पुस्ताहरू समेत सचेत भई तिनको संरक्षण र सम्वर्द्धनमा समेत रूचिका साथ अघि वढ्न प्रेरित हुनेछन् भन्ने अपेक्षा गर्न सकिन्छ। खासगरी वंशावलीले सो वंशका बारेमा संपूर्ण जानकारीहरू एकत्रित गर्ने भएकाले सबै उमेर, नाता र पुस्ताका मानिसहरू लाभान्वित हुनेछन्। आफ्नो वंशको भाषा, धर्म, संस्कृति, परम्पराबारे सटिक जानकारी पाउनुका साथै वंशका आफन्तहरूबीच भाइचारा सम्बन्ध मजबुत भई पारस्पारिक भेटघाट, संवाद र एकता गराउनमा वंशावलीले महत्वपूर्ण सहयोग पुऱ्याउने अपेक्षा सहित यो वंशावली लेखन र प्रकाशन गर्ने एतिहासिक अभिभारा हामीमा प्राप्त भएको छ।

१.५ अध्ययनको क्षेत्र र सीमा :

यो अध्ययनको क्षेत्र ऐतिहासिक चौबिस थुम जो पाँचौं शताब्दीताकादेखि नै पधेयक केन्द्रित पधे राज्य हुनेछ। र खासगरी चौबिस थुमका भूमिपुत्र संयक लिम्बूहरूसँग सम्बद्ध इतिहास र अन्य विषयहरू उपर केन्द्रित रहनेछ।
यस अध्ययनको क्षेत्र र सीमाहरू देहाय बमोजिम रहेका छन्-

- लिम्बू समुदायभित्र करिब ३५० थर/उपथरहरू रहेको अनुमान छ। यस अध्ययनमा लिम्बू जातिभित्रको संयक वंश समूहभित्र पर्ने १३ उपथरहरू मध्ये युङसिङ्वा संयक, तुम्बा संयक र तुम्सा संयक समेत ३ वटा वंशको संयुक्त वंशावली लेखन र प्रकाशन गर्ने उद्देश्य रहेको छ। खासगरी यो अध्ययनले संयक (युङसिङ्वा, तुम्बा र तुम्सा) वंशको उत्पत्ति, विकास र विस्तारबारे मुन्धुमी मिथक र विज्ञानसम्मत सैद्धान्तिक मतसँगै अनुसन्धानात्मक विधिबाट विश्लेषण गरिनेछ। यो अध्ययनको क्षेत्र ऐतिहासिक पधे यक, मिक्लुक र चौविसे भूगोलको सीमा वरिपरि केन्द्रित भएको छ।
- यस अध्ययनले संयक वंश/समुदायको सामाजिक, सांस्कृतिक तथा वैवाहिक परम्पराहरूको बारेमा सङ्क्षिप्त अध्ययन गरिएको छ।
- संयक वंश समुदायको ऐतिहासिकता, राज्यसत्ता, थातथलो तथा तिनका धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरूको अध्ययन तथा खोजी कार्य समेतलाई यस अध्ययनमा समेटिएको छ।
- संयक वंशको वर्तमान पारिवारिक तथा सामाजिक, राजनीतिक, शैक्षिक तथा आर्थिक अवस्थालाई सामान्य रूपमा अध्ययन र विश्लेषण गर्न घरधुरी सर्वेक्षण समेत गरिनेछ। यस सर्वेक्षणबाट संयक वंशको मौजुदा अवस्था जान्न सहयोग मिल्ने अपेक्षा गरिएको छ।
- यस अध्ययनमा पूर्व लिम्बूवान क्षेत्रका साथै नेपाल र संसारको सबै कुनाकाप्चा जहाँ संयक वंशका व्यक्तिहरूको वसोवास रहेको छ, तिनीहरूलाई विभिन्न माध्यमहरूबाट समेट्ने प्रयास गरिएको छ। यो संयक वंशावली लेखन कार्यले संयक वंशलाई एकताबद्ध गर्दै व्यक्तिगत एवं पारिवारिक दूरीहरू घटाएर सहकार्य, समझदारी र सहभागितामूलक कार्यहरू सम्पन्न गर्न/गराउने प्रयासमा ठोस मद्दत गर्नेछ भन्ने विश्वास लिईएको छ। यस अध्ययनमा संयक लिम्बू वंशको प्राचीन इतिहाससँगै वर्तमान अवस्था समेतको सङ्क्षिप्त अध्ययन गरिएको छ।
- यस अध्ययनले चौबिस थुम जो आदिमकालमा पधे राज्यको रूपमा सञ्चालित थियो, यसको समग्र अध्ययन गरी यहाँका संयक लिम्बूहरूका बारेमा जानकारीहरू उपलब्ध गराउने छ। यसबाट यस वंशका बारेमा आम लिम्बू जाति लगायत समस्त मानव समुदायले विस्तृत जानकारीहरू हासिल गर्न सकिएको छ।

१.६ अध्ययन विधि/पद्धति :

संयक लिम्बू वंशावली अध्ययन कार्यका लागि आधुनिक अनुसन्धानात्मक शोध विधिलाई अनुसरण गर्ने प्रयत्न गरिएको छ। यस कार्यका लागि प्रथम तथा द्वितीय स्रोतहरूको खोज, सङ्कलन, अध्ययन तथा विश्लेषण गर्न स्थलगत भ्रमण, अवलोकन, भेटघाट र अन्तर्वार्ता आदि कार्य सम्पन्न गरिएको छ। ती कार्यहरूको अभिलेख लिखित बाहेक सकभर चित्र, श्रव्य तथा श्रव्यदृश्य सामग्रीका रूपमा तयार गरिएको छ। पूर्वलिखित सामग्रीहरूको अध्ययन

जस्ता विधिहरू प्रयोग गरिएको छ। विशेष रूपमा जानकारी र अनुभवहरूको आदानप्रदान, सामान्य प्रश्नावली, रेकर्डिङ आदि गरिएको छ । अध्ययन कार्यमा ठोस प्रमाणहरूलाई विशेष महत्व दिईनेछ भने अमूर्त स्रोत वा वर्णनहरूलाई पनि यथास्थानमा उल्लेख गरिएको छ। अध्ययनका लागि आवश्यक विविध कार्यहरू आवश्यकता अनुसार सम्पन्न गरिएको छ।

१.७ अध्ययन तथा लेखन स्रोत सामग्रीहरू :
संयक लिम्बू वंशको इतिहास तथा वंशावली खोज, अध्ययन तथा अध्ययनका लागि समितिद्वारा अनुमोदित कार्ययोजना अनुसार स्रोत सामाग्री सङ्कलन एवं खोज गर्न निश्चित जिम्मेवारी दिएर टोली खटाइनेछ। उक्त टोलीले तोकिएको क्षेत्रको स्थलगत अध्ययन भ्रमण सम्पन्न गर्नेछ। सो कार्यका लागि देशका विभिन्न क्षेत्रहरूमा रहनु भएका संयक दाजुभाइ तथा दिदीबहिनीहरूसँग प्रत्यक्ष-अप्रत्यक्ष भेटघाट, संवाद, छलफल आदि गरिएको छ। तोकिएको क्षेत्रहरूमा जिम्मेवारीका साथमा पदाधिकारीहरू र अन्य विषय विज्ञहरूको समेत परामर्श लिइएको छ। यस अध्ययनका लागि प्राथमिक सूचनाहरू सङ्कलन गर्न घरधुरी सर्भेक्षण फारम भराइएको छ। यस फारममा हरेक घरधुरीले आफ्नो परिवारका सदस्यहरूको जन्म मिति (उमेर), शिक्षा, स्वास्थ्य, पेशा (रोजगारी), सम्पत्ति, कारोबार आदि बारेका विवरणहरू सङ्कलन गरिएको छ।

स्थलगत अध्ययनका क्रममा पाएसम्म ऐतिहासिक कागजातहरू, पुरातात्विक महत्वका सामग्रीहरू एवं मुन्धुम तथा मिथकहरू समेत सङ्कलन गरिएको छ। सो बाहेक वंशावली सम्बद्ध स्रोतहरूको समेत प्रशस्तै उपयोग गरिएको छ। यस कार्यका लागि अघिल्ला समयमा प्रकाशित विभिन्न लिम्बू वंशावलीहरू, लिम्बू जातिसँग सम्बद्ध पुराना इतिहासहरू, जानकारी र नोटहरूको समेत सहयोग लिइएको छ । साथै सम्बन्धित विषयका जानकार मुन्धुमविदहरू, लिम्बू इतिहासकारहरू, फिजिकुम् फेदाङमा, सावला साम्वा, तुतुगेन तुम्म्याङहरूको साथ र सहयोग समेत लिइएको छ। अमूर्त स्रोत, विवरण, मिथक तथा मुन्धुमहरूलाई यथासक्य मूर्त (ठोस) स्रोतहरूमा परिवर्तन गरी यस अध्ययनमा उपयोग गर्ने नीति लिइएको छ।

संयक लिम्बू वंशको वंशावली अध्ययन र लेखनका लागि विविध स्रोत तथा सामग्रीहरू सङ्कलन गर्न निरन्तरता दिईनेछ। यस्ता सामग्रीहरूलाई प्राथमिक र द्वितीय स्रोतहरूमा विभाजन गरी विस्तृत अध्ययन गरिएको छ।

क) प्राथमिक स्रोतहरू सङ्कलन :
यस अध्ययनको लागि विशेषतः प्रत्यक्ष अवलोकन, भ्रमण, संवाद, अन्तर्वार्ता आदिबाट सङ्कलित सूचना तथा स्रोतहरूलाई प्राथमिक सूचनाहरूको रूपमा लिइएको छ। सो कार्यका लागि सम्वन्धित क्षेत्रको भ्रमण गरी उपलब्ध लिखतहरू, स्रेस्ता तथा ईस्तिहारहरू समेत सङ्कलन गरिएको छ। यसरी प्राप्त स्रोत सामग्रीहरूलाई आधार मानेर सकेसम्म विषयवस्तुको प्रामाणिकताका आधारमा संम्न राखी अध्ययनलाई पूर्णता दिइएको छ।

- **अवलोकन :**
  यस अध्ययन कार्यका लागि विभिन्न क्षेत्रहरूको भ्रमण र प्रत्यक्ष अवलोकन गरिनेछ। अवलोकनको क्रममा मूलतः चौविसे क्षेत्रका कुरूले तेनुपा, सोगुम, खोपीगाउँ, टोक्रम्वा, वोधे (पधे) साँगुरीगढी क्षेत्र, हाङसेम्लुङ, खिवेकलुङ, थाकेत्लुङ, खुवाफोक (खुवावुङ), सधामटार, कुशेटार, फुकाम्देन, सिरमाने ओढार, भीरगाउँ, नाम्फूवा, सिरूवानी, नाम्फूवा खोला, योभारा, नामभारा, छरूवा खोलाको घुमाउने खेत, लुहकूल डाँडा, साम्मेवा, तारेभीर, घोप्टेआहाल, मावारक, पावारक आदि मुख्य हुनेछन् । यी स्थानहरूको श्रव्यदृष्य सामाग्रीहरूको उत्पादनका लागि आधुनिक प्रविधियुक्त ड्रोन क्यामेराबाट छायाँङ्कन गरिनेछ।

- **स्थलगत अध्ययन भ्रमण :**
  स्थलगत अध्ययन भ्रमणका लागि ऐतिहासिक कालका पधेयक भित्र पर्ने माथि उल्लेखित भूगोलहरूको स्थलगत भ्रमण समेत गरिएको छ । यस स्थलगत भ्रमणको क्रममा उपर्युक्त स्थलहरू बाहेक केराबारी, पाटीगाँउ, गोहाबारी, ठिङ्गाबारी, पानबारी, वारातप्पा, मिक्लुक पहाड, सतिसाले, विजयपुर, चक्रघट्टी, बराहक्षेत्र, लुहकूल डाँडा, साम्मेवा। तारेभीर, घप्टेआहाल लगायत आवश्यकताको आधारमा मुन्धुमी क्षेत्रहरूको समेत स्थलगत अध्ययन भ्रमण तथा अवलोकन गरिएको छ। संयक वंशसँग हजारौं बर्ष अघिदेखि सँगसँगै बसोबास गरिरहेका लिम्बू, याक्खा, आठपहरिया तथा राई जाति बाहेकका धिमाल, कोच तथा थारू वंशहरूसँगको अन्तर्सम्बन्ध पहिल्याउन समेत सम्बन्धित भूगोलहरूको अध्ययन भ्रमण गरिएको छ।

- **संवाद, छलफल र अन्तर्वार्ता :**
  यस अध्ययन कार्यमा संयक लिम्बूका अग्रज तथा जेष्ठ नागरिकहरूसँगको भेटघाट, छलफल र वार्ता/संवादहरूलाई पनि प्राथमिकता दिइनेछ। यसका साथै विषयविज्ञ अन्य समुदायका व्यक्तिहरूसँग समेत आवश्यकता अनुरूप छलफल, बहस र परामर्श लिइएको छ।

ख) द्वितीय स्रोतहरू सङ्कलन तथा विश्लेषण :
यस वंशावली लेखनमा उपलब्ध हुनसक्ने विविध स्रोत तथा सामग्रीहरू सङ्कलन गरिने छन् । यस कार्यका लागि संस्थाका जिम्मेवार पदाधिकारीहरू आफैं वा विषय विज्ञहरूको परामर्शमा उपलब्ध स्रोत सामग्रीहरू खोज, अध्ययन, विश्लेषण (लिप्यन्तरण/अनुवाद) तथा सम्पादन गराइएको छ। साथै विगतमा लेखिएका यस विषयसँग सम्बन्धित साहित्य तथा इतिहासहरू पनि द्वितीय स्रोतका रूपमा रहेको छ।

- **हस्तलिखित सामग्री :**
  हस्तलिखित सामग्रीहरू खास पुराना कागजातहरू (मोहर, रूक्का, सनद, ढड्डा तिर्जा, रसिद, चिठ्ठी आदि) सङ्कलन गर्न अभियान चलाइएको छ। यस कार्यका लागि केही खास व्यक्ति तथा टोली निर्माण गरी परिचालन गरिनेछ। सो कार्यका लागि मूलतः संयक लिम्बूहरूको पुर्खाको थातथलोहरू भएका स्थानहरूमा हाल धनकुटा जिल्लाको कुरूले, सोगुम, वोधे, मुढेवास आदि स्थानहरूमा परिचालित हुनेछन् । सो बाहेक लिम्बूवान क्षेत्रका आवश्यक परेका अन्य क्षेत्रहरू समेतको अध्ययन भ्रमण गरिएको छ। कतिपय हस्तलिखित सामग्रीहरू व्यक्ति वा सङ्ग्राहलयहरूमा समेत सुरक्षित हुनसक्छन्, यसर्थ संभावित व्यक्ति तथा संस्थाहरूसँग आवश्यक समन्वय गरी उपर्युक्त सामग्रीहरू प्राप्त गर्ने प्रयत्न गरिएको छ।

- **मुद्रित सामग्री :**
  ऐतिहासिक दस्तावेजहरू मध्ये मुद्रित सामग्रीहरूको अध्ययन विना वंशावली लेखन कार्य पूर्ण हुनसक्दैन । तसर्थ, यस अध्ययनमा सकेसम्म पुराना समयका लेख्य र मुद्रित दुवै सामग्रीहरूलाई उत्तिकै महत्व दिइएको छ। सो क्रममा विदेशी लेखक तथा स्वदेशी लेखकहरूका मुद्रित सामग्रीहरूको भरपुर उपयोग गरिएको छ । खासगरी लिम्बू वंशावलीहरूको अध्ययनलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ।

- **विद्युतीय सामग्रीहरू :**
  वंशावली लेखनका लागि विद्युतीय साधन र सामग्रीहरूको भरपुर उपयोग गरिएको छ। सो क्रममा ईन्टरनेट (गुगल आदि) मा उपलब्ध सामग्रीहरूको पनि भरपुर उपयोग गरिएको छ । यसबाट पुराना तथा प्राचीन इतिहासहरू, हालैमा भएका तिनका सूचनाहरूदेखि लिएर तिनका फोटोहरू र फोटोजन्य अन्य सामग्रीहरूको खोजी र उपयोग गरिएको छ।

- **शिलालेख/अभिलेख :**
  लिम्बूवान क्षेत्रमा प्राय: सबै लिम्बूहरूको इतिहासको साक्षीको रूपमा लिम्बूवान क्षेत्रका विभिन्न स्थानहरूमा ऐतिहासिक कालहरूमा खडा गरिएका शिलालेख तथा स्तम्भहरू महत्वपूर्ण रहेका छन्। ती सामग्रीहरूको खोज र उपयोग विना यो वंशावली तयार हुन सक्दैन। तसर्थ संयक लिम्बूहरूको मूलथलो चौविसे क्षेत्र लगायतका अन्य स्थानहरूमा उपलब्ध चिहान, चौतारा, स्मारक, कोट, गढी, श्मशानघाट तथा मन्दिरहरूमा उपलब्ध शिलालेख, अभिलेख वा अन्य पुरातात्विक महत्वका वस्तुहरूको अवलोकन, तथ्य सङ्कलन र जानकारी सङ्कलन गरिएको छ।

- **श्रव्य/दृश्य सामग्री :**
  संयक वंशावली खोज, अध्ययन र लेखनको क्रममा युटचूब, फेसबुक, ईन्स्टाग्राम आदिमा उपलब्ध श्रव्य, दृश्य वा श्रव्यदृश्य सामग्रीहरू सङ्कलन गरिएको छ। यसै क्रममा आफैबाट सङ्कलित सूचनाहरूलाई श्रव्य, दृश्य वा श्रव्यदृश्य सामग्रीहरूको रूपमा उत्पादन समेत गरिएको छ। खासगरी अन्तर्वार्ता, छलफल तथा मन्तव्यहरूलाई समेत श्रव्यदृश्य सामग्रीका रूपमा सङ्कलन, उत्पादन र भण्डारण गरिएको छ।

१.८ अध्ययनको सङ्गठन वा ढाँचा :
यस अध्ययनलाई जम्मा दसवटा खण्डहरूमा विभाजन गरी अध्ययनलाई व्यवस्थित गरिएको छ। सबैभन्दा अघिल्लो भागमा शुभकामना मन्तव्यहरू, धन्यवाद ज्ञापन, सम्पादकीय/प्रकाशकीय मन्तव्य, विषय सूचीहरू, सङ्क्षिप्त शब्दावलीहरू आदि समेटिएको छ। अन्य अध्यायहरूमा तल उल्लेख गरिएबमोजिम हरेक खण्डहरूमा उल्लेखित विषयहरू समेटेर विस्तृत अध्ययन गरिएको छ।

भाग-१ : यस अध्यायमा लिम्बू जातिको सङ्क्षिप्त इतिहास तथा संयक वंशको उत्पत्ति, विकास र विस्तारका बारेमा पृष्ठभागको रूपमा जानकारी दिने प्रयत्न गरिएको छ। यो अध्यायमा अध्ययनको परिचय, उद्देश्य, समस्याहरू, सान्दर्भिकता, क्षेत्र र सीमा, विधि वा पद्धति तथा लेखन स्रोतहरूलाई समावेश गरिएको छ। यो अध्ययनलाई थप व्यवस्थित एवं प्रभावकारी बनाउन अवलोकन, स्थलगत भ्रमण, संवाद, छलफल, अन्तर्वार्ता आदि विविध तरिकाहरूलाई पनि अपनाइएको छ। त्यस्तै, यस अध्ययनलाई शोध विधिको ढाँचामा सम्पन्न गरिएको छ। यसर्थ अध्ययनको पूर्व तयारी र साँगठानिक ढाँचा तयारी गरेर मात्र अघिल्ला कार्यहरू सम्पन्न गरिएको छ। वास्तवमा यही अध्यायमा नै संयक वंशको इतिहास र वंशावलीको सार संक्षेप झल्किनेगरी परिचय दिने प्रयास गरिएको छ।

भाग-२ : दोस्रो भागमा पृथ्वीको सृष्टि, मानव उत्पत्तिलाई सङ्क्षिप्त रूपमा अर्थ्याउने प्रयास गरिएको छ। जस अनुसार वैज्ञानिक सिद्धान्त र मुन्धुममा वर्णित ब्रह्माण्डको सृष्टि, मानव जातिको उत्पति र विकासक्रमलाई समेत विश्लेषण गर्ने प्रयास गरिएको छ। मानव जातिको विकासक्रमका कुल, कविला, समुदाय, गण तथा मिङस्रा (गोत्र) को उत्पतिको वारेमा समेत सङ्क्षिप्तमा परिचर्चा गर्दै आधुनिक मानव विकाससम्म केलाउने प्रयत्न गरिएको छ।

भाग-३ : यस तेस्रो भागमा किरात जातिको उत्पत्ति र इतिहासको बारेमा केलाउने प्रयास गरिएको छ। सो क्रममा किरात जातिको प्राचीन इतिहास, साहित्य तथा मुन्धुमहरूमा वर्णित किरातहरूको बारेमा सङ्क्षिप्तमा चर्चा गर्दै नेपाल उपत्यकामा प्राचीन किरात शासनका बारेमा सङ्क्षिप्तमा चर्चा गरिएको छ।

भाग-४ : यस खण्डमा लिम्बू जातिको उत्पति र विकासको वारेमा सङ्क्षिप्तमा चर्चा गरिएको छ। लिम्बू जातिको उत्पति, विकास र विस्तार, लिम्बू जातिमा रहेको वंश र तिनका समूहहरू, लिम्बू जातिको मिङ्श्रा र माङ्गेन्ना यकहरू साथै, संयक लिम्बू जातिका माङ्गेन्ना यकको वारेमा सङ्क्षिप्तमा चर्चा भएको छ। साथै, उपत्यका वाहिर याक्थुङ लाजेमा रहेका इतिहासका विभिन्न कालखण्डहरूका हाङ (राजामहाराजाहरू), तिनका सन्ततिहरू, वंश र वंश समूहहरू र तिनका थातथलोहरू तथा प्राचीन लिम्बूवान भूमिको सिमानाहरूको वरोमा चर्चा गरिने छ।

भाग-५ : यस खण्डमा प्राचीन लिम्बूवान जमिनमा रहेको किपट व्यवस्थाको बारेमा चर्चा गरिएको छ। किपट जमिनको व्यवस्था लिम्बू जातिमा मात्र रहेको एक विशिष्ट व्यवस्था हो। यो भूमि नेपालको एकीकरण पूर्व नै लिम्बू जातिहरूले विकसित गरेका सभ्यता, संस्कारहरू र त्यस भेगका जमीनका प्रथम मालिकका रूपमा रहेको हुनाले त्यस जमीनमा रहेको उनीहरूको अग्राधिकारको व्यवस्था नै किपट व्यवस्था भएकोले यस विषयका बारेमा सङ्क्षिप्त जानकारी प्रदान गर्ने प्रयास गरिएको छ। जसमा किपट जमीनमा रहेको अमाली प्रथा, करको व्यवस्था, किपट फिर्ताका प्रयासहरू आदि समेटिएका छन् तथा किपटकालीन चौवीसे क्षेत्रको जमीनको व्यवस्थाको बारेमा सामान्य चर्चा गरिएका छन्।

भाग-६ : यस छैठौं खण्डमा चौवीसे क्षेत्रका संयक लिम्बूहरूको नालीबेली केल्याउँदै वर्तमान अवस्थासम्मको प्राप्त जानकारीहरूलाई सकेसम्म स्पष्ट गर्ने प्रयास गरिएको छ। साथै, संयक लिम्बू जातिको उत्पत्ति, विस्तार, संयक लिम्बूहरूको विभाजन वा उपथरहरूको परिचय, संयक वंशका ख्यातिप्राप्त पुर्खाहरू, चौवीसे राज्य अर्थात पधेयक अन्तर्गतका थुम, मौजा, प्रगन्ना र इलाकाहरू तथा संयक लिम्बूहरूका ऐतिहासिक स्थलहरूका बारेमा सङ्क्षिप्तमा उल्लेख भएका छन्। यसका साथै चौवीसे क्षेत्रमा संयक लिम्बूहरूका सुभा (सुब्बा) हरू र तिनको मौजा, प्रगन्नाको बारेमा सङ्क्षिप्त रूपमा उल्लेख भएका छन्।

त्यस्तै यस भूगोलमा अन्य लिम्बू जातिहरूको आगमन र स्थिति, उनीहरूको इतिहासलाई केल्याउने प्रयास भएको छ। यसै भागमा चौविसे क्षेत्रका चेम्जोङ, वयाङ खजुम, थेगिम (चवेगु), सुहाङ, फालेच्छुवा, ईवा तथा मिभक लिम्बूहरूको संयक लिम्बूहरूसँगको अन्तर्सम्बन्धलाई पनि इतिहास, भूगोल, संस्कृति तथा समाजशास्त्रीय आधारहरूबाट केल्याउने प्रयत्न गरिएको छ। प्राचीनकालदेखि नै संयक लिम्बूहरूका पुर्खाहरूले चौबिसे भूगोलमा आफ्नो रगत पसिनाले सिञ्चित गरेको इतिहास छ। उनीहरूको यस भूगोलमा रहेको ऐतिहासिक, राजनीतिक, आर्थिक, साँस्कृतिक भूमिका लगायत वर्तमान अवस्थालाई समेत स्थलगत अध्ययन तथा घरधुरी सर्वेक्षण गरेर नै यथार्थ विवरण लिने प्रयास गरिएको छ।

भाग-७ : यस खण्डमा संयक लिम्बूहरूको राजनीतिक, सामाजिक र आर्थिक अवस्थाको वारेमा सङ्क्षिप्तमा चर्चा गरिनेछ। राजनीतिक अवस्थामा वि.सं २००७ अघि र त्यस यताका अवस्थालाई देखाउने प्रयत्न गरिनेछ। साथै, संयक लिम्बूहरूका सामाजिक अवस्थामा भाषिक समूह, मानवशास्त्रीय अध्ययन, जातीय स्वरूप र पहिचान आदिको झल्को हुनेछ। आर्थिक अवस्थामा संयक लिम्बूहरूको परम्परागत आर्थिक गतिविधिहरू र उनीहरूका सामाजिक-आर्थिक चुनौतिहरूका वारेमा उल्लेख भएको छ।

भाग-८ : यस भागमा संयक लिम्बूहरूका चाडपर्व तथा रीतिरिवाजहरूको वारेमा सङ्क्षिप्तमा राखिएको छ। साथै, लिम्बू जाति तथा संयक लिम्बूहरूका संस्कार र संस्कृतिहरू मध्ये विवाह संस्कार र मृत्यू संस्कारको विस्तृत विवरण रहेका छन्। लिम्बू जाति तथा संयक लिम्बूहरूका चाडपर्वहरू, नृत्य/गायन, भेषभूषा, खानपानहरू आदि यही भागमा समेटिएका छन् । सागै विभिन्न देवीदेवताहरू र धार्मिक अनुष्ठानहरू, संयक लिम्बू वंशको मुन्धुमले निर्देशित गरेको माङ साम्माङहरू र माङ्गेन्ना मुन्धुमको बारेमा समेत चर्चा गरिएको छ।

भाग-९ : यस खण्डमा लिम्बू जाति र त्यसभित्र संयक लिम्बूको मुन्धुमको आधारमा मानिने चाडपर्व तथा देवी देउताहरूका साथसाथै विभिन्न अनुष्ठानहरूको सामान्य परिचय गराउँदै तिनलाई सम्पन्न गर्ने तौरतरिकाको बारेमा उल्लेख भएको छ। यही खण्डमा लिम्बू जातिका मौलिक खानपानहरू, भेषभूषाहरू, गायन/नृत्यहरू समेत रहेको छ। यसमा संयक लिम्बू जातिको माङ्गेन्ना मुन्धुम्को बारेमा जानकारी गराइएको छ।

भाग-१० : यस खण्डमा संयक लिम्बूसँग सम्बन्धित लालमोहर तथा कागजातहरू, रूक्का, ढड्डा तिर्जा, सनद, ईजहार, अंशवण्डा पत्र, चिठ्ठीहरू, तमसुकहरू, मुद्दाका कागजपत्रहरू, पुरातात्विक वस्तु तथा सामग्रीहरूका विवरणहरू सकेसम्म प्रतिलिपि र लिप्यन्तरण प्रतिहरूलाई उपलब्ध गराउने प्रयत्न गरिएको छ।

भाग-११ : यस अध्यायमा संयक लिम्बू उत्थान समाज (संस्था)को सामान्य परिचय राखिएको छ । साथै यस संस्थाबाट भए, गरेका कार्यहरूको सङ्क्षिप्त विवरण, संस्थाको इतिहास र विकास, सदस्यता तथा चन्दा सङ्कलन विवरण, संस्थासँग सम्बन्धित प्रतिवेदनहरू, अपिल तथा कार्यक्रमका फोटोहरू समेत संलग्न गरिएको छ।

भाग-१२ : खण्ड दशमा संयक लिम्बूको वंशवृक्ष/वंशावली तालिका प्रस्तुत गरिएको छ। सो वंशवृक्षमा नै विविध चिन्हहरूका माध्यमबाट स्त्री वा पुरूष, वैवाहिक स्थिति, अपुताली, बसाईंसराई, धर्मपुत्र/पुत्री जस्ता सूचकहरूलाई स्पष्ट गराउँदै सम्भव भएसम्मका जन्ममितिको साल उल्लेख गरिएको छ । वंशवृक्षको माध्यमबाट पुस्तागत नामावली रेखाङ्कन गरिएको छ, जसबाट पुस्तागत नाता सम्बन्ध बुझ्न सहज हुने विश्वास गरिएको छ।

भाग-१३ : यस अध्यायमा यो दस्तावेज तयार गर्ने क्रममा अध्ययन गरिएका सन्दर्भ सामग्रीहरू अन्तर्गत विभिन्न लिम्बू वंशावलीहरू, विभिन्न लेखक तथा इतिहासकारहरूका पुस्तकहरू, विभिन्न क्षेत्रमा उपलब्ध लेख तथा रचनाहरूलाई समेत सन्दर्भ सामग्रीहरूका रूपमा अनुसूची तयार गरी सिलसिलेवार रूपमा यस अध्ययनको अन्तिम पृष्ठहरूमा राखिएको छ।

❑❑❑

भाग- २
पृथ्वीको सृष्टि, मानव उत्पत्ति र विकास

२.१ परिचय :
हामी बसोबास गरिरहेको पृथ्वीको उत्पत्ति कहिले र कसरी भयो ? भन्ने प्रश्नको उत्तर निकै जटिल छ। यो पृथ्वीमा हामी मानव जाति लगायत लाखौं प्रजातिका जीवहरू बसोबास गरिरहेका वा अस्तित्वमा रहेका छन् । यो ब्रह्माण्डमा आठ वटा ग्रहहरू छन्, जस मध्येको एउटा ग्रह पृथ्वी पनि हो। हामी बस्ने यो पृथ्वीको उत्पत्ति साढे चार अर्ब बर्षभन्दा अगाडि भएको मानिन्छ। पृथ्वी लगायत यो ब्रह्माण्डको उत्पत्ति कसरी भयो भन्ने सम्बन्धमा मानव जातिले हजारौं वर्षदेखि नै अनुमान, खोज तथा अनुसन्धान गर्दैआएका छन्। पृथ्वी वा ब्रह्माण्डको उत्पत्ति सम्बन्धी धारणाहरूलाई दुई प्रकारले अध्ययन गर्न सकिन्छ- मुन्धुमी वा दैवी सिद्धान्त र वैज्ञानिक सिद्धान्त । यी दुई सिद्धान्तहरू बारे तल सङ्क्षिप्त चर्चा गरिएको छ।

२.१.१ मुन्धुमी मत अनुसार पृथ्वी तथा जीवको उत्पत्ति :
याक्थुङ लिम्बू जातिको मुन्धुम अनुसार पृथ्वी तथा जीवको उत्पत्तिको बारेमा चाखलाग्दो ढङ्गले वर्णन गरेको पाईन्छ। अनादिकालमा पृथ्वी, आकाश, हावा, पानी, चन्द्र, सूर्य, माटो, ढुङ्गा, बोट, विरूवा, पशुपन्छी, झारपात र जङ्गल केहीपनि थिएन। अन्धकारै-अन्धकार मात्र थियो। चारैतिर सुनसान मात्र थियो। मुन्धुमी भाषामा भन्ने हो भने “सुसुने नेसा-खेसुन्ने नेसा” अर्थात “महङ्लिङ” (उँधो भ्वाङ) र “खेहङलिङ” (उँभो भ्वाङ) मात्र थियो । यस कहाली लाग्दो अन्धकार साथै निष्पट्टतामा आत्मारूपी उही “तागेरा निङ्वाफु माङ” (सृष्टिकर्ता) ईश्वरको मात्र स्थान थियो। परम शून्यतामा केवल तागेरा निङ्वाफु माङ (सृष्टिकर्ता) ईश्वरले सोंच्नुभयो। (चेम्जोङ २०५९ : १-१२)

वास्तवमा तागेरा निङवाफु माङले पोरोःक्मी यम्फामी माङलाई पृथ्वी तथा जीवहरू समेतको सृष्टि गर्न आदेश दिनु अघिसम्म सारा ब्रह्माण्ड अन्धकार थियो। चारैतिर सुनसान थियो। कँहीं कतै केही देखिदैनथ्यो।

ᤔᤢᤛᤢᤴᤏᤧ ᤏᤧᤛᤧ, “मुसुन्ने नेसे,
ᤂᤧᤛᤢᤴᤏᤧ ᤏᤧᤛᤧ ॥ खेसुन्ने नेसे।
ᤔᤢᤜᤱᤗᤡᤱ ᤏᤧᤛᤧ, मुहलिङ नेसे,
ᤂᤧᤜᤱᤗᤡᤱ ᤏᤧᤛᤧ॥ खेहलिङ नेसे !”

अर्थात् चारैतिर कालो भ्वाङ परेको अन्धकारले युक्त थियो।(तुम्बाहाङफे २०६३ : ३)

जता हेरे पनि जता गए पनि अर्थात् जतातत‍ै अन्धकार थियो। संसार शून्य थियो। आकाशबाट झर्ने बर्षा, पानी, नदी, चन्द्र, सूर्य, पशुपक्षी तथा तरूणीबाट जन्म हुने घाम (ज्योति जस्तो) मान्छे आदि केही केही थिएनन्। सारा संसार रित्तो थियो, सुनसान थियो।

ᤐᤥᤖᤥ᤺ᤰᤔᤡ ᤕᤶᤑᤠᤔᤡ ᤔᤢᤃᤢᤵᤗᤢᤱ ᤌᤧᤃᤢᤵᤗᤢᤱ “पोरोःक्मी यम्फामी माङले मुगुप्लुङ थेगुप्लुङ,
ᤆᤱᤎᤥ ᤔᤢᤖᤥ᤺ᤳᤗᤢᤱ ᤂᤧᤖᤥ᤺ᤳᤗᤢᤱ ᤕᤧᤵᤛᤧᤳᤇᤢ ॥ चङधो मुरोःत्लुङ खेरोःत्लुङ येप्सेत्छु॥
ᤀᤡᤰᤛᤠᤍᤡᤱ ᤂᤠᤶᤒᤧ᤺ᤰᤔᤠ ᤌᤧᤁᤠ ᤁᤢᤒᤧ ᤕᤢᤰ ᤂᤧᤳᤇᤢ ॥ इक्सादिङ खाम्बेःक्मा थेका कुबे युक खेत्छु॥
ᤏᤠᤶ ᤔᤴᤎᤠᤏᤡ ᤁᤢᤒᤧ ᤕᤢᤰ ᤂᤧᤳᤇᤢ ॥ नाम मन्धानि कुबे युक खेत्छु॥
ᤗᤠᤔᤴᤎᤠᤏᤡ ᤁᤢᤒᤧ ᤕᤢᤰ ᤂᤧᤳᤇᤢ ॥ ला मन्धानि कुबे युक खेत्छु॥
ᤀᤡᤰᤛᤠ ᤌᤧ᤺ᤰᤔᤠ, ᤁᤢᤒᤧ ᤌᤠᤱᤍᤡᤸᤗᤧ इक्सा थेःक्मा कुबे थाङडिल्ले
ᤂᤠᤶᤒᤧᤰ ᤌᤧ᤺ᤰᤔᤠ ᤁᤢᤒᤧ ᤌᤠᤱᤍᤡᤸᤗᤧ ॥ खाम्बेःक थेःक्मा कुबे थाङडिल्ले॥
ᤂᤧᤕᤥᤛᤧ ᤀᤡᤰᤛᤠ ᤜᤡ᤺ᤔᤧ, ᤂᤠᤶᤒᤧᤰ ᤜᤡ᤺ᤔᤧ ᤁᤢᤒᤧ ᤌᤠᤱᤍᤡᤸᤗᤧ ॥ खेयोसे इक्सा हिःमे खाम्बेक हिःमे कुबे थाङडिल्ले॥
ᤗᤠ᤺ᤔᤴᤎᤠᤏᤡ ᤁᤢᤒᤧ ᤐᤢ᤹ᤖᤧ ॥ लाः मन्धानि कुबे पु?रे॥
ᤏᤠᤶᤔᤴᤎᤠᤏᤡ ᤁᤢᤒᤧ ᤐᤢ᤹ᤖᤧ ᤀᤠᤱ ᤁᤧᤐᤧᤖᤧᤘᤠᤏᤡᤴ नाम मन्धानि कुबे पुरे?आङ केपेरेवानिन्

ᤌᤥ ᤆᤢᤆᤡ ᤏᤠᤔ ᤌᤧ ᤏᤠᤶᤗᤠ ᤐᤥᤂᤧᤳᤆᤡ ॥	थो चुच्चि नाम थे नाम्ला पोखेत्छि ॥
ᤀᤥᤉᤠᤜᤠ, ᤔᤧᤒᤥ᤺ᤂᤠ ॥	ओझाहा? मेबोःक्खा ॥
ᤀᤡᤰᤛᤠᤜᤡ᤺ᤔᤠ ᤃᤧᤴ ᤔᤢᤖᤥ᤺ᤐᤗᤢᤱ ᤆᤱᤎᤥ	इक्साहिःमा गेन् मुरोःपलुङ चङधो
ᤛᤠᤶᤔᤠᤃᤧᤴ ᤜᤡᤛ᤻ᤛᤠᤀᤠᤱ ᤏᤧᤛ᤻ᤛᤧᤆᤢ ॥᥈᥉॥	साम्मागेन् हिस्साआङ नेस्सेच्छु ॥२३॥"

भावानुवाद : पोरोक्मी यम्फामी देवले मुगुप्लुङ थेगुप्लुङ ढुंगाहरूमाथि मुरोप्लुङ खेरोप्लुङ ढुंगाहरू राखे । बारीको माटोबाट बन्ने पृथ्वीलाई ठेकी बनाए। त्यसमा घामको मधानी राखे। जूनको मधानी राखे। समुद्र मन्थन गर्न थाल्दा पृथ्वी फनफनी घुम्न थाल्यो। यसरी मन्थन गर्दा जून चुँडिएर उछिट्टिएर जाँदा माथि साना साना चन्द्र र सूर्यहरू बने, धेरै ग्रहहरू बने। पृथ्वी आफ्नो शक्तिमा मुरोप्लुङ खेरोप्लुङ ढुंगाका आधारमा हावामा घुमिरहयो। (चेम्जोङ २०५९ : ४)

याक्थुङ लिम्बू जातिको मुन्धुम अनुसार- "तागेरा निङ्वाफु माङ"ले पृथ्वीको उत्पत्ति गर्नका लागि पोरोक्मी यम्फामी माङको सृष्टि गर्नुभयो। पृथ्वी उत्पत्तिको लागि सम्पूर्ण ज्ञान र बुद्धि दिनुभयो। पोरोक्मी यम्फामी माङले सबै ज्ञान प्राप्त गरेपछि त्यो शून्यता बीचमा मधानी राखी मथ्न थाल्नुभयो। यसरी मथ्ने क्रममा शून्यताको बीचबाट फनफनी घुम्ने क्रममा हावा भुँवरीको जन्म भयो। उँभोभ्वाङ् र उँधोभ्वाङ् तथा शून्यता र अँध्यारो बीचमा भूँवरी निस्की आठ फन्को घुम्दै खडा भयो।

यसरी भुँवरी आठ फन्को घुम्दै उठ्दा सबैभन्दा पहिलो मसिनो बालुवाका कणहरू (परमाणुहरू) भएर निस्किए। सृष्टिको पवित्रस्थल मुनातेम्बे मैदानमा बाबुढुङ्गा र आमाढुङ्गाको जन्मभयो। त्यो ढुङ्गाले सानो बालकले जस्तो सास फेर्‍यो। बाबुढुङ्गा र आमाढुङ्गाले आँधी भुमरीसँग झगडा गर्न थाल्यो। उँधो र उँभो शून्यताबाट उत्पन्न भएका आँधी (वेग) को कारणले हावाको टुप्पाको जन्मभयो। त्यो बेलासम्म कुनै पनि जीव वा चिजको उत्पत्ति भएको थिएन । अग्निबाट उत्पन्न हुने चन्द्र सूर्य जस्तो चम्कने ज्योति पनि प्रकट भएको थिएन । त्यसपछि भुमरीको बेगमाथिबाट अनुकम्पा ज्योति बनेर आयो। सास निस्कने तथा ग्रहण गर्ने शक्ति भएको बिजुलीको ज्योति जस्तो अन्धाधुन्ध आकाशवाणी भएर आँधीको बेगका टुप्पाहरू फुट्यो।

यसरी धागोको पोया जस्तो जोडी नभई बिजोडी माङ (देव) ले सानो बालक जस्तो चलमल गर्दा आँधीका बेगहरू उत्पन्न भए। यो धागोका पोया झैं जोडी नभएका एक्लो माङ (देव) बालकको रूपमा जन्मभई ज्योतिको रूपमा देखा परे। साथै कहिल्यै जुनी नफेरिने तथा उसको बिषयमा केही भन्न नसकिने अमर-अपार माङ (देव) को जन्मभयो। तागेरानिङवाफु माङ (सृष्टिकर्ता) ले उत्पत्तिको लागि पोरोक्मी यम्फामी माङलाई फेरि ज्ञान बुद्धि दिनुभयो। यसरी पोरोक्मी यम्फामी माङले ज्ञान प्राप्त गरेपछि शून्यता बीचबाट उँधो र उभो भ्वाँङ खाडलमा मधानी राखी मथ्नेक्रममा समुद्रको गर्भमा "मुसेखा सेखाना" नामका माछा सृष्टि गरे । त्यो भन्दामाथि "मुजिङ्ना खेयङना" नामको अर्को माछाको सृष्टि पनि गरे। त्यसलाई समुद्र थाम्ने शक्ति दिए।

क्रमिक रूपमा "अक्वानामा" नामको कछुवा सृष्टि गरे। त्यसलाई "मुकप्ली खेरूप्ली" (भूकम्प) थाम्ने शक्ति दिए। क्रमिक रूपमा "मुगुप्लुङ थगुप्लुङ" नामको ढुङ्गाको सृष्टि गरे। तर पनि पृथ्वीको सृष्टि हुनसकेन। यसरी क्रमिक रूपले सृष्टिका रूपहरू बनाउँदा पनि पृथ्वीको सृष्टि हुन सकेन। फेरि पोरोक्मी यम्फामी माङ ले तागेरा निङ्वाफु माङ (सृष्टिकर्ता) सँग सृष्टिका फूलहरू पूरा गर्नका लागि शक्ति माग्नु भयो। तागेरा निङ्वाफु माङ (सृष्टिकर्ता) ले इश्वरको सृष्टिको फूल पूरा गर्नका लागि शक्ति दिनुभयो। अनि पोरोक्मी यम्फामी माङ ले पुनः ज्ञान प्राप्त गरेपछि मुगुप्लुङ ढुङ्गामाथि "मुरोप्लुङ् खेरोप्लुङ" ढुङ्गा राख्नुभयो। अनि मात्र बल्ल माटोबाट ठेकीजस्तो आकृतिका पृथ्वी बनियो। यसरी पृथ्वीको आकृतिमाथि घाम र जूनको मधानी राख्नुभयो। त्यसपछि समुन्द्र मथ्नथाल्दा पृथ्वी फनफनी घुम्नथाल्यो। यसरी घुम्ने क्रममा घाम र जूनको मन्धनी चुँडिएर र उछिट्टिएर जाँदा माथि चन्द्र, सूर्य, तारामण्डल र ग्रहहरूको उत्पत्ति भयो। पृथ्वी आफ्नो गतिमा घुमीबस्यो। यसरी बल्ल "इक्सादिङ् खाम्बेक" (पृथ्वी) बन्यो।

त्यसपछि “बेबेक्सो साम्माङ” ले पृथ्वीमा बस्ने सबै साम्माङ (देव) हरूको रचना गर्नुभयो। “कुम्फुवा साम्माङ” ले पृथ्वीमा आठवटा टापुहरू र सातवटा समुद्रको सृष्टि गर्नुभयो। “मेन्थामाङ साम्माङ” ले दुईसय नौ किसिमको हावा, नौ किसिमको बादल र दुई किसिमको पानीको सृष्टि गर्नुभयो। “बेलीमाङ साम्माङ” ले पृथ्वी भित्रमा धातुहरू पहेँलो टल्किने सून, सेतो टल्किने चाँदी, लालवर्णको ताँबा, पहरामा हुने फलाम, सिसा र ढुङ्गाको सृष्टि गर्नुभयो। “चम्पा माङ” ले पशुपन्छी, कीटपतङ्ग र पानीभित्र बस्ने जीवहरूको सृष्टि गर्नुभयो। “तागेरा निङ्वाफु माङ” को ज्ञान बुद्धिले सृष्टिको रचना पूराभयो। जसमा क्रमशः सृष्टिको रूप खाम्बोङ्बा, लुङ्बोङ्बादेन (माटो र ढुङ्गा) को स्थान, मगुप्लुङ खेगुप्लुङ्देन (ढुङ्गा) को स्थान, मुरूप्लुङ खेरूप्लुङ्देन (यो अर्को ढुङ्गा)को स्थान), पुप्ली, खेरूप्लीदेन (अक्वानामा) बस्ने स्थान, मुजिङ्ना खेयङ्नादेन (वायाँ) को स्थान, मुखेक्खा सेक्खानादेन (पानी) को स्थान, तुङ्गुत्लुङ् हाराङ्लुङदेन (गिलो माटो र पानी)को स्थान, सुम्बोदिन लेक्वादेन (यो पृथ्वी मुनिको सबै तत्वहरू मिश्रण हुने स्थान) र खेमादिङ योङसाङदेन (नर्ककुण्ड)को स्थान समेत सृष्टि गर्नुभयो।

यसरी ठेकीजस्तो रूपको आठवटा पहाडका टाकुरा (चन्जङ्लुङ) निला ढुंगा, सेता ढुङा, साना-साना टाकुरा, अग्ला होचा टाकुराहरू (कोङ्योङ्लुङ) र माटोले बनेको पृथ्वीको रूप बन्यो। सृष्टिको बेलामा पृथ्वी गिलो माटोजस्तो थल्थलाउँदो अवस्थामा थियो। त्यसैले बोटबिरूवा, ढुङा र माटोलाई बाँधेर राख्नका लागि दुबो झार, गड्यौला आदिको सृष्टि गरी थल्थलाउँदो माटोलाई दूबो झारको जराले बाँधेर राख्ने काम भयो। अनि पृथ्वीमा माटो अडिएपछि फूलैफूल जस्तो टल्किएको आकाश, सूर्य, चन्द्रमा, बोटबिरूवा, कीटपतंग, जलचर, थलचरको सृष्टि रचना गर्नुभयो। यी सबै सृष्टिका रचनाहरू गर्दा पनि “तागेरानिङ्वाफु माङ” र “पोरोक्मी यम्फामी माङ” ले सबै सृष्टिका फूलहरूलाई हेर्दा केही अपुरो भएजस्तो लाग्यो।

अनि “तागेरा निङ्वाफु माङ” र “पोरोक्मी यम्फामी माङ” ले पृथ्वीलाई सुहाउने गरी घामको सन्तान घाम जस्तो, जूनको सन्तान जूनजस्तो सृष्टिको फूलबाट जन्महुने मानवको सृष्टि गर्ने विचार गर्नुभयो। अनि “पोरोक्मी यम्फामी माङ” ले सुनको मानव बनाउनुभयो। त्यो मानवलाई दाहिने कानबाट सास लगाई दिनुभयो। माङले ***“जूनको सन्तान जून जस्ती, घामको सन्तान घाम जस्तो भएस्”*** भनी बोलाउनुभयो। तर त्यो सुनबाट बनाएको मानवले उत्तर दिएन। यसरी जवाफ नदिएपछि “पोरोक्मी यम्फामी माङ” छक्क पर्नुभयो। अनि सुनको मानवरूपी स्वरूप वोल्न असफल भएपछि अर्को चाँदीको मानव स्वरूप बनाउनुभयो। त्यसले पनि सास ग्रहण गर्न सकेन र त्यो पनि असफल भयो। अनि, पोरोक्मी यम्फामी माङले तागेरा निङ्वाफु माङसँग मानवरूपी जीवनको सफलताका लागि बिन्ति बिसाए। तागेरा निङ्वाफु माङ (ईश्वर) ले फेरि पोरोक्मी यम्फामी माङलाई थप ज्ञान बुद्धि दिनुभयो। त्यसपछि पोरोक्मी याम्फामी माङले मालिङ्गो बाँस र देव निङ्गालो बाँसको खरानी बनाएर लुङ्धुङ पक्वा र माटोको लेउसँग मुछेर मान्छेको मूर्ति बनाई तातो श्वास लगाईदिंदा त्यो मानवरूपीले सास ग्रहण गर्‍यो। त्यस पोरोक्मी याम्फामी माङले ***”सृष्टिको पहिलो मानव तिमी नै भयौ“*** भनेर बोलाउनु भयो। त्यसबेला त्यो मूर्तिले पनि “के भनेको ?” भनी जवाफ दियो।

पोरोक्मी यम्फामी माङले त्यो मानिसको प्रतिबिम्बलाई “जून घाम जस्तो फराकिलो, अपार अमर सधैं बाँचिरहने, सुन र चाँदीको बनाउँदा नबोल्ने, जाबो खरानी र माटोले बनाउँदा बोल्ने” भनी थुक्क भन्नुभयो। त्यसपछि त्यो मानव प्रतिबिम्बको शिर ढलेर लल्याकलुलुक भई भूँईमा ढल्यो। पोरोक्मी यम्फामी माङले त्यो बालक मानवलाई सुताएर “पिपिचक्वा” फूलको जरा घोटेर पानीसँग पिलाउनुभयो। अनि बल्ल त्यो मानव वालक तन्दुरूस्त भई बोल्नथाल्यो। अनि तागेरा निङ्वाफु माङ र पोरोक्मी यम्फामी माङ खुशी हुनुभयो। त्यसपछि तागेरा निङ्वाफु माङले खुशी भएर त्यो मानवलाई आर्शिवाद दिनुभयो।

[illegible],
[illegible],

“तिमी सृष्टिको पहिलो मानव भयौ,
पवित्र भएर यो पृथ्वीमा बस्नू,

[illegible]
[illegible]
[illegible]
[illegible]
[illegible]

यो पृथ्वीको फलफूल खाएर बस्नू,
यो पृथ्वी घुमिरहने उज्यालो हुने भयो,
घामको सन्तान घामजस्तो र जूनको सन्तान जून जस्तो भएर
माया मोहका फूल फुलाउनू,
यो पृथ्वीमा मानव सृष्टि गरी भराउनू ।"

मुन्धुमले ब्याख्या गरे अनुसार पृथ्वीको पहिलो मानव मुजिङना खेयङना हुन् । उनले सृष्टिको कालखण्डमा पारूङ फुक्को (पितृ ओढार) र मारूङ फुक्को (मातृ ओढार) मा पाइला टेकिन् । जुनस्थान फक्ताङ्लुङ (कुम्भकर्ण) हिमाली श्रृङ्खलामा पर्दछ । यस श्रृङ्खलाको आधार क्षेत्रमा भएको समथर मैदानलाई मुन्धुमको भाषामा मारूङ्तेम्बे पारूङ्तेम्बे भन्दछन् । यही तेम्बेको बीचमा पवित्र र सुन्दर मैदानमा चुच्चो शिखरको काँधमा फैलिएको घरको छानो जस्तो आकृतिको एउटा ठूलो ढुङ्गा रहेको छ । त्यो ढुङ्गाको दायाँ र बायाँतर्फ दुईवटा अलग-अलग फुक्कु (ओडार)हरू रहेका छन् । त्यही ओडार नै मुजिङना खेयङनाले जीवनयापन गरेको प्रथम स्थान थियो भनी मुन्धुमले वर्णन गरेको पाईन्छ । मुजिङना खेयङनाको जीवनचर्याको क्रममा उनी पन्ध्र सोह्र वर्षकी तरूनी भएपछि स्त्रीमा हुने गुणले युक्त भइन् र आफु योग्य पुरूषको खोजी गर्नथालिन् । कतै योग्य पुरूष छौ भने- "म एक योग्य स्त्री छु" भनी सुसेली गर्दै धर्तीको चारै दिशामा घुमे पनि कहीं कतै कुनै पुरूषलाई भेट्न सकिनन् । त्यसपछि उनी थकित भएर रूखको हाँगामा टाङ फारेर पुरूषको कल्पना गरी गुनगुनाउँदै बसेकी बेला प्राकृतिक वायुद्वारा उनको यौन तिर्सना मेटियो । यसरी मुजिङना खेयङनाले गर्भ धारण गरिन् । मुजिङना खेयङनाले दस महिनामा "साँवा युक्पुङ्गेम्बा" नामको बालक जन्माईन् । मुन्धुमी मत अनुसार मानव गर्भबाट पहिलो मानवको रूपमा साँवा युक्पुङ्गेम्बाको जन्म भएको भनी वर्णन गरेको पाइन्छ । आजको मानव संसार उनैका सन्तानहरूले भरिएका हुन् भन्ने मत याक्थुङ मुन्धुमले वर्णन गरेको पाइन्छ।

याक्थुङ मुन्धुममा आउने मुनातेम्वे भन्ने स्थानलाई मुन्धुमी भाषामा "सिन्युकेन मुदेन मुनातेम्बे" भन्ने गरिन्छ । मुन्धुमी शैलीमा कुनै पनि नाम (Noun) लिंदा त्यसको अगाडि विशेषण (Adjective) राखेर वोल्ने चलन छ । सिन्युकेन मुदेन विशेषण (Adjective) हो र यसको अर्थ बस्नयोग्य फाँट भन्ने हुन्छ । जसलाई मुनातेम्बे नाम (Noun) को अगाडि राखिएको छ। यसको पूरा अर्थ "बस्नयोग्य मुनातेम्बे फाँट" भन्ने हुन्छ। हिजोआज पनि यसलाई मुन्धुममा सिन्युकेन मुदेन मुनातेम्बे नै भन्ने गरेको पाइन्छ। कतिपय मुन्धुमविदहरूले सिन्युक र मुदेन शब्दले चीन र तिब्बतलाई संकेत गरेको ठान्दछन् । आधुनिक मानवशास्त्रले पनि माथि उल्लेखित कतिपय मुन्धुमी मतसँग मिल्दाजुल्दा तथ्यहरू उजागर गरेको पाइन्छ। लिम्बू जातिका ५ महावंश मध्ये सर्वाधिक ठूला महावंशहरू यी दुई क्षेत्रहरूबाट नै आएका हुन् भन्ने मत प्रबल रहेको पाइन्छ।

२.१.२ वैज्ञानिक सिद्धान्त अनुसार ब्रह्माण्ड तथा जीवको उत्पत्ति :

क) ब्रह्माण्डको उत्पत्ति :

वैज्ञानिकहरूका अनुसार- सौर्यमण्डलको निर्माण हुनुभन्दा पहिले अनगिन्ती पिण्डहरू, धुलीकणहरू, उल्का पिण्डहरू आकाशभरी उडिरहेका थिए। ती सबै पिण्ड र पदार्थहरू अति उच्चताप र उच्चचापमा सानो परिधिभित्र खाँदिएर रहेका थिए । उच्चचाप, ताप र पदार्थहरू बीचको रासायनिक तथा भौतिक प्रतिक्रियाले भयंकर महाविष्फोट (Big Bang) हुनगयो। यसरी विष्फोट भई पिण्ड र पदार्थहरू ब्रह्माण्डमा यत्रतत्र फैलँदा प्रलय भयो। गुरूत्वाकर्षण शक्तिको कारण ती धूलीय चक्र र पिण्डहरू सूर्यलाई केन्द्र बनाई निश्चित दूरीमा अडिएर परिक्रमा गर्नथाले । विष्फोटबाट पिण्डहरूको सौर्यचक्र निर्माण हुन गई एउटा छुट्टै सौर्यमण्डल निर्माण हुनपुग्यो। यसरी नै हाम्रो सौर्यमण्डल जस्तै अरू तारापुन्जहरूका असंख्य सौर्यमण्डलहरू ब्रह्माण्डभरि निर्माण हुन पुगेको हो भन्ने वैज्ञानिकहरूको मत रहेको छ।

अर्को मत अनुसार- अरबौं वर्ष पहिले सूर्य तातो तरल पदार्थ र तातो ग्याँस विशाल पिण्ड थियो । संयोगवश सूर्य

नजिकै कुनै विशाल पिण्ड घुम्दै आइपुग्यो, जसको गुरूत्वाकर्षणले सूर्यबाट थुप्रै चोईटाहरू उछिट्टिएर बाहिर निस्के। यसरी चोईटिएका पिण्डहरू सबैभन्दा ठूलो पिण्ड सूर्यलाई केन्द्र मानेर परिक्रमा गर्न थाले। सौर्य मण्डलका भित्रका ८ ग्रहहरू यसरी नै निर्माण भएका हुन्। त्यसमध्ये पृथ्वी पनि एउटा ग्रह हो। पृथ्वीको एउटा उपग्रह छ- चन्द्रमा। यसले पृथ्वीको वरिपरि २८ दिनमा एक पटक परिक्रमा गर्दछ। सौर्यमण्डलको एकमात्र तारा सूर्य हो, जसको आफ्नै ताप, प्रकाश रहेको छ। सौर्यमण्डलका अन्य ग्रहहरू बुध, शुक्र, मंगल, वृहस्पति, शनि, अरूण र वरूण हुन्। यिनीहरूको आफ्नो ताप र प्रकाश छैन। यी सबैले सूर्यलाई केन्द्रीय शक्ति मानेर परिक्रमा गरिरहेका छन्। यी सबै ग्रह तथा उपग्रहहरू मध्ये पृथ्वीमा मात्र प्राणीहरूको बसोबास रहेको छ।

आकाशमा हामी दुई किसिमका ताराहरू देख्छौं। पहिलो आफै चमचम चम्किरहेको र अर्कोथरी चाहिँ टलल्ल वा एकोहोरो टल्किरहेको हुन्छ। पहिलोथरी तारा सूर्यजस्तै बलिरहेको हुन्छ र त्यसले उज्यालो अनि तातो फालिरहेको हुन्छ। त्यसलाई हामी तारा भन्छौं। अर्कोथरीले भने आफू बलिरहेको नभई बलिरहेको ताराबाट उज्यालो लिइरहेको हुन्छ। ऐनाले सूर्यको किरण अर्कैतिर फालेजस्तै त्यसले अर्कै ताराको उज्यालो वा प्रकाश फाल्छ। यस्ता टलल्ल टल्किरहेको वस्तुलाई हामी ग्रह वा उपग्रह भन्छौं। ग्रह र उपग्रह आफै चम्किदैनन्, बरू अरूको उज्यालोबाट टल्केका हुन्छन्। हाम्रो सौर्य ब्रह्माण्डमा सूर्य एउटा तारा हो। यसका ८ वटा ठूला ग्रहहरू र अनेकौं उपग्रहहरू छन्। यसमध्ये पृथ्वी पनि सूर्यको एउटा ग्रह हो। ग्रहहरूका पनि उपग्रहहरू हुन्छन्। हामीले आकासमा देख्ने चन्द्रमा चाँही हाम्रो पृथ्वीको यस्तै टल्किने उपग्रह हो।

आकाशमा अनगिन्ती ताराहरू छन्। हामीले ती मध्ये केही देख्छौं, केही देख्दैनौं। ग्रहहरूको नामभने हामी बराबर लिन्छौं- शुक्र ग्रह, शनि ग्रह, बृहस्पति ग्रह, बुध ग्रह, मङ्गल ग्रह आदि। यिनीहरू आकाशमा एक अर्कासँग गुरूत्वाकर्षणका कारण परस्पर तानिएर बसेका हुन्छन्। सूर्यलाई घुम्ने ग्रहहरूलाई सूर्यका ग्रहहरू भन्ने चलन छ। पृथ्वी पनि सूर्यको एउटा ग्रह हो। सूर्यलाई ग्रहहरूले घुमेजस्तै ग्रहहरूलाई अरू स-साना उपग्रहहरूले वरिपरिबाट घुम्छन्। सूर्य, यसका ग्रह र उपग्रहहरूको यो सिङ्गो परिवारलाई सूर्यको परिवार वा सौर्य मण्डल (Solar System) भन्दछन्।

सौर्य मण्डलमा यसरी घुम्दाघुम्दै पृथ्वीको एउटा टुक्रा उछिट्टिएर बाहिर गयो। त्यो उछिट्टिएर गएको पिण्डलाई हामी चन्द्रमा भन्दछौं। चन्द्रमा पृथ्वीको वरिपरि घुम्छ। यसकारण चन्द्रमालाई पृथ्वीको सानो ग्रह अथवा उपग्रह पनि भन्ने गर्छन्। ग्रहले सूर्यलाई र उपग्रहले ग्रहहरूलाई घुमिरहेको वैज्ञानिक मान्यता रहेको छ।

सुरूमा पृथ्वी आगोको डल्लो थियो। बिस्तारै यो सेलाउँदै गयो। सेलाउँदै जाँदा यसको बाहिरी भागतिर सानो पत्र जम्न गयो-तातो दूधमा तर जमेको जस्तै। पहिले त यो बलिरहेको ग्याँसको डल्लो थियो, पछि चिसिएर बाहिरी पत्रमा तर जम्नथाल्यो। यसले गर्दा पृथ्वीमा तातो र चिसोको सङ्कुचनबाट बाहिरी भागतिर अनेकौं अग्लाई र खुम्चाईहरू देखापर्न थाले। यसैबेला ग्याँसहरूमा धेरैथरी परिवर्तनहरू भईरहेको थियो। ती ग्याँसहरू आपसमा मिसिएर पानी बन्यो। त्यसरी बनेको पानी भरिँदा खुम्चेका होचा र गहिरा ठाउँहरू नदीका धर्काहरू बने। अलि अग्ला ठाउँ समथर जमिन बने र झन् अग्ला ठाउँहरू पहाड बने। खाल्डा परेका ठाउँहरूमा पोखरी, ताल र समुन्द्र बन्यो। पृथ्वीको बाहिरी तह सेलाएर तर जस्तै जमेतापनि भित्रको भाग अझै बलिरहेको छ। आगोले पग्लेको फलाम वा सीसाजस्तै पृथ्वीको गर्भ पग्लेको अवस्थामा छ। यही पग्लेको बस्तु ज्वालामुखी विस्फोट हुँदा जमिन भन्दा बाहिर निस्किन्छन् जसलाई लाभा भन्दछन्।

ख) जीवको उत्पत्ति र विकास :

सुरूमा पृथ्वी साह्रै तातो हुनाले यसमा कुनै प्रकारको जीवन थिएन। पृथ्वीलाई वरिपरिबाट हावाको घेरा वा वायुमण्डलले घेरेको थियो, त्यसैबाट पछि पानी पऱ्यो। पृथ्वीको सतह विस्तारै सेलायो। सुरूमा समुद्रमा जीवहरू

देखापर्न थाले । सुरूका जीव साढे ३ अर्ब वर्षभन्दा अगाडि देखिए । पानीमा पहिलोपल्ट देखापरेका ती जीवहरू आँखाले नदेखिने सूक्ष्म जीवहरू थिए । ती सूक्ष्म जीवहरूको हातखुट्टा केहीपनि हुन्नथ्यो । तिनीहरूमा हाड हुन्नथ्यो । यसै सिलसिलामा अविकसित खालको जीवकोष पनि देखिएका थिए । करिब २ अर्ब वर्ष अगाडि संसारमा पहिलो विकसित जीवकोष (Cell) देखिएको थियो ।

समय जतिजति बित्दै गयो, पृथ्वीको हावापानी पनि बदलिँदै गयो । ती आँखाले नदेखिने जीवहरूको रूप बिस्तारै फेरिँदै गए । एक प्रकारको जीव अर्को प्रकारको जीवमा फेरिन एक दुई पुस्ता होइन कि सयौं पुस्ता अथवा लाखौं वर्ष लाग्यो । यो धेरै पुस्तासम्म र क्रमैसँग भयो जीवहरूको यो पुस्तान्तरण हुने क्रम विस्तारै र धेरै लामो समयसम्म भयो । जस्तो कि-एउटा ठूलो भाँडोमा पानी राखौं र त्यसलाई केही दिन त्यसै खुला छाडौं । केही समयपछि त्यसमा स-साना किराहरू देखापर्न थाल्छन् । ती किराहरू फिरफिर चल्ने लाम्चा किराहरू जस्तो भएर आउँछन् र हुँदाहुँदा पछि माछा जस्ता देखिन्छन् । त्यसलाई हामी जीवहरूको विकास र वृद्धिका तह वा खुड्किलाहरू भन्न सक्छौं । जीव विज्ञानको भाषामा यसलाई उद्‌विकास वा क्रम विकासको सिद्धान्त (Evolution) भन्दछन् ।



(जीव विकासका चरणहरू)

पृथ्वीमा पहिले सूक्ष्म जीवको विकास भयो । तिनीहरू एउटै जीवकोषबाट बनेका हुन्थे । लामो समयसम्म पृथ्वीमा तिनीहरू मात्र थिए । तीमध्ये केहीले पृथ्वीमा प्राणवायु अक्सिजनको मात्रा बढाउँदै लगे । झण्डै ५५ करोड वर्षअघि पहिलो चोटी धेरै कोष मिलेर बनेका जीव देखा परे । त्यसबेला जीवको आकार प्रकारमा ठूलो उथलपुथल आयो । जीवको आकार बढ्दै गएर सुरूमा हाड नभएका गड्यौला र चिप्लेकिरा जस्ता किराहरू बने । पुगनपुग ४७ करोड वर्ष अगाडि डँडाल्नो नभएका माछाको विकास भयो । त्यसबाट हावामा सास फेर्ने र हाड भएका माछा बने । त्यति नै बेला बोटबिरूवाहरू पानी बाहिर आए ।

चार्ल्स डार्विनको अनुसार लगभग ३५ करोड वर्ष अगाडि जमिनमा वनजङ्गल देखियो । साथमा पानी र जमिन दुवै ठाउँमा बस्न सक्ने उभयचर जीव देखापर्न थाले । त्यस क्रममा भ्यागुता जस्ता उपयचर जीवहरू विकसित भए । यसपछि जमिनमा घस्रेर हिंड्ने (सरिसृप) जन्तुहरू विकसित भए र तिनको सङ्ख्या बढेसँगै तिनले करोडौं वर्षसम्म यस पृथ्वीमा रजाइँ गरे । तिनको ठूलाठूला दाँत र नङ्ग्रा विकसित भएका थिए जसलाई सरिसृप भनिन्छ । आजका सर्प, छेपारो, गोही, कछुवा आदि तिनै भीमकाय डायनासोरहरू र प्राचीन सरिसृप जीवहरूका विकसित स्वरूप हुन् । आजभोलि पहिलेका सबै सरिसृप पृथ्वीमा जीवित छैनन्, कुनै प्राकृतिक प्रकोपका कारण भीमकाय डायनासोरहरू लोप भएको मानिन्छ ।

झण्डै २२ करोड वर्ष अगाडि फूल नपारी बच्चा जन्माउने र दूध चुसाउने स्तनधारी जीवहरूको विकास भयो । सुरूका स्तनधारी जीव सरिसृप जस्तै थिए । केही स्तनधारी जीवले अहिले पनि फुल पार्छन् । यिनीहरू बीचका खुड्किला हुन् । सुरूमा स्तनधारी जीवको सङ्ख्या सानो थियो । पृथ्वीमा ठूलासाना सरिसृपको दबदबा थियो । साढे ६

करोड वर्ष अगाडि आकाशबाट ठूलो उल्का पिण्ड आएर पृथ्वीमा ठोक्कियो जसका कारण पहिलेका ठूलो शरीर भएका सरिसृप हराएर गए। पृथ्वीमा चहलपहल कम भयो र नयाँ परिस्थितिमा स्तनधारी जीवले फस्टाउने मौका पाए। यसपछि सबै प्रकारका जीवहरूले नयाँ पारिस्थितिक प्रणालीमा आफूलाई ढाल्नुपर्ने अवस्था बन्यो।

वैज्ञानिकका मत अनुसार- करिब ५५ करोड वर्ष अगाडि जमिनमा बस्ने जीवहरूमध्ये एकथरी चरामा फेरिएका हुन्। हल्का चराहरूले उड्न सिके। सुरूका चराहरूको चुच्चो थिएन। बरू मुखमा दाँत थियो र पखेटाको टुप्पोमा नङ्ग्रासहितको औंला थियो। यसले चरा जाती सरिसृपबाट नै फाटेको हाँगा हो भन्ने देखाउँछ।



(मानव जातिको विकासका क्रमहरू)

पहिले पृथ्वीमा जमिनको एउटै चाक्ला थियो। अहिलेजस्तो ५ वटा महादेश र ५ वटा महासागरहरू थिएनन्। त्यसबेला एउटा मात्र महादेश थियो। त्यो एक्लो महादेशलाई आमा महादेश वा पेन्जिया (Pangaea) भनिन्छ। पृथ्वीको भित्री भाग पग्लेको अवस्थामा हुनाले बाहिरी पत्रहरू मान्छेको नङ बढेझैं चालै नपाई चलिरहेका हुन्छन्। यसलाई वैज्ञानिकहरू प्लेट सरेको भन्छन्। जमिनमुनि आठओटा ठूला प्लेट (Tectonic Plate) छन्। तिनीहरू जताबाट सर्छन्, त्यहाँ धाँजा फाट्छ र समुन्द्र बन्छ। तिनीहरू जहाँ पुगेर अर्को प्लेटमा घसिन्छन्, त्यहाँ पहाडहरू अग्लिन्छन्। यसलाई महाद्वीप विस्थापन (Continental Drift) को सिद्धान्त भनिन्छ। प्लेटहरू सर्दै गएर साढे ५ करोड वर्ष अगाडि पेन्जिया विभिन्न महादेशमा टुक्रियो। हावापानी पहिलेभन्दा न्यानो भयो। नेपाल, युरोप र अमेरिकाका हिमाल र पर्वतमालाहरू त्यतिबेला नै बनेका हुन्।

नयाँ हावापानीमा स्तनधारी जीवको एउटा फरक हाँगा देखियो। त्यसको मस्तिष्कको आकार अरू स्तनधारीको भन्दा ठूलो थियो। त्यसको हातखुट्टामा नङ्ग्रा र खुरको सट्टा नङ थियो। आँखा अगाडि फर्केको थियो र कसैकसैको बुढीऔंला छुट्टिएको थियो। तिनीहरूले हातले रूखका हाँगा समात्न सक्थे। बाँदरजस्तै तिनीहरू रूखमा बस्थे। अङ्ग्रेजीमा तिनलाई प्राइमेट (primate) भनिन्छ। बाँदर, लेमुर, गोरिल्ला, ओराङटन आदि प्राइमेट जाति हुन्।

कालान्तरमा प्राइमेटहरूमा विभाजन देखियो। साढे १ करोड वर्ष अगाडि पुच्छर भएका र नभएका बाँदर अलग भए। पुच्छर नभएका बाँदरलाई अपुच्छ बाँदर (ape) भनियो। वैज्ञानिकहरूले यसलाई होमिनोइड (Hominoid) पनि भन्छन्। अपुच्छ बाँदरको बुद्धि धेरै विकसित हुन्छ। यिनीहरूको नाकको प्वाँल माथि फर्केको हुन्छ। जस्तै- गिब्बन, ओराङटङ, गोरिल्ला, बोन्बो, चिम्पान्जी र मान्छे अपुच्छ बाँदर हुन्। यिनीहरू अन्य जीवहरूको तुलनामा बुद्धिमान मानिन्छन्।



मानव जातिका नातेदार जीवहरू

पुगनपुग ४५ लाख वर्ष अगाडि दुई खुट्टाले हिंड्ने मान्छे होमिनिन (Homonin) को हाँगा होमिनिङ (Hominid) बाट छुट्टियो । यसपछि मानिसका धेरैथरी मान्छे देखापरे । तर तिनीहरू सबै आधुनिक मान्छे (Homo Sapiens) सँग मिल्दाजुल्दा थिए । झण्डै २० लाख वर्ष अघिदेखि मान्छेको एक खास समूह/वंशको विकास भयो । यसलाई होमो (Homo) वंश (समूह) भनिन्छ । होमो वंशका मान्छेलाई मानिसको जिजुबाजे-जिजुबजै भन्दा फरक पर्दैन । यिनीहरूले गुफामा बसेर आगो ताप्दै ढुङ्गाको हतियारले सिकार गर्दै संसार ढाके । करिब ५० हजार बर्ष अघि जावा (Java) र पेकिङ (Peking) मानव देखा परे । यी मानिसहरूले आगोको आविष्कार गरेका थिए ।

२.३ आधुनिक मानव जातिको विकास र विस्तार :
आधुनिक मानव जातिको विकास र विस्तार करिब १ लाख देखि १ लाख ५० हजार बर्षअघि पूर्वी अफ्रिकाको केन्या, युगान्डा र तान्जानिया बीचको भू-भागमा उत्पत्ति भएको मानिन्छ । मानव उत्पत्तिको यस सिद्धान्तलाई आउट अफ अफ्रिका थ्योरी (Out of Africa Theory) भन्ने गरिन्छ । त्यसपछि तिनीहरू ९०,००० बर्षअघि अफ्रिकाबाट बाहिर मध्यपूर्वमा आइपुगेका थिए । यसरी मानव समुदाय संसारभर फैलने क्रममा यूरोपमा ४०,००० बर्षअघि, दक्षिण एशियामा ७०,००० बर्षअघि र उत्तर अमेरिकामा १२,००० बर्षअघि मात्र मानव जाति पुगेको मानिन्छ । त्यसैगरी हिमालय पर्वतमालाको दक्षिणी भूभागमा लगभग ५० हजार वर्ष अघिदेखि नै मानव वस्ती रहेको अनुमान गरिएको छ । यसरी संसारभर फैलने मानव समुदायमा दुई प्रजाति देखिन्छन्- होमो इरेक्टस र होमोसेपियन । अहिलेका मानव जातिका पुर्खा होमोसेपियनहरू हुन् । यो प्रजाति अन्य मानव प्रजाति भन्दा चलाख, सुन्दर र विवेकशील भएको हुनाले अहिलेसम्म यसको अस्तित्व रहन संभव भएको हो ।


मानव उत्पत्ति र विस्तारक्रम

लगभग १० हजार वर्ष अगाडिदेखि आधुनिक मानवको सभ्यता विकास भएको मानिन्छ । ती मानव समूहहरू आफूलाई सुहाउँदो हावापानी र पर्याप्त भोजनको उपलब्धता, सुरक्षित स्थानहरूको खोजी गर्दै संसारभर फैलिए । यसरी फैलिने क्रममा उनिहरू स-साना हुद्दाका रूपमा देखिए । यस्ता हुद्दाहरू एउटै मातृसत्तात्मक समूह वा एउटै कुलका हुन्थे । यस्ता परिवारहरू मातृसत्तात्मक हुन्थे । परिवार व्यवस्थानमा आमाको स्थान सर्वोच्च हुन्थ्यो । बाबुहरू खानाको व्यवस्था र परिवारको सुरक्षामा जुट्थे । उनीहरूको बसोबास ओडार, रूख वा अनकण्टार स्थलहरूमा हुनेगर्दथे । बिस्तारै उनीहरूले आगो र ढुङ्गे हतियारको विकास गरे । यसपछि उनीहरूमा अन्य जीवहरूसँग सङ्घर्ष गर्ने क्षमतामा गुणात्मक परिवर्तन ल्यायो । फलस्वरूप आधुनिक मानव सभ्यताको विकासका प्रारम्भिक अभ्यासहरू सुरू भएका थिए ।

मानव सभ्यताको इतिहासलाई अध्ययन गर्दा संसारका पुराना मानव सभ्यताहरूमा ह्वाङ्हो नदी उपत्यकाको सभ्यता, मेसोपोटामियाको सभ्यता, महेन्जोदारो सभ्यता (एसिया), नाईल नदीको सभ्यता (इजिप्ट), अज्टेक सभ्यता (उत्तर अमेरिका) र एण्डियन क्षेत्रको इन्का सभ्यता (दक्षिण अमेरिका) आदि पर्दछन् । प्राचीनकालमा मानिसहरू कुनै एक स्थानमा सभ्यताको विकास गरिसकेपछि जनसङ्ख्याको तीव्र चापका कारण अन्यत्र बसाइसराइ गर्न वाध्य हुन्थे । उक्त सभ्यताका मानिसहरूका लागि भूमि अपर्याप्त हुनु, प्राकृतिक प्रकोप वा विपत्ति आउनु, शत्रू समूहले आक्रमण गर्नु आदि कारणहरूले पनि तिनीहरू नयाँ स्थानहरूमा स्थानान्तरण भइरहन्थे ।

मानव जातिको बसाईंसराईको इतिहास हेर्दा-लिम्बू जातिका पुर्खाहरू कहिले यस भूमिमा आइपुगे ? मिति नै किटान गरेर भन्न त सकिन्न, तर यस भू-भागमा सबैभन्दा पहिला ऊीनहरू आएका हुन् भन्ने तथ्यमा भने सायद दुईमत छैन । चीनको ह्वाङ्हो सभ्यता ई.पू. २,१०० देखि ई.पू. १,६०० तिर विकास भएको हो भन्ने विश्वव्यापी मान्यता छ । अतः उक्त समयमा नेपालको पूर्वी भागको याक्थुङ लाजे लिम्बूवानतिर पनि सायद मानव बस्ती बसिसकेको हुनुपर्दछ भन्ने इतिहासहरूले सङ्केत गर्छ । याक्थुङ मुन्धुममा मानिसको उत्पत्ति नै यहीँ भएको भनिएको छ । यस हिमालय खण्डको दक्षिणी भूभागमा बसेका मानव वसोवास र सभ्यता भने चीनको ह्वाङ्हो सभ्यताभन्दा कम पुरानो चाहिँ होइन भन्ने मत वलियो रहेको पाइन्छ । यस वारेमा विज्ञानले तथ्यसत्यलाई खोजी गरी प्रमाणित गर्दैजाला भन्ने विश्वास गर्न सकिन्छ ।

❑❑❑

भाग-३
किरात जाती : उत्पत्ति र इतिहास

३.१ किरात जाती तथा किरात शब्दको उत्पत्ति :

किरात जाती र किरात शब्दको उत्पत्ति बारेमा विभिन्न मतहरू रहेको पाइन्छ। इतिहासकारहरूका अनुसार किरात शब्द किरिआत, किरियात र किरजथ शब्दको अप्रभंशबाट आएको हो। भूमध्यसागरीय क्षेत्रको मोआवाइट भाषामा यसको अर्थ किल्ला अथवा सहर हो। भूमध्यसागरीय क्षेत्रमा जब उनीहरूको जनसङ्ख्या धेरै बढेपछि, उनीहरूले धेरै किल्ला र सहरहरू निर्माण गरे। यिनीहरूलाई किरियात-हाइम, किरयात-यारिम, किरयात-सत्ता र किरयात-साफेर भनेर जानिन्थ्यो, जसले जङ्गलको किल्ला अथवा सहर भन्ने अर्थ बुझाउँछ। माथि उल्लेखित सहरहरूमा बस्ने बासिन्दाहरूले आफूलाई "केरेती" भन्दथे जो पछि केरेवइत अर्थात केराइत जाती भए। ग्रीकहरू पनि किरात जातीहरूसँग परिचित थिए। उनीहरूलाई केरियाडी भन्दथे। पर्सिया आइपुग्नु अगाडि इरानको इलाम क्षेत्रमा उनीहरूको लामो बसोबास रहेको पाइन्छ। कालान्तरमा अन्य जातीहरूसँगको सङ्घर्षले उनीहरू अझ पूर्वतिर बसाईं सर्दै सिन्धु नदीको माथिल्लो भेगबाट काँगडा उपत्यकामा आइपुगेका विवरणहरू इतिहासकारहरूले दिएका छन्।

किरात जाती बारे विभिन्न विद्वानहरूले उल्लेख गरेका केही मतहरू यस्ता छन्-

१. कुशद्विपबाट आएकी कङ्ती नाउँ गरेकी परम सुन्दरी कन्यासँग महादेवको संसर्ग हुँदा एक पुत्र उत्पन्न भयो। ऋतु समयमा लहसिएको हुनाले त्यो व्याधावृति गर्ने, मद्यमाँस सेवन गर्ने र सधैं वन वनमा शिकार गर्दै हिँड्ने हुनाले त्यसको उपनाम किरात राखियो। यो किरात वंशको २८ औं पुस्तापछि तिनीहरूको वंश सौमर नाउँले प्रसिद्ध भयो। यसै सौमर वंशबाट कुवाच वा कोच, पल्लव, यौवन, पुलिन्द इत्यादि शाखाहरू छुट्टिएर गए। शाके १६११ सम्म सौमर जातीको राज्य कामरूप क्षेत्रमा थियो भन्ने प्रमाण पाइन्छ। (चेम्जोङ २०५९ (१) : २)
२. किरात शब्द किरियत, किरयात अथवा किरजाथ शब्दबाट अपभ्रंश भएको हो, जसको अर्थ भूमध्यसागरीय क्षेत्रको मोवाईट भाषामा किल्ला अथवा शहर हुन्छ। जब उनीहरूको जनसङ्ख्या बढ्दै गयो, उनीहरूले थुप्रै किल्ला र शहरहरू बनाए र यिनीहरूलाई किरियत-हिम, किरयात-यारिम, किरजाथ-आर्वा, किरयात-बाल, किरयात-हुज्रो, किरयात-सान्ना र किरयात-साफर भने जसको अर्थ शहर, जंगलको किल्ला, बाल देवताको शहर, पुस्तकको शहर अथवा ताड (पाम) वृक्षहरूको शहर भन्ने हुन्छ। यस्ता शहरहरूमा बस्नेहरूले आफैलाई केरेती भन्नथाले जुन शब्द कालान्तरमा केरेतित् हुँदै केरित जाती बन्यो। (Chemjong 2003 : 2)
३. मातृभाषाका रूपमा विभिन्न भोट बर्मेली भाषा बोल्ने ईण्डो-मंगोलियनहरू सबै नै किरात जातीका सन्तति हुन्, जसमध्ये पहाडतर्फ मुख्यतया राई, लिम्बू, याक्खा, सुनुवार, जिरेल, हायु, गुरूङ, मगर, थकाली, थामी र चेपाङ पर्दछन् र तराई खण्डमा थारू, दनुवार, बोटे, माझी, धिमाल, मेचे र कोचे पर्दछन्। काठमाण्डौंका सबैभन्दा पुराना बासिन्दा नेवारहरू यसै समूहभित्र पर्ने कुरा विश्वास गरिन्छ।(विष्ट २०२० : १७)
४. स्वयम्भू मनुका पुत्र मुनाईङवाका पुत्र किरातइङवाको पालामा हेमन्तभूमिदेखि पश्चिम चीन हिन्दमहासागर वार भई सीमान्त भूमिमा आई बासस्थान बनाई किरातइङवा रहे।(माबोहाङ २०६१ : ७)
५. नेपालमा किरात जातीको उत्पत्ति तीनवटा मूलबाट भएको पाइन्छ। किरात मुन्धुम वा परम्परा अनुसार ती तीन जाती खाम्बोङवा वा खाम्बो, ताङसाङथा वा मंगोल र मुनाफेन वा चिनियाँ नामले परिचित छन्। यिनै खाम्बोङ्वा वा खाम्बोहरू यस हिमाली प्रदेशका प्रथम आप्रवासीहरू थिए। ताङसाङथा, मङ्गोल र मुनाफेन वा चिनियाँ जातीहरू पछि आए र खाम्बोङवासँग मिसिएर एउटा किरात जातीको निर्माण भयो। (शिवाकोटी २०७४ : ६)

किरात शब्दको उत्पतिको सम्वन्धमा इतिहास खोजकर्ताहरूका केही फरक फरक मतहरू आएका देखिए तापनि यिनीहरूको भावलाई हेर्दा धेरैजसो एक आपसको नजिक देखिन्छ। बसोबासको स्थानहरूलाई दाँजेर हेर्दा भने सबै खोजकर्ताहरूको मत एउटै हुनसक्ने देखिन्छ। अधिकांश इतिहासकारहरूले किरात जातीहरूको वासस्थान हिमालयको श्रृङ्खला दक्षिणको भू-भागलाई मानेको देखिन्छ।

किरात जातीको नेपाल प्रवेश/आगमनको सम्बन्धमा डा. नवराज सुब्बा आफ्नो अनुसन्धानात्मक लेखमा विभिन्न स्रोतहरूको उल्लेख गर्दै लेख्दछन्, "आर्यहरू सप्तसिन्धुमा १७०० र १५०० इ.सा.पूर्वको वीचमा आएका थिए । अनुसन्धानले आजका किरात, भील र द्रविडका पुर्खाहरूलाई सिन्धु हडप्पा सभ्यतामा वैदिककालभन्दा पहिले वस्ने आदिवासी जनजातीको रूपमा पहिचान गरेको छ । आर्यहरू भारतीय उपमहाद्विपमा आइपुग्दा सिन्धु नदीको किनारमा किरात (असुर) हरूको समृद्ध राज्य खडा भइसकेको थियो । सो समयमा शम्बर नामका एक शक्तिशाली किरात (असुर) राजा थिए। उनको आर्यहरूसँग चालिस बर्षसम्म युद्ध भएको र अन्तमा पराजित भएका थिए। युद्धमा पराजयपछि असुरहरू पूर्व गए र किन्नर भूमिको स्थापना गरे। यो आज भारतको हिमाञ्चल प्रदेश भनेर चिनिन्छ। यो प्रदेश नेपालको पश्चिममा पर्दछ।" ईमानसिंह चेम्जोङका अनुसार-देवासुरको युद्धमा उत्तरबाट आएका मङ्गोल जातीले किन्नर देशमा आक्रमण गरे र किरातहरूका पुर्खा असुर, दस्यु, मरूत र अन्य वंशहरूसँग रगत मिसाए, जसले गर्दा विशाल किरात जाती बन्यो। नेपालमा बसोबास गर्दै आएका किरातहरूका पुर्खा कहिले नेपाल आइपुगे ? भन्ने कुरा यकिन गर्न नसके पनि कांगडा उपत्यकाबाट मानव समूहका थुप्रै हुल्हाहरू नेपालसम्म आएका तथ्यहरूलाई नकार्न सकिन्न।

३.२ धार्मिक ग्रन्थहरूमा किरात :

मध्यभारतमा विन्ध्याचल पहाडको वरिपरि स्थानीय कुलकविलाका राजाहरू थिए । यो स्थानमा किरातहरूको प्रख्यात जनपद रहेको पाइन्छ। यो स्थानमा नै किरातहरूका कुलिन्द, सवर, मुनिवर थरहरूको पनि बसोबास थियो। महाभारत र पुराणमा किरातहरू बारे थुप्रै प्रसङ्गहरू उल्लेख गरिएका छन्। भगवान शिव नै किरातेश्वर महादेवका रूपमा धनुर्धारी अर्जुनलाई दर्शन तथा पाशुपतास्त्र दिएको कुरा महाभारतमा उल्लेख भएको पाइन्छ। त्यस्तै हिन्दू धर्मशास्त्रका थुप्रै पुस्तकहरूमा किरातहरू बारे चर्चा गरिएको पाइन्छ। कामरूपका राजा भगदत्त, घटोत्कच आदि प्रख्यात किरात योद्धाहरूले महाभारतका युद्धमा भाग लिएको कुरा वर्णन गरिएको पाइन्छ। किरात जाती वारे वैदिक संस्कृत साहित्यमा अनेकों प्रसङ्गहरू पाइन्छन्। उनीहरूको थातथलो, स्वभाव र शारीरिक वनौट वारे प्रसस्तै चर्चा गरिएका छन्। ती मध्ये केही यस्ता छन्।

- निषादश्चपचावन्तेवासि चाण्डालपुक्कसाः।
  भेदाः किरातशंबरपुलिन्दा म्लेच्छजातयः॥
  अमरकोश २।१०।२०।२।१

- तप्तकुण्डं समारभ्य रामक्षेत्रान्तकं शिवे।
  किरात देशो विज्ञेयो विन्ध्यशैलेऽवतिष्ठते॥
  वाचस्पतिशास्त्र : अमरकोश

- किरातः, भूनिम्बः-राजनिघण्टु
  किराततिक्तः किरातः भूनिम्ब, तद्वततिक्तः।
  (शब्दकल्पद्रुम पृ. ९२८)

- असृजत्पल्लवान् पुच्छात् प्रश्नवाद् द्रविडान् शकान्।
  योनिदेशाच्च यवनान् शकृतः शबरां वहुन्॥
  मूत्रतश्चासृजत् कांश्चित् शवरांश्चैव पार्श्वतः।
  पौण्ड्रान किरातान् यवनान् सिंहलान् बर्बरान् खसान्॥
  (महाभारत आदि पर्व)

माथि उल्लेखित संस्कृत श्लोकहरूमा उल्लेखित किरात, यवन, शक, हूण, पौण्ड्र, खस, द्रविण आदि आर्यहरूभन्दा भिन्न जातीहरू थिए। बसोबास र आगमनका हिसाबले किरातहरू हिमालय पहाड दक्षिण, यवन जाती यूरोपवासी र शक जाती ईरान उत्तरतर्फका वासिन्दाहरू मानिन्छन् । त्यस्तै हूण साईबेरिया तथा मङ्गोलिया, खस काश्मिर/गढवाल र द्रविणहरू दक्षिण भारत तर्फका देखिन्छन्। उनीहरूको रीतिथिति, संस्कार र परम्पराहरू सर्वथा भिन्न भएकाले आर्यहरूले उनीहरूलाई संस्कार विहिन म्लेच्छ, चाण्डाल र निषाद आदि भन्दथे। वास्तवमा उल्लेखित जातीहरू आर्यहरूभन्दा कम विकसित थिएनन्। सिन्धु घाँटी सभ्यता, ह्वाङहो सभ्यता, असिरियन एवं सुमेरियन सभ्यताहरू हरेक दृष्टिकोणहरूबाट उच्च थिए। आर्यहरू लडाकु भन्दापनि बढी षडन्त्रकारीहरू भएकाले आफुभन्दा उच्च, शक्तिशाली र विकसित सभ्यताहरूलाई पराजित गर्दै गंगा मैदानसम्म आइपुगेको तथ्य घाम जत्तिकै छर्लङ्ग छ।

३.३ प्राचीन साहित्यहरूमा किरात :

संस्कृत साहित्यका धेरै पुस्तकहरूमा किरात जातीबारे चर्चा गरिएका छन्। महाभारत, रामायण जस्ता ग्रन्थहरू बाहेक चाणक्य, कालिदास, भारवी आदिका साहित्यिक ग्रन्थहरूमा समेत हिमालय पर्वततिर बसोबास गर्ने जातीहरूलाई किरात भनेर सम्बोधन गरिएको पाइन्छ।

- असृजत्पल्लवान् पुच्छात् प्रश्नवाद् द्रविडान् शकान्।
  योनिदेशाच्च यवनान् शकृतः शबरां वहुन्॥
  मूत्रतश्चासृजत् कांश्चित् शवरांश्चैव पार्श्वतः।
  पौण्ड्रान किरातान् यवनान् सिंहलान् बर्बरान् खसान्॥
  (महाभारत आदि पर्व)

- निषादसचपचावन्तेवासि चाण्डालपुक्कसाः।
  भेदाः किरातशंबरपुलिन्दा म्लेच्छजातयः॥
  अमरकोश २।१०।२०।२।१

- तप्तकुण्डं समारभ्य रामक्षेत्रान्तकं शिवे।
  किरात देशो विज्ञेयो विन्ध्यसैलेऽवतिष्ठते॥
  वाचस्पतिशास्त्र : अमरकोश

- कैरातिका कुमारिका सका खनती भेषजम्।
  अ.व.का.१९१० सू.४ मं.१४

३.४ प्राचीन किरात इतिहास :

किरात जातीका पुर्खाहरूको नेपालमा कहिले र कसरी आगमन भएको हो भन्ने बारेको छोटो चर्चाबाट थालनी गरौं। व्रिटिश इतिहासकार पर्सिभल ल्याण्डनको अनुसार किरातहरू द्वापर युगमा नेपालमा आई राज्य स्थापना गरेको भनी उल्लेख गर्दछन्। केही लिम्बू वंशावलीहरू अनुसार नेपालमा किराती मानव समूहहरू मध्ये मुनातेम्बेबाट सिधै हिमालय दक्षिण प्रवेश गरी पाखापखेराका जग्गाहरूमा बसोबास गरेका हुन्। नेपाल प्रवेश गरेको किरातको पहिलो समूह यक्केनावा वंश भनेका छन्। त्यसैगरी इतिहासकार ईमानसिंह चेम्जोङका अनुसार मुनातेम्बेबाट बसाईं सरी पर्सियादेखि उत्तरपूर्व दिशामा हाल किर्गिस्तान र ताजाकिस्तानको नजिकै, तिव्वतको सुदुर पश्चिममा रहेको मैदानमा आएर बसे। उनीहरू कासीवंशी आदिवासी थिए। उक्त ठाँउको नाम काशी राखे। कालान्तरमा त्यहाँबाट एक समूह बेबिलोनमा गई बसे, त्यहाँबाट एक समूह अफगानिस्तानमा गएर बसे। धेरै समयपछि त्यहाँबाट एक

समूह हालको कुमाउँगढको शिरमोडमा पुग्यो । त्यहाँबाट एक समूह हिन्दुस्थानको गङ्गा नदीको मैदानी भाग सुकीकाङ्गीमा बसे र त्यसलाई उनीहरूले काशी नाम दिए । सिङमाङगढमा कासी आदिवासीहरूले आफ्नो सभ्यताको विकास गरे । कालान्तरमा सिङमाङ्गढमा जनसङ्ख्याको चाप वढेसँगै केही समूहहरू नेपालको विभिन्न ठाउँमा प्रवेश गरे र आफ्नो नयाँ बस्तीहरू बसाले ।

सिङमाङगढबाट एक समूह इ.पू.८०० तिर यलम्बरको नेतृत्वमा नेपाल खाल्डोमा प्रवेश गरी अहिरवंशी राजा भुवनसिंहको राज्यमाथि आक्रमण गरी राज्यसत्ता कब्जा गरे । सिङमाङगढबाट अर्को समूह डोटी, प्युठान, जिरी, पाल्पातिर गएर बसे भने एक समूह तराईका मोरङतिर पुगे । मोरङतिर पुगेकाहरू कालान्तरमा धिमाल, मेचे, कोचे भए । समय अन्तरालमा अर्को एक समूह त्रियुगाखोला तरेर ख्वालुङ, रावा, लिखु भन्ने ठाउँमा पुगे र उनीहरू बोरबोङ्वा राई भए । सिङमाङगढबाट एउटा निकै ठूलो समूह लुक्थुक्योको नेतृत्वमा फेदापमा आइपुगेको थियो । उनीहरू स्थानीय भाइफुट्टा वंशसँग एकाकार भइ त्यहाँको वनजंगल फँडानी गरी बसे । इतिहासकारहरूका अनुसार फेदाप (लिम्बूवान) मा चारतिरबाट चार मानव समूहको आगमन भएको थियो ।

- पहिलो समूह सन् ६०० तिर श्यानमकवान वंशका सरदार र ३ पुरोहितको नेतृत्वमा पूर्व आसामतिरबाट फेदाप (लिम्बूवान) मा आएर त्यहाँका आठ आपुङ्गी राजाहरूसँग मिलेर बस्नथाले तर पछि उनीहरू बीचमा युद्ध भएको थियो ।
- दोस्रो समूह सन् ६०० तिर नै श्यानमकवान समूहकै मुङमावरोङ्को नेतृत्वमा अर्को ठूलो मानव समूह नेपालको पूर्वी तराईमा आएर मोरङ राज्य स्थापना गरे । लिम्बूवान राजाहरूले मोरङ राज्यमा आक्रमण गरेपछि राजा मुङमावरोङ तिब्बतका राजा स्रङ्चङ्गम्पोको शरण पर्न गए । केही समयपछि स्रङ्चङ्गम्पोको सैनिक वलको सहयोगमा राजा मुङमावरोङले लिम्बूवान राज्य समेत कब्जा गरे ।
- तेस्रो समूहमा, तिब्बतका राजा लासाहाङलाई धर्मको विवादमा त्यहाँका भोटेहरूले हत्या गरी उनका कान्छा छोरा चाङवाहाङलाई राजा बनाए । भाइ राजा भएपछि लासाहाङका जेठा छोरा उवाहाङले आफु अन्याय र अपमान भएको ठानी आफ्नो समर्थकहरू लिएर नेपालको ताप्लीजोङमा आइपुगे । उनीहरू त्यहाँका काशीवंशीसँग मिलेर बस्न थाले । उनकै वंशमा माबोहाङ महापुरूषको जन्म भएको र उनकै नामबाट यस वंशको नाम माबोवंश भएको भनिन्छ । हाल करिब ३५ वटा वंशहरूमा विभाजन भएको यो वंश तमोरखोला क्षेत्रको सबैभन्दा ठूलो लिम्बू वंश समूह भएको छ । यसै वंश समूह मध्येको एउटा समूह कालान्तारमा इलामको चेम्फुवाजोङमा आइपुग्यो ।
- त्यस्तै चौथो समूह काशीवंशीहरू जो सिङमाङगढ हुँदै नेपाल प्रवेश गरेका थिए । यो वंश समूह पश्चिम तर्फ पाल्पा तथा प्युठानसम्म फैलिए । यस्तै यही वंशका यलम्वर काठमाण्डौ यपत्यका प्रवेश गरी त्यहाँ आफ्नो राज्यसत्ता स्थापना गरेको देखिन्छ । यसै वंश समूहको अर्को हाँगो सुनकोशी नदीको तटीय क्षेत्रमा पुगेर बारबोम्बा (सुनुवार) हरू भए । यो वंशको एउटा हाँगो मोरङको तराई क्षेत्रमा समेत पुगेको देखिन्छ ।

केही याक्थुङ लिम्बू वंशावलीहरूमा फेदापका राजाका रूपमा साम्युकहाङको नाम उच्चारित गरिएका छन् । केही लिम्बू वंशहरूले सोही वंशलाई आफ्नो वंश भएको दावी पनि गरिरहेका छन् । यद्यपि ती साम्युकहाङ को थिए ? र उनको वंश कुन हो ? भन्ने यकिन गर्न सकिएको छैन । उनको राज्यसत्ता विरूद्ध मधेशबाट आउने वाजदेवको समूहले उत्तरतर्फका ताङसाङथाहरूको सहयोगमा विद्रोह गरे । यो विद्रोहले साम्युकहाङलाई सत्ताबाट हटाई वाजदेवलाई फेदाप लाजेको राजा बनायो । राजा वाजदेव त्यस समयमा हिन्दुधर्मको प्रभावमा परिसकेका थिए र हिन्दू धर्म मान्दथे । त्यसैले उनले आफ्नो नामलाई वाजहाङबाट वाजदेव राखेका थिए । उनको शेषपछि फेदाप लाजेमा शंखदेव, देवशंख, देवापुर, देवभिक्षुक, देववल्क, देवपन्तुक, सोतुमहाङ, लिम्बूहाङ, लिजेहाङ, मर्पुगहाङ, देन्देहाङ र कुन्दुङजापाहाङ गरी जम्मा १२ पुस्तासम्म राज्य गरेका थिए भन्ने प्रसङ्गहरू इतिहासकार इमानसिंह चेम्जोङले उल्लेख गरेका छन् । तर इतिहासमा उल्लेखित यो कुन वंश हो ? यकिन गर्न सकिएको छैन ।

मिक्वाखोलाका राजा कुन्दुङजापाहाङका जेठो छोरा मुन्धुङगेहाङ, माइलो साङधुङगेहाङ, साइलो कनेहाङ र कान्छो कचुहाङ समेत ४ भाइ छोराहरू थिए भन्ने उल्लेख गरेको पाइन्छ। कुन्दुङजापाहाङले आफ्नो मृत्युभन्दा अघि नै फेदाप लाजे (फेदाप राज्य) लाई चार भागमा विभाजन गरी चार छोराहरूलाई बाँडिदिएका थिए भन्ने कुरा चेम्जोङले लेखेका छन्।

क. जेठो मुन्धुङगेहाङलाई तम्बर र मेवागाउँ दिई त्यहाँका राजा बनाए।
ख. माइला साङधुङगेहाङलाई पाँचथर याङरोक गाउँ दिई त्यहाँको राजा बनाए।
ग. साईला कनेहाङका छोराहरू हाङयुङवाले मैवाखोला र हाङसेङवाले पाँचखपन राज्य लिएका थिए।
घ. कान्छो कचुहाङलाई संखुवा उत्तरका गाउँहरू दिई त्यहाँका राजा बनाए।

साङधुङगेहाङ सेरेङ लङवा वंशावलीका अनुसार- “तेन्देहाङका छोराहरू मुन्धुङगे र साङधुङगे दुईभाइ मात्र हुन् र उनीहरू जुम्ल्याहा जस्ता देखिन्छन्। उनीहरूको बाबुको नाम भने कुन्दुङजापाहाङ नभई तेन्देहाङ (देवा लाजे) भनिएको छ। वास्तवमा मिक्वाखोला क्षेत्रका सेरेङ, लिवाङ र थलङका पुर्खाहरू मुन्धुङगे र साङधुङगेका बाबु तेन्देहाङ नै हुन्, कुन्दुङजापाहाङ होइनन्।”(लङवा २०७९ : १०)

मुन्धुङ्गे र साङ्धुङ्गेका बाबु कुन्दुङचापाहाङलाई आफ्ना पुर्खा वताउने थुप्रै लिम्वू वंशहरू देखिन्छन्-खेवाङ, येक्तेन, थोप्रा, फागो, सेरेङ आदि। खेवाङहरूले आफ्नो पुर्खाहरू साङ्दुङ्गे र वाङ्दुङ्गे बताउँछन् भने यैक्तेनले याङ्वरकका साङ्धुङ्गेका वंशज मानेर वंशावली प्रकाशित गरिसकेका छन्। त्यस्तै थोप्राहरूले मुन्धुङ्गे र साङ्धुङ्गेका कान्छा भाई चाङ्वो लामाको सन्तान हौं भनेर दावी गर्दै आफ्नो वंशावली प्रकाशन गरेका छन्। उता फागु (वनेम, चङवाङ, तेम्वे, यक्तुक, ओखाबु, सियम, फावेन) हरूले मुन्धङ्गे र साङ्धुङ्गेका साइला भाइ कनेहाङका सन्तानका रूपमा वंशवृक्ष तयार गरेर आ-आफ्नो वंशावली प्रकाशन गरिसकेका छन्। मिक्वाखोलाका सेरेङ (साम्याङखाम, लङवा, चङवाङ, मादेन, हाङ्गाम, लिङथेप, नाल्वो, केदेम र तुम्वाहाङ्फे) हरूले आफूलाई तेन्देहाङका छोरा साङधुङ्गेका सन्तानहरूका रूपमा उल्लेख गर्दै आ-आफ्नो वंशावली लेखन तथा प्रकाशन गरिरहेका छन्।

वास्तवमा मिक्वाखोला क्षेत्रका मुन्धुङगे र साङधुङगेका सन्तानहरू ई.पू. १००० अर्थात ३,००० वर्ष अघिदेखि नै यस भूगोलमा बसोबास गरिहेको अवस्थाले इमानसिंह चेम्जोङले भनेजस्तो वाजदेवका सन्ततिहरू वा काशीथाङवा नभई ताङसाङथावंशी हुन् भन्ने कुराको नजिक देखाउँछ। फेदापमा राज्य गर्ने वाजदेव मधेसबाट आएका किरात वंशका हुन् भन्ने देखिन्छ र उनलाई ताङसाङथा वंशले साम्युकहाङलाई पराजित गर्न सहयोग गरेका थिए। अत्याचारी शासक साम्युकहाङ भाइफुट्टाहाङ (भूईंफुट्टाहाङ) लुक्थुयो वंशका अन्तिम राजा थिए। उनले फेदापमा पराजित भएपछि आफ्नो राजधानी लिवाङमा सारेका थिए भन्ने कथन पनि पाइन्छ। थलङ तथा नाल्बो वंशावली अनुसार साम्युकहाङ नाल्बुमा पनि बसेका थिए, जहाँ उनको पराजय भएको थियो। यो ठाउँलाई अहिले साम्युङ भनिन्छ। फेदाप राज्यका शासक साम्युकहाङको राजधानी नाल्बुको साम्युङमा समेत देखिनुले वास्तविक फेदाप कहाँ हो भन्ने वारेमा अलमलमा परेको देखिन्छ। कतिपयले फेदाप राज्य तेह्रथुम क्षेत्रलाई बताईरहँदा फेदापको साँध सिमानाबारे पनि थोरबहुत मतभिन्नता रहेको पाइन्छ। इतिहासकार ईमानसिंह चेम्जोङले किरात इतिहासमा उल्लेख गरेको फेदाप राज्यको सिमाना यस्तो छ- “तिनताक फेदाप देशको उत्तर साँध तम्बर, पूर्व याङरोक, दक्षिण पाँचथर र पश्चिम दूधकोशी भएको थियो।”(चेम्जोङ २०५९ ख : १५)

३.५ नेपाल खाल्डोमा प्राचीन किरातहरूको शासन :

प्राचीन किराती राजा यलम्बर (एलम, येलुङ, यलम्बर, यलम्बरहाङ) र उनका सन्ततिहरूले नेपाल खाल्डोमा शासन गरेको बारेमा विभिन्न विद्वान तथा इतिहासकारहरूले आफ्नो मतलाई विभिन्न प्रकारले राखेका छन्। इतिहासकार शिवकुमार श्रेष्ठ डा. गोपाल शिवाकोटीका अनुसार-नेपाल खाल्डोमा किरात राजा यलम्वरले महिषपालवंशी राजालाई पराजित गरेर राज्यसत्ता स्थापना गरेका थिए। इतिहासकार डेनियल राईटका अनुसार अट्ठाईसौं पुस्ताका

राजा पटुकको अत्यन्त निर्मम तरिकाले हत्या भएको थियो। अन्ततः उनका छोरा गास्तीले काठमाण्डौ उपत्यकाबाट पलायन भएपछि त्यहाँको शासनभार लिच्छवीहरूले लिएका थिए।

उता मावोहाङ र ढुङ्गेलका अनुसार-नेपाल खाल्डोमा पहिलो किरात वंशका सोह्रौं पुस्ताका राजा कुकोहाङका पालामा सोमवंशी राजा निमिषले आक्रमण गर्दा कुकोहाङ पराजित भई तिब्बततर्फ लागे। चार पुस्तापछिका भोट (दिगर्चा) का राजा मुरेहाङ (सिन्युकहाङ) को पालामा तिब्बतमा भोटे लामा र किरातहरूबीच धर्म र वंशको सवालमा मतभेद भएर शत्रुता बढेपछि राजा मुरेहाङले सिफा गुम्बाका टेछेन लामाको हत्या गरे। भोटे लामाहरूले बदलाको योजना वनाएपछि राजा मुरेहाङ भोटे लामाहरूको शक्तिदेखि डराएर आफ्नो सेना र कुलकविला सहित दक्षिणतर्फ लागि पुनः नेपाल खाल्डोमा सोमवंशी राजामाथि आक्रमण गरी उपत्यकामा कव्जा जमाए। राजा मुरेहाङले आफ्नो पालामा सामाजिक सुधारका कामहरू समेत गरेका थिए। उनले तामा र चाँदीका सिक्का पैसाको चलन चलाए। त्यस्तै नापतौलका लागि माना, पाथी र तौलको लागि तुलोको चलन समेत चलाए। उनले विभिन्न प्रकारका सामाजिक, आर्थिक तथा धार्मिक नियमहरू समेत बनाए। आफैंले कपडा बुनी आफैले सिलाएर लाउने चलन बसाले। उनले भोट र भारतमा व्यापार्‌रू गराए।

अठारौं पुस्ताका राजा जुलुमहाङ्ले खानीबाट तामा, फलाम निकाली प्रशोधन गरी हातहतियार, भाँडावर्तन बनाउन लगाए। शत्रुको आक्रमणबाट बँच्नका लागि विभिन्न ठाउँहरूमा गढी, किल्लाहरू बनाई सेना तैनाथ गराए। गोरेटा बाटाहरू र ठाउँठाउँमा फड्के पुलहरू बनाए। सबै जनता मिली नाउ बनाउने र ठूला नदीहरूमा नाउबाट तर्ने र घाटको व्यवस्था समेत गरेका थिए।

तेत्तिसौं पुस्ताका राजा योक्नेहाङको पालामा नेपाल खाल्डोमा लिच्छवि वंशका राजा भूमि वर्माले आक्रमण गरे र दुई राजाहरूका बीचमा भीषण लडाईं भयो। उक्त लँडाईंमा दुवैतर्फका धेरै सेनाहरू र धनजनको हताहत भयो। योक्नेहाङको मृत्युपछि उनका छोरा जेठा लिलिमहाङ राजा भए। लिलिमहाङको पालामा पनि लिच्छवी राजाहरूले दुःख दिइरहेकोले खोलापारी गई शक्ति सञ्चय गरी नेपाल खाल्डोमा आक्रमण गरी पुर्खाको राज्य फिर्ता लिउँ भनी भाइलाई सल्लाह दिए। तर भाइ खामसोसोहाङले- "म त पारी जान्न यहीँ बसेर शक्ति सञ्चय गर्छु र नेपाल खाल्डोमा हान्छु" भनेपछि लिलिमहाङले आफ्नो पक्षका सेना र कुल कविलाहरू लिएर सुनकोशी, दूधकोशी, तामाकोशी, अरूण नदीहरू तर्दै छथरको ताक्लुङदेन सुसुवादेनमा गढी बनाई वसोवास गर्नथाले। कालान्तरमा उनको वंश स्थानीय खाम्वोङवा लुम्वोङ्वा याक्थुङ/लिम्बू जातीमा समाहित भयो।

उता खामसोसोहाङले लिच्छवीहरूको पीर सहन नसकी उनले पनि आफ्नो सेना कुलकविलाहरू त्यहाँबाट उठाई अरूण पश्चिम दूधकोशी पूर्व उदयपुरमा गई आफ्नो नयाँ राज्य स्थापना गरे। पछि उनका सन्ततिहरू खम्बू अर्थात राई जातीमा परिणत भए। यद्यपि, जुनबेला नेपाल खाल्डोमा किरातहरूले शासन गरिरहेका थिए, सोही समयमा नेपाल खाल्डो पूर्वका चौवीसे भूभाग सहितका पहाडी क्षेत्रहरू, तथा मोरङका मधेस क्षेत्रहरूमा स्थानीय खाङबोङवाहरूको शासन चलिरहेको थियो। तिनीहरूमा संयक, खादी, खजूम, मुवेरू, हवेरू, हाङ्वेरू, सेमेरू र खेवा आदि प्रमुख थिए।

ई.पू. ९०० देखि नेपाल खाल्डोमा राज्य गर्ने किरात राजाहरूको तुलनात्मक शासनविधी तथा वंशावली

किर्कप्याट्रिक				डेनियल राइट		गोपाल राजवंशावली			मावोहाङ र बुङ्गेन	नरहरिनाथ	सिल्भा लेभी	इतिहास प्रकाश
क.सं	राजाहरु	शासनकाल		राजाहरु	वर्ष	राजाहरु	शासनकाल					
		वर्ष	महिना				वर्ष	महिना				
१	येलुङ	९०	०३	यलम्बर	१३	एलम	९०	००	एलम्बरहाङ	यलम्बहाङ	येलुङ	यलम्बहाङ
२	इम्बुम	३३	००	पवी	अज्ञात	पमी	७९	०३	पलम्बाहाङ	पवि्वहाङ	पम्वी	पांचीहाङ
३	बलान्च	३१	०६	स्कन्धर	„	धस्क	३३	००	मिलम्बाहाङ	स्कन्धहाङ	धस्कम	स्कन्धहाङ
४	किंग्ले	४१	०१	बलम्ब	„	वलंच	३१	०६	चाङ्मीहाङ	वलंभहाङ	वलम्ब	वलम्बहाङ
५	हुनान्तर	५०	००	हृती	„	हृती	४१	०१	धुम्कर्णाहाङ	हृतिहाङ	हृती	हृतिहाङ
६	तुष्टबह	४१	०८	हुमती	„	हुमती	५०	००	हुमतिहाङ	हुमतिहाङ	हुमति	हुमतिहाङ
७	सुपुष्ट	३८	०६	जितेदास्ती	„	तुम्क	४१	०८	वालुमहाङ	जितेदास्तीहाङ	जितेदास्ती	जितेदास्तीहाङ
८	पर्व	५६	००	गलि	„	शुपस्थ	३८	०६	तुम्केहाङ	गलिञ्जहाङ	गलिञ्ज	गलिंजहाङ
९	जितेदास्ती	६०	००	पुष्क	„	पर्व	५६	००	हुमेमतिहाङ	पुष्कहाङ	पुष्क	स्याम्बहाङ
१०	पन्चम	७१	००	सुयर्मा	„	जितेदास्ती	६०	००	प्रस्पुहाङ	स्वयम्बहाङ	सुयम्ब	पर्वहाङ
११	किङकिङ	५६	००	पर्व	„	पंच्च	७१	००	पविहाङ	पर्वहाङ	पर्व	पंछुहाङ
१२	सुनन्द	५०	०८	बुक	„	कंकंक	५६	००	दासिहाङ	पन्चहाङ	बुक	गिङ्गिहाङ
१३	थोमो	५८	००	स्वनन्द	„	स्वनन्द	५०	०८	चाम्बेहाङ	किकेहाङ	कंम्के	नन्दहाङ
१४	जेंघो	६०	०१	स्थुंको	„	थुंको	५८	००	केकेहाङ	स्वनन्दहाङ	स्वनन्द	थुकेहाङ
१५	जेनेरेओ	७३	०२	गिघ्री	„	गिघ्र	६०	०२	सुनन्दाहाङ	थुंकोहाङ	स्थुंको	थोरहाङ
१६	स्वीरब	६०	०१	नाने	„	जन्य	७३	०२	कुलोहाङ	गिंघ्रिहाङ	गिंघ्रि	थोकोहाङ
१७	थोर	८१	००	लुक	„	लुक	६०	०१	मुरेहाङ	नन्यहाङ	नाने	ब्रम्महाङ
१८	थाम्मो	८३	००	थोग	„	थोर	७१	००	जुलुमहाङ	लुकहाङ	लुक	गुन्जहाङ
१९	बर्म	७३	०६	थोको	„	थोक्को	८३	००	लेकेकहाङ	थोरहाङ	थोर	केलुहाङ
२०	गुन्जेह	७२	०७	बर्म	„	बर्म्म	७३	०६	थोरिङहाङ	थोकोहाङ	थोको	सुगहाङ
२१	कुस्कन	४८	००	गुज	„	गुंज	७२	०७	थुकोहाङ	बुम्महाङ	बर्म	संसहाङ
२२	तिस्मो	५६	००	पुष्कर	„	पुस्क	८१	००	वर्माहाङ	गुन्जहाङ	गुंज	गंजहाङ
२३	सुग्मी	५९	००	केन्सु	„	त्यस्नु	५६	००	गन्जाहाङ	पुष्कहाङ	पुस्क	स्कन्धहाङ
२४	जोसा	६४	००	सुग	„	भुग्म	५८	००	पुस्काहाङ	केशुहाङ	केन्सु	लिम्बुहाङ
२५	गोन्दो	७४	००	शंम	„	शम	६३	००	खम्पिहाङ	सुङ्हाङ	सुम्गु	खास्तीहाङ
२६	खेम्बु	७४	००	गुनन	„	गुन	७४	००	पुगोहाङ	संसहाङ	संस	...
२७	गलिङ्ग	८१	००	शिम्बु	„	खिंबु	७४	००	मङ्खोहाङ	गनन्जहाङ	गुनाम्जा	...
२८	...	...	...	पटुक	„	गलिज	८१	००	गुलोकहाङ	खिंबुहाङ	शिम्बु	...
२९	...	...	...	गास्ती	„	...	...	...	खिम्बुहाङ	गास्तीहाङ	पटुका	...
३०	...	...	...	...	...	...	...	...	निकेहाङ	...	गास्ती	...
३१	...	...	...	...	...	...	...	...	सुरन्जीहाङ	...	...	...
३२	...	...	...	...	...	...	...	...	खिबुक्हाङ	...	...	...
३३	...	...	...	...	...	...	...	...	योन्नेहाङ	...	...	...
	जम्मा	१६६०	०१		१११८	जम्मा	१९८३	०८	तालीका साभार : उत्तम कुमार लिङथेप			

नेपालको इतिहासमा किरातहरूको सन्दर्भ गोपाल राजवंशावली, कर्कपेट्रिक, राईट वंशावली, भाषा वंशावली तथा राजभोगमाला वंशावली आदिमा उल्लेख गरिएका विवरणलाई नै स्रोतहरूका रूपमा प्रयोग गरिरहेको अवस्था छ। यी वंशावलीहरूले उल्लेख गरेका विभिन्न राजाहरू र उनीहरूका शासनकालको वारेमा समय र क्रम फरकफरक देखिन्छन् । किरात शासनकालको अवधि गोपालराज वंशावलीले २८ पुस्ता, कर्कपेटिकले २७ पुस्ता, राईट वंशावलीले २९ र इतिहास प्रकाशले २५ पुस्तासम्म भएको भनी उल्लेख गरेका छन्। त्यसैगरी राजा यलम्वरको शासनकाललाई गोपाल राजवंशावलीमा ९० वर्ष, कर्कपेटिकले ९० वर्ष ३ महिना भएको उल्लेख गरेका छन्। त्यस्तै राजाहरूको पुस्ता क्रम पनि तलमाथि परेको देखिन्छ। राजा जितेदास्तीलाई डेनिलयल राइटले सातौं, पेट्रिकले नवौं र गोपाल राजवंशावलीले बाह्रौं क्रममा राखेका छन्।

काठमाण्डौ उपत्यकामा शासन गर्ने प्रथम किरात राजा यलम्वरलाई भिन्नभिन्न श्रोतहरूले भिन्नभिन्न नामहरू दिएका छन् । ती प्रथम किरात राजालाई कर्कप्याट्रिकले येलुङ, डेनियल राईटले यलम्वर, गोपाल राजवंशावलीले एलम, माबोहाङ र ढुङ्गेलले एलम्वरहाङ, योगी नरहरीनाथले यलम्वरहाङ, सिल्भा लेभीले येलुङ र ईतिहास प्रकाशनले यलम्बहांग भनेर उल्लेख गरेको पाइन्छ। सातौं पुस्ताका राजा जितेदास्तीलाई महाभारतकालीन राजा मानिन्छ। चौंधौं पुस्ताका स्थुंको (थुंको) को समयमा सम्राट अशोक नेपाल आएका थिए भनेर इतिहासमा पाइन्छ।

यसरी किरात इतिहासको सम्वन्धमा विभिन्न प्रकारका विचारहरू आए तापनि नेपालमा राईट वंशावलीलाई आधिकारिक मान्ने चलन वढेर गएको छ, जसको आधारमा नेपालमा किरात राजाहरूले २९ पुस्ता शासन गरेको मानिन्छ। यी माथिका सबै वंशावलीहरूको अध्ययन गर्दा कुनै वंशावलीमा राजाको सङ्ख्या बढी र कुनैमा कम रहेको पाइन्छ। राजाहरूको पुस्ता क्रममा पनि तल माथि परेको देखिन्छ। यसबाट प्राचीन किरात राजाहरूको निश्चित पुस्ताक्रम र समय पत्ता लगाउन धेरै कठिन छ।

किरात शासनको पतन शुरू भएपछि उनीहरू क्रमश: पूर्वतर्फ सर्दैगए भने कतिपय किरातहरू उपत्यकामा नै छोडिए । नेपाल खाल्डोमा छाडिएका किरातहरूलाई राजा जयस्थिति मल्लले जाती विभाजन गर्दा नेवार किरातहरूलाई विभिन्न समूह उपसमूहहरूमा विखण्डन गरी उनीहरूको पहिचान नष्ट गरे र पूर्वतिर लागेका किरातहरूले मात्र आफ्नो पहिचान जोगाउन सके। शाहवंशको उदय हुनुभन्दा अगाडिसम्म उपत्यका र अझै पूर्वी भागहरूमा किरातहरूका स-साना राज्यहरू चलिरहेका थिए।

❑❑❑

भाग-४
याक्थुङ/लिम्बू जातिको उत्पत्ति र विकास

४.१ लिम्बू जातिको उत्पत्ति :

नेपालको अरूण नदीपूर्व टिष्टा नदीसम्मको विस्तृत भू-भागमा बसोबास गर्ने भूमिपुत्रहरूलाई याक्थुङ लिम्बू जाति भनिन्छ। यो जाति यस क्षेत्रका सबैभन्दा पुरानो वासिन्दा हुन्। मुन्धुममा यहाँ बसोबास गर्ने मानिसहरूलाई खाम्जिरी खाम्बोङवा, लुङजिरी लुङबोङवाका सन्तान, सावा येत्हाङका सन्तान आदि नामबाट समेत पुकारिन्छ। कतिपय मुन्धुम तथा मीथकहरूमा “तामेन सा”, “सिन्युक मुदेन सा” पनि भनेर आउने गरेको पाइन्छ।

लिम्बू जातिको वारेमा व्याख्या र विश्वेषण गर्ने मूल आधार भनेको मुन्धुम नै हो। तर यो अति प्राचीनकालको अलिखित सिर्जना (हिन्दू वैदिक साहित्य भन्दा लगभग १००० वर्ष अघिको मानिन्छ), मौखिक साहित्य र इतिहास भएको कारणले गर्दा लिम्बू जातिले आफ्नो समुदायका बारेमा ठोस तथ्यहरू निकाल्न अति नै कठिन छ। त्यसैले विभिन्न थरीका लिम्बू जातिले आफ्नो विवरणहरू प्रस्तुत गर्दा दुविधायुक्त बन्नजाने संभावनाहरू रहन्छन्। तर पछिल्लो कालखण्डमा भने मुन्धुमको विचार उपर पनि प्रशस्तै वौद्धिक छलफल र बहसहरू हुनथालेका छन्। त्यसबाट कतिपय नौला तथ्यहरू प्रकाशमा आएकाछन् भने कतिपय नकारात्मक भावहरू पनि देखिन्छन्। वास्तवमा लिम्बू जातिका बारेमा भाषा, संस्कार, किपट प्रथा, चाडपर्वहरू लगायतका विषयहरू उपर सामाजिक अध्ययन अनुसन्धानहरू भए तापनि मानवशास्त्रीय अनुसन्धानहरू पर्याप्त मात्रमा हुनसकेका छैनन् र यस जातिको वारेमा भएका विषय अध्ययनहरू र त्यसउपरमा लेखिएका इतिहासहरू प्रायः परम्परागत विधि, स्रोत र तथ्यहरूमा नै आधारित रहेका छन्। त्यसैले, विभिन्न लिम्बू जातिहरू आफैले तयार गरेका अधिकांश वंशावलीहरूमा आफ्नो जाति तथा वंशको उत्पत्ति र इतिहासहरूका बारेमा प्रसस्तै विरोधाभासपूर्ण विचारहरूको मिश्रण भएको पाइन्छ। मीथक, मुन्धुम तथा प्राचीन इतिहासमा उल्लेख हुने भूगोल, पात्र, समय र घटनाक्रमको आपसी सम्बन्धको पुष्टि गर्न ज्यादै गाह्रो विषय हो। याक्थुङ लिम्बू जातिको सामाजिक संरचना, परम्परा र संस्कारहरूको विविधतापूर्ण स्वरूपका कारणले यस जातिको ठोस रूपमा सामाजिक तथा सांस्कृतिक अध्ययन गर्नु निकै नै कठिन कार्य वन्न गएको छ।

याक्थुङ्वा अर्थात् लिम्बूहरू को हुन् वा यो जातिको उत्पत्ति कसरी भयो भन्ने प्रश्नको उत्तर दिन त्यति सजिलो छैन। लिम्बू शब्दका वारेमा भाषा सम्वन्धीको आफ्नो अनुसन्धानात्मक पुस्तकमा डा. तुम्वाहाङ उल्लेख गर्दछन्, “भ्यान ड्रिम (१९८७) को विचार यस्तो छ, “लिम्बू” नेपाली भाषामा बनेको जातीय नाम हो र पूर्वी नेपालमा रहेको लिम्बूहरूको मातृभूमिलाई नेपाली भाषामा “लिम्बूवान” भनेर चिनिन्छ। उनले क्याम्पबेलको (१८४०, पृ. ५९५) सन्दर्भमा लिम्बू शब्द याक्थुङ्बाको गोर्खा अपभ्रंश हो कि भन्ने वारेमा आफ्नो शंका प्रकट गर्दछन्। अर्थात “याक्थुङ्बा” शब्द गोर्खा-आर्य (गोर्खा/नेपाली भाषा बोल्ने मानिस)हरूले वनाएको अपभ्रंश होइन। (तुम्वाहाङ, २०२२:१)। “वीर नेम्वाङका अनुसार छैठौं शताव्दिसम्म लिम्बूवान भूभागलाई “याक्थुङ लाजे” र लिम्बू समुदायलाई “याक्थुङ्वा” नै भनिन्थ्यो। इमानसिं चेम्जोङका अनुसार आठवंशी किरातसँगको युद्धपश्चात दशवंशी किरात राजाहरूले शासनसत्ता आफ्नो हातमा लिएपछि देशको नाम “लिम्बूवान” र देशवासीलाई “लिम्बू” भनिनुपर्ने निर्णय गरे अनुसार लिम्बू शव्द प्रयोगमा ल्याएको देखिन्छ। तर यो लिम्बू शव्द वि.सं १८३१ भन्दा अघि प्रयोगमा थियो थिएन अनुसन्धान कै विषय छ। हालसम्म प्राप्त कागजातहरूमा लिम्बू सरदार/राजाहरूलाई राजा पृथ्वीनारायण शाहले वि.सं १८३१ सालमा दिएको सन्धी लालमोहरको सम्वोधनमा “राई-लिम्बू” भन्ने उल्लेख गरी “माथि लेखिने लिम्बू कूलभाईलाई दियौं” भनी सर्वप्रथम “लिम्बू” शव्द प्रयोग भएको देखिन्छ। (लाओती, २०६२:४:६)

याक्थुङ लिम्बूहरू को हुन् भन्ने सम्बन्धमा केही तथ्य र भनाइहरू यसप्रकार रहेका छन्-

१. योक्तुम्बाका सन्तानहरू नै याक्थुङ्बा भए। (मावोहाङ/ढुङ्गेल २०६७:३७)
२. किराती भाषामा : यक-पहाड, थुम-जग्गा, बा-बासिन्दा हुन्छ। तसर्थ याक्थुम्बा भन्नाले पहाडि जग्गामा बस्ने बुझाउँछ। (चेम्जोङ २०५९ (१) : १८
३. यक भनेको लिम्बू भाषामा गढ हो। थुम, थुम्बा भनेको बस्ने ठाउँ, वीर मान्छे हो। यसैले समूहको रूपमा कुनै गढमा बस्ने वीरजाति वा पुरूष भएको समूह, वंश, जाति भन्ने अर्थ याक्थुङ शब्दले बोकेको छ (सुब्बा २०७७: २३)
४. लिङदेन वंशावलीका अनुसार याक्थुङ्बा शब्दको व्युत्पतिका सम्भावनाहरू निम्नअनुसार देखाइएका छन्-
   क) याक्+थुम/थुङ= याक्थुङवा/पा -चौरी चराउने जाति)
   ख) याक्+तुम/थुम+पा= याक्थुङवा/पा (यक्षलाई जित्ने जाति)
   ग) ञयाक्/याक्पे+तुम/थुङ+पा= याक्थुङवा/पा (प्रथम पहाडवासी जाति)
   घ) याक्/याक्पे+थुम+पा= याक्थुङवा/पा (पहाडी क्षेत्रका बासिन्दा, सु.प्रेमबहादुर माबोहाङ)
   ङ) यक्+तुम/थुङ+पा= याक्थुङवा/पा (गढीको रक्षक/मालिक)
   च) यक्+थुङ+पा= याक्थुङवा/पा (चौरी पालक जाति)
   छ) यक्+थुम/थुङ+पा= याक्थुङवा/पा (गढी भएको क्षेत्र)
   ज) यक्+हाङ= याकाहाङ= याक्थुङ्गहाङ (गडी भएको देशका राजा, लालमोहर)
   झ) येत्+हाङ=येकहाङ+याक्थुङ्गहाङ (येतहाङका सन्तान)

सावायेत्हाङ मुन्धुममा 'माङजिरी माङ याक्थुङ मेन्छाङविङ याप्मी तुम्बा' भनी श्रृष्टि वर्णनमा खाप्पुना मरङ्नालाई फेदाङ्मा/साम्वा/येवाले वर्णन गर्दछन्। लिम्बू समाजमा एकले अर्कालाई सम्मानित शव्दमा 'तुतुगेन तुम्याहाङ याक्लागेन सुहाङ सासे' भनी सम्वोधन गरिन्छ। वि.सं १८३१ को पृथ्वीनारायण शाहको लालमोहरमा 'तिमी तुतु तुम्याङ याक्थुङहाङ्का सन्तान हौ' भनी उल्लेख गरेका छन्। (लिङदेन वंशावली, २०६७: १०३/१०४)

४.२ लिम्बू जातिमा रहेका वंश र तिनका समूहहरू :
क) महावंश
संसारमा विभिन्न जाति तथा समुदायहरूका आ-आफ्नै वंश एकै रक्त सम्बन्ध भएका मानव समूह हुन्छन्। थुप्रै साना वंशहरूबाट एउटा ठूलो वंशसमूह निर्माण भएको हुन्छ। लिम्बू (याक्थुङवा) जातिका इतिहासलाई विश्लेषण गर्दा पनि धेरै थरीका वंशहरू मिलेर नै याक्थुङबा लिम्बू जातीय समूह बनेको देखिन्छ।

लिम्बू समुदायमा गोत्रको प्रचलन रहेको छैन। गोत्र संस्कृत शब्द हो। यसले कुनै खास वंशको मूलपुरूष भन्ने जनाउँछ। लिम्बू जातिले आफ्नो मूल पुर्खाको नामलाई मिङस्राको अर्थमा उच्चारित गर्ने गर्दछन्। त्यस्तै राईहरूले पाछा, याक्खाहरूले सामेलिङलाई गोत्रकै पर्यायवाची शब्दका रूपमा लिने गरेको पाइन्छ। लिम्बूहरूको जात-जाति, भाषा-भाषी वन्ने र टुट्ने क्रममा खास गोत्रको भन्दा पनि स्थानको विशेषण आउने र पछिल्लो उपजात, उपथरहरू निर्माण भएको देखिन्छ। त्यसैले लिम्बू समुदायमा वंश वा गोत्रको कुरा गर्दा खास कालखण्डका लिम्बू समूह वा कुनै खास नाम भएका स्थानहरूबाट लिम्बूवान क्षेत्रमा प्रवेश गरेका वा छुट्टिएका समूहलाई पछि तिनको स्थानविशेष विशेषणको रूपमा नाम लिएर सम्वोधन गर्दागर्दै उपथरहरू निर्माण भएको पाइन्छ। लिम्बू इतिहास तथा संस्कृतिका अध्येता उत्तम कुमार लिंथेपका अनुसार हालसम्म प्रकाशित लिम्बू वंशावलीहरू र उनीहरूको माङ्गेना मुन्धुमको आधारमा विश्वेषण गर्दा लिम्बू जाति भित्र ५ वटा महावंश, २९ वंश समूह (मिङ्श्रा) र करिव ३५० वंश (सङ/सुमा) रहेको पाइन्छ।

क्रम	ताङसाङथा (सिन्युक मुदेन)	कासीथाङवा (सौमर वंशी)	ताई/श्यान (मुनाफेन)	खाम्बोङवा लुङवोङवा	थोङ, सोङ तथा रोङ
०१	सेरेङ	फागो	सातरे	संयक	चारखोले
०२	लिवाङ/थमङ	सेनिहाङ चेंगिम	नेम्वाङ(याङदेम्बा)	फेदाप छौरे	इमेहाङ
०३	माबो		कन्दङवा	खादी	याम्सुहाङ
०४	लेक्वा		वोखिम	खजुम	
०५	इजम		पाङवरके	मुवेरु (लिम्लिङ)	
०६	क्याक (एनेङ)		पापो	हवेरु (वक्सेन)	
०७			खोयाहाङ	हाङवेरु (माङवा)	
०८			थेबे	सुमेरु (सेवा)	
०९			साँवा	खेवाङ	

तालीका साभार : उत्तमकुमार लिङथेप २०८०

ख) वंश (सङ/सुमा)

वंशको शाब्दिक अर्थ कुल, घराना वा खलक भन्ने हुन्छ। एकै रक्त समूहका निश्चित परिवारहरूको समूहलाई वंश भन्न सकिन्छ। लिम्बू भाषमा वंशको अर्थ सङ/सुमा भन्ने हुन्छ। चौवीसे क्षेत्रका युङसिङ्वा, तुम्वा, तुम्सा आदि सङ वा सुमा अर्थात वंशहरू हुन् । वंशको नेपालीमा पैचलित शव्द थर हो। कुनै निश्चित थरले उसको निश्चित पहिचान जनाउँछ। लिम्बू जातिभित्र लगभग ३५० वंश (थर) हरू रहेको पाइन्छ।

ग) मिङश्रा

कुनै एउटा व्यक्तिको छोरा, नाति, पनाति हुँदै हाँगा फाट्दै धेरै पुस्ताहरूमा धेरै सन्तानहरू बृद्धि भएका हुन्छन्। यद्यपि ती सन्ततिहरूका मूल पुर्खा वा रक्तवंश समूहको एउटै नाम हुन्छ, थुप्रै वंश वा कुल (सङ/सुमा) निर्माण भए तापनि एउटै वंश हुन् भन्ने साझा पुर्खा वा नाम चलिरहेको हुन्छ। यसरी थुप्रै वंशहरूले मान्दैआएको साझा पुर्खा वा नामलाई लिम्बू भाषामा मिङस्रा भनिन्छ। चौवीस थुमका १३ थरी लिम्बूहरूले साझा पहिचान, वंश वा पुर्खा भन्दै आएको नाम "सादिङ्गे तिङ्गेहाङले वारू कुवामिसा संयक" हो।

खस आर्यहरूले गोत्र, राईहरूले पाछा र याक्खाहरूले सामेलिङका रूपमा उच्चारण गरिने नाम वा पात्रहरू नै उनीहरूका आदिम पुर्खाहरू हुन्। अर्को शब्दमा भन्ने हो भने- खस आर्यहरूले उच्चारण गर्ने गोत्र शब्दको समतुल्य लिम्बू शब्द मिङस्रा हो। मिङस्रा शब्दले कुनै लिम्बू जातिको खास वंशको मूलपुरूष भन्ने जनाउँछ, जस्तै- सादिङ्गे तिङ्गेहाङ् संयक (संयक्पा)। संयक मिङस्राले चौबिस क्षेत्रका १३ थरी लिम्बूहरूलाई एउटै वंश समूह हुन् भन्ने जनाउँछ। विभिन्न कालखण्डमा संयक वंश टुक्रिदै १३ थर (सङ वा सुमा) मा विभाजित भएका हुन्। उनीहरूको साझा माङगेन्ना लुङधुङ पधे यक (कुरूले यक) हो। सरल शव्दमा भन्ने हो भने- एकै रक्त समूहका विभिन्न वंशहरूको साझा पुर्खा वा पहिचानलाई मिङ्श्रा भनिन्छ भने सो साझा पहिचान भएका वंशहरूको उत्पति र विकास भएको स्थानलाई माङ्गेन्ना लुङ्धुङ् (यक) भनिन्छ। यसको विस्तुत जानकारीका लागि तलको तालिकामा दिईएका तुलनात्मक विवरणहरू हेरौं -

(गोत्रको समतुल्यता तालिका)

क्रम	जाति	वंश	थरहरु	सगोत्री वंश	मूल पुरुष/महिला	पहिचान	उत्पत्ति
०१	खस आर्य	भट्ट	दाहाल	कुंवर, लम्साल, रुपाखेती, राणा	वत्स	गोत्र	दहगाउँ
०२	राई	चाम्लिङ	चाम्लिङ	नभएको	मालेकुङछा	पाछा/सामेई	कुङछा
०३	याक्खा	लिंखा	लिंखा	सोङरेन	लिङछामी-नुगामा	सामेलिङ	माम्लिङ
०४	लिम्बू	छोरे/सोदेम्बा	सुब्बाबा	फुदोङ, अङलिङ, थेगुबा, सिंजाङगो, थक्लेङ	ताप्पेसो पेरोहाङ	मिङसा	थक्ला यक

लिङथेप २०७६ : १२९

वास्तवमा कुनै लिम्बू वंशहरू एउटै हुन् भन्ने प्रमुख दुई आधारहरू मिङस्रा र माङगेन्ना यक हुन्। यी दुई पहिचानका आधारहरू एउटै भएको खण्डमा ती वंशहरू आदिमकालमा एकै वा एउटै व्यक्ति वा एकै वंशका सन्तान हुन् भन्ने जनाउँछ। लिम्बू जातिभित्र २० वंश समूह (मिङ्श्रा) हरू रहेको पाइन्छ।

माथि उल्लेखित विभिन्न वंश समूहहरू भित्र पनि आ-आफ्ना माङगेन्ना मुन्धुम, वंशावली लेखन र मिथकहरूका आधारमा भिन्नभिन्न वंश समूह बन्नथालेका छन्। कतिपय थर वा वंशहरू छुटेर जाने र कतिपय थरहरू जुट्ने क्रम जारी नै रहेको देखिन्छ। आजभोलि विभिन्न लिम्बू वंशहरूले आफ्नो अस्तित्व, पहिचान र ईतिहास खोज्ने क्रममा आफ्नो वंशावली लेख्ने क्रम निकै प्रवल हुँदै आएको छ।

४.३ लिम्बू जातिमा रहेका पुराना वंश समूहहरू :

याक्थुङ लिम्बू जाति विभिन्न पुराना वंशहरूको मिश्रण र महावंश हो । तिनीहरूलाई विभिन्न कालखण्ड र विशेषताको माध्यमबाट अलग गरेर पहिचान गरिन्छ। लिम्बू जातिमा प्रायः तल उल्लेख गरिएका वंशहरूको चर्चा गरिएको पाइन्छ।

क) खाम्बोङवा लुङबोङबा वंश

याक्थुङ भाषामा खाम्बोङ्वाको अर्थ माटोबाट जन्मेको/उत्पत्ति भएको र लुङ्बोङ्वाको अर्थ ढुङ्गाबाट जन्मेको/उत्पत्ति भएको भन्ने हुन्छ। खाम्बोङ्वा लुङवोङ्वा भनेको प्राचीनकालमा कुनै एक ठाउँमा सवैभन्दा पहिले पुगेर त्यहाँको ढुङ्गा माटोसँग सङ्घर्ष गर्दै, वनजङ्गललाई उजागार गरी बस्न योग्य बनाएर बसोबास गरी आएका आदिम मानव जातिको समूहहरू हुन्। लिम्बूवान भित्र आवाद रहेका खाम्बोङ्वा लुङबोङवा वंशहरूको पहिचान गर्न उनीहरूको भाषा, संस्कृति र परम्पराहरूको मिहिन अध्ययनले निकै मद्दत गर्दछ।

याक्थुङ मुन्धुममा खाम्बोङ्वा लुङबोङवा बारे नव आगन्तुक वंशहरूले गरेको वर्णन निकै रोचक, विस्मयकारी र ठट्यौला छन्।

"बाखाको बङ्कौलामा भारी अड्याउने
गोब्रे च्याउमा ओत लाग्ने
खोर्सानी टिप्न भटारो हान्ने
हेर्दा वामपुड्के देखिने ।"

चौविसे क्षेत्रमा संयक जातिका लिम्बूहरू सबैभन्दा पहिले आएको र सो स्थानका जमीनहरू ढालफाँड गरी वस्ती बसेकाले यस वंश समूहलाई खाम्बोङ्वा लुङबोङवा मानिएको छ । त्यसपछि क्रमश: अन्य जातिका लिम्बूहरू सो क्षेत्रमा प्रवेश गरेका थिए। संयक लिम्बूहरू सो क्षेत्रका प्रथम बासिन्दा हुन् भन्ने कुरा त्यहाँ विद्यमान रहेको संस्कृति र संस्कारहरूले जाहेर गर्दछ । जस्तै सो चौविसे क्षेत्रमा अन्य थरीका लिम्बूहरू मरेपछि लासको सद्गत् गर्न चिहान बनाउने क्रममा संयक वंशका जातिको नाम उच्चारण गर्दै जमिन किन्ने मुन्धुम (प्रचलन) अहिलेसम्म छँदैछ। तर संयक वंशका कोही व्यक्ति मर्दा भने यो विधि गर्नुपर्दैन। यसले पनि संयकहरू यस भूगोलका प्रथम बासिन्दाहरू हुन् भन्ने स्पष्ट सङ्केत गर्दछ।

चौवीसको बुढीमोरङ क्षेत्रमा रहेको प्रचलित मिथकहरूले उहीले मोरङ्गे र महाराङ्गे राजाहरूबीच गुलेली र घुँयत्रोको लँडाई भएको देखाउँछन्। त्यसवेलाका घुँयत्रोहरू छालाबाट बनाइएका हुन्थे। त्यस गुलेली (फित्कौली) हरू ठुल्ठूला बाँसका भाटाहरू भूँइमा गाडेर २/३ जना लाठेले गोला ढुङ्गाहरू वारीबाट पारिसम्म हान्ने गरेका किंवदन्ति सम्वन्धित क्षेत्रमा सुन्न पाइन्छन् । चौवीसे क्षेत्रको बुढीमोरङ तथा चेघ्रायक छेउछाउमा पुराना मानव वस्तीहरू रहेका अनुमान गर्नसकिन्छ। यस क्षेत्रमा पाषाणकालीन समयका ढुङ्गे हतियारहरू प्रसस्तै पाइन्थे। सायद यस भूगोलमा आवद्ध खाम्वोङ्वा लुम्वोङ्वाहरूले फलामे युगभन्दा अघि नै वसोवास गरेको हुनसक्ने देखिन्छ । चेघ्रायक वरिपरि प्राप्त प्राचीन ढुङ्गे हतियारहरूले संयक वंशलाई खाम्वोङ्वा वंश समूहको तथ्यको नजिक पुऱ्याउँछ।

हिमाली श्रृङ्खला आसपासमा खाम्वोङ्वा वंश समूहरूको नवपाषणकालीन युगभन्दा अगाडिबाट नै वसोवास भएको वारेमा भगिराज इङ्नामद्वारा लिखित “लिम्बूजातिको इतिहास” (२०६७, पृ. २१-५८) मा उल्लेख गर्दछन् । मानवशास्त्रीहरूका अनुसार नवपाषण युगको काल इ.पू. १३-१० हजार वर्षसम्म र कहींकतै इ.पू. १२-६ हजार वर्ष अघिसम्मको मानेका छन् । हिमाली श्रृङ्खलाहरूमा नवपाषण युगकालीन ढुङ्गे हतियारहरू प्राप्त भएको वारेमा रूसी पुरातत्वविद्हरूले आफ्नो अध्ययनमा उल्लेख गरेका छन्।

रूसी पुरातत्वविद् डा. एनातोले म्याकोम्लेभ सटेनको टोलीले वि.सं. २०३४ सालमा बुढीनीलकण्ठको नारायण मन्दिर नजिक नवपाषणयुगीन ढुङ्गे हतियारहरू फेलापारे। पछि, पुरातत्वविद्हरूले आफ्नो अध्ययनबाट यी ढुङ्गे हतियारहरू इ.पू. ३० हजार वर्ष अघिको भएको प्रमाणित गरे। उक्त हतियारलाई उनले किराँतहरूको बाहेक अरू कसैको हुनै नसक्ने किटान सहित सो बेला प्रकाशित हुने समीक्षा साप्ताहिकलाई अन्तर्वार्ता दिँदै उक्त हतियारको तस्विर छपाएका थिए । तर समय कालखण्डको हिसावले उक्त ढुङ्गाहरू किरातकालभन्दा अघिको हुनसक्ने सम्भावनालाई देखाउँछ । यही ढुङ्गे हतियारको सम्वन्धमा पुरातत्व विभागका पुरातत्वविद् शाखा अधिकृत सुशीलकुमार गौतमले वि.सं २०७३ सालको एक अन्तर्वार्तामा यी दुई ढुङ्गे वन्चरोहरू इ.पू. १२००० देखि ६००० वर्ष पहिलेको हो भन्ने विचार व्यक्त गरेका छन्।



यी तथ्यहरूलाई मनन् गर्दा याक्थुङ लाजेको भूगोलमा नवपाषणकालीन युगभन्दा अगाडिदेखि नै खाम्वोङ्वा-लुम्वोङ्वा वंशसमूहहरूको वसोवास भईसकेको प्रतीत हुन्छ । उनीहहरू लिम्बूवान भूमिका पछिल्ला आगन्तुक लिम्बू समूह वाहेकका कतिपय लिम्बू जातिका अग्रज पूर्खाहरू थिए । पछि, विभिन्न दिशावाट आएका विभिन्न किराँत समूहरूको मिश्रण पछि लिम्बू समुदायको महावंशको उदय पछि मात्रै यस भूगोलको नाम याक्थुङ् लाजे बनेको हुनसक्ने अनुमान गर्न सकिन्छ। याक्थुङबा महावंश समूहको उदयको वारेमा खाम्वोङ्वा, सौमर किराँत, काशी थाङव्, चोङ्/रोङ्, ताई/श्यान र ताङ्साङ्थावा यी पाँच वंश समूहको रक्त मिश्रणबाट भएको भन्ने इतिहासको प्रचलित मान्यता छ। यस क्षेत्रको भूगोलमा विभिन्न थरीका लिम्बू जातिका पूर्खाहरूले आफ्नो भाषा, संस्कार, संस्कृति, सभ्यता र राज्यको निर्माण र विकास गर्दै यस क्षेत्रलाई याक्थुङ लाजे (लिम्बूवान भूगोल) को रूपमा विकासित तुल्याएका थिए।

माथि उल्लेखित लिम्बू जातिको वंश समूहमध्ये संयक लिम्बू वंशलाई खाम्वोङ्बा-लुम्वोङ्वा वंश समूह भित्र राखेर अध्ययन गरिएको पाइन्छ । यस हिमाली-पहाडि श्रृङ्खलाहरूमा नवपाषणकालीन युगको ढुङ्गे हतियारहरू प्राप्त हुनु, चौवीसेको कुरूले यकमा खन्ने क्रममा धेरै प्राचीन समयको औजारहरू प्राप्त हुनुजस्ता तथ्यहरूले संयक वंशलाई किराँत कालखण्ड भन्दा अधिको खाम्बोङ्बा-लुम्वोङ्वा वंश समूह भएको हुनसक्ने देखिन्छ। चौबिसे क्षेत्रका संयक वंश समूहका कात्वावा, लोलिवा, चिएप्पा, तुम्बा, तुम्सा, थक्सुवा, थलङवा, नयङवा, नाम्योवा, पियोम्वा, मागाईवा, युङसिङवा, लाङवेवा गरी तेह्र थर/वंशमा विभाजित भएका छन् । यसमध्ये तुम्बा, तुम्सा, थक्सुवा र नयङवा, युङ्सिङ्वा र लाङ्वेवा अस्तित्वमा रहेका छन् भने बाँकी थर/वंशहरू अन्य लिम्बू वंशहरूमा समाहित वा विलयन भएको प्रतीत हुन्छ।

ख) यक्केनावा वंश :

मानवशास्त्रीहरूका अनुसार याक्थुङ्बाहरू मूलत: मंगोल नश्लमा पर्दछन्। यस नश्लका मानिसहरूको उत्पत्तिस्थल हिमालय आसपासमा भएको भन्ने मानवशास्त्री तथा इतिहासकारहरूको मत पाइन्छ। याक्थुङ मुन्धुमले पनि यस नश्लका मानिसहरूको उत्पतिस्थलको रूपमा हिमालय क्षेत्रमा मुनातेम्वे वरिपरि भनेर व्याख्या गर्दछ । हिमालय आसपासको त्यही मुनातेम्बेबाट एक समूह हिमालयको दक्षिणी भागमा सिधै प्रवेश गरेर पहाडी पाखा पखेराहरूमा बस्न थाले । उनीहरू जङ्गलमा सिकार खेल्ने, फलफूल र कन्दमूल खोजीखाने गर्दथे । पछिल्लो कालखण्डमा उनीहरू साधारण खेतीपाती गरी जीवन निर्वाह गर्दथे। लिम्बू भाषामा भीरपहरालाई “याक्के” र माछालाई “नावा” भन्ने गरिन्छ, अर्थात यक्केनावाको अर्थ “भीरपहरामा बसेर माछा खाने” हुन्छ। सायद, पहाडि खोलानालामा माछा मार्दै त्यही खोलाका भीरहरूमा बस्नेगरेकाले “यक्के नावा” भनिएको हुनसक्दछ।

वास्तवमा यो “यक्केनावा” शव्दको भावार्थ केल्याउँदा यी मानव समूहहरू प्रारम्भिककालका मानव समूहको रूपमा बुझ्न सकिन्छ। उनीहरू भीरपहराका गुफा तथा ओडारहरूमा बस्ने सिकारी युग (Hunting and Gathering Age) का मानव समूहहरू हुनसक्ने संभावना देखिन्छ। त्यसैले यी मानव समूह वा लिम्बूहरूका पुर्खालाई याक्केनावा वंश भन्ने गरिएको हुनसक्दछ। यिनै याक्केनावा वंशलाई नै लिम्बू जातिको आदिम पुर्खाहरू मध्येका एउटा वंश मान्ने गरिएको छ। कसैकसैले यो वंशलाई नागा, नागाईङवा र नाग वंश आदि पनि भनेको पाइन्छ, तर नेपालमा नाग वा नागा वंश नभई “यक्के नावा” वंश रहेको हो । यो वंश वा जाति सिकारी युगमा नै यस लिम्बूवान क्षेत्रमा प्रवेश भएको हुनसक्ने र यस क्षेत्रमा विचरण गर्ने जाति हुनसक्छ र यस क्षेत्रको पहिलो मानव समूह हुनुपर्छ। यिनीहरू पनि लिम्बूहरूको आदिम पुर्खाहरू मध्ये एक हुन् भन्ने इतिहासकारहरूको राय छ।

ग) सौमर वंश

लगभग ४,००० वर्ष अघि पर्सियाको खाडीमा २ खालका सभ्य जातिहरू बस्दथे । त्यसमा एउटालाई अकाद र अर्कोलाई सौमर भनिन्थ्यो। सौमर जातिकाहरूले त्यतिबेला नै कृषिको विकास गरेका थिए। उनीहरूले नदीमा बाँध

कसेर खेतीमा सिँचाइ गर्ने व्यवस्था मिलाएका थिए। उनीहरूले एक प्रकारको अक्षरको विकास गरेका थिए। ऐन, कानुन, मिलापत्र, साँध, सिमानाका कुराहरू शिलालेखमा लेखेर राख्दथे। शिलालेखहरूको रूपमा अग्ला ढुङ्गाहरू ठड्याउँथे। उनीहरू झगडा गर्न र अर्काको अधिनमा रहन रूचाउँदैनथे। त्यसैले कुनै पक्षसँग झगडा भयो भने बसाईं सर्थे। बसाईं सर्दा नदीको किनारमा मलिलो र फाँटिलो मैदानहरूमा सर्नेगर्दथे।

कालान्तरमा आर्यहरू पनि उनीहरूको राज्यमा आइपुगे। आर्यहरूले किरातहरूमाथि विजय प्राप्त गर्दैगएपछि किरातहरू उक्त स्थानबाट अन्यत्र सर्दै गए। आर्यहरूले नै सौमरवंशका समूहलाई उनीहरूका भाषा, संस्कार नमान्ने भएकाले होच्याएर किरात भनेर सम्बोधन गरे भन्ने इतिहासहरूमा पाइन्छ। सर्दै आउँदा यो वंश समूह अफगानिस्थानको तलहटी, काश्मिरको तल्लो भूभागमा आइपुगेको थियो। उनीहरू सो स्थानबाट अझ पूर्वतर्फ सर्दै कुमाउँ र गढवाललाई नाघेर सिमाङ्गढ (सिम्रौनगढ) आएर वसोवास गर्न थाले। कालान्तरमा वंश विस्तार हुँदै गएपछि कुनै समूह पाल्पातिर गएको र कुनै समूह काठमाण्डौ उपत्यकामा पुगेको थियो। साथै एक समूह भने लुक्थुयोको नेतृत्वमा फ्दापमा पुगेको थियो भन्ने ईतिहासहरूमा उल्लेख भएको पाइन्छ।

इमान सिंह चेम्जोङका अनुसार- “सिमाङगढको सौमरवंश विभाजन हुने क्रममा महाचन्द डोटीमा र लौहचनले प्युठानमा राज्य स्थापना गरेका थिए। त्यस्तै यलम्बरले ८०० ई.पू.तिर नेपाल खाल्डोमा, खिम्चीले सुनकोशी नदी वारीपारी र लुक्थुयोको समूह मोरङ तराई हुँदै फेदापमा पुगेर भूँइफट्टा वा भाईफुट्टावंशी भए। यसैको एउटा हाँगो ख्वालुङ, रावा, लिखु हुँदै बारबोम्बा र अर्को सानो हाँगो इलामतिर गई इमेवंश भएका हुन्। समग्रमा यो वंश समूहलाई खाम्बोङ्वा भन्दछन्। तर धेरै इतिहासकारहरूका मतमा काशीवंशीहरू खाम्वोङ्वा होइनन्। लिम्बूवान भूमिमा अनादिकालदेखि बसोवास गरिरहेका भूमिपुत्रहरू मात्र खाम्वोङ्वा लुम्वोङ्वा हुन्। नवा आगन्तुक वंश समूहका मानव समूह जो कालान्तरमा याक्थुङ लिम्बू समुदायमा समाहित भए, ती खामबोङबा लुम्बोङ्बा होइनन्।

घ) काशी (थाङवा) वंश :

प्राचीनकालमा सौमर वंशको एउटा मानव समूह हाल चीनको तारिम बेंसीको पश्चिमी किनारमा आइपुग्यो। यो स्थान कासगर नदीको उब्जाउ क्षेत्रमा पर्छ। यहाँ धान, गहुँ र कपास लगायत अंगुर, चेरी फलफूलहरू पनि पाइन्छन्। खासगरी यो स्थान रेशम मार्ग (क्षिप च्यबम) को प्रमुख केन्द्र हुनुका साथै पशु खरिद बिक्रिको विशाल “इभान बजार” आजसम्म पनि चर्चित रहेको छ। धेरै बर्षपछि उनीहरू अफगानिस्तान हुँदै काश्मिरको तल्लो भाग सिन्धु नदीको हरप्पा क्षेत्रमा आएर बसोबास गर्नथाले। त्यहाँबाट उनीहरू हिमालय पर्वतको तल्लो भेग कुमाउँ गढवाल क्षेत्रमा आइपुगे। उनीहरू अझ पूर्वतर्फ बढेर सिङमाङगढमा आइपुगेका थिए। सिमाङगढबाट सो मानव समूह विस्तारित हुनेक्रममा एक समूह लिम्बूवान क्षेत्रको फेदापतर्फ प्रवेश गरेका थिए भन्ने कुरा इतिहासकारहरूले उल्लेख गरेका छन्।

यही समयको आसपासमा राजा हर्वाहाङले मोरङको जङ्गल फाँडेर राज्य स्थापना गरेका थिए। उनको कैयौं पुस्ता पछिका राजा कोचहाङले आफ्नो सिमाना दक्षिणमा विहारसम्म र पूर्वतर्फ कामरूप (आसाम) सम्म पुऱ्याए। उनका सत्य र किच्चक नाम गरेका दुई छोराहरू थिए। सत्य राजाका पालामा किरातहरू सभ्यताको शिखरमा थिए भन्ने गरिन्छ। सत्य राजाका सात पुस्तापछिका उनका सन्ततिहरू मोरान र वोराहीको पालामा बर्मातर्फबाट प्रवेश गरेका ताईश्यानवंशीहरूले मोरङ राज्यमा कव्जा जमाए। त्यस समूहका नेता मुङमावरोङ मोरङ राज्यका राजा वने।

ङ) ताई वा श्यान वंश

ताई वा श्यान वंश समूह आसामको पातकोई पहाड नाघेर छैठौं शताब्दीतिर पूर्वी नेपालको पहाडि भागमा आईपुगे। ईतिहासकार शिवकुमार श्रेष्ठका अनुसार-इस्वी सातौं शताब्दी अगाडि नै नेपालको पूर्वी पहाडि (हालको लिम्बूवान) क्षेत्र मा दश लिम्बूहरूको आगमन भएको अनुमान छ (श्रेष्ठ : २०६८:२९)। त्यो समूहको नेतृत्व दश

सरदार र तीन पुरोहित (साम्बा, फेदाङमा, येवा) हरूले गरेका थिए । त्यस समयमा त्यहाँ आठ आपुङ्गी लिम्बू राजाहरूको शासन चलिरहेको थियो । यो दश सरदारहरूको समूहलाई ताइ/श्यान वंश वा श्यानमकवानी वंश भन्दछन्। यो वंश समूह लिम्बू जातिको निकै ठूलो वंश समूह हो। लिम्बू जातिभित्र रहेका विभिन्न सामाजिक संस्कारहरूमा यस वंश समूहको प्रभाव रहेको पाइन्छ। हाल लिम्बू जातिमा रहेको केलाङ (धाननाच), यालाङ -च्याब्रुङ नाच), चासोक तङ्नाम, यक्वा तङ्नाम आदिका मिल्दाजुल्दा स्वरूपहरू अहोम, खाम, ताई र कोच जातिमा समेत देखिन्छ। धानको उत्पति चीनमा भएको मानिन्छ र लिम्बू जातिमा धान अर्थात "या"सँग सम्वन्धित पर्व, नाच, पूजाआजा रहनुले हालका लिम्बू जातिमा रहेका संस्कृतिको आगमन वा मिश्रणमा यो वंश समूहको योगदान रहेको हुनसक्ने देखिन्छ।

च) ताङसाङ्थावा वंश/लासावंश :

ईमानसिंह चेम्जोङका अनुसार उत्तरतिरबाट लिम्बूवानमा आगमन भएका लिम्बू समूहलाई ल्हासागोत्री वा ताङसाङ्थावा भनिन्छ । तिब्बतका राजा लासाहाङका ८४२ ई.मा मारिएपछि उनका छोरा उवाहाङ लगायतका उनका सन्तानहरू दक्षिण तिव्वत हुँदै ओलाङ्चुङगोलाबाट तल तमरखोला झरेका हुन्। "त्यसबखत त्यस मूलुकमा काशीवंशी किरातहरूले आवाद गरिसकेका थिए। तसर्थ यीनीहरूको आसपासमा सर्वप्रथम केही झगडा भयो तर पछिबाट आपसमा मिली विवाह गरी एक वंश भई बसे। तत्पश्चात यिनीहरूले आफूलाई लासावंशी हौं भन्न लागे।" (चेम्जोङ, २०५१:१:७)

इमानसिंह चेम्जोङका अनुसार माबोवंश लासाबाट तमरखोला आउँदा त्यहाँ काशी वंशका मानिसहरूले आवाद भइसकेको कुरा उल्लेख गरेका छन् । स्थानीय काशी वंश र लासा वंश एकाकार भएपछि माबो लासा वंशी लिम्बूहरूको रूपमा परिचित भए यसको अर्थ माबो वंश समूहभित्र रहेका ३५ वटा वंशहरू काशी वंश र लासावंशी माबो वंशहरूको मिश्रित समूह हो भन्न सकिन्छ । यही माबो वंश समूहकै एउटा वंशहरू वर्तमान कालका चेमजङहरू हुन्। उनीहरू आफूलाई ताङसाङथावा भन्ने गर्दछन्। त्यसैले लासाबंशी मुरेगनका सन्तानहरू चाहिँ लेक्वा वंशका रूपमा स्थापित भएका छन्। माबोवंश समूहमा झैं लेक्वा वंश समूहमा पनि काशी वंश समेतको समिश्रण भई २५ वटा वंश/थरहरू निर्माण भएका छन्। यो वंश समूहले पनि आफूलाई ताङसाङ थापा वंशको रूपमा उल्लेख गरी वंशावली प्रकाशन गरेको छ।

यो वंश बाहेक ईसापूर्व ७९३ नै मिक्वा खोलाका सोधोवरक वरपरका मुन्धुङ्गे र साधुङ्गेका पुर्खाहरू पशुपालन गर्दै वितरण गरिरहेको दाबी विभिन्न लिम्बू वंशावलीहरूले गरेका छन्। सो क्षेत्रमा प्रचलित मुन्धुमी मिथकहरूमा पनि मुन्धुङगे र साङधुगेका बारेमा प्रशस्तै चर्चा भएको सुन्न पाइन्छ। हाल ती दुई दाजुभाइहरूको वंश क्रमशः लिवाङ /थलङ र सेरेङ दुई वंश समूहमा विभाजित भएको छ। "मुन्धुङ्गे र साधुङ्गे काशीथाङ्बा नभई उत्तरका सिन्युक मुदेन (थावा) वंशी हुन्।" (मादेन २०८१:१४) यसबाहेक आफूलाई ताङसाङथावा वंशमा दाबी गर्ने अन्य वंशहरूमा क्याक (थोप्रा) र इजम पनि रहेका छन्।

"वास्तवमा मिक्वाखोला क्षेत्रका मुन्धुङगे र साङधुङगेका सन्तानहरू काशीथाङबा नभइ ताङसाङथाबंशी हुन्। यसमा कुनै शङ्का छैन । यस भूगोलमा उनीहरूका सन्तान ३००० वर्ष अघिदेखि नै बसोबास गरिरहेका छन् । (लङवा २०७९:१०) तमोरखोला र मिक्वाखोला क्षेत्रका अधिकांश लिम्बू समुदाय ताङसाङथा वंशका हुन्। तर यहाँका वंशहरू भने काशी वंश र लासा वंशको एकीकृत रूप हुन् या होइनन् यसबारे अध्ययन हुन जरूरी छ।

छ) भूईंफुट्टा/भाइफुट्टाहाङ वंश :

इतिहासकार इमानसिंह चेम्जोङका अनुसार- सिङमाङगढबाट उत्तर पूर्व लागेका लुक्थुयो र उनका सन्ततिहरू स्थानीय खाम्बोङवा लुङबोङवाहरूसँग मिसल भइ भूईंफुट्टा वा भाईफुट्टाहाङ वंश बनेको हो भन्ने भनाई छ। तर वि.सं. १९०६ चैत्र वदि १० रोज ६ को एउटा मोहरले "लुभु षोला वारि याकसिंजुंमा बस्ने षुंगा अर्थात खंवा" वंशलाई

भूईंफुट्टा/भाइफुट्टाहाङ हुन् भन्ने सङ्केत गरेको छ। (इङनाम २०७७ : २०८) हाल तेह्रथुम जिल्लाको सुङनाम गाउँमा बसोबास गरिरहेका खंवा र सुदापका खेवाहरू बीच बारम्बार लँडाईं भइरहने गरेको देखिन्छ। उक्त वंशमा तुम खंवा हाल तुङघङ, पाक खंवा हाल खंवा र होमराकहरू क्रमशः सुङनाम, बञ्चरे र धनकुटामा बसोबास गरिरहेका छन्।

भूइफुट्टा/भाइफुट्टाहाङ वंशलाई थुप्रै लिम्बू वंशहरूले आफ्नो वंश मानेको पाइन्छ। तिनीहरूमा मैवाखोलाका फागो वंश समूहका वनेम, तेम्बे, चोङवाङ, यक्थुक, ओखाबु, सिंयेम आदि रहेकाछन्। त्यस्तै संयक वंश समूहका नयङ वंशले पनि आफुलाई भूईंफुट्टा/भाइफुट्टाहाङ वंशकै साम्युकहाङलाई आफ्नो पुर्खा मानेर पहिलो वंशावली पुस्तक प्रकाशन गरेका थिए र हाल दोस्रो संस्करणलाई परिमार्जन सहित प्रकाशनको तयारीमा रहेको वुझिन्छ। संयक वंशले आफुलाई लुङजिरी लुङबोङवा खाम्जिरी खाम्बोङवा वंशका चेस्वीहाङ र दस लिम्बूवान निर्माण हुँदा चौबिसको पधे यक (राज्य) प्राप्त गर्ने सोईयाक लादोहाङलाई आफ्नो वंशपूर्खा मान्दछन्। यसरी एकै संयक वंश समूहभित्र प्राचीन पूर्खाको सवालमा केही भिन्नता पर्न जानुमा लेख्य इतिहास र प्रमाणहरूको अभावले गर्दा यस्तो फरक पर्न गएता पनि आगामी दिनहरूमा अरू व्यापक अध्ययन र अनुसन्धानद्वारा यस विषयमा निर्क्यौल गर्न आवश्यक छ।

ज. अन्य वंशहरू :
याक्थुङ लिम्बू जाति एक विशाल महासागर हो। यसमा अनेक जाति र वंशहरू समाहित भएका छन्। लिम्बू समुदायमा आफ्नो पहिचान कायम गर्न नसकिरहेका थुप्रै वंशहरू कतिपय लिम्बू वंशहरूले खुलेरै आफुहरूको वंश फलानो वंश समूहको हो भनेर किटानीसाथ वंशावली प्रकाशन गरिरहेका छन्। यसरी स्पष्ट खुल्नेहरूमा थाम्सुहाङ वंश अग्ररेखामा उभिएर आफ्नो पहिचान छोग्याल वंशसँग सम्बन्धित भएको गाथा सगौरव झल्काएको पाइन्छ। त्यस्तै छथरका ईम्सङहरू खजुमको स्वाँगे भैयादबाट निस्केर आफ्नो पुरानै पहिचानको ईमेहाङ वंश समूहमा फर्केका छन्।

धनकुटा जिल्लाको जितपुर, मारे तथा डडुवा क्षेत्रमा बसोबास गर्ने तुम्बा, लुम्बा, ताम्ली र रोगु याख्खाहरूले बोल्ने भाषा दशमझिया क्षेत्रको याख्खा भाषाभन्दा भिन्न मानिन्छ। हिजोआज यो क्षेत्रमा बोलिने सो भाषालाई मारेक भाषाको रूपमा विकास गर्न खोजिरहेको अवस्था छ। अर्को शब्दमा भन्ने हो भने यो मारेक भाषा दशमझिया क्षेत्रका याख्खा भाषा र छथरका लिम्बू भाषाको दोस्रो भाषा हो। महालक्ष्मी नगरपालिका-७ ढोंडेस्थित् बसोवास गर्ने तुम्वाहरूलाई पनि संयक वंश हुन् कि भनी अनुमान गर्न सकिन्छ। धनकुटा निवासी श्री रूद्रबहादुर तुम्बा ७३ का अनुसार जितपुरका तुम्बाहरू चौवीसका संयक तुम्बाहरू नै हुन्।

यसरी आफ्नो वास्तविक पहिचान खुलाउने क्रमलाई अहिलेको पहिचानवादी आन्दोलनले समेत थप टेवा पुऱ्याइरहेको छ। अबको केही बर्षसम्म थप नयाँ वंश र वंश समूहहरू बन्ने, विस्तार वा संकुचन हुने क्रम चल्ने देखिन्छ। यसले लिम्बू जातिको इतिहास बुझ्न अझ सहज हुने विश्वास गर्न सकिन्छ।

४.४ उपत्यका बाहिरका प्रख्यात किरात राजाहरू :
डा.गोपाल शिवाकोटीका अनुसार पल्लो किरात लिम्बूवान क्षेत्रमा विभिन्न कालखण्डहरूमा भिन्न भिन्न वंशहरूले राज्य गरेका थिए। ती प्रमुख वंश र तिनका प्रमुख (राजा) हरू देहाय बमोजिम तल उल्लेख गरिएका छन्-

क) लुक्थुयो :
विभिन्न लिम्बू वंशावली तथा इतिहासकार इमानसिंह चेम्जोङको पुस्तकहरूमा बारम्बार उल्लेख भइरहने पात्रको नाम हो-लुक्थुयो। लुक्थुयोको वंश समूहलाई सौमरवंशी किरातहरू मानिन्छ। उनको समूह ई.पू.७०० तिर सिङमाङगढबाट कासी वंशका आफ्नो समर्थकहरू लिएर उत्तरपूर्वतर्फको विजुग खोला तरेर लिम्बूवान क्षेत्रमा प्रवेश

गरेका थिए भन्ने कुरा थुप्रै वंशावलीहरूमा उल्लेख गरेको पाइन्छ। कालान्तरमा उनकै सन्ततिहरू फेदापका भूईंफुट्टा वा भाइफुट्टा वंशसँग एकाकार भएका थिए भन्ने मत रहेको छ। हाल यो वंशलाई आफ्नो वंशको रूपमा दावी गर्ने चैनपुर मैदाने र मैवाखोलाका फागो वंश समूह अग्रणी रहेको देखिन्छ।

ख) भूईंफुट्टाहाङ (भाइफुट्टाहाङ) :

ई.पू.५०० तिर भूईंफुट्टाहाङ फेदापका राजा भएका थिए। भूईंफुट्टा वा भाइफुट्टाहाङले अरूण खोला तरी फेदापमा राज्य स्थापना गरी शासन गरे। उनको चेम्जोलो नाम गरेका ज्ञानी साथै बुद्धिमानी मन्त्री भएकाले उनै चेम्जोलोको बुद्धि, विवेक तथा सहयोगबाट आसपासका राज्यहरू छथर, पान्थर मेवा, मौवा, चारखोला, चौबिस आदिलाई तत्कालीन फेदाप राज्यमा मिलाए र आफ्नो राज्य विस्तार गर्दै भाइफुट्टाहाङ काठमाण्डौ पूर्वमा फेदाप राज्यको शक्तिशाली राजा बनेका थिए भन्ने भनाई रहेको पाइन्छ।

वास्तवमा भूईंफुट्टा वा भाइफुट्टा शब्द खस संस्कृत भाषाबाट आएको हो। ई.पू.५०० तिर नेपालमा खस र आर्यहरूको प्रवेश नभएको र अझ याक्थुङ लाजे लिम्बूवानमा त यस्तो संभावना नभएकाले सो वंश सन् १६०० पछिको मात्र हुनसक्छ। वि.सं. १९०६ चैत्र वदि १० रोज ६ को एउटा मोहरले भूईंफुट्टाहरू खेवाहरूले मारेको दाबी गरेका छन्। सो मोहरमा-
"आगे जिल्लै चैनपुरका अम्बल मध्ये छथर आङलाबाङ सुदापको १८ सुवा गैर खेवा राई के लुभु षोला वारि याकसिंजुं जग्गाका भूईंफुट्टाहरू मारि हाम्रा जिज्यु बाज्याहरूले मोरङका सेनहरूका पालादेषि त्यो जग्गा षाई चर्चि लाग्याको तिरोभरो गरि वस्याका रहेछन्. पछि हाम्रो रामाजित सुवासँग अघि हाम्रा जिज्यु बाज्याहरूले मार्‍याका भूईंफुट्टाहरूका वंशका दाज्यु भाइ पर्न्या फेदाप्या श्री हां षुंगा भन्याले किपटका कुराको वुदा गरि न्याय गर्दा. हाम्रो रामाजित सुवाले हार्‍याछन् श्री हां षुंगाले जितेछ र हामी षेवा राईको चित्त नबुझि चैनपुर अमालिमा फेर्‍याद गरि पुर्पक्षे हुदा अघि निराजुको पालामा. मार्‍याको भूईंफुट्टाको वुदा गरि न्यापसेका वुदा परेन.." (ईङनाम २०७७ : २०८) भन्ने उल्लेख छ।

ग) साम्युकहाङ :

भुँईफुट्टा/भाइफुट्टाहाङ् वंशका एघारौं पुस्ताका राजा पर्वते मगधमा मारिएका थिए। सो घट्नाको सातसय वर्षपछि साम्युकहाङ् फ्दापका राजा भएका वखतमा अर्को विद्रोह भएको थियो। उनका अत्याचारी व्यवहार र शासन पद्धतिबाट जनता आजित भई विद्रोहमा उठेका थिए । वाजदेवले नेतृत्व गरेको उक्त विद्रोहमा राजा साम्युकहाङ मारिए। त्यसपछि फेदाप लाजेमा वाजदेव (वाजाहाङ) राजा भए।

"साम्युकहाङको पालामा नागाहरूको थिचोमिचो बढेर गएकाले जुलुमहाङ राजाको नेतृत्वको फौजले नागाहरूलाई फेदाप पहाडबाट लखेटेर टिस्टा कटाई उनीहरूकै पुर्ख्यौली थलोमा पुर्याइदिए। यही फेदाप चौवीसेमा रहन सफल भएका यी वंशका सन्तानहरू १. संयक्पा २. तुम्सा ३. तुम्बा ४ नेयोङबा ५.चेप्पा ६. कयोङवा हुन्। यिनीहरूको मुख्यतलो कुर्लेयक र वोधेयक क्षेत्रमा छ। (थेबे, २०७५:२५) यस आधारमा संयकहरूका पुर्खाहरू नागाहरू हुनसक्छन् भन्ने संकेत पाइन्छ। तर, नागाहरू संयकहरूका पुर्खा रहेको वारेमा कँहीकतै उल्लेख भएको पाइएको छैन।

केही वंशावलीहरूमा साम्युकहाङलाई संयक वंशको पुर्खा मानिएको छ, तर संयक वंशको माङगेन्ना मुन्धुम तथा अन्य संस्कारहरूमा साम्युकहाङको चर्चा हुँदैन। त्यस्तै राजा साम्युकहाड चौबिस क्षेत्रको इतिहास, मुन्धुम र भूगोलमा पनि जोडिएको देखिदैंन। तसर्थ साम्युकहाङ संयक वंशी राजा होइनन् भन्ने देखिन्छ। वरू चौवीसका संयकहरू खाम्वोङ्वा लुम्वोङ्वा वंशका हुन्।

साम्युकहाङका बारेमा मिक्वाखोलाको नाल्बु गाउँमा पनि चर्चा हुन्छ। राजा साम्युकहाङ निकै अत्याचारी थिए। यसैले उनी मारिए। उनी मारिएको गाउँ सोही नाल्बु गाउँको माथिल्लो भेगमा "साम्युङ" भन्ने गाउँ समेत अद्यावधि छँदैंछ।

घ) वाजदेव :
सन् ३०० तिर वाजदेव फेदाप राज्यको राजा भएका थिए। साम्युकहाङको अत्याचारी शासनको विरूद्धमा मधेसी किरात र उत्तरतर्फका लिम्बूहरूको संयुक्त विद्रोहको नेतृत्व वाजदेवले गरेका थिए भन्ने मत इतिहासकार चेम्जोङले राखेका छन्। वाजदेवको उदयको सम्वन्धमा गोपाल शिवाकोटी चिन्तनका अनुसार, "पहिलो वंश विद्रोह भएको सातसय वर्षपछि दोस्रो वंश विद्रोहद्वारा राजा साम्युकहाङ मारिन पुगे र वाजदेव राजा भएका थिए।" वास्तवमा वाजदेव बारे लिम्बू वंशावली र इतिहासहरूमा यति धेरै अन्योलता छ कि-यो वंश कुन हो ? र अहिले यसको विरासत कसले लिइरहेको छ ? भन्ने समेत यकिन गर्न नसकिने अवस्था रहेको देखिन्छ। त्यसबेलाको लिम्बूवानी भूगोलमा हिन्दू सभ्यता, धर्म र संस्कारहरूको कुनै प्रभाव नभएको समयमा बाजाहाङ कसरी वाजदेव बने ? भन्ने प्रश्नको चित्तवुझ्दो उत्तर पाईंदैन।

ङ) आठ राजाहरू :
इतिहासकार ईमानसिंह चेम्जोङ लगायत केही इतिहासकारहरूले वाजदेवका सन्तानहरू नै आठ राजाहरू हुन् भनेका छन्। तर यो तर्क आठ राजाहरूको भूगोल (अवस्थल), वंश र वंश समूहहरूको वर्गीकरण र समय गणनाका हिसाबले उचित देखिदैंन। इतिहासमा उल्लेख हुने आठ राजाहरूका बारेमा सामान्य चर्चा गरिए पनि उनीहरूको राज्यको नाम र वंशका वारेमा कतै प्रष्ट उल्लेख गरेको पाइँदैन।

चौबिस क्षेत्रमा आठ राजाहरू मध्ये कुन राजाले शासन गरिरहेका थिए भन्ने कुरामा त्यति मतभेद छैन। "चेस्वीहाङ मिक्लुक क्षेत्रमा थिए। हाल सोइयक अथवा सन्यकहाङ नामले चिनिन्छन्। यिनीहरू पधेयक कुर्लेयकका मालिक हुन्।" (आङबुङ २०८१ : १६)

त्यस्तै विभिन्न लिम्बू वंशावली, माङगेन्ना मुन्धुम तथा मिथकहरूका आधारमा ती आठ राजा (येतहाङ) हरू निम्न बमोजिमका वंशहरूले आफ्नो वंश भएको दाबी गरिरहेका छन्। उपर्युक्त स्रोत तथा तथ्यहरूका आधारमा संभावित वंशहरूको सूची यस्तो हुनसक्ने देखिन्छ।

आठ राजा (येतहाङ) हरू र उनीहरूको संभावित वंशहरू

क्रम	नाम	संभावित वंशहरु	क्रम	नाम	संभावित वंशहरु
०१	होन्देङहाङ	माङलाक वा छोङदेन	०५	खेसिवाहाङ	खेवाहाङ (सुमेरु)
०२	येकतेतहाङ	मोरो येक्तेन	०६	इकाङसोहाङ	फेदाप छोरे (पेरोहाङ)
०३	चेस्वीहाङ	संयक	०७	खादीहाङ	खादीहाङ
०४	लारासो पाङवोहाङ	नेम्वाङ	०८	इमेहाङ	इमेहाङ (इमेपा)

च) मुङमावरोङ :
सन् ७०० शुरूवाततिर मुङमावरोङको नेतृत्वमा शान मकवानवंशीका ७०० जति मानिसहरू नेपालको पूर्वी तराइमा आई जङ्गल फाँडी बसोबास गर्नथाले। उनीहरू पहिले चीनको युनान प्रान्तका ताइ जातिका थिए। त्यसैले उनीहरूले आफ्नो भाषामा देशका प्रमुखलाई मावरोङ र मावरोङको दरबारलाई रोङ्ली भन्दथे। उनीहरूले आफ्नो राज्यको नाम मावरोङको नामबाट नै मिल्ने गरी मोरङ राखे। मोरङ राज्य (पछि मोरङ जिल्ला) को राजधानी वा सदरमुकाम पहिले रोङ्ली (हालको रङ्गेली) थियो, जो आजपनि विराटनगरदेखि पूर्वमा अवस्थित छ।

मुङमावरोङले मोरङ क्षेत्रमा राज्य स्थापना गरेको खबर पाएपछि आफ्नो क्षेत्रभित्र अनुमति विना अन्य कसैको अनाधिकृत प्रवेश भएको ठानी आठ लिम्बू राजाहरूले मोरङ राज्यमा भीषण आक्रमण गरे। मुङमावरोङ राजा आफ्नो

ज्यान जोगाई भागेर तिब्बतको राजा स्रङचङगम्पोको शरणमा पुगे। मुङमावरोङ चलाख, बुद्धिमान र कुटनीतिमा पोख्त भएकाले थोरै समयमा नै राजा स्रङचङगम्पोलाई आफ्नो प्रभावमा पार्न सफल भए। उनले राजा स्रङचङगम्पोको सहयोगमा तिब्बतबाट ठूलो सङ्ख्यामा तिव्वती भोटे सैनिकहरू ल्याएर लिम्बूवानमाथि आक्रमण गरे। यो ठूलो शक्तिबाट लिम्बूवानका सेनाहरू हरेक किल्लामा परास्त हुँदै गएपछि लिम्बूवान प्रमुखहरूले आ-आफ्नो राज्यमा आफैले शासन गर्ने अधिकार पाएमा सन्धी गरी शान्ति कायम गर्ने, सबैले मुङमावरोङलाई नै राजा मान्ने र आफ्नो सैन्य बलले समेत सहयोग गर्ने बचन दिए। लिम्बूवान प्रमुखहरूको यो वचनलाई मुङमावरोङले स्वीकार गरिदिए र युद्ध थामियो।

त्यसपछि लिम्बूवान फौज र तिब्बती फौज समेत भई भारतको मिथिला प्रान्तमा आक्रमणगरी आफ्नो अधिकार जमाए। राजा मुङमावरोङ खाम्पाजोङ, लिम्बूवान र मिथिला समेतका अधिपति राजा भए। त्यसपछि उनले आफ्नो गृष्मकालिन राजधानी रादोक (खाम्पाजोङको दक्षिण) र शिशिरकालीन राजधानी सानगढी (साङगुरी) वनाएर राज्य सञ्चालन गरेका थिए। उनले आफ्ना शासनकालमा प्रशासनिक सुधारका कामहरू समेत गरेका थिए।

छ) दस सरदारहरू :

पतकोई पहाड पूर्वबाट ताईश्यानवंशी दस सरदार र तीन पुरोहितहरूको नेतृत्वमा एउटा ठूलो मानव समूह छैठौं शताब्दितिर लिम्बूवान आइपुगेको थियो। उनीहरू याक्थुङ लाजे क्षेत्रमा आइपुग्दा त्यहाँ आठ आपुङगी राजाहरूको शासन चलिरहेको थियो। श्यान मकवानीहरूले आठ राजाहरूसँग त्यहाँ बस्ने अनुमति मागे। आठ राजाहरूले आफ्नो अधिनमा रहेर आठ राजाहरूकै धर्म, संस्कृति र मूल्य मान्यतालाई अवलम्बन गर्ने शर्तमा याक्थुङ लाजेमा बस्ने अनुमति दिएका थिए।

दस राजाहरूका पुर्खाहरू चीनको युनान प्रान्तका ताई जातिका मानिसहरू थिए। उनीहरू जातीय युद्धमा पराजित भएपछि भागेर दक्षिणी थाईलैण्ड हुँदै बर्माको मुङमाव भन्ने ठाउँमा पुगे। त्यहाँबाट पनि बसाई सर्दै उत्तर पश्चिम लागेर पातकोइ पहाड र चिण्डबीन नदीको बीचको भागमा धेरै समय बसोबास गरे। अर्को समूह भने पश्चिम दक्षिणतर्फ लागेर मकवान भन्ने ठाउँमा बसोबास गरी आफूलाई श्यान मकवानी वंश भनी चिनाए। त्यहाँबाट एउटा समूह सिताङ उपत्यकामा गई बसोबास गरे। त्यसबेला उत्तरतिरबाट काचिन भन्ने अर्को किरात समूहले उनीहरूमाथि आक्रमण गरेर श्यान मकवान वंशका हजारौं मानिसहरू मारीदिए। आक्रमणबाट बँचेका श्यान मकवानीहरू सिताङ उपत्यका छाडेर आसामतर्फ लागे। त्यो ठाउँमा बोडो जातिको संप्रभुता कायम भइसकेकाले त्यस ठाउँमा बस्ने अनुमति पाएनन्। उनिहरू त्यहाँबाट कुचविहार (हाल डुवर्स)को विशाल तराई फाँट नाघ्दै मेची नदी तरेर पूर्वी नेपाल आइपुगेका थिए।

"दश सरदारहरूले पुरोहितको आदेश अनुसार फेदापका आठ राजाहरूसित फेदापमा बस्ने अनुमति लिए र तिनीहरूले पनि उनीहरूलाई आ-आफ्ना राज्यमा बस्न दिए। शनैः शनै यी दश सरदारहरूका सन्तानहरू बढ्दै गए। अन्त्यमा तिनीहरू अर्कै एक नयाँ जाति भए। यिनीहरूले आफूलाई याक्थुङ्वा वंश भन्नथाले।" (चेम्जोङ, २०५९:१:१८) कालान्तरमा यो वंशको जनसख्या अत्यधिक वृद्धि भएपछि आठ राजाहरूले आफूहरू असुरक्षित भएको महसुस गरी कठोर नियमहरू लगाई नियन्त्रण गर्न उद्यत भए। उनीहरूले ती नौला रैयतहरूलाई दमन गर्न जमिनको तिरो बढाइदिए, निस्ठूर ऐन निकाले र तिनीहरूसित दास झैं व्यवहार गर्न थाले।

फलस्वरूप दश सरदारका सन्तानहरू अन्याय विरूद्ध लड्न "त्यस मुलुकको आम्बेपोजोमा, कामकेत्लुङमा सुम्हेत्लुङमा भन्ने जग्गामा भेला भए। तिनीहरूले तीनवटा राता ढुङ्गा खडा गरे। तीनबोट आँप रोपे औ शुद्ध जलले चोख्याई त्यस जग्गालाई देवस्थल माने। अधिका दश सरदारहरूका वंशमध्ये प्रत्येक घरका एकएक वीरपुरूष निक्ली, हुकुमदार सरदार भई, सबैले त्यस देवस्थलमा ढोग गरी युद्धमा जय प्राप्त होस् भनी बल मागे। प्रत्येक मूल

पुरूषले पूजा गरिसकेपछि हरेक लडाकु वीरलाई यसो भन्दै सफथ खुवाए-जबसम्म हामी यी निष्ठुरी राजाहरूको सर्वनाश गर्दैनौ तबसम्म घर फर्कन्न। यदि युद्धक्षेत्रबाट कातर भई भागेछौ भने यो देवस्थलले पिरेर हाम्रो जन्मयुग उन्नति नहोस्।" (चेम्जोङ, २०५९:१:१८/१९)

यसपछि आठ राजाहरू र दश सरदारहरूवीच भीषण लँडाई सुरू भयो। धेरै समयसम्म चलेको यो लँडाईमा दश सरदार पक्षको रणकौशलताले जित हासिल गर्यो। उनीहरू फेरि आम्बेपोजोमा, काम्केत्लुङमा, सुम्हात्लुङमा भन्ने जग्गामा भेला भए र ठूलो सभा गरे। यस सभाले निम्न निर्णयहरू गरेर लिम्बूवान सभ्यताको जग बसाल्यो-

१. धनुर्वाणको सहायताले जित हासिल गरेको हुनाले त्यस देशको नाम लिम्बूवान राख्ने।
२. दश सरदारहरू मिलेर जितेको हुनाले लिम्बूवानमा दशवटा राज्यहरू स्थापना गर्ने।
३. लिम्बूवानमा बस्ने बासिन्दाहरूलाई त्यस उप्रान्त लिम्बू वंश भनी सम्बोधन गर्ने।
४. दश लिम्बूवानमा समान रीतिथिति कायम गर्न राजनीतिक, सामाजिक तथा आर्थिक थितिहरू कायम गर्ने।

विभिन्न वंशावलीमा उल्लेखित दश राजाहरूको नामावली निम्न बमोजिमको छन्:

क्रम	ईडेन भ्यान्सिटार्ट			प्रेमबहादुर माबोहाङ/भूपेन्द्र ढुंगेल		
	राजा	राज्य	यक	राजा	राज्य	यक
०१	सामलुप्ले साम्बाहाङ	तम्बरखोला	तम्बर यक	साम्बा खेङहाङ राय	तम्बरखोला	ताक्पेग यक
०२	ताप्पेसो पेरुङहाङ	तेह्रथुम	थला यक	...	...	...
०३	थोक्तोसो आङ्बोहाङ	आठराई	पोमाजोङ यक	आकलुफ	आठराई फाङदेन	पोमाजुङ यक
०४	सेनसेनगुम फेदापहाङ	फेदाप	पोक्लाबाङ यक	फेयोहाङ राय	सात राई फेदाप	पोक्लाबाङ यक
०५	थिन्दोलुङ खोयाहाङ	याङरोक	हस्तापुर यक	लिन्खेहाङ राय	याङरूक	हस्तापुर यक
०६	सिसियेन सेरेङहाङ	मेवाखोला	मेरिङदेन यक	सिसियेन राय	मेवाखोला	मेरिङदेन यक
०७	यिङ्गासो पापोहाङ	पाँचथर	यासोक /फेदेन	पापोहाङ राय	पाँचथर	फेदेन यक
०८	ताक्लुङ खजुमहाङ	छथर	चाम्लिङ चिम्लिङ	खेवोहाङ राय	छथर	ताक्लुङदेन यक
०९	सोईयाक लादोहाङ	चौबिसीया	सांगोरी यक	येहाङ राय	चौबिसमिक्लुङ	कुर्ले यक
१०	ईमेहाङ	चारखोला	आङदाङ यक	लोलिमहाङ राय	ईलाम फाकफोक	आङदाङ यक
११	...	...	...	ईङहाङ राय	दस पाँचथापन	चेनलुङ यक

(दस लिम्बू र दस लिम्बूवान)

आठौँ शताब्दीको अन्त्यतिर दश सरदार र आठ राजाहरूको युद्ध हार वा जितको रूपमा नभई शान्ति सम्झौतामा टुङ्गिएको जस्तो देखिन्छ। यसैकारण साविक आठराजाहरू पक्षका सोईयक लादोहाङ, ताप्पेसो पेरोहाङ, खेसिवाहाङ र इमेहाङ पुन सत्तामा आए भने विद्रोही पक्षबाट थक्तोसो आङ्बोहाङ, सेनसेनगुम फेदापहाङ, थिन्दोलुङ खोयाहाङ र यिङासो पापोहाङ निर्वाचित भएका थिए। त्यस्तै आठ हाङ र दश लिम्बूभित्र बाहेकका सिसिगेन सेरेङ र सामलुप्लि साम्बाहाङ दुई स्वतन्त्र वंशहरू पनि दश लिम्बूवान राज्य स्थापनामा सहभागी भएको देखिन्छ। कतिपय इतिहासकारहरूको मतमा दश सरदारहरूको एकलौटी विजय भएको इतिहास लेखिएता पनि दश लिम्बूवानको युद्धपछि बनेको समीकरण हेर्दा हार र जित नभई सम्झौतामा टुङ्गिएको जस्तो देखिन्छ। यसैकारण आठहाङ तर्फका चार राज्यहरू साबिकै वंश समूहहरूबाट हाङ (राजा) निर्वाचित भएको देखिन्छ। दश सरदार पक्षबाट चार र स्वतन्त्र तर्फबाट दुई हाङ (राजा) हरू निर्वाचित भएका देखिन्छन्।

यस तथ्यलाई तलको तालीकामा हेरौं -

आठ राजा र दश सरदारहरूको युद्धपछिको सत्ता समीकरण

क.स	साविक वंशका राजा	पुन राज्य प्राप्त गर्नेको नाम वा वंश	क.स	साविक वंशका राजा	पुन राज्य प्राप्त गर्नेको नाम वा वंश
०१	चेर्श्वीहाङ	सोईयाक लादोहाङ	०३	खेर्सीवाहाङ	खेवाहाङ
०२	इकाङसोहाङ	ताम्पेसो पेराहाङ	०४	इमेहाङ	इमेहाङ (इमेपा)
दश लिम्बूवान हुँदा सत्तामा आएका दश सरदारका वंशहरु					
क.स	साविक वंशका राजा	पुन राज्य प्राप्त गर्नेको नाम वा वंश	क.स	साविक वंशका राजा	पुन राज्य प्राप्त गर्नेको नाम वा वंश
०१	थोक्तोसो आङवोहाङ	दश सरदारका वंशहरु	०३	थिन्दोलुङ खोयाहाङ	दश सरदारका वंशहरु
०२	सेनसेनगुम फेदापहाङ	दश सरदारका वंशहरु	०४	थिङ्वासो पापोहाङ	दश सरदारका वंशहरु
दश लिम्बूवान हुँदा सत्तामा आएका ताङसाङथा नयाँ वंशहरु					
क.स	साविक वंशका राजा	पुन राज्य प्राप्त गर्नेको नाम वा वंश	क.स	साविक वंशका राजा	पुन राज्य प्राप्त गर्नेको नाम वा वंश
०१	सामलुप्पी साम्बाहाङ	ताङसाङथा वंश	०२	सिसिगेन सेरेङहाङ	ताङसाङथा वंश

४.५ लिम्बू जातिका मिङ्श्राहरू :

याक्थुङ लिम्बू जाति वा समुदाय भित्र थुप्रै कूल कविलाहरू रहेका छन् । अंग्रेजी भाषामा तुर्केली शव्द "कविला" को अर्थ- Clan, Tribe, Kin Group, Federation of Tribes, A group of people related by blood or marriage भन्ने हुन्छ । अर्को शव्दमा भन्ने हो भने- रक्त सम्वन्ध, विवाह तथा चोक्फूङ् (भैयाद विधी) बाट बनेको एकीकृत समूहलाई वंश भनिन्छ । अझै स्पष्ट रूपमा उल्लेख गर्ने हो भने लिम्बू जातिभित्र ५ महावंश, २९ वंश समूह र लगभग ३५० वंशहरू रहेको पाईएको छ । माथि उल्लेखित २९ वंश समूहको एकीकृत पहिचानलाई मिङ्श्रा भन्ने गरिन्छ ।

सन् १८९२ मा ब्रिटिस इतिहासकार इडेन भ्यान्सिटार्टले लिम्बू जातिको ६२ वंश समूह र ६४२ वंश वा थरहरू सङ्कलन गरेका थिए । यद्यपि ती वंश समूह र वंशहरू प्रशस्तै मात्रामा दोहोरिएका मात्र छैनन्, कतिपय वंशहरू कुनै एक वंश समूहमा हुनुपर्नेमा अर्कै वंश समूहमा गणना गरिएको पाइन्छ । उदाहरणका लागि लिङदेन वंशलाई सेच्छेरे सेनिहाङ (थेगिम) वंशमा गणना गरेता पनि चौबिसिया संयक, मिक्वाखोले सेरेङ आदि वंश समूह पनि गणना गरेको पाइन्छ ।

४.६ लिम्बू जातिका माङ्गेन्ना यकहरू:

लिम्बू जातिले आफ्नो उत्पत्ति थलोलाई "थामालुङ/थामारूङ वा माङगेन्ना यक" भन्दछन् । माङ्गेन्ना मुन्धुममा पुर्ख्यौली स्थल जनाउने ठाउँलाई चो?लुङ् र "लुङधुङ माङ्गेना यक" पनि भन्ने गरिन्छ । पुर्खाहरू छुट्टिएर निर्माण भएको कर्मथलोलाई "फेच्चुवा यक" भनिन्छ । उत्पत्ति थलो छाडेर हालको कर्मथलोलाई "नाहाङमा यक" भनिन्छ । कुनै लिम्बूहरूको नाहाङमा यक र फेच्चुवा यक एउटै पनि हुनसक्छ ।

लिम्बू जातिका विविध थर वंशहरूको मिङ्श्रा र माङगेन्ना यक एउटै भए एकै वंश हुन् भने अर्थ लाग्दछ । मिङ्श्राको अर्थ प्रथम पुर्खाको नाम हो । माङ्गेन्ना यकले उत्पत्ति थलोलाई जनाउँछ । सरल शब्दमा भन्ने हो भने- आफ्नो पुर्खाको उत्पत्ति थलोलाई माङगेन्ना यक भनिन्छ ।

समाजशास्त्री डा. कमल तिगेलाले लिम्बू जातिका विभिन्न वंश समूहका माङ्गेन्ना यकहरूको सङ्ख्या ७५ वटा रहेको आफ्नो अध्ययनमा उल्लेख गरेकाछन् । हालसालैको उनको एक अध्ययनले थप तीनवटा माङ्गेन्ना यक स्थापना भएको औंल्याएका छन् ।

पुख्यौली भूमि र लिम्बू जातिका माङ्गेन्ना यक तथा सम्बन्धित वंशहरू

०१	च्याङ्थापु (तिन्दिङवुङ, सोदान्वुङ, सिरीचोक, साङ्दाङ, नियाग्र, चाम्थुङवो, थाङ्दाम, तिम्तिम्वो, पेपेलुङ, कुम्यालुङ, चन्जलुङ यक) । वास्तवमा यी सबै माङ्गेन्ना यकहरू च्याङ्थापु आसपास छन् ।	आङवुङ, च्याङसु, हाङगेम्वा, हेल्लोक, हेम्ब्या, ईम्बुङ, ईङवारम, केःय, इजम, खाम्दाक, काङ्भा, खिम्दिङ, खिङवा, खोयाङ, खुदाङ, क्रोहिवा, कुडलिवा, कुन्जारी वोखिम, लावुङ, लक्सम्वा, लिङदेन, लिङजेङ्वा, लक्सम, मावोखिम, मादेन वोखिम, माङथाक, माङ्लेन, माङमु, माङ्युम्वो, मेन्याङ्वो, मुरुम, नाम्दिङहाङ, पाराङदेन, फाःलेच्छा, फंन्जेताम्लिङ, फेम्बु, साम्यु, साप्पाङगु, सेम्भु, सेम्वो, सेलिङ, सिगु, सियावा, सियेवे, सुहाङ, ताम्लिङ, ताङ्जम्वा, ताम्बादेन, तावा, थुप्पोक्वो, तुम्बाहाङफे, तुम्याङ, उत्सुक, यक्पाङदेन, योङहाङ, योङया, यरङ्वा, लेचेन्जी (चेन्जी), लेक्वा, परा ।	याङवरक गा.पा वडा नं-२ फलैंचा, पान्थर जिल्ला ।
०२	पोक्लावाङ यक	आङ्वुङ, चेलीफुङ, हाङयोङ, हुक्पा चोङवाङ, हुक्पा मादेम्बा, कुरुम्वाङ, खापुङ, लुम्फुङवा, मुसाहाङ, निङलेखु, पहिम, पंथाक, पाङगेनहाङ, पयाङगु, सम्वाहाङफे, सिङ्गक, तेयुङ, तुम्बाहाङफे	फेदाप गापा-१, सिम्ले, तेह्रथुम
०३	मासेरेङ यक	हाङगाम, केदेम, लिङथेप, लङ्वा, मादेन, नाल्बो, नाल्बो चोङवाङ, साम्याङखाम, चङवाङ, सिङवा, संईला, साम्बा सेरेङ, तुम्बाहाम्फे	मेरिङदेन-५, थुकिमा, ताप्लेजुङ
०४	लिङ्थाङ यक	चोङवाङ, कोहिदाङ्वा, लुङ्हिम्वा, मिकेन्दाङ, मादेन, मुदेन्छङ, फेन्छङवा, फयङ, सेरेङ, तङ्दप्पा, तेम्बावा, वेल्लावा	मिक्वाखोला-४, साँवा, ताप्लेजुङ
०५	आम्बेपःज सुम्हाःलुङ	आङदेम्वे, ईङ्वावा, कुगेल्लाम्वा, लाओति, माखिम, सेर्मा, तुम्बापो, साङरिवा, सुब्बावा, वरक्पा (सङ्वाम्फे)	फिदिम नपा-४, फिदिम, पाँचथर
०६	थिरिङगे यक	ओखाबु, तुम्रोक, फावेन फागो, माङदेम्बा फागो, सियम, तेम्वे, वनेम, यक्युक्पा, आङ्ला, माक्लुङ (वनेम)	मेवाखोला गापा-२, ढुङगेसाँघु, ताप्लेजुङ
०७	साप्तोक नेम्वा यक	चोङवाङ, लुङखिम्वा, नैदेम्वा, पाङथत, फेम्सम, थलङ	मिक्वाखोला-३, लिवाङ, ताप्लेजुङ
०८	ताक्लुङ यक	आङलावाङ, चोङवाङ, मादेम्वा, माङयाक, तिगेला, तुम्बा (तुम्खेवा)	छथर गापा-५, ओखे, तेह्रथुम
०९	थला यक	अङलिङ, फुदोङ, सिङजाङगो, सुब्बावा, थक्लेङगोक, थेगुवा	म्याङलुङ नपा-१, म्याङलुङ, तेह्रथुम
१०	योमुई चम्बासिङ यक (पञ्चकन्या यक)	चोङवाङ, लेक्वा, पाग्घरी, कुरुम्भङ, वयाङ (पहिले ईम्सङहरु पनि खजुमका मिसल भाइ/वंश भएका थिए)	छथर गापा-४, तेह्रथुम

११	बोधे (पधे) यक	युङसिङवा, लाङवेवा, नेयोङहाङ, थक्सु, तुम्बा, तुम्सा	चौवीसे गापा-५, बोधे, धनकुटा
१२	साम्दाङवा यक	एभेङक्याक, चोङवाङ, मुदेनक्याक, याक्खाक्याक	मैवाखोला-६, साङलुप्पा, ताप्लेजुङ
१३	लुङजालुङ यक	नाम्लाक्पा, फेजङ, सारतप्पा, याङसोवा	फिदिम-८, पाँचथर
१४	लुङवाङलुङ यक	मादेन, सरवन्धु, तुम्वाहाम्फे, येङदेन	फुङलिङ-९, हाङदेवा
१५	साम्याङवा युप्पावा यक	एभेङथोप्रा, नुथोप्रा, तेङयुङ, वाङदेम (वाग्देम?)	मैवाखोला गापा, ताप्लेजुङ
१६	ताम्लीङ चिम्लिङ यक	आङला, थोक्लेङ, तुम्वाहाम्फे	छथर जोरपाटी गापा, धनकुटा
१७	आप्लङवातिदाङवा यक	लोरिङदेन, फियाक, पिचक्वा	फिदिम नपा-८, तमाखे, पाँचथर
१८	यक्चे यक	सबेनहिम, यक्सो	ताप्लेजुङ
१९	आङदाङ यक	इमेहाङ, इम्सङ	देउमाई गापा-९, इलाम
२०	वाजे कुवा (लुप्ना तिक्वा) तरङ यक	फेदाप, योहिम्वाङ	म्याङलुङ नपा-४, पिप्ले, तेह्रथुम
२१	चाङसिङ यक	पक्साङवा, तुम्साङवा	छथर गापा-२, हमरजुङ, तेह्रथुम
२२	हिना यक	पाङलुङ, थक्लुङ	मेरिङदेन-२, सन्थाक्रा, ताप्लेजुङ
२३	खेक्लेसेयुङ यक	ईङनाम्फे, ईवाहाङ	आठराई-४, ईवा, तेह्रथुम
२४	खुङगा येक्तेन यक	मोरोहाङ, येक्तेन	फालेलुङ-१, येक्तेन, पाँचथर
२५	किधी यक	पुङलाईङ, साङलाईङ	फक्ताङलुङ-१, सौदेन, ताप्लेजुङ
२६	मालेलुङ	ईस्वो, सङ्वो	फेदाप-५, ईसिबु, तेह्रथुम
२७	पिप्ले यक	तिल्लिङ चोङ्वाङ, तिल्लिङ मादेन	म्याङलुङ नपा-४, तेह्रथुम
२८	चियायोका यक	थाङदेन, थाम्देन	मेरिङदेन-१, थिङलाबु, ताप्लेजुङ
२९	वारेक्सो यक	सुभासङ, महरेसङ	फक्तालुङ-३, लिङखिम, ताप्लेजुङ
३०	फाकफोक यक	अगुवा	फाकफोकथुम, इलाम
३१	आङथुपो यक	आङथुपो	फालेलुङ, पाँचथर
३२	आवाजुङ यक	आवाजुङ	मेरिङदेन-२, सान्धावरक, ताप्लेजुङ
३३	पापुङदेन यक	आङयो	फालेलुङ-७, पाँचथर

३४	लाङवाजक यक	अन्छङवो	सिरिजंगा-६, ताप्लेजुङ
३५	हेमालुङ पेपेलुङ यक	चिलिक्चम	दरम्देन, पश्चिम सिक्किम
३६	चेम्फूजोङ यक	चेम्जोङ	माङसेबुङ-३, इभाङ, इलाम
३७	फुजुलुङ यक	तुङचङ (तुम्बाहाङ)	धनकुटा नपा-८, धनकुटा
३८	सम्हा?लुङ यक	खबा (खबाहाङ)	लालीगुराँश-७, तेह्रथुम
३९	फक्लाङ यक	पोमु	आठराई त्रिवेणी, ताप्लेजुङ
४०	चाङ्धुङ यक	मिभक	मिक्लाजुङ, पाँचथर
४१	चोवेगु यक	चोवेगु(जवेगु)	फालेलुङ-२, पाँचथर
४२	आगेजङकोक्मा जितपुर यक	फत्र	देउमाई-२, जितपुर इलाम
४३	उङ्वानिङ्वा हाङदेवा यक	माङलाक	कुम्मायक, पाँचथर
४४	हाङसेम्मालुङ यक	सेनेहाङ	चौबीसे-५, हंशमोरङ, धनकुटा
४५	हेन्खाम्देन यक	याङदेम्बा	फिदिम नपा
४६	ओमोलुङ रमितेडाँडा यक	केभुक	लालीगुराँश-५, तेह्रथुम
४७	कम्फेलुङ	कम्फे	चैनपुर न.पा-१, पैरे, संखुवासभा
४८	खलंगा यक	पदक्लुङ	याङवरक, पाँचथर
४९	लुङदारी यक	वरुमहाङ	मैवाखोला, ताप्लेजुङ
५०	खेसेरा यक	फोम्बो	आठराई गा.पा, तेह्रथुम
५१	लेउजिम्बा यक	थाम्सुहाङ	फालेलुङ-५, पाँचथर
५२	सुङबाङ यक	तबेबुङ	फक्ताङलुङ गापा, ताप्लेजुङ
५३	लुङजाङ यक	फूरुम्बो	फुङलिङ नपा, ताप्लेजुङ
५४	मेल्लुङदेन यक	माङले मावो	फुङलिङ नपा, देउलिंगे, ताप्लेजुङ
५५	मुच्छेबुङ यक	हाङसरुम्बा	फालेलुङ-३, पाँचथर
५६	मियाङलुङ यक	मियोङवा	फिदिम नपा-११, पाँचथर

५७	मुच्छेवुङ यक	केरुङ	फिदिम नपा-१०, पाँचथर
५८	नागी यक	सेन्दाङ	आठराई त्रिवेणी, ताप्लेजुङ
५९	पेलेङ यक	थेगुवा	म्याङलुङ नपा-४, तेह्रथुम
६०	पेपेलुङ खिवेकलुङ यक	केरुङ	फालेलुङ-३, पाँचथर
६१	फेवादिन यक	फेवादिन	फिदिम नपा-११, नागिन, पाँचथर
६२	फून्चेवुङ	पालुङवा	फुङलिङ नपा-९, ताप्लेजुङ
६३	फूलिलुङ यक	खादी	छथर जोरपाटी, धनकुटा
६४	फूत्याङ यक	लिङदम	देउमाई-८, इलाम
६५	पिरिम यक	माङभु	लालीगुराँश नपा-४, तेह्रथुम
६६	सक्रक्पा यक	युङसाहाङ	चौबीसे-८, धनकुटा
६७	सेनहाङ यक	कन्दङवा	आठराई-६, तेह्रथुम
६८	सिम्फ्रेक्मा यक	नुगो	फुङलिङ-१०, ताप्लेजुङ
६९	सिरेगु यक	पतङवा	ताप्लेजुङ
७०	सेसेलुङ थाक्केलुङ यक	लेच्छवो	फक्ताङलुङ, ताप्लेजुङ
७१	सधाम यक	सोधुङ	आठराई-१, तेह्रथुम
७२	सुसुवा खोगी यक	हाङवाङ	आठराई त्रिवेणी, ताप्लेजुङ
७३	थोक्लिम्वा यक	थोक्लिम्वा	फालेलुङ-३, पाँचथर
७४	केन्दाङलुङ यक	थिङलाबु	आठराई-३, तेह्रथुम
७५	यक्वा यक	यक्वा	हिल्लिहाङ-६, पाँचथर
७६	सोङ्मी यक	सोङ्नी	ईलाम न.पा- २२, सुलीखम्वा
७७	थमादेन यक	सुहाङ/सभाङ	हिलिहाङ गा.पा-५, सुभाङ
७८	याङनाम यक	हाङसरुम्वा, केरुङ, थक्लेहाङ, जवेगु(थेगिम)	फेदेन न.पा वडा नं-१० पान्थर

नोटः याक्थुङ (लिम्बू) हरूको माङ्गेन्ना यक खोज अनुसन्धानकै क्रममा रहेकाले भविष्यमा थपिन र परिवर्तन हुनसक्नेछ।

४.७ लिम्बू जाति र प्राचीन लिम्बूवान भूमिको सिमाना :

याक्थुङ लाजे अर्थात लिम्बूवान भूमि लिम्बू जातिको उत्पति भूमि हो । याक्थुङ लाजे, फेदाप लाजे, पल्लो किरात र लिम्बूवान शब्दहरूले एउटै भूमिको नामोच्चारण गर्दछन्- त्यो हो अरूण नदी पूर्व, टिष्टा नदी पश्चिम, हिमालय पर्वत दक्षिण र जलालगढ उत्तरको विशाल भू-भाग । यसै भू-भागमा बसोबास गर्ने जातिलाई लिम्बू र उनीहरूको भूगोललाई लिम्बूवान भनिएको हो । यो लिम्बू जातिले लिम्बूवान भूमिमा सिर्जना गरेका, अभ्यास गरेका संस्कार, संस्कृति तथा परम्पराहरू नै यस जाति र यो भूगोलको आदिम सभ्यता हो। यस खण्डमा यस लिम्बूवान भूमि, यसको सभ्यता र संस्कृति एवं सिमानाको वारेमा सङ्क्षिप्त चर्चा गर्नेछौं।

याक्थुङ लाजेको सिमानाको कुरा गर्दा-युद्धका वेलामा राज्यका सिमानाहरू वरपर र तलमाथि भइनै रहने हुनाले यकिनका साथ भन्न नसकिए पनि अरूण नदी पूर्व, टिष्टा नदी पश्चिम, हिमालय पर्वत दक्षिण र जलालगढ उत्तरको विशाल भू-भागलाई लिम्बूवान भूमि स्वीकार गरिएका विभिन्न लेखोट, संझौता र इतिहासका प्रसङ्गहरूले जानकारी प्रदान गर्दछन् । त्यसैले इतिहासका कालखण्डमा लिम्बूवान भूमिको सिमाना कहाँसम्म थियो भन्ने जानकारी राख्नु मूलतः इतिहासको खोजकर्ताहरूका लागि सान्दर्भिक नै हुने देखिन्छ।

लिम्बूवान क्षेत्रको विशाल भूमिलाई ऐतिहासिक कालदेखि शाहकालसम्म आइपुग्दा अत्यधिक रूपमा टुक्र्याइएको र खुम्च्याईएको पाइन्छ । हालको अवस्थामा लिम्बूवान भूमि नेपाल र भारत दुई भिन्न देशहरूमा विभक्त भएकाले लिम्बू जाति पनि स्वतः दुई मुलुकका वासिन्दा भएका छन् । नेपालमा लिम्बू जातिको जनसङ्ख्या घट्नुका दुई कारणहरूमा देश विभाजन र बसाईंसराई हुन्।

सन् ७०० तिर मोरङ राज्य स्थापना गरेका राजा मुङमावरोङले तत्कालीन लिम्बूवानका आपुङ्गी राजाहरूसँग लडाईं लडेका थिए । पछिबाट संझौता भई तिनै लिम्बूवान सैनिकहरू समेतको सहयोगमा भारतको मिथिला प्रान्तमा आक्रमण गरी अधिकार जमाएका थिए । मुङमावरोङ राजा खम्पाजोङ, लिम्बूवान र मिथिला समेतका अधिपति राजा भएका थिए। उनको शासनकालमा लिम्बूवान राज्यको ऐतिहासिक सिमाना पूर्वमा टिष्टा, पश्चिममा दूधकोशी, उत्तरमा भोट र दक्षिणमा जलालगढ (हाल भारतको पूर्णिया जिल्ला) सम्म पुगेको थियो।

विजयपुरका राजा बुद्धिकर्ण रायका पालामा लिम्बूवान क्षेत्रबाट सिक्किम अलग हुनपुग्यो । सन् १७९२ मा राजा रणवहादुर साहले लिम्बूवान भूमिलाई १७ थुममा विभाजन गरेका थिए। ती १७ थुममा छथर, चौबिस, फाकफोक, जलहारा बेलहारा, सोह्रखाल्सा, पाँचखपन, सभा उत्तर, संखुवा उत्तर, मेवाखोला, मैवाखोला, नुभो उत्तर, नुभो दक्षिण, दसमझिया, याङ्वरक, चारखोला, आठराई र तमरखोला थुमहरू थिए । यसमा उल्लेखित थुम विभाजनको अध्ययनबाट रणवहादुर शाहको राज्यकालसम्म लिम्बूवान भूमिको सिमाना पूर्वमा सिक्किमसम्म रहेको प्रष्ट देखिन्छ।

वि.सं १९१७ माघ ९ गते राजा सुरेन्द्रबाट जारी भएको लालमोहर लगायत कस्य रूक्काहरूमा "पल्लो किरात" पदावली प्रयोग भएको देखिन्छ। वि.सं २०१७ चैत्र १७ गते राजा महेन्द्रबाट जारी गरिएको लालमोहरमा पनि "नेपाल अधिराज्य पल्लो किरातका लिम्बू किपटिया" भन्ने पदावलीसँगै किरात क्षेत्रहरू कमशः वल्लो किरात, माझ किरात र पल्लो किरात प्रदेशमा विभाजित हुन पुगेको देखिन्छ। यस वेलामा लिम्बूवान क्षेत्रको सिमाना पल्लो किरात भन्नाले नेपालको कोशी र मेची अञ्चलको पहाडी भाग अनि भारतको दार्जिलिङ र सिक्किम पर्दछन् भनी उल्लेख गरिएको छ।

वि.सं १९४४ सालको जुद्धशम्सेरकालिन १० लिम्बूवान र १७ थुमको विवरण :

क्र.सं	थुम	मौजाहरु	थपिएका वा टुक्रिएका क्षेत्रहरु	सुब्बा(हाङ)हरु
१	जलहारा बेलहारा	महाभारत, आहाले, बराहक्षेत्र, विष्णुपादुका	आठपहरिया क्षेत्र	आठपहरिया
२	सोह्र खाल्सा	खोकु छिन्ताङ, मुगा, पाख्रीवास	आठपहरिया क्षेत्र	आठपहरिया
३	चौबीस(मिक्लुक)	बोधे, साँगुरीगढी, राजारानी, कुरुले, खुवाफोक, मिक्लुक		संयकहाङ
४	छथर	हात्तिखर्क, ताङखुवा, दाँगप्पा, सुदाप, जितपुर, मुलिडुङ्गा, आङदिम, पञ्चकन्या, फाक्चामारा, परेवादिन, पाख्रीवास, हमरजुङ, मुसाङखेल, ओख्रे		खेवाहाङ, खजुम, साङवा, खयाहाङ, खादि ।
५	दशमझिया	मादी, तामाफोक, माम्लिङ, आँखीभुँइ, खराङ, बानेश्वर, चानुवा, डाँडागाउँ, मारेक कटहरे, जितपुर	खराङ, हात्तिसुँडे आदि, पाँचमझिया (टुक्र्याईएको)	देवान, लिंखा
६	चैनपुर	हाङलुङ, सिद्धिपुर, बानेश्वर, पुरानो चैनपुर, डाँगी गाउँ	१० थर, १३ थर (टुक्र्याईएको)	ईयकहाङ
७	पाँचखपन	मावादिन, नुनढाकी, चित्लाङ, मयुम, मैदाने, केरावारी, बाना, चुङखुङ, सिभुवा, स्यावुन, स्याची, कोस्वा, वाङचिसे, फाकुम्मा	हिंवा दक्षिण खपन कायम भई (टुक्रिएको)	लिङथेप
८	मैवाखोला	फाकुम्बा, ताबाङ, साँघु, तेम्बे, थागे, नेसुन, थिङलाबु, ओख्राबु	नुनढाकी, फावेन, मैदाने, चित्लाङ, मावादिन, वाघा (पछि थपिएको)	फागो, थोप्रा, आङबुहाङ, लिङथेप
९	मिक्वाखोला	सान्थाक्रा, लिङतेप, थुक्रिमा, नाल्बु, पापुङ, साँवा, लिवाङ, खोकिलङ		सेरेङ, लिवाङ
१०	तमोरखोला	खेजेनिम, हाङदेवा		साम्याहाङ
११	आठराई	ल्वाकु, संक्रान्ति डाँडा, खाम्लालुङ		इङनाम, कन्दङवा,
१२	याङवरक	थर्पु, च्याङथापु, थेचम्बु, डुम्रिसे, थुम्बेदिन, तिरिङगे, नाङखोल्याङ		खोयाहाङ
१३	फेदाप	म्याङलुङ, अम्फूवा, साप्मा, खेजोङ, पोक्लाबुङ, जलजले, सिम्ले, सम्फरजोङ, पौठाक, मोराहाङ		फेदाप पेरोहाङ, सातरेनुहाङ
१४	पाँचथर(नुभो उत्तर)	फेदेन, सारताप		थेघा, थेगिम
१५	पाँचथर(नुभो दक्षिण)	यासोक, मेहेलबोटे, ईम्बुङ		पापोहाङ
१६	सभा उत्तर	तुम्लिङटार, चेवा, हेलुवा, आङला, माल्टा, धुपु, पाङमा, पाख्रिवास, नुम, हेदाङना, भोटखोला	संखुवा उत्तर (बाला, सिसुवाखोला, ताम्कु, याम्दाङ)	लोहोरुङ, मेबाहाङ, गोवा
१७	इलाम	करफोक, चारखोला, फकफोक, फिक्कल, नाम्सालिङ		ईमेहाङ

(मञ्जुल याक्थुङ्वा, २०७०:१३)

वि.सं. १८३१ मा सिरीदेउ फागुले खपन थुमको चैनपुरको पूर्वी भागलाई मैवाखोला थुममा मिसाएका थिए । राणाकालमा तिरो उठाउन सहज तुल्याउने हेतुले लिम्बूवानको १७ थुमलाई परिमार्जन सहित १९ वटा थुममा विभाजन गरिएको र पछिल्लो समयमा २३ वटा थुम वनाइएको पाइन्छ। अझ पछिल्लो कालखण्डमा किपट प्रथालाई निस्तेज बनाउन थरी र मुखियाहरूबाट सञ्चालित पाँच मझिया, दसथर र तेह्रथर थुम र मौजाहरू थपिदै गएको देखिन्छ । त्यस्तै शुरूको चैनपुर क्षेत्रको खपन थुमलाई विभाजन गरी हिंवाखोला वारि खपन र हिंवाखोला पारि पाँचखपन बनाइयो। पछिबाट खपन र मैवाखोलाको किपट मुद्दा चलेपछि मैवाखोला थुमका पुरानै सिमाना सुम्बेत्लुङ नै कायम भयो। तर सो क्षेत्रका अधिकांश खेतबारीहरू मैवाखोलामा दर्ता भएकाले एकै सिमानाका खेतबारीहरू कुनै खपन र कुनै मैवाखोला किपटका जग्गाहरू कायम भएका थिए। मैवाखोला र पाँचखपनका किपटहरूको सिमाना हकभोगले मात्र छुट्टिएका थिए। वि.सं. २०४८ मा लिम्बूवान भूमिको अन्तिम जग्गा नापी कार्य सङ्खुवासभा अर्थात दस मझिया, मैवाखोलाको सुम्बेत्लुङ पूर्वी भाग, पाँचखपन, सभा उत्तर, सङ्खुवा उत्तर, पाँच मझिया, दसथर र तेह्रथर थुम तथा मौजाहरूमा सम्पन्न भएका थिए। यो नापीले लिम्बू जातिको किपट भूमिलाई इतिहासमा मात्र सिमित हुनेगरी सदाका लागि समाप्त पारेको थियो।

वि.सं. १८३१ देखि वि.सं. १८५२ सम्म विह्वाइएका किपट खेतबारीहरू रैकर बनाई गुठी, मोहरिया र बिर्ताका रूपमा वितरण गरियो। सो समयमा प्रचलित *"रस्ती रसाई बस्ती बसाई गुल्जार गराउनु"* भन्ने थिति अनुसार रैकर जग्गामा गोरखालीहरूसँगै आएका मगर, गुरूङ, कामी, दमाई, सार्की, भुजेल, जोगी आदिलाई बसाइयौं । त्यस्तै सन्यासीहरूलाई गुठी, क्षत्री (छेत्री) हरूलाई मोहरिया र बाहुनहरूलाई राम्रा-राम्रा जग्गाहरू बिर्ताका रूपमा उपलब्ध गराईएका थिए। त्यस्तै लिम्बूवानका राम्रा-राम्रा उब्जाउ जग्गाहरू श्रीजङ्गा पल्टन खडा गरी खान्गीका लागि सरकारलाई चढाउन लगाइयो। चौबिस क्षेत्रका संयक लिम्बूहरूको अधिनस्थ रहेका डिहीटार र छरूवा खेतहरूलाई श्रीजङ्गा पल्टनको खान्गीका लागि निःशुल्क चढाउन लगाइएको थियो।

वि.सं. २००३ सालमा सम्पूर्ण किपटिया सुब्बाहरूले पल्लो किरात लिम्बूवान क्षेत्रको किपट व्यवस्थालाई सुधार सहित कायम राख्नका लागि नेपाल सरकार समक्ष माग गरे । वि.सं. २००४ सालमा सरकार र किपटीया लिम्बूहरूबीच छलफल भयो तर वार्ता सफल भएन। त्यही सालमा नै राणा सरकारबाट जारी भएको लिम्बूवान क्षेत्रको सुधार सम्बन्धी सनदलाई किपटियाहरूले तीब्र बिरोध गर्दै राणा शासन विरोधी गतिविधि सञ्चालन गरेका थिए । वि.सं २००७ मा एकतन्त्रीय जहाँनिया राणा शासनको समाप्तिपछि वि.सं. २००८ साल माघ २९ गतेका दिन राजा त्रिभुवनबाट पल्लो किरात लिम्बूवान क्षेत्रको किपटिया सुब्बाङ्गी लिम्बूहरूलाई लिम्बूवानको दक्षिणी सिमाना झापा, मोरङ र सुनसरी क्षेत्रको परम्परागत सिमानालाई खुम्च्याएर चारकोशे झाडीको बीचमा माल र लाखको (फायर) लाईन खडागरी सिमाना कायम गरिदिए। र लिम्बूवान भूमिको सिमाना अरूण पूर्व, मेची पश्चिमी, हिमालय दक्षिण र भुँडे सिमल (हरैंचा) उत्तर भित्रको भूभागलाई पल्लोकिरात (लिम्बूवान) भनी कायम गरिदिए।

लिम्बूवान क्षेत्रको किपटिया सुब्बाङ्गीहरूले आफ्नो क्षेत्रको व्यवस्थालाई कायम राख्न अनेकौं प्रयासहरू गरिरहेका बखतमा तत्कालीन किपटियाहरूले बिन्तिपत्र चढाएको आधारमा वि.सं. २०१७ साल चैत्र २७ गतेका दिन तत्कालीन राजा महेन्द्र शाहबाट पिता त्रिभुवनले तोकेको सिमानालाई नै कायम गर्दै "पश्चिम सिमाना अरूण नदी, पूर्वमा मेची खोला, उत्तरमा तिब्बत र दक्षिणमा झापा, मोरङ र सुनसरीको चारकोसे झाडीबीचको माल र लाख (फायर) लाईन कायम गरी त्यो चार किल्ला भित्रको क्षेत्रलाई परम्परादेखि चलिआएको रीतिथिति र आफ्नै हितको काम जानी सोझा चिताई थिति जानी भोग्य गर्नू" भनी लालमोहर नवीकरण गरिदिए।

वि.सं. २०१९ पछि लिम्बूवान भूमि १४ अञ्चल ७५ जिल्लाको संरचनामा कोसी र मेची अञ्चलमा टुक्र्याईयो। यसमा पनि जिल्लागत रूपमा ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम र सङ्खुवासभा समेत ९ जिल्लामा विभाजन गरियो। राजा वीरेन्द्रले ५ विकास क्षेत्र स्थापना गर्दा लिम्बूवान भूमि पूर्वाञ्चल विकास क्षेत्रमा

राखिएको थियो । स्थानीय तहहरूका संरचनामा १० लिम्बूवान १७ थुमहरू मासेर जिल्ला, गाउँ पञ्चायत आदि बनाइएका थिए। पछिबाट गा.वि.स. हुँदै हाल गाउँपालिका तथा नगरपालिकाका संरचनाहरू स्थापित गरिएका छन्।

नेपालमा शाहवंशीय राजाहरूको उदय हुनु र पृथ्वीनारायण शाहले नेपालको सिमाना विस्तार गर्नुभन्दा धेरै पहिले नै यस फेदाप लाजेमा याक्थुङ जातिको मात्र बसोबास रहेको थियो । यस क्षेत्रमा सबैभन्दा पहिले आएर जङ्गल ढालफाँड गरी आवाद बनाउने, बसोबास गर्ने र आफ्नै (लिम्बू) भाषामा नै सबै डाँडाकाँडा, खोलानाला, गाउँ पाखापखेरा अनि देवस्थलहरूको नाम राख्ने याक्थुङबा (लिम्बू) हरू नै हुन् । यस भूगोलमा विभिन्न वंश समूहका लिम्बूहरू जहाँबाट आएको भए तापनि यस क्षेत्रमा आएका सबै वंश तथा वंश समूहहरू लिम्बू (याक्थुङवा) कहलिए। कालान्तरमा सो क्षेत्रमा याक्थुङवाहरूको आफ्नै अस्तित्व र पहिचान कायम भयो । याक्थुङवा (लिम्बू) जातिले आफनो धर्म, लिपि, भाषा, संस्कृति इतिहासको सिर्जना तथा सभ्यताको विकास यही क्षेत्रमा नै रहेर गरे। यस क्षेत्रको प्रथम आदिवासी जाति नै याक्थुङवा (लिम्बू) हरू भएकाले यस क्षेत्रका वासिन्दाहरूलाई स्थान विशेष रूपमा सम्वोधन गर्ने क्रममा लिम्बूहरूको ठाउँ (याक्थुङ लाजे) भन्ने चलन प्रारम्भ भएको थियो । त्यसैले यस लिम्बूवान क्षेत्रमा प्राचीन समयकालको इतिहास, सभ्यता र यहाँका जीवन पद्धतिलाई केलाउँदा लिम्बूहरूको मात्रै अस्तित्व र इतिहास भेटिन्छ।

❑❑❑

भाग-५
लिम्बूवान क्षेत्रको किपट व्यवस्था

५.१ किपट भूमिको सामान्य परिचय :

याक्थुङ लाजे (लिम्बूवान भूमि) नेपाल राज्यको निर्माण हुनुभन्दा अघि देखिको ऐतिहासिक थातथलो हो। वि.सं १८३१ मा राजा पृथ्वीनारायण शाहसँग सन्धी सम्झौता भई नेपालमा एकीकरण हुनुभन्दा धेरै वर्ष अघिदेखि यस भूमिमा याक्थुङ्हरूले यहाँका भूमिको आवाद गरी वस्नयोग्य तुल्याई आफ्नो सभ्यता र संस्कृतिको अमिट छाप लगाएका थिए। त्यसैले, आठौं शताब्दीतिर देखि नै दश लिम्बूवानहरूको उदयसँगै यस भूमिको नाम याक्थुङ लाजे र यहाँका वासिन्दाहरू याक्थुङ्वा (पछिबाट लिम्बू) कहलिएका थिए। पृथ्वीनारायण शाहले आफ्नो राज्य विस्तारको क्रममा धेरैपटक यहाँको भूमिमा आक्रमण गरेता पनि जित्न सकेका थिएनन्। र, सिधै आक्रमणबाट यहाँको राजा रजौटाहरूलाई हराउन नसकिने निष्कर्षमा पुगेपछि चलाख पृथ्वीनारायण शाहले “फूटाउ र शासन गर” भन्ने नीतिलाई अघिसारे र लोभ लालच देखाउँदै आपुङगी राजा रजौटाहरूलाई आफ्ना पक्षमा मिलाउँदै लगे। त्यसैले, वि.सं १८३१ को सम्झौतामा उनले लिम्बूवानका लिम्बू राजाहरूलाई स्वायत्तताको अधिकार प्रदान गर्दै “तिमी अघिदेखिका राजा भई आएकाले तिम्रो भूमि कहिले नमासिने, तिम्रै शाखा सन्तानहरूले राज गर्ने” भन्ने कसम खाँदै उक्त लिम्बूवानको जमीनमा लिम्बू राजाहरूको नै भोग अधिकार रहने र केही कुराहरूमा केन्द्रको सरकारको नीतिको पालना गर्नुपर्ने गरी राज्यशक्तिको बाँडफाँड गरी लालमोहर लगाईदिएका थिए। त्यसैले, लिम्बूवान क्षेत्रको जमीनको विक्रि वितरण हुँदैनथे र पुस्तैनी छोराहरूमा हक अधिकार स्वतः सरेर जाने व्यवस्था थियो। यस प्रकारको जमीनको व्यवस्थालाई किपट व्यवस्था भनिन्छ।

५.२ किपट व्यवस्था र लिम्बूहरू :

डा. नारायणप्रसाद सङ्ग्रौलाका अनुसार- पल्लो किरात लिम्बूवानमा भौगोलिक एकीकरण भई त्यहाँका आपुङ्गी लिम्बू सुब्बाहरूलाई सरकारबाट दिएका विभिन्न लालमोहरमा किपट शब्द उल्लेख भएको छैन। वि.सं. १८४५ सालमा राजा रणबहादुर शाहको पालामा दिएको लालमोहरमा मात्र किपट शब्द प्रयोग भएको पाइन्छ। त्यस अघिका अन्य लालमोहरहरूमा समेत किपट शब्द उल्लेख भएको पाइँदैन। लिम्बू जातिलाई दिइएको किपट जग्गामा व्यक्तिगत अधिकार नभएर सामूहिक अधिकार हुन्थ्यो। किपट जग्गामा पर्ने वन जङ्गल, नदीनाला, सम्पूर्ण क्षेत्रमाथि किपट प्राप्त गर्ने किपटियाले उपभोग गर्न पाउने अधिकार थियो। आफ्नो चार किल्लामा पाइने जङ्गली जनावर, खानी, आकाशमा उड्ने चराचुरूङ्गी, भीरपहरामा बस्ने भीरमौरीको मह समेतमा किपटियाको अधिकार हुन्थ्यो। *(सँग्रौला २००० : २०६)*

पल्लो किरात लिम्बूवानमा किपट लिम्बू जातिलाई सरकारले धेरै प्रकारका अधिकारहरू यथावत थामिदिएका थिए। लिम्बू जातिहरूले किपट क्षेत्रमा प्रशासनिक कार्य, न्यायिक प्रबन्ध, विकास, शान्ति र सुरक्षा निर्माण गर्ने, राजस्व असुल लगायत अन्य आवश्यक परेका सबै किसिमका कामहरू गर्दथे। सरकारबाट समय समयमा किपट जग्गा थमौती गरी नयाँ जग्गाहरूको बारेमा चार किल्ला निश्चित गरेर किपटको व्यवस्था गरी भोग चलन गर्न दिने प्रावधान थियो।

वि.सं. १८४० सालमा राजा रणबहादुर शाहको पालामा पल्लो किरात लिम्बूवानमा फागो राय, देव राय, सेरिङ राय, शुभवन्त राय र आताहाङ राय आदि लिम्बूहरूलाई लालमोहर दिइएको थियो। उनीहरूलाई आफ्नो पक्षमा ल्याउन हात हतियार, नगरा निसान, हात्ति र विभिन्न थुमहरूमा खेत समेत उपहार दिइएका थिए। उनीहरूले वि.सं. १८४५, १८४७, १८५१ र १८५२ साल गरी पटकपटक लिम्बूवानमा किपट जग्गा प्राप्त गरेका थिए। लिम्बूवान र गोरखाबीच अनेकौं पटक युद्ध भई अन्तिममा नुनपानी सम्झौता गरेर युद्ध थामिएपछि लिम्बूवान भूमि गोर्खा राज्यमा विलिन हुन पुगेको थियो। त्यो सम्झौतालाई स्वीकार गर्न नसक्ने लिम्बूहरू सुखिम, भुटान र मुग्लानतिर भासिएका थिए।

मुग्लान भासिएर गएका लिम्बूहरूलाई फर्केर आफ्नो थातथलोमा आएर बस्नका लागि राज्यबाट आह्वान गरिए तापनि यो त्यति प्रभावकारी भएन।

क) राणाकालीन किपट प्रथा र अवस्था :

वि.सं. १९०३ सालमा जङ्गबहादुर राणाको उदयसँगै नेपालमा नयाँ शक्तिको उदय भयो । राणा शासन प्रारम्भ भएता पनि पल्लो किरात लिम्बूवानमा किपट व्यवस्थालाई यथावत कायम गरेको पाइन्छ । जङ्गबहादुर भन्दा पछिको राणा शासनले पनि किपट थितिलाई मान्यता दिंदै निरन्तरता दिएको पाइन्छ। उनीहरूले विभिन्न समयमा, इस्तिहार, सनदपत्र, रूक्कापत्रहरू जारी गरेका थिए । राणाकालको इस्तिहारहरूबाट पल्लो किरात लिम्बूवानमा विभिन्न रीतिथिति तथा सुभाङ्गी अन्तर्गतको प्रशासन चलाए। राजस्व असुली, अमाली प्रथाबाट न्याय सम्पादन आदि हरेक क्षेत्रमा लिम्बूहरूको अहम् भूमिका निर्वाह गर्ने जिम्मेवारी थियो।

किपट जग्गामा गैर लिम्बू जातिहरूलाई छिन्ति वा राजीनामा गरी बेच्ने व्यवस्था हुँदा लिम्बू जातिको किपट जग्गा बढी मात्रमा गैर किपटियाहरूको हकमा जाने सम्भावना भएकाले वि.सं. १९५८ सालमा किपट जग्गा लिम्बू जाति बाहेक अन्य जातिहरूलाई बेच्न नपाइने व्यवस्था भयो। (यस बारेमा वि.सं. १९५८ सालको खड्ग निशान इस्तिहार) ले भोग बन्धकीको रूपमा बेचबिखन गर्न कुनै बाधा थिएन । लिम्बू जातिहरूले विभिन्न व्यवहारिक कठिनाई टार्न साहुबाट ऋण लिने काम गरेकाले किपट जग्गा भोगबन्धकीको रूपमा गैर लिम्बू वा गैर किपटिया जातिहरूमा हस्तान्तरण हुने काम वढ्यो । किपट जग्गामा साहुले भोग बन्धक लगाएमा सोऱ्ह आना पाटा र मासिक कट्टीको चलन समेत चलाएका थिए। किपटिया लिम्बूहरूले केही थैली लिएर आफ्नो किपट जग्गाको केही भाग गैर लिम्बू जातिहरूलाई दिंदा जग्गाको थैली हाल्नेले आफ्नो मूल थैलीबाट वार्षिक रूपमा कट्टी हुने र थैली रकम समाप्त भएपछि जग्गा छोड्नुपर्ने व्यवस्था थियो। किपटिया लिम्बूको भाइ वा छोराहरू छुट्टिएर गएमा किपट जग्गा अंशवण्डा गर्दथे । उक्त किपट क्षेत्रभित्र बसोबास गर्ने गैर किपटिया वा रैकर जग्गाका रैतीहरू समेतको भागबण्डा लगाउने चलन थियो भन्ने तत्कालीन कागजपत्रले पुष्टि गर्दछ।(सँग्रौला २००० : ६)

सेन वंशका राजाहरूको समयदेखि नै लिम्बू जातिलाई नगरा निशान दिइएकाले लिम्बूहरूले स्थानीय रूपमा स्वायत्त शासन सञ्चालन गर्ने जिम्मेवारी पाएका थिए । राज्यले लिम्बूवानको लागि वि.सं. १८९१ सालमा अर्को नियम बनायो। खाली, बाँझो, पर्ति जग्गा किपटियाले खेत बिराएको खेतमा दश वर्षसम्म जाँच नगर्ने, बढेको घरको तिरो नलाग्ने, भाइ फुटेर आउनेहरूलाई सुभाङ्गी नदिने, ठेक्का थितिमा खिचलो नगर्ने आदिको व्यवस्था गरियो। किपटिया तालुकदार लिम्बूहरूले प्रशासनिक अधिकार संचालन गर्न पाएका थिए । स्थानीय शासन सञ्चालन गर्नका साथै विकास निर्माणको कामहरू पनि किपटियाहरूले नै गर्नुपर्दथ्यो । पल्लो किरात लिम्बूवानका किपटिया लिम्बूहरूले आफ्नो किपट क्षेत्रमा हुनसक्ने आक्रमणहरूलाई रोक्नका लागि सजग रहनु पर्दथ्यो। खासगरी भारतीय सिमा क्षेत्रमा पर्ने पान्थरको याङनामको खलङ्गा, च्याङथापु र अन्य सिमाना क्षेत्रमा लिम्बू तालुकदारहरूले बढी सजग रहनुपर्दथ्यो। सिमानाका गौंडा कुरूवाको रूपमा काम गर्ने लिम्बू परिवारहरूलाई वि.सं. १९२५ को जाँच अनुसार झारा रकम मिनाहा गरिदिएको व्यहोरा तत्कालीन कागजातले प्रष्ट गर्दछ। (सङ्ग्रौला २००० : ५२)

पल्लो किरात लिम्बूवानमा किपट प्रथालाई बढी सुव्यवस्थित गर्नका लागि सरकारबाट समय-समयमा कानून बनाईएको पाइन्छ। वि.सं. १९४५ सालको कानून अनुसार किपटियाहरूले आफ्नो किपट क्षेत्रमा घर तथा जग्गाको यथार्थ विवरण पेश गर्नुपर्दथ्यो। जग्गा लुकाएर राखेमा जरिवाना लाग्थ्यो। लुकाएर राखेको छ भनेर जानकारी दिने व्यक्तिलाई पुरस्कारको व्यवस्था गरिएको थियो । तालुकदारले आफूलाई तोकिएको तिरो अनिवार्य तिर्नुपर्थ्यो । सरकारी कामको सिलसिलामा देशभन्दा बाहिर गएको अवस्थामा उसको परिवारको संरक्षणको बारेमा सरकार प्रयत्नशील रहने कुरो वि.सं. १९७२ सालको रूक्कापत्रमा उल्लेख भएको पाइन्छ।

ख) किपट भूमिमा अमाली प्रथा :
पल्लो किरात लिम्बूवानमा सुब्बा तालुकदारहरूलाई वि.सं. १८८० सालमा न्याय सम्बन्धी अधिकारको बारेमा पञ्चखत बाहेकका अन्य मुद्दाहरू फैसला गर्न पाउने अधिकार थियो। पञ्चखत अन्तर्गत १) ज्यान, २) गोबध, ३) जातभात, ४) राजकाज र ५) चोरी सम्बन्धी अपराधका मुद्दाहरू पर्दथे। त्यो समयमा पीडित पक्षले सोझै अदालतमा गएर न्याय पाउन सजिलो थिएन।

वि.सं. १९२५ पछिको व्यवस्था अनुसार राज्यले पल्लो किरात लिम्बूवानमा सुभाङ्गी प्राप्त गर्ने नयाँ व्यवस्था लागू गऱ्यो। राज्यलाई माटो मुरी ६०।- र सलामी वापत रू.५२।- बुझाउन सक्ने जोकोही लिम्बूहरूलाई सुभाङ्गीको पगरी प्राप्त गर्नसक्ने व्यवस्था लागू गरियो। त्यसपछि तालुकदारका भाइ, छोराहरूले सुभाङ्गी प्राप्त गर्नका लागि ठूलो होडबाजी शुरू भयो। त्यो थितिले लिम्बूवानमा किचलो उत्पन्न भयो। त्यसपछि लिम्बूहरूले सरकारसँग १०/१० वर्षमा मात्र नयाँ सुभाङ्गी प्राप्त गर्न पाउने व्यवस्थाको माग गऱ्यो।

किपट जग्गा थिचोमिचो वा अन्य विषयमा किपटिया लिम्बूहरूबीच उत्पन्न समस्यालाई अमाली प्रथाद्वारा सुभाङ्गीहरूले निष्पक्षढङ्गले न्याय सम्पादन गर्दथे। कुनैपनि व्यक्तिले आफू अन्यायमा परेको बारेमा उजुरी गरेपछि वादी प्रतिवादी दुवै पक्षलाई बोलाएर आवश्यक छानविन गरी निष्पक्ष न्याय सम्पादन गरीदिने प्रचलन थियो। लिम्बूवानमा अमाली प्रथाको महत्वपूर्ण स्थान रहेको थियो र यही अमाली प्रथाबाट न्याय प्रशासनसँग सम्बन्धित सबै कामहरू हुन्थे। तालुकदारले आफ्नो किपट क्षेत्रमा बसोबास गर्ने गैऱ्ह किपटिया जातिहरूबाट पनि प्रशासनिक कार्यमा महत्वपूर्ण सहयोग पाउँथे। खासगरी थरी र मुखियाबाट विभिन्न क्षेत्रमा सहायता प्राप्त हुन्थ्यो। तालुकदार लिम्बू सुब्बाहरूलाई स्थानीयस्तरको न्यायिक कार्यसम्पादन गर्न पूर्ण अधिकार प्राप्त थियो।

सुभाङ्गी तालुकदारहरूले आफ्नो किपट क्षेत्रमा बसोबास गर्ने गैरकिपटिया सबैलाई न्यायको प्रत्याभूति हुनेगरी न्याय सम्पादन गरिदिन्थे। अमालमा सुब्बा, राई, कर्ता कारबारी र बुढ्यौली रहने व्यवस्था थियो। अमाल संस्थाले पञ्चखत बाहेक अरू सबै मुद्दाहरू छानविन गरी उचित न्याय सम्पादन गर्दथे। पञ्चखतका मुद्दाहरू अदालतमा जाहेर गर्दथे। अमालले निर्णय दिन नसकेका र अमालले निर्णय गरेकोमा चित्त नबुझेमा अदालतमा उजुर गर्नसक्ने प्रावधान थियो। लिम्बू जातिमा अपराध काम गर्ने व्यक्तिलाई सावित बयान गराउन दुबो र ढुङ्गो छुवाएर कसम खान लगाउने चलन थियो। त्यसैले लिम्बू जातिमा न्याय प्रणालीमा दुबो र ढुङ्गालाई महत्वपूर्ण मानेको पाइन्छ।

ग) किपट भूमिमा करको व्यवस्था :
लिम्बूवान क्षेत्रमा सुरूमा कर उठाउने व्यवस्था थिएन। वि.सं. १८४८ मा पहिलो पटक राजा रणबहादुर शाहको शासनकालदेखि किपट क्षेत्रमा करको व्यवस्था लागू गरियो। त्यसबेला प्रति घरको रू.४ आनाका दरले कर लगाइएको थियो। पछिबाट कर व्यवस्थामा केही हेरफेर गरियो। लिम्बूवान क्षेत्रमा घर जग्गको नापजाँच भएको थिएन। त्यसैले घर तथा जग्गामा कर उठाउन वि.सं. १८४८ सालदेखि नापजाँच गर्ने व्यवस्था राज्यबाट थालनी गरियो। लिम्बूवानमा राज्यबाट १०/१० वर्षमा नापजाँच गरेर जग्गा तथा लिम्बूहरूको यथार्थ विवरण लगत तय गरी जग्गाको कर उठाउने थिति बसालियो। नाप जाँच गर्दा छुट भएमा अर्को नापजाँच आउँदा पुनः नापजाँच गरिन्थ्यो। वि.सं. १९९५ सालमा लिम्बूवान क्षेत्रमा जग्गा नापजाँच गर्न खटिएको दिव्यविक्रम राणाको नेतृत्वमा आएको नापीले अनियमितता गरेको भनी त्यो नापजाँचलाई बदर गरिएकोले पुनः वि.सं. १९९६ सालमा नापजाँच खटाइयो।

किपट क्षेत्रमा प्राकृतिक वनजङ्गलको संरक्षण गर्ने राम्रो व्यवस्था थियो। निजी वन, सँधियार वन र रानीवन गरी तीन किसिमको वन प्रणालीको व्यवस्था गरिएको थियो। सँधियार वन र रानीवन राज्यको नियन्त्रणमा हुन्थे। त्यसैले त्यो वन क्षेत्रबाट वन पैदावार उपभोग गर्नका लागि सरकारी इजाजत लिनुपर्दथ्यो। नियम अनुसार नगर्नेले दण्ड

सजाय पाउँथे। लिम्बूवान क्षेत्रमा मूलतः दुई प्रकारको करको प्रणाली थियो। तर खेतको भने तीन किसिमको कर लाग्थ्यो। किपट क्षेत्रभित्र बस्ने गैर किपटिया वा रैकर जग्गामा (१) हले तिरो (२) पलेटे तिरो र (३) कोदाले तिरो गरी तीन किसिमबाट तिरो तिर्नुपर्ने व्यवस्था थियो ।

किपट थिति अनुसार लिम्बू परिवारभित्र पनि कर निर्धारणमा एकरूपता थिएन। किपटिया तालुकदारलाई रू ३। तिरो तिर्नुपर्थ्यो । डोकेभाइ (तालुकदार वा जिम्मावाल बाहेक) अरूलाई रू.६।५० कर लाग्दथ्यो । कुनै डोकेभाइले सुभाङ्गीको अधिकार प्राप्त गर्न चाहेमा सरकारलाई खेत माटोमुरी ६० र सलामी वापत रू.५२। चढाएपछि 'राई' पगरी प्राप्त गर्दथे। सुभाङ्गी प्राप्त गर्न चाहने तर सरकारलाई माटो चढाउन नसक्नेले रूपैयाँ मात्र बुझाएर पनि सुभाङ्गी प्राप्त गर्दथे तर उसले थप रू.१ बुझाएर तिरूवा सुब्बाको उपाधि प्राप्त गर्दथ्यो।

वि.सं. १९३७ को जाँच अनुसार किपट क्षेत्र अन्तर्गत रैकर जग्गाको तिरो उठाउने काम त्यहाँका थरी वा मुखियाहरूबाट हुने व्यवस्था थियो । उनीहरूले रैतीहरूबाट तोकिएको तिरो उठाएर सम्बन्धित जिम्मावाललाई बुझाउने र सो रकम जिम्मावालले अड्डामा बुझाएर रकम बुझाएको रसिद प्राप्त गर्ने व्यवस्था थियो।

किपट क्षेत्रमा बसोबास गर्ने गैर किपटिया जातिहरूमा दमाई, सार्की, कामी र नेवार आदिलाई पेशागत कर तिर्नुपर्थ्यो। जसमा दमाईलाई सुजेरो कर, कामीलाई तले कर, सार्कीलाई पलेटे कर र नेवारलाई छिपोछापो कर भन्ने तिर्नु पर्दथ्यो। त्यसबेला अन्य विभिन्न प्रकारका करहरू पनि थिए। राजा र राणा महाराजहरूका छोरी बिहेको लागि गोडधुवा, सार्वजनिक काम सम्पन्न गर्नका लागि झारा, व्यभिचार सम्बन्धी चाक चकुई र अछुती जातसँगको संसर्ग गरेवापत लाग्ने करलाई चन्द्रायण कर भनेर बुझाउनुपर्थ्यो।

घ) किपट भूमि बिक्रिमा प्रतिबन्ध :

पल्लो किरात लिम्बूवान क्षेत्रमा बसोबास गर्ने किपटिया लिम्बूहरूलाई सरकारबाट समय-समयमा लालमोहर, इस्तिहार, रूक्कापत्र, ऐन सवाल, सनदपत्र आदि पठाएर सरकारी नीति निर्देशन गरी पालना गराउने व्यवस्था रहेको थियो । किपटिया लिम्बूहरूबाट श्रम सहयोगमा खलबल भएमा आवश्यक प्रबन्धका लागि सरकारबाट आदेशहरू जारी गरिन्थे। समयको अन्तरालमा किपटियाहरूबाट सरकारलाई सहायता गर्ने परम्परा नै बन्यो।

वि.सं. १९२५ को नापजाँच अनुसार लिम्बूवानमा सुभाङ्गी प्राप्त गर्नेहरू लिम्बू सुब्बाहरू प्रशस्त देखिए। सरकारलाई चढाएको खेत रैकरमा परिणत गरी विक्री गरिने भएसँगै किपट जग्गाको क्षेत्र क्रमशः कमी हुँदै गयो। सुभाङ्गी प्राप्त गर्नेहरूको सङ्ख्यात्मक वृद्धिले किपट भूमि रैकरहरूमा परिणत हुँदै गयो । यस नीतिबाट किपटिया लिम्बूहरूले आफनो किपटिया जग्गा जमिन सबै गुमाउँदै गए । किपट प्रथा जातियतामा आधारित थियो र यो प्रथा पहिले लिम्बूहरूमा मात्र सिमित थियो। लिम्बूहरूको आफ्नो वेग्लै किसिमको रीतिथिति भएका कारण समाजमा अलग्गै प्रकारको प्रभाव रहेको थियो। वि.सं. १९५८ को सनद अनुसार किपटभूमि लिम्बूबाट लिम्बूलाई बाहेक अन्य जातिमा छिन्ती वा फार्स्या राजीनामा गरी बिक्री गर्ने व्यवस्था थिएन । यसरी फार्स्या राजीनामा रोक्का हुने व्यवस्थाले किपटियाको जग्गा भोगबन्धक थितीको सुरूवात भयो। थोरै थैली लिएर धेरै जग्गा भोग बन्धक खाने साहुलाई जग्गा दिनुपर्ने भएपछि लिम्बूहरूबाट धेरै जग्गा गैर लिम्बूहरूको हातमा पर्नगयो।

५.३ किपट भूमि फिर्ताका लागि भएका प्रयासहरू :

वि.सं.२००३ सालमा सम्पूर्ण किपटिया सुब्बाले लिम्बूवान क्षेत्रको किपट व्यवस्थालाई फिर्ता र सुधारका लागि सरकार समक्ष माग गरे। वि.सं. २००४ सालमा सरकार र किपटिया लिम्बूहरूबीच छलफल भयो तर वार्ता सफल भएन। वि.सं. २००४ सालमा सरकारबाट जारी भएको लिम्बूवान क्षेत्रको सुधार सम्बन्धी सनदलाई किपटियाहरूले तीब्र विरोध गर्दै विभिन्न गाउँ ठाउँहरूमा सभा सम्मेलन गरे। यसको फलस्वरूप लिम्बूवान क्षेत्रमा राणा शासन

विरोधी भावना तीव्र रूपले बढ्न थाल्यो । यो असन्तुष्टिको प्रभाव वि.सं.२००७ सालको प्रजातान्त्रिक आन्दोलनलाई यसबाट मद्दत पुग्यो । वि.सं. १९०३ सालमा प्रारम्भ भएको राणा शासन १०४ वर्षपछि वि.सं. २००७ सालको जनक्रान्तिद्वारा समाप्त भयो । यस आन्दोलनमा पूर्वका लिम्बूहरू राणा शासनका विरूद्ध खुलेरै युद्ध मैदानमा नै ओर्लिएका थिए ।

किपट व्यवस्थालाई व्यवस्थित गर्नका लागि किपटिया लिम्बूहरूले वि.सं.२००९ सालमा अखिल नेपाल लिम्बूवान चुम्लुङ सभाको स्थापना गरी किपट सम्बन्धी अधिकार प्राप्त गर्न सरकार समक्ष माग गरेका थिए । नेपालमा राणा शासनको अन्त्यपछि तत्कालीन राजा त्रिभुवनले वि.सं.२००८ साल माघ २९ गतेका दिन पल्लो किरात लिम्बूवान क्षेत्रको किपटिया सुब्बाङ्गी लिम्बूहरूलाई लिम्बूवानको दक्षिणी सिमाना झापा, मोरङ्ग र सुनसरीको क्षेत्रको परम्परागत सिमालाई खुम्चाई चारकोशे झाडीको बीचमा माल र लाखको लागि तयार गरिएको फायर लाईनलाई सिमाना कायम गरी आफ्नो परम्परागत रीतिथिति थामी दिएको लालमोहर नवीकरण गरी दिएका थिए ।

क) किपटीया सुब्बाहरू र सरकारबीच वार्ता :
नेपाल सरकारले वि.सं.२०१२ सालमा लिम्बूवानका किपटिया सुब्बाहरूसँग वार्ता गर्न एक उच्चस्तरीय वार्ता समिति गठन गऱ्यो । सरकारले संयोजक जर्नेल नीरविक्रम राणाको संयोजकत्वमा सदस्य उपसचिव जीबी गुरूङ्ग र सदस्य वडाहाकिम मोहनबहादुर सिंह सहितको तीन सदस्यीय समिति गठन गरेको थियो । वार्तामा किपटियाकोतर्फबाट १० जना प्रतिनिधि छानिएका थिए । किपटिया प्रतिनिधि मण्डलहरूसँग चारखोला थुम इलाममा तीन दिनसम्म छलफल चल्यो । किपटिया वार्ता टोलीका सदस्य काजीमान कन्दङवाले राजाबाट बक्सेको लालमोहरलाई राणाहरूले दिइएको खड्ग, निशान, सवाल, सनद, इस्तिहार रूक्काले काट्छ कि काट्दैन ? भन्ने प्रश्न गरेपछि सरकारी वार्ता टोलीले बोल्न सकेनन् र वार्ता स्थगित भयो । उक्त वार्ताका लागि किपटियाहरूको तर्फबाट देहायका सदस्यहरू छानिएका थिए ।

किपटिया प्रतिनिधि मण्डलका सदस्यहरू

क.सं.	नाम-थर	क.सं.	नाम-थर
१.	ललितबहादुर तुम्बाहाम्फे	२.	काजीमान कन्दङवा
३.	नन्दप्रसाद खेवा	४.	हर्षवर्धन कन्दङवा
५.	सुब्बा प्रेमबहादुर मावोहाङ	६.	गुन्जमान आङवुहाङ
७.	देवमान आङदेम्बे	८.	मेदेनीप्रसाद कन्दङवा
९.	लक्ष्मीप्रसाद आङबोहाङ	१०.	धनप्रसाद लिम्बू

ख) तेह्र सूत्रीय नीति घोषणा :
नेपाल सरकारले भूमिसुधारको लागि वि.सं. २००९ सालमा आयोग गठन गऱ्यो । आयोगले तीन वर्ष अध्ययन गरी वि.सं. २०१२ सालमा प्रतिवेदन पेश गऱ्यो । प्रतिवेदनको आधारमा राजा महेन्द्रबाट १३ सूत्रीय भूमिसुधार नीति घोषणा गरे । उक्त १३ सूत्रीय घोषणाको विरूद्धमा लिम्बूवानका सुभाङ्गी सुब्बाहरूले २९ सदस्यीय एक प्रतिनिधि मण्डल गठन गरी वि.सं. २०१३ सालमा राजा र प्रधानमन्त्री कार्यालयमा बिन्तिपत्र चढायो । उक्त २९ सदस्यीय प्रतिनिधि मण्डलमा देहायका सदस्य थिए ।

प्रतिनिधि मण्डलका सदस्यहरू

क.सं.	नाम-थर	क.सं.	नाम-थर
१.	संयोजक ललितबहादुर तुम्बाहाम्फे	२.	कृष्णबहादुर थाङदेन
३.	सुब्बा प्रेमबहादुर माबोहाङ	४.	सुब्बा दगलसिंह सेन लिम्बु
५.	प्रेमराज आङदेम्बे	६.	कृष्णबहादुर लाबती
७.	इमानसिंह चेम्जोङ	८.	बलबहादुर चेम्जोङ
९.	गणेशबहादुर थाम्सुहाङ	१०.	कुलबहादुर लिम्बू
११.	गम्भीरजंग जबेगु	१२.	बुजहाङ जबेगु
१३.	नयन्द्रबहादुर इंबा	१४.	देबीप्रसाद नेम्बाङ्
१५.	आईन्द्रबहादुर आङदेम्बे	१६.	सन्तोषकुमार राई
१७.	दिपकबहादुर राई	१८.	मानप्रसाद राई
१९.	बमबहादुर मझिया	२०.	हाङनारायण मझिया
२१.	श्यामबहादुर फागो	२२.	लक्ष्मीप्रसाद आङबुहाङ
२३.	मेदिनीप्रसाद कन्दङवा	२४.	दलबहादुर पतङ्वा
२५.	पूर्णबहादुर थेबे	२६.	तिलकबहादुर लक्सम
२७.	नन्दप्रसाद खेबा	२८.	प्रेमभक्त तुम्खेवा
२९.	मनबहादुर लिम्बू		

राजाबाट वि.सं २०१२ सालमा घोषणा गरेको १३ सुत्रिय भूमिसुधार व्यवस्थाको बारेमा पल्लो किरात लिम्बुवान क्षेत्रका किपटिया सुब्बाङ्गीहरूको प्रतिनिधि मण्डलले २०१३ साल मंसिरमा चढाएको विन्तिपत्रको राजाबाट जवाफ नआएपछि विन्तिपत्रको बारेमा वि.सं. २०१४ साल कात्तिक ६ गतेका दिन पून: किपटया प्रतिनिधि मण्डलले राजा र प्रधानमन्त्री समक्ष फेरी अर्को बिन्तिपत्र चढायो। उक्तविन्तिपत्र चढाउनेहरूमा देहायका सदस्य रहेका थिए।

प्रतिनिधि मण्डलका सदस्यहरू

क.सं	नाम-थर	क.सं	नाम-थर
१.	संयोजक : देवमान आङदेम्बे	२.	सचिव : मेजर सन्तोषकुमार राई
३.	सदस्य : बि.बि.चेम्जोङ	४.	सदस्य : ईमानसिंह चेम्जोङ
५.	सदस्य : हरिराज आङदेम्बे	६.	सदस्य : रामप्रसाद शेर्मा
७.	सदस्य : लेफ्टिनेन्ट राजबल चेम्जोङ	८.	सदस्य : तिलबहादुर लक्सम
९.	सदस्य : सुब्बा महेश्वर लिम्बू	१०.	सदस्य : खड्गबहादुर कुरुम्बाङ
११.	सदस्य: लेफ्टिनेन्ट शेरबहादुर लाओती	१२.	सदस्य: सुब्बा कृष्णबहादुर लाओती
१३.	सदस्य : सुब्बा छबिलाल लाओती	१४.	सदस्य : बमबहादुर सम्बाहाङ्फे
१५.	सदस्य : ऋद्धिबहादुर आङदेम्बे	१६.	सदस्य : जयबहादुर लिम्बू
१७.	सदस्य : नरवीर इजम	१८.	सदस्य : जमदार हर्कप्रसाद लिम्बू
१९.	सदस्य : जसबहादुर लिम्बू	२०.	सदस्य : मेजर जसबहादुर लिम्बू

ग) वि.सं. २०१५ सालको भेला :

किपट फिर्ताका लागि दिइरहेको निवेदनको क्रममा फेरि एकपटक वि.सं. २०१५ सालमा राजा समक्ष निवेदन चढाईयो । सो वारेमा विचार विमर्श गर्नका लागि र आगामी चुनावमा लिम्बूहरूले कसरी भाग लिने भन्ने वारेमा वि.सं २०१५ साल मंसिर १० गतेका दिन फौदीगढीमा १७ थुम लिम्बूहरूको एक विराट बैठक वसेको थियो । सो भेलाले ईमानसिंह चेम्जोङ लगायत केही प्रतिनिधिहरूलाई काठमाण्डौमा जानको लागि चुनेको थियो । सो बैठकले पारित गरेका निर्णय र मागपत्रको प्रतिलिपि हातले सरोट गरेर १० लिम्बूवान १७ थुमका सबै सुब्बा, राई, देवान, गौरूङ, मझिया, गोवा आदिलाई वितरण गरिएका थिए । यस बाहेक वेलावेलमा किपट व्यवस्थापनका लागि लिम्बूवानबाट विविध मागहरू राखी आन्दोलन गर्ने कार्य जारी रह्यो, यद्यपि राज्य पक्षले लिम्बूवानका मागहरूलाई कहिले सम्वोधन गरेन ।

बैठकका सहभागी तथा छलफलका विषयहरू :

किपट फिर्ताका लागि निवेदन दिएको वि.सं. २०१५

श्री

आज सम्वत २०१५ साल मंसिर १० गते फौदी गढीमा १७ थुं लीम्बुवानको ठेका थीती सम्वन्धमा वीचार वीमर्श १ विराट सभा वस्यो । सभाको कार्यक्रम अनुसार १ वजे देखी सभा सुरू भयो । आजको सभामा सभापतिको चुनाउ ।

कार्यक्रम

सर्वप्रथम प्रार्थना

(१) लीम्बुवानले आगामी आम चुनाउमा कसरी भाग लीने बारे ।
(२) कीपोटको लालमोहरमा श्री ५ को स्वी कृति लीने बारे ।

किपोटको लालमोहर श्री ५ बाट स्वीकृती लीने बारे वक्ताहरूको नामावली

(१) ईमानसी चेम्जोङ
(२) देउमां आङदेम्बे
(३) जहरमां थाम्सुहाङ
(४) कृस्नबाहादुर लीवी
(५) जितबहादुर थेबे
(६) कृस्नबाहादुर तुम्बापो
(७) मानबाहादुर पोडयाङ्गु
(८) छवीलाल लीवी
(९) ले. चौतारा
(१०) सु. पंचज नेवा
(११) दो बाहादुर बोहोरा छेत्री
(१२) हलराज राई कोलबोटे
(१३) भगीरथ रीज्याल
(१४) सु. हर्कप्रसाद आङदेम्बे
(१५) व. कीस्नबाहादुर लीवी
(१६) श्री भक्त थेबे
(१७) श्री रामप्रसाद तेरपु
(१८) उदीमप्रसाद तेरपु
(१९) खड्क बाहादुर कुरूंगा
(२०) श्री हरीराज आङदेम्बे
(२१) श्री भुवानी वीक्रम नेवा
(२२) ....

लालमोहर वीषयेमा पाचथरबाट काठमांडु तुरून्त जाने

(१) व. कीस्न बाहादुर लीवी खाली
(२) ईमानसीङ चेम्जोङ आंसारा
(३) सु. जहरमां थाङ सुहां याङनाम
(४) भगीरथ रीज्याल भालुवा

धनकुटाबाट

(१) ले. चौतारा लीवु ईलाम कलबोटे
(२) श्री भक्त थेबे प्यां



यसपछिका वर्षहरूमा निरन्तर पञ्चायत, बहुदल र गणतन्त्र व्यवस्था आउँदासम्म पनि यो विषय उपेक्षामा परिनै रह्यो । किपट व्यवस्थाको अन्त्यसँगै आदिमकालदेखि यस क्षेत्रका भूमिपुत्र लिम्बूहरूका जगरवगर, पाखापखेरा, वनजङ्गल एवं समस्त जग्गाहरू राज्यको स्वामीत्वमा ल्याईए। सदियौंदेखि किपट प्रथामा आधारित लिम्बू जातिको सभ्यता, संस्कृति/संस्कार तथा परम्पराहरू किपट उन्मूलन पछि भताभुङ्ग भए । यसका अतिरिक्त विश्वव्यापीकरणको असरले लिम्बू समाजलाई आधुनिकता तर्फ उन्मूख गराएपछि याक्थुङ सभ्यतालाइ झनै अस्तव्यस्त बनायो । यद्यपि अहिले पहिचानको लहरले याक्थुङ भाषा, संस्कार संस्कृति, भेषभुषा, खानपान तथा परम्पराहरूको जगेर्ना गर्ने तर्फ अहिलेको याक्थुङ/लिम्बू समुदाय अगाडि बढिरहेको छ।

घ) लालमोहर नवीकरण :

किपटिया सुभाङगीहरूले बिन्तिपत्र चढाएको आधारमा वि.सं. २०१७ साल चैत्र २७ गतेका दिन राजा महेन्द्र साहबाट- "पश्चिममा अरूण नदी, पूर्वमा मेची खोला, उत्तरमा तिब्बत र दक्षिणमा झापा, मोरङ र सुनसरीको चारकोसे झाडीबीचको माल र लाख सिमाना कायम गरी सो चारकिल्ला भित्रको क्षेत्रलाई परम्परादेखि चलिआएको रीतिथिति आफ्नै हितको काम जानी सोझा चिताई थीती जानी भोग्या गर्नू" भनी लालमोहर नविकरण गरिदिए। लालमोहर लेनदेन गर्नेमा सरकारको प्रतिनिधि अर्थ सहायक मन्त्री काजीमान कन्दङ्वा र पल्लो किरात लिम्बूवान किपटियातर्फबाट सुब्बा प्रेमबहादुर माबोहाङ थिए।

५.४ किपट उन्मूलनमा प्रतिरोधहरू :

नेपालमा वि.सं.२००७ सालको राजनीतिक परिवर्तनपछि परम्परागत रूपमा चल्दै आएको भूमि व्यवस्थालाई सुधार गर्न आवश्यक छ भनेर वि.सं. २००९ सालमा तत्कालीन सरकारले भूमिसुधार आयोग गठन गऱ्यो । यसले तत्कालीन किसानहरूमाथि परेको पिरमर्का हटाउने व्यवस्था आवश्यक भएको भनेर भूमि सम्बन्धी विस्तृत प्रतिवेदन पेश गऱ्यो। वि.सं. २०१२ सालमा राजा महेन्द्र शाहद्वारा १३ सूत्रीय कार्यक्रम घोषणा गर्दै वि.सं. २०१४ मा केही महत्वपूर्ण कानून निर्माण गरे । वि.सं. २०१६ मा बिर्ता उन्मूलन ऐन र वि.सं. २०१९ मा रजौटा व्यवस्था उन्मूलन ऐन तयार गरी लागू गऱ्यो। त्यसपछि वि.सं.२०२१ सालमा भूमिसुधार ऐन लागू गऱ्यो। त्यसलाई सफल पार्नका लागि भन्दै भूमि सम्बन्धमा व्यापक सुधार गर्नुपर्ने नाममा धेरै लामो समयदेखि चल्दैआएको किपट प्रथा र अमाल व्यवस्थाको अन्त्य गरिदियो।

क) धनकुटामा विरोध कार्यक्रम :

नेपाल सरकारले वि.सं.२०२१ सालमा भुमिसुधार ऐन जारी गऱ्यो। वि.सं.२०२२ सालमा पल्लो किरात लिम्बुवान क्षेत्रको धनकुटा जिल्लामा भूमिसुधार क्षेत्रीय कार्यालय उद्‌घाटन कार्यक्रमको दिन किपटिया सुभा/सुब्बाहरूले देब्रेबासमा भूमिसुधार कार्यालय उद्‌घाटनको विरूद्धमा जनप्रदर्शन गरेका थिए । उक्त प्रदर्शनमा तत्कालीन सरकारले लिम्बूवानका निम्न नेता तथा प्रतिनिधिहरू पक्राउ गरेको थियो। ति पक्राउ पर्नेहरूमा, (१) मानबहादुर पयाङ्गु(तेह्रथुम), (२) दलबहादुर खापुङ(तेह्रथुम), (३) कृष्णबहादुर थाङदेन(तेह्रथुम), (४) प्रकाशमान आङ्बुहाङ (तेह्रथुम), र (५) डम्बरबहादुर याक्खा (सङ्खुवासभा) थिए।

ख) सरकारमा विन्तिपत्रहरू :

पल्लो किरात लिम्बूवान क्षेत्र आठराई थुम बस्ने प्रकाशमान आङबुहाङ लिम्बूले किपट क्षेत्रमा भूमिसुधार ऐन बमोजिम कार्यक्रम लागू गर्दा परापूर्वकालदेखि मुलुकी सम्झौता विपरित हुन्छ। त्यसैले किपट क्षेत्रमा भूमि सुधार लागू गर्न मिल्दैन भनी सबै थुमका सुब्बाहरूमध्ये २६७ सुब्बाहरूको दस्तखत सङ्कलन गरी वि.सं.२०२३ साल जेष्ठ २३ गतेका दिन राजा महेन्द्र समक्ष बिन्तिपत्र चढाएका थिए। तर यस निवेदन उपर कुनै सुनुवाई भएन।

ग) राजदरबारमा अन्तिम भेटघाट :
राजा महेन्द्रबाट वि.सं.२०२४ साल जेष्ठ १९ गतेका दिन ४:३० बजेको समयमा पल्लो किरात लिम्बुवानको किपटिया प्रतिनिधिहरूसँग राजदरबारमा भेटघाट कार्यक्रम सम्पन्न भयो। प्रतिनिधिहरूले राजालाई किपट थीतिको बारेमा जानकारी दिए तर राजाबाट किपट थीति थमौति गरिदिने बारेमा सकारात्मक जवाफ आएन। त्यसपछि मिक्लुक थुम नागीका सुब्बा प्रेमबहादुर माबोहाङले किपट क्षेत्रमा भूमिसुधार लागु गर्दा गोरखाली राजा र लिम्बूवानबीच तसल्ली मोहर गरी मुलुकी सम्झौता भएको रीतिथिति उल्लङ्घन हुनजान्छ भनी पटकपटक गरी १३ पटक राजासमक्ष बिन्तिपत्र चढाएका थिए। तत्कालीन राजामा चढाइएका विन्तिपत्रहरू राजाबाट भूमिसुधार मन्त्रालयमा पठाइयो। भूमिसुधार मन्त्रालयले "यस मन्त्रालयमा प्राप्त हुन आएको निवेदन व्यहोरा पेश हुँदा धनकुटामा हाजिर भई कानून बमोजिम गर्न तपाईंहरूसँग भएको कास्यपत्र, लालमोहर समेत लिएर उपस्थित हुनू" भन्ने भूमिसुधार कार्यालयबाट जानकारी पत्र प्राप्त भयो। (डा.सँग्रौला, २०६७.२९०:२९१)

भूमिसुधार कार्यालयको उक्त पत्र प्राप्त भएपछि चौविस थुमका सुब्बाहरूसँग भएका लालमोहर, कस्यपत्र, सनद र रूक्कापत्रहरू जम्मा गरेर तत्कालीन नेपाल सरकारको भूमिसुधार कार्यालय, धनकुटामा बुझाएदेखि नै चौबिस थुमको ऐतिहासिक कागजातहरू नष्ट भयो भन्ने भनाई रहिआएको छ। संयक लिम्बूहरूलाई दिईएका लालमोहर, इस्तिहार आदि कतै-कतै छिटफूट रूपमा भने भेटिएका छन्। ती मोहरहरू मध्ये आशिकराम रायका नाम भएका ६/७ वटा मोहरहरू बोधे निवासी भक्तबहादुर देवानसँग सक्कलैप्रति रहेको र छायाँप्रति चाहीं भगिराज इङनामकृत "लिम्बूवानको ऐतिहासिक दस्तावेज सङ्ग्रह-२०७७" मा प्रकाशित भएका छन्।

ती मोहरहरूमा उल्लेखित आशिकराम राई देवानहरूका पुर्खा हुन् कि संयकका पुर्खा हुन् भन्ने बारेमा अझै वढी खोज-अध्ययन र बहस गर्न जरूरी छ। उक्त मोहरहरूमा उल्लेखित किपटहरूका चारकिल्ला हेर्दा केही देवानहरूसँग सम्वन्धित भएका र कतिपय छुट्टै अर्थात संयक वंशसँग सम्बन्धित देखिन्छन्। धनकुटा जिल्लाको मालपोत कार्यालयमा रहेका चौबिस थुमका सुभा/सुब्बाङ्गीहरूको ढड्डा, तिर्जा हेर्दा भने आशिकराम राई संयक वंशका प्रभावशाली सुब्बा देखिन्छन्।

५.५ किपट भूमि पुनः स्थापनाका प्रयासहरू :
पल्लो किरात लिम्बुवान क्षेत्रमा किपट भूमिमा भूमिसुधार व्यवस्था लागू हुननदिनका लागि त्यहाँका किपटिया लिम्बूहरूले निकै ठूलो प्रयास गरेर पुनःस्थापनाको लागि आन्दोलन समेत सुरू गरे। वि.सं. २०२३ सालमा उनीहरूले राजासमक्ष फेरि विन्तिपत्र चढाए। फलस्वरूप सरकारले वि.सं.२०२४ साल जेष्ठमा किपटिया सुभाङ्गीहरूको मागको बारेमा वार्ता र छलफल गरायो तर किपटियाहरूको माग पुरा भएन। त्यसपछि पनि पल्लो किरात लिम्बूवान क्षेत्रका सुब्बाहरूले एकआपसमा छलफल परामर्श गरी सरकारमा विन्तीपत्र चढाउने काम जारी नै राखे तापनि त्यसको राम्रो नतिजा आएन। उनीहरूको मागलाई सरकारले पूरा गर्नको साटो वरू किपट व्यवस्थाको नै अन्त्य गरिदिए।

क) विजयपुरको भेला :
किपट व्यवस्थाको अन्त्य गरिएपछि पल्लो किरात लिम्बूवान क्षेत्रका किपटिया सुब्बाहरू वि.सं.२०२४ साल फाल्गुन १० गतेका दिन विजयपुरको बुढासुब्बा मन्दिरको प्राङ्गणमा सुब्बा प्रेमबहादुर माबोहाङको अध्यक्षतामा बैठक बसेको थियो। सो भेलाले पाँच वटा प्रस्ताव पारित गर्दै सर्वसम्मतिबाट किपट सम्बन्धमा निवेदन पेश गर्न निम्न व्यक्तिहरू चुनिएका थिए।

प्रतिनिधि मण्डलका सदस्यहरू

क.सं	नाम-थर	क.सं	नाम-थर
१.	सुव्वा प्रेमवहादुर मावोहाङ	२.	विचारसिंह कन्दङवा
३.	के. नरवहादुर कुरुम्वाङ	४.	प्रकाशमान लिम्वू
५.	लोकेन्द्रराज लिम्वू	६.	दलवहादुर खापुङ
७.	ले. मानवहादुर थाङदेन	८.	रा. कृष्णवहादुर थाङदेन
९.	रा. पूर्णवहादुर थेवे	१०.	काजीमान कन्दङवा
११.	देउमान आङदेम्वे	१२.	प्रेमराज आङदेम्वे
१३.	नन्दप्रसाद खेवा	१४	खड्गवहादुर ईवा

उक्त भेलाबाट चुनिएका प्रतिनिधि मण्डलका सदस्यहरूलाई वि.सं. २०२४ साल चैत्र १० गतेका दिन धरानमा अनिवार्य उपस्थित हुनुपर्ने र तोकिएको समयमा अनुपस्थित भएमा रिक्त स्थानमा १७ जनामा नबढाई सभापतिले मनोनित गर्ने भनी बैठकले सभापतिलाई जिम्मेवारी दिएको थियो।

ख) छकलीटारको बैठक :

वि.सं.२०२५ साल मंसिर १७ र १८ गते पूर्व वनमन्त्री समशेरबहादुर तुम्बाहाङफेको अध्यक्षतामा म्याङलुङ बजारको छकलीटारको भेलाले वि.सं.२०२१ सालको भूमिसुधार ऐनले किपट माथिको थितिलाई समाप्त पारेकोले त्यस सम्वन्धमा दुःख प्रकट गऱ्यो। उक्त भेलामा भेलाको सभापति शम्सेरबहादुर तुम्वाहाम्फे, सचिव रा. कृष्णबहादुर थाङ्देन सहित, पद्म्म सुन्दर लावती, तिलविक्रम नेम्वाङ लगायत १७ थुमका विभिन्न स्थानहरूबाट १३५ जना सहभागीहरू उपस्थित भएका थिए। साथै यस सम्बन्धमा थप माग गर्न सो भेलाले एउटा प्रतिनिधि मण्डल बनाएको थियो।

ग) छकलीटारको दोश्रो भेला :

लिम्बूवान भूमिमा भएको २०२५ सालको ऐतिहासिक छकलीटारको भेलाको सम्झना गर्दै पुनः उक्त मागलाई जागृत गराउने उद्देश्य लिएर वि.सं २०७८ साल मंसिर १६,१७ र १८ गते छकलीटारमा पुन एकपटक ३ दिने भेला आयोजना गरिएको थियो। याक्थुङ लिम्बूहरूको थरगत संस्थाले संयोजन गरिएको उक्त भेलामा प्राचीन लिम्बूवान क्षेत्रमा रहेका लिम्बू जातिका विभिन्न थरगत संस्थाहरूको प्रतिनिधित्व गराईएको थियो। उक्त भेलामा लिम्बूवान क्षेत्रका विभिन्न जिल्लाहरूबाट रहेका विभिन्न थरगत संस्थाहरूले भाग लिंदै विभिन्न थरी संस्थाहरूबाट प्रतिनिधित्व गरेर ३०९ जना प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

उक्त भेलामा प्राचीन लिम्बूवान भूमि, लिम्बू जातिको सभ्यता र संस्कृति तथा तिनको जगेर्ना, लिम्बूवान क्षेत्रको प्राचीन सिमाना तथा किपट व्यवस्था तथा लिम्बू जातिको लिम्बूवान भूमिमा अग्राधिकारको सम्वन्धमा विचार-विमर्श गरिएको थियो।

संयक लिम्बू जातिको संस्थागत प्रतिनिधित्व गर्दै उक्त भेलामा संस्थाका का.वा अध्यक्ष श्री हेमकर्ण तुम्सा संयक र सदस्य श्री कुलकेशर तुम्वा संयक सहभागी भई भेलालाई सफल पार्न आफ्नो योगदान दिनुभएको थियो।

५.६ किपट प्रथाको अन्त्य :

नेपाल सरकारले पल्लो किरात लिम्बूवान क्षेत्रमा भूमिसुधार ऐन बमोजिम क्रमिक रूपले वि.सं.२०२८ सालमा इलाम जिल्ला, वि.सं.२०२९ सालमा धनकुटा जिल्ला, वि.सं.२०३० सालमा पान्थर जिल्ला, वि.सं.२०३२ सालमा

तेह्रथुम जिल्ला र वि.सं. २०४८ सालमा सङ्खुवासभा जिल्लामा भूमिसुधार ऐन बमोजिम नाप नक्सा तयार गरी लिम्बूवानमा सुब्बा र अमाली प्रथाको अन्त्य गरिदियो।

५.७ किपटीया तालुकवाला सम्बद्ध तत्कालीन पारिवारिक विवरण :

पल्लो किरात लिम्बूवान क्षेत्रमा वि.सं. २०२१ सालसम्मको सुब्बा, कारबारी, राई (राय), कर्ता, बुढौली र भैयाद परिवार सङ्ख्या निम्न बमोजिम रहेको देखिन्छ।

क.सं	विषयगत क्षेत्र	संख्या
१.	किपटिया तालुकवाला (सुब्बाङ्गी प्राप्त संख्या)	८,०००
२.	किपटिया तालकुवाला परिवार संख्या	४०,०००
३.	राई, कर्ता, कारबाही र बुढौली संख्या	४०,०००
४.	राई, कर्ता कारबाही बुढौली परिवार संख्या	२,००,०००
५.	भैयादको संख्या	४०,०००

५.८ चौवीसे क्षेत्रको किपटकालिन अवस्था :

आठौं शताब्दीको अन्त्यतिर संयक लिम्बूहरूको पुर्खा सोइयक लादोहाङको राज्यकालमा चौविसे, मिकलुक, मोरङ र जलालगढसम्मको भू-भाग अधिनमा थियो । सोह्रौं शताब्दीतिर विजयपुरमा नयाँ शक्तिको रूपमा राय र सेन राजाहरू उदाए । त्यस समयमा लिम्बू प्रमुखहरू गाउँले आपुङी राजाहरूमा सिमित भएका थिए । दस लिम्बूवान अर्थात दस राज्यहरू सञ्चालन भए पनि सामूहिक एकताको भावना कमजोर बन्दै गएकाले शत्रु शक्तिहरू हावी हुँदै गएका थिए । विजयपुर राज्य स्थापित भएपछि त झनै लिम्बू ईतरका वंशहरूले दस लिम्बूवानको भूगोलमा आफ्नो पहुँच बढाएर लगेको थियो । आन्तरिक रूपमा लिम्बूहरू स्वयं नै आफ्नो शक्तिको वृद्धिका लागि एकआपसमा लडिरहन्थे र आन्तरिक राजनीतिक अवस्था कमजोर भएको अवस्थामा राजनीतिक, प्रशासनिक र सामाजिक खलल भएकोले अन्य पक्षहरूलाई प्रवेशको लागि सहज हुने नै भयो।

क) सेनकालिन भूमि व्यवस्थापन :

सेनवंशी राजाहरूले स्याहामोहर दिएर अन्य लिम्बूहरूलाई झैं चौबिस क्षेत्रका संयक लिम्बूहरूलाई पनि क्षेत्राधिकार घटाई विजयपुर राज्यप्रति उत्तरदायी हुने व्यवस्था लागु गरेर राजनीतिक रूपमा खुम्च्याई दिए । पहाडतर्फ भन्दा पनि विजयपुर (मोरङ) राज्यको छिमेकी राज्य चौबिसे क्षेत्रका भुरेभारे राज्यहरू छिन्नभिन्न भएको अवस्थामा शक्तिशाली विजयपुरले केन्द्रीय राज्यसत्ता सम्हालेकाले आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा पनि बलियो प्रभाव पारेको देखिन्छ।

चौबिसे क्षेत्रमा सेनकालिन समयमा नै सबैभन्दा बढी लिम्बू इतरका आप्रवासीहरू भित्रिएका देखिन्छन् । नव आगन्तुक लिम्बू वंशहरूको बढ्दो जनसंख्या, राजनीतिक शक्ति र आर्थिक बढोत्तरीले संयकहरूको भूमिमाथिको स्वामित्व, जनसङ्ख्या र राजनीतिक शक्ति पनि गुमेको देखिन्छ। चौबिसको डाँडाबजार क्षेत्रमा थेगिम वंश, मौनाबुधुक क्षेत्रमा चेम्जोङ वंश, बोधे छापमा पुत्लुङ देवान वंश, खुवाफोकमा ईवा र फात्लेछुवा वंशहरू प्रवेश गरेपछि चौबिस क्षेत्रको राजनीतिक, जनसांख्यिक, आर्थिक तथा सामाजिक परिवर्तनहरूले संयक वंश समूहलाई रक्षात्मक बनायो । फलस्वरूप यस क्षेत्रको परिवर्तनहरूले लिम्बूवानका अन्य थुमहरूमा पनि निकै ठूलै प्रभाव पारेको देखिन्छ।

ख) शाहकालिन भूमि व्यवस्थापन :

वि.सं. १८३१ पछि शाहवंशी राजाहरूले लालमोहरको माध्यमबाट अघिदेखि भोगाधिकार भएको किपट जग्गालाई आफ्नो तर्फबाट पनि सदर गरेको निस्सा वितरण गरे । यसले किपट भूमिमाथि लिम्बूहरूको स्वामित्वलाई गोरखाली

राज्यसत्ताले निगाहबाट थमौती गरेको सन्देश थियो। त्यसबेला किपट र रैकर दुई किसिमका भूमि थिए। किपट जग्गा सुब्बाको अधिनमा हुन्थ्यो। किपट जग्गा किनबेच फार्सा राजिनामा हुँदैनथे। किपट जग्गाहरू सुब्बाको छोरा नातिहरूमा अंशबण्डा लाग्दै जाँदा चाक्ला जमिनहरू पनि टुक्रे जग्गा हुनपुग्थे। एकै अंशियारहरूलाई कोखेभाइ र मिसल भाइहरूलाई डोकेभाइ भनिन्थ्यो। उनीहरूले अंशको जग्गाको तिरो (मालपोत/भूमिकर) दामासाही अर्थात भागीदारीका हिसाबले सुब्बा मार्फत सरकारलाई बुझाउनु पर्दथ्यो। रैकर जग्गा सरकारको अधिनमा हुन्थ्यो। यो जग्गा किनबेच रजिष्ट्रेशन पास हुन्थ्यो।

वि.सं.१८३१ मा लालमोहर गरी दिएको किपट जग्गामा वि.सं.१८३७ सालदेखि सरकारले अतिक्रमण सुरू गऱ्यो। किपट जग्गाबाट फुटी सुब्बा हुन पाउने व्यवस्था गरियो। फुटी सुब्बा हुन चाहने डोकेभाइले आफ्नो स्वामित्वमा रहेको जग्गा मध्ये रू.३०।- उठ्ती हुने र ६० मुरी फल्ने खेत अथवा रू.१५।- उठ्ती हुने र ३० मुरी फल्ने खेत सरकारलाई चढाएमा फुटी सुब्बा हुन पाउने व्यवस्था गरियो। उनीहरूलाई केही खास अधिकार दिइएको थियो, जसले गर्दा त्यस अवस्थामा धेरै किपट जग्गाहरू रैकरमा परिणत भए।

(वि.सं. १८९४ चैत्र वदि ७ रोज १ को रूक्कापत्र)

रैकर जग्गाहरू सरकारले राष्ट्र सेवकहरूलाई बिर्ताको जागिरको रूपमा दिइयो भने कुनै ठाउँमा देवस्थल, मन्दिर र विद्यालयहरूलाई गुठीको नाममा जग्गा छुट्याईदिए। पछिल्ला समयमा चौविसेमा प्रवेश भएका अन्य थरी लिम्बू तथा याक्खाहरूले पनि किपट जग्गाहरू गुमाउँदै गए। संयक लिम्बूहरूले पनि आफनो किपट क्षेत्र गुमाउँदै गए। तत्कालीन श्री ५ को सरकारले किपट प्रथालाई निमोठ्दै लगेर, अन्तिममा उन्मूलन गर्ने उद्देश्यले वि.सं.२०२१ सालमा भूमिसुधार कार्यक्रम लागु गरेपछि रहलपहलको भूमिमाथिको किपट अधिकार पनि गुम्ने भएको हुनाले चौविसेका प्रेमबहादुर मावोहाङको नेतृत्वमा धेरै लिम्बू प्रमुखहरूले आन्दोलन गरे। उनले राजा समक्ष १३ पटक बिन्तिपत्र चढाए तर राजाबाट कुनै सुनुवाई भएन। त्यसपछि वि.सं.२०२७ सालदेखि जग्गाको सबै नापी शुरू भयो। नापी भएका ठाउँहरूको जग्गाको स्वामित्ववालाहरूलाई जग्गाधनी प्रमाणपुर्जा सरकारले वितरण गर्‍यो। अन्त्यमा लिम्बू जातिको जीवन पद्धतिसँग जोडिएको किपट प्रथा र सुभाङ्गी अधिकारको अन्त्य गरियो।

लिम्बूवान क्षेत्रमा प्रचलित किपट प्रथा नै चौबिस पधेयकको भूगोलमा पनि सञ्चालनमा रहेको थियो। दश लिम्बूवान सत्रथुमको संरचनामा चौबिसको साँगुरीगढी, बोधे, मिक्लुक, कुरूले, खुवाफोक, ६ नं. बुधबारे आदि यसै पधेयक अन्तर्गत पर्दथे। करिब ८ पुस्तादेखि चौबिसे क्षेत्रमा बस्दै आएका माबो (चिक्चो र लादो) चेम्जोङ, थेगिम, फालेच्छा, ईवा, सुहाङ, मिभक लगायतका आगन्तुक लिम्बू वंशहरू पनि संयकहरूकै चौबिसे क्षेत्रको किपट भूमिमा आवाद भएका थिए र हालसम्म पनि त्यस क्षेत्रमा उनीहरूको वसोवास निकै सघन छ। हाल किपट प्रथाको व्यवस्था छैन तर पनि लिम्बू जातिले आफ्ना विविध धार्मिक, साँस्कृतिक तथा सामाजिक कार्यहरू सम्पन्न गर्नुपर्दा दस लिम्बूवान सत्र थुमकै थिति अनुसार गर्नुपर्छ। यी थितिहरू किपट प्रथामा आधारित छन्, यसैले भनिन्छ- किपट र मुन्धुमको अन्योन्याश्रित सम्बन्धले नै याक्थुङ संस्कार, संस्कृति र परम्पराहरू जीवन्त रहेका हुन्।

❑❑❑

भाग-६
चौविसे क्षेत्रका संयक लिम्बूहरूको नालीबेली

६.१ चौविसे क्षेत्रमा संयक लिम्बूहरू :

चौविसे क्षेत्र लिम्बूवान (याक्थुङ लाजे) को एउटा सानो अंश हो । यो नेपालको सुदुरपूर्वी भागमा रहेको धनकुटा जिल्लाको पनि दक्षिणपूर्व भागमा अवस्थित छ। यस चौविसे क्षेत्रलाई संयक लिम्बूहरूको उद्गमस्थल मानिन्छ। यस क्षेत्रमा किरात लिम्बूहरूका पुर्खाहरू कहिले कहाँबाट आएर बसोबास गरे भन्ने कुराको सटिक रूपमा जवाफ दिन गाह्रो छ। चौविसे क्षेत्रमा संयक लिम्बूहरूको आगमनभन्दा पहिले लिम्बूवान क्षेत्रमा कुन जातिका मानिसहरू थिए ? भन्ने प्रश्नको कुनै उत्तर छैन । अर्थात, चौवीसे क्षेत्रमा संयक वंशी लिम्बूहरू भन्दा पहिले कुनै लिम्बू जाति वा अन्य कुनैपनि मानव जाति प्रवेश गरेको इतिहास छैन । अनादिकाल देखि चौवीसे क्षेत्रका संयक लिम्बूहरू चौवीसको भूमिमा भूमिपुत्रको रूपमा बसोबास गरिरहेका छन् । यसैकारण संयक वंश समूहलाई खाम्बोङवा लुङबोङवा वंश (ढुङगा र माटोको सन्तान) पनि भनिएको हो ।

उहिलेका मानिसहरूले आवत जावतका लागि मार्ग चयन गर्दा नदी किनारलाई नै प्राथमिकता दिएको देखिन्छ। यसो हुनाका कारण भोक र तिर्खा मेट्न नदीले पर्याप्त मद्दत गर्ने भएकाले हो । उ बेला नदी किनारका साँघुरा गोरेटाहरू त्यस बखतका राजमार्गका रूपमा उपयोग गरिन्थे । यसका अतिरिक्त अनन्त गन्तव्य सम्मको मार्ग नदी किनार नै उपयुक्त हुन्छ। विश्वका अधिकांश प्राचीन सभ्यताहरू नदी किनारमा नै स्थापित भएको देखिन्छ। हालसम्ममा पनि विश्का ठूला शहरहरू नदी किनारमा नै स्थापित भएका छन् । कतिपय लिम्बू वंशहरूका माङगेन्ना मुन्धुम तथा वंशावलीहरूले आफ्नो वंश कोसी नदी उँभो लाग्दा तमोर किनारै किनारका खिबेकलुङ, थाक्केलुङ, सधाप्माटार, हाङसेनलुम, डिहीटार, हाक्पारा हुँदै छथर, पान्थर, फेदापका बसोबास स्थलसम्मको आगमन मार्ग बताउँछन्। यस अर्थमा पनि तमोर नदीको समानान्तर प्रचलित प्राचीन गोरेटाहरूले हजारौं वर्ष अगाडिदेखि याक्थुङ लिम्बू जाति ओहोरदोहोर गरेको इतिहास बोकेका छन्।

चौबिस क्षेत्रको तल्लो मैदानबाट उत्तरतर्फ लागेका विभिन्न मानव वंशहरू सप्तकोशी किनारै किनार उकालो लाग्ने क्रम हजारौं बर्ष अगाडिदेखि नै चल्दै आएको देखिन्छ। यसरी उकालो लाग्ने क्रममा अरूण र सुनकोसी छाडेर तमोर नदीको किनार हुँदै आउने मानव समूहहरू हाल धनकुटा जिल्लाको मूलघाट हुँदै रघुवा र छरूवा खोलाको वीच भागको केही माथि आएर बास बस्दथे । तेह्रौ शताव्दितिर मधेशतर्फबाट एउटा मानव समूह यही स्थानमा नै बस्न आइपुग्यो । संयोगवश त्यो मानव समूहका चारभाइका चार पत्नीहरूबाट एक-एक पुत्रहरूको जन्मभयो । लिम्बू भाषामा वच्चा जन्माउनुलाई "सा-धाप्मा" र ठाँउलाई "देन" भनिन्छ । यही ठाउँमा वच्चाहरू जन्मिएकाले सो ठाउँलाई "सा+धाप्मा+देन= साधाप्मादेन" भनिएको हो भन्ने भनाई छ। यो स्थान धनकुटाको तमोर नदीमा रहेको मूलघाट पुलदेखि अन्दाजी ८ कि.मि. उत्तरमा पर्दछ । यही "साधाप्मादेन" शब्द अपभ्रंश भएर यो स्थानको नाम "सधामटार" रहन गएको हो भन्ने भनाई रहेको पाइन्छ। सधामटारबाट छुट्टिएका ती चारभाइहरू तमोर किनारहुँदै उत्तर र पूर्वतर्फ लागेका हुन् भन्ने तथ्य सेनिहाङ वंशावलीले उल्लेख गरिएको छ। हाल तमोर करिडोरको लोकमार्गले सो ऐतिहासिक पैदल मार्ग ध्वस्त भएको छ । यस मार्गका छेउछाउमा हजारौं बर्षदेखि बसोबास गरिरहेका जाति/जनजाति (विशेष गरी माझी जाति) हरूको सामाजिक अवस्था खल्बल्याइदिएको छ।

नयङ वंशावलीका खोजकर्ता गोविन्द नयङको विचारमा- "सधामटार आइपुगेका चार भाइमध्ये ३ भाइ अझ उत्तरतर्फ लागे र एक भाइ त्यहीं चौबिसमा रही राज्य गर्न थाल्यो । त्यसैको सन्तानहरूमा जेठो संयक्पा, माइला थक्सुपा, साहिंला लिछेवा (लाङवेवा) र कान्छा नयङ्वा थिए ।" (नयोङ २०६७ : १९५) भन्ने उल्लेख गरेको पाइन्छ। तेम्बे वंशावली लेखक हर्क तेम्बेका अनुसार बोधे संयक्पा मिङ्स्राका याक्थुङहरू नयङबा, तुम्बा, तुम्सा, थक्सुबा, युङसिङबा, लाङवेबा, पियोम्बा, नाम्योबा, चिएप्पा, कात्तावा, माङगाईबा, थलङ्वा आदिको माङगे्न्ना यक हो। (तेम्बे २०७३ : १००)

चौबिस क्षेत्रका संयक लिम्बूहरू येत्हाङ (आठ राजा) मध्येका चेस्वीहाङका सन्तान हुन् । आठौं शताब्दीको उत्तरार्द्धतिर दस लिम्बूवान स्थापना हुँदा राजा चेस्वीहाङको सन्तान सोइयाक लादोहाङले आफ्नो राज्य थमौती गर्न सफल भएका थिए । यस कुरालाई त्यस क्षेत्रमा रहेका संयक लिम्बू जातिको माङगेन्ना मुन्धुम, थातथलो, अवशेषहरू, पुख्यौली स्थलहरू, किंवदन्तीहरू आदिबाट समेत पुष्ट्याँई हुन्छ। यसर्थ चौबिस क्षेत्रका संयक लिम्बूहरू सधामटारबाट छुट्टिएका प्राचीन सेन, लिच्छवी वा अन्य वंशका सन्तान नभएर खाम्वोङवा लुम्बोङबाहरू हुन्।
चौबिस क्षेत्रका भूमिपुत्रहरू को हुन् ? भन्ने सन्दर्भमा प्राज्ञ अमर तुम्याङ लेख्दछन्- “याक्थुङहरूको मरोमराउ हुँदा मृतकको लास बोक्ने बाँस काट्नु पूर्व मुन्धुम पतुरेर बाँस काट्ने अनुमति माग्ने र समाधिस्थ गर्नका लागि चिहान खन्दा माटो किन्ने मुन्धुमी विधि हुन्छ। त्यस मुन्धुममा पुकारिने नाममा अन्य नामहरूसँगै सङ्यक्पाको मूल प्रोटो मुन्धुमी नाम संयक्पा यसरी आउँछ : संयक्पा, कात्ताक्वा, लोलिबा, नाम्योबा, चिएप्पा, थु?लम्बा, नयङ्बा (साम्दु, ताप्लेजुङका ये़बा आइतहाङ सुत्लुङ सा:म्बा) । यस कुराले कुरूले तेनुपा यकका आदिम बासिन्दा अहिले सङ्यक्पा भनिने खाम्बोङ्बा लुङ्बोङ्बा साम्यक्पा लगायतका जातिहरू थिए र ती समाधिस्थलहरू उनीहरूकै थियो कि भन्ने अनुमान गर्न सकिन्छ।” (मुन्धुमी अवस्थलहरूको अध्ययन प्रतिवेदन-२०७५, २०७७ : ८४)

सो अध्ययनमा कुर्ले तेनुपा यकको बारेमा उल्लेख गर्दै थप्छन्- “कुर्ले तेनुपा यक हालमा पूर्ण रूपमा नष्टभई सो स्थलमा विद्यालय भवन खडा भएको छ। उक्त भवन बनाउँदा खन्ने क्रममा त्यहाँ वन्दूकको गोलीको खाका, पुलिक माला भेटिएका थिए। त्यहाँ मान्छे मरी माटो किन्ने क्रममा संयक्पा लिम्बूहरू र उनीहरूका थरीहरूलाई पुकारिने चलन अहिले पनि छ र उक्त स्थलको वारेमा स्थानीय भक्त नेम्वाङसँग गरिएको कुराकानीलाई आधार लिएर कुरूले तेनुपा यकका आदिम वासिन्दा अहिले संयक्पा भनिने खाम्वोङवा लुम्वोङवा जातिहरू थिए र ति समाधिस्थलहरू उनीहरूकै थियो कि भन्ने अनुमान गर्न सकिन्छ।” (ऐ.)

६.२ संयक वंश समूहको उत्पति र विस्तार :

लिम्बू जातिमा सो नामले जान्नुभन्दा अगाडि याक्थुङ्वा भनिन्थे । प्राचीन लिम्बूवान राज्यमा दश सरदारहरूको आगमन भन्दा पहिले नै आठ राजाहरू (येत्हाङ्) ले शासन गरिआएका थिए भन्ने वारेमा विभिन्न अध्यायहरूमा उल्लेख भइसकेको छ। पछि पूर्वी दिशावाट आएका अन्य समूहहरू समेत लिम्बूवानमा मिश्रण भई याक्थुङ्वाहरूको एक महावंश वन्नपुगेको देखिन्छ। आठौं शताँदिको अन्त्यतिर यो महावंशको जनसङ्ख्यामा व्यापक वृद्दिसँगै विवाद र मनमुटावहरू भएपछि आठराजाहरू र दश सरदारपक्षका समूह, उपसमूहको वीचमा द्वेष भई लँडाई झगडाको अवस्था उत्पन्न भएपछि उक्त लिम्बूवान राज्य दश भागमा विभाजन गर्ने र त्यहाँ वस्ने वासिन्दाहरूलाई दश लिम्बूहरू (थिवोङ याक्थुङ्) भन्न थालिएको देखिन्छ।

उक्त आठराजा तर्फका एक राजा चेश्विहाङ् नै संयक वंशका पुर्खा थिए । पछि उनैका सन्तति लाईदो संयकहाङ्[1] चौवीसे क्षेत्रमा राजा भई आफ्नो उत्तराधिकारी सम्हाले । लामो कालखण्ड भएपछि एकै परिवार समेत जनसङ्ख्या वृद्धिसँगै वसाइसराइ, अनुकूलस्थलको खोजी, सहज बसोवास, आफ्नो पविारको सुरक्षा र सम्पतिको जगेर्ना आदिका लागि अलग हुने र फैलने गर्दछन् । नेपालको पहाडि जाति लिम्बू समुदायमा थर, उपथरहरू निर्माण भएको अवस्थाको वारेमा विचार गर्दा स्थान विशेष उपनाम, कुनै घट्ना विशेष उपनाम, कुनै विशेषणजन्य कारणहरूबाट उपनाम हुँदै उपथरहरूको निर्माण भएको अवस्था पाइन्छ । जस्तो कि संयक लिम्बू जातिभित्र लडाकु, वीरलाई ‘थक्सुबा’ भनिएको छ। त्यस्तै पहिले जन्मेकाले ‘तुम्बा’ (ठूलो/पहिलो) आदि। तर, थर उपथरहरू निर्माण हुनुमा अरू पनि थुप्रै कारणहरू हुनसक्दछन्, जसको वारेमा समाजशास्त्रीहरूको व्यापक अध्ययनको आवश्यकता पर्दछ ।

[1] व्रिटिश सैनिक लेखक तथा इतिहासकार इडेन भान्सिटार्टले यस नामलाई सोइयोक लादोहाङ (Soiyok Lado Hang, भान्सिटार्ट, १९९२: १४१) भनी उल्लेख गरेका छन् तथापि, संयक लिम्बूहरूका फेदाङवाहरूले यस नामलाई अहिले पनि लाईदो संयकहाङ भनी उल्लेख गर्ने भएकाले सोही बमोजिम राखिएको छ।

माथिको प्रसँग संयक लिम्बूहरूको विकास र विस्तार तथा त्यसमा थर, उपथरहरूको निर्माणको सन्दर्भमा सङ्क्षिप्तमा जोड्न खोजेको मात्र हो।

संयक मूलथर भित्र जम्मा १३ थरीका उपथरहरूको विकास भएको पाईएको छ। तिनीहरूमा अन्य एघार उपथर बाहेक तुम्बा र तुम्साको उत्पति वा विभाजन सबैभन्दा कान्छो हो कि भन्ने अनुमान गरिएको छ। मानव जातिको इतिहासमा जाति, उपजाति वा थर, उपथरहरू निर्माण हुने क्रममा संयक लिम्बू जातिभित्र यी १३ प्रकारका उपथरहरूको विकास कहिले र कसरी भएको हो भन्ने सम्वन्धमा सविस्तार व्याख्या गर्ने पर्याप्त आधारहरू प्राप्त भएका छैनन्। त्यसैले यो विषय सामाजिक विज्ञानमा रूचि राख्ने अध्येताहरूका लागि एक सान्दर्भिक विषयवस्तु हुनसक्दछ।

क) तुम्बा संयकहरूको ताप्लेजुङ विस्तार :
वि.सं. १७५१ सालमा चौबिस थुम खुवाफोक बस्ने (पुस्ता नं. २८) को पेपाहाङ् तुम्बा संयकका दुई भाइ छोराहरू (पुस्ता नं. २९) का हाङ्गेलेले र हाङ्सेम्बा मध्ये कान्छाछोरा आफ्नो थातथलो खुवाफोकबाट ताम्राङ् भन्ने गाउँमा गएका थिए। सो स्थान ताप्लेजुङ् जिल्लाको साविक साँघु-८ र हाल मैवाखोला गाउँपालिका वडा नं.-४ मा पर्दछ। हाङ्सेम्बाले त्यहाँ पुगेर धेरै बहादुरीका कामहरू गरेका थिए भन्ने कहावत त्यहाँका स्थानीयहरूबाट सुन्न पाइन्छ। त्यहाँ वनेमवंशी श्रीदेऊ फागो र आङ्वुहाङ् राजाबीच लडाँई झगडा भइरहेको थियो। साविक ढुङ्गेसाँघु-२, पञ्चमी डाँडामा हुने गर्दथे। संयक पुर्खाले श्रीदेऊ फागो राजाको पक्षबाट लडाइँमा नेतृत्व गरेका थिए। अन्तत लडाइँकै बीचमा द्वीपक्षीय सम्झौता गरी कायम गरिएको सिमानालाई हाल माछापोखरी भनिन्छ। हाल उक्तस्थान आठराई त्रिवेणी गाउँपालिकामा पर्दछ। लडाई समाप्त भएपछि, श्रीदेऊ फागोले संयक पुर्खा हाङ्सेम्वालाई सिमाना सुरक्षा गर्ने जिम्मेवारी सहित सुन्तले क्षेत्रको एक मौजा दिएर राखेका थिए। त्यस क्षेत्रमा संयक वंशहरू हालसम्म बसोबास रहेको छ।

श्री देऊ फागो राजा र आङबुहाङ राजाबीच युद्ध भएको थियो। त्यो युद्धमा संयक वंशका हाङ्सेम्बा र पंधाकहरू श्री देऊ फागो राजाको पक्षमा सामेल भएर सहयोग गरेका थिए। फागो राजा र आङबुहाङ् राजाबीचको युद्ध सम्झौतामा टुङ्गियो। त्यो युद्धमा हाङसेम्बा र पंधाकले बाहादुरीपूर्वक लडेकाले वहाँहरूलाई ताम्राङको भूभाग दिएका थिए। यसरी संयक वंशहरू ताम्राङ क्षेत्रमा आजभन्दा ३३० वर्ष अघि देखि बसोबास गर्दै आएका छन्। वि.सं. २०४२/४३ सालमा नेपाल सरकारबाट डोर नापी हुँदा पनि त्यस ताम्राङ गाउँको क्षेत्र तुम्बा संयक र पंधाक वंशबीच आधा आधा जग्गाको स्वामित्व भएको उक्त श्रेष्ताले पुष्टि गर्दछु।

हाङ्सेम्बा तुम्बा संयकका दुई छोराहरू (पुस्ता नं. ३०) का कर्णहाङ् राय र गुमहाङ् थिए। कान्छो छोरा रोजगारीको सिलसिलामा मिवाखोला पुगे। उनले त्यो गाउँमा विवाह गरे। विवाहपछि उनी त्यही गाउँमा स्थायी बसोबास गर्न पुगे। उनी पछि उनका सन्तान (पुस्ता नं. ३४) का वीरमान तुम्बा संयक आफ्नो दाजुभाइ खोज्दे साविक बसेको गाउँ ताम्राङ आई पुगे। पुनः त्यहाँबाट वंश वृक्ष क्रम अनुसार वि.सं.को १८४१ मा आफ्नो आदिम पुर्ख्यौली थातथलो जिल्ला धनकुटा खुवाफोक गाउँमा आइपुगे र त्यही बसे। हाल वहाँहरूको खलक (पुस्ता नं. ३४) देखि खुवाफोक, धरान उ.म.न.पा.-१३ मा बसोबास गर्दै आएका छन्। अनि जेठा छोरा कर्णहाङ राय तुम्बा संयकका सन्तानहरूमा (पुस्ता नं ३२) जसवीर संयकका दुई छोराहरू (पुस्ता नं ३३) का मध्ये जेठाछोरा गञ्जवीर तुम्बा संयकको सन्तानहरू हाल मैवाखोला-४, ताम्राङमा बसोबास गरिरहेका छन् र केही सुनसरी, धरान, मोरङ, काठमाडौं र विदेश भारत र अन्य मुलुकहरूमा समेत पुगेका छन्। पुनः जसवीरका (पुस्ता नं.३३) सन्तान पछि फलाम खानी तमोरखोला भन्ने ठाउँमा काम गर्नपुगे र त्यही गाउँमा विवाह गरी घरवार वसाए। हाल उनको सन्तानहरू (पुस्ता नं ३६) का जम्मा दश भाइ थिए। जेठा भाइ बाहेक सबै हाल पनि तमोरखोला र भारतको आसाम, अरूणाचल, दार्जिलिङ, सिक्किम् सम्म पुगेका छन्। जेठा भाइ (पुस्ता-३६) को सन्तानहरू आफ्नो थातथलो धनकुटा खुवाफोकमा पुनः आई हालमा वसोबास गरेका छन् साथै उनीहरू त्यहाँबाट धरान, मोरङ, झापा, काठमाण्डौ र विदेशमा समेत पुगेर बसेका छन्।

६.३ युङ्सिङ्वा, लाङ्वेवा, तुम्बा र तुम्सा उपथरको निर्माण :

युङ्सिङ्वाहरू संयक वंश समूहको अघिल्लो समूहमा पर्ने एकथरी हो, उनीहरू सोह्रौं शताव्दितिर नै मूल संयक थरबाट छुटि्टएर अर्को स्थानमा पुगेका थिए र वोधेक्षेत्रबाट मिक्लुक क्षेत्रको वारेकपुङ तिर प्रवेश गरेका थिए। मूलपुर्खा युङ्सिङ्वावाट नै उनीहरूको उपथर प्रचलनमा आएको देखिन्छ। लाङवेवा थरीहरू लगभग युङसिङवाहरू सँगसँगै संयक मूलवंशबाट अलग उपथरमा विकसित भएको देखिन्छ। उनीहरू प्राचीन समयदेखि नै मूलथलो खुवाबुङ (खुवाफोक) क्षेत्रमा रही हालको मूल बसोवास त्यहीँ रही एकाध मात्र बाहिर पुगेका छन्। लाङ्वेवा उपथरको निर्माणको सन्वन्धमा यो किंवदन्ति रहेको छ कि कोही लिम्बू दाजुभाईहरूको चोरी विवाह (लक मेक्खिम) भई ससुरालीमा कोसेलीस्वरूप सुँगुरको फिला र रक्सी आदि कोसेली बोक्नका लगि चयन गरिएका पात्रहरू (खुट्टालाई लिम्बू भाषामा लाङ् भन्दछन् र खुट्टा वोक्नेलाई लाङ्वेवा, अर्थात, "सुँगुरको खुट्टा वोक्ने" भन्ने अर्थमा) भएकाले उनीहरूलाई लाङ्वेवा भन्न थालियो र पछि यही एक उपथर भयो भन्ने भनाई रहेको छ।

तुम्बा र तुम्सा उपथरको विकासको सम्वन्धमा हालसम्म प्राप्त जानकारी अनुसार, सोह्रौं शताव्दिताका संयक लिम्बूहरूका पुर्खा खाम्वेकहाङका जेठ्ठी र कान्छी श्रीमतीहरूमा कान्छी श्रीमतिबाट पहिलो पुत्रलाभ प्राप्त भएकाले तिनको नाम लिम्बू भाषामा तुम्बा (पहिले जन्मिएको/जेठ्ठो) भयो र त्यसपछि मात्र जेठी श्रीमतीतर्फबाट पनि पुत्र प्राप्त भएकोले उनलाई तुम्मारे+कुस्सा=तुम्सा (जेठ्ठीआमाको छोरा) भन्दै जाँदा तुम्सा संयक उपथर वन्यो भन्ने भनाई छ। उनीहरूको सम्वन्धमा यो पनि भनाई रहीआएको छ कि खाम्वेकहाङ राजाको मृत्यु भएपछि उनको सुद्धाई गर्नेक्रममा जेठी श्रीमतीले राँगा काटेर भोज खुवाईन् तर कान्छीले सूचना समयमा नपाएको रिसको कारणले राँगा र भैंसीलाई अस्वीकार गर्दै खसी काटेर आफ्नो श्रीमानको सुद्धाई कार्य सम्पन्न गर्दै आफ्ना सन्तानहरूलाई अव उप्रान्त राँगा र भैंसीको मासु नखानु भनी त्यसबाट वर्जित गरिन्। त्यो कुरा जेठी श्रीमतीले थाहा पाएपछि उनले पनि आफ्ना सन्नानलाई खसी, वाख्राको मासु नखानु भनी उर्दी गरेपछि एकै बाबुका सन्तानहरूमा तुम्साहरू खसी, वाख्रा नखाने र तुम्बाहरू राँगा, भैंसी नखाने थरीमा परिचित भए।

६.४ संयक वंश समूह भित्र रहेका थर/उपथरहरू :

संयक लिम्बूहरूको उद्गमस्थल चौविसे क्षेत्र हो भन्ने विषय मुन्धुम र इतिहासबाट प्रष्ट भैसकेको छ। संयक मिङस्राका उपथरहरू १३ वटा रहेको र त्यसमध्ये ६ वटा मात्र अस्तित्वमा रहेको पाइन्छ। वाँकी ७ वटाको अस्तित्व लगभग लोप भैसकेको छ। अस्तित्वमा रहेका ६ वटा उपथरहरू मध्येमा जनसङ्ख्याको आधारमा क्रमशः तुम्बा तुम्सा, नयङवा, थक्सुवा, युङ्सिङबा र लाङवेवा छन् भने बाँकी कात्तावा, लोलिवा, नाम्योवा, चिएप्पा, थलङवा, पितरोङवा, मागाईङवा समेत यी ७ वटा वंशको अस्तित्व लोप भईसकेको छ यी वंश वा थरहरू चौवीसकै कुनै ठूलो लिम्बू वंशभित्र समाहित भएको अनुमान गरिएको छ। भविष्यमा यस बारे छुट्टै अध्ययन गरिने छ।

ब्रिटिस इतिहासकार ईडेन भ्यान्सिटार्टले संयक वंशका थर, उपथरहरूलाई लाङ्बेवा, लिङ्देन, लोक्पेवा, ओखेबु, पाक्सङ, थोक्पेवा, थक्सुवा, तुम्बा, तुम्सा, तुम्याङवा, तुम्सङ र वयाङ खजुम आदि १२ थरी संयक्पाहरू भनी उल्लेख गरेका छन्। (भ्यान्सिटार्ट १९१८ : १२१)

46.—SONGYOKPA— (Chaobisia).

Lambeba.	Okhebu.	Thoksuba.	Thumyangba.
Lingden.	Paksong.	Thumba.	Tumsong.
Lokpeba.	Thokpeba.	Thumsa.	Wayam Kajum.

(ईडेन भ्यान्सिटार्टका अनुसार संयक्पाहरू)

चौबिस क्षेत्रका संयक लिम्बूहरूको माङगेन्ना यक पछिल्लो मान्यता अनुसार पधे (वोधे) यक हो। संयक लिम्बूहरूको मुन्धुममा पधेयक भन्दा पहिले "कुरूले यक, पधे यक" भनी उच्चारण गरिने भएकोले वोधे क्षेत्रभन्दा पहिले संयकहरूको

यक कुरूलेमा स्थापना र विकास भएको थियो कि भनी खोजीको विषय वनेको छ।[२] चौबिस क्षेत्रका संयक लिम्बू भूमिपुत्रहरू मुन्धुमी सादिङगे तिङगेहाङका १३ थरी सन्तानहरू हुन्। यो वंश समूहमा ईडेन भ्यान्सिटार्टले भने जस्तो- लिङदेन, लोक्पेवा, ओखेवु, पाक्सोङ, थोक्पेवा, तुम्याङवा, तुम्सोङ र वयाङ खजुम थर वा वंश देखिदैंनन्। वरू उनले उल्लेख गरेका थरहरूमा लोक्पेवा भनेको लाङवेवा, थोक्पेवा भनेको थक्सुवा, थुम्वा भनेको तुम्बा, थुम्सा भनेको तुम्सा हुनुपर्दछ। यसो हुनाका मुख्य कारण छथरे लिम्बू पूरनधोज चोङबाङ खजुम लिम्बूको लिम्बू बोलाई वा उच्चारण (Speaking/Pronounciation) लाई ईडेन भ्यान्सिटार्ट अङ्ग्रेजको सुनाई र लेखाई (Listening & writening) ले गर्दा फरक थर वा वंशहरू देखिएका हुन्। त्यस प्राचीन जमानामा पूरनधोज खजुम र भ्यान्सिटार्टले लिम्बू जातिका ६२ वटा वंश समूह र ६४० वटा वंश (थर) पहिचान गरेका थिए। *(भ्यान्सिटार्ट १९१८ : ११७)*

६.५ संयक वंश समूहभित्रका उपथरहरूको सङ्क्षिप्त जानकारी:
संयक मिङस्रा भित्रका तुम्बा, तुम्सा, थक्सुवा, नयङवा तथा छिटफूट रूपमा रहेका युङसिङवा र लाङवेवा बाहेक अन्य उपथरका संयक लिम्बूहरू अन्य लिम्बू वंशहरूमा विलयन अर्थात समाहित भैसकेको प्रतित हुन्छ। यसमा पनि युङसिङवा वंशको हालसम्म ३५ घरधुरीहरूमात्र रहेका र लाङ्वेवाहरूको घरधुरी सङ्ख्या १३ वटा मात्र रहेको तथ्यसँगै यी वंशहरू लुप्त हुन लागेको अवस्था छ। यसरी संयक वंशका ७ वटा वंश/थर लुप्त/विलुप्त हुनाका कारणहरू खोज गर्न बाँकी नै छ र सामाजिक विज्ञानमा चासो राख्नेहरूका लागि समेत एक यो एक चाखलाग्दो विषय हुनसक्छ। यो चाहिँ स्पष्ट हो कि-संयक वंश समूह यस भूगोलको आदिवासी अर्थात खाम्बोङ्बा लुङ्बोङ्बा वंश हुन्। चौवीस थुमका भूमिपुत्र मानिएका संयक लिम्बूहरू १३ थर/वंशमा विभाजित देखिन्छन्। ती १३ वटा संयक वंशहरू क्रमश यसप्रकार रहेका छन्।

क) युङसिङ्वा
युङ्सिङ्वाहरू संयक मिङ्श्रा भित्र कम घरधुरीहरू भएको उपथरमा पर्दछन्। उनीहरू प्राचीन समयमा नै पधे (वोधे) वाट छुट्टिएर फुक्कामदेन् र वारेक्पुड (पाटीगाउँ) तर्फ सरेका थिए। त्यसपछि क्रमशः केरावारी लगायत मोरङ जिल्लाका केही उत्तरी भागहरूमा छिटफूट रूपमा बसीआएको पाइन्छ। युङ्सिङ्वाहरूको विद्यमान अवस्थामा सो वाहेक इलाम, मोरङ, सुनसरी, धनकुटा जिल्लाहरूमा गरी लगभग ३५ घरधुरी जति रहेको जानकारीमा आएको छ।

ख) लाङ्वेवा
लाङ्वेवाहरू संयक मिङ्श्रा भित्र युङ्सिङ्वा भन्दा कम सङ्ख्यामा रहेको अवस्थामा रहेका उपसमूहमा पर्दछन्। उनीहरू धनकुटा र सुनसरी जिल्लाका केही स्थानहरूमा छिटफूट रूपमा रहेका छन्। उनीहरूको जम्मा १६ घरधुरीमात्र गणना गरिएको छ।

ग) तुम्बा
संयक वंशको उपथरका समूहमा तुम्बा अर्को एक प्रमुख उपसमूह हुन्। बसोवास, पहिचान र सामाजिक, आर्थिक हिसावमा तुम्बा उपसमूह अघिल्लो पङ्तिमा रहेका छन्। तुम्बा थरीका संयकहरूको मूल बसोवास पहाडमा घनकुटा जिल्लाको वोध, खुवाफोके वाहेक सुनसरी जिल्लाको धरान नगरपालिका प्रमुख हो। साथै, ताप्लेजुङको मैवाखोला, तम्वरखोला मेवाखोला सँगै उनीहरू काठमाण्डौ उपत्यका र भारतको आसाम, झारखण्डमा समेत पहिलेदेखि नै पुगेका छन्। हालमा उनीहरू हङकङ, बेलायत, अमेरिकाको वासिङ्गटन डिसीमा समेत काम, पेशा लगायत विभिन्न सिलसिलामा पुगेका र वसोवास गरेका छन्। संयक वंशको उपथरहरूमा यो सबैभन्दा वढी जनसङ्ख्या र पहिचान भएको संयक वंशमध्येको एक प्रमुख समूह हो।

[२] हालको लिखतहरूले संयक लिम्बूहरूको मुलयकको रूपमा पधे (वोधे) लाई स्थापित गरिदिएको भएता पनि संयक लिम्बूहरूको मुन्धुममा “कुरूलेयक, पधेयक, हाम्वेःक्ला, आम्वेपजः, सादिङ्गेतिङगेहाङले वारू कुवामीसा संयकहाङ” भनी पधेयक भन्दा अघि

घ) तुम्सा

संयक वंशको उपथरमा तुम्सा अर्को एक प्रमुख उपसमूह हो । बसोवास, पहिचान र सामाजिक आर्थिक हिसावमा तुम्साहरू र तुम्बाहरू हाराहारीमा रहेको पाइन्छ । तुम्सा थरीका संयकहरूको मूल बसोवास पहाडमा घनकुटा जिल्लाको कुरूले तेनुपा, मुढेवास वाहक सुनसरी जिल्लाको धरान नगरपालिका अर्को प्रमुख स्थान हो । त्यसबाहेक तुम्साहरू प्राचीनकालदेखि नै भारतको सिक्किम्, दार्जिलिङ, कालिम्पोङ आदि स्थनाहरूमा स्थानान्तरण भएको पाइन्छ । नेपालमा पूर्वका विभिन्न जिल्लाहरू वाहेक काठमाण्डौ उपत्यका र नेपाल र भारत बाहेक अन्य मुलुकहरूमा समेत काम, पेशा लगायत विभिन्न सिलसिलामा पुगेका छन्।

ङ) थक्सुवा

संयक मिङ्श्रा भित्र थक्सुवा अर्को प्रमुख उपथर हो । थक्सुहरूको चर्चा संयक लिम्बूहरूको इतिहासमा प्रचीन्कालदेखि नै जोडिएर आएको पाइन्छ । मूलतः तल्लो हम्वेलामा अवस्थित् श्रीमाने गुफा (ओढार) थक्सु राजाहरूको थियो भन्ने किंवदन्तिहरू रहेका छन् र संयक दाजूभाइहरूसँग उनीहरूको सम्वन्धको वारेमा चर्चा गर्दा उनीहरूले विभिन्न लँडाईहरूमा संयकहरूलाई सहयोग गरेका थिए भन्ने चर्चा आउँछ। थक्सुहरू प्राचीन समयमा वोधेवाट तल्लो हम्वेला, पान्थरको तिङ्गेजङ र साँवच्छा भदौरे हुँदै हालमा धनकुटा, मोरङ, सुनसरी, झापा लगायत उपत्यका आदि स्थानहरूमा बसोवास रहेको पाइन्छ।

च) नयङ्वा

नयङ्वा संयक मिंश्राको उपथरहरूमा तुम्बा र तुम्सादेखि पछि देखिने प्रमुख समूह हो । यो समूह वोधेबाट स्थानान्तरण हुँदै वुढीमोरङको गैरीगाँउको चेग्रायकमा पुगेका थिए। उनीहरूको हालको बसोवासको क्षेत्रहरू मूल पहाडि जिल्लाहरूमा ताप्लेजुङ, संखुवासभा, तराईमा सुनसरी, मोरङ, र झापा जिल्लाको विभिन्न भागहरू र काठमाण्डौ उपत्यकामा समेत पुगेको पाइन्छ । संयक वंश समूहभित्र नयड वंशीहरूले सबैभन्दा पहिले २०६७ सालमा आफ्नो वंशावली प्रकासन गरेका थिए। हालमा २०८१ मा उनीहरूले दोश्रो शंशोधन सहितको वंशावली समेत प्रकाशन गरिसकेका छन्।

छ) संयक वंशका अन्य लोपोन्मूख उपथरहरू:

नाम्योवा, चिएप्पा, कात्तावा, लोलिवा, थलङ्वा, पियोम्वा र मागाईवाहरू संयक वंशका उपथरहरू लगभग संयक वंशभित्र समाप्त भएको उपथरहरू हुन् । यी उपथरीहरूको वारेमा संयक मिडश्रा भित्रका उपथर रहेको वारेमा विभिन्न इतिहास र इतिहासकारहरूले उल्लेख गर्ने गरेता पनि यी वंशहरू लगभग अर्को लिम्बू जातिमा समाहित भैसकेको प्रतित हुन्छ। यस मिङश्रा भित्रका तुम्बा, तुम्सा र नयङबा बाहेकका थक्सुबा, लाङवेवा र युङ्सिङवा वंशहरू लोपोन्मूख अवस्थामा रहेका छन्। हजारौं वर्षको इतिहास बोकेको सादिङ्गे तिङगेहाङ संयक वंशको कूल घरधुरी, परिवार र जनसङ्ख्या निकै नै कम मात्र रहेको अवस्था आश्चर्यजनक विषय बनेको देखिन्छ। जसको वारेमा खोज र अनुसन्धान गरी पछिल्ला दिनहरूमा प्रकाशमा ल्याउने छ।

तालिकामा हालसम्म प्राप्त संयकवंश भित्रका उपथरहरू :

क्र.सं	संयक मूलथर	उपथर	कैफियत
१.	संयक (संयक्पा)	युङ्सिङवा	लोपोन्मूख, लगभग ३५ घरधुरी मात्र रहेको ।
२.	संयक (संयक्पा)	लाङ्वेवा	लेपोन्मूख लगभग १० घरधुरी मात्र रहेको ।
३.	संयक (संयक्पा)	नयङ्वा	आफ्नो छुट्टै वंशावली तयार गरिसकेको ।
४.	संयक (संयक्पा)	थक्सुवा	छुट्टै वंशावली तयारी गर्दैगरेको ।
५.	संयक (संयक्पा)	तुम्वा	तुलनात्मक रुपमा अरुभन्दा वढी रहेको ।

६.	संयक (संयक्पा)	तुम्सा	तुलनात्मक रुपमा अरुभन्दा वढी रहेको ।
७.	संयक (संयक्पा)	नाम्योवा	लोप भैसकेको अवस्थामा ।
८.	संयक (संयक्पा)	चिएप्पा	लोप भैसकेको अवस्थामा ।
९.	संयक (संयक्पा)	काल्तावा	लोप भैसकेको अवस्थामा ।
१०.	संयक (संयक्पा)	लोलिवा	लोप भैसकेको अवस्थामा ।
११.	संयक (संयक्पा)	थलङ्वा	लोप भैसकेको अवस्थामा ।
१२.	संयक (संयक्पा)	पियोम्वा	लोप भैसकेको अवस्थामा ।
१३.	संयक (संयक्पा)	मागाईवा	लोप भैसकेको अवस्थामा ।

माथिका १३ उपथरका एकै संयकवंशी दाजुभाइहरू भएकाले उनीहरूको बीचमा कुटुम्बेरी चलाउनुहुँदैन ।

६.६ संयक वंशका लिम्बूहरूको वसोवासका क्षेत्र तथा घरधुरीहरू :

संयक वंशका लिम्बूहरूको उत्पति र वसोवासका मूलथलोको रूपमा हाल धनकुटा जिल्लाको वोधे, कुरूले क्षेत्र नै हो। त्यसपछि क्रमश उनीहरू त्यस क्षेत्रको वरपर हुँदै हालमा नेपाल अधिराज्यको विभिन्न स्थानहरूमा पुगेका छन् र कामको सिलसिलामा देश बाहिर समेत पुगेका छन्। तर विगतमा लिम्बूवान भूमिमा पर्ने दार्जिलिङ, सिक्किम क्षेत्रमा भने निकै नै अघिल्लो समयदेखि नै संयक लिम्बूहरू बसोवास गरेको देखिन्छ । यस वंशावलीमा समेटिएका युङसिङ्वा, लाङ्वेवा, तुम्बा तथा तुम्साहरूको बसोवास र घरसङ्ख्यालाई सामान्य तथ्याङ्कमा यहाँ प्रस्तुत गरिएको छ। विस्तृत जानकारी प्राप्त भएपछि यासमा सामान्य हेरफेर हुनसक्ने छ।

क) युङ्सिङवाहरूको बसोवास क्षेत्र तथा घरधुरी :

क्र.सं	जिल्ला	ग.पा/न.पा	टोल	घरसंख्या	जनसंख्या	अन्य
१	मोरङ	केरावारी	पाटीगाउँ	५	३७	
२	,,	,,	रामपुर	१३	६३	
३	,,	केरावारी ३	हचुवा	२	१७	
४	,,	,,	भलुवा	१	४	
५	धनकुटा	चौवीसे ७	बुधुक	३	१८	
६	,,	चौवीसे ६	राजारानी	१	४	
७	इलाम	चुलाचुली	पेल्टीमारी	२	२३	
८	सुनसरी	धरान	धरान वजार	३	११	
९	झापा	झापा	टाँगनडुब्वा	२	६	
			जम्मा	३२	१८३	

फिल्ड सर्वेक्षण, २०८०

ख) लाङवेवाहरूको बसोवास क्षेत्र तथा घरधुरी :

क्र.सं	जिल्ला	ग.पा/न.पा	टोल	घरसंख्या	जनसंख्या	अन्य
१	मोरङ	केरावारी	पाटीगाउँ	५	३७	
२	,,	,,	रामपुर	१३	६३	
३	,,	केरावारी ३	हचुवा	२	१७	
४	,,	,,	भलुवा	१	४	

५	धनकुटा	चौबीसे ७	बुधुक	३	१८	
६	,,	चौबीसे ६	राजारानी	१	४	
७	इलाम	चुलाचुली	पेल्टीमारी	२	२३	
८	सुनसरी	धरान	धरान बजार	३	११	
९	झापा	झापा	टाँगनडुब्बा	२	६	
			जम्मा	३२	१८३	

फिल्ड सवेक्षण, २०८०

ग) तुम्बाहरूको बसोवास क्षेत्र तथा घरधुरी :

क्र.सं	जिल्ला	गा.पा/न.पा	टोल	घरसंख्या	जनसंख्या	अन्य
१	धनकुटा	खुवाफोक	खुवाफोक	१७५	७८७	
२	,,	धनकुटा	धनकुटा बजार	१३	५८	
३	,,	साँगुरीगढी	सिमचुवा	११	४९	
४	,,	छथरजोरपाटी	हात्तिखर्क	५	२३	
५	,,	साँगुरीगढी	बुढीमोरङ	२	९	
६	,,	साँगुरीगढी ५	डाँडाबजार	७	३१	
७	,,	चौबीसे ५	बोधे	४	१८	
८	सुनसरी	धरान उनपा	धरान बजार	१८५	८३१	
९	,,		इटहरी बजार	१०	४६	
१०	,,	बराहक्षेत्र नपा	चतरा बजार	३	१३	
११	मोरङ	केरावारी ३	केरावारी बजार	१७	७७	
१२	,,	केरावारी ५	सतिसाले	१३	६१	
१३	,,	केरावारी ७	केरावारी मुगु	४	१८	
१४	,,	केरावारी १	पाटीगाउँ	७	३३	
१५	,,	लेटाङ ३,४,६	लेटाङ बजार	१३	५९	
१६	,,	लेटाङ १	बाघखोर, भोगटेनी	७	२३	
१७	,,	कानेपोखरी ३,४,६	बयरवन, हरकपुर	१२	५४	
१८	,,	पथरी शनिश्चरे ४,८	सोमबारे बजार, किर्तिपुर	७	३१	

१९	,,	मिक्लाजुङ	मधुमल्ला	४	१९	
२०	,,	बेलबारी नपा	भाउन्ने, बेलबारी	८	३६	
२१	,,	सुन्दरहरैंचा	विराटचोक	७	३२	
२२	इलाम	चुलाचुली	चुलाचुली	३	१४	
२३	,,	पशुपतिनगर	पशुपतिनगर	३	१३	
२४	तेह्रथुम	आठराई	चुहानडाँडा	७	३१	
२५	झापा	बिर्तामोड	बिर्तामोड बजार	९	४१	
२६	ताप्लेजुङ	मैवाखोला १	सुन्तोले	२	९	
२७	,,	मैवाखोला ४	ताम्फाङ	४	१८	
२८	,,	फक्ताङ्लुङ ३	इखाबु	४	१८	
२९	,,	आठराई त्रिवेणी गापा	सुन्तोले	४	१९	
३०	,,	सिरिजंगा गापा	सिरिजंगा	२	९	
३१	,,	फक्ताङलुङ	तम्मरखोला	२	९	
३२	कास्की	पोखरा नपा	पोखरा बजार	२	११	
३३	डडेलधुरा		डडेलधुरा	१	४	
३४	काठमाण्डौ		काठमाण्डौ	६	२८	
३५	ललितपुर		ललितपुर	७	३१	
३६	भारत	सिक्किम्		१८	७९	
३७	भारत	आसाम		२८	१२३	
३८	हंगकंग			७	२८	
३९	युके			११	४८	
४०	युएसए		वासिङ्गटन डिसी	१	४	
			जम्मा	६३५	२८४५	

फिल्ड सवेक्षण, २०८०

घ) तुम्साहरूको बसोवास क्षेत्र तथा घरधुरी :

क्र.सं	जिल्ला	ग.पा/न.पा	टोल	घरसंख्या	जनसंख्या	अन्य
१	धनकुटा	चौविसे	भीरगाउँ	२४	१२६	
२	,,	,,	आम्बोटे, मालवासे	१२	५९	
३	,,	,,	खोपीगाउँ, बतासे	२५	१०९	
४	,,	,,	निभारा, सेरजेम्वा	२५	१२३	
५	,,	,,	टोङ्के	३६	१८२	
६	,,	,,	टोक्रोम्वा, चाप्मावुङ	३८	१६०	
७	,,	,,	आहाले, गोगने	१६	६०	
८	,,	,,	नाम्फूवा, सिरुवानी	४४	१९७	
९	,,	,,	सोगुम, सुरुङ्गी	३६	१६५	
१०	,,	,,	सिद्धिपुर, देउराली	१२	६४	
११	,,	,,	चोधे, सिमडाँडा	१६	६६	
१२	,,	,,	बुढीमोरङ, भेडेटार	१९	१०३	
१३	,,	साँगुरीगढी ३	खुवाफोक, वेंसीटोल	५	२४	
१४	मोरङ	लेटाङ	लेटाङ, जाँते	२८	१३७	
१५	,,	मधुमल्ला	मधुमल्ला, टापु	१०	५३	
१६	,,	टाँडी	टाँडी, कालीदह	२९	१४८	
१७	,,	सतिसाले, डाँगी	सतिसाले, डाँगी	१५	६५	
१८	,,	सुन्दरहरैचा	विराटचोक	११	५८	
१९	,,	पथरी	पथरी, शनिश्चरे	२३	९५	
२०	,,	कानेपोखरी	वयरवन, हरकपुर, जहदा	१७	७१	
२१	,,	रंगेली नपा	मैनावारी	२	९	
२२	इलाम	चुलाचुली	हात्तिलेदा	१४	५४	
२३	झापा	शिवसतासी	धरमपुर, माइधार	७	३३	
२४	,,	मेची नपा	काकरभिट्टा	६	२७	
२५	,,	विर्तामोड नपा	विर्तामोड वजार	१	३	

२६	,,	दमक नपा	दमक	६	२५	
२७	,,	कमल गापा ४	केर्खा	२	९	
२८	सुनसरी	धरान	धरान, पानबारी	१८	८९	
२९	,,	इटहरी	इटहरी, तरहरा	७	३०	
३०	,,	बराह नपा	भरौल	३	१३	
३१	मोरङ	बिराटनगर	बिराटनगर	५	२५	
३२	काठमाण्डौ	काठमाण्डौ	उपत्यका	५	२५	
३३	डडेलधुरा	डडेलधुरा		१	४	
३४	दार्जिलिङ	भारत	दार्जिलिङ	१	७	
३५	भारत	कालेम्पुङ	चारखोल	३	११	
३६	आसाम	भारत	आसाम	१०	५०	
३७	सिक्किम्	भारत	सिक्किम्	१८	९०	
३८	भूटान	भुटान	भूटान	२	१०	
३९	युएसए	यूएसए		४	१७	
			जम्मा	**५५६**	**२५८५**	
			कूल जम्मा	**१२४०**	**५६९६**	

फिल्ड सवेक्षण, २०८०

६.७ संयक वंश समूहका ख्यातिप्राप्त पुर्खाहरू :

चौविस क्षेत्रलाई नै आधार बनाएर माथि उल्लेख गरिएका विभिन्न संयक उपवंशभित्रका समूहहरूवाट तल उल्लेख गरिए बमोजिमका ख्यातिप्राप्त पूर्खाहरूले लामो कालखण्डसम्म वसोवास गरी आफ्नो अधिपत्य सहित राज्य सञ्चालन गरेका थिए भन्ने इतिहासको अध्ययनले देखाएको छ । जो आज यस भूगोलमा मीथक, सभ्यता र संस्कारहरूको रूपमा जीवित रहिरहेको छ।

क्रम	पुर्खाको नाम	समय	विवरण
१.	सादिङगे तिङगेहाङ		सादिङगे तिङगेहाङ संयक लिम्बूहरुको माङगेन्ना मुन्धुममा उच्चारित हुने मिथकीय पुर्खा हुन् । संयक लिम्बूहरुको बिभिन्न अनुष्ठानहरुमा पुर्खा सादिङगे तिङगेहाङको नाम आउँछ । संयक लिम्बूहरुले माङगेन्ना, बिबाह लगन, साक्मुरा बदेम्मा (गालीसराप) आदि अनुष्ठान गर्दा "*कुर्लेयक, पधेयक, खाम्हेःलामा, आम्बेपजःमा, सादिङगे तिङगेहाङले वारु कुवामी सा संयकहाङ*" भनेर वाचन गर्ने गर्दछन् । यसबाट संयकहरुका आदिम पुर्खाहरु कुरुले/वोधे यकमा थिए र त्यहाँबाट अन्यत्र गएका हुन् भन्ने तथ्य स्पष्ट हुन्छ ।

२.	लाइदो संयकहाङ (सोइयोक लादोहाङ)	आठौं शताब्दितिर	आठ राजा र दश सरदारका सन्ततिहरु बिचको युद्ध समाप्तिपछि पधे यक (राज्य) सोईयक लादोहाङले प्राप्त गरेका थिए ।
३	नामइदो हाङ	नवौं शताब्दितिर	नामइदो हाङ संयक लिम्बूहरुको प्राचीन पूर्खामध्ये एक हुन् । नामईदोहाङलाई थक्सुहाङ राजाहरुसंग समकालिन रुपमा मिथकहरुले उल्लेख गरेको पाईन्छ । थक्सुहाङ संयक बंशका दाजुभाइ रहेको र उनी वीर, लडाकु र बलवान व्यक्ति थिए । उनले संयक हाङ(राजा)हरुलाई विभिन्न लडाईहरुमा सहयोग पुर्‍याएका थिए ।
४.	य:य	दशौं शताब्दि तिर	य:य आफ्नो समयका एक बीर संयक पुर्खा थिए ।
५.	महारांगे/ मोरङ्गे राजा	चौधौं शताब्दि तिरशताब्दितिर	उनी प्राचीन साप्तेनमा एक शक्तिशाली राजा थिए । उनले हात्ति बाँध्ने गरेको भन्ने अन्दाजी ८ फिट अग्लो ढुङगाको खम्बा साप्तेनमा अझैसम्म पनि अवशेषको रुपमा रहेको छ । उनी बुढीमोरङका राजा मोरंगेसंग वारीपारी घुयेत्रो र गुलेली हानाहान गर्थे भन्ने किंवदन्ति रहेको छ । महाराङ्गे र मोरङगे राजा एक आपसका प्रतिद्वन्द्वी थिए । मोरङगे राजा बुढीमोरङमा बस्दथे ।
६.	साम्बितहाङ्	पन्ध्रौं शताब्दि तिर	साम्बित हाङ संयक लिम्बूहरुका पुर्खा थिए । उनी कुनै पनि स्थानका राजा नभएता पनि बोधेमा आफ्नो शानका साथ बसेका थिए । उनी आफ्नो समयका बलिया र शक्तिशाली व्यक्ति थिए । उनी ८० बर्षमा एकपटक मृत्यु भएर संस्कारको लागि तमोर नदीमा पुर्‍याएर जलाउने बेलामा पुन: बौरिएका थिए । यसरी बौरिएपछि उनी थप २४ वर्षसम्म बाँचेका थिए भन्ने किंवदन्ती बोधेमा रहेको पाईन्छ ।
७.	खाम्बेकहाङ्	१५६० ई. तिर	बोधे निवासी खाम्बेकहाङका साम्लोती र फुङलोती नाम भएका दुई जना श्रीमतीहरु मध्ये पहिला कान्छी श्रीमतीबाट छोरा जन्म्यो र त्यसको केही समयपछि जेठीको श्रीमतीबाट पनि छोरो नै जन्मियो । कान्छीको छोरा भए पनि पहिला जन्मेकाले उनलाई तुम्बा भनियो । उता जन्मले कान्छा भए पनि जेठी आमाको छोरा भएकाले उनलाई "तुम्मा+सा=तुम्सा" भनियो । कालान्तरमा यही नामबाट नै तुम्बा र तुम्सा अलग अलग बंशका रुपमा विकसित भएका हुन् भन्ने कहावत रहेको पाइन्छ ।
८.	सुन राय	१७७४ ई. तिर	लिम्बूवान र गोरखाको युद्ध थामिएपछि विजयपुरमा भएको नुनपानी सन्धिमा पधे यक (चौविसे क्षेत्र) का सुभाका रुपमा हस्ताक्षर उनले गरेका थिए ।
९.	आसिकराम राय	१७९४ ई. तिर	राजा रणबहादुर साहका पालामा कुरुलेको गढी संरक्षण गर्ने जिम्मेबारी पाएका थिए ।

६.८. चौबिसे (पधे यक) राज्यका थुम, मौजा, प्रगन्ना र इलाकाहरू :

मूलतः कुनैपनि स्थानमा नयाँ राजा रजौटाहरू आएपछि आफ्ना सिमानाहरू तलमाथि हुने गर्दथे । उनीहरूले आफ्नो विजय मार्फत वा कुकटनीतिक चालवाजीका वलमा पनि आफ्नो सिमानाहरू विस्तार गर्नसक्थे । त्यसैले यहाँ वि.सं.को उन्नाइसौं शताब्दीताका उल्लेख भएको संयक लिम्बूहरूको चौवीसे क्षेत्रको तत्कालीन मौजा तथा सिमानाको बारेमा सङ्क्षिप्तमा उल्लेख गरिन्छ।

क) मिक्लुक (मिक्लाजोङ) :

चौबिसे राज्य अन्तर्गतको मिक्लुक पहाडको पुरानो नाम मिक्लाजोङ हो। लिम्बू भाषामा “मिक्ला”को मालिङ्गो र “जोङ”को अर्थ टुप्पो वा गढी भन्ने हुन्छ, अर्थात “मिक्लाजोङ” को अर्थ मालिङ्गोको गढी वा मालिङ्गो पाइने स्थान भन्ने हुन्छ। पधे यक दक्षिण, विजयपुर उत्तर पूर्व र साँगुरी पूर्वको महाभारत पहाड श्रृङखलाको विस्तृत भू-भागमा फैलिएको ऐतिहासिक मिक्लुक क्षेत्रले पहाड र तराईलाई छुट्याउँछ। हाल यो भूमि मोरङ र पाँचथरमा विभाजित गरी दुई गाउँपालिका स्थापित गरिएका छन्।

मोरङ जिल्लाको मिक्लाजुङ गाउँपालिकाको सिमाना पूर्वमा इलाम र झापा जिल्ला, पश्चिमतर्फ लेटाङ नगरपालिका, उत्तरतर्फ धनकुटा र पाँचथर जिल्लाको मिक्लाजुङ गाउँपालिका र दक्षिणतर्फ उर्लाबारी नगरपालिका पर्दछ । यो गाउँपालिकामा रमितेखोला, टाँडी, जाँते र मधुमल्ला पर्दछन् । त्यस्तै पाँचथरको मिक्लाजुङ गाउँपालिकाको पूर्वमा इलामको फाकफोक् थुम गाउँपालिका, पश्चिममा तुम्बेवा गाउँपालिका, उत्तरमा फाल्गुनन्द गाउँपालिका र दक्षिणमा चौबिसे गाउँपालिका र माङसेबुङ गाउँपालिका पर्दछन्। यो गाउँपालिकालाई सराङडाँडा, रवि, आरूबोटे, कुरूम्बा, लिम्बा र दुर्दिम्बा गाविसहरू मिलाएर बनाइएको हो।

ऐतिहासिक कालमा मिक्लाजुङ चौबिस अर्थात पधे राज्य अन्तर्गत थियो। गोरखाली राज्यसत्ताले चौबिसका सामरिक तथा आर्थिक महत्वका क्षेत्रहरू विभिन्न गढी, थुम, मौजा, प्रगन्ना, पञ्चायत, गाविस तथा गाउँपालिका आदि निर्माण गर्ने क्रममा टुक्रयाउँदै लगेका हुन्। अहिले मिक्लाजुङ दुई वटा जिल्लामा दुई वटा गाउँपालिकामा विभाजित भएको छ। यसरी प्रशासनिक तथा राजनीतिक विभाजनले गर्दा मिक्लाजुङले आफ्नो ऐतिहासिक पहिचान गुमाउँदै लगेको छ।

ख) वारातप्पा :

विजयपुर राज्य निर्माण हुनुभन्दा अघिदेखि नै वारातप्पा मोरङ राज्यको राजधानी थियो । अघि मुङमोरङवा राजाले रङ्गोली (हाल रङ्गेली) मा राज्य स्थापना गरेका थिए। वि.सं. १४२१ तिर मोरङमा साङलाइङ नाम गरेका एकजना लिम्बू राजाले शासन गर्दै थिए। पछि उनकै सन्तानहरू क्रमशः पुङलाईङ, कीर्तिनारायण, अपनारायण, जारेनारायण, ईङदिङनारायण र विजयनारायण मोरङका राजा भएका थिए । यिनै विजयनारायण राय राजाले लिम्बूवान फेदापथुमको मुरेहाङ खेवाङ राजासँग मित्रता कायम गरेर उनकै सरसल्लाहबाट “साँगुरीगढी र वारातप्पा गढीको मध्य भागमा एउटा नयाँ शहर बसाई त्यसलाई उनकै नामले सुशोभित गरी त्यो सहरको नाम विजयपुर राखे ।” (चेम्जोङ २०५९.३ : १३)

ग) केरावारी :

केराबारी गाउँपालिका मोरङ जिल्लामा पर्छ। उहिले यो भूगोल चौबिस (पधे) राज्य अन्तर्गत थियो। यो भन्दा तलका क्षेत्रहरू धिमाल आदिवासीहरूको भूगोल हो। संयक वंशसँग केराबारी र यस क्षेत्रमा बसने धिमाल जातिसँग विशेष सम्बन्ध रहेका मिथकहरू छन्।

घ) पानवारी :

राजा साङलाईङले यही पानवारी (हाल पानमारा) लाई राजधानी बनाई शासन चलाएका थिए। पानवारीको पुरानो नाम पारातप्पा (वारतप्पा) हो। यो ऐतिहासिक स्थान हाल धरान उपमहानगरपालिकाभित्र समाहित भएको छ।

ङ) गोहाबारी :

यो स्थान पनि ऐतिहासिक स्थल हो। अघि सेनकालमा पनि यो स्थान निकै घना आवादी भएको क्षेत्र मानिन्छ।

ङ) गोहाबारी :

यो स्थान पनि ऐतिहासिक स्थल हो । अघि सेनकालमा पनि यो स्थान निकै घना आवादी भएको क्षेत्र मानिन्छ ।

च) ठिङ्गाबारी :

धरान बजारदेखि नजिकै रहेको यो स्थान त्यति चर्चित छैन, तर ऐतिहासिककालमा यहाँ ठूल्ठूला सङ्घर्ष भएका मिथकहरू सुन्न पाइन्छ। यो स्थान सामरिक हिसाबले महत्वपूर्ण भएकाले विजयपुर राज्यले एउटा किल्लाकै रूपमा विकसित गर्न खोजेको देखिन्छ।

छ) चक्रघट्टी (सुक्रनाका) :

चौबिसे राज्यको चौहद्दीभित्र सुनसरी जिल्लाका रामधुनी, मधुबन, चक्रघट्टी, लौकही आदि क्षेत्रहरू पर्दथे । पछि वजयपुर राज्य स्थापना भएपछि भने यी क्षेत्रहरू चौबिस थुमबाट अलग भएको देखिन्छ। संयक लिम्बूसँग भएका कतिपय पुराना कागजपत्रहरूले यी क्षेत्रहरू उनीहरूको स्वामित्वमा भएको पुष्टि गर्दछन्।

इतिहासमा उल्लेख हुने चौबिस, मिक्लुक, वारातप्पा, केरावारी र पानवारी मौजा तथा प्रगन्नाहरू हाल धनकुटा, मोरङ र सुनसरी जिल्लाभित्र पर्दछन् । आठौं शताब्दीतिर दस लिम्बूहरूले याक्थुङ लाजेलाई दश भागमा विभाजन गर्दा सोइयोक लादोहाङले पुनर्प्राप्ती गरेको चौविसे राज्यको समयमा यो राज्यको सिमाना मिक्लुक मोरङदेखि पूर्णिया जलालगढसम्म थियो भन्ने विषयहरूलाई माथि नै उल्लेख गरिसकिएको छ । यसर्थ, माथि उल्लेखित क्षेत्र तथा प्रगन्नाहरू प्राचीन समयमा चौविसे राज्यभित्र रहेको इतिहासले नै देखाउँछ। तर पछिबाट नयाँ शक्तिहरूको उदय र विलय हुने क्रममा सोइयक वंशले राज्यमाथिको नियन्त्रण गुमायो । सोइयक लादोहाङ पछिको लामो कालखण्ड इतिहासमा मौन रहेको छ। सत्रौं शताब्दीतिर विजयपुरमा सेनवंशी राजाहरूको शासन चलेको इतिहास पाइन्छ। त्यसबेला याक्थुङ लाजेका लिम्बू प्रमुखहरूलाई सेनवंशी राजाहरूले “किपट प्रथा बमोजिम भोग गरी खानू” भनी स्याहामोहर दिएको पाइन्छ। यस आधारमा पहाडि क्षेत्रका लिम्बू राजाहरू आफ्नै भूगोलमा खुम्चिएर स-साना भू-भागहरूमा मात्र सिमित हुन थालेको देखिन्छ । वि.सं.१४२१ देखि नै विजयनारायणका पुर्खा साङलाईङले मोरङ वारातप्पामा शासन गरेको इतिहासहरूमा उल्लेख छ। तर ती दस्तावेजहरूले उल्लेख गरेका विषयहरू उपर पर्याप्त खोज अनुसन्धान हुन आवश्यक देखिन्छ।



वि.सं.१८९७ मा गोरखाली राजा राजेन्द्रविक्रम साहको पालामा चौविसे मिक्लुक क्षेत्रका लिम्बू प्रमुखहरूलाई लेखिदिएको लालमोहरको व्यहोरा निम्नानुसार उल्लेख गरिएको छ-

“सूर्जेकुण्ड, हर्दिया डाँडो, मेवाजुङ, कोशी तम्बर पूर्व, लारूम्बा, मिरूवा, खोकुवा, झारिकापलासि, वाग्ये पसिम, निसानगाछी, डेछ्यागाछी, पानवारी, विजयपुर बाहेक उत्तर लुङरूवा, वारेपा, पोपा, पोधे, हिङवानामवा दखिन पानीढलोको यति ४ किल्ला भित्रको वाराताप्पा, झलहारा, बुढीमोरङ, खुवाफुक, बोधे, कुरूले,

नाम्फुवा, मिक्लुक पहाड, कुहिकुण्डा, लेचाङगु, वारेकपुङ, मुक्तारा, राजापोखरी, चुनढुङ्गा, टाँडी, अडिपुर आदि मौजाहरू सेनवंशीहरूको पालादेखि भोग गरिआए बमोजिम सदर रहने गरी उक्त जग्गाहरू भोग गर्ने भनी धनवीर, अदलसिं, जसमुखी, वाजुनसिंह, तुम्याङसेदी (पादीराय), हंसेदी, आसकर्ण, प्रसादसिं, जसमान, सेतुकर्ण, सुभामुखी, हंसमुखी, बोलजित (बाघाजित) आसजित, कलुवा आदिलाई कस्य रूक्का गरी दिएको दस्तावेज पाइएको छ।" (ईङनाम २००० : ००)

माथिका चौविसे, मिक्लुक, वारातप्पा, केराबारी र पानवारी मौजाहरू भोग गर्ने अधिकार दिइएका कस्यपत्र तथा रूक्कामा धेरै सुभा (सुब्बा) हरूको नाम उल्लेख गरिएका छन् । उल्लेखित रूक्कामा उल्लेख भएका किपटिया सुभाहरू मध्ये जसमुखी, वाजनसिंह, अदलसिंह, धनवीर, तुम्याङसेदी, राजाकर्ण र बाघाजित गरी ७ जना संयक थरीका हुन् भन्ने जानकारी छ। तर ती सुभाहरूको नाममा जारी भएका लालमोहर फेला परेका छैनन्। ती सक्कल लालमोहर चौबिसका जिम्दार प्रेमबहादुर माबोहाङले सङ्कलन गरी लगेको र पछि फिर्ता नभएको भन्ने भनाइहरू रहेको पाइन्छ। त्यस्तै संयक वंशसँग सम्बन्धित केही मोहरहरू पुत्लुङ देवानहरूसँग रहेको देखिन्छन्। यी मोहरहरू भगिराज ईङनामद्वारा लिखित लिम्बूवानका ऐतिहासिक दस्तावेज सङ्ग्रह-२०७७ मा सङ्कलित रहेका छन्।

वि.सं. १८३१ ताका लिम्बूवानमा दस सुभा (सुब्बा) हरू थिए। उक्त समयमा चौबिसका सुभा सुन राय थिए। उनी गोरखा पक्षमा लागेका थिए । यसको प्रमुख कारण उनको विजयपुर र सिक्किमसँग राजनीतिक तथा सांस्कृतिक सम्बन्ध राम्रो थिएन । लिम्बूवान क्षेत्र नुनपानी सन्धि मार्फत अधिनस्थ भइसकेपछि गोरखाली राज्यसत्ताले लिम्बूवानको सुरक्षाका लागि सिरिजङ्गा पल्टन खडा गर्‍यो। सो पल्टनको खान्गीका लागि लिम्बूवानका राम्रा राम्रा खेतबारी सरकारलाई चढाउन लगाइयो। यसरी चौबिसे क्षेत्रमा रहेको तम्वर नदीको किनारमा अवस्थित ३६० मुरी धान फल्ने डिहिटार खेत सरकारमा जबर्जस्ती चढाउन लगाइएको थियो । यसरी सरकारमा चढाईएका खेतहरू स्वतः रैकरमा परिणत हुन्थे। रैकर जग्गामा रैतीहरू बसाउनू भन्ने आदेश बमोजिम लिम्बू बाहेकका छेत्री, बाहुन, दमाई कामी, गुरूङ, मगर आदिलाई रैती भर्ना गरी सो खेतको आम्दानी चाहिँ श्रीजङ्गा पल्टनका सिपाहीहरूको तलब र खान्की वापत बुझाउनु पर्दथ्यो।

६.९ संयक लिम्बूको यक तथा ऐतिहासिक स्थल :
चौवीस थुम अन्तर्गत अनादिकाल देखि संयक वंशहरूको बसोवास गरिआएको ठाँउ हो । यो कुरा संयक वंशको माङगेन्ना मुन्धुमले पनि पुष्टि गर्दछ। साथै हालको चौवीस क्षेत्रको भूभाग खुम्चिएर चौवीसे गापा र साँगुरी गापा गरी दुई स्थानीय तहमा विभाजित गरिएको छ। यही भूगोल भित्र संयक लिम्बूहरूको सभ्यता र संस्कार विकास भएको ऐतिहासिक महत्वका स्थलहरूको वारेमा सङ्क्षिप्तमा तल उल्लेख गरिएको छ।

क. पधे (बोधे) यक :
ऐतिहासिककालको पधेयक भित्र पर्ने भूगोलहरू हालको राज्य पुनसंरचना हुँदा यस क्षेत्रमा साँगुरीगढी र चौवीसे गाउँपालिका स्थापना गरिएका छन् । चौवीस क्षेत्रको ऐतिहासिक, व्यपारिक तथा रमणीय स्थानहरूमा बुढीमोरङ, खुवाफोक, फाक्सिव, डाँडाँजार, भेडेटार, मूलघाट, बुधवारे, मुढेबास, कुरूलेगढी, बोधेगढी, साँगुरीडाँडा, चेग्रा, सुलिकोट, राजारानी, मौनाबुधुक आदि हुन्। यहाँका रमणीय क्षेत्रहरू नमस्ते झरना र भेडेटारमा भारतीय पर्यटकहरूको घुईंचो लाग्ने गर्दछ।

तमोर नदी पूर्वको क्षेत्रलाई चौबिसथुम भनिन्छ। तमोर नदी

पश्चिमतर्फ सोह्रखाल्सा, जलहारा र बेलहारा पर्दछन् भने पूर्वमा पाँचथर र ईलाम पर्दछन् । त्यस्तै दक्षिणतर्फ सुनसरी र मोरङ जिल्ला र उत्तरतर्फ धनकुटा नगरपालिका र छथर गाउँपालिका पर्दछन्। चौबिस थुमको ऐतिहासिक राजधानी बोधे यक (गढी) २६०९२'८९" उत्तरी अक्षांशदेखि ८७०४३'९०" पूर्वी देशान्तर भित्र पर्दछ । यस भू-भागको उचाई समुद्री सतहबाट ३०० मिटरदेखि २,५०० सम्म रहेको छ।

यो पधे संयक लिम्बूहरूको ऐतिहासिक राजधानी र उनीहरूको माङगेन्ना यक पनि हो। संयकवंशी लिम्बूहरू यसै भूगोलका भूमिपुत्र मानिन्छन्। यी संयकहरू चौवीस क्षेत्रमा कहिले प्रवेश गरे भन्ने कुनै उत्तर छैन। यसको अर्थ यस भूमिका भूमिपुत्रहरू संयकहरू नै हुन्। पछिल्लो कालमा उनीहरूको वंश विस्तार हुँदैजाँदा कुरूले र चेग्रालाई पनि माङगेन्ना यकको रूपमा उच्चरित गरिएता पनि ती यकहरू फेच्चुवा माङगेन्ना यकहरू हुन्। संयक वंश समूहको उत्पति, विकास र विस्तार पधे(वोधे) यकबाट भएकोले यो वंशको सबै १३ थरी वंशहरूले पधेलाई नै मुख्य माङगेन्ना यक मान्दछन् । विभिन्न इतिहासकारहरूले पधे(वोधे) यकलाई चौवीस थुमको राजधानीको रूपमा उल्लेख गरेको पाइन्छ । तथापि, संयक लिम्बूहरूको मुन्धुमजन्य आधारमा कुरूले यकको महत्व समेत पधे यकको भन्दा कम नरहेको देखिन्छ। यसको वारेमा अघिल्लो पृष्ठ ५५ मा उल्लेख गरिसकिएको छ।

आठौं शताब्दीताका हालको अरूण नदी पूर्व फेदाप क्षेत्रमा आठ राजाहरू र दस सरदारहरूको समूहबीच भीषण युद्ध भएको थियो। लामो संघर्षपछि ताई/श्यानवंशी दस सरदारहरू र खाम्बोङवा वंशका आठ राजाहरूबीच सम्झौता भयो। फलस्वरूप ती आठ राज्यहरू दस राज्यमा विभाजित भए। ती दस राज्यमा बसोबास गर्ने समस्त मानव समूहलाई एकै वंश मानेर याक्थुङवा र सो भूगोललाई याक्थुङलाजे भनियो। ती दस राज्यहरू मध्ये चौबिस क्षेत्र पधेयक अन्तर्गत एउटा राज्य बनेको थियो। संझौता अनुसार सो यकका हाङ (राजा) सोइयाक लादोहाङ (लाईदो संयकहाङ) पुनः निर्वाचित भएका थिए। हालको यस क्षेत्रको जनसङ्ख्या ३५,६९१ रहेको छ भने क्षेत्रफल ३१४.०४ वर्ग कि.मी. रहेको छ।

ख. कुरूले यक (गढी) :



बोधे यकको पूर्वोत्तर दिशामा अवस्थित कुरूले यकलाई हालमा संयक लिम्बूहरूको फेच्चुवा(शाखा)माङगेन्ना यक मानिएको छ जो पछिल्लो कालमा एक युद्धकिल्ला (गढी) पनि हो । संयकहरूले सम्पन्न गर्ने विभिन्न अनुष्ठान कार्यहरूमा "कुरूले यक पधे यक" उच्चारण गरिन्छ । मुन्धुममा कुरूले यकको नाम पधे यकभन्दा पहिले उच्चारण गर्ने प्रचलन रहेको छ, कुरूले यक तुम्साहरूको पधेबाट कुरूलेतर्फ स्थानान्तरण भएपछि मात्र विकास भएको हो वा कुरूलेबाट तुम्बाहरू पधेमा स्थानान्तरण भएपछि "कुर्लेयक-पधेयक" भन्ने मुन्धुम् बनेको हो भन्नेवारेमा तत्काल निर्क्यौल गरिहाल्नु हतार होला। कुर्ले क्षेत्रमा तुम्सा वंशको वढी बसोबास रहेको पाइन्छ।

हाल यो गढी (किल्ला) को भग्नावशेषमाथि विद्यालय स्थापना भएपछि पुराना संरचनाहरू लोप भएका छन् । सेनकालमा बोधेबाट मात्र सुरक्षा व्यवस्था लागू गर्न र मालपोतहरू उठाउन कठिनाई भएकाले पाँचथर नजिकैको यो स्थानमा गढी स्थापना गरिएको थियो। सो गढीसँग सम्वन्धित मोहरहरू अध्ययन गर्दा सो गढी कुर्ने वा रूँध्नेकामको लागि स्थापना गरिएकोले यस गढीको नाम कुर्ने गढी हुँदै कुरूलेगढी र कुर्लेगढी भएको जस्तो देखिन्छ। पुराना लिखतहरूमा वि.सं १८५१ चैत्र सुदी १५ रोज ७ मा आशिकराम राईलाई लेखिएको रूक्कापत्रमा "कुहिल्या गढी पनि अघि जस्तो गरी कुह्वलाउथिस् अबपनि तस्तैगरी कुह्वला" भन्ने बाक्यले सो गढीको नामको उत्पतिका वारेमा छनक

दिएको भान हुन्छ। प्रा. अमर तुम्याङले अध्ययन गरेको माथि नै उल्लेखित सन्दर्भ र त्यहाँ प्राप्त सामाग्रीहरूलाई आधार मान्ने हो भने यस क्षेत्रको प्राचीनता आशिकराम राईको कालभन्दा धेरै नै अघि जानसक्ने देखिन्छ।

ग. आम्वेपजःमा :

यो स्थल संयक लिम्बूहरूको एक ऐतिहासिक स्थल हो। संयक याक्थुङ लिम्बूहरूले माङगेन्ना गर्दा पुर्खाको पूर्खास्थल नामहरू पहिले बाचन हुन्छ । त्यसमा क्रमशः “आम्वेपजः” भन्दै त्यसपछि पूर्खाको नाम आउने गर्दछ । यो वोधेको तल्लो भू-भागमा अवस्थित छ। संयक लिम्बूहरूको माङ्गेना विधी कर्ममा आउने यो स्थलमा संयक पुर्खाले विचरण गरेका हुनाले उनीहरूका लागि यो एक पवीत्रस्थलको रूपमा लिने गरिन्छ।

घ. साँगुरीगढी(साङगोरी भञ्याङ) :

ऐतिहासिककालमा विजयपुर राज्यको शिरमा अवस्थित साँगुरी भञ्याङमा रहेको यो गढी सामरिक हिसावले अत्यन्तै महत्वको थियो । अघि छैठौं शताब्दीतिर आठ राजाहरू मध्येका चेश्वीहाङले मधेसबाट हुने आक्रमण रोक्न यो किल्ला बनाएका थिए । पछि आठौं शताव्दिताका आठ राजा र दस सरदारहरूका वीचमा लडाईं भएपछि संयकहरूका पुर्खा सोइयाक लादोहाङले पधे राज्य प्राप्त गरेका थिए । उनले यस सामरिक महत्वको किल्लालाई पुनःनिर्माण गरी राज्य संचालन गरेका थिए। कतिपय इतिहासकारले साँगुरी गढी सत्य राजाले स्थापना गरेको भनेर उल्लेख गरेको पाइन्छ, तर यो भनाई त्यति विश्वसनीय देखिन्न। चौवीस थुम (पधे राज्य) मधेस र पहाडको राँधको राज्य थियो। यसैले पनि यसको सामरिक अवस्था र व्यवस्था संवेदनशील हुने गर्दथ्यो। यस राज्यको सिमाना दक्षिणमा तराईको सिमलभुँडे सम्म फैलिएको थियो। छिमेकी राज्य विजयपुरमा हुने विविध उथलपुथलको असर पधेराज्यमा पर्दथ्यो। चौधौं शताव्दितिर आईपुग्दा पधे राज्य संयक वंशका युङसिङवा, लाङवेवा, तुम्बा, तुम्सा, थक्सुवा र नयङवाहरूले आ-आफ्नो आपुङगी राज्यहरू खडा गरिसकेका थिए। अहिलेको भग्नावशेषको रूपमा रहेको यो साँगुरीगढीको संरक्षणमा नेपाली सेनाले पनि चासो देखाएको छ। अति जिर्ण रहेको यो गढीलाई आधुनिक सामाग्री (सिमेन्ट, छड आदि) प्रयोग गरेर मर्मत संभार गरिएको छ। यसकारण यो गढीको भौतिक अवस्था परिवर्तन भएको छ।

उहीले यो बाटो हुँदै चैनपुर, तेह्रथुम, ताप्लेजुङसम्म नुन, तेल चामल लगायतका सामाग्रीहरू ढुवानी एवं यातायातको प्रमुख मार्ग थियो। चौवीसे पधेराज्यको दक्षिणमा अवस्थित यो साँगुरीगढी किल्ला ऐतिहासिककालदेखि नै चर्चित स्थानको रूपमा रहेको थियो । तर पछिल्लो समय वि.सं २०४० सालतिर धरानबाट धनकुटा जाने कालोपत्रे सडक निर्माण भएपछि यसको चर्चा र महत्व घटेको छ।

ङ. सिरिमाङे (सिरमाने) गुफा :

धनकुटा जिल्लाको चौवसे गाउँपालिका- ७ को तल्लो हमेला भन्ने गाउँको पुच्छारमा घना जङ्गलको बीचमा थक्सु राजा वस्ने गरेको भनिने दुईवटा ओडार रहेका छन्। जसलाई आज सिरमाने (सिरमाङे) गुफाको नामले जानिन्छ । कहावत अनुसार उनले ती दुई ओढारमा जेठी र कान्छी रानीहरू राखेका थिए । उनी श्रीमतीहरूका दुग्धपान गर्दथे । उनले यसो गर्नुको कारण शारीरिक शक्ति प्राप्तिका लागि थियो । उनी वास्तवमै ज्यादै बलवान थिए । उनका कैयौं समकालिन शत्रुहरू थिए-जो उनको शारीरिक शक्तिको अघि एकछिन पनि टिक्दैनथे । उनले जीवित रहुन्जेल सन्तानको मुख हेर्न पाएनन् । उनको मृत्यूपछि जन्मेको एकजना छोराबाट नै आजका थक्सुबाहरू भएका हुन् । उनको अन्त्य पनि श्रीमतिहरूकै कारण आफ्नो रक्षाकवच खोलेको अवस्थामा भएको थियो। थक्सु राजाको वारेमा अनेकौं मीथकहरू चर्चामा रहेका छन्। उनको वीरता वारेमा उनका शत्रुहरूले पनि प्रश्न उठाउँदैनथे। उनी वस्ने ओढारहरू निकै सुरक्षित थिए। यसैकारण उनका शत्रुहरू उनको बसोवासस्थलको वरिपरि जाने हिम्मत गर्दैनथे। उनको नयङवा र लाङवेवा वंशसँग दुश्मनी रहेका कारण वारम्वार युद्ध गरिरहनु पर्दथ्यो।

सिरमाने थक्सु राजा संयक मिङ्स्रा अन्तर्गत थक्सुहरूको पुर्खा थिए। उनी उक्त ओडारमा बस्ने गरेको भन्ने कथा प्रचलित रहेको छ। सो ओडारभित्र झण्डै १५० फिट परसम्म फराकिलो बस्न मिल्ने ठाउँ छ। उनी एक बलवान साथै लडाकु पनि थिए। उनले लगाउने पोसाक फलामबाट चोईटा र सालकको खबटा मिलाएर पत्र-पत्र गरी बनाइएको थियो भन्ने कहावत छ । शत्रूको प्रहारबाट सजिलै बँच्न सक्नेगरी वनाईएको उक्त कवच काठमाण्डौको कुनै सङ्ग्रहालयमा राखिएको विश्वास गरिन्छ।

च. महाराङगे राजा र उनको हात्ति बाँध्ने ढुङ्गा :

उहिले चौधौं शताब्दीतिरका संयक वंशका पुर्खा महाराङ्गे राजाले साप्तेन क्षेत्रमा राज गर्दथे । सोही वेला उता बुढीमोरङमा मोरङगे राजाले राज्य गर्दथे, जो नयङ वंशका मानिन्छन् । ती दुई राजाहरू एकआपसमा वारीपारी घुँयत्रोले ठूल्ठूला ढुंङगाका टुक्राहरूले हानाहान गर्दथे भन्ने किंवदन्ति रहेको छ। बुढीमोरङका राजा मोरङगेले हानेको घुँयत्रोका ढुङगा र गुलेलीका मट्याङ्ग्राले लागेर साप्तेनको खप्यालुङ बनेको भन्ने भनाई छ।

साप्तेनका महाराङगे राजाले हात्ति पालेका थिए। उनका हात्तीहरू पोखरीमा पानी खान आउँथ्यो। पानी खाएपछि हात्तिहरू चरनका लागि हात्तिटारसम्म जान्थे । हाल यो क्षेत्र साँगुरीगढी गापा वडा नं- ५ मा पर्दछ । पहिले हात्ती चरेको ठाउँ भएकोले यो क्षेत्रको



माहाराङ्गे राजाको हात्तिले पानी खाने पोखरी



माहाराङ्गे राजाको पानी खाने कुवा

नाम हात्तिटार भएको हो भनिन्छ। साप्तेनका राजाको हात्ती बाँध्ने ढुङ्गादेखि लगभग एक किलोमिटर पारीपट्टी सानो जङगल छ। त्यो जङ्गलको उत्तरपट्टीको छेउमा तीनवटा पानीका कुवाहरू रहेका छन्।

दुईवटा कुवाको भग्नावशेष मात्र रहेको र एउटा कुवामा मात्र पानी उपलब्ध छ। त्यो कुवामा पानीको श्रोत पर्याप्त मात्रामा छ। स्थलगत अध्ययनको सिलसिलामा त्यहाँका स्थानीय जानकार व्यक्तिहरूबाट प्राप्त जानकारी अनुसार, "उहिले महाराङ्गे नाम गरेका राजा अति पराक्रमी थिए। उनले आफ्नो दरवार छेउमा एउटा ठूलो कुवा वनाएका थिए।" महाराङ्गे राजाले त्यो कुवाको पानी खान्थे। त्यसैले त्यो कुवाको नाम पनि महाराङ्गे कुवा भनिन्छ। हाल यो कुवा जीर्ण अवस्थामा रहेको छ। यो कुवा मर्मत सम्भार गरी सञ्चालनमा ल्याउने हो भने २०/२५ घरपरिवारलाई पानी खान पुग्ने देखिन्छ। यो क्षेत्र हाल साँगुरीगढी गापा वडा नं-३ धनकुटा जिल्लामा पर्दछ।

छ. हाङसेम्मालुङ:

चौवीसे क्षेत्रमा प्रचलित मिथक अनुसार ४ जना राजाहरूले सभा गरेर बाचा वन्धन गरी ४ वटा ढुङ्गा गाडेको स्थानलाई हाङ्सेमलुङ भनिन्छ। यो स्थान हाल चौवीसे गापा आठ राजाहरूले सभा गरी वाचावन्धन गरेर तीनवटा ढुङ्गा गाडेको ठाउँको नाम हाङसेम्लुङ हालमा चौवीसे गाविस वडा नं ५ हंसमोरङ भन्ने ठाउँमा पर्दछ। हाङसेमलुङ भन्नाले हाङ=राजा+सेम=छुट्टिनु+लुङ=ढुङ्गा, अर्थात राजाहरूले ढुङ्गा गाडेर छुट्टिएको ठाउँ भन्ने हुन्छ। तर हालमा यो शव्ख अवभ्रंभ भई हंशमोरङ भएको छ। सन् १९६५ सम्म तीनवटा ढुङ्गाहरू त्यहाँ थिए। सन् १९७५ सम्ममा एउटा हराएर दुईवटा मात्र ढुङ्गाहरू रहे भने सन् २०२४ सम्ममा आउँदा त्यहाँ एकवटा मात्र ढुङ्गा रहन गएको छ। यो एउटा ढुङ्गा पनि हालमा जीर्ण आवस्थामा पुगेकोले त्यहाँका स्थानीयहरूको सक्रियतामा सरकारी अनुदान जुटाई त्यो ऐतिहासिक ढुङ्गा रहेको कदर गरी त्यसको वरिपरि पर्खाल लगाई संरक्षण गरेका छन्।

कतिपय लिम्बू वंशावली तथा मुन्धुमहरूमा हाङसेमलुङ/हाङसेनलुङको प्रशस्तै चर्चा हुने गर्दछ। केही इतिहासकारहरूले सेनवंशी लिम्बूहरूको आगमन भएपछि ४ दाजुभाइहरू छुटने क्रममा ४ वटा ढुङ्गाहरू गाडेर ४ दिशातिर गएका हुन् भन्ने छ। केही इतिहासकारहरूका मतमा १० भाइ लिम्बू (दश सरदार) हरू छुट्टिएको स्थल हो भन्ने पनि छ। केही वंशावलीहरूले यो स्थानलाई लिम्बू जातिको उत्पतिस्थल भनेका छन्। याक्थुङ मुन्धुमले भने उत्पति स्थल नभई याक्थुङ लिम्बू वंश समूहहरूको आगमन मार्गको रूपमा उल्लेख गरेको पाइन्छ। कतिपय लिम्बूहरूको माङ्गेन्ना मुन्धुममा हाङसेमलुङ वा हाङसेनलुङको उल्लेख गर्दै आफ्ना पुर्खाहरू त्यँही विचरण गरेको कथाहरू उच्चारण गर्दछन्। कुनै लिम्बूहरूका पुर्खा माङ्गेन्ना मुन्धुममा जुनजुन स्थानहरूमा विचरण गर्दछन्, इतिहास लेखनमा त्यही भूगोल, समय, घटना र पात्रहरूको खोजी गरिन्छ। यसर्थ, लिम्बू जातिको इतिहास भन्नु नै धेरै अर्थमा माङगेन्ना मुन्धुम हो। उनीहरूले माङ्गेन्ना अनुष्ठानलाई सामाजिक संस्कार र मुन्धुमलाई मौखिक रूपमा वाचन गर्दै आफ्नो इतिहास पुस्तान्तरण गरिरहेका छन्।

विभिन्न श्रोतहरूलाई नियाल्दा चौवीस थुममा संयक वंश समूहका लिम्बूहरूको वस्ती वसेको १५०० वर्षभन्दा पछि सन् १२५० तिर थुप्रै याक्थुङ लिम्बूहरूका समूहहरू यहाँ आइपुगेको पाइन्छ। खासगरी सेनेहाङ वंशका चारभाईले यो स्थानमा गाडेका ४ वटा ढुङ्गाहरूले विशेष महत्व राख्दछन्। तर समयमा नै उक्त ढुङ्गाहरूको पहिचान र संरक्षण गर्न नसक्दा ३ वटा ढुङ्गा हराएर एउटा मात्र रहन पुगेको दुखदः अवस्था छ।

ज. साधाप्माटार (सधामटार) :

लिम्बू भाषामा "सा" भनेको "बच्चा" र "थाप्मा" भनेको "पाउनु" भन्ने हुन्छ र "देन" को अर्थ "ठाउँ" हो । त्यही शब्दबाट सा+धाप्मा+देन=साधाप्मादेन अर्थात वच्चा जन्मेको ठाउँ भन्ने अर्थ लाग्छ । केही लिम्बू वंशावलीहरूमा चारजना दाजुभाइहरू आआफ्ना श्रीमतीहरू सहित यो स्थानमा बसेको वेला चारैजना श्रीमतीहरू सुत्केरी भएकाले साधाप्मादेन भनिएको हो भन्ने पनि उल्लेख गरेको पाइन्छ । यो ठाउँ टार वा सम्म भएकाले लिम्बू इतरका जातिहरूले यस ठाउँलाई साधाप्माटार भन्न थाले।

विस्तारै त्यही शब्द नै चलनचल्तीमा आयो र सबैले सधामटार भन्न थालेका हुन् । यो टार धरान धनकुटा सडकको तमोर पुलदेखि करिव १० कि.मी. जति उत्तरमा तमोर नदीको किनारमा अवस्थित छ।

यो टारमा सदियौंदेखि माझी जातिका मानिसहरू बसोबास गर्दै आइरहेका छन् । उनीहरू तल बराहक्षेत्रको किनार हुँदै मुलघाट, सधामटार, हंसमोरङ, याक्चना, नुभोघाट हुँदै ताप्लेजुङको दोभानसम्म आवाद रहेका प्रमाणहरू सर्वत्र पाइन्छन् । यसै जातिका कैयन् घरानाहरू लिम्बू वंशका रूपमा परिवर्तित भएका छन् । आठपहरिया वंशमा "छोरालाई अंशः छोरीलाई वंश" भन्ने सामाजिक मान्यता अनुरूप होमराक, चारिङमे, लेङसुवा र खाअवाङुक लगायत झण्डै ७ वटा वंशहरूमा माझीहरू घरज्वाँइका रूपमा समाहित भएका देखिन्छन् । (रामबहादु र किम्दाहाङ २०६४.२२:२३)

झ. लुहकूल डाँडा :

धनकुटा जिल्लाको चौवीसे गापा-१ मा अवस्थित् लुहकूल डाँडा चौवीसे क्षेत्रको वसन्तटार, मुढेवास, ६ नं. बुधवारे र पान्थर मिक्लुकको वीच भागमा पर्दछ । झण्डै २,३०० मीटको उचाईमा रहेको यो डाँडा संयक लिम्बूहरूको चौवीस क्षेत्रको पानी ढलो सिमाना हो । यो स्थानमा प्राचीनकालदेखि नै औंसी र पूर्णिमाको दिन वजार लाग्ने र फागु पूर्णिमाको दिनमा वार्षिक रूपमा मेला लाग्ने गरेको छ । यो स्थानमा प्राचीनकालदेखि नै छथरका खेवाहरू, चौवीसका संयकहरू र पान्थरका अन्य लिम्बूहरूले भेटघाट गरी मेलावजार भर्ने, धाननाच्ने र रमाईलो गर्ने स्थलको रूपमा पनि प्रसिद्ध छ।

ञ. थाक्केलुङ/ खिवेकलुङ :



थाक्केलुङ भनेको यूमाले तान बुनेको ढुङ्गा हो । मुन्धुम अनुसार प्राचीन समयमा युमामाङ आफै विभिन्न स्थानहरूमा अवतरित भएर याक्थुङ लिम्बू समुदायलाई सिप सिकाउन आएको वर्णन गरिएको छ । सोही क्रममा धेरै प्राचीन समयमा युमाले चौबिसेको तत्कालीन साँगुरीगढी गा.पा.-३ स्थित रघुवा खोलाको सानो फाँटमा खोलाको डिलमा वसेर त्यहाँका याक्थुङहरूलाई तान वुन्ने सिप सिकाएकी थिईन् भन्ने प्रचलित किंवदन्ति रहेको छ।

युमासाम्माङले कपडाको तान लगाउँदा तानको धागोलाई थाक्केलुङ भन्दा पल्लो डाँडामा रहेको तानको धागो बेरेको अर्को ढुङ्गालाई खिबेक्लुङ भनिन्छ। युमासाम्माङले थाक्केलुङबाट धागो लगेर खिबेकलुङमा बेरेर तान बुन्ने गरेको भन्ने मुन्धुमको कथन रहीआएको छ। यी दुई ढुङ्गावीचको दुरी झण्डै ८०० मीटर जति रहेको पाइन्छ।

ट. चेग्रा यक :

चेग्रा यक संयकवंशी लिम्बूहरूले निर्माण गरेका हुन् । यहाँ नयङवा वंशको बसोबास रहेको छ । अघि सेनकालमा पनि बुढीमोरङ राज्यको अस्तित्व रहनुले यो राज्य निकै पुरानो रहेको अनुमान गर्न सकिन्छ। चेग्रा नजिकै सुलीकोट पनि रहेको छ। अघि महाराङ्गे राजाले अपराधीहरूलाई सुलीमा चढाउने भएकाले यसको नाम सुलीकोट रहेको भन्ने छ।

मोरङ्गे राजाको हात्ति बाँध्ने ढुङ्गा

चेग्रा यक, नयङ्हाङ

बुढीमोरङतिर प्राप्त मट्याङ्ग्राहरू
(स्रोत : पदमकेशर आङबुहाङ्ग, साँगुरीगढी गा.पा.-२)

साप्तेनदेखि पारीपट्टी बुढीमोरङ गाउँ पर्दछ । यहाँ मध्यकालीन समयमा मोरङ्गे राजाले शासन गरेका थिए । याक्थुङ लिम्बू जातिमा राज्य गरेर बसेको मुख्य स्थानलाई यक भनिन्छ । यहाँ हालसम्म पनि संयक वंश समूहका नयङ वंश समूहको फेन्चुवा यक चेग्राको भग्नावशेष यथावत रूपमा रहेको छ । मोरङ्गे राजाका दुईवटी रानीहरू थिए । जेठीरानी बसेको ठाउँको नाम बुढीमोरङ र कान्छीरानी बसेको ठाउँको नाम छोटीमोरङ नामबाट अझैपनि परिचित छ।

६.१० संयक वंशका सुभाङ्गी प्राप्त गर्ने सुभा (सुब्बा)[३] तथा तिनका मौजा (क्षेत्र) हरू :

इतिहासहरूका अनुसार वि.सं १८३१ को लिम्बूवान तथा पृथ्वीनारायण शाहका पक्षवीचमा नुनपानीको सन्धी गर्दा लिम्बूवान पक्षबाट हस्ताक्षर गर्ने सुन राय संयकवंशी लिम्बू हुन्। उनी पछि क्रमशः संयकवंशी उत्तराधिकारीहरू र विभिन्न कालखण्डहरूमा सुभाङ्गी प्राप्त गर्ने सुव्वाहरूले चौवीसेको मौजाहरूमा आफ्नो अधिकार स्थापित गरेका

[३] लिम्बूवान क्षेत्रहरूमा दिईने सुभाङ्गी अधिकार प्राप्त सुभा (सुव्वा) हरू मूलत : तीन प्रकारका थिए। पहिलोमा, राज्यबाट विनाशर्त सिधै अधिकार प्रत्यायोजन गरिएका अख्तियारवालाहरूलाई आगेसुव्वा भनिन्थ्यो। ६० मुरी (फल्ने) धानखेत चढाएर ३० रू. (कर) उठ्ती हुने क्षेत्रमा पाउने अख्तियारवालालाई फूटीसुव्वा र ३० मुरी (धान) फल्ने खेत चढाएर रू १५ उठ्ती हुने क्षेत्रमा पाउने अख्तियारवाला सुभाहरूलाई रायगिरी सुव्वा भनेर भनिन्थ्यो। ६० मुरी र ३० मुरी धानखेत चढाउन नसक्ने तर सुभाङ्गी चलाउन मन हुर्ने (आफै एक्ले सुव्वा) लाई ठिङ्ग्रे सूव्वा भनिन्थ्यो।

थिए। त्यो कालखण्डलाई विश्लेषण गर्दा वि.सं १८३१ (सन् १७७४) देखि सबैभन्दा पछिल्लो समय वि.सं २०३२ (सन् १९७५) सम्म चौवीसे क्षेत्रका विभिन्न मौजाहरूमा सुव्वाहरू रहेको विवरण छ। वि.सं. १९९७ सालको नेपालको पहिलो सर्पट नापी भएको मोठबन्दी बमोजिम चौवीसे क्षेत्रको सिमाना तमोर नदी, महाभारत पानी ढलो दक्षिण, लोहकिल नाम्फुवा उत्तर, नावाखोला पश्चिम र छरूवा जरूवाखोला, कुरूले र सोगुम समेतको चार किल्लाभित्र बोधे तथा मिक्लुक मौजाका संयक वंशका सुभा (सुब्बा) हरूको विवरण यस प्रकार उल्लेख गरिएको पाइन्छ।

क्र.सं	सुभाङ्गी प्राप्त गर्ने सुव्वाहरुको नाम				समय (सन्मा)	विवरण
	युङ्सिङवा	लाङ्वेवा	तुम्वा	तुम्सा		
१			पाण्डावीर	आसिकराम	१७९४	राजा रणबहादुर शाहबाट जारी कस्यस्क्का अनुसार कुरुलेमा आसिकराम र खुवाफोकमा पाणवीर देखिन्छ।
२	पहलमान		बाघाजित देशमान	जसमुखी बाजनसिं	१८४०	राजा राजेन्द्रवीक्रम शाहको पालामा चौवीसे मिक्लुक क्षेत्रमा लिम्वू प्रमुखहरुलाई लेखिदिएको लालमोहरको व्यहोराले पुष्टि गर्दछ।
३	कात्जुहाङ नरध्वज लाखमान		धनवीर सन्तानसिं जसतल जित ब. भूपालसिं	तुम्याङसेरी हंशमुखी आशजित आसकर्ण	१८६६	राजा राजेन्द्र वीक्रम शाहको वि.सं १९२३ माघ ६ को सुव्वाहरुलाई जाजारी गरेको लालमोहरले पुष्टि गर्दछ।
४	मान ब. दिल ब. (केरावारी, रामपुर, मोरङ)		(छ थुम चौबिस, खोलाआगे, मौजा धनकुटा)	डिल्लीश्वर उदयबहादुर राम्री लिम्वूनी जंगध्वज	१९४०	वि.सं १९९७ मा पल्ले किरात लिम्वूवान क्षेत्रमा भएको सर्पट नापजाँचमा मिक्लुम चौवीस थुमका संयक वंशका सुभाङ ्गी प्राप्त व्यक्तिहरुको अभिलेख धनकुटा जिल्ला मालपोत कार्यालयबाट उतार गरिएको।
५		रामप्रसाद		जंगध्वज हर्कबहादुर रुन्चबहादुर दिलबहादुर आसबहादुर खड्गबहादुर कालिबहादुर वीरबहादुर रंगलाल	१९७५	पाखाआगे सुव्वा पंगध्वज तुम्सा संयकको अभिलेख विवरण अनुसार वि.सं २०३२ सालसम्मको तुम्सा संयक थरीको सुव्वाहरुको विवरण उल्लेख छ।

क) वि.सं १९९७ सालको सर्पट नापीको मुचुल्का अनुसार संयक लिम्बूका सभाङ्गी मौजाहरू :

संयक लिम्बूहरूका मौजा तथा क्षेत्रहरूको वारेमा प्रष्ट उल्लेख भएका कागजातहरू कमैमात्र उपलव्ध छन् । यस सम्वन्धमा वि.सं १९९७ सालमा भएको लिम्बूवान क्षेत्रको सरपट नापीको मुचुल्कालाई आधार लिने क्रममा देहायको क्षेत्र तथा मौजाहरू पाखाआगे र खोलाआगे भनी तुम्सा तथा तुम्बा संयकहरूको अधिनमा रहेको पाइन्छ।

(वि.सं १९९७ सालको सर्पट नापीको मुचुल्का)

थुम चौवीसेको
पाखाको
जिल्लै पल्लो किरात ६ थुम माल इलाका भर सरपट नाप जाच गर्ने विषयको ९७/८/३/२ मा सदर भयाको खड्ग निसाना सवाल कमोजिम सम्वत १९९७ सालमा सरपट नापी भयाको तालुकवाला श्री मे.ज. माधव सम्सेर जङ्ग बहादुर राणा, डोर अफिसर ले.कजित नरसिंह राणा, ले.क. गेइन्द्र विक्रम राणा, ले.क.जित नरसिङ्ग राणा, गेइन्द्र विक्रम राणा, नागी गोखराका सिभिल हाकिं (हाकिम) खरिदार नारायण प्रसाद पोखर्‍याल मोठ मार्फत मुन्फिको हाकिं खरिदार पुण प्रसाद मडभरी मुन्फिको हाकिं खरिदार पूर्ण प्रसाद मुहभवी पसिम १ नं.रू.पि.स.भु. काजिमान श्रेष्ठ पूर्व ४ नं.दावा बमोजिम थुम चौवीसको पाखा तर्फ नापजाच भै आयाको तपसिल बमोजिमको मेठबन्दि मोजा मौजाको जम्मा २२८३ के तिरो मोरू २६८०/५१ छविस सहे असी रूपैया एकाउन्न पैसा ....

सम्वत १९९७ साल जाचको सरपट नापी भयाको मठेबन्दी मुचुल्का बमोजिम तमर नदी दखिन माहाभारा पानी पानी खलो उत्तर लेहाकिल नम्फूवा खोला, नावा खोला, दोभान, पसिम छरूवा, जरूवा खोला पूर्व यति ४ किल्ला भित्रको कुरूले, सोगुम समेत मोजाको देहाउ बमोजिम जम्मा धुरी २२८३ के तिरो मारू २६८०/५१ छविस सहे असी रूपैया एकाउन्न पैसा...

ख) तुम्बा संयकहरूका सुभाङ्गी मौजा क्षेत्रहरू :

माथिको मुचुल्का अनुसार तुम्बा संयकहरूका खोलाआगे मौजाहरू रहेको पाइन्छ । खोलाआगे मौजा अन्तर्गत डिहिडार, सधामटार, मुर्कटेटार, सानेटार, रघुवा खोलाको खेत, खुवाफोक फूक्कामृदेन, सानो हमेला र मिक्लुक पहाड समेतको चोहद्दिभित्रको क्षेत्रहरूमा खोलाआगे सुव्वा भूपालसिं तुम्बा संयकको स्वामीत्वमा रहेको अन्य कागजातहरूबाट समेत देखिन्छ।

ग) तुम्सा संयकहरूका सुभाङ्गी मौजा क्षेत्रहरू :

माथिको वि.सं १९९७ सालको मुचुल्काको आधारमा तुम्सा संयक वंशले पाखाआगे मौजाहरू प्राप्त गरेको देखिन्छ। तिनीहरूमा साँगुरी भञ्याङ, बुढीमोरङको गैरीगाउँ, कुसेटार, जरूवा, छरूवा, कुरूले, सोगुम, टक्रम्वा, खोपीगाउँ, आम्वोटे, मलबासे, बतासे, निभारा, चाम्मायक, नाम्बाखोला, तल्लो/माथिल्लो टोड्के, सेरजेम्बा, आहाले, गोगने, सिरिवानी, लुहाकुल डाँडा, नाम्फूवा र भीरगाउँ क्षेत्रहरू थिए जहाँ तुम्सा संयकको आगेसुव्वा जंगध्वज तुम्सा संयक गरी अरू १३ जना सुव्वाहरू थिए।

युङ्सिङवा संयकहरूको सम्वन्धमा भने उक्त दस्तावेजले बोल्दैन । तर यो वंश वोधेक्षेत्रबाट निकै अघि नै मोरङ जिल्लाको वारेकपुङ र रामपुर भन्ने जग्गामा वसाँइ सरी आएकोले सोही क्षेत्रमा सन् १९४० को आसपासमा सुभाङ्गी प्राप्त गरेका सुव्वाहरूको विवरण कागजातहरूले पुष्ट्याई गर्दछ।

६.११ चौबिसे क्षेत्रमा आगन्तुक जाति र वंशहरू :
संयक लिम्बूहरू चौवीसे क्षेत्रमा सबैभन्दा पहिलो वासिन्दाहरू हुन् भन्ने तथ्य घामजत्तिकै छर्लङग छ। चौविसे थुममा अन्य विभिन्न थरीका लिम्बूहरू पनि यस क्षेत्रमा आएर बसोवास गरिरहेका छन्। यस क्षेत्रमा बसाइ सरेर आउने अन्य लिम्बू वंश लगायत ग्रह्न लिम्बूहरूको पनि निकै ठूलो जनसङ्ख्या भईसकेको छ।

चौविसे क्षेत्रमा चेम्जोङ लिम्बूहरूको प्रवेशको समय कहिले हो ? भन्ने सम्बन्धमा चेम्जोङ वंशावलीले वि.सं १८२४ तिर सङ्केत गरेको छ। *(चेम्जोङ वंशावली २०६५ : ८)* यो समय भनेको २०८१-१८२४=२५७ बर्ष हुन्छ। २५७ बर्षलाई सरदर ३० बर्षलाई १ पुस्ता मान्दा लगभग पुस्ता ९ पुस्ता कायम हुन्छ। यसको अर्थ चेम्जोङ वंश नौ पुस्ताअघि मात्र चौबिस क्षेत्रमा प्रवेश गरेको हो। चेम्जोङहरू दस लिम्बूवान (थिबोङ याक्थुङ) को युद्धपछि पधे यक (चौबिस) राज्य स्थापना भएको ९०० वर्षजति पछिमात्र चेम्फुजङ यकबाट चौबिस क्षेत्रमा आएका थिए। ईमानसिंह चेम्जोङ, चेम्जोङ वंशावली तथा अन्य स्रोत सामग्रीहरूलाई आधारमा पनि चौबिस क्षेत्रमा उनीहरूको आगमन समय झण्डै १,००० बर्षको अन्तर देखिन्छ। यसर्थ प्रेमबहादुर माबोहाङले आठौं शताब्दीमा कुर्ले यकमा माबोहाङ राजा थिए भन्ने कुराको कुनै आधार देखिन्न। अझ इतिहासलाई पर्गेलेर हेर्ने हो भने-चेम्जोङ (माबो) हरूका पुर्खा लासाहाङ सन् ८४२ मा तिब्बतमा मारिएका थिए। लासाहाङलाई तिब्बतीहरूले घृणा गरेर "लाङदर्मा" पनि भन्दथे। तिब्बती इतिहासमा लाङदर्माको नाम "वदुम चन पो" लेखिएको पाइन्छ। यसर्थ कुर्ले यकमा माबोहाङ राजा हुने कुनै संभावना देखिदैंन।

चेम्जोङ (माबो) वंशका प्रथम पुरूष लासाहाङ (तिब्बती नाम लाङदर्मा/वदुम चन पो) सन् ८४२ ई. मा ल्हासामा मारिएपछि उनका शाखा सन्तान (थाक्मिया र मुरेगन)हरू दक्षिण तिब्बत हुँदै ओलाङचुङगोला आइपुगेका थिए। यहाँ पनि भोटेहरूसँग लडाईं भएका कारण ताप्लीजोङ हुँदै तमोरखोला झरेका थिए। हाल यी थाक्मिया र मुरेगनका सन्तानहरू ६० भन्दा बढी वंश (थर) हरूमा विभाजन भइसकेका छन्। ती थर (वंश) हरू मध्ये थाक्मियाका सन्तान माबो वंश समूहभित्रका ३५ थर मध्ये चेम्जोङ पनि एक हो। १० औं शताब्दीतिर नेपाल पसेका माबोहरू ३५ थर (वंश) मा विभाजन हुने प्रक्रिया १,००० बर्ष लामो छ। चेम्जोङ वंशका प्रथम पुरूष पयाङगुम्बाबाट अहिले १७ औं पुस्ता चल्दैछ। सोह्रौं शताब्दीको पूर्वार्द्धमा वंश विभाजन भएको एक्लो पयाङगुम्बाका सन्तान (चेम्जोङ वंश) को घरधुरी तुलनात्मक रूपमा संयक वंशीहरूको भन्दा वढी देखिएको छ।

इलामको फाक्तेवबाट चौबिसमा आएका चेम्जोङहरूले साविक मौनावुधुक गाउँमा ६ चुले घर बनाए, जो हालसम्म पनि भौतिक रूपमा अवलोकन गर्न सकिन्छ। यो घर वि.सं १८२४ मा निर्माण गरिएको भनेर चेम्जोङ वंशावलीमा नै उल्लेख छ। जब कि पाँचौं शताब्दीमा नै चौबिसमा राज्य गरिरहेका संयक वंश (१३ थर) को यस वंशावली लेखन क्रममा १३५० जति घरधुरी पुगेको देखिन्छ। संयक वंशका झण्डै ७ वटा थर (वंश) हरू पनि हराएका छन्। यो पनि अनौठो इतिहास हो, जसले लुप्त, विलुप्त र विलयन विधिबाट एउटा वंश अर्को वंशमा समाहित भएका वंशहरूको खोजी गर्दछ। लिम्बू जातिको यो विस्मयकारी सामाजिक/सांस्कृतिक पद्धतिले इतिहासको मात्र होइन समाजशास्त्र र मानवशास्त्रको पनि एउटा रहस्यमय पाटो उदाङ्गो पार्दछ।

सेन लिम्बू चबेगुहरूको चौवीसे क्षेत्रमा आगमनको सम्वन्धमा सेन राजाहरूले उदयपुर चौदण्डीको दरवारमा राजकाज चलाइरहेको वखतमा एक आपसमा द्वन्द्व भएपछि वि.सं १७४१ मा विजयपुर राज्य स्वतन्त्र भएको वखतमा नै चौबिस थुम क्षेत्रमा प्रवेश गरेका थिए भन्ने उल्लेख छ। उदयपुर चौदण्डीको दरवारमा विवाद र द्वन्द्व सुरू भएपछि एक समूह सेन लिम्बू चोवेगुहरू त्यस दरवारबाट निक्लिएर पूर्वोत्तर दिशामा आई स्वतन्त्र विजयपुरबाट अझै उत्तर चौबिस थुमतर्फ गएका थिए भन्ने मत समेत रहेको छ।

चौबिस थुममा रहेका अन्य लिम्बूहरूमा फालेच्छुवा, ईवा, सुहाङ, मिभक आदि रहेका छन्। यी लिम्बू वंशहरू विभिन्न कालखण्डमा चौबिसे क्षेत्रमा आएका हुन्। यस बाहेक चैनपुरबाट आएका पुत्लुङ, देवान, ईयक, चारकोले,

सुखिम, लिङ्खा, लिङथेप, याम्फू, लोहोरूङ भोजपुरबाट आएका राई र पश्चिम नेपालबाट आएका खस लगायत मगर, तामाङ, गुरूङहरू पनि लिम्बूवान राज्य गोरखा अधिनस्थ भएपछि बसाईंसराई गर्दै आएका हुन्।

चौबिसमा नै बसोबास गरिहेका वयाङ खजुमहरूको आगमनको सम्वन्धमा भने छथर थुमको पन्चकन्याबाट पन्ध्रौं शताब्दीतिर हालको चौबिसे गापाको हाम्फावुङ पुच्छारमा रहेको तुम्बाङ यक हुँदै अन्यत्र फैलिएका हुन् भन्ने कहावत चल्दैआएको पाइन्छ । तर ब्रिटिस इतिहासकार ईडेन भ्यान्सिटार्टका अनुसार- "वयाङ खजुम" संयक वंश हो । इतिहासकार ईडेन भ्यान्सिटार्टको स्रोतव्यक्ति तत्कालीन ब्रिटिस इण्डियाका जमदार पूरनधोज चोङबाङ खजुम हुन्। उनले आफ्नै वंश समूहका वयाङ खजुमलाई चौवीसे वंश (संयक) भन्नुमा केही संशय गर्न सकिन्छ, किनभने हिजोसम्म ६ थरी खजुमहरूसँग एकै भैयाद भएर बसेका ईम्सङ वंश अहिले आफ्नो पुरानै वंश समूह ईमेहाङमा नै समाहित भइसकेको छ । यो वंशले सोही अनुरूप आफ्नो वंशावली-"किरात लिम्बू इमेहाङ वंशावली-२०७२" प्रकाशन गरिसकेको छ।

छथरको इतिहास र मिथकहरूले यो क्षेत्रमा उहिलेदेखि नै भूईंफुट्टा, खेवा, खजुम, छोङदेन, रूदुवा तथा खादी वंश समूहहरूबीच एक आपसमा सङ्घर्ष चलिरहेको पुष्टि गर्दछ। शत्रूसँगको लडाईं जित्न वीरता, शस्त्र अस्त्रले मात्र जित्न सकिदैंन, जनसङ्ख्या पनि चाहिन्छ भन्ने राजनीतिक दाउपेच बुझेर नै तत्कालिन समयका लिम्बू समुदायले भैयाद वंश बनाउने नीति अख्तियार गरेको देखिन्छ। यसै अनुसार खजुमले सेवासँग लड्न इम्सङ र वयाङ, खेवाले खजुमसँग लड्न चोङवाङ र माङयाक, तिल्लिङले पेरोहाङ वंश (छौरे फेदाप) सँग लड्न माङभुक र केभुक त्यस्तै पेरोहाङ वंश (छौरे फेदाप) ले तेयुङ र आङबुङ वंशलाई आफ्नो भैयाद वंशको रूपमा समाहित गरेको पाइन्छ। यो विषयलाई राजनीतिक दाउपेच मात्र नठानेर इतिहासको विशेष पाटोको रूपमा अध्ययन गरिएमा निकै रोचक, विस्मयकारी र लिम्बू जातिको दुर्लभ साँस्कृतिक परम्परा बारे महत्वपूर्ण सूचनाहरू प्राप्त गर्न सकिन्छ।

चौवीसे क्षेत्रमा लिम्बूहरू वाहेक अन्य जातजातिका मानिसहरूको आगमन वि.सं १८९८ मा धनकुटाको श्रीजङगाा पल्टनका जवानहरूको रासनका लागि चौवीस थुमबाट सरकारमा चढाईएका छरूवा खोलाको घुमाउने खेत, पान्थरको तर्फबाट चौवीसकै डिहीटार खेतहरू रैकरमा परिणत गरिएपछि सुरू भएको थियो । राज्यबाट "रस्ती रसाई वस्ती वसाउनु, पर्ति जग्गा जमीन बाँझो नराख्नु" भन्ने सरकारी उर्दी जारी गरिन्थे । यसै आज्ञा बमोजिम माथि उल्लेखित खेतहरू भोगचलन गर्नका लागि पश्चिम नेपालबाट ल्याइएका बराल, भण्डारी, आचार्य, तिमल्सिना आदि खस आर्य जाति लगायत गैह्र लिम्बू जातिहरूको पनि प्रवेश भएको पाइन्छ। तर पेशागत काम गर्ने कामी, दमाई, सार्की नेवार मगर आदि भने अन्य जातिहरू भन्दा केही समय अगाडि वि.सं १८०५ देखि नै यस क्षेत्रमा पुगेको आधिकारिक दस्तावेजहरूबाट थाहा पाइन्छ।

❑❑❑

भाग- ७
संयक लिम्बूहरूको राजनीतिक, सामाजिक तथा आर्थिक अवस्था

७.१ राजनीतिक सहभागिता

राजनीतिक उथलपुथलका कारण नै विश्वका विभिन्न मूलुकहरूमा शासन व्यवस्थाहरू परिवर्तन भएका पाइन्छन्। यसरी शासन व्यवस्था परिवर्तन हुनुमा मूलतः राजनीतिक धारणा र विचारले परिवर्तन गरेको देखिन्छ र यस प्रकारका परिवर्तनहरूमा समाजका विभिन्न तह, तव्का, जाति र समुदायको सम्लग्नता रहेको हुन्छ। नेपालमा यस भुमण्डलको एक प्राचीनतम मुलुक मध्यको भएको हुनाले यस मुलुकमा भएका शासन व्यवस्थाका परिवर्तनहरूका लामो र प्राचीन ईतिहासहरू रहेका छन्। त्यसमध्ये कतिपय लिखित रूपमा वाहिर आएका छन् भने कतिपय इतिहासलाई लेखिन वाँकी नै रहेको छ। नेपालमा भएका विभिन्न परिवर्तनहरूमा संयक लिम्बूहरूको योगदान र सहभागिताको वारेमा जानकारी गराउनु संयक वंशी तथा अरूका लागि समेत उपयोगी हुनेछ। त्यसैले यस खण्डमा संयक लिम्बूहरूको राजनीतिक सहभागिता र योगदान, सामाजिक अवस्था र आर्थिक पक्षको वारेमा सङ्क्षिप्तमा जानकारी गराउने प्रयास गरिएको छ।

क. वि.सं. १८३१ देखि वि.सं. २००७ सम्म :

वि.सं. १८३१ मा नुनपानी सन्धिमा हस्ताक्षर भएपछि लिम्बूवान गोरखाली युद्ध समाप्त भई सम्पूर्ण लिम्बूवान गोरखाली राज्यसत्तामा समाहित भयो। यस सम्झौतामा चौबिसका तर्फबाट संयक वंशका हाङ/सुभा सुन रायले हस्ताक्षर गरेका थिए। त्यस यता लिम्बूवान क्षेत्रमा भएका आन्दोलन, विद्रोह अदिका बारेमा केकति कारणले हो कतै उल्लेख गरेको पाईंदैन।

वि.सं १८३१ देखि यता विभिन्न कालखण्डहरूमा भएका परिवर्तन र आन्दोलनहरूमा संयक लिम्बूहरूको सहभागिता भएपनि यसको इतिहास अन्धाकारमा नै छ। इतिहास प्रायः जित्नेहरू र शासकहरूको नै लेखिने गरेकाले उनीहरूले जितपछि आफू अनुकूल संविधान, नियम, कानुन बनाएर शासन चलाएपछि अन्य जाति तथा समुदाय माथि दमन, अन्याय र विभेद हुने गर्दछ। राज्यसत्ताको चरम दमनले अन्ततः विदोहको जन्म गराउँछ। यस्ता विद्रोहहरू नेपालमा प्रसस्तै उल्लेख भए पनि लिम्बूवान क्षेत्रका आन्दोलन र विद्रोहहरूको वारेमा शासक पक्षले कँहीकतै उल्लेख गरेको पाइँदैन।

वि.सं १८३१ को लिम्बूवान गोर्खा युद्ध नुनपानी सन्धीमा टुङ्गियो। उक्त सम्झौतामा चौवीस थुमबाट प्रतिनिधित्व र सन्धीपत्रमा हस्ताक्षर गर्ने सुन राय संयक वंशका पुर्खा हुन्। वि.सं २००७ सालमा राणा शासनको विरूद्धमा लँडाई लडेका मुक्ति सेनामा सामेल भई पछि वि.सं १०१६ सालमा समायोजन गर्दाका बखतमा साविक मुढेवास गाविस-७ मा बस्ने देवदत्त तुम्सा संयकको नाम उल्लेख भएर आउने गरेको छ। उनले नेपाल जनपद प्रहरीको इन्सपेक्टर पदबाट थानकोट थानाबाट आवकाश लिएका थिए। साथै सोही क्षेत्रका सुभा खड्गदास तुम्सा संयकले वि.सं २००७ सालको क्रान्तिमा राणाशासन विरूद्ध भाग लिएका थिए।

ख. वि.सं. २००७ देखि हालसम्म :

वि.सं.२००७ मा जहाँनिया राणा शासनका विरूद्ध भएको जनआन्दोलनले नेपाली जनतालाई खुल्ला हावामा सास फेर्नसक्ने अवस्थामा पुऱ्यायो। राणा र साहवंशी राजाहरू जनताहरूको पीरमर्का सुन्नको साटो सदा सुरा र सुन्दरीमा मस्त रहन्थे। दर्जनौ महारानी, भित्रेनी र रखौटीहरू राख्ने श्री ३ महाराजा राणाहरू, उनका रोलवाला जर्नेलहरू र भाइभारदारहरूलाई सात सालको मुक्ति आन्दोलनले बढारेर लग्यो। यस क्रान्तिले श्री ३ को खोसुवा भएपनि राणा, राजा र काङ्ग्रेसको त्रिपक्षीय सन्धिले श्री ५ भने पुनर्वहाली भए। फलस्वरूप दुवै जहाँनिया शासनको लँडाईले नेपाली जनतालाई भने कुनै फाइदा पुगेन। जनताका दुःख पीरमर्का र अभाव यथावत नै रहे। जनताका छोराहरू मन्त्री र प्रधानमन्त्रीहरू वनेपनि कथित उच्च जात, वर्ग र वंशको हालीमुहालीले वि.सं २०४६ सम्म राजा र काङ्ग्रेसको

द्वन्द्व चलिरह्यो। अन्ततः दशवर्षे माओवादी जनयुद्ध र वि.सं २०६२/०६३ को संयुक्त जनआन्दोलनले राजाको एकतन्त्रीय शासनको अन्त्य गरिदियो। उक्त अघिल्ला क्रान्ति तथा आन्दोलनहरूमा सामेल हुनेहरूमा देवदत्त तुम्सा संयक र शुक्रराज तुम्वा संयक, शेरहादुर तुम्सा संयक, खड्गदास तुम्सा संयकहरूको नाम अग्रपङ्तिमा आउँछ।

क) देवदत्त तुम्सा संयक (मुढेवास)

वि.सं. १९९१ सालमा धनकुटा जिल्ला साविक मुढेबास, सेरजेम्बा हाल चौबिसे गाउँपालिका वडा नं. २ मा जन्मनुभएका देवदत्त तुम्सा संयक वंशको महत्वपूर्ण राजनीतिक व्यक्तित्व तथा अग्रज हुनुहुन्थ्यो। नेपालमा राणाशासन अन्त्य गर्दै प्रजातन्त्र स्थापना गर्न २००५ सालमा मुक्ति सेना गठन भएको थियो । राणा शासन विरोधी क्रान्तिका लागि सो मुक्ति सेनाले विभिन्न मोर्चाहरू तयारी गरेका थिए। देवदत्त तुम्सा संयकले पनि परिवर्तनको पक्षमा भाग लिने साहस गरी वि.सं. २००६ सालमा मुक्ति सेनामा आबद्ध भई विराटनगर र धनकुटाको मोर्चामा रहेर लडाईमा भाग लिनुभयो । २००७ सालमा राजनीतिक क्रान्ति सम्पन्न भएपछि, २००८ सालमा उक्त मुक्ति सेनाको सङ्गठनलाई सुरक्षादलमा रूपान्तरण गरी तत्कालिन सरकारले शान्ति सुरक्षाको काममा परिचालन गरेको थियो। उक्त समयमा देवदत्त तुम्सा संयक काठमाडौंमा कार्यरत हुनुहन्थ्यो। त्यस बेला नेपाली जनतामा सिपाही भन्नाले राणाहरूको सेवक र रक्षादल भन्नाले नेपाली काङ्ग्रेस लडाकु दस्ता भन्ने मानिसहरूको बुझाई थियो । २०१६ सालमा नेपाली काङ्ग्रेसको सरकारले यी दुवै संस्थालाई समायोजन गरी नेपाल जनपथ प्रहरी बल संस्थागत रूपमा स्थापना गर्‍यो। उक्त समायोजनमा देवदत्त तुम्सा संयकको योगदानलाई कदर गर्दै नेपाल प्रहरी बलमा इन्स्पेक्टर पदमा पद समायोजन गरेपछि सोही सेवामा कार्यरत रहँदा थानकोट थानबाट अवकाश भएको जानकारीमा आएको छ।

नेपाल सरकारको २०२८ सालको पुनर्बास व्यवस्था अनुसार तराई क्षेत्रमा नेपाली नागरिकहरूलाई सरकारले बसोबास गराएका थिए। त्यसबेलादेखि वहाँ पनि मोरङ जिल्ला साविक राजघाट गाउँ पञ्चायत हाल उर्लाबारी नगरपालिका वडा नं. ७ मा स्थायी बसोबास गर्दै आउनुभएको थियो। वि.सं. २०३६ सालको जनमत सँग्रहमा वहाँले बहुदलीय व्यवस्थाको पक्षमा सकृय भूमिका खेल्नुभएको थियो। वि.सं. २०४२ सालमा नेपाली काङ्ग्रेस पार्टीद्वारा सत्यग्रह आन्दोलन घोषणा गरेको बेला आन्दोलनमा पनि वहाँले भाग लिनुभएको थियो । वहाँले राणाविरोधी आन्दोलन देखि पञ्चायती व्यवस्थाको अन्त्यसम्मको हरेक आन्दोलनहरूमा सङ्घर्ष गर्दै आउनुभएको संयक वंशको एक अग्रज तथा वीर योद्धा हुनुहुन्थ्यो। वि.सं. २०४३ सालमा रोग ग्रस्त भएपछि उपचारको सिलसिलामा भारतको कलकत्ताको हस्पिटलमा उपचारको क्रममा ५२ वर्षको अल्प उमेरमा नै वहाँको निधन भयो।

ख) शुक्रराज तुम्वा संयक (ताम्राङ, ताप्लेजुङ)

वि.सं १९९३ सालमा साविक साँधु गाउँ पञ्चायत बड़ा नं.-८ ताम्राङ हाल मैवाखोला गाउँपालिका वडा नं-४,.ताप्लेजुङ जिल्लामा जन्मिनुभएका श्री शुक्रराज संयक आफ्नो वंशका अग्रज राजनीतिक व्यक्ति हुनुहुन्छ। शुक्रराज संयकले ब्रिटिश सेनाको जागिर छोडेर २००७ सालमा जहानियाँ राणा शासकका विरूद्धमा भएको कान्तिमा भाग लिनुभयो जो वि.सं २०१० सालमा १७ वर्षको युवा उमेरमा ब्रिटिस गोर्खा सेनामा भर्ती हुनुभएको थियो। वि.सं २०१० साल पौष १ गतेका दिन राजा महेन्द्रले जननिर्वाचित प्रजातान्त्रिक सरकारलाई अपदस्त गरी तत्कालिन मन्त्रीपरिषदलाई विघटन गरेपछि आफ्नै अध्यक्षतामा मन्त्रीपरिषद गठन गरी प्रजातान्त्रिक सरकारका मन्त्रीहरूलाई नजरवन्द गरी जेल चलान गरेका थिए। राजाको उक्त कदम विरूद्ध प्रगतिशील प्रजातन्त्रप्रेमी नेपाली

जनताले वि.सं २०१८ सालमा सशस्त्र क्रान्तिको घोषणा गरे । सोही क्रान्तिको समयमा शुक्रराज संयक ब्रिटिस सेनाबाट छुट्टिमा घर आएका वेला भएकोले वहाँले ब्रिटिस सेनाको जागिर त्यागेर नेपाली क्रान्तिमा भाग लिनुभयो । वि.सं २०१८ सालको सशस्व क्रान्तिको क्रममा वहाँ २०२६ सालसम्म निर्वासित जीवन भारतको दार्जिलिङमा विताएर वि.सं २०२८ सालमा नेपाल फर्किएर मोरङ जिल्लाको रमाइलो झोडामा जग्गाविहीन नागरिकहरूलाई बसोवास गराउने भूमिकाको नेतृत्व गर्दा पञ्चायती शासकहरूले नेपाली सेनाको समेत शक्ति प्रयोग गरी दमन गरे जसमा सैयौ सर्वसाधारण नेपालीहरूले ज्यान गुमाउनपर्‍यो । वहाँ त्यो दमनबाट बँचेर वि.सं २०३२ सालसम्म छिमेकी मुलुक भारतको फार्वेसगञ्ज, कलकतामा निर्वासित जीवन बिताएर वि.सं २०३३ सालमा राष्ट्रिय मेलमिलाप नीति अन्तर्गत सहज राजनीतिक वातावरण भएपछि नेपाल फर्किनुभयो।

दुई पटकसम्म निर्वासित जीवन विताएका वहाँलाई तत्कालीन पञ्चायती शासकहरूले अत (अन्तराष्ट्रिय तत्व)को अभियोगमा साँघुबाट गिरफ्तार गरी ५ वर्षका लागि जेल तोकेको वेला वि.सं २०३६ सालमा जनमत सङ्ग्रह घोषणा पश्चात आममाफी पाएर रिहा हुनुभयो। वहाँले वि.सं २०४२ सालमा नेपाली काङ्ग्रेस पार्टीद्वारा आह्वान गरिएको सत्यग्रह आन्दोलनमा सकृय भूमिका निभाउनु भएकोले पुनः ताप्लेजुङ जिल्लाबाट गिरफ्तार भई पुन १ वर्ष जेल जीवन विताउनु पर्‍यो । वि.सं २०४६ सालको पञ्चायती शासनविरूद्धको जनआन्दोलनमा वहाँले नेपाली काङ्ग्रेसको तर्फबाट ताप्लेजुङ जिल्लामा जिम्मेवारी निर्वाह गर्नुभयो । आन्दोलनको परिणममा २०४६ साल चैत्र २९ गते राति ११ बजे राजा वीरेन्द्रद्वारा देशवासीको नाममा सम्बोधन गरी दल माथिको प्रतिबन्ध फुकुवा भएको घोषणा गरियो। वहाँले वि.सं २०४८ सालको संसदीय निर्वाचनमा नेपाली काङ्ग्रेसद्वारा ताप्लेजुङ जिल्लाको क्षेत्र नं.-२ वाट उम्मेदवार भई पराजय भएपछिको समयमा वि.सं २०४९ सालदेखि ०५१ सालसम्म सुकुम्बासी समस्या समाधान आयोग, झापा जिल्लाको अध्यक्षमा नियुक्त भई जनताको सेवा गर्नुभयो। वि.सं २०५१ सालको मध्यावधि निर्वाचनमा पुनः ताप्लेजुङ जिल्लाको क्षेत्र नं-२ बाट संसदीय निर्वाचनमा नेपाली काङ्ग्रेसको तर्फबाट उम्मेद्वारी दिई पुनः पराजय भएपनि वि.सं २०५५ सालमा नेपाली काङ्ग्रेसको पूर्वाञ्चलबाट राष्ट्रियसभा सदस्यमा निर्वाचित हुनुभयो र ६ वर्ष कार्यअवधिको समयमा नेपाली काङ्ग्रेस पार्टीको सचेतकको जिम्मेवारी निर्वाह गर्दै विश्वका विभिन्न मुलुकहरूको भ्रमण गर्नुभएको थियो । ४ भाइ छोरा र १ बहिनी छोरी गरी ५ सन्तानका पिता रहेका वहाँ हाल रोगग्रस्त अवस्थामा अवकाश जीवन बिताईरहनुभएको छ।

ग) शेरबहादुर तुम्सा संयक (खुवाफोक)

वि.सं १९६१ सालमा साविक खुवाफोक (खुवावुङ) गाउँपञ्चायतमा जन्मनुभएका शेरबहादुर तुम्सा संयक वि.सं २००७ सालको क्रान्तिमा मुक्ति सेनामा सामेल भई लड्ने योद्धा हुनुहुन्थ्यो । भारतीय सेनामा जम्दार पदवाट अवकास भई नेपालमा फर्किएपछि वहाँले २००७ सालको रणाँविरोधी क्रान्तिमा मुक्तिसेनामा आवद्ध भई लड्नुभएको थियो । वि.सं २०१७ सालमा प्रजातान्त्रिक सरकारलाई राजा महेन्द्रबाट अपदस्थ गरिएपछि सुरक्षाको कारणले गर्दा भारतको दार्जिलिङमा १४ वर्ष (वि.सं २०१८-०३२ सम्म) निर्वासित जीवन विताउनु परेको थियो र २०३३ को विपी कोइरालाको राष्ट्रिय मेलमिलापको नीति पछि आममाफि पाएर नेपाल फर्कनुभयो।

किपट प्रथालाई उन्मुलन गर्ने उद्देश्यले राजा महेन्द्रले वि.सं.२०२१ सालमा भूमिसुधार कार्यक्रम लागु गरेपछि त्यसको विरूद्धमा चौवीसे क्षेत्रमा संयक लिम्बूहरूले पनि छुटफुट आन्दोलन गरेका थिए । आन्दोलनमा सरिक भएका चौविसेका खोपीगाउँ, नाम्फूवा, टोडके, भीरगाउँका केही बुद्धिजीवी तथा सर्वसाधारण समेतलाई वि.सं.२०२३ सालमा जिल्ला प्रशासन कार्यालय धनकुटामा उपस्थित गराई बयान लिइएको थियो। त्यसैगरी, साविक ख्वाफोक गाविस हाल साँगुरीगढी गापा वडा नं ३ मा स्थायी रूपमा वस्ने जम्दार शेरबहादुर तुम्सा संयकले वि.सं.२०१८ सालको पञ्चायत विरोधी शसस्त्र

क्रान्तिमा इलाम जिल्लाको पशुपतिनगरमा लडेका थिए। (श्रोत: हेमकर्ण तुम्सा संयक)
स्व.सुकबहादुर तुम्सा संयक मुढेवास गाउँ पञ्चायतबाट वि.सं.२०३४, वि.सं २०३९ साल र वि.सं २०४३ सालमा लगातार तीनपटक प्रधानपञ्च पदमा निर्वाचित भएका थिए। त्यसैगरी वि.सं.२०३८ साल र वि.सं.२०४३ सालमा ख्वाफोक गाउँ पञ्चायतबाट स्व. डिल्लिश्वर तुम्वा संयक लगातार दुईपटक प्रधानपञ्च पदमा विजयी भएका थिए। वि.सं.२०३४ सालमा धनकुटा जिल्ला ख्वाफोक गाउँपञ्चायत निवासी स्व. विष्णुकुमार तुम्वा संयक जिल्ला पञ्चायत सभापति पदमा निर्वाचित भएका थिए। वि.सं.२०३६ सालमा भएको बहुदल र निर्दलको जनमत सङ्ग्रहको वेलामा धनकुटा जिल्ला मुढेवास गाविस-४ निवासी हेमकर्ण तुम्सा संयकले वहुदलको पक्षमा, धरान- १२ निवासी किसोर तुम्वा संयकले निर्दलका पक्षमा सक्रियतापूर्वक भाग लिएका थिए तर पछि वि.सं.२०४३ सालमा किसोर तुम्वा संयक धरान-१२ को जनपक्षीय उम्मेदवारको रूपमा निर्वाचित भएका थिए। उनको चुनाव चिन्ह हाँगामा वसेको चरा रहेको थियो।

वि.सं.२०४६ सालको जनआन्दोलनमा नेकपा एमालेको तर्फबाट मोरङ्ग जिल्ला याङ्गशिला गाविसका टेकबहादुर तुम्सा, धरानमा विद्यार्थी नेताको रूपमा लीलाराज तुम्सा, जनसांस्कृतिक मञ्चमा भविराज तुम्सा, तत्कालिन नेविसंघमा सक्रिय जयराज संयक, साथै नेविसंघको राजनीतिबाट उदय भएका ताप्लेजुङ जिल्ला मैवाखोला गाउँपालिका ताम्प्राङका टीकाबहादुर तुम्वा संयक पछि ताप्लेजुङ जिल्लाको नेपाली काङ्ग्रेस पार्टीको जिल्ला कार्यसमितिको सदस्यका रूपमा वि.सं.२०७४ सालमा सक्रिय भएका थिए। त्यसैगरी वि.सं.२०४६ सालमा ताप्लेजुङ जिल्ला मैवाखोला गाउँपालिका-४ ताम्प्राङका नरबहादुर तुम्वा संयकले ताप्लेजुङ जिल्लाको नेविसंघको जिल्ला सदस्यको रूपमा सकृयपूर्वक भाग लिँदै धनकुटा बहुमुखी क्याम्पसमा नेविसंघको कार्यबाहक सभापतिको जिम्मेवारी पनि निर्वाह गरेका थिए। संयक वंशका राजनीतिकर्मीहरू मध्येका टेकबहादुर तुम्सा संयक बहुदल प्राप्तपछिको दोस्रो स्थानीय निर्वाचन (वि.सं.२०५४-२०५९) मा नेकपा एमालेका तर्फबाट याङशिला गाविसको अध्यक्ष पदमा निर्वाचित भएका थिए। त्यसैगरी त्यही सेरोफेरोमा धनकुटा जिल्ला हालको चौविसे गाउँपालिकाको चौविसे-२ को वडाध्यक्षमा ममिन्द्र तुम्सा, एनोज तुम्सा साथै वडा नं- ३ को वडाध्यक्षमा हेमचन्द्र तुम्सा, मदन तुम्सा आदि निर्वाचित भएका थिए।

खासगरी पछिल्ला परिवर्तनका आन्दोलनहरूमा संयक लिम्बूहरूको सक्रिय सहभागिता रहेको पाइन्छ। यस अवधिमा केन्द्रीय राजनीतिमा पहुँच नपुगे पनि स्थानीय तहमा भने संयक वंशको राजनीतिक पकड राम्रै रहेको देखिन्छ। खासगरी पञ्चायति राज्यकालमा वडाध्यक्ष र प्रधानपञ्च हुँदै जिल्ला पञ्चायत तहसम्म संयक वंशका थुप्रै व्यक्ति/व्यक्तित्वहरू निर्वाचित भएका थिए भने पछिल्ला राजनीतिक आन्दोलनहरू पछि भएका निर्वाचनहरूमा समेत उनीहरू विभिन्न तहहरूमा निर्वाचित भएका छन्।

संयक वंश समूहका राजनीतिक क्षेत्रमा चर्चित/सम्लग्न व्यक्ति/व्यक्तित्वहरू :

क्रम	नाम	ठेगाना	कार्य क्षेत्र	पूर्व कार्यहरू	संलग्नी समय	विविध
१.	देवदत्त तुम्सा संयक	मुढेवास गाविस-७, धनकुटा	मुक्ति सेना (थानकोट, किर्तिपुर)	मुक्ति सेनाको योद्धा	वि.सं. २००७ नेपाल जनपद प्रहरीको	इन्स्पेक्टर पदबाट अवकास प्राप्त
२.	सु.खड्गदास तुम्सा संयक	मुढेवास गाविस-७, धनकुटा	मुक्ति सेना	मुक्ति सेनाको योद्धा	वि.सं. २००७	
३.	दिलबहादुर तुम्सा संयक	मुढेवास गाविस-७, धनकुटा	मुक्ति सेना	मुक्ति सेनाको योद्धा	वि.सं. २००७	
४.	ज. सेरबहादुर तुम्सा संयक	खुवाफोक-२, धनकुटा	इलाम, पशुपतिनगर	पशुपतिनगरको प्रहरी चौकी ध्वस्त बनाएको	वि.सं. २०१८	पूर्व भारतीय सैनिक
५.	भूपालसिं तुम्वा संयक	खुवाफोक, धनकुटा	खुवाफोक	प्रधानपञ्च	वि.सं २०२०-०२२	आगेसुब्बा

६.	गणेशबहादुर तुम्बा संयक	आदर्श गा.पा-६, झापा	आदर्श गापा	उपप्रधानपञ्च	वि.स २०२३-०३०	दुई कार्यकाल
७.	डम्बरसिं तुम्बा संयक	खुवाफोक- ५	धनकुटा	प्रधानपञ्च	वि.स २०२३-०२६ वि.स २०२७-०३१	दुई कार्यकाल
८.	वेशबहादुर तुम्बा संयक	खुवाफोक-३	धनकुटा	उपप्रधानपञ्च	वि.स २०२७-०३३	दुई कार्यकाल
९.	शुक्रराज तुम्बा संयक	हुंगेसांघु-८, ताप्लाङ ताप्लेजुङ	मोरङको रमाईलो झोडा	राजनीतिक जीवनमा निर्वासित सु.स.स.आयोग, झापाको अध्यक्ष प्रतिनिधीसभा उम्मेदवार,ताप्लेजुङ- २ राष्ट्रिय सभा सदस्य उम्मेदवार,	वि.स.२०१७-०२६ वि.स २०४९-०५१ वि.स. २०५१ वि.स. २०५५	नेपाली कांग्रेसको राजनीतिज्ञ तथा सकृय कार्यकर्ता
१०.	विष्णु कुमार तुम्बा संयक	खुवाफोक-५,	खुवाफोक	उपप्रधानपञ्च, जिप. सदस्य जिप.सभापति, धनकुटा रापस, प्रत्यासी	वि.स २०२३-०२६ वि.स २०२७-०३३ वि.स २०३४- ०३८ वि.स २०३८	पञ्चायती राजनीतिमा संलग्न
११.	डिल्लिश्वर तुम्बा संयक	खुवाफोक-३, धनकुटा	खुवाफोक,	प्रधानपञ्च	वि.स.२०३१-०४३	तीन कार्यकाल
१२.	सुकबहादुर तुम्बा संयक	मुढेबास गाउँ पञ्चायत	मुढेबास गाउँ पञ्चायत	प्रधानपञ्च, मुढेबास गाप,	वि.स. २०३४-०४६	सामाजिक व्यक्तित्व
१३.	भक्त बहादुर युद्धसिङ्वा संयक	भोगटेनी- १ रामपुर	भोगटेनी	वडाध्यक्ष	वि.स २०३८-०४७	समाजसेवी
१४	अमृत बहादुर युद्धसिङ्वा	पाटीगाउँ, मोरङ	मोरङ	प्रधानपञ्च	वि.स २०४३-०४७	सामाजिक अभियन्ता
१५.	हर्कराज तुम्बा संयक	मुढेबास-७, धनकुटा	मुढेबास गाउँ पञ्चायत	उपप्रधानपञ्च,	२०३९-०४३	सामाजिक व्यक्तित्व
१६.	किशोर सुब्बा (तुम्बा संयक)	धरान- १२, सुनसरी	धरान नगरपालिका, सुनसरी	वडाध्यक्ष (प्रगतिशील पक्षधर)	वि.स. २०४३	समाजसेवी
१७.	राजेश तुम्बा संयक	खुवाफोक-५, धनकुटा	खुवाफोक	गाविस अध्यक्ष निर्वाचित	वि.स. २०४९	एक कार्यकाल
१८.	कुलकेशर तुम्बा संयक	खुवाफोक-५, धनकुटा	खुवाफोक	गाविस उपाध्यक्ष	वि.स. २०५४	सामाजिक अभियन्ता
१९.	ईन्द्रप्रसाद तुम्बा संयक	शनिश्चरे गाउँ पञ्चायत-४, मोरङ	शनिश्चरे, मोरङ	वडाध्यक्ष	वि.स २०३९-०४३	समाजसेवी
२०.	टेकबहादुर तुम्बा संयक	वाङसिला- ५, मोरङ	मोरङ	जनपक्षिय वडा सदस्य, गाविस अध्यक्ष, याङशिला	वि.स. २०४३ वि.स २०५४	एमालेमा सकृय
२१.	डम्बरसिं तुम्बा संयक	सांगुरीगढी-९	सांगुरीगढी गापा	वडाध्यक्ष	वि.स २०२३-०२५	सामाजिक कार्यकर्ता
२२.	धुर्लबहादुर तुम्बा संयक	सांगुरीगढी-९	सांगुरीगढी गापा	वडाध्यक्ष	वि.स २०२६-०२७	सामाजिक कार्यकर्ता
२३.	कृष्णबहादुर तुम्बा संयक	सांगुरीगढी-९	सांगुरीगढी गापा	वडाध्यक्ष	वि.स २०२७-०३०	सामाजिक कार्यकर्ता
२४	लालबहादुर तुम्बा संयक	सांगुरीगढी-१	सांगुरीगढी गापा	वडाध्यक्ष	वि.स २०२७-०३०	सामाजिक कार्यकर्ता
२५.	धनबहादुर तुम्बा संयक	सांगुरीगढी-९	सांगुरीगढी गापा	वडाध्यक्ष	वि.स २०३१-०३३	सामाजिक कार्यकर्ता

२६.	डम्बरसिं तुम्बा संयक	साँगुरीगढी-६	साँगुरीगढी झापा	वडाध्यक्ष	वि.स २०३१-०३३	सामाजिक कार्यकर्ता
२७.	जुद्धबहादुर तुम्बा संयक	साँगुरीगढी-१	साँगुरीगढी झापा	वडाध्यक्ष	वि.स २०३१-०३३	सामाजिक कार्यकर्ता
२८.	नारायणप्रसाद तुम्बा संयक	साँगुरीगढी-९	साँगुरीगढी झापा	वडाध्यक्ष	वि.स २०३४-०३८	सामाजिक कार्यकर्ता
२९.	रत्नबहादुर तुम्बा संयक	साँगुरीगढी-१	साँगुरीगढी झापा	वडाध्यक्ष	वि.स २०३४-०३८	सामाजिक कार्यकर्ता
३०.	बमबहादुर तुम्बा संयक	साँगुरीगढी-५	साँगुरीगढी झापा	वडाध्यक्ष	वि.स २०३४-०३८	सामाजिक कार्यकर्ता
३१.	चन्द्रबहादुर तुम्बा संयक	साँगुरीगढी-६	साँगुरीगढी झापा	वडाध्यक्ष	वि.स २०३४-०३८	सामाजिक कार्यकर्ता
३२.	हर्कराज तुम्बा संयक	साँगुरीगढी-६	साँगुरीगढी झापा	वडाध्यक्ष	वि.स २०३९-०४२	सामाजिक कार्यकर्ता
३३.	दुर्गबहादुर तुम्बा संयक	साँगुरीगढी-१	साँगुरीगढी झापा	वडाध्यक्ष	वि.स २०३९-०४२	सामाजिक कार्यकर्ता
३४.	भर्तसिं तुम्बा संयक	साँगुरीगढी-५	साँगुरीगढी झापा	वडाध्यक्ष	वि.स २०३९-०४२	सामाजिक कार्यकर्ता
३५.	देवीन्द्र तुम्सा संयक	मुडेबास- ४	मुडेबास	वडाध्यक्ष	वि.स २०४२-०४७	सामाजिक कार्यकर्ता
३६.	हेमचन्द्र तुम्सा संयक	चौबीसे- ३	चौबीसे झापा	वडाध्यक्ष	वि.स २०७४	सामाजिक कार्यकर्ता
३७.	मणिन्द्र तुम्सा संयक	चौबीसे- २	चौबीसे झापा	वडाध्यक्ष	वि.स २०७४	सामाजिक कार्यकर्ता

संयक लिम्बूभित्र राजनीतिमा सकृय रहेतापनि कुनैपनि सार्वजनिक निकायहरूमा निर्वाचित नभएका केही नामहरू देहाय बमोजिम रहेका छन् । यस खण्डमा अरू थुप्रै नामहरू छुटेका हुनसक्छन् । जसलाई आगामी दिनहरूमा प्रकाशमा ल्याईनेछ।

३८	हेमकर्ण तुम्सा संयक	मुडेबास- ४, धनकुटा	धनकुटा	सालदेखि नेकपाको भूमिगत कार्यकर्ता, नेराशिसंगठनको पान्थर जिल्लाको सदस्य । पूर्व शिक्षक,	वि.सं. २०२७ वि.सं २०३७-२०४७	२०४७-२०६९ सम्म नेकपा एमाले हुँदै २०६९ देखि पहिचानवादी आन्दोलनमा ।
३९.	लीलाराज तुम्सा संयक	याङशिला-५, मोरङ	मोरङ, सुनसरी	सांस्कृतिक फाँट हुँदै विद्यार्थी नेता एमाले राजनीतिमा विकास कार्यकर्ता	वि.सं २०३६-२०५२ वि.सं २०५२-०५६ देखि	सामाजिक कार्यकर्ता
४०.	भविराज तुम्सा संयक	शनिश्चरे गाउँ पन्चायत-४, मोरङ	शनिश्चरे, मोरङ	जनवादी सांस्कृतिक मञ्च हुँदै कम्युनिष्ट राजनीतमा सक्रिय ।	वि.सं. २०३८ देखि	पहिचानवादी आन्दोलनमा सक्रिय ।
४१	नरबहादुर तुम्बा संयक	साँघु गाउँ पन्चायत-८, ताप्लेजुङ, ताप्लेजुङ	ताप्लेजुङ	२०४७ मा नेवीसंघको ताप्लेजुङको जिल्ला सदस्य, २०५० मा धनकुटा बहुमुखी क्याम्पस का.मु सभापति	वि.सं. २०४७-२०४९	सामाजिक अभियन्ता, हाल धरान

४२	जयराज तुम्बा संयक	साँघु-८, ताम्बाङ	ताप्लेजुङ	नेविसंघ र नेकाको राजनीतिमा सक्रिय	वि.सं २०४७-२०५५	सामाजिक अभियन्ता, हाल मोरङ,
४३	दुर्गाप्रसाद तुम्सा संयक	याङ्शिला गाविस ५	मोरङ	अनेरास्ववियु र नेकपा एमालेको राजनीतिमा सक्रिय	२०५०-२०५५	सामाजिक कार्यकर्ता, धरान
४४	टीकाबहादुर तुम्बा संयक	साँघु गाउँ पञ्चायत, ताप्लेजुङ	ताप्लेजुङका हुँगे साँघु, महेन्द्र बहुमुखी क्याम्पस, धरान	नेविसंघ र नेशिसंघ, सुनसरीमा आवद्ध	वि.सं. २०४६	शिक्षक, सामाजिक कार्यकर्ता
४४	दुर्गा तुम्बा संयक	खुवाफोक-५, धनकुटा	खुवाफोक	राजनीतिक कार्यकर्ता		सामाजिक अभियन्ता
४६	डा. देशराज संयक	साँघु-८ ताम्बाङ,	वासिंगटन डिसी, युएसए	इन्जिनियर	विसं २०८० देखि	सामाजिक अभियन्ता

नेकपा माओवादीले वि.सं.२०५२ सालबाट सुरू गरेको दशवर्षे जनयुद्ध, वि.सं.२०६२/०६३ को १९ दिने जनआन्दोलन भाग-२ को दौरानमा भने दुर्गाप्रसाद तुम्सा लगायत पछिल्ला पुस्ताका संयक लिम्बूहरूको सक्रिय सहभागिता र भूमिका रहेको थियो। अघिल्ला पुस्ताका हेमकर्ण तुम्सा, भवीराज तुम्सा लगायतका कतिपय भने हाल पहिचानवादी आन्दोलनमा सक्रिय रहेका छन्। यी पछिल्ला आन्दोलनहरूको क्रममा प्रशस्तै युवापुस्ताका नामहरू पर्नआउँछ जसलाई सूचना सङ्कलनको अभावमा समावेश गर्न सकिएको छैन । वर्तमानमा संयक लिम्बूहरू नेपालका प्रमुख सबै दलहरूमा र पहिचानवादी साना-ठूला दलहरूमा समेत आवद्ध रहेको भएता पनि उनीहरू उच्च नेतृत्वदायी राजनैतिक भूमिकामा भने पुगेको देखिँदैनन्।

७.२. सामाजिक अवस्था :

लिम्बू जातिहरू वर्तमानमा धनकुटा, इलाम, पाँचथर र ताप्लेजुङ्ग र सङ्खुवासभा जिल्लाहरूमा र मूलभूत रूपमा नेपालको पूवी क्षेत्रमा बसोवास गर्ने आदिवासी जनजाति समुदाय हुन्। नेपालमा लिम्बू जातिले देशको सामाजिक र साँस्कृतिक परिवेशमा एक विशिष्ट स्थान ओगटेको छ । कतिपय ईतिहासका अनुसार लिम्बू जातिलाई प्राचीन मङ्गोल नश्लीका समूहको हिस्साको रूपमा समेत मान्ने गरिएको छ जसको समृद्ध इतिहास र विशिष्ट सांस्कृतिक परम्पराहरू छन् जसले उनीहरूलाई अन्य नेपाली समुदायहरू भन्दा फरक रूपमा प्रस्तुत गर्दछ।

संयक लिम्बूहरू आफ्नो उद्‌गमस्थल चौविसेबाट विभिन्न समयमा विभिन्न ठाउँहरूमा स्थानान्तरण भई बसोबास गर्दै आइरहेका छन्। हालसम्मको बसोबासलाई हेर्दा चौबिसे क्षेत्रमा नै संयकहरूको बढी सङ्ख्यामा बसोबास रहेको देखिन्छ । चौविसे क्षेत्रलाई हाल धनकुटा जिल्लाको चौविसे र साँगुरीगढी गाउँपालिकामा विभक्त गरिएको छ । चौविसे क्षेत्रका विभिन्न गाउँहरू नाम्फुवा, सिरूवानी, टोडके, सेरजेम्बा, निभारा, खोपीगाउँ, टोक्रोम्बा, चाप्माबुङ, मलवासे, आम्बोटे, भीरगाउँ, केराबारी, देउराली, सिद्धिपुर, सोगुम, सुरूङगी, बोधे, बुढीमोरङ, भेडेटार, महाभारत, साँगुरी, ख्वाफोक, साप्तेन, मादेन, सानो हाम्वेक्ला, बोधे, फाक्सिव आदि गाउँहरूमा तुम्सा तथा तुम्वा संयकहरूको सघन बसोबास छ। त्यसैगरी यस चौविसे क्षेत्रबाट बसाइ सरी गएका संयकहरूको सङ्खुवासभा, तेह्रथुम, पाँचथर, ताप्लेजुङ, इलाम, झापा, मोरङ, सुनसरी, भोजपुर जिल्लाका विभिन्न गाउँहरूमा र काठमाण्डौ उपत्यकामा पनि बसोबास रहेको छ । यस क्षेत्रबाट विभिन्न कारणले बसाइ गएका संयकहरू आसाम, भुटान, सिक्किम, वर्मा, भारतका विभिन्न ठाउँहरूमा, हङकङ, युके, अमेरिका आदि देशहरूमा पनि स्थायी बसोबास गर्न पुगेका छन्।

सामाजिक स्थितिका हिसाबले लिम्बू जातीलाई नेपालको सामाजिक राजनीतिक परिदृश्यमा सामान्यतया

"जनजाति" (आदिवासी) वर्गको हिस्सा मानिन्छ । साँस्कृतिक सम्पदा र ऐतिहासिक महत्वका लागि उनीहरू सम्मानित भए तापनि सामाजिक एकीकरण र आर्थिक विकास, राज्यको साधन श्रोतको परिचालन र सामाजिक न्यायको परिदृष्यमा उनीहरूले अनेकौं चुनौतीहरूका सामना गर्नुपरिरहेको छ। लिम्बू जातिहरू व्यापक सामाजिक, आर्थिक सन्दर्भमा नेपालको प्रभावशाली जातीय समूहहरूको तुलनामा राज्यका स्रोत र विभिन्न अवसरहरूमा तुलनात्मक रूपमा कममात्र पहुँच भएका ऐतिहासिक रूपमा सीमान्तकृत समुदाय हुन्।

लिम्बू जाति परम्परागत रूपमा तुम्याङ प्रणालीमा आवद्ध भएको र संस्थागत् रूपमा व्यवस्थित ढङ्गले सञ्चालित सामाजिक जाति हो । जसमा विभिन्न उपसमूह वा कुलहरूका रूपमा समावेश छन् । प्रत्येकको आफ्नै चलन र अभ्यासहरू विकसित भएका छन् । यो वंश प्रणालीले लिम्बू जातिको सामाजिक अन्तरक्रिया, विवाह अभ्यास र सामुदायिक भेलाहरूमा महत्वपूर्ण भूमिका खेल्दछ । लिम्बू जातिहरू आफ्नै अनौठो भाषा, पहिरन र रीतिरिवाज लगायतका परम्परागत चलनहरूका लागि समेत परिचित छन्।

क) भाषिक समूह :

लिम्बू जाति अति प्राचीनकालदेखि अरूण नदीदेखि पूर्व, टिष्टा खोलाको पश्चिम, उत्तरका फक्ताङलुङ केवालुङ (कन्चनजङघा) भन्दा दक्षिण र दक्षिण तेमेन्दिक वलङ भित्रका बस्नयोग्य समतल फाँटहरूमा रैथाने रूपमा बस्ने जाति हुन्। यस भूगोलमा बस्ने प्राचीन जाति नै थाक्थुङवा हुदै पछि लिम्बू भए। उनीहरूले यस क्षेत्रभित्र वसेर नै आफनो सभ्यतत, संस्कृति र संस्कारहरूका साथमा आफ्नो मौलिक भाषा (लिपीसहित) को विकास गरे । र उनीहरूले वोल्ने भाषलाई याक्थुङ पान भनिन्छ। उनीहरूले बोल्ने शव्दलाई "पान सेवा" भनिन्छ।

भाषिक समूहको हिसावले लिम्बूजातिको भाषालाई भोट-बर्मेली परिवारमा राखिएको छ। भाषाशास्त्री तथा भाषाका विद्वानहरूका खोज अनुसन्धान अनुसार विश्वभरीमा ७ हजार जति भाषाहरू छन् भनी दावी गरेका छन्। त्यसमध्ये "याक्थुङ पान" एउटा हो। याक्थुङ पान (लिम्बू भाषा) भित्र फेदाप्पे, छथरे तमरखोले, र पान्थरे गरी ४ प्रकारका मूल भाषिका समूह (Dialect) हरू रहेको पाइन्छ। त्यसमध्ये पधे(वोधे) यकका संयक वंशीहरूले बोलिने भाषालाई पान्थरे भाषिका समूह भित्र राखिएको छ। यस पान्थरे भाषिका समूहभित्र चारखोले, याङग्रोक्के र पान्थरे गरी ४ उपसमूहहरू पर्दछन्। लिम्बू जातिले विकास र प्रयोग गरेको लिपीलाई सिरिजङ्गा लिपि भनिन्छ। (तुम्वाहाङ, २०२२ : ४०)

ख) मानवशास्त्रीय अध्ययन र आनुवंशिकी :

मानवशास्त्रीय रूपमा, नेपालका लिम्बू जातिहरूले अद्वितीय आनुवंशिक, साँस्कृतिक र ऐतिहासिक विशेषताहरूको साथ एक अलग जातीय समूहको प्रतिनिधित्व गर्छन् । माइटोकोन्ड्रियल र वाई क्रोमोजोम अध्ययन (Mitochondrial and Y-Chromosome Studies) बाट लिम्बू जातिको आनुवंशिक अनुसन्धानमा, धेरै आदिवासी समूहहरू जस्तै प्रायः माइटोकोन्ड्रियल (Mitochondrial DNA - आमाबाट सन्तानमा सरेको) र Y-Chromosome DNA (बुवाबाट सन्तानमा सरेको) को अध्ययनहरूले देखाएका छन् कि लिम्बू जातिहरूका विभिन्न कालखण्डहरूमा अन्य किरात समूहहरू साथै भोट-बर्मेली भाषी जातिहरूसँग रक्त सम्वन्धहरू मिश्रण भएको देखिन्छ र यिनीहरूले हिमालय क्षेत्रमा ऐतिहासिक बसाईसराई र बसोबासको ढाँचालाई झल्काउँछन् । यी आनुवंशिकी मिश्रणमा ऐतिहासिक भूस्थानान्तरण, व्यापार, र पारम्पारिक सम्वन्धहरूको सम्वन्ध रहेको छ। लिम्बू आनुवंशिक प्रोफाइलहरूले प्रायः नेपाल र उत्तरपूर्वी भारतका अन्य भोट-बर्मेली भाषी समूहहरूसँग समानताहरू प्रदर्शन गर्छन् र यो आनुवंशिक अध्ययनहरूले हिमालय र दक्षिण एसियाली जनसङ्ख्या दुवैसँग लिम्बू जातिको सम्वन्ध रहेको वारेमा जानकारी प्रदान गर्दछ।

ग) सांस्कृतिक र ऐतिहासिक सन्दर्भ (उत्पति र बसाइसराइ)

लिम्बू जातिलाई पूर्वी हिमाली क्षेत्रका आदिवासी हुन् भन्ने विश्वास गरिन्छ। उनीहरू लिम्बू भाषा बोल्छन् जो भोट-बर्मेली भाषा परिवार समूहको मानिन्छ। लिम्बू जातिको उत्पति प्रायः मध्य एशियाबाट आएका प्राचीन बसाइँसराइसँग जोडिएको छ, त्यसपछि नेपालको पूर्वी जिल्लाहरूमा बसोबास भएको देखिन्छ। लगभग ७० हजार वर्ष अघि अफ्रिकादेखि एशिया प्रवेश गरेको मानव समूह पछि चीनको ह्वाङ्हो सभ्यताको विकास गर्दै हिमाली श्रृङ्खला क्रस गरेर आप्ताङ्वा(अरूण), याम्धाङ्वा(तमर) र माईवा(कन्काई) नदीको आसपासमा बसोवास गर्दै आफ्नो याक्थुङ सभ्यता विकास गरी महावंश र क्रमशः वंश विभाजन हुन पुगेको पाइन्छ।

संयक लिम्बूहरू चौवीसे क्षेत्रमा आगमन गरी विचरण गर्ने एक प्राचीन जाति भएका हुनाले माथि उल्लेखित लिम्बू जातिको विशिष्ट पहिचान वोकेका एक प्रमुख जाति हुन्। उनीहरूको प्राचीन बसाइसराइको सन्दर्भ पश्चिमी चीन तिव्वतको भूमि हुँदै जोडिन्छ र उनीहरू सिमाङ्गढ भएर नेपाल राज्य निर्माण हुनुभन्दा पहिले इशापूर्व कालमा नै चौवीसै क्षेत्रमा आईपुगेर आफ्नो वसोवासको थालनी गरेका थिए। उनीहरूको मुलथलो हालको धनकुटा जिल्लाको वोधे (पधेयक) कुरूले (कुरूले यक) हुँदै अन्य विभिन्न स्थानहरू तर्फ विभिन्न कालखण्डहरूमा सर्दै गए।

घ) जातीय पहिचान :

लिम्बू जातिको आफ्नो छुट्टै जातीय पहिचान छ, उनीहरूका आफ्नै विशिष्ट रीतिरिवाजहरू, सामाजिक सङ्गठन र मौलिक परम्पराहरू रहेका छन्। साथै उनीहरूको आफ्नै छुट्टै सांस्कृतिक अभ्यासहरू, विभिन्न प्रकारका समारोह विधी, आफ्नै पोशाक र पहिचान आदि रहेका छन्। लिम्बू जातिको विभिन्न मिङ्स्रा वा तिनका पनि उपसमूहहरू छन्। यी कुलहरूको आफ्नै विशिष्ट वंशावली र तिनको महत्व रहेको छ, जसले उनीहरूको सामाजिक संरचना र विवाह आदि प्रचलनहरूमा मुख्य भूमिका खेल्छन्। लिम्बूजाति तथा संयक लिम्बूहरूसँग सम्वन्धित पहिचानजन्य विषयहरूलाई अर्को भागमा समेटिएको छ।

ङ) शैक्षिक क्षेत्रमा योगदान् :

धनकुटा जिल्लाको खुवाफोक, कुरूले, सोगुम, खोप्पीगाँउ, मुढेवास, टक्रम्वा आदि क्षेत्रहरू संयक लिम्बूहरूको प्राचीन थातथलोहरू हुन्। उक्त क्षेत्रहरूमा हालसम्म पनि संयक लिम्बू जातिहरूको नै बाहुल्यता रहिआएको छ। लामो समयसम्म एकै स्थानमा रहेर वस्दा त्यसस्थानमा विभिन्न प्रकारका विकासका सामाजिक, आर्थिक तथा शैक्षिक कार्यहरू सम्पन गर्ने जिम्मेवारीहरू समेत आउने नै भए। संयक लिम्बूहरूको शैक्षिक क्षेत्रमा भएका योगदानहरूको वारेमा चर्चा गर्दा धेरै पुरानोकालसम्म गएको पाईएको छैन। वि.सं २०२४ सालमा खुवाफोक धनकुटाका शुरेसराज तुम्वा संयक नै एस.एल.सी उत्तीर्ण गर्ने सम्भवतः तुम्वा तथा संयक वंशकै पहिलो व्यक्ति हुन्। उनले तत्कालीन डिपोट मा.वि धरानबाट एस.एल.सी उत्तीर्ण गरेका थिए। अलिकति पछि मुढेवास धनकुटाको हेमकर्ण तुम्सा संयकले वि.सं २०२८ सालमा शारदा मा.वि., छनम्वर बुधवारेबाट एस.एल.सी उतिर्ण गरेका थिए। उनी संयक वंशमा एस.एल.सी उतिर्ण गर्ने दोश्रो व्यक्ति र तुम्सा वंशको पहिलो हुन्। शैक्षिक इतिहासको यो पाटोलाई केलाउँदा संयकवंशी लिम्बूहरू समेत शैक्षिक क्षेत्रमा सचेत रहेको अवस्था देखिन्छ। त्यसर्थ, उनीहरूले पछिल्ला दिनहरूमा आफ्नो क्षेत्रमा शिक्षा विकासका लागि समेत निकै नै योगदान पुर्‍याएका छन्। जसलाई सङ्क्षिप्तमा देखाउने प्रयास गरिएको छ।

१. विभिन्न विद्यालयहरूको स्थापना र संचालनमा योगदान :

संयक लिम्बूहरूले आफ्नो क्षेत्रमा विभिन्न विद्यालयहरूको स्थापना र संचालनमा सहयोग पुर्‍याएको देखिन्छ। उक्त विद्यालयहरू मूलतः मुढेवास, कुरूलेतेनुपा, खुवाफोक क्षेत्रहरूमा देहाय बमोजिम रहेका छन्।

क.सं	नाम	विद्यालयको नाम	ठेगाना	स्थापना मिति	जिम्मेवारी/पद
१	मानबहादुर तुम्वा संयक	श्री पञ्चकन्या प्रा.वि	साविक खुवाफोक गाविस-१, हाल साँगुरीगढी गा.पा-३, धनकुटा	वि.सं २०१८	वि.व्य.स.अध्यक्ष (वि.सं २०१८-०२१)
२	डम्वरसिं तुम्वा संयक	श्री जलकन्या मा.वि	साविक खुवाफोक गाविस-५, हाल साँगुरीगढी गा.पा-३, धनकुटा	वि.सं २०२४	वि.व्य.स.अध्यक्ष (वि.सं २०२४-०२७)
३	इन्द्रप्रसाद तुम्सा संयक	श्री दूर्गा प्रावि	पथरी शनिश्चरे- ८, मोरङ	वि.सं २०३९	वि.व्य.स.अध्यक्ष (वि.सं २०३९-०४२)
४	हेमचन्द्र तुम्सा संयक	श्री बुढासुब्बा प्रा.वि	साविक कुरुलेतेनुपा-६, हाल चौबीसे गा.पा-२, धनकुटा	वि.सं २०४१	वि.व्य.स.अध्यक्ष (वि.सं २०४१-०४४)
५	देविन्द्र तुम्सा संयक	श्री शुभकामना प्रा.वि	साविक मुढेवास-४, हाल चौबीसे-२, धनकुटा	वि.सं २०४४	वि.व्य.स.अध्यक्ष (वि.सं २०४४-०४७)
६	कृष्णप्रसाद तुम्वा संयक	श्री नीलकण्ठ बालविकास केन्द्र	साविक खुवाफोक गाविस १, हाल साँगुरीगढी गा.पा ३, धनकुटा	वि.सं २०५३	वि.व्य.स.अध्यक्ष (वि.सं २०५३-हालसम्म)
७	दुर्गाबहादुर तुम्वा संयक धनबहादुर तुम्वा संयक टेकबहादुर तुम्वा संयक	श्री नीलकण्ठ बालविकास केन्द्र	साविक खुवाफोक गाविस १, हाल साँगुरीगढी गा.पा ३, धनकुटा	वि.सं २०५३	आर्थिक व्यवस्थापक

२. जलकन्या मा.वि.मां+२ स्थापनामा सहयोग :

साविक खुवाफोक हाल साँगुरगिढी गाउँपालिका वडा नं-३ स्थित् जलकन्या मा.वि.मा +२ स्थापना गर्नका लागि विभिन्न तुम्वा संयकवंशीहरूबाट पहल र प्रयास गरिएको थियो । सो कार्यमा मूलतः हङकङमा रहेका तुम्वा संयकवंशीहरूबाट १० लाख ३५ हजार एकसय पचास रूपैंयाँ विद्यालयको भौतिक संरचना निर्माणको लागि सहयोग प्रदान गरिएको थियो भने अन्य स्थानीय संयकवंशीहरूबाट कसैले विद्यालयको प्राङ्गणमा चौतारी निर्माण गर्ने, अक्षय कोष तथा कम्प्युटर शिक्षाका लागि रू १३ लाख ९५ हजार रूपैंयाँ सहयोग प्रदान गरिएको थियो।

३. शक्तिका प्रा.वि. मिक्लाजुङ गा.पा-८, पाँचथर :

२०२८ सालमा एस.एल.सी उत्तीर्ण भएका साविक मुढेबास-४, हाल चौबिसे गाउँपालिका वडा नं-२, भीरगाउँका हेमकर्ण तुम्सा संयक (संस्थाका का.वा अध्यक्ष) आफ्नो उच्च शिक्षाको क्रममा धनकुटा बहुमुखी क्याम्पसबाट २०३७ सालमा (आई.एड) उत्तीर्ण भएपछि श्री शक्तिका प्रा.वि. मिक्लाजुङ गा.पा-८, पाँचथर जिल्लाबाट शिक्षक पेशामा २०२९ सालदेखि आबद्ध हुनुभयो। २९ वर्षसम्म शैक्षिक क्षेत्रमा सेवा गरी २०५८ सालमा भगवती माध्यमिक विद्यालयबाट शिक्षण पेशाबाट स्वैच्छिक अवकाश लिनुभयो। पछि वहाँले शारदा मा.वि. व्यवस्थापन समिति अध्यक्ष भई काम गर्नुभयो। वहाँले पढाएका विद्यार्थीहरू आज विभिन्न क्षेत्रमा कार्यरत रहेका छन्। वहाँले आफूले विद्यालय छोड्नु अघि सानो भएपनि शैक्षिक क्षेत्रको लागि अक्षयकोषको स्थापना गर्नुभएको थियो।

४. पिङडाँडा/खुवाफोकको खेल मैदान :
यो गाउँ प्राचीन समयदेखि नै तुम्बा संयक वंशहरूको वसोवासको थलो हो। यस क्षेत्रको शिक्षा, स्वास्थ्य, कृषि तथा ग्रामीण सडक, खानेपानी, विद्युत, खेलकुद, आदिजस्ता विकास निर्माणका कार्यहरूमा तुम्बा संयकहरूको अगुवाई र योगदान रहेको छ । तुम्बा संयकहरूको अगुवाईमा हालको साँगुरीगढी गाउँपालिका वडा नं-३, पिङ्डाँडा, खुवाफोकमा २९ रोपनी जग्गाको क्षेत्रफलमा फुटबल खेल मैदान निर्माण भएको छ। यो खेल मैदान निर्माण गर्ने अगुवाहरूमा सन्तबहादुर तुम्बा संयक, कालुराम तुम्बा संयक, देवकुमार तुम्बा संयक, लक्ष्मी कुमार तुम्बा संयक, टेकबहादुर तुम्बा संयक र दुर्गाबहादुर तुम्बा संयक (काइला) हरू हुन्। उक्त खेलकुद मैदान निर्माण गर्नका लागि सिँगबहादुर तुम्बा संयक, लालबहादुर तुम्बा संयक, नन्दबहादुर तुम्बा संयक, जयहाङ तुम्बा संयक, नैनसिंह तुम्बा संयक र आइतबहादुर तुम्बा संयकहरूले जग्गा उपलब्ध गराएका थिए । उक्त खेल मैदान निर्माण गर्नका लागि स्वदेश तथा विदेशमा रहेका तुम्बा संयकहरू ७५ जनाबाट आर्थिक सहयोग रू. २७ लाख, ७४ हजार छसय एकसठ्ठी जुटाइएको थियो।

५. चोत्लुङ पार्क, मैवाखोला-४, ताप्लेजुङ

मैवाखोला गा.पा.-४, ताम्राङ गाउँ बस्ने रूपदल तुम्बा संयक पूर्खाले भूमिदान गरेका थिए । उनका दुई छोराहरू थिए । लिम्बू जातिको परम्परा अनुसार रूपदल तुम्बा संयकले सिरेङ चोङबाङ थरलाई भैयात तुल्याइएका थिए। उनीहरू तीन दाजुभाइ भएर बसेका थिए। सिरेङ चोङबाङका साइला पासिङको जमनन्द कान्छो सन्तानका रूपमा तुम्बा संयक भई बसेका हुन्। तर वि.सं. २०४६ सालपछि लिम्बू जातिमा वंशावली लेख्ने क्रममा भाईयात तुल्याएका सिरेङ चोङबाङ आफ्नो पूर्वज वंशमा जोडिनु पुग्छ।

हाम्रा पूर्खाले दिएको जग्गा बेचविखन गर्न नपाउने गरी दिएकाले हाल त्यो जग्गाको स्वामित्व नेपाल सरकारमा निहित रही नेपाल सरकार र जग्गादान गर्ने वंशहरूको सक्रियतामा आफ्नो मौलिक भाषा तथा संस्कृति झल्किने स्थानीय पर्यटन विकास र लिम्बू जातिहरूको पहिचानका लागि चोत्लुङ पार्क निर्माण गरिएको छ। **(स्थलगत संकलक : श्री नरबहादुर तुम्बा संयक, धरान-१७, सुनसरी)**

७.३ आर्थिक अवस्था/गतिविधि :
समग्र लिम्बू जातिहरू नै मूलतः नेपालको पहाडि भूभागहरूमा वसोवास गर्दछन्। उनीहरू धनकुटा लगायतका अन्य पूर्वी पहाडि जिल्लाहरूमा प्राचीनकालदेखि नै बसोवास गर्दै आएका प्राचीन जातिहरू हुन्। त्यसैले, पहाडको जमीनको स्वरूप अनुसार उनीहरू मूलतः कृषि र पशुपालनजस्ता परम्परागत कार्यहरूमा अधिक मात्रामा निर्भर भई आर्थिक गतिविधिमा सम्लग्न हुने गर्दछन्। तर हालका दिनहरूमा उनीहरूको वाह्य आवतजावत र अन्य विकल्पहरू समेत अपनाउने भएकाले उनीहरूको आर्थिक गतिविधि केही फराकिलो बन्दै गएको छ।

क) कृषि :
संयक लिम्बू जातिका समुदाय परम्परागत रूपमा निर्वाहमुखी कृषिमा सम्लग्न रहेको पाइन्छ। संयक लिम्बूहरूको मूख्य बसोवासका क्षेत्रहरू धनकुटा जिल्लाको वोधे, कुरूले तेनुपा, मुढेवास, टोक्रोम्वा लगयत आसपासका भूगोलमा जमीनको स्वरूप सामान्यत : भिरालो भएकोले गर्दा त्यहाँ मुख्यतः मकै, कोदो, गहुँ, आलु, सिमी केराउ आदि जस्ता कृषिजन्य पदार्थहरूको उत्पादन गर्दछन् । कृषि संयक लिम्बूहरूको जीविकोपार्जनको प्राथमिक स्रोत हो, तर उत्पादकतामा प्रायः भौगोलिक अवरोध र आधुनिक खेती प्रविधिहरूमा उनीहरूको पहुँच सीमित छ।

मर्चा बनाउने सीप लिम्बू जातिमा मात्र रहेको विशिष्ट कला हो। यसमा एक प्रकारको पीपिचःवा, खेसुङ्ताई , सुवाही आदि औषधीलाई चामलको पीठोसँग मिसाएर यसलाई तयार गरिन्छ र यो मर्चा परम्परागत रूपमा जाँड वनाउने काममा प्रयोग गरिन्छ। प्राचीन समयमा जाँडलाई वजार तथा हटियाहरूमा विक्री गरी थोरै पैसा जोहो गर्ने चलन थियो।

ख) हस्तशिल्प र परम्परागत सीप :

याक्थुङ(लिम्बू) जातिहरूमा पुस्तैनी रूपमा सर्दैआएका हस्तशील्पहरू जसले त्यसवेलाको आवश्यकता परिपूर्ति गर्नका लागि आवश्यक पर्ने डोको, डालो, नाम्लो, हलो, कोदालो, पिरा, नाङ्लो, थुम्चे, फून्चु, गुन्द्री, धागो कपडा काट्ने, तान वुन्ने, टोपी, बाँसको कलम आदि हस्तशिल्प तथा परम्परागत शिपहरू प्रसस्तै भएको पाइन्छ। यस प्रकारका सामाग्रीहरूलाई उनीहरूले प्राचीनकालदेखि नै स्थानीय विभिन्न हाट बजारमा लगेर विक्री गरी आर्थिक गर्जो टार्ने वा आफ्नो आवश्यकता समेत परिपूर्ति गर्ने कार्यहरू गर्दै आएका छन्।

संयक लिम्बू जाति आफ्नो परम्परागत बुनाई लगायतका परम्परागत शिल्पका लागि परिचित छन् । यी हस्तशिल्पहरूमा ढाका कपडाको बुनाई मुख्य हो र यो साँस्कृतिक रूपमा मात्र महत्वपूर्ण नभएर उनीहरूको पूरक आय पनि प्रदान गर्ने मुख्य श्रोत पनि हो। यद्यपि, परम्परागत शिल्पहरूको बजार सीमित मात्र हुनका साथसाथै प्रतिस्पर्धी समेत भएर गएको छ । तथापि, लिम्बू जातिको पछिल्लो आर्थिक सुधारहरूसँगै विदेशका विभिन्न राज्यहरूमा समेत पुगेका र उनीहरूको आर्थिक क्षमता विकास समेत भएको साथै पहिचानको समय समेत आएको कारणले गर्दा यस प्रकारका आफ्ना परम्परागत शिल्पी पहिचानहरूको माग बढ्दो रूपमा भएकोले यस्ता व्यवसाय केही रूपमा फष्टाएको छ।

पुरानो समयमा लिम्बू समुदायमा आफ्नो कपडा आफै तयार गर्ने चलन थियो। कपास खेती गरी चर्खाबाट धागो काटी कपडा बनाइन्थ्यो साथै, सिस्नो, अल्लोको लोक्ताबाट समेत कपडा बनाइन्थ्यो। वर्तमानको सलाई लाइटर आदि जस्ता आगोको श्रोतहरूको आविस्कार नभएका समयमा उनीहरूले दल्सिन ढुङ्गा र केराको थामभित्रको गुवोलाई काटेर झूला बनाई आगोको जोहो गर्ने प्रचलन थियो।

ग) पशुपालन :

कृषि र परम्परागत शिल्पको अतिरिक्त, पशुपालन संयक लिम्बूहरूको एक महत्ववपूर्ण आर्थिक गतिविधि हो। संयक लिम्बूहरूको वसोवासको क्षेत्रहरू पशुपालनका लागि उपयुक्त रहेका पाइन्छन्। त्यसैले उनीहरूले बाख्रा, गाईवस्तु, सुँगुर-बंगुर र कुखुरा जस्ता पशुपङ्क्षीहरूलाई आफ्ना अतिरिक्त आयका लागि पाल्दछन् जसले उनीहरूको घरायसी अर्थतन्त्रमा योगदान पुऱ्याउनुका साथै दूध, मासु र मल जस्ता स्रोतहरू उपलब्ध गराउँछ।

लिम्बू समुदायमा विशेषतः छोरीचेलीहरूको मात्र आर्थिक आयका लागि छुट्टै कुखुरा, सुँगुर आदि जन्तुहरू पाल्ने व्यवस्था थियो र सो व्यवस्थालाई उनीहरूकै मात्र हक लाग्नेगरी पेवाको रूपमा दिने चलन थियो।

घ) सरकारी तथा गैह्रसरकारी सेवा :

संयक लिम्बूहरूको सानो हिस्सा मात्र सरकारी र गैह्र सरकारी सेवामा आवद्ध रहेका छन्। लिम्बू जातिका पारिवारिक संरचनागत हिसावले मजवुत आर्थिक क्षमतामा कमी, परम्परागत संस्कारहरू, यस प्रकारका सेवा प्रवेशमा कम आकर्षण हुनु, सूचना र पहुँचको कमी आदिका कारणले गर्दा उनीहरूको सरकारी तथा गैह्रसरकारी सेवाहरूमा नगण्य मात्रमा उपस्थिति रहेको पाइन्छ।

ङ) वैदेशिक सेनामा सेवा :

अन्य लिम्बू जातिको समुदाय झैं संयक लिम्बूहरूको समेत वैदेशिक सेनामा आकर्षण वढिरहेको पाइन्छ। उनीहरू मूलतः ब्रीटिस सेना, सिङ्गापुर प्रहरी जस्ता सेवाहरूमा लामो समयदेखि नै प्रवेश गरी सेवारत रहेका छन्। जसले

गर्दा सेनामा प्रवेश गर्ने परिवारमा आर्थिक पहुँच र क्षमतामा राम्रो विकास भएको समेत देखिन्छ। तर यो “लाहुरे” संस्कृतिका कारणले गर्दा पनि लिम्बू जातिका मानिसहरूको मुलुकभित्र भने सेना, प्रहरी, सरकारी गैरसरकारी सेवा र राजनीति आदिमा सम्लग्नतामा कमी आएको महसुस हुँदैगएको छ।

७.४ सामाजिक-आर्थिक चुनौतीहरू :

संयक लिम्बू समुदायमा रहेका सामाजिक, आर्थिक चुनौतिहरूलाई सामान्यत : तल उल्लेख गरिएका बुँदाहरूमा सङ्क्षिप्तमा उल्लेख गरिएको छ । यी बुँदाहरूले आंशिक रूपमा समग्र लिम्बू जातिको समेत प्रतिविम्वित गर्दछ।

क) भौगोलिक अवस्था :

लिम्बू समुदायको बसोबासको मूलक्षेत्र दुर्गम र पहाडी क्षेत्रहरूमा पर्दछन् जुन भूगोलमा बाटोघाटो, बिजुली बत्ती जस्ता विकासजन्य कुराहरूको कमीका कारणले गर्दा विभिन्न कार्यहरूमा असुविधाहरू उत्पन्न हुने गर्दछन् । यातायात र बजारहरूमा सीमित पहुँचले उनीहरूको कृषि उत्पादन र हस्तशिल्पहरू बेच्ने क्षमतालाई असर गर्छ र यस कुराले उनीहरूको आय र आर्थिक अवसरहरूलाई असर गर्छ।

वि.सं १९४४ सालमा चौवीस थुमको अन्तिम नक्सा कायम गर्दा संयक लिम्बूहरूको थातथलो पधेयक अन्तर्गत कुरूले, साँगुरी भञ्याँङ, पानी ढलो उत्तर लुहकूल डाँडा, बुढीमोरङ, सधामटार, छरूवा खोलाको आसपास सम्म कायम भएको पाइन्छ। यी क्षेत्रहरूको अवस्थिति समुन्द्री सतहबाट ३६५ मीटर देखि २३०० मटरसम्मको पहाडी टाकुराहरू समेत पर्दछन्। सडक राजमार्गको हिसाबले भेडेटारदेखि छ नम्बर बुधबारे सम्म ५२ किमी कच्ची सडक विस्तार भएको छ भने धरान धनकुटा राजमार्गले १३ किमी कालोपत्रे पक्की सडक खण्डमा चौबिस थुमलाई छुएर गएको छ। वि.सं २०७२ को राज्य पुनः संरचनामा यी भूगोलहरू चौवीसे र साँगुरीगढी गापामा विभाजन गरिएको छ । साविक गाविसहरूमा १२ वटा वडाहरू रहेका छन् र उक्त वडाहरूलाई ग्राभेल भएको कच्ची सडकले छोएको छ।

ख) शिक्षा र रोजगारी :

जातीय आधारमा नेपालको शैक्षिक अवस्थाको कुरा गर्दा लिम्बू समुदाय तुलनात्मक रूपमा कम साक्षरता हुने समुदायमा वा जातिहरू मध्येमा पर्दछन्। यसो हुनुमा उनीहरूको भूगोल र शिक्षाको पहुँचमा कमी हुनु पनि हो। नेपालको शैक्षिक गतिविधिहरू अधिक रूपमा शहरीकृत हुनु र यो प्रभावशाली जातीय समूहहरूको पहुँचमा मात्र वढी भएकाले गर्दा ग्रामीण क्षेत्रहरू त्यसमा पनि पहाडि ग्रामीण क्षेत्रमा त असाध्यै कम रहेको छ। साथै शिक्षा र व्यावसायिक तालिममा सीमित पहुँचले रोजगारीका अवसरहरूलाई असर गर्छ।

ग) स्रोतहरूमा कम पहुँच

राज्यको श्रोत साधनमा लामो समयदेखि नै केही विशेष जातिको पकड र पहुँचको कारणले गर्दा नेपालमा अन्य विभिन्न जाति तथा समुदाय सिमान्तकृत अवस्थामा पुगेका छन्। उनीहरू सहुलियतको ऋण सुविधा, आधुनिक कृषि उपकरण र स्वास्थ्य सेवा जस्ता स्रोतहरूमा पहुँच प्राप्त गर्न अक्सर विभिन्न चुनौतीहरूको सामना गर्ने गर्दछन्। यी सीमितताहरूले उनीहरूको उत्पादकता र समग्र आर्थिक कल्याणमा सुधार गर्ने क्षमतालाई असर गरेको छ।

समकालीन नेपालमा संयक लिम्बू जातिको समुदायको आर्थिक अवस्थाले परम्परागत अभ्यास र आधुनिक चुनौतीहरूको मिश्रणलाई झल्काउँछ। त्यसमा, कृषि र परम्परागत शिल्पहरू उनीहरूको अर्थतन्त्रको केन्द्रबिन्दुमा रहन्छन। भौगोलिक पृथकता, सीमित शैक्षिक र रोजगारीका अवसरहरू, राज्यको स्रोत र साधनहरूमाथि कम पहुँच र राज्यको कम प्रभावी कल्याणकारी योजनाहरूका मुद्दाहरूले उनीहरूको समग्र विकासमा महत्वपूर्ण अवरोधहरू खडा गर्दछन्। तर, सुस्त गतिको सरकारी विकास प्रयासहरू, समुदायको स्वस्फूर्त विकास प्रयासहरू, वदलिँदो सामाजिक संरचना र रेमिट्यान्स आदिका कारणले थोरैमात्र भएता पनि उनीहरूको आर्थिक स्थितिमा क्रमिक सुधारमा योगदान पुऱ्याउँदै आएको छ।

❑❑❑

भाग-८
चौविसे क्षेत्रका संयक लिम्बूको संस्कार, संस्कृति तथा परम्परा

८.१ सामान्य परिचयः

नेपालको पूर्वी भाग याक्थुङ् लाजे (लिम्बूवान भूमि) मा याक्थुङ लिम्बूहरूले प्राचीनकाल देखिनै आफ्नो सभ्यता, संस्कारको विकास गरेका थिए। यस भूमिमा उनीहरू इसा भन्दा धेरै नै अघिल्लो कालदेखि बसोबास गर्दै आएका विभिन्न इतिहासले प्रष्ट गरेको छ। प्राचीन कालको लामो कालखण्ड यस भूमिमा बसोबास गर्ने याक्थुङहरू समयको अन्तरालमा लिम्बू वने र यस क्षेत्रमा आज ३५० भन्दा वढी थरीका लिम्बूहरूको बसोबास रहिआएको छ। याक्थुङ समाजको लामो विकासक्रममा उनीहरूले समाज सञ्चालनका लागि विभिन्न प्रकारका आफ्नो विशेष संस्कार र पद्धतिहरूको विकास मात्रै गरेनन् र आफ्नो समाजको सुधार र विकासका लागि समेत प्राचीन समयदेखि नै विभिन्न प्रयासहरू समेत गरेका थिए। आफ्नो समाजको सुधारका लागि झण्डै नवौं शताब्दीतिर सिरिजङ्गा (भान्सिस्टार्ट, पेज १४३) ले चलाएको सुधारको प्रयासहरू आजपनि त्यतिकै चाखलाग्दा, वैज्ञानिक र युक्तिसङ्गत लाग्छन्। याक्थुङ् समाजमा प्राचीन समयदेखि नै विवाह, मृत्यू, विरामी, अनिकाल, गारोसारो र यस्तै विभिन्न प्रकारका कार्यहरूमा मुन्धुम तथा संस्कारजन्य कार्यहरू सम्पादन गर्नका लागि मूलतः ३ प्रकारका व्यक्तिहरूको जिम्मेवारी थियो। त्यसमा, १. फेदाङ्वा, २. येवा ३. येमा हुन्। जसमा, फेदाङ्वाले घरको कूलपितृ मनाउने र अन्य मसिनो कार्यहरू सम्पन्न गर्दै देवीदेवताहरू मनाउने, येवाले अलिक ठूला प्रकारका जिम्मेवारीहरू जस्तै, लडिमरेकाहरूको सिंहे-जागित्रा मनाउने, अकाल मृत्यू भएकाहरूलाई बाटो लगाउने आदि कार्यहरू सम्पन्न गर्दछन् भने येवासाम्वाले सबैभन्दा ठुला प्रकारका कार्यहरू जस्तै एकराते पूजा, तीनराते पूजाआजाका विधिहरूलाई सम्पन्न गर्दछन्। लिम्बू समाजमा तुतुतुम्याङ (भद्र भलाद्मी) हरूले विभिन्न सांस्कृतिक कार्यहरू सम्पन्न गर्नका लागि सबैलाई समन्वय गरी जिम्मेवारी निर्वाह गर्दछन्।

यसर्थ, यस खण्डमा संयक लिम्बूहरूको विभिन्न संस्कार तथा संस्कृतिहरूको बारेमा चर्चा गर्दा दश लिम्बूवानमा चलेको संस्कार र रीतलाई पछ्याउनु पर्नेहुन्छ। त्यसैले संयक लिम्बूहरूको विवाह लगायतको संस्कारको चर्चा गर्दा समग्र लिम्बूहरूको सभ्यताजन्य संस्कार, संस्कृति पनि प्रतिविम्वित भएर आउने भएकोले यस भागमा त्यसैगरी मूलभूत रूपमा समग्र लिम्बूहरूको संस्कारको चर्चा गरिएको छ र उक्त संस्कारमा संयक लिम्बूहरूको संस्कार, संस्कृतिहरू फरक रूपमा विकसित भएको खण्डमा त्यसलाई समेत उल्लेख गरी पूर्ण वनाउने प्रयास गरिएको छ। याक्थुङ (लिम्बू) संयक वंशमा विशेष गरी निम्नानुसार संस्कारहरू सम्पन्न गरिन्छ। मानिसको लागि उसको जन्मभन्दा अगाडि पेटमा गर्भ रहेको अवस्था देखिनै राम्रो र स्वस्थ्य वालवालिकाको जन्महोस् भनी संस्कार गरिन्छ, जसलाई साप्पोक चोमेन भनिन्छ। यस भागमा मानिसको जन्मदेखि मृत्यूसम्म गरिने संस्कारहरूलाई सङ्क्षिप्तमा उल्लेख गरिन्छ।

क) जन्मअघि गरिने संस्कारहरू :

१. साप्पोक चोमेन् :

संयक वंशमा साप्पोक चोमेन् विधि गर्भवती महिलाको गर्भमा रहेको बच्चाको रक्षाका लागि गरिने अनुष्ठान हो। यसमा विशेष गरी गर्भमा रहेका भ्रूणको रक्षा र सहज प्रसवको लागि विभिन्न माङ् साम्माङ्सँग बल मागिन्छ। यो अनुष्ठान गर्भ रहेको ५/६ महिना भएपछि गर्ने चलन छ। यो अनुष्ठान गर्दा जलसरा क्षेत्रमा घरभन्दा बाहिर गर्ने चलन छ। घरभन्दा बाहिर वागङ्मा र पक्चाना[४] देवताको पूजा गरिन्छ। घर बाहिरको पूजा गरिसकेपछि घरमा आएर

[४] पाक्चाना : घरमा महिला सुत्केरी भएर पहिलोचोटी सुत्केरी खान्की खानुभन्दा अगाडि तयारी भएको परिकारहरू नाङ्लोमा राखेर मुन्धुम वाचन गर्दै ढोकाबाहिर मिल्काईन्छ। यो रीत ३ पटक सम्पन्न गरेपछिमात्र सुत्केरीलाई खानको लागि दिईन्छ।

घरभित्र युमा, थेबा, देवी, देवताहरूको पूजा गरिन्छ। यो अनुष्ठान पूरा गरिसकेपछि फेदाङ्माले गर्भवती महिलालाई पालना गर्नुपर्ने नियमहरू बाँधिदिन्छन्, जसको पालना गर्भवतीले गर्नुपर्ने हुन्छ। जस्तै, खोला वारिपारि नगर्ने, डाँडा काटेर नजाने, खाना खानु हुने/नहुने र हेर्नु हुने/नहुने आदि तोकिएको हुन्छ। यसरी गर्भको वच्चाको लागि साप्पोक चोमेन पूजा पूरा गरिन्छ।

८.२ शिशु/वाल्यकाल र त्यसपछिका संस्कार

क) याङ्दाङ् युङ्मा :

कुनैपनि घरमा शिशु वालक/वालिकाको जन्मभएपछि सुत्केरी आमालाई वालवालिकाको नाता लाग्ने महिलाहरू बोजू, फुपू, ठूलीआमा र काकीहरूले स्याहार गर्नुपर्दछ। त्यतिवेला घर असुद्ध भएको मानिन्छ र शुद्ध गर्नका लागि घरलाई लिपपोत गर्ने चलन छ। र त्यतिवेला भर्खरै जन्मेको वच्चालाई चुलोको छेउमा थुम्सेमा नरम कपडाहरू विच्छ्याई रूवाको नरम सिरानी वनाएर सिरानीको छेउमा बालक भए खुकुरी र बालिका भए खुर्पा राखिदिने चलन छ। साथै एकजोडि दियोलाई याङदाङफोङ्माको कर्म नसिद्धियुन्जेलसम्म बालिराख्ने चलन छ। यसलाई नै याङदाङयुङ्मा भनिन्छ।

ख) याङ्दाङ् फोःङ्मा :

याक्थुङ् (लिम्बू) संयक वंशमा शिशु जन्मेपछि याङ्दाङ् फोःङ्मा अनुष्ठान गर्नुपर्छ। याङ्दाङ् फोःङ्माको शाब्दिक अर्थ न्वारान हुन्छ। यो विधि छोराको ४ दिनमा र छोरीको ३ दिनमा गर्ने चलन छ। यो विधि गर्दा बिहान पूरा उज्यालो हुनुअघि जून, तारा नअस्ताउँदै घर लिपपोत गर्नुपर्छ र नवजात शिशु र आमालाई नुहाई धुवाई गरी नयाँ लुगा लगाई दिनुपर्छ। पूजास्थान बनाई चोखो केराको पात सफा गरी विछ्याई चोखो भाँडा त्यसमाथि राख्नुपर्छ। नुबुन्वा (सात मूलको पानी) र सिङदुम्पक्वा-लुङ्दुम्पक्वा पवित्र चोखो पानी राख्नुपर्छ। यो दुवै पानी भाँडामा राखी साम्याङ्वा पुप्पावा (सुनचाँदी पानीमा डुवाई) त्यसमा दुबो ढुङ्गो समेत राखी फेदाङ्माले मुन्धुम फलाक्दै त्यो चुङ्तावा (पवित्र पानी) तीतेपाती सहित फूलका गुच्छालाई केराको पातले बेरी "लाजम्" (पवित्र पानी) ले अभिषेक गर्दै घर परिवारलाई चोख्याउँछन्। यो विधि सकेपछि प्रयोग गरिएका बाँकी सरजमहरू पूर्व दिशातर्फ लगेर चोखो स्थानमा बिसर्जन गर्नुपर्छ। अनि नवजात शिशु र आमाको दीर्घायु र सुस्वास्थ्यका लागि माङ्सँग प्रार्थना गरी माङ्गेन्ना (शिर उठाउने) अनुष्ठान गरिन्छ। विधि सम्पन्न भएपछि नवजात शिशुको नामकरण गरिन्छ।

उक्त नामकरणको कार्य सम्पन्न भएपछि नवजात शिशुलाई फेदाङ्माले घरका वा अन्य मानिसद्वारा घरबाहिर निकाल्छन् र उनको दाहिने हात तल र देब्रे हात माथि गरी बोक्नुपर्छ। त्यो समयमा नवजात शिशुको शीर पूर्व दिशा पर्नेगरी बोक्नुपर्छ। अनुहारले माथि आकाशको दृश्य देखाउनुपर्छ र बाबु र आमाको माङ्गेन्ना यक र मिङ्स्रा भन्दै फलाना र फलानीको कोखबाट (नवजात शिशुको) जन्म भएकोले तिम्रो नाम ...भनी नाम राखिदिन्छन्। साथै नवजात शिशुको नाम लिँदै आज तिमी यो पृथ्वीमा जन्म लियौ, माथि आकाशको घाम, जुन, ताराहरू जस्तै चम्किलो, दीर्घजीवि हुनु, तिमी चेतनशील मानव हौ, यस धरतीको समाजमा बसी वंश र समाजको इज्जत थामी बस्न सक्नेहुनु भन्दै फेदाङ्माले शिशुलाई आशीर्वाद दिन्छन्। त्यसबेला नवजात शिशु बोक्नेले छोरा हो भने ४ पटक छोरी हो भने ३ पटक घरको ढोका भित्र-बाहिर गर्नुपर्छ। त्यसैगरी अन्य मानिसबाट पनि आशीर्वाद सहित तेलमा कालो अङ्गारको टिकाजस्तो नवजात शिशुलाई लगाइदिनुपर्छ।

यो कार्य सम्पन्न भएपछि फेदाङ्माले नवजात शिशुलाई लिएर "याःङ् तिङ्दिङ्, थाःङ्, वेच्चा/वच्चा यप्पित् लो" भन्दै छोराभए चारपल्ट र छोरीभए तीनपल्ट नवजात शिशुलाई उचालेझैं गरिसकेपछि आमाको काखमा राखिदिन्छन्। यसरी संयक वंशमा याङ्दाङ् फोङ्मा (न्वारन) विधि सम्पन्न गरिन्छ।

ग) नारामप्मा :
यो नारामप्मा शब्द नाराअमप्माबाट विकास भएको देखिन्छ। यसको भावार्थ अनुहार हेर्नु भन्ने हुन्छ। यो विधि गर्नुको अर्थ नवजात शिशुको अनुहार हेर्नु हो । आफ्नै घरमा नवजात शिशुको जन्म भएको हो भने सुत्केरीको माइतबाट सुत्केरीको आमा, दिदी, आदि सुत्केरीको लागि पोषिलो खाने परिकार, फलफूल, खाद्य, घ्यू, तेल, औषधीयुक्त मरमसला, मासु खानेले कुखुराको भाले र तीन पाने रक्सी सहित नवजात शिशु र आमालाई नयाँ लुगा समेत लिएर न्वारानको दिन वा त्यो दिन नभए शिशु जन्मेका एक महिना भित्र शिशु र आमालाई हेर्नका लागि सुत्केरीको घरमा जाने चलन छ। त्यसैगरी मावला घरमा शिशु जन्मेको हो भने शिशुका बाबुपट्टिका बोजू, फुपूले उक्त सामग्री लिई शुश र आमा (सुत्केरी) लाई हेनजाने चलन छ। यो विधिलाई संयक वंशमा “नारामप्मा” रीत भनिन्छ।

८.३ विवाह तथा मृत्यू संस्कार :
याक्थुङ(लिम्बू) जातिमा विवाह संस्कार(मेक्खिम थिम) को सम्वन्धमा मुन्धुमी मीथकहरूबाट नै निर्देशत भइआएको छ । याक्थुङ मुन्धुमले जीवन र जगतको वारेमा व्याख्या गरेको पाइन्छ र लिम्बू जाति यही मुन्धुम (दर्शन) बाट निर्देशत हुँदैआएको छ। मुन्धुम अनुसार युवा अवस्थामा पुगेपछि पाजाईवालाई नाता नलाग्ने युवतीसँग विवाह गर्न सोधुङ्गेन लेप्मुहाङले सल्लाह दिन्छन् । पाजाईवाले सोही सल्लाह अनुसार साईनो सम्वन्ध नलाग्ने कन्याको खोजी सुरू गर्छन। विवाहका लागि सिसागेन मेन्छिन(युवती) को चारैतिर खोजी गर्दा तेमेन्दिन तेम्वे (दक्षिणी मैदानी क्षेत्र) मा लुप्लीनामासँग भेट हुन्छ र त्यसपछि पाजाइवाले विवाहका लागि प्रस्ताव राख्दछन् । पाजाईवाको विवाहको प्रस्तावलाई सुनेपछि स्वीकारोक्तिको भाषामा विवाह पछि मलाई के मा राख्नुहुन्छ ? भनी लुप्लीनामाले सोधनी गर्दा पाजाईवाले घर बनाएर उनलाई राख्ने कुरा गर्दछन् । यसरी मुन्धुमको आधारमा अति प्राचीनकालमा पाजाईवा र लुप्लीनामाको विवाहदेखि नै घर निर्माण गर्ने, हाडनाता भित्र विवाह वर्जित गर्ने आदि सामाजिक नियमहरू लिम्बू समाजमा प्रारम्भ भएको देखिन्छ । पछि, लिम्बू जातिमा विवाह संस्कार “थिवोङ याक्थुङ थिम्”(दश लिम्बूहरूको रीतिथिति) अनुसार नै विकास भएर आएको पाइन्छ। संयक वंश समूहमा पनि दश लिम्बूवान सत्र थुमकै रीतिथिति अनुसार विवाह संस्कार सम्पन्न गर्ने चलन रहीआएको छ।

याक्थुङ (लिम्बू) जातिको मृत्यु संस्कारको (सिमेरी याम्बक) वारेमा समेत मुन्धुम्ले निर्देशित गरेको छ । मृत्यु संस्कारका उत्पतिको वारेमा मुन्धुम्मा उल्लेखित सृष्टिको धेरै प्राचीन समयमा रहेको एक महिला पात्र इरेरे इधुकनामा थिइन् र उनका दुई भाइ छोराहरूले आफ्नी आमाको मृत्यूपछि दाहसंस्कार गर्नका लागि उचित स्थान नपाई यताउता गर्दै अन्तमा आमाको मृतआत्माले निर्देशन गरे अनुसार दाहसंस्कार सम्पन्न गरिसकेपछि नै मृत्यु संस्कारको सुरू भएको भन्ने रहेको छ। जसको अलिक विस्तृत चर्चा मृत्यु संस्कार खण्डमा गरिएको छ।

८.३.१ विवाह संस्कारः
संसारको विभिन्न समाजमा विवाह संस्कारलाई विभिन्न प्रकारले सम्पन्न गरेको पाइन्छ। यो मानव समाजको अति प्राचीन र महत्वको संस्कारहरू मध्येको एक हो । मूलतः मानव वंश बृद्धिका लागि शान्तिपूर्ण तरिकाले सामाजिक संरचनाको निर्माण र सञ्चालनका लागि विवाह संस्कारको विकास भएको हुनसक्छ।

आजको सभ्य समाजमा विवाह संस्कार कुनैपनि समाजको एक अति महत्वपूर्ण कार्य हो। त्यसैगरी याक्थुङ (लिम्बू) समाजमा पनि यो संस्कारलाई त्यतिकै महत्वका साथ लिएको पाइन्छ। लिम्बू समाजमा चार प्रकारका विवाहका प्रचलनहरू रहेका छन्। जसमा मागी विवाह, प्रेम विवाह, चोरी विवाह (लक मेख्खिम), र जारी विवाह रहेका भनिए तापनि वास्तवमा तीन प्रकारको विवाह संस्कार मुख्य रूपमा चलनमा रहेको पाइन्छ। तिनीहरूमा (१) मागी विवाह (तेन्धाम मेख्खिम) (२) प्रेम विवाह(नानुमा मेख्खिम), र (३) जारी विवाह (खत मेख्खिम) हुन् । चौथो प्रकारमा चोरी विवाह (लक मेख्खिम) भनिए तापनि यो वास्तवमा प्रेम विवाहजस्तै हो । यसर्थ, लिम्बू जातिको विवाह पद्धतिका वारेमा चर्चा गर्दै तल विवाह संस्कारको सम्बन्धमा सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ।

क) मागी विवाह (तेन्धाम मेख्खिम) :

याक्थुङ (लिम्बू) समाज भित्र धेरै थर-उपथरहरू रहेका छन्। त्यसमध्ये लिम्बू जातिभित्र संयक थर एक प्रमुख हो। संयक लिम्बूमा मागी विवाह एक सामान्य र प्रचलित संस्कार हो। उमेरयोग्य भएपछि विवाह गर्नका लागि अन्य याक्थुङ (लिम्बू) कुटुम्बरी थरहरू बीच सिम्बोसा (बेहुली) खोज्न जाने चलन छ। यसरी सिम्बोसा खोज्दा साइनो सम्बन्धलाई अति गहिरो गरी केलाउने चलन छ। नालिगेन् थाङ्बेन्मा (बेहुला) तर्फका बाबुको मावली र बुढामावली, आमाको मावली र बुढामावली दुवैतर्फ चार पुस्तासम्म कडाकडी साइनो खेद्ने चलन छ। चार पुस्तासम्म कतै पनि नाता सम्वन्ध नलाग्ने कुटुम्बको खोजी गर्ने चलन छ। कतिपय समुदाय वा जातिमा मामा-चेला, फूपु-चेली बीचमा बिहेबारी समेत चलाएको पाइन्छ तर याक्थुङ (लिम्बू) समाजमा यो प्रचलन प्राचीन समय देखि नै अस्तित्वमा देखिन्न। कुटुम्ब पत्ता लागेपछि फेदाङ्बाबाट शुभ साईत हेरिन्छ। रीतिथिति अनुसार तुतु-तुम्याङ (भद्र भलादमी) हरूको सम्मिलित एक समूह कुटुम्बको घरमा बेहुला सहित कन्या माग्न जाने चलन छ। कन्याको घरमा जानु भन्दा अगाडि इङ्वारेम्बा (कुटुनी) समाई केटा पक्षका इङ्मेबा (सरदार) ले केटी पक्षको घरमा गई सक्वागेन् इङ्घङ (सन्देशवाहक) आफू आएको बारेमा जानकारी गराउनु पर्दछ। इङ्मेबा (सरदार) ले यसरी जानकारी गराउँदा आफ्नो पक्षका नालिगेन् थाङ्वेन् (बेहुला) भँमरा भएको र यस घरको बगैचामा सुन्दर फूल फुलेकोले फूलको सुगन्ध पैहिल्याउँदै आइपुगेको भन्नुपर्दछ। यसपछि वेहुली तर्फको घरमुली र चारपासिङ तुतु-तुम्याङहरूलाई तल उल्लेख गरिए झैं सौगात चढाइन्छ :

- दुई बोत्तल रक्सी,
- एक रूपैयाँ पैसा,
- फुङ्सारी (फूल राखिएको लोहोटा) काँसको थाल माथि केराको पातमा राख्नु पर्दछ।
- हुक्वा (सगुन) राखिएको रक्सीको बोतल (चिण्डो- चौठो-बोत्तल) को मुख केराको पात वा सालको पातको सोलीले छोपिएको हुनुपर्छ।
- सुनौली रूपौली को नाममा केही सुन र पैसा राख्ने चलन पनि थियो तर हाल पछिल्लो समयमा विधि मात्र पुऱ्याउने चलन छ।

त्यो समयमा केटी तर्फका इङ्वारेम्बा (कुटुनी) ले अहम् भूमिका खेलेको हुन्छ। उनीहरूले कन्याको घरको सम्पूर्ण सदस्यहरूलाई जम्मा गरी केटापक्षहरू आएको बारेमा कुरा राख्ने वातावरण निर्माण गरिदिन्छन्। यो रीतलाई पेली हुक्वा (बोली बिन्ती) भनिन्छ। त्यसपछि वेहुला पक्षका इङ्वारेम्वाहरूले केही कुरा राख्नका लागि बिन्ति गर्दै अनुमति माग्नुपर्दछ। कन्याका घरको अभिभावकले कुरा गर्ने अनुमति दिएपछि कुराको थालनी गर्नुपर्दछ। यसलाई चारकलम मध्ये पहिलो कलम भनिन्छ।

१. पहिलो कलम

कन्या पक्षको घरको घरमुली र पासिङ् पादाङ् (दाजुभाइ सदस्य) लाई चार पासिङ भनिन्छ जसलाई तुतु-तुम्याङ् (भद्र भलादमी) र कन्याका अभिभावक माझ एकमुष्ट बिन्ती गर्दै कन्या माग्न आएको वारेमा वेहुला पक्षको इङ्मेबा (सरदार) ले जानकारी गराउँछ। कन्याका अभिभावक पासिङ् पादाङ (भद्र भलादमी) र दुवै पक्षका इङ्मेबा र तुतु-तुम्याङ, चारपासिङहरूले काइसेम्मा (नाता सम्बन्ध छुट्उने) बारेमा केटी र केटाको आमा-बाबुको मामा खलक र मावलीतर्फ दुवै पक्षको साइनो नाता केलाउने गर्दछन्। साइनो नलाग्ने पक्का ठहर भएपछि पेलीहुक्वा (सगुन) स्वीकार गर्नका लागि केटा पक्षको इङ्मेबा (सरदार) ले बिन्ति बिसाउँछन्। त्यसपछि केटी पक्षको चारपासिङ, तुतु-तुम्याङहरूले पनि कन्याका अभिभावकहरूलाई कुटुम्बहरूले बिन्ति बिसाएको कुरा स्वीकार गर्न कन्याका अभिभावकहरूलाई अनुरोध गर्दछन्। सोही क्रममा कन्याका बाबुआमाले कन्यालाई राजी वा विराजी के छौ भनी सोध्ने चलन छ। तर आजभोली भने कन्या र बेहुलालाई भेट गराएर नै कुराकानी गराउने चलन पनि छ। कुराकानी वा सोधनीपछि कन्याले स्वीकार गरेपछि मात्र कन्याका अभिभावकले पेलीहुक्वा (सगुन) समाउँदछन्। यसलाई कन्या माग्न आउनेको प्रस्ताव स्वीकार गरेको मानिन्छ। कन्याका अभिभावकले पेलीहुक्वा (सगुन) स्वीकार गरेको घोषणा गरेपछि केटा पक्षका इङ्मेबाले कन्याको आमालाई कुम्मायुक्मा (आमाका लागि) छुट्टै सगुन दिने चलन पनि छ जसमा,

- दुई बोत्तल रक्सी (चिण्डो-चौठो-बोत्तल),
- पैसा, फुङ्सारी (फूल राखिएको लोहोटा)।

आमाले सगुन समाए पछि मात्र पूर्ण रूपमा मान्यता प्राप्त हुन्छ । त्यसपछि दुवै पक्षका इङ्वारेम्वाहरू, तुतुतुम्याङ्हरूको रोहबरमा वसी विवाहको तिथि, मिति, शुभसाइतको बिषयमा कुराकानी गर्दा मूलतः केटा पक्षको समयको अनुकूलतालाई वढी ध्यानमा राखिन्छ। तिथीमिति तय गरिसकेपछि नातामा केटीको बाबु, आमा र क्रमशः साइनो सम्वन्ध अनुसार सबै मान्यजनहरूलाई केटाले सेवाढोग गर्ने चलन छ। यति विधि सकिएपछि याक्थुङ (लिम्बू) जातिको विवाहको चारकलम रीत मध्ये पहिलो कलमको रीत सम्पन्न भएको मानिन्छ।

२. दोस्रो कलम

याक्थुङ (लिम्बू) समाजमा मागी विवाह बेहुला (नालिङ्गेन थाङ्बेन) घरमा सम्पन्न गर्ने चलन छ। विवाह हुनु दुई दिन अगाडि नै गाउँघरका दाजुभाइ, छरछिमेकी सबैजना भेला भई विवाह कार्य सम्पन्न गर्नका लागि कामको विभाजन गर्दै विभिन्न टालीहरूको निर्माण गरिन्छ। ती टोलीहरूमा-

क) के (च्याब्रुङ) टोली,
ख) विवाह घरमा आवश्यक सजावट गर्ने टोली,
ग) खाना पकाउने टोली,
घ) खाना बाँड्ने टोली,
ङ) जाँड रक्सी र तोङ्वा बाँड्ने टोली,
च) परपाहुनाहरूलाई हेरदेख गर्ने टोली,
छ) जोर बन्दूक पड्काउने टोली,
ज) आवश्यकता अनुसार अन्य टोलीहरू।

यी सबै टोलीलाई विवाह कार्य सम्पन्न गर्नका लागि जोडि बोतल रक्सी राखेर जिम्मेवारी दिने चलन छ। तुतु तुम्याङहरूले यी सबै कामको जिम्मेवारी बाँडफाँड गर्ने भूमिका निर्वाह गर्दछन्। जिम्मेवारी बाँडफाँड गरिसकेपछि सबैलाई खाना दिइन्छ। खाना खाईसकेपछि भद्रभलाद्मी (तुतु तुम्याङ) हरूले वेहुली लिनजाने चलन छ।

बेहुलाका आमाबुवा, दाजुभाइहरू(चारपासिङ) हरूले भद्रभलाद्मीहरूको उपस्थितिमा अक्षताको टीका लगाई कन्याहरूबाट सगुन पिलाई बेहुली लिनजाने टोलीलाई विदाई गर्दछन् । उक्त टोलीमा सामान्यत देहायका प्रतिनिधीहरू रहने गर्दछन्।

क) बेहुला (नालिङ्गेन फेम्बोसा)
ख) बुढौली प्रतिनिधी (इङमीबा)
ग) लोकन्ते (साङगाप्लाबा)
घ) बुढौलीको साथी एकजना सम्म।

बेहुलीको घरमा बेहुला सहितको टोली माग्न पुगेपछि (प्राय भालिपल्ट) बेहुली तर्फका भद्रभलाद्मी (तुतु तुम्याङ) हरू, दाजुभाइ (पासिङ पादाङ) आदि सबैजना भेला हुन्छन्। यसरी सबैजना भेला भइसकेपछि बेहुली लिन आउने पाहुना र उपस्थित् सबैलाई खाना दिने चलन छ।

खाना खाइसके पछि बेहुली र बेहुलालाई विशेष स्थानमा राखिन्छ। बेहुलीका बाबुआमा, चार पासिङ (दाजुभाइ), तुतु-तुम्याङ र मावली सबैले सेतो अछेताको टीका लगाई दाम्पत्य जीवनको शुभकामना आशीर्वाद दिइसकेपछि लोकन्ती (मेक्केसामा) हरू, माईती सहितको टोली(सडवाबा) र बन्दुके सहितको टोली बेहुली घरबाट बिदा भई बेहुलाको घरतर्फ प्रस्थान गर्दछन्।

फर्किने क्रममा बेहुलाको घर नजिकको हिटि, चौतारा वा बाटोमा बेहुला-बेहुली सहितको टोलीलाई राखिन्छ । वेहुलाको घरबाट जोर बन्दुक पड्काउँदै, के (च्याब्रुङ) बजाउँदै बेहुला-बेहुली तथा लोकन्तीहरूलाई स्वागत गरिन्छ। लिम्बू भाषामा यसलाई लाम्दाक गर्ने भनिन्छ। यो विधिमा लाम्लईबा (स्वागत गर्ने समूह) ले सुँगुर/खसी देखाएर नाङ्लामा एक घैला जाँड, रक्सी, अचार राखेर तुम्दुम् हेना (सम्बोधन) गरी लाम्दाक सेवा (स्वागत) गरिन्छ। विधिवत रूपमा निम्न सामग्रीहरू राखिन्छ।

क) पाँचदाम केराको पातमा राख्ने,
ख) एक गाग्री जाँड र दुईवोतल रक्सी,
ग) फिलिङ्गेको अचार(सालको पात वा दुनामा दिने)

खाजा र स्वागत कार्यक्रम सकिएपछि जोर बन्दूक पड्काउँदै, च्याब्रुङ बजाउँदै पाहुनाहरूलाई सम्मानपूर्वक बेहुलाको घरबाट अलिक पर बनाइएको डेरा (साँग) मा राख्ने चलन छ । उक्त अस्थायी डेरामा लोकन्ती तथा अन्य पाहुनाहरूलाई राख्को लागि धानको पराल माथि गुन्द्री, राडी विच्छयाएर राखिन्छ। पाहुनाहरूलाई डेरामा राख्दा बेहुला तार्फका बुढौली (इङमिवा)हरूले दुई वोतल रक्सी र पाँच रूपैया पैसा सहित विन्ति गर्दै भन्छन् -"आजको रात तपाई हाम्रो बस्ने स्था यहीँ नै हो । साह्रोगाह्रो नामानि बसिदिनुहोला ।" यति विन्ति सकेर पाहुनाहरूलाई राखिसकेपछि तोङ्वा, फिलिङ्गेको अचारको खाजा दिइन्छ। यतिवेला पनि पाहुनाहरूको सम्मानका लागि जोर बन्दूक पड्काईन्छ र च्याब्रुङ बजाईन्छ। त्यसरी नै बेहुलीलाई खाना दिनेवेलामा समेत जोरबन्दुक पड्काउने चलन छ। बुढौलीले विन्ति गरी चढाएका खानाको लागि उठाउनी रित लाई लोकन्तीहरूले रित बुझेपछि खाना खान उठ्ने चलन छ । यसरी वेलुकीको खानाको कार्यक्रम समाप्त भएपछि राती पाहुनाहरूलाई आराम गर्न दिईन्छ। कोही पाहुनाहरू र स्थानीय युवा युवतीहरू राती खाली समय मिलाएर यालाङ (धाननाच) मा सरिक हुने गर्दछन्।

भोलिपल्ट विहानको खाना पछि मध्यान्नमा विवाहको मुख्य कार्यक्रम सुरू हुन्छ। दिउँसो बबेहुलीको लागि बेहुली पोसाक, सुनका गहनाहरू र अन्य सबै श्रृङगारका सामानहरू लोकन्ते (सङ्गप्लवा) ले लोकन्ती (मेक्केसामा) लाई पुऱ्याइदिन्छन् । बेहुलीका श्रृङ्गारका सामानहरू लोकन्तीहरूले बुझिलिएपछि बेहुलीलाई श्रृङ्गार, पटार गरेर बेहुलाको आगमनको प्रतीक्षा गर्दै चौतारामा तयारी अवस्थामा राखिन्छ। घरमा बेहुलालाई तागा (हालमा दौरा सुरूवाल), फेटा (पागा), पटुका (सेसेफूङ) लगाईदिएर उनका अन्य श्रृङ्गार सामग्रीको रूपमा खुकुरी वा तरवार भिराइन्छ साथै हातमा भाला वोकाउने चलन पनि छ । बेहुलालाई आमाबुवा र मान्यजनहरूबाट सेतो टिका लगाइदिए पछि पञ्चकन्याबाट सगुन दिईन्छ।

यसपछि बेहुला, लोकन्ते र बुढौली भन्दा अग्रभागमा दियो कलश बोक्ने एकजोडि कन्या केटीहरू, जोरसङ्ख्यामा च्याब्रुङ, जोरबन्दुक र एकजोर विनायो (कोम) र हालमा नौमती बाजा र नगरा सहित बेहुलीलाई लिन जान्छन्। यो विधिमा पनि लोकन्तीहरूलाई उठाउनी रित अनुसार दुई बोतल रक्सी र केही रूपैंयाँ केराको पातमा राखी बुढौलीले बिन्ती गरेपछि बेहुलीलाई उठाई बेहुलीको वरिपरि दियो र कलश बोक्ने कन्या केटीहरूले अक्षता र फूल छर्दै चार फन्को घुम्छन्।

यति कार्य सकिएपछि बेहुलीले दियो कलश बोक्ने एकजोडी कन्याहरूलाई सेतो टीका लगाइदिन्छन् र बेहुलीले बेहुलाका खुट्टामा ढोग गरिदिन्छन्। आजभोलि बेहुला तथा वेहुलीले एकआपसमा फूलको माला र औंठी लगाइदिने चलन पनि विकास भएको छ। तर यो लिम्बू जातिको परम्परागत चलन भने होइन। यतिबेला पनि जोरबन्दुक पड्काउनु पर्दछ। यो विधि पूरा भएपछि दियो कलश बोक्ने कन्याहरू अगाडि हिँडेपछि लोकन्तेले बेहुला र माईती पक्षले बेहुलीलाई बोकेर पाहुना तथा अन्य टोली सहित बेहुलीलाई घर भित्र्याउन प्रस्थान गरिन्छ। लोकन्ते र लोकन्तीहरूले बेहुला र बेहुलीलाई छाता समेत ओढाइदिन्छन्।

यो टोलिको पछिपछि च्याब्रुङ(के) बजाउँद, जोर बन्दुक प्काउँदै, भद्रभलाद्मीहरू, बुढौलीहरू लगायतका सबै टोली बेहुला घरमा प्रस्थान गर्दछन् । घरमा स्वागत तथा सम्मान गर्नका लागि दहीमा मुछिएका सेता अक्षता चामल हातमा लिएर बसेका हुन्छन् । घरको मूल ढोकामा दुईवाट गाग्रीमा फूल र दियो(सेमी) बालेर कलश राखिन्छ । बेहुलाको घरको मूलढोकामा बेहुलाका आमाबुवाको साथमा भद्रभलाद्मीहरूले बेहुला बेहुलीलाई अक्षताले छर्किन्छन्।

बेहुलीलाई घर भित्र्याउनको लागि १०/१५ हातको सेतो कपडा सिकुवा देखि बेहुला र बेहुली उभिने स्थानसम्म ओछ्याउनु पर्छ । सिखुवामा बेहुलीलाई स्वागतका लागि केटातर्फको युवायुवती (सिसागेन मेन्छिन) हरूको एक समूह उभिएको हुन्छ । नवदम्पति जोडिलाई सेतो कपडामाथि हिँडाउँदै घरको मूलढोकासम्म पुऱ्याइन्छ । मूलढोकामा बेहुलीको जेठानी वा सासु नाता पर्ने व्यक्तिले मजेत्रो ओढाएर घरमा भित्र लैजान्छन् । यो कार्यक्रम सम्पन्न भएपछि बेहुला बेहुली, लोकन्ती सबै यथास्थानमा बस्दछन् । यतिबेला पाहुनालाई तोङवा, खाना दिंदै विन्ति (हेनामःमा) गर्ने चलन छ। यसरी विवाहको चारकलम रीतमध्ये दोश्रो कलमको रित सम्पन्न हुन्छ।

३. तेश्रो कलम :

लगन विधि (मेख्खिम थिम्)

पहिलो र दोस्रो कलमको विधि पूरा भएपछि बेहुला र बेहुली लगायत लोकन्ती पाहुनाहरूलाई केही समय आराम गर्नका लागि राखिन्छ। सो समयमा घर बाहिर च्याब्रुङ (के) नाच, धाननाच (याःलाङ) नाच्छन् भने घरभित्र बुढौली, भद्रभलाद्मी (तुतुतुम्याङ) हरूले याक्थुङ (लिम्बू) संयक वंशमा विवाहको सृष्टि कसरी भई आयो भन्ने बारेमा मुन्धुमी वर्णनलाई लोकलयमा गाउँदै नवदाम्पत्य जीवनको सफलताको शुभकामना दिईन्छ। वर्तमान समयमा स्टेज बनाई दियो कलश राखि निम्तालुहरूले बेहुली र बेहुलाको नव-दाम्पत्य जीवनको शुभकामना दिने चलन समेत चलेको छ। बेलुकीको समय मिलाएर फेदाङ्बा (देवारी) द्वारा लगन विधि (मेख्खिम थिम्) गरिन्छ। लगन गर्दा घरको मूल खम्बाको छेउमा गरिन्छ।

लगन विधिको लागि आवश्यक सामग्रीहरू :

क) एकजोर. फूङम्सरी (कलश)
ख) काँसे थालमाथि एकजोर दियो (सेमी) बालेर कलशसँग राखिन्छ।
ग) कजोर चमेली फूलको माला र पथाङ् (मजेत्रो) राखिन्छ।
घ) युप्पालुङ[५] (हाल चाँदीको) पैसा राख्निुपर्छ।
ङ) तोङबा एकजोडि र दुनामा तरकारी राखिन्छ।
च) कुखुराको भाले र पोथी एकजोडी चाहिन्छ -यी भालेपोथि पछि माङगेन्ना गर्दा उपयोग गरिन्छ , हालमा कुखुराको सट्टा फूल फलेदोद्वारा पनि गर्ने चलन छ)
छ) देवारीको लागि एउटा कर्दा राख्नुपर्छ।

माथिका सम्पूर्ण सामग्रीहरू तयार भएपछि फेदाङमा (देवारी) र भद्रभलाद्मी(तुतु-तुम्याङ) हरू साथै लोकन्ती (मेक्केसामा) हरूलाई सम्मानपूर्वक तरिकाले साथमा वरिपरि राखिन्छ। घरको मूल खम्बाको छेउमा बेहुला र बेहुली राख्नका लागि विशेष स्थान बनाइन्छ।

[५] युप्पारूङको सम्वन्धमा एकै चिजलाई लिम्बूहरूले भिन्नभिन्न समयमा भिन्नभिन्न कामको लागि प्रयोग गर्द बेग्लाबेग्लै नाम दिएको देखिन्छ । जस्तै, प्राचीन समयमा पैसा नभएकोले दल्सिन ढुङ्गा चलाउनाले युप्पालुङ नाम थियो । आजकल चाँदीको पैसा चलाउने चलन छ। त्यो पैसा विवाहमा लगनको वेला प्रयोग गर्दा युप्पारूङ र मृतकको निधारमा राखेको अवस्थामा युप्पाफुङ (फूल) को अर्थमा प्रयुक्त भएको देखिन्छ।

सो स्थानमा दाहिनेतर्फ वेहुलासँगै साङगाप्लाबा (लोकन्ते) र देब्रेतर्फ वेहुलीसँगै साङ्गाप्लामा (लोकन्ती) बस्दछन् र उनीहरू बेहुला र बेहुलीको सहयोगीको रूपमा रहन्छन् । बेहुला र बेहुलीलाई लगन गर्न राख्दा पथाङ् (मजेत्रो) बेहुलीको शिरबाट बेहुलाको फक्ताङ (कुम) सम्म ओढाउनु पर्छ । केटीको घुँडा तल र केटाको माथि खप्टाएर राख्नुपर्छ । हात पनि त्यसैगरी खप्टाएर हातमाथी कुखुराको भाले र पोथी राख्नुपर्छ । त्यसैमा युप्पारूङ (चाँदीको सिक्का पैसा) राखिदिनुपर्छ । लोकन्ते र लोकन्तीले वेहुला र वेहुलीलाई छाता ओडाएर छेउमा बसेका हुन्छन् । फेदाङमा (पुजारी) ले हातमा कर्दा र सिक्का पैसा लिएर पृथ्वी, आकाश, युमा साम्माङ (मातृदेव), थेवा साम्माङ (पितृदेव) र तुतु-तुम्याङ या?ला-सुहाङहरूलाई साँची राखी लगन विधि मुन्धुम अनुसार फलाक्दछन्: "...माङगेन्ना यक भएको, ...ठाउँमा बस्ने, फलाना मिङस्राको फलानाको छोरी र फलाना मिङस्राको फलानाको छोरा आजदेखि उहिले उहिलेदेखि चलिआएको चलन अनुसार विवाह बन्धनमा बाँधिएका छन् । आजदेखि दुवैजना एक आत्मा, एकजीउ र एकमन भएर बस्नेछन् । समाजमा रहेका कूलकुटुम्व ईष्टमित्र र घरपरिवार सम्हाल्नेछन् । विवाह बन्धनमा बाँधिएमा दुलहा र दुलहीलाई प्रचलित रीतिथीति मानी मिलेर बस्न सक्ने कि नसक्ने ?" भनी प्रश्न गर्छन्। दुलहा र दुलहीबाट सकारात्मक जवाफ आएपछि ठिक छ भनी कर्दाले सिक्का पैसालाई हिर्काउँदै सासु र ससुरालाई बुहारी प्रति कस्तो व्यवहार गरिन्छ ? भनी प्रश्न गर्दा सकारात्मक जवाफ आएपछि दुलाहा दुलाही दुवैजनाको नाम मिङ्स्रा र माङगेना यक बाचन गर्दै आजदेखि एउटा परिवार भयौ । पतिपत्नीको रूपमा बस्नसक्नेछौ भनी घोषणा गरिदिन्छन्। अनि फेदाङमा (देवारी) को आदेश अनुसार सिक्का पैसा बेहुलाले बेहुलीको मजेत्रोमा बाँध्न लगाउँछन्। त्यो रीतलाई यूप्पारूङ थिम (चाँदीको सिक्का वाँध्ने) भनिन्छ। तर, आजभोली दुलाहाले दुलहीलाई माला लगाइदिने र दुलहीले दुलहाको शिरमा सेसेफूङ लगाईदिने चलन पनि छ।

यसपछि लोकन्तेले बेहुलालाई तोङ्बा खुवाई उसको जूठो (पिछिङ) बेहुलीलाई खुवाउँछन् । त्यसैगरी लोकन्तीले बेहुलीको जुठो (पिछिङ) बेहुलालाई खुवाउँछन् । यसपछि सबैजना उभिएर मे?काम् काम् धुनमा च्याब्रुङ बजाउँदै मुलखाँबा वरिपरि घुम्दै मुन्धुमको लोक गायन भाकामा गाउँदै सबैजना घुम्ने विधि गरिन्छ।
मेक्काम साम्लो :

१. लोक्फागेन पाङ्फे कन हिम्मो।
तेन्धामगेन् मेखिम पोखेरो।
याङ्सिङगेन सानु चेलीमारे
हाङ सिङ्गेन सानु ससीगेन मेन्छीन सामा रे
लोक्फागेन पाङ्फे कन हिम्मो।
तक्केगेन् लक्लुम्मो वासीनि र।

२. नालिगेन थाङ्बेन याङ्सानु।
सिसागेन मेन्छिन याङ्सानु।
चम्जम्लुङ हेक्के खेम्दु र
फक्ताङलु हेके खेम्दु र
इक्सागेन खाम्बेक खेम्दु र
इनोगेन् सुतो यूङ्सिनी र

३. सेक्मुरी फूङ् हेके कुनाम थाङ्ल र।
मिके फूङ् हेके कुनाम थाङ्ल र।
नालिङ्गेङ थाङ्बेन चोत्लुङ ओ।
सिसागेन मेन्छिन चोत्लुङ ओ।
आहिङ्गुम हिङवा केरेरो।

मिक्केलाङ् मुन्धुम केरेरो।
सेवारो।[६]

(भावानुवाद)

(आज यो घरमा विवाह कार्य सम्पन्न हुनलागेको छ। घरको आमाबाबु चेलीमाइतीले नवदुलहीलाई जिम्मा लिएका छन्। यहाँ उनीहरू बीच एकअर्कामा सदा-सदाको लागि सुझबुझ सहित सुखीजीवन वितोस्। नव दुलाह-दुलहीको जीवन चमचमलुङ्मा (सगरमाथा) झै उच्च र शीतलतापूर्ण रूपमा वितोस। फक्ताङ्लुङ् (कुम्भकर्ण) शिखर जस्तै शान्तसँग वितोस्। नवदुलाह दुलहीको जीवन सुनाखरी फूल जस्तै सुगन्धमय बनेर फूलिरहोस् भनेर आशीर्वचन दिईन्छ।)

यसरी लिम्बू जातिको विवाह विधिमा च्याब्रुङ् नाच र गीत वा आख्यान बयान गर्दै मुन्धुम अनुसार दुलाह र दुलहीलाई आर्शीवाद दिदै याक्थुङ (लिम्बू)हरूको लगन विधि (मेखिम्काम्मा) सम्पन्न हुन्छ। यसैगरी हाक्पारे गीत(साम्लो) गाउने तुतु-तुम्याङ या?ला-सुहाङहरूले पनि नेत्ती फुङवा चाङ्मा (जीवनको फूल फैलाउने) मुन्धुम गाउँदै आर्शीवाद दिन्छन्।

लगन कार्य सम्पन्न भएपछि परिचयात्मक ढोगभेट (निसिङमा सेवाढोग) गरिन्छ जसमा बेहुलाको पछिपछि भएर बेहुलीले पनि साईनो अनुसार दाम (पैसा) राखी बेहुला तर्फका सासु-ससुरा लगायत अन्य मान्यजन सबैलाई सेवाढोग गर्नुपर्दछ। यो विधिलाई निसिङमा (परिचयात्मक) ढोगभेट भनिन्छ।

भोलिपल्ट झुल्के घामको विहानी समयमा घरको आँगनमा बेहुला र बेहुलीलाई विशेष स्थान बनाई राखिन्छ र फूल सहित एकजोर गाग्री, दियो, कलश, काँसे थालमा एकमाना चामल राखेर तुतुगेन् तुम्याङ (भद्र भलादमी) या?लागेन सुहाङ (भद्र महिला) हरूले मानव सृष्टि पछि समाजमा विवाह संस्कारको अस्तित्व आएपछिको मीथक कथालाई जोड्दै दुलाहा र दुलहीको दाम्पत्य जीवनको सफलताको शुभकामना आर्शीवाद दिंदै बेहुलीको सामान राख्नको लागि एउटा कोठा जिम्मा दिने चलन छ। यसरी याक्थुङ (लिम्बू) संयक वंशको रीत अनुसार तेश्रो कलमको विधि सम्पन्न हुन्छ।

४. चौथो कलम :

विवाहको दोश्रो दिन बेहुलीका माईतीहरू र मेक्केसामा (लोकन्ती) हरूलाई सम्मानका साथ सङ्वाबा (माइती) फूदोङ (माईति मेजमानी) दिने चलन छ। त्यो भोज नयाँ बेहुलीको हातबाट लोकन्ती, पाहुना र गाउँले तुतु-तुम्याङ, या?लासुहाङ, चारपासिङ (दाजुभाइ) खलक समेतलाई पाँङ्लीहुक्वा (बेहुली भतेर) भनेर दिने वा खाने चलन छ। बेहुली भतेर कार्यक्रम सकिएपछि लिम्बू वैवाहिक संस्कारको चौथो वा अन्तिम कलम रीत पूरा गर्नका लागि इङ्मेबा (सरदार) को अगुवाईमा लोकन्ते (साँगाप्लावा) र सहयोगीहरू सहित मे?केसामा (लोकन्तीहरू) र बन्दुके (माइती) हरूको संयुक्त टोली दशलिम्बूको रीत अुनसार बेहुली पक्षको विवाह रित(इङ्मे-नादङ्) बुझाउन संयक वंशको रीत अनुसार बेहुलीको माईती घरमा जानुपर्दछ। बेहुलीको घर पुगेपछि निम्न दश रीत बेहुला तर्फबाट बुझाउनु पर्दछ।[७]

---

[६] मेची न.पा. वडा नं.७ झापा जिल्ला बस्ने वर्ष ५८ का श्री सुवास योङयाहाङ लिम्बूसँग मिति २०७६ साल फाल्गुन ८ र ९ गते छलफलबाट।

[७] साविक जाँते गा.वि.स. वडा नं.९ वर्तमान लेटाङ न.पा. वडा नं.८ मोरङ्ग जिल्ला बस्ने वर्ष ७८ को श्री योगेन्द्र बहादुर संयक लिम्बूसँग मिति २०७६ साल मंसिर १ र २ गते भएको छलफलबाट।

विवाहका दश रीतको विवरण[८]

१. येनथोक्मा थिम् (बास माग्ने रीत) :
इङ्मेबा (बुढौली) द्वारा एक बोतल रक्सी, एक रूपैया पैसा, एक पेरूङ्गो सिकार र एक थुङ्गा फूल केराको पातमा राख्न लगाई एकरात बास बस्नको लागि अनुमति मागिन्छ।

२. पानतक्मा/पानसिङ्मा थिम (कुरा थाम्ने वा थालनी गर्ने रीत) :
इङ्मेबा (बुढौली)ले एक बोतल रक्सी, एक रूपैया पैसा, एक पिरेङ्गो सिकार र एक थुङ्गा फूल केराको पातमा राख्न लगाई विवाहको रितभात बुझिलिन बिन्ति बिसाउँछ।

३. सुभाचा थिम् (तुम्याहाङ सुभाको रित) :
एक बोतल रक्सी, एक पेरूङ्गो सिकार, एक रूपैयाँ पैसा र एकथुङ्गा फूल केराको पातमा राखी गाउँको सुब्बाको लागि राखिन्छ । (हाल सुभाङ्गी प्रथा उन्मुलन भएकोले यो भाग हालका दिनहरूमा गाउँका तुम्याहाङले बुझिलिने चलन छ।

४. मेक्खिम साःलाङ् (विवाहको प्रमाण प्रस्तुत गर्ने रीत) :
इङ्मेबा (बुढौली) द्वारा एक बोतल रक्सी, एक पेरूङ्गो सिकार, एक रूपैयाँ पैसा र एकथुँङ्गा फूल केराको पातमा राखी विवाह घरमा काटेको रागाँ, खसी, सुँगुर के काटिएको हो त्यो काटिएको जीवको अगाडिको फिला अर्पण गर्दै तपाईहरूकी चेलीको विवाह भोजमा काटिएको जनावरका साँप्रो यही हो भनी प्रमाण पेश गर्नुपर्दछ।

५. थाःमेन्दिन्मा माजातोम्मा थिम् (आमालाई बुझाउने रीत) :
एक बोतल रक्सी, एक पेरूङ्गो सिकार, एक पैसा र एकथुँङ्गा फूल केराको पातमा राखी बेहुलीको आमालाई बुझाउने रीत छ।

६. केः माङ्गेन पाजातोम्मा थिम् (बुबालाई बुझाउने रीत) :
एक बोतल रक्सी, एक पेरूङ्गो सिकार, एक पैसा र एकथुँङ्गा फूल केराको पातमा राखी बेहुलीको बुबालाई बुझाउने रीत छ।

७. नि?याजा तोम्मा थिम् (बेहुलीको फुपुलाई बुझाउने रीत) : एक बोलत रक्सी, एक पेरूङ्गो सिकार, एक पैसा र एक थुँङ्गा फूल केराको पातमा राखी बेहुलीको पट्टिको नि?या (फुपु) लाई बुझाउने रीत छ।

८. इङ्मेवारेम्वा थिम् (कुटुनीलाई बुझाउने रीत) एक बोतल रक्सी, एक पेरूङ्गो सिकार एक पैसा र एक थुँङ्गा फूल केराको पातमा राखी बेहुली तर्फको इङ्मेवारेम्वा (कुटुनी) लाई बुझाउने रीत छ।

९. हक्तक्वा तोम्मा थिम् (मुख्य रीतभात) : यथासक्य मात्रामा रक्सी दुईगाग्रो, भित्र्याँस झिकिएको डोलै सुँगुर, पाँच रूपैयाँ पैसा र एकथुँङ्गा फूल केराको पातमा राखी इङ्मेबा (सरदार) द्वारा हेनाममा (विन्ती) गर्दै बुझिलिन अनुरोध गरिन्छ। आजभोलि यो चलन विधिको रूपमा मात्र पूरा गरिन्छ।

१०. पान्सुप्मा/कुबेलुङ्मा थिम् (विन्ती विर्सजन गर्ने रीत) : एक बोतल रक्सी, एक पेरूङगो सिकार, एक पैसा र एकथुँङ्गा फूल केराको पातमा राखि माथि जे जस्तो भएता पनि हामीले प्राप्त गरी बुझाई दिनु भनी पठाएर ल्याएको सम्पूर्ण रीतभात राखी बिन्ति बिसाएका छौं भन्दै समाप्त भएको घोषणा गरी टुङग्याउने चलन छ।

यसरी लिम्बू जाति र संयक वंशमा विवाहको चारकलम रीतको कार्यक्रम सम्पन्न हुन्छ। त्यसपछि बेहुला पछाडि, बेहुली अगाडि भएर आमाबाबु लगायत चारपासिङ (दाजुभाइ), तुतु-तुम्याङ, या?ला-सुहाङ र अन्य मान्यजन सबैलाई पैसा र फूलको थुँङ्गा राखेर सेवाढोग गर्नु पर्दछ। सेवाढोग कार्यक्रम सकेपछि मागी विवाहको थिवोङ याक्थुङ थिम् (दश लिम्बूवानको रित) अनुसार चार कलम रीत पूरा भएको मानिन्छ।

[८] पथरी शनिश्चरे न.पा. वडा नं.८ साविक सनिश्चरे गा.वि.स. वडा नं.४, मोरङ्ग बस्ने वर्ष ८६ का श्री बल बहादुर चेम्जोङ्ग लिम्बूसँग मिति २०७६ साल चैत्र २१ र २२ गते भएको छलफलबाट।

ख) प्रेम/भागी विवाह (नानु?मा मेख्खिम) :
याक्थुङ (लिम्बू) समाजमा प्रेम विवाह(नानु?मा मेख्खिम) गर्ने प्रचलन समेत चलेको छ। युवा-युवतीबीच गाउँघरमा हुने विवाह, बर्खि, हाटबजार, मेलापात जस्ता स्थानहरूमा भएको भेटघाटमा परिचय भएपछि यालाङ (धाननाँच) को माध्यमबाट एकआपसमा मायापीरती बसेपछि अभिभावकहरूको स्वीकृति विना विवाह बन्धनमा बाँधिने चलनलाई मन पराउन (नानु?मा) र खेप्मा मेक्खिम (भागी/प्रेम विवाह) भनिन्छ। यसैलाई चोरी विवाह पनि भन्ने गर्दछ।

कुनैपनि लिम्बू परिवारकी उमेर पुगेकी छोरी खासगरी साँझपख समयमा घरमा नआइपुगेमा घरकाहरूले खोजतलास गर्दै परिवारको छोरीमान्छेहरूले उनको सामान खोजी गर्दा पेक्कोसिं (पूरानो जमानाको रूपैयाँ/पैसा सुनचादी राख्ने बेतले बुनेको सानो थैली/पर्स) मा चारवटा सिन्का भाँचेर छोडी गएको पाएमा कुटुम्वको साथमा गएको रहेछ भन्ने वुझिन्थ्यो वा “म आफ्नो खुशीले मन परेको केटासँग गएको छु र आगामी दिनमा पञ्च भलाद्मीले मेरो बारेमा यथोचित निर्णय गर्नेछन् भनी चिन्ह छाडिगएको छु” भन्ने मनसाय व्यक्त भएको अर्थ लाग्थ्यो। यसरी लिम्बू जातिमा उमेर पुगेको छोरी आफूले प्रेम विवाह/भागी विवाह गर्ने चलन थियो।

यो पेक्कोसिङ भएनभएको घरका महिलाहरूले हेर्ने गर्दछन् । यस्तो प्रेम विवाहमा केटाको घर नजिकै पुगेपछि केटीलाई एउटा घरमा राखी केटाको घरमा आफ्नो आमाबुबा (अभिभावक) समक्ष केटी ल्याएको जानकारी गराउनु पर्छ । अभिभावकबाट अनुमति प्राप्त भएपछि घरमा केटीलाई ल्याईन्छ । केटाको घरमा पुऱ्याएपछि केटाको अभिभावकहरूद्वारा सोधपुछ गर्दा केटाले जबरजस्ती तानील्याएको हो र यो कटासँग विवाह गर्न विराजी छु भनिन् भने केटाबाट केटीलाई छुट्याई सम्मानपूर्वक केटीको घरको अभिभावक समक्ष केटीलाई भगाए बापत जरिवाना तिरेर केटीलाई ससम्मान माइती पक्षको जिम्मा दिइन्थ्यो। पहिलेको जमानामा पर्ने जरिवानामा-

क) एघार पैसा जरिवाना।
ख) एक बोतल रक्सी

उक्त जरिवाना तिर्न एकजना महिला र बुढौली सहित केटीको अभिभावक समक्ष क्षमायाचनाका लागि जान्छन्। यसरी समयमा केटीलाई नपठाएमा केटी पक्षबाट सुराकी/प्रतिनिधी (योक्थोक्वा) केटी खोज्दै आइपुगेपछि उनीहरूको साथमा फिर्ता पठाउने चलन थियो। केटी विराजी रहीरहेर फिर्ता पनि नपठाएमा योक्थोक्वाहरू फर्किन्छन र माइती पक्षका लडाकु (थक्सुवा) हरू सहित दलबलका साथ फिर्ता आएर केटी फर्काउँछन। लिम्बू समाजमा यसरी फर्काइएकी चेलीलाई कन्या नै मानिन्छ। तर यसबीचमा केटी राजी भएमा योक्थोक्वा/थक्सुवाहरूलाई मेजमान खुवाई केटीको जिम्मा हामी भयौं भनी पठाइन्छ।

तर, अभिभावकहरूले सोधपुछ गर्दा यदी केटाकेटीबीच विवाह बन्धनमा बाँधिनमा वाधा पर्ने गरी साइनो सम्बन्ध लाग्ने भएमा केटीलाई उनको माइती घरमा त्यसैदिन फिर्ता गर्ने चलन छ र फिर्ता गर्न समय नभएमा केटाको दिदीबहिनी वा अन्य महिलाहरूसँग राखिन्छ। केटी भगाएर गल्ति गरेबापत दोश्रो दिन एक बोतल रक्सी र एघार रूपैयाँ पैसा जरिवाना लिएर एकजना महिला सहित भरपर्दो व्यक्ति मार्फत केटीको अभिभावक र मूल व्यक्तिमा क्षमायाचनाको लागि पठाइन्छ।

तर, केटासँग केटी विवाह गर्न राजी भएमा र साइनो नलाग्ने ठहरिएमा याक्थुङ (लिम्बू) को विवाहको चारकलम दशरीत मध्येको तेश्रो कलम बमोजिम मेक्कामा थिम् (लगन विधि) गरिन्छ। यसपछि केटीको घरमा विवाह भएको प्रमाणस्वरूप लगन गर्दा चौपाय काटेको खुट्टाको फिला (मेखिम सालाङ) पठाइन्छ जसलाई ‘चोरको सोर बुझाउने’ पनि भन्ने चलन छ। कतिपय अवस्थामा यतिमै विवाह सम्पन्न भएको मानिन्छ। कतिपयले विवाहको मिति तय गरी ठूलो विवाह गर्ने चलन छ। यसरी विवाह गर्दा लोकन्ती ल्याउने चलन हुँदैन। गाउँघरमा ल्याईएका बुहारीखलक वा नाता नलाग्ने महिलाहरूलाई लोकन्ती बनाएर पुनः घरमा भित्र्याईन्छ। यसलाई सामाजिक रपमा बुहारी वा नाता साइनो सम्बन्ध चिनाउने विधि भनिन्छ। बेहुला र बेहुलीले आमाबाबु लगायत आफूले मान्नुपर्ने मान्यजनहरू जस्तै - दाजुभाइ (चारपासिङ), काकाकाकी, मामामावली, भद्रभलाद्मी (तुततुम्याङ) हरूलाई सेवाढोग गर्नुपर्दछ।

त्यसपछि विवाहको भोलिपल्ट यस्तो विवाहको रीत अनुसार नाता कायम (इङ्मे नादोङ) गर्न बेहुलाबेहुली, लोकन्ते (साङ्लाइङ्बा), बुढौली (इङमीबा) र सहयोगी सहित कोसेली (हुक्वा) लिएर बेहुलीको माइतीको घरमा पठाउने चलन छ। साथमा निम्न कोसेलीहरू लाने परम्परा छ :

क) विवाहमा काटिएको चौपायको मासुको फिला,
ख) सिङ्गो सुँगुर,
ग) रक्सी आदि।

यस रीतलाई 'हक्तक्वा' भनिन्छ। उक्त मासुको फिलाको साथमा सबै कोसेली/रीत बुझिलिएपछि केटीको घरमा इङ्मे नादोङ् विवाहको रित पूरा भएको मानिन्छ। त्यसपछि बेहुलीका आमाबुबा, काकाकाकी, दाजुभाइ, मामामावली र भद्रभलाद्मी (तुतुतुम्याङ) सबैलाई बेहुली बेहुलाले दाम राखी सेवाढोग गरिसकेपछि संयक वंशको परम्परा अनुसार प्रेम विवाह सम्पन्न हुन्छ।

ग) चोरी/जबरजस्ती (लक् मेख्खिम)

याक्थुङ (लिम्बू) जातिमा पूरानो जमानामा चोरी/जबरजस्ती विवाहको चलन समेत रहेको थियो। कुनै लिम्बू युवाले मेला, हाट वजारमा युवतीसँग भेटघाट भई वोलचाल वा धाननाच आदिका क्रममा केटीको राजीखुसी नभएता पनि जबरजस्ती गरी तानेर लाने चलन थियो। यसप्रकार हुने विवाह पद्धतिलाई चोरी/जबरजस्ती विवाह(लक् मेख्खिम) भनेर जानिन्थ्यो। यस प्रकारको चोरी वा जबरजस्ती विवाहको क्रममा केटी पक्ष विवाहित वा अविवाहित दुबै वर्गका पर्दथे। यस्ता घट्ना प्राय धाननाच (या:लाङ) को क्रममा हुने गर्दथे, किनकि धाननाच अघि साईनो सम्बन्ध केलाइने भएकोले नाता नपर्ने र धाननाचीरहेकै बखतमा जबरजस्ती गरी लैजान सजिलो हुने भएकोले गर्दा यस्तो भएको हुनुपर्दछ।

केटीलाई जबरजस्ती गरी केटाले घर लगेतापनि घरमा पुऱ्याएपछि भद्रभलाद्मी, दाजुभाइहरूले केटीलाई सोधपुछ गरी पक्का भएपछि चारकलम रीतमध्येको तेश्रोकलम रीत अनुसार लगन (मेख्खिम थिम) गर्ने चलन रहेको छ। लगन गरिसकेपछि भोलिपल्ट केटा पक्षबाट कोसेली बोकेर केटीको घरमा जानकारी गराउन जानुपर्दछ। कोसेलीहरूमा :

क) सुँगुरको फिला
ख) ७/८ वोतल जति रक्सी
ग) अचार/तरकारी आदि।

माथिका सामग्रीहरू लैजान एकजना कोसेली वोक्ने केटा, एकजना बुढौली (इङमिवा) र एकजना बुढौलीको भरपर्दो साथीलाई केटीको घरममा पठाउने चलन छ। यस्तो विवाहमा कोसेली लिएर जानुभन्दा अगाडि एकजना कुटुनी/दूत (इङ्वारेम्वा) पठाइन्छ।

कुटुनीले भेटघाटको वातावरण तयार गरेपछि मात्र बेहुला पक्षको बुढौलीले आफू आएको जानकारी गराउँछन्। त्यसपछि कुरा गर्दै तपाईंहरूको छोरीचेली हामीसँग छ भन्ने खबर दिन आएका छौं भनी बेलीविस्तार कुरा राखेपछि साथमा ल्याएका कोसेलीहरू ग्रहण गरिदिनुहुन अनुरोध गर्दछन्। यस्तो प्रकारको विवाहको परम्परामा कतिपय अवस्थामा केटी पक्षले कोसेली ग्रहण गरी स्वीकार गरिदिन्छन् र कुरा मिल्न जान्छ। तर कतिपय अवस्थामा केटीको माइती पक्षलाई चित्त बुझ्दैन र कुरा मिल्दैन। कुरा मिलेको आवस्थामा दुबै पक्षका अभिभावकहरू बसेर रीतभात आदिको वारेमा टुङ्गो लगाउने चलन छ। यसरी चोरी/जबरजस्ती विवाहको प्रकृया समाप्त हुन्छ।

घ) जारी विवाह (खत् मेख्खिम) :

खासगरी अर्काकी विवाहित स्वास्नीलाई अन्य कोही पुरूष व्यक्तिले जुनसुकै तरिकाले भएपनि लगेर आफ्नी श्रीमती बनाएमा त्यस प्रकारको चलनलाई जारी विवाहका नामबाट जानिन्छ। नेपाली समाजमा पहिले पहिले यस प्रकारको

विवाहको प्रचलन प्रायः सबै जातिहरूमा भएको अध्ययनहरूले देखाउँछ।

याक्थुङ (लिम्बू) समाजमा जारी विवाहको प्रचलन अहिले पनि रहेको पाइन्छ। अर्कै केटासँग विवाह भइसकेकी लिम्बू महिलालाई अर्को याक्थुङ (लिम्बू) युवाले श्रीमती वनाउन ल्यायो भने त्यसलाई जारीगरी केटील्यायो भन्ने चलन छ र त्यसपछि विधिपूर्वक जारीविवाह सम्पन्न गर्नुपर्दछ।

यस विधि अन्तर्गत पहिलो विवाह गरेको लोग्नेले आफ्नो विवाहित श्रीमती माइतबाट नयाँ केटासँग गएको भए माइत पक्षमा र आफ्नै घरबाट भागीगएको भए सिधै भगाएर लैजाने नयाँ केटा (जार) को घरमा खोजीगरी पत्तालगाई तुम्याङ् (पञ्च भलादमी) हरूको रोहवरमा 'चुम्लुङ' राखी छलफल गर्ने गराउने प्रचलन पहिले थियो र हालपनि यदाकदा यो चलन चलेको पाइन्छ। यसमा तुम्याङ (पञ्चभलाद्मी) हरूले विवाहको सुनौली रूपौलीको खत् रीत हेरी जारीवापत तिर्नुपर्ने रूपैयाँको मूल्य कायम गरिदिए पछि सोही बमोजिम जारीखत् बुझाउने र बुझिलिने चलन थियो।

यसरी जारी तिरीसकेपछि सो विषयलाई लिएर बाटोघाटो वा मेलाहाटमा झैझगडा किचलो गर्न नपाइने नियम थियो। जारी विवाहमा यो विधि पूरा गरिसकेपछि ससुरालीमा खबर (इङघङ) पठाएर साइनो सच्याउन अनुमतिका लागि समय मिलाउनुपर्दथ्यो। साईनो सम्वन्ध मिलाउनको लागि बुढ्यौलीको नेतृत्वमा हकतक्वा (चारकलम) रीत लिएर जानुपर्दछ। यो विधिलाई 'काईतोम्मा' (साइनो सच्याउने) रीत भनेर जानिन्छ।[९] तर वर्तमान समयमा कतिपय रीतहरू मासिएको, प्रतीकात्मक रूपमा मात्र मान्ने गरिएको वा समाज आफैले सुधार गर्दै गरेको अवस्थासँगै संशोधित कानुनहरूको प्रावधानहरूका कारणले पूरानो परम्पराहरूलाई नयाँ तरिकाले पूरा गर्ने चलन समेत चलेको छ। काईतोम्मा अन्तर्गत पूरा गर्नुपर्ने साढे अठार कलमका रीतहरू निम्न बमोजिम रहेका छन् :

साढे अठार कलमका रीतहरू

क्र.स	रीतको नाम	दस्तुर	रीतको लागि चाहिने सामाग्रीहरु
१.	डेरा नाक्मा	रु. १।-	रक्सी एक बोतल र एक पेरुङ्गो अचार, यो समाजले पाउने रीत ।
२.	सुभाचा	रु. १।-	रक्सी एक बोतल र एक पेरुङ्गो अचार, सुव्वाले पाउने रीत ।
३.	लाइ्फेवाजिम्मा	रु. ५।-	लोकन्दीहरुले पाउने रीत ।
४.	पेको सामा	रु. २।-	आमाले पाउने रीत ।
५.	तुरा सक्मा	रु. ५।-	समाजिक विवाह हुँदा समाजले पाउने रीत ।
६.	सेमाङ्माक्मा	रु. २।-	सामाजिक विवाह हुँदा समाजले पाउने रीत ।
७.	याङसिङ्मा[१०]	रु. २/५०।-	एक बोतल रक्सी, एक पेरेङ्गो अचार, बेहुलीपट्टीको इङ्मीवा (बुढौली) ले पाउने रीत ।
	जम्मा रीत[१]	रु. १८/५०	

---

[९] साविक बोधे गा.वि.स वडा नं.३ वर्तमान चौविसे गा.पा. वडा नं. ५, धनकुटा जिल्ला बस्ने वर्ष ८६ को श्री टेक बहादुर संयक लिम्बूसँग छलफलबाट (मिति २०७६ साल मंसिर १५ र १६ गते)।

[१०] माथि उल्लेखित रीतहरूमा १८ कलम पूर्णरूपमा नपुगेता पनि बाह्र मसला एकै लसुन भन्दै साढे १८ कलम पूरा भएको मान्ने चलन समेत चलनमा थियो।

८.३.२ साईमुन्द्र/वागदत् रीत (मेल्लुङ फु?मा थिम) :

याक्थुङ (लिम्बू) जातिको विवाह सम्पन्न गर्दा केटी पक्षका लागि माथिका सबै रीतहरू पूरा गरेता पनि (साथै साढे १८ कलम रीत पूरा भएपनि) साईमुन्द्री/वागदत् (मेल्लुङ फु?मा) को रीत पूरा नभएसम्म विवाह सम्बन्धी रीत पूरा भएको हुन्न भन्ने विशिष्ट प्रकारको परम्परा रहेको छ।

यो रीत पूरा नभएसम्म यदि श्रीमतीले मृत्युवरण गरेमा श्रीमान् पक्षबाट काजक्रिया गर्न पाइन्न र छोराछोरी समेत मावलीपट्टिकै हुन्छन्। यो रीत नछिनिकन जन्मिएका बालबालिकालाई खोसा (रित सम्पन्न हुनुअघि पाएका सन्तान) मानी रीतभात पनि मावलीले नै जिम्मा लिन्छन्। प्राचीन समयमा लिम्बू जातिमा नगद वा जिन्सीलाई दाइजोस्वरूप विवाहमा दिने चलन पनि थिएन।

विवाह भएको केही समयपछि छोरीज्वाइँबाट जायजन्म भएपछि छोरीज्वाइँको घरजम हुने पक्का विश्वास भएपछि ज्वाइँको तर्फबाट केही कोसेली लिएर साईमुन्द्र/वागदत् माग्न जाने गर्दछन्। कोसेलीहरूमा निम्न हुन्छन :

क) एक बोतल रक्सी
ख) दुई रूपैयाँ दस्तुर र,
ग) अन्य हुक्वा चेस्सुङ (कोसेली) हरू।

ज्वाइँले ससुरालीमा पुगी यो साईमुन्द्रि/वागदत् (मेल्लुङ फु?मा) विधि पूरा गरेपछि मात्र लोग्नेले स्वास्नीको काजक्रिया गर्न पाउने र छोराछोरीको रीतभात लिन पाउने अधिकार ज्वाईंमा हस्तान्तरण हुन्छ। तर आकस्मिक रूपमा चेलीको मृत्यु भएमा र काजक्रिया गर्नको लागि सुद्धाईका दिन 'मेल्लुङ फु?मा' को दस्तुर राखी ज्वाइँतर्फबाट तुम्याङ (पञ्च भलाद्मी) हरूको रोहवरमा मेल्लुङ फु?मा विधि सम्पन गरिन्छ।

तर कतिपयले तीन दिनमा युम्सा (नूनतेल) गरिने भएकोले युम्सा भन्दा अगाडि एक बोतल रक्सी र दुई रूपैया दस्तुर राखि 'मेल्लुङ फुसिङ्मा' गर्ने चलन पनि छ। आजभोलि, लिम्बू संस्कारमा हिन्दू धर्मको समेत प्रभाव पर्दै गएकोले समाधिस्थलमा कपाल खौरने समेत चलन भएकाले कपाल खौरिनुभन्दा अगाडि यो रीत पूरा गर्ने चलन पनि चलेको छ।

८.३.३ मृत्यु संस्कार (सिमेरी याम्बक)

मृत्यू मानव मात्र नभएर कुनैपनि जीवित प्राणीहरूका लागि एक अनिवार्य शर्त हो। यस धर्तीमा जन्म लिएर आएका कुनैपनि प्राणीले कुनै न कुनै रूपमा आफ्नो जीवनको अन्त भोग्नुनै पर्ने हुन्छ। तर मानवमात्र एक चेतनशील र सक्षम प्राणी भएकाले उसले आफ्नो जन्म तथा मृत्यू मात्र होईन, अन्य विभिन्न प्रकारका संस्कारहरूको विकास गरी जोगाईआएका छन्।

याक्थुङ(लिम्बू) जातिमा मृत्यू संस्कारलाई सिमेरी याम्बक भनिन्छ र यो संस्कारको उत्पतिका सम्बन्धमा मुन्धुम्मा पुग्नुपर्दछ। तसर्थ, मृत्यू संस्कारका सबै प्रक्रियाहरू मुन्धुम् अनुसार नै सम्पन्न गरिन्छन्। मुन्धुम अनुसार, धेरै अघि श्रृष्टिमा एक महिला पात्र इरेरे इधुकनामा थिइन्। उनका लाकेरेक र नामकेरेक नाम गरेका दुईजना छोराहरू थिए। पछि इरेरे इधुकनामाको मृत्यू भएपछि आमाको लासलाई दाहसंस्कार गर्नका लागि छोराहरूले खोलामा लगे तर त्यहाँ माछाहरूले वगाउन दिएनन्। त्यसपछि उनीहरूले रूखमा लगेर राख्ने निधो गरे, त्यहाँपनि चराहरूले राख्न दिएनन्। त्यसपछि उनीहरूले आमाको लासलाई ओढारमा लगेर राखिछाडे र उनीहरू घरमा फर्किए।

छोराहरू बारीको काममा जाँदा आमाको हंश(आत्मा) आएर घरमा काम गरिदिन्थिन् र छोराहरू कामबाट घरमा आउँदा घरको काम सबै भएको पाउँथे। छोराहरू घरमा बसेका बेलामा आमाको हंश (आत्मा) ले बारीमा अधुरो

छाडेका मेलापातका कामहरू पूरा गरिदिन्थिन्। यसरी घर र बारी दुवैतिरको काम उनीहरूले थाहा नै नपाई भएकोमा छोराहरू अचम्मित बनिरहेका थिए। एकदिन ती दाजुभाइ रातिको समय पारेर बारीमा लुकेर बसेछन् र त्यहीबेला रातमा ओढारबाट आमाको हंश निस्किएर बारीको काम गर्न थालेको देखे।

आफ्नी आमालाई यसरी काम गरेको देखेर ती दाजुभाइले समाउन खोजे। तर आमाको मृतआत्मा (हंश) ले-"म मृत्यु भइसकेकी हुँ, तिमीहरू जिउँदो मानिसले मलाई छुनुहुँदैन, मेरो लासलाई विधि पुऱ्याएर दाहसंस्कार गर्नु, तीन दिनसम्म नुनतेल बारेर मलाई विधि पुऱ्याई विदा गर्नु, अनि मेरो आत्माले विश्राम पाउँछ।" आमाको मृतआत्माले यति बताइसकेपछि छोराहरूले चेधाप (काँधीकाठ) बनाई अन्त्येष्टि गरेर, तीन दिनसम्म नुनतेल बारेर तीन दिनको दिन नुनतेल मागेर खाने चलन बसेको हो भनी मुन्धुमको कथा पाइन्छ। र, लिम्बू जातिमा त्यही समयदेखि छोरी मान्छेको ३ दिन र छोरा मान्छेको ४ दिन नुनतुल बार्ने (युम्चा) विधि चलनमा आएको मानिन्छ।

याक्थुङ (लिम्बू) जातिको संयक वंशमा सम्पन्न गरिने सिमा-मामा थिम/सिमेरी याम्बक (मृत्यु संस्कार) लिम्बू जाति बाहेकका अन्य जातजातिको भन्दा निकै नै फरक छ। जसलाई सङ्क्षिप्त रूपमा तल व्याख्या विस्तार गर्ने प्रयास गरिएको छ।

- मान्छे मृत्यु हुनसाथ मुख, आँखा, हात, खुट्टा मिलाएर लासलाई पानीले सफा गरी कपडाले ढाकेर राखिन्छ।
- घरभित्र लास राख्ने ठाउँमा एकोहोरो लिपेर त्योमाथि लास राखिन्छ। आजभोलि शिरमा सेमीहाम्मा (दियो बालेर) राख्ने चलन छ। कसैले निधारदेखि पैतालासम्म पैसा लहरै राखीदिने चलन पनि छ।
- मृतकले जीवित हुँदा मन पराएको केही सामान लासको छेउमा राखिदिने।
- सबै आफ्नो आफन्तहरूलाई खबर गरी उपस्थित भएपछि सतगत गर्न लगिन्छ वा उठाइन्छ।
- व्यक्तिको मृत्यु भएपछि परिवार जम्मा हुनासाथ सकेसम्म चाँडो मृतकलाई इपुङ्देन (चिहान डाँडा) लाने चलन छ, पहिलेको चलनमा लिम्बूहरूको लासलाई खोला र घाटमा लाने चलन छैन।
- मृत्यु भएपछिको घण्टाघण्टाको अन्तरमा विजोर तीनपटक सुचनाको लागि बन्दूक पड्काउने चलन रहेकोमा हालमा वन्दूकहरू नभएकाले यो चलन हराउँदै गएको छ ।
- चेलीको मृत्यु भएमा साईमुन्द्री वाग्दत वाँकी रहेको भए मृतकका माईतिहरूलाई बोलाएर दुई पैसा र दुई वोतल रक्सी राखी वाधा फूकाई मागेर दाहसंस्कार गर्ने चलन पनि छ।

क) लासका लागि आवश्यक सामग्री

१. लास राख्ने काठको फल्याक वा गुन्द्रि।
२. निधारमा टाँस्ने युप्पा फूङ (चाँदीको पैसा)। (जसलाई तावुएःप्मा पनि भनिन्छ)।
३. आजभोली सेमीहाम्माका लागि थालमा चामल र दियो।
४. चामल पकाउनको लागि फूजिक (हाँडी) मा सो चामलाई नचलाई र नछोपी पकाउने।
५. काँचो केरा
६. ढ्याक पैसा
७. भुटेको धान
८. पूरानो डोको।
९. कात्रो (सिचिरिक)

माथिका सामग्रीहरू जुटाउने कार्यसँगै फेदाङ्मा र अन्य स्वयंसेवीहरू कात्रो (चेधाप) का सामग्री जुटाउने र तयारी गर्ने कार्यमा लाग्दछन्।

ख) चेधाप् निर्माणका लागि सामग्रीहरू[11]

१. बाँस : लासको लम्बाई हेरी दुईवटा गोलो बाँस। (बाँसको रूख एकवटा मात्र वा एकले नपुगेमा विजोर सङ्ख्यामा काटिन्छ)
२. छोरा मान्छे हो भने चारवटा खप्टासँगै चारवटा सानो भाटा।
३. छोरी मान्छे हो भने तीनवटा खप्टासँगै तीनवटा सानो भाटा।
४. चेधाप : दुवैपट्टि बाँसको चोयाको तीन पया खेनाम (नाम्लो)।
५. सिचिरिक : कात्रो (लासलाई वेर्नपुग्ने सेतो कपडा)
६. चेलेक्वा : लासको अगाडि पछाडि बोक्ने सेतो ध्वजा।
७. फूजीक : माटोको सानो हाँडी।
८. साम्मि : मृत आत्मालाई दिइने आगो।
९. आगो दिनको लागि एकमुठा निङ्लाक्वाको खर।
१०. नाम्योबा (तितेपाति) फुङ्।
११. लाया (भुटेको धान र पैसा र काम चलाउको लागि केराको पैसाजस्तो वनाएको टुक्राहरू)।
१२. चे-खेनाम (नाम्लो)।
१३. नाम थेक्मा (घाम छेक्ने)।
१४. नाम थेक्मामा सात दाना चामल।

माथिका सामग्रीहरू तयार भएपछि लिम्बू जातिको प्रचलित मुन्धुमी विधि अनुसार कात्रो (चेधाप) तयार गरिन्छ।

ग) सिसाम-मी र चेधाप वनाउने विधिहरू :

१. बाँसलाई मृतकको नाप अनुसार काट्ने।
२. पुरूष भए चार र महिला भए तीनवटा वाँसको खप्टा वनाउने। वाँसको खप्टा र भाटाको सङ्ख्या बराबर हुनुपर्दछ।
३. चेधाप् (धारो) को दुवैपट्टी तीनपोया चोयाको खे:नाम् (नाम्लो) बाँधिदिने।
४. सिचिरिक (कात्रोको कपडा) दुईवटा मृतकको नाप अनुसार तयार पारी चेधाप्को शिर र खुट्टापट्टी राख्ने।
५. सेतो ध्वजा(चेल्लेवा) २ वटा बनाएर चेधापको शिर र खुट्टापट्टी राख्नुपर्छ।
६. नाम्यो:वा (तितेपाती) निङ्लक्वा (सिरू), सिदिङ्बा (अडेरी) को काँडा सानो मुठा बनाएर सिसाम-मि (आगो) दिनका लागि बनाउनु पर्छ। त्यो मुठा बाँध्दा, छोरा मान्छेको हकमा चारठाउँ र छोरी मान्छेको हकमा तीनठाउँ बाध्नुपर्छ।
७. सामथरे (आत्माको भऱ्याङ) : याक्थुङ (लिम्बू) को मृत्यु संस्कार विधिमा सामथरे बनाइन्छ र सो बनाउँदा छोरा मान्छेको भए चार र छोरी मान्छेको तीन तलाको बनाउनुपर्छ।
८. दागवत्ति (सिसाम्मी) दिने सामग्री बनाउने।

घ) चेधाप (धारो)मा लास चढाउँदा गरिने विधि:

१. लासलाई चेधापमा लगाउने वेलामा एकपटक बन्दुक पड्काइन्छ।
२. चेधापमाथि काठको फल्याक राखिन्छ।
३. चेधापमा लासको टाउको पूर्व र खुट्टा पश्चिम दिशा पर्नेगरी राखिन्छ।
४. चेधापमा लास चढाएपछि जतिवटा खाप्टा बाँधिएको छ, त्यो ठाउँमा बाँसको चोया वा कपडाले लासलाई बाँध्नुपर्छ।
५. चेधापमा खाप्टासँग सानो भाटालाई ठाडो पारेर वरिपरी सेतो कपडा (कन्दुवार) ले लासलाई बेर्नुपर्छ।

---

[11] मिति २०७६ साल फाल्गुन ९ गते बुद्धशान्ति गाउँपालिका वडा नं. ४ झापा जिल्ला बस्ने वर्ष ५२ को श्री कमल तवेबुङ् लिम्बू (सावाला साम्बा) सँग छलफलबाट।

ङ) लासलाई घरबाट उठाउने विधि :

१. घरबाट लास उठएर हिँडाउने बेलामा जानकारीस्वरूप एकपटक वन्दूक पड्काउने चलन छ।
२. घर परिवार र आफन्तहरूले लासमा फूलहरू राखेर खुट्टामा ढोग्दछन्।
३. मृतआत्माको विदाईस्वरूप चेधाप वरिपरी घुम्दै पुरूषको लास भए चारपटक र महिलाको भए तीनपटक इ.हु.हु.हु. आवाज निकाल्दै चारसुरमा देब्रे हातले सिसाम्मी (अग्नी) दिइन्छ।
४. लास उठाउनको लागि चारजना मानिसहरू (आफन्त) चेधापको चारैसुरमा समातेर पुरूष भए चारपटक र महिला भए तीनपटक इ.हु.हु.हु आवाज निकाल्दै लासलाई चिहानडाँडा (इपुङ्देन).मा लगिन्छ।
५. मादेम्वा, साम्वा र तुम्याहाङसँगै एकजना सहयोगीले चेलेक्वा, माङ्देम्वाले नाङ्गो खुकुरी हातमा लिएर लासको अघि-अघि इ.हु.हु.हु.भन्दै खुकुरी नचाँउदै हिँड्दछन्।
६. लासको अघिअघि एकजना कुटुम्व वा फेदाङ्माले भुटेको धान र ढयाकी पैसा (पैसाको अभाव भएमा काँचो केराको कोसालाई चाना पारेर पैसाजस्तै देखिने वनाएर) धानसँग मिसाएर दोवाटो वा चौवाटोहरूमा अलिअलि गर्दै छर्दै हिँड्दछन्।
७. लासको पछि पछि एकवना कुटुम्व वा फेदाङ्माले सेतो ध्वजा, अगुल्ठो र सिसाम तक (मृतकको लागि चढाइने भात), पानी र अन्य सामानहरू पूरानो डोको वा थुम्सेमा वोकेर हिँड्दछन्।
८. सेतो ध्वजा वोक्नेको पछिपछि अन्य सबै मलामीजनहरू हिँडदछन्।

च) खाम इङ्मा थीम (माटो किन्ने रीत)[१२]:

मृतकको चिहानको लागि खाडल खन्नुभन्दा अगाडि दश लिम्बूवानको रीति बमोजिम चौवीसे क्षेत्रमा अन्य जातिका लिम्बूहरूले मृतकको लागि माटो किन्ने विधि पूरा गर्नुपर्दछ । मृतकको लागि माटो किन्नुभन्दा अगाडि फेदाङ्मा/साम्वा/तुम्याङले एकजोडि सिक्कापैसा, सिरो वा युक्मिवा (हर्कटो), सिदिङ्वा (अडेरी) लिएर निम्न मुन्धुम बाचन गर्दछन:

"खेप्सेम्मो–तुतुगेन तुम्याहाङ, याक्लागेन सुहाङ, सिसागेन मेन्छिन्नालीगेन थाङ्वेन, आइन आनी सिमेरी तुक्खेवा पोखेल्लेओखेलरी आजुप्सेलेमाथामा थेआङ होप्साङ्कनईपुङ्देनले मुन्धुम कुवेक खमा लामतोम्मा आनी थिवोङ थाक्थुङसारे मुन्धुम वरो। हेन कुसिङताधक तुङ्लो।"

अनुवाद :
(उपस्थित सबै भद्र भलाद्मीजन, भद्र महिलाहरू, चेलीहरू, तन्नेरी यूवाहरू सबैले सुन्नुहोला......आज (फलाना) को मृत्यू भएकोले यसरी भेला (जम्मा) भएका छौं। मुन्धुम र विधिको कुराहरू त धेरै थिए होलान् तर जान्नु केही छैन, हाम्रो दश लिम्बूको रीत अनुसार र्मतकको लागि चिहानको माटो किन्ने रीत भई आएकोले मुन्धुम विधि अनुसार माटो किनेर वाटो लगाउने चलन हामी लिम्बूवान सत्र थुमको रीत बमोजिम तपाईंहरूको अनुमतिबाट सुरू गरे है...भनेर खाडलभित्र सिक्कापैसा राखिदिने चलन रहेको छ)

तर संयक वंशका लिम्बूहरू चौबिसे भूमिका खाम्वोङ्वा लुम्वोङ्वाहरू भएको कारण यो वंशले सुत्लुङ गाड्ने र माटो किन्नुपर्दैन। चौवीस क्षेत्रमा बसोबास भै मृत भएका अन्य लिम्बू जातिका सानिस भएमा सम्वन्धित वंशकै संस्कार बमोजिम सुत्लुङ गाडिदिने र चौवीस क्षेत्रमा संयक लिम्बूहरूसँग माटो किन्ने प्रचलन रहेको छ।

[१२] मिति २०७६ साल माघ २६ र २७ गते साविक शनिश्चरे गा.वि.स. वडा नं. ४ हाल पथरी शनिश्चरे न.पा. वडा नं. ८ मोरङ जिल्ला बस्ने वर्ष ८५ को श्री बलबहादुर चेम्जोङ लिम्बू (सेवा सावा) सँग छलफलबाट।

छ) चेखोङ (खाल्डो) को तयारी :

परम्परागत रूपमा लिम्बू जातिको विभिन्न थरीहरूका आआफ्नो चिहानडाँडाहरूमा लगेर लासलाई गाड्ने चलन छ। बदलिँदो चलन र विविध कठनाईहरूका कारण आजभोलि लिम्बू जातिमा यदाकदा लासलाई जलाउने चलन पनि सुरू भएको छ। लिम्बू जातिमा महिलाहरू पनि मलामी जाने चलन छ। सबै कार्यहरू विधिसम्मत रूपले सम्पन्न गरिन्छ।

- लासलाई इपुङदेन (चिहान डाडाँ) पुऱ्याएर सुरक्षित स्थानमा राखेपछि आफन्तजनहरू लासको वरिपरी बस्दछन्। लिम्बू समाजमा महिलाहरू पनि मलामी जान्छन र उनीहरूले लासलाई विधिपूर्वक निगरानी गरी वरिपरी बस्दछन् र पुरूषहरूले चेखोङ (खाल्डो) को तयारी गर्दछन्।
- मृतकलाई खाल्डो खनेर ढुङ्गाको येप्लुङ-तेप्लुङ बाकसजस्तै बनाएर राख्ने चलन प्रचलित छ। तर तराईमा येप्लुङ-तेप्लुङ प्रयोग गर्न मिल्ने ढुङ्गा नपाइने भएकाले काठको बाकस बनाएर राख्ने चलन समेत चलेको छ।

ज) बाटो लगाउने (लाम्तोमा) विधिमा आवश्यक सामग्री :

- एकजोडि दलसिङ ढुङ्गा वा ढ्याक्की पैसा
- युक्मिबा(हर्कटो)
- नाम्योबा(तितेपाती)
- च्वा (चोखो पानी)

१. माङदेम्वा वा तुतुतुम्याङद्धारा वाचन गर्ने मुन्धुम : हातमा दलसिङ ढुङगा र सिदिङ्वा लिएर मुन्धुम वाचन गर्ने:

ᤏᤠᤶᤖᤣ ᤁᤢᤛᤠ, ᤏᤠᤶᤖᤣ ᤋᤣᤖᤢ ᤖᤥ,	नाम्रे कुसा। नाम्रे ते?रू रो,
ᤗᤠ᤺ᤖᤣ ᤁᤢᤛᤠ, ᤗᤠ᤺ᤖᤣ ᤋᤣᤖᤢ ᤖᤥ ॥	ला:रे कुसा, ला:रे तेरूरो।
ᤌᤥᤛᤡᤰᤍᤡᤱ ᤁᤢᤈᤠᤱᤌᤥ, ᤏᤡᤱᤘᤠ᤺ᤑᤢ ᤑᤰᤋᤠᤱ ᤌᤥ,	थोसदिङ कुजङथो, निङ्वा:फू फक्ताङ थो
ᤁᤣᤛᤡᤱᤃᤣᤴ ᤐᤠ᤺ᤕᤶᤘᤠ, ᤐᤠ᤺ᤏᤢᤔᤠᤱ ᤑᤰᤌᤠᤱ ᤌᤥ	केसिङ्गेन पा:यम्वा, पा:नुमाङ फक्थाङ थो।
ᤛᤥᤎᤢᤱᤃᤣᤴ ᤗᤣᤵᤔᤢᤜᤠᤱ, ᤑᤰᤋᤠᤱ ᤔᤣᤳᤌᤥ,	सोधुङ्गेन लेप्मुहाङ, फक्ताङ मेत्थो,
ᤔᤠᤱᤈᤡᤖᤡ ᤔᤠᤱ ᤖᤣ, ᤘᤕᤠ ᤁᤢᤓᤰᤋᤢᤱ ᤔᤣᤳᤌᤥ ॥	माङजिरी माङ रे वया कुभक्तुङ् मेत्थो।
ᤁᤠᤶᤓᤢᤱᤔᤠ ᤗᤥ᤺ᤛᤣ, ᤀᤥ,	काम्भुङ्मा, लो:से? ओ,
ᤁᤢᤄᤣᤶᤛᤡᤱ ᤗᤥ᤺ᤛᤣ, ᤀᤥ ॥	कुघेम्सिङ् लो?से? ओ।
ᤀᤣ... ᤀᤠᤀᤡᤴ ᤏᤠᤱ ᤌᤥ ᤃ	ए ख्ख आइन नाङ् थो ग,
ᤏᤠᤶᤀᤡᤴᤎᤣ-ᤗᤠᤀᤡᤴᤎᤣ, ᤁᤣᤃᤠ᤺ᤰᤋᤢ ᤁᤣᤍᤣᤖᤢ ᤖᤥ,	नामइन्धे लाईन्धे, केगा:क्तु केदे?रू रो
ᤐᤡᤳᤗᤠᤶ ᤔᤣᤴᤍᤥ᤺ᤰᤁᤣ, ᤛᤠᤘᤣᤳᤗᤠᤳᤋᤠᤶ ᤔᤣᤴᤍᤥ᤺ᤰᤁᤣ ᤖᤥ ॥	पितलाम् मेन्दो:क्के , सावेतलताम् मेन्दो:क्के रो।
ᤏᤠᤶᤃᤣᤴ ᤗᤠᤶ, ᤔᤣᤴᤍᤥ᤺ᤰᤁᤣ ᤖᤥ,	नाम्गेन् लाम, मेन्दो:क्के रो
ᤀᤴᤔᤴ ᤗᤠᤶ, ᤔᤣᤴᤍᤥ᤺ᤰᤁᤣ ᤖᤥ ॥	अन्मन् लाम्, मेन्दो:क्के रो।
ᤗᤠᤶᤈᤥ᤺ᤱ ᤁᤣᤈᤥ᤺ᤱ, ᤔᤣᤶᤒᤥ᤺ᤳᤋᤣ ᤖᤥ ,	लाम्जो:ङ केजो:ङ मेम्बो:त्ते रो,
ᤗᤠᤶᤓᤥᤛᤠᤱ ᤑᤥᤛᤠᤱ, ᤕᤱᤃᤵ ᤔᤣᤸᤗᤀᤣ ᤖᤥ ॥	लाम्भोसाङ फोसाङ, यङ्गप मेल्ल?ए रो।
ᤀᤠᤸᤗ ᤜᤣᤏᤣ, ᤐᤢᤱᤛᤠᤶ ᤔᤣᤶᤒᤥ᤺ᤳᤋᤣ ᤖᤥ,	आल्ल हे?ने पुङ्साम मेम्बो:त्ते रो ,
ᤀᤡᤰᤛᤠᤍᤡᤱ ᤂᤠᤶᤒᤣ᤺ᤰ, ᤕᤢᤵᤐᤢᤱ ᤛᤡᤃᤠᤱ ॥	इक्सादिङ खाम्बे:क, युप्पुङ सिगाङ्
ᤁᤣᤕᤠ᤺ᤰᤐᤠ ᤁᤣᤕᤢᤱᤒᤠ, ᤁᤣᤒᤥ᤺ᤰᤂᤣ ᤖᤥ,	केया:क्पा केयुङबा केबो:क्खे रो,
ᤛᤠᤃᤢ ᤁᤣᤓᤢᤖᤢ ᤖᤥ, ᤛᤰᤔᤠ ᤁᤣᤓᤢᤖᤢ ᤖᤥ,	सागु केभु?रू रो, सक्मा केभु?रू रो
ᤛᤡᤃᤡᤛᤥᤛᤠᤶ ᤗᤠᤶ, ᤁᤣᤍᤡ᤺ᤰᤋᤢ ᤁᤣᤍᤣᤖᤢ ᤖᤥ ॥	सिगिसोसाम् लाम्, केदि:क्तु केदे?रू रो।
ᤛᤡᤃᤡᤛᤥᤛᤠᤶ ᤗᤠᤶ, ᤔᤣᤶᤒᤥ᤺ᤳᤋᤣ ᤖᤥ,	सिगिसोसाम् लाम् मेम्बो:त्ते रो,
ᤕᤱᤛᤱ ᤍᤠᤶᤍᤡ᤺ᤰ, ᤋᤡ᤺ᤰᤋᤣ, ᤋᤣᤖᤣ ᤀᤥ ॥	यङसङ दाम्दि:क् ति:क्ते? ते?रे ओ।

२. माङदेम्वाले निङ्वा मेन्दुःक्के यु?् ओ.....भन्दा सबै मलामीजनहरूले ओरो.....भन्दै माङ्देम्वालाई समर्थन गर्दै कराउनु पर्छ।
३. फेदाङबा (पूजारी) ले दलसिङ ढुङ्गा, हर्कटो र अडेरिको काँडालाई खाल्डोको चारसुरमा राखिदिन्छन्। अनि चोखो पानी र तितेपातीले चेखोङ(खाल्डो) लाई छर्केर शुद्ध बनाउछन्।
४. यसपछि मृतकलाई खानपिन चढाइन्छ।
५. मृतकको अन्तिम विदाइको लागि परिवार तथा आफन्तजनहरूले फूल चढाएर ढोग गर्दछन्।
६. अन्तमा, मृतक पुरूष भए चार र महिला भए तीनपटक बाँयापट्टीबाट घुम्दै चारसुरमा देब्रेहातले चेधाप वरिपरि अग्नी दिईन्छ।

झ) इपुङ्देन (चिहान डाँडा) मा लास उठाउने विधि :

- छोरामान्छेको हकमा चारपटक हुऽ हुऽ हुऽ हुऽ मुखबाट आवाज निकाली चौथोपटकमा हातले उठाएर खाल्डोभित्र राख्नुपर्छ।
- छोरीमान्छेको हकमा तीनपटक हुऽ हुऽ हुऽ मुखबाट आवाज निकाली तेश्रो पटकमा हातले उठाएर खाल्डोभित्र राख्नुपर्छ।
- लासलाई चेखोङ् (खाल्डो) भित्र वा खाल्डोमा रहेको वाकसमा राखिन्छ।

ञ) लास उठाउने र खाडल (चेखोङ) मा राख्ने विधि :

- एकपटक बन्दूक पड्काउने।
- छोरीमान्छेको भए तीनपल्ट र छोरामान्छेको भए चारपटक चेधाप सहित लासलाई हुऽ हुऽ हुऽ हुऽ गरी आवाज निकाली उचालेजस्तो गर्दै अन्तिम पटकको आवाजसँगै उचालेर पुरुष भए चारफन्को महिला भए तीनफन्को बाँयापट्टीबाट घुमाएर खाडलभित्र राखिन्छ।
- त्यसपछि मृत व्यक्तिको आत्मा (साम) निकाल्नको लागि खाल्डोको चारसुरमा चारवटा चोयाहरू ठाडो पारेर राखिन्छ।

ट) खाल्डो (चेखोङ) वाट मृतकको आत्मा निकाल्ने विधि :

- एकपटक वन्दूक पड्काइन्छ।
- चामलको गाँठो (साम्चा) फूकाइदिनुपर्छ।
- आत्माको लिस्नो (साम्थरे) भाँचिदिनुपर्छ।
- चेधापमा राखिएको चेथ्या (थाल) निकाल्नुपर्छ र घामछेक्ने (नाथेक्मा) कपडामाथि राख्नुपर्छ।
- सकेसम्म कोही एकल महिलालाई आत्मा थाप्न (साम्दाक्मा) अघि सारिन्छ। उनले उल्टो फर्केर थाल थाप्छन्।
- मृतक पुरूष भए खुकुरी र महिला भए खुर्पाले मृतकको औंठा, छाती, पाउ, काखी र कुममा छुवाउँदै चेखोङ (खाल्डो) भित्रबाट मृतकको आत्मा निकाल्ने विधि गरिन्छ।
- निकालिएको आत्मालाई सो आत्मा थाप्ने एकल महिलाले घाम छेक्ने कपडा (चदुँवा) माथि चेथ्या (थाल) मा थापेर भुँइमा नराखी घरसम्म पुरयाउन लगाईन्छ।
- खाल्डो (चेखोङ) को चारै सुरमा राखिएको चोया वाहिर निकालिन्छ।

ठ) माटो दिने (खाम पिःमा) रीत :

- मृतकलाई माटो दिनु अघि एकपटक वन्दूक पडकाईन्छ।
- नेत केयूक्पा (कृयापूत्री) परिवारहरूले हातमा माटो समाएर इपुङ्देन (चिहान) अगाडि उभिनुपर्छ।
- फेदाङ्बा/साम्वा/तुम्याङले एकजोडि सिक्कापैसा, सिरो वा युक्मिबा(हर्कटो) सिदिङ्बा(अडेरि) हातमा लिएर निम्न मुन्धुम वाचन गर्दछन् :-

"खेप्सेम्मो- तुतुगेन तुम्याहाङ् याक्लागेन सुहाङ्, सिसागेन मेन्छिन्, नालीगेन थाङ्बेन, आईन आनि सिमेरी तुक्खेवा पोखेल्ले ओखेलरी आजुप्से लेमाथामा थेआङ् होप्साङ् कन इपुङ्देनले मुन्धुम कुबेखमा लामतोम्मा आनि थिबोङ् याक्थुङ सारे मुन्धुम वरो। हेन् कुसीङ् ताधक्तुङ्लो।"

सबैले लेघ्रो तानेर ....ओरो......भनेर कराउँदै भन्नुपर्छ।
साथै, फेदाङमा/साम्बा/तुम्याङले निम्न थप मुन्धुम समेत वाचन गर्दछन्:

१. (नाम र मिङ्स्रा) मिति........... महिना......... गते
सामलेखा खामलेरा केधक्किन।
लेछाम नु सेन्दे ओ
खाम सिगाङ् नेम्मादेन पोखेल्ले।

२. चुङ्जिये?छा नु मेरीङ् सिसाम् मारे
निङ्वा मेन्दुके
इसेन मिक्वा मेन्धाए
आबुदिङ् लाम केधासीङ्
ससीकुबे मुक्धुम इसिक लो।

३. आल्ल हेने ग फुङ्साम मेम्बोते
फेन्साम् मेम्बोते निङ्वा मेन्दुके
इक्सादिङ खाम्बेक यूक्पयुङ् ओ
निङ्वा मेन्दुके युङ्ओ.........

सबैले लेग्रो तानेर .....ओरो.....भनेर कराउनुपर्छ।

(भावानुवाद):

१. (नाम)... तिम्रो देह माटोमा मिल्न पुग्दा
तिम्रो आफन्तका रूवाइसँग
मन नदुखाउनु, आँसुसँग नअल्मलिनु
मर्ममा नफँसिकन दुष्टात्मासँग
नभेटिकन नराम्रो बाटो नहिंडिकन।

२. तिम्रो देहको लागि बनाइदिएको
यो ठाउँमा मुन्धुम विधि पूरा गरी
मुन्धुम बाँचा गरी दियौं है...

सबैले लेग्रो तानेर 'हो है' भनी कराउनु पर्छ।

३. मृत आत्माले पूर्वजको बाजे बजुको
कोखमा बाँस गरून् भनी
सृष्टिकर्तासँग बिन्ति गर्दै
यो माटो चढाउँदछौं ....

भनेर मुन्धुम सकिएपछि सबै मलामीजनले पछाडि फर्केर माटो दिनुपर्छ । पहिला परिवारजनले माटो दिन्छन् र त्यसपछि मलामीजन (चेकेसावा) ले मृतकलाई माटो दिने गर्दछन्।

माटो दिइसकेपछि चेखोङ (खाल्डो) को चार कुनामा राखिएको चोयालाई २ जनाले चोया तानेर ''साम लन्देम्ओ'' सबैको आत्मा निक्ल है भनेर फेदाङ्माले मलामीजन लगायत सवैको आत्मालाई खाडलबाट निकाल्ने चलन रहेको छ। खाडल(चेखोङ) लाई ढुङ्गाको ढकनी (तप्लुङ तेप्मा) ले छोप्नुपर्दछ।

ड) चिहान (इपुङ) बनाउने तरिका :

- छोरा मानिसको भए मृतकलाई गाडेको जमिन भन्दा माथि ढुङ्गाको चारतला उठाइन्छ।
- छोरी मानिसको भए जमिनभन्दा माथि ढुङ्गाको तीनतला उठाइन्छ।
- मृतक पुरूष भएमा शिरतर्फ चोङ् (निस्सा), सेतो धजा, फेजा (खुकुरी) मिधाप्पु (अगुल्ठो), युक्मिवा (अडेरी), सिदिङ्वा (हर्कटो) र मृतक महिला भएमा शिरतर्फ चोङ (निस्सा), सेतो ध्वजा, बाफे (खुर्पा), मिधाप्पु (अगुल्ठो), युक्मिवा (अडेरी), सिदिङ्वा (हर्कटो) ठाडो गाड्नु पर्दछ।
- चिहान (इपुङ) को वरिपरी सरसफाई गरिन्छ।
- फेजा (खुकुरी), मिधप्पु (अगुल्टो) वरिपरि सिदिङ्बा (अडेरी) को काँडा राखिदिनुपर्छ।
- फेदाङ्वाले ''आक्खो लेछामहारे, केमासिङ्वेन तुख्खे मेन्जातुन्लो, फाङ युङ्सिङवा सिदिङ्बाले लाम थेक्तुङ्लो ईऽहुऽहुऽ.'' भन्दै कराउँछन्। (अनुवादः बेलुकी वा साँझ नराम्रो आत्माले पच्छ्याउन नसकुन् भनी अडेरी र हर्कटेको काँडाले पाईलाहरूलाई मेटिदिएँ है... ।)
- त्यसपछि अन्मिम पटक वन्दूक पड्काएर मलामीहरू घरतर्फ फर्किन्छन्।

ढ) मलामी फर्कँदा वाटोमा गरिने विधि :

- मृतकको सदगत् सकेर फर्कने मलामीजनहरूलाई नराम्रो आत्माको छायाँ (लेछाम्) लाग्नसक्छ भनेर लेछाम नाप्मु गर्नलाई वाटोमा आगो फूकिन्छ । मलामीजन (चेसावा) हरूले सो आगो कुल्चिँदै वा नाघेर अगाडि वढ्नुपर्दछ।
- त्यतिवेला फेदाङ्वा वा अन्य कसैले तामाको भाँडोमा चोखो पानी राखेर काउलो (साम्सिङ) र नाम्योवा (तीतेपाती) र पानीमा चोवलेर मलामीहरूलाई छर्किएर चोख्याईन्छ। चोख्याउँदा ''मुक्कुम साङ्सोलो, चभत साङ्सिङलो, थक्ला साङ्सिङलो'' भन्दै मुन्धुम फलाकिन्छ। (पवित्र पानी र तितेपातीले शरीर चोखियो है..।)
- आगो फुकेको नजिकै मलामीजनहरूका लागि खाजा (चक्चा) को व्यवस्था गरिन्छ।
- सबै मलामीजनहरूको रेखदेखमा किरियापुत्र/पुत्री (नेत् कियुप्पा) हरूलाई मृतकको धरमा पुऱ्याइन्छ।

ण) साम्दाखोङ् फेमा : (मृतात्माको स्थान बनाउने र खानेकुरा चढाउने) :

किरिया पुत्र/पुत्री (नेत् कियुप्पा) हरूलाई मृतकको लास राखिएको स्थानमा गुन्द्रीलाई उल्टो ओच्छ्याएर त्यमा बसाईन्छ । उनीहरूले मृतक पुरूष भए चारदिन र महिला भए तीनदिन सम्म नून, तेल, बेसार, लसुन, अदूवा, खोर्सानी, मासु आदि परिकार छुन/खान निषेध गरिन्छ।

इपुङ्देन (चिहान डाँडा) मा साम्दाखोङ् जुन मान्छेले जिम्मा लिएको हो, उनले नै बिहान र बेलुकी साम्दाखोङ् फेमा (मृतात्मा आउने स्थान बनाउने) गर्नुपर्छ । छोरा मान्छेको हो भने चारदिन र छोरीमान्छेको हो भने तीनदिन सम्म मृतात्मा (सिसाम) को लागि खानेकुराहरूका विभिन्न परिकारहरू पकाएर, एउटा ठूलो टपरामा चढाउनुपर्छ ।

जसका लागि तल उल्लेखित सामग्रीहरू आवश्यक पर्दछ :

- श्रद्धान्जली उल्लेख गरेको मृतकको फोटो (हालको चलन),

- भर्ला वा सुकेको सालको पात वा मुछे (कटहर) को एउटा टपरी,
- सोही दिनको बेलुकी भात, खोर्सानी, तेल, लसुन, अदूवा, माछा, मासु, दुध, साग सब्जी, फलफूल, चुरोट विडी, पेय पदार्थहरू तयार गरी मृतक परिवारका सदस्यहरू र आफन्तजनहरूले टपरीमा मृत आत्माका लागि चढाउनु पर्दछ।
- बेलुका चढाइएका खानेकुराहरू सेतो सफा कपडाले बाँधेर कुनै वीवजन्तुले नछुनेगरी झुण्ड्याएर राखिन्छ।
- भोलिपल्ट विहान १२ बजे अगावै फेरि माथि उल्लेखित सामग्रीहरू तयार गरी चढाइसकेपछि बेलुकी चढाइएको सँग पश्चिम दिशातर्फ लगेर जमीनमा गाडि विसर्जन गर्नुपर्दछ।
- मृतक पुरूष भए चारदिन र महिला भए तीनदिनसम्म यो विधि लगातार गरिरहनु पर्दछ।

साम्दाखोङ स्थानमा वाचन गर्ने मुन्धुम :

साम्दाखोङ् मुन्धुम[१३]

१. ए...सिसाम केबोक्खे, खेमा केबोक्खे
सिक्कुम मेन्दुक्के, निङ्वा मेन्दुक्के
हुक्वा तेम्से? ओ, लाङ्वा तेम्से? ओ
सिसाम लाम पेगेओ इम्सिङ् लाम पेगेओ।

२. ए...सुथेबा थो केरे?ओ ताक्थेवा थो केरे?ओ
मिराकः लुङ् केरे?ओ चक्कालुङ् केरे?ओ,
बजीकलुङ् केरे?ओ, नाम थो केरे?ओ,
हुक्वा ताक्ते?ओ, लाङ्वा ता?क्ते ओ।

३. ए...सुसुम सुम्बोङ् लिलिम हुक्वा,
सुम्बोगेन् हुक्वा थाङेवा रो।
लाम्दो मेल्लेक्के, वजीक केरे? ओ।
लाम्धो केगेरे, कातावक्वा नाःक्ला रो।

४. ए...सुसुम् लिलिम्रेन। सुम्बोगेन हुक्वा
सोधुङ हुक्वा, केरे थाङेवा रो।
लाम्दो मेल्लेक्के, वजिक लाम्दो तिःक्ते ते?रे ओ,
सुम्दो-लाम्दो केगेरे रो, कात्ताक्वा नाःक्ला केगेरे रो।

५. ए... वजिक्ला नाःक्ला रो, सोधुङ्गेन नाःक्ला रो,
थुङ्वामा बहःङ् नाक्ला रो वसिङ्बुङ नाक्ला रो,
बजीक नाम्धुङ् नाक्लारो
साङ्थेबा यङ्सङ् केरे ओ॥

६. ए... सिक्कुमदिङ नाःक्ला ग, खेत्छेसिङ नाःक्ला ग,
चङसिङबुङ नाःक्ला ग, याङसिङबुङ नाःक्ला ग।
सिगि मेन्याःक्के, सोसाम् मैंयाःक्के,
निङ्वा? मेन्दुक्के, सुथेवा ताक्थेवा लक्लुम्मो।

---

[१३] मिति २०७६ साल पुष ५ देखि ९ गतेसम्म शिवशताक्षी नगरपालिका वडा नं. ११ झापा जिल्ला बस्ने वर्ष ६२ को श्री क्यालसिंह (संयक) लिम्बू (सेवा सावा) सँग छलफलबाट।

७. आल्ल सिसाम् केबोःक्खे क्बेः रो,
लाम्ला केवेक्तु, केदेःरू, चाङ्वा केलेक्तु केदे?रू।
चिल्ली केलेःक्तु केदेःरू, डारा केलेःक्तु केदेःरू,
खेमालाम् तिःक्ते? ते?रे, यङ्सङ् लाम् तिःक्ते ते?रे

८. ए... सिगिसोसाम् निङवा? मेन्दुक्के, निङ्वा मेङघेःक्के,
चुप्साङ मेन्नुःङङे, फेन्छाङ केलाम् चत्ते ते?रे ओ।
कन् तोन्छिङ् हुक्वाःन, केलक् हुक्वाःन,
तेम्से तेर?रे ओ, खोसे त?रे ओ।

९. ए...आल्ल ग, मेन्छाम् नाम्याप्मी साःह?नु,
साम्जिक सेन्दे रो, लाम्दिःक् सेन्दे रो,
मुक्कुम् केरे रो, पानःजुम् केरे रो,
मुन्धुम् केरे रो, ता?जेङ् केरे रो॥

त) युम्सा (नुनतेल) वार्ने सामग्री र दिन :

- छोरामान्छेको भए ४ दिन र छोरी मान्छेको भए ३ दिनसम्म युम्सा (नूनतेल) वार्ने प्रचलन छ।
- क्रियापुत्रीहरू) (नेत् केयुक्पा) युम्सा बार्नुपर्ने खानेकुराहरू :
  - (हाम्बेक (अदुवा), युम (नुन), निगे (तेल), मच्ची (खुर्सानी), हाम्बेक (अदुवा), माख्खो (लसुन) यस्तै अन्य खानेकुराहरू।

थ) मरा हम्मा(मुख खोल्ने) कार्यको विधि:

- मृतक पुरूषको लागि चौथो दिन र महिलाको लागि तेश्रो दिनको विहान ११ बजे अगावै नुन, तेल, खुर्सानी, अदूवा पकाएर राख्ने।
- कुखुराको मासु (अन्य जीवको भएपनि) पकाएर अर्को दुनामा राख्ने।
- जाँड र रक्सी वेग्लावेग्लै फूङे(चिण्डो) को आधा आधा भर्ने । (हालमा फूङेको सट्टा वोतलको प्रयोग हुँदैआएको)
- उक्त सामग्रीहरू घरको पश्चिम दिशामा राखेर किरियापुत्र/पुत्री र आफन्तहरू उत्तर दिशातर्फ, तुतुतुम्याङहरू दक्षिण दिशातर्फ र माङ्देम्वाहरू पश्चिम दिशातर्फ फर्केर उभिने।
- त्यसपछि माङ्देम्वा (देवारी) हरूले मुन्धुम वाचन गर्दछन्।

याक्थुङ(लिम्बू) जाति र संयक वंशमा समेत मृत्यू संस्कारका माथिका विभिन्न विधिहरू रीतपूर्वक सम्पन्न गर्दै नूनतेलको कामलाई चौथोदिन र तेश्रोदिनको विहान ११ बजेभित्र सम्पन्न गरी सोही दिन सुध्याँईको कार्यसमेत सक्ने प्रचलन प्रायः रूपमा चलेको छ। यसो गर्दा सोही दिनको वेलुकी ३ वजेतिर देखि एकराते तङसिङ (.............) राखी भोलिपल्ट विहान गालीसराप वगाउने (साक्मुरा हमा) काम सम्पन्न गरिन्छ। मृतकका आफन्तहरूलाई शुद्ध पार्न तामाको भाँडामा चोखो पानी र तितेपातीले घर-परिवार तथा आफन्तहरूलाई छर्कैदै घर चोख्याउने (हिम वरूम्मा) कार्य सम्पन्न गरिन्छ। तर कतिपयमा भने सो दिनमा नूनतेलको काममात्र सकेर सकेर पछिमात्र शुद्धाइँको काम सक्ने चलन पनि रहेको छ।

द) शुद्धाइँ कार्य तथा सम्पन्न गर्ने विधि :

प्राचीनकालमा याक्थुङ समाजमा शुद्धाइँको कार्य सम्पन्न गर्दा राँगा, भैंसी, सुँगुर आदि काटेर भोज गर्ने चलन रहेको थियो तर हालमा यो प्रथा बन्दजस्तै नै भएको छ साथै, शुद्धाइँको कार्य मृतकको मृत्यू भएको दिनदेखि ७,९,१३ दिन वा ३, ५, ७, ९, ११ जस्ता विजोर महिना पारेर गर्ने चलन रहेको थियो तर आजभोलि नुनतेलको दिनमा नै शुद्धाइँ

कार्य सक्ने विधि लिम्बू जातिमा वढी प्रचलित बन्दै गएको छ। शुद्धाइँ कार्यगर्दा मृतकको मलामीजनहरूलाई नछुटाई बोलाउने चलन छ साथै उक्त दिनमा मलामी जान आईनपुगेका, भूगोलमा टाढा रहेका मृतकका आफन्तजनहरूलाई समेत अग्रीम जानकारी दिएर सहभागी हुन बोलाइन्छ।

८.३.४ नाबालकको हकमा गरिने मृत्यू संस्कार (सिमेरिक याम्बक) :
याक्थुङ लिम्बू समाजमा देहायको प्रकारका मृत्यूहरू भएमा आशिकेन सिमासा सिसिकेन यङ्दङ्सा (पित्रलोकमा नपुग्ने र पृथ्वी लोकमा नै भौतारिएर रहने) हुन्छ भन्ने मान्यता रहेको छ। यसलाई ससिक यङ्दङ् पनि भनिन्छ जो निम्नानुसारका छन :

- ३-४ वर्ष मुनिका बालबालिका भए,
- गर्भ तुईएर मृत्यु भए,
- न्वारन लगत्तै मृत्यु भएको भएमा।

माथि उल्लेखित प्रकारका मृत्यूमा अलिकति भिन्न प्रकारले मृत्यू संस्कार सम्पन्न गरिन्छ। यसका लागि निम्न विधि एवम् प्रक्रिया रहेका छन्।

- चेधाप बनाउनु पर्दैन (सोलामा चढाउनु पर्दैन)
- सामान्य कपडामा राखेर लाने चलन छ।
- इपुङदेन-चिहान डाँडामा लानुपर्छ।
- उत्तर र दक्षिण दिशा पारी खाल्डो खन्नुपर्छ। (तर ठूलो उमेर पुगेकाको हकमा पूर्वपश्चिम पारेर चिहान निर्माण गर्नुपर्छ।)

३-४ वर्षका ससाना बालबालिकाहरूको मृत्यु भएको अवस्थामा घर परिवारका सदस्यहरूले एकदिन मात्र बार्ने चलन छ। सबै मलामीजनहरूलाई (लुङ्धुङ् पक्वा) ढुङ्गाको खपिल्टाको पानी र (सिङ्धुङ् पक्वा) रूखको टोड्काको पानी र तितेपातीले चोख्याउने चलन छ।

साथै लिम्बू समाज धामीझाँक्री/भूतप्रेत मान्ने समाज भएकाले विभिन्न प्रकारका मृत्यहरूका विभिन्न कारणहरूवारे आ-आफ्नै व्याख्या र तिनको संस्कार सम्पन्न गर्ने विधि समेत भिन्न प्रकारले विकसित गरिएका छन्। जसलाई सङ्क्षिप्तमा तल उल्लेख गरिन्छ।

क) सुकेमोच (कुपोषण/सुकेनास) बाट बालबालिकाको मृत्यु भएको अवस्थामा गरिने विधि :

- सुत्केरी आमाले खाने सबैखाले परिकारको खाना पकाएर टपरामा राख्नुपर्छ।
- खाल्डोको छेउमा सेतो रूवाको चिन्ह तयार गरी राख्नुपर्छ।
- आमालाई पूर्वपट्टि राख्नुपर्छ र आमाको शिरबाट काँचो धागो रूवा सम्म टाँगेर लानुपर्छ।
- साम्बाले आमाको सातो बोलाएर चढाईदिने विधि गरिदिन्छ।

१. बच्चाको मलामी चोख्याउने विधि :

- चभत्ते थूङ्वा मुक (चोखोपानी) तितेपाती, बाटोमा राख्नुपर्छ।
- बाटोमा आगो बाल्नुपर्छ।
- सबै मलामीजनले आगोमा टेक्दै अघि वढ्दा पानी र तितेपातीले छर्किदिनुपर्छ।

२. मोच मार्ने विधि :
बच्चाको मृत्यु भएपछि दाहसंस्कार गरिसकेर फर्किएपछि बेलुकीदेखि मोचमार्ने विधि गर्नुपर्छ। जसमा तलको विधिहरू गरिन्छन् :

- मध्यरातको समयतिर सुतक घरदेखि पर बाटोमा मृतकको साम (आत्मा) छेकीदिनुपर्छ। त्यसवेला निम्न सामग्रीहरू आवश्यक पर्दछन :
  - हलो, हलो नभएमा भलायो टुप्पा तल पारेर गाड्नुपर्छ।
  - भलायोको टुक्रा एउटा,
  - रङ् र काँचो धागो,
  - कालो कोइला,
  - घुङ्‌रिङ् एक जोर,
- हलो वा भलायो गाडेपछि काँचो धागोले तीन फन्का बेर्नुपर्छ र कालो अङ्गार लगाई दिनुपर्दछ।
- टपरामा चढाएको खानपान लगेर राखिदिनुपर्छ।
- बलेको आगोको एक थाल कोइलालाई साम्बा र साम्बाको सहयोगी दुईजनाले बाटोमा लैजाने चलन छ।

३. मोच मार्दा चाहिने सामग्रीहरू र विधिहरू निम्न बमोजिम छन :

- मुछेतिङ (सिउँडीको काँडा)
- काठको हलो
- भलायो- नौ टुक्रा चाहिन्छ
  भलायो प्रयोग गर्ने विधि :
  - दुई टुक्रा चर्पीमा गाड्नुपर्छ।
  - एक टुक्रा बाटोमा गाड्नुपर्छ।
  - घरको चारै सुरमा चारवटा र बीचमा दुईवटा गाड्नुपर्छ।
- एउटा ठूलो टपरा चाहिन्छ।
- दुधेलो पातको नौ वटा दुना एकापट्टि सिन्काले उनेर राख्नुपर्छ।
- आमाले खाने सबै परिकारहरू नुन नराखी पकाएर नौ वटै दुनामा चढाएर ठुलो टपरामा राखिदिनुपर्छ।
- कोइला- आगोको कोइला एक थाल चाहिन्छ।
- काँचो धागो चाहिन्छ।
- घुङ्‌ग्रिङ-एक जोर बाटोका लागि एक जोर थानमा राख्नुपर्छ।
- कुनै पनि रङ् र कालो कोइला चाहिन्छ।

यसपछि येवा/येमा/माङ्देम्वाले-मुन्धुम विधि सुरू गर्छन्।

- दुईजना सहयोगी मध्येबाट एकजनाले घुङ्‌ग्रिङ् र अर्कोले कोइला तयारी गर्नुपर्छ।
- येवा/येमा/माङ्देम्बाले सातो आयो भनी सूचना दिनासाथ बलिरहेको आगोको कोइलाले हानी घुङ्‌ग्रिङले कुटेर मारी दिनुपर्छ।
- येवा/येमा/माङ्बाले सिलामसाक्मा विधिद्वारा मृत आत्मालाई बाटो छेकी जिउँदो आत्मा र मृत आत्मा बीच छुटाउने विधि गर्छन्।
- यसपछि मृत बच्चाको आमाको माङ्गेना (शिर उठाउने रीत) गरिदिनुपर्छ।
- अन्तमा, सम्पूर्ण परिवार, आफन्तजन तथा उपस्थित मान्यजनहरूलाई लुङ्धुङ्पक्वा (ढुङ्गाको खोपिल्टाको पानी), सिङ्धुङपक्वा (रूखको टोड्काको पानी), र तितेपातीले छर्केरे तीन-चार वर्ष मुनिका बालबालिकाका ससिकेन सिमासा, सिशिकेन योङ्दङसा (आत्मा वा मोच मार्ने विधि) समाप्त गर्ने विधि याक्थुङ (लिम्बू) समुदायमा परापूर्वकालदेखि रहिआएको छ।

८.३.५ सुत्केरी मृत्यू (सुगुप) :

सुत्केरी भएर वा लगत्तै महिलाको मृत्यु भएमा उनको मृतआत्मालाई सुगुप (मशान) भनिन्छ। यसैगरी कुनैपनि मृत

शरीरलाई पशुपङ्क्षी तथा अन्य जातजातिले छोएमा उनको आत्मालाई लेच्छाम् (जेले छोयो त्यसैको स्वरूप ग्रहण गर्ने) भनिन्छ।

८.३.६ अकाल मृत्यू (सोघा/सुगुप भइ मर्ने) हरूको संस्कार विधि :

याक्थुङ लिम्बू समुदायमा विभिन्न प्रकारका अकाल मृत्युको वारेमा उल्लेख गरेको पाइन्छ। यसरी अकालमा मृत्यु हुने(सोघा)को आत्मा(सोघासाम्)ले समाजमा कुनैपनि प्रकारको दूःख नदियोस भनी याक्थुङ्वाहरूका पूजारी येवा/येमा/माङदेम्वाद्धारा “सोघा मार्ने” चलन रहेको छ। अकाल मृत्युको विवरणमा देहाय बमोजिमका पर्दछन्।

- आत्महत्याबाट मृत्यु :
  - विष सेवन गरी मृत्यु हुनु।
  - जलेर मर्नु।
  - भिरपहरा वा घरबाट हामफालेर मृत्यु हुनु।
  - पोखरी, इनार, नदी, ताल वा समुन्द्र, आदिमा डुबेर मृत्यु हुनु।
  - झुण्डिएर मर्नु।
  - धारिलो हतियार प्रयोग गरी मर्नु।
- प्राकृतिक(दैवी)विपत्तिबाट मृत्यु :
  - भुकम्प, हावाहुरी, सुनामी, बाढीपहिरो, ज्वालामुखी, चट्याङ, भुमरी आदिमा परेर मृत्यु हुनु।
- दुर्घटनामा मृत्यु :
  - सवारी दुर्घटनामा परेर मृत्यु हुनु।
  - रूख, भिर, पाखाबाट लडेर मृत्यु हुनु।
  - डुवेर मृत्यु हुनु।
  - विद्युतबाट हुने आकस्मिक दुर्घटना।
  - वन्यजन्तु आक्रमण र विषालु सर्पको डसाइले मृत्यु हुनु।
  - हवाई दुर्घटनामा परेर मृत्यु हुनु।
- युद्धमा परेर मृत्यु :
  - लडाई, आन्दोलन, झगडा आदिमा मृत्यु हुनु।

क) अकाल मृत्युमा सम्पन्न गरिने संस्कार विधि :

अकालमा मृत्यू हुनेहरूको सम्बन्धमा लिम्बू जाति/समुदायमा मृत्यु संस्कार सम्पन्न गर्दा देहायको विधिको अवलम्बन गरिन्छ।

- याक्थुङ (लिम्बू) जाति/समुदायमा अकाल मृत्यु भएमा प्रायजसो त्यो लासलाई घाटमा लगेर चितामा राखि जलाउने चलन रहेको छ।
- चिहानमा राख्दा घोप्टो पारेर राख्ने प्रचलन छ।
- सुचनाको लागि बीच बीचमा बन्दुक पड्काउँदै लास घाटमा लाने चलन रहेको छ।
- घाटमा लगेर जलाईसकेपछि त्यो दिनको बेलुकी साँझदेखि मध्यरात सम्ममा “येवा/येमा/माङ्देम्बा” ले रीतपूर्वक प्रेतात्माहरूलाई मार्ने गर्दछन्।
- मध्येरातदेखि तङ्सिङ् राखी विहानको विहान एघार बजे अगावै मृतकका घर परिवार सदस्यहरूलाई शिर उठाइदिने विधि गरिन्छ।
- ग्रहदशा काट्ने र घर चोख्याउने, नुनतेल र शुद्धाइँ विधिहरू त्यहीदिन समाप्त गर्ने चलन रहेको छ। सामान्य मृतकको झैं वर्खीको समय लम्व्याउने चलन हुँदैन।

❑❑❑

भाग-९
याक्थुङ् (लिम्बू) संयक वंशले मान्ने चाडपर्व/खानपान तथा माङ्साम्माङ् (देवी/देउता) :

याक्थुङ लाजे (लिम्बूवान भूमि) मा लिम्बू जातिहरू हजारौं वर्ष (इशापुर्व) अगाडि नै आइपुगेका यस भूमिका मूलवासीहरू हुन्। अर्को शब्दमा उनीहरू यस क्षेत्रका प्राचीन मूलवासी/आदिवासी समेत हुन्। खासगरी अरूणपूर्व टिष्टा नदीसम्मको भूभागमा याक्थुङ लिम्बू जातिको प्राचीनकालदेखि नै बसोबास भैआएको छ। यस क्षेत्रमा याक्थुङ लिम्बूहरूको पसीना र रगतले लेखिएको इतिहासहरू जीवन्त रहीरहेका छन्। एकै समाज र स्थानमा हजारौं वर्षदेखिको वसाई र विकासको क्रममा याक्थुङ लिम्बूहरूले यस क्षेत्रमा आफ्नो सभ्यताको विकास गर्नुका साथै आफ्नै प्रकारको मौलिक र विशिष्ट प्रकारको संस्कारहरू र संस्कृतिको निर्माण गरेका छन्। उनीहरूले यस भूमिमा हजारौं वर्ष अघि नै ***"दश लिम्बूवानको रीत"*** को नामबाट आफ्नो सभ्यताको जग बसालेका थिए र यही सभ्यतालाई उनीहरूले आजपर्यन्त पच्छ्याइरहेका छन्। केही अपवादहरूलाई छोड्ने हो भने याक्थुङ लिम्बू समाज सांस्कृतिक रूपमा आजपनि त्यही दश लिम्बूनानको रीतबाट नै निर्देशित छ।

हिजोको प्राचीनकालको समय आजको जस्तो सभ्य र सुलभ थिएन। मानिसहरूका चिन्तन-मनन् गर्ने अभ्यासहरू, उनीहरूका शिक्षादीक्षा, वसोबास, खानपान र रहनसहनको प्रभावसँगै उनीहरूका विचारहरू उत्पन्न हुन्छन्। फलतः समाजमा सामाजिक सदभावहरू, सदाचारिता जस्ता गुणहरूको अभावमा लडाइ झगडा र बेमेलको अवस्था सिर्जना हुनपुग्छन्। विगतदेखि नै मानिसहरूका एक समूहले अर्को समूहलाई प्रभाव पार्न, कँज्याउन अनेका प्रकारका युक्तिहरू समेत लगाउँथे। यसैक्रममा समाजमा राम्रा, नराम्रा भावनाहरू, विचारहरू उत्पन्न भएसँगै समाजमा त्यसको प्रभाव पर्नु स्वभाविक नै थियो। वालपोषण, सुत्केरीहरूका उचित हेरचाहमा कमी, विभिन्न रोगहरूसँगै महामारीहरूका कारण मृत्युदर बढी नै रहेको उक्त जमानामा आफ्नो नातागोता तथा आफन्तजनहरूको अकाल मृत्यु नहोस, सुकेनास (कुपोषण) नहोस, लडेर-डुबेर नमरून्, लडाइमा गएका आफन्तहरूको सुरक्षा होस्, स्वस्थ सन्तानहरू जन्मियुन्, आफ्ना सन्तानहरूको उन्नति होस् भन्नेजस्ता प्रकारका विभिन्न चिन्तनहरूबाट आफ्नै प्रकारका मौलिक संस्कारको विकास हुनपुग्यो र सामाजिक प्रणालीमा स्थापित हुन गई संस्कारको रूपमा विकसित भयो।

त्यसैले, एवं प्रकारले याक्थुङ् लाजेमा प्राचीनकालमा विकसित भएका दश लिम्बूको रीत नै आजपनि याक्थुङ (लिम्बू) समाजलाई सांस्कृतिक रूपमा डोर्‍याउने मूलआधार बन्नपुगेको छ। उनीहरूले आफ्नो तत्कालीन सामाजिक धरातलको जगमा आफ्ना विश्वासजन्य देवी-देउता, भूतप्रेत आदिलाई मान्ने विभिन्न प्रकारका विधि र अवधारणाहरू तयार गरे तथा विभिन्न अवसरहरूलाई चाडपर्वको रूपमा मान्यता दिलाए। सामान्यतयाः अधिकांश याक्थुङ (लिम्बू) हरूले मान्ने संस्कार तथा चाडपर्वहरू समान प्रकारको नै रहिआएका छन्। तर, स्थानविशेष रूपमा केही भिन्न प्रकारले यिनीहरूलाई मान्ने परम्परा समेत छ। लामो कालखण्डमा कुनैपनि संस्कार, संस्कृतिमा थोरै वदलाव हुनु अनौठो कुरा होइन। साथै, लिम्बू जातीय समाजमा अन्य आगन्तुकहरूले ल्याएका चाडपर्व तथा देवी देउताहरू समेत त्यस मूल समाजमा घुलमिल भएर मिसिन्छन्। याक्थुङ (लिम्बू) समुदायमा आफैभित्र परसंस्कृतिग्रहण (Acculturation) को परम्परा बहुत मजवुत रहेको छ। खासगरी एक जातिका लिम्बू चेलीहरू अर्को जातिका लिम्बू समुदायभित्र विवाह भएर गएका वखतमा चेलीहरूले आफ्नो देवीदेउता समेत लिएर जान्छन्। लिम्बू जातिमा विभिन्न अनुष्ठानहरू सम्पादन गर्ने क्रममा परम्परागत रूपमा नै श्रीमती तर्फका देवीदेउताहरूको खोजी र पुकार गर्नुपर्ने प्रचलन रहेको छ। त्यसैले, यस क्रममा श्रीमतीपट्टिका देवीदेउताहरू समेत केहीकालपछि श्रीमान्-श्रीमती दुवैको साझा वन्नपुग्छन्। याक्थुङ लिम्बू जातिमा अपवादलाई छोडेर हेर्दा चाडपर्व तथा देवी देउताहरू समान रहेका छन् भन्दा अत्युक्ति नहुनसक्छ। याक्थुङ (लिम्बू) हरूले आफ्नो मुन्धुमजन्य सभ्यताका साथमा मानिआएको वा मानिल्याएको विश्वासजन्य देवीदेउताहरू र विभिन्न सांस्कृतिक चाडपर्वहरू, रीत तथा परम्पराहरूलाई सङ्क्षिप्तमा तल उल्लेख गरिन्छ।

९.१ चाडपर्व तथा खानपानहरू :

संयक लिम्बू वंशका समुदायमा दश लिम्बूवानको रीत बमोजिम तल उल्लेखित विभिन्न प्रकारका चाडपर्वहरू मान्ने परम्परा रहिआएको छ। साथै, लिम्बू जातिको कतिपय आफ्नै मौलिक खानपानहरू, गायन/नृत्य, हातहतियारहरू रहेका छन्। जसका वारेमा तल सङ्क्षिप्तमा उल्लेख गरिएको छ।

क) उँभौली (यक्वा) पर्व :

याक्थुङ(लिम्बू)हरू प्रकृतिपूजक जाति हुन्, त्यसैले उनीहरूले वर्षेनी जमिनमा बाली लगाउनुभन्दा अघि सबै गाउँलेहरू मिलेर सामूहिक रूपले यक्वा (उँभौली/भूमिको) पूजा गर्ने चलन छ। यो पूजा गरेपछि मात्र आफ्नो वारीमा अन्नबालीको छरपोख गरिन्छ। यक्वा पूजा गरेपछि सर्वप्रथम घरघरमा करेसावारीहरूमा विभिन्न तरकारीहरू आदिको बिजन लगाइन्छ र यसरी बिऊ लगाउँदा फलामको हतियार प्रयोग नगरी काठको खन्ती यक्चु) ले माटो कोट्याएर बिउबिजन लगाउने चालन थियो। यही यक्वा औजारको नामबाट नै यस पूजाको नाम यक्वा(उँभौली) पूजा भएको हो। यो पूजा गर्दा विशेष किसिमको थान बनाई सो पूजाको स्थानमा वारीमा छर्नयोग्य बिउबिजनहरू राखेर धुपदीप बालिन्छ र “समय-समयमा घामपानी मिलाइदिनुहोस्, बाढीपहिरो, असिनापानी र बज्रपात नपरोस्, कुनै किसिमको अनिष्ट नहोस्, माटोको ऊर्वराशक्ति बढाइदिनुहोस्, हामीले छरपोख गरेको फसल पाकेपछि चढाएर मात्र खानेछौं भनी तागेरानिङ्वाफुमाङ (परमात्म ईश्वरसँग) दैवीक शक्तिका लागि प्रार्थना गरी आशीर्वाद माग्ने चलन छ। अनि, आशीर्वाद मागिएको बीउबीजन घरघरमा लगेर सुरूको दिन त्यो बीउ छर्नुपर्छ/रोप्नुपर्छ।

यो पूजा माघ महिनादेखि वैशाख महिनासम्ममा गर्ने प्रचलन रहेको छ। पूजा गरेको दिन, त्यसको अघिल्लो र पछिल्लो दिन गरी तीन दिनसम्म कृषिको काम नगरी बार्ने चलन छ। यो पूजालाई एक भव्य चाडका रूपमा नै मान्ने चलन लिम्बू समुदायमा रहीआएको छ। पूजाको पर्सिपल्टदेखि बिउबिजनको छरपोखको काम सुरू गर्ने चलन छ। सम्भवतः यो प्रचलन कृषि युगमा मानव जातिको प्रवेशसँगै लिम्बू जाति/समुदायमा समेत आइपुगेको आँकलन गर्न सकिन्छ।

ख) उँधौली (चासोक)

याक्थुङ (लिम्बू) जातिले मुन्धुम(शास्त्र) अनुसार मान्ने विभिन्न पर्वहरू मध्ये उँधौली(चासोक) समेत एक प्रमुख हो। यो परम्परा अनुसार कृषिका लागि खेतीबालीको काम सकिएपछि नयाँ अन्नबाली पाकेर खानु/प्रयोग गर्नु अघि तागेरानिङवाफुमाङ (परमाधिपति देव) समक्ष चढाएर मात्र मानव जातिले सेवन गर्नुपर्छ भन्ने लिम्बू जाति/समुदायको मान्यता रहीआएको छ। यसका लागि “नयाँ पाकेको अन्नबाली, तपाईंको पाउमा चढाएँ” भनी थान थपना गरी धूपदीप वालेर पूजा-आराधना गर्ने चलन छ। यो पूजामा चढाउने अक्षता (चामल) ढिकी वा ओख्लीमा कुटेको नभई धानको बाला टिपेर नङले बोक्रा सफा गरी निकालिएको चामललाई लासोमा चढाइन्छ। कोदो भने टिपेर हातैले माडेर दानालाई बाँसको टुप्पापट्टिबाट नयाँ चोखो तोङ्बाको नमूना बनाई त्यसमा खेसुङ (मर्चा) र पानी लगाएर पूजाथानमा चढाउने विधि छ। यो पूजा मुख्यतः मङ्सिर महिनातिर गरिन्छ। यो पूजालाई आ-आफ्नो घरघरमा व्यक्तिगत रूपमा र सामूहिक रूपमा पनि गर्ने चलन छ। चासोक तङनाममा नयाँ पाकेको अन्नको धेरैप्रकारका परिकारहरू बनाई गाउँघरमा बाँडिचुडी खाने चलन पनि छ।

ग) माघे सक्रान्ति (कक्फेक्वा तङ्नाम)

याक्थुङ (लिम्बू) जातिमा माघे संक्रान्ति (कक्फेक्वा तङ्नाम्) लाई आफ् मौलिक पर्वका रूपमा मनाउने चलन छ। यो चाडलाई “साङ्तङ्बे तङ्नाम” नयाँ वर्षको स्वागत गर्ने पर्व पनि भनिन्छ। यो चाड चाप (कक् कक्) फूल्ने समयमा पर्ने भएकाले कक्फेक्वा (चाँप फुल्ने) भनिएको हुनसक्छ र यो समय माघ महिनामा पर्दछ। नयाँ वर्षले मानिसको जीवनमा सुख-समृद्धि, शान्ति, दीर्घायु र उत्तरोत्तर प्रगतिको कामना प्राप्त होस् भनी बिहानै उठेर लिपपोत,

नुहाइधुवाइ गरी तागेरानिङ्वाफुमाङको नाममा पूजापाठ गर्ने चलन छ। अनादिकालमा सवायेत्हाङका सन्तति हाम्रा पुर्खाहरू बन-बनमा बस्ने र बनकै कन्दमुल खाने भएकाले उनै पुर्खाहरूको नाममा वन तरूल खाएर यसलाई मुख्य पर्वको रूपमा मनाउने चलन रहिआएको छ।

घ) साउने सक्रान्ति (सिसेक्पा तङनाम):
याक्थुङ (लिम्बू) जातिसँगै पधे (बधे) यक चौबीस थुमका संयक मिङस्राका सयङहरूले साउने संक्रान्ति (सिसेक्पा तङ्नाम) पर्व मान्ने गर्दछन् । यो पर्वलाई “साक्नाम्त्यारो, हिड्नामत्यारो” (अनिकाल गयो, सहकाल आयो) भन्दै घरको चारैकुनाबाट थाल, नाङ्लो ठट्टाउँदै पश्चिम दिशातर्फ गएर बाटो छेक्ने विधि गरिन्छ। यसरी छेकबारको काम सकेपछि घर फर्केर बाबियोको डोरी बाटी बाबियोकै सानो कुचोको मुठा झुण्ड्याएर नयाँ फसल मकै, फलफूल आदिका माला बनाएर घरको मूल ढोका र झ्यालमा झुन्ड्याउने चलन छ । यो विधि सकिएपछि नयाँ फसल पाकेको मकै, भटमास, बोडी आदि तागेरानिङवाफुमाङ, युमासाम्माङ, थेबासाम्माङ र हिमसाम्माङलाई चढाउने विधि गर्नुपर्छ। कृषिको काम गर्दा पानी, झरी, हिलो आदिले शरीरमा चिसो लागेकालाई हटाउन पोषणयुक्त खाना बनाएर ख्वाउने र साथीसङ्गीहरूलाई पनि खानदिने चलन छ। यो सिसेक्पा तङनाम पर्वको बारेमा पोधेयक चौबीस थुममा यस्तो कहावत पाइन्छ।

“अनादिकालमा माङहाङ राजा थिए । त्यो समयमा धेरै दिन, महिना, वर्षसम्म पानी परेन । पृथ्वी लोकमा विरूवा खेतीपाती हुनछाड्यो। मानिसहरू अनिकालले भोकभोकै मर्नथाले। त्यसबेला माङहाङ राजाले तागेरानिङवाफुमाङ (परमात्मा ईश्वर) सँग प्रार्थना गरेपछि ईश्वरले सपनामा सन्देश दिनुभयो र सो अनुसार बिहान उठेर हेर्दा धरतीमा मानिसहरूले खाने भटमास, मकै, काँक्रा, कोदो र खुर्सानी लटरम्मै पोकेको थियो। राजाले सबै रैयतहरूलाई बोलाएर चुम्लुङ (सभा) को आयोजना गरी राजाबाट सबैले अन्नबाली लिएर खाने आदेश दिए। राजाको आदेश अनुसार सबैले पाकेको बाली खाई सारा मानव जातिहरू अनिकालबाट बाँचे । यसरी अनादिकालमा अनिकालबाट मानिसहरू बाँचेपछि प्रत्येक साउने संक्रान्तिमा नयाँबाली पाकेको मकै, कोदो, भटमास र बोडी आदि चढाउने चलनको सुरू भयो । यसरी साउने संक्रान्तिको बेलुकीको समयमा अनिकाल गयो, सहकाल आयो भन्दै अनिकाललाई खेदाउने, सहकाललाई स्वागत गर्ने प्रचलनको विकास भएको कहावत पाइन्छ।

९.२ नृत्य/गायन :
याक्थुङ(लिम्बू) जातिमा गायनमा पालम र नृत्यमा धाननाच(या:लाङ) र ढोल नाच(के: लाङ) प्रमुख हुन् । तर यिनीहरूको विभिन्न प्रकारहरू विकसित गरिएका छन्। जसलाई सङ्क्षिप्तमा तल उल्लेख गरिएको छ।

क) धान नाच (यालाङ)
लिम्बू जातिको परम्परागत नृत्यमा या:लाङ(धाननाच) प्रमुख हो । विभिन्न हाटवजार तथा मानिस भेला हुने पर्वहरूमा एकठाउँका चेलीहरू र अर्का ठाउँका माइती पक्षहरू एकआपसमा साइनो सम्बन्ध र नाता केलाएर नाता नपर्ने भएमा एकआसमा हात समाएर गीत गाउँदै विस्तारै अघिपघि गरी गरि नाचिन्छ। यसका विभिन्न प्रकारहरू रहेका छन्।

ख) ढोल नाच (केलाङ)
ढोल लिम्बू जातिको एक विशेष प्रकारको परम्परागत बाजा हो । सम्भवत: यो मानव जातिले आविश्कार गरेका प्राचीन वाजाहरू मध्येको एक हो। एउटा रूख (खँवारी) लाई वीचबाट खोपेर सिङ्गै धोद्रो बनाएर त्यसको दुईछेउमा भैंसी, बाखा आदिको परिस्कृत गरिएको छाला टाँगेपछि एक विषेश प्रकारको आवाज उत्पन्न हुने गर्दछ । यही वाजालाई लिम्बूहरूले विभिन्न प्रकारले वजाउँदै एकआपसमा ठ्याक्कै तालमेल मिलाएर ढोलनाच गर्ने गर्दछन्। यस नाचका धेरै प्रकारहरू छन्।

ग) पालाम (गायन)

पालामा लिम्बू जातिको सँस्कृतिसँगै विकास भएको एक विषेश प्रकारको मौलिक गायन हो । यसमा धानाचका वेलामा तरूनीतन्देरीहरूले एकआपसमा हात समाएर लामो लेघ्रो तानेर, भाखा हालेर गीत गाउने गर्दछन् । यसका विभिन्न प्रकारहरू छन् :

घ) हाक्पारे साम्लो :

हाक्पारे भाखा पालाम भन्दा अलिक भिन्न प्रकारले गाउने एक प्रकारको गीत हो । हाक्पारे गीतको उत्पति हाक्पारा भन्ने ठाउँबाट भएको हो भन्ने विश्वास गरिएको छ । यो हाक्पारे गीतलाई संयक लिम्बू वंशमा पनि विभिन्न अवसरहरूमा गाउने चलन छ । हाक्पारे गीतलाई पुरूष-महिला वा पुरूष-पुरूषको बीचमा बृद्ध-बृद्धाहरूले गाउँने चलन रहेको छ । यो गीतलाई विशेषगरी तुतुगेन तुम्याहाङ, सावला साम्बाहरूले गाउने गरेको भए तापनि नालिङ्गेन् थाङ्वेन, सिसागेन मेन्छिन् (युवा-युवतीहरू) ले पनि गाउने गर्दछन् ।

हाक्पारे गीतलाई मूलतः बिषयगत रूपले गाउने चलन छ । शुभविवाह (मेखिम्काम्मा) हरूमा गाउनु पर्दा विवाह गर्ने चलन कहिलेबाट, कसरी बिकास भएर आयो भन्नेवारेमा वर्णन गरी “फुनावा” साम्लो गायन भाकामा गाउने गरिन्छ । त्यतिवेला नवदुलाहा, दुलाहीको दाम्पत्य जीवन सदा-सदा सुखमय रूपले व्यतित् होस् भनि आशीर्वाद दिने चलन छ ।

मृत्यु संस्कार(सिमेरिक् याम्वक्)मा शुद्धाइँको कार्य समाप्त भएपछि “मेरिङ् सम्लो” गाउँने चलन छ । यतिवेला संसारिक नियती नै यस्तै हो, मानिसको चोलामा जन्मपछि मृत्यु निसिद्ध हो, यसै-यसै सम्झेर चित बुझाउनु पर्छ है भनी दुःखमा परेको घर परिवार, आफन्तजनहरूलाई सान्त्वना दिँदै तुतुगेन तुम्याहाङ, सावला साम्बाहरूले गायनको भाकामा गाउँदै अबदेखि यो घरमा अशुभ कार्य नहोस्, सदा शुभलाभ् मात्र होस् भन्दै “हाक्पारे साम्लो” गाउँदै आशीर्वाद दिने चलन छ ।

हाक्पारे गीतलाई अन्य समयमा पनि तुतुगेन् तुम्याहाङ र त्यसमा मूलतः (परूष र महिला) बीच बसेर सृष्टिको वर्णन, मुन्धुमको उत्पतिको बारेमा गाउँने चलन छ । यसको अतिरिक्त सांस्कृतिक अनुष्ठान तङ्सिङ, पिचम्मा, तुङदुङ्गे जस्ता अनुष्ठान कार्यहरू सम्पन्न गर्दा पनि मुन्धुम् बाचन गर्दै प्रत्येक नाःत्ला (अध्याय) समाप्तिपछि विश्राम लिनुअघि मुन्धुमयुक्त हाक्पारे गीत गाउँदै सबै उपस्थित मान्यजनलाई मनोरञ्जन प्रदान गराउँदै विश्राम लिने चलन छ । यो गायनको बीच-बीचमा “ओरिल्लो” भाकामा स्वर तान्दा सामुहिक रूपमा स्वर तान्ने चलन छ । अन्य अवस्थामा मुख्य गायक र गायिकाले मात्र शब्द-शब्द उचारण गरी गाउँछन् ।

९.३ भेषभूषाहरू

क) छोरामान्छेको (पाङ्वात) भेषभूषा

लिम्बू समुदायमा आफैले कपडा बुन्ने चलन रहको वारेमा हामीले माथि नै उल्लेख गरिसकेका छौं । लिम्बू जातिले अल्लोका कपडाहरू, ढाकाको कपडाहरू आफैले बनाउँथे । ढाकालाई तानमा बुन्नेच चलन अद्यपि कायम छ । लिम्बू जातिको छोरा मान्छेले लगाउने पोषाकहरूमा (१) तागा (शरीर ढाक्ने पोशाक), (२). पागा (फेटा), (३) हेम्वरी (गाम्चा), (४) सर्दके (पूरै शरीरलाई ढाक्ने पोशाक), (५) हाङ्जाङ् (राज पोशाक), (६) फ?ई (पटुका) आदि रहेका छन् ।

ख) छोरी मान्छेको भेषभूषा :

छोरी मान्छेहरूले लगाउने भेषभूषहरूमा (१) मेख्ली (शरीर ढाक्ने पोशाक), (२) फ?ई (पटुकी), (३) पथाङ् (पछ्यौरी / बर्की) आदि प्रमुख हुन् ।

ग) छोरी मान्छेको लागि गरगहना (वत्ति) हरू :

लिम्बू समुदायमा छोरी मानिसहरूले लगाउने विभिन्न प्रकारका गरगहनाहरू विकास भएको छ। जसलाई यस जातिको आफ्नो मौलिक गहना र सांस्कृतिक चिनोको रूपमा व्याख्या गर्न सकिन्छ। ती गहनाहरूमा : (१) नेरसे (चेप्टे सुन), (२) साम्याङ फुङ् (सुनको फूल), (३) याङ्येत्वी (रेजीको हारको माला), (४) हुक्फेङ्गी (हातमा लगाउने चुरा), (५) लाङ्भेङ्गी (खुट्टामा लगाउने कल्ली), (६) साप्परी (थाक्राको काइँयो), (७) पेम्बरी (बाँसको काइँयो) आदि प्रमुख रहेका छन्।

९.४ याक्थुङ् मुक्ला (बाजा गाजा)

लिम्बू जातिले आफ्नो सभ्यतासँगै विभिन्न प्रकारका मौलिक वाजागाजाहरूको विकास गरेका छन् र उनीहरूका संस्कृतिमा प्रयोग हुने वाजाहरूमा : (१) के (च्याब्रुङ), (२) कोम् (बिनायो), (३) फामुक्ला (बाँसुरी र मुरली), (४). पङ्धे (घण्टी), (५) चेत्थ्या (काँसको थाल), (६) यलम्बर (भालुबाँसलाई दुईवटा केस्रा निकालेर बजाइने बाजा), (७) ताःयोक्ता (झ्याम्टा), (८) हाङ्साम्लाःङ र माङ्लाःङ्मा च्याब्रुङ् वा ताङ्के : (नगरा) का साथमा प्रयोग गरी बजाइने बाजा आदि प्रमुख रहेका छन्।

९.५ याक्थुङ (लिम्बू) हरूको फेया (हतियारहरू)

युद्ध, लँडाई गदै आएका वीरजाति लिम्बूहरूले प्रयोग गर्दैआएका हातहतियारहरूमा : (१) फेजा (खुकुरी), (२) खो (ढाल), (३) लि (धनु), (४) तोङ् (काँड), (५) तकात् (युद्धमा चलाउने लट्ठी), (६) माङ् निशा र हाङ् निशा (झण्डा वा प्रतीक), (७) वा?फे (खुर्मी) मुख्य रहेका छन्।

९.६ खानपानहरू

याक्थुङ् (लिम्बू) जातिले आफैले सिर्जना गरी उन्नत गरेका मौलिक खानपानहरू प्रसस्तै छन्। यी खानाका परिकारहरू कसरी बनाएर खाइन्छन् र ती परिकारहरू हाम्रा पूर्खाहरूले कसरी बनाए वा प्रचलनमा ल्याए भन्ने बारेमा अरू खोजहरू हुन आवश्यक छ। मानव उत्पतिदेखि आधुनिक विकास कालको आजको स्थितिसम्म आइपुग्दा प्रचलित खानपानहरूको सिर्जना र विकासमा हाम्रो पूर्खाहरूको ठूलो योगदान रहेको छ। त्यसैले हामी याक्थुङ (लिम्बू) जातिको मौलिक खानपानहरूको बारेमा केही विवरणहरू जानकारीका लागि सङ्क्षिप्त रूपमा तल राखिएको छ।

क) तोङ्वा

विशेषतः मद्यपानको लागि समेत हुने भए तापनि लिम्बू समुदायमा खाजाको रूपमा नै प्रयोग हुने गर्दछ।

ख) साग्याङ्/सेरगेम्बा

यो साग्याङ् परिकार सुँगुरको आन्द्रा, खुन, बोसो, चामल र झ्याउबाट बनाइन्छ। यो विशेष प्रकारको खाना हो, वा यसो भनौ कि परिकार हो। यसरी बनाएको खानालाई "साग्याङ" भनिन्छ। साग्याङ् भन्ने शब्द (मासुको एकप्रकारको पोको बनाउने चलन) बाट विकास भएको हो। यो परिकार सुँगुरको आन्द्रालाई राम्ररी सफा गरेर चामल, खुन, सानो-सानो मासुको चोक्टा, खोर्सानी, अदुवा, लसुन र प्याजजस्ता मरमसलासँग मलेर आन्द्राभित्र लगाई बाँधेर पकाउनुपर्छ। पाकेपछि सुकाएर सामान्य रूपमा तेलमा ओल्छाएर खाने चलन छ।

ग) पपन्दा

पपन्दा, विशेषगरी मकै वा कोदोको पिठोबाट मुछेर गोलाकार अण्डाको आकार जस्तो बनाएर आगोको भुङ्ग्रोमा सेकाएर खाने खानाको परिकार हो।

घ) लुङधाक्चा :
लुङधाक्चाको परिकारमा मकै, गहुँ, धान, कोदो र फापरको पिठोबाट बनाइने परिकार हो। यो परिकार बनाउनका लागि शुद्ध पिठोलाई पानीमा मुछेर गोलाई वा लम्बाई आकारको बनाएर पानीमा उसिनेर बनाइन्छ। यसैको अर्को परिकार भने चामल पकाएर त्यो चालमको भातसँग पनि बनाइन्छ।

ङ) इम्बि्रङःकिक्
इम्बि्रङःकिक् भनेको भट्मासबाट बनाएको किनामा हो। अर्को शब्दमा चेम्बिक् पनि भनिन्छ। इम्बि्रङ वा चेम्बिक भनेतापनि नेपाली भाषामा भने भटमास भनेर जानिन्छ। यो भटमासबाट बनाइने पौष्टिक तत्वयुक्त खानाको परिकार हो। लिम्बू परिवारमा किनामालाई दाल वा अचारको परिकारको रूपमा खाने चलन छ।

किनामा बनाउनको लागि भटमासलाई पाक्नेगरी उसिन्नुपर्छ। त्यसपछि चाल्नीमा तारेर राख्नुपर्छ। पानी तारिसकेपछि सामान्य फक्लेटो हुनेगरी ओख्लीमा कुट्नुपर्छ। अनि डालोभित्र सफा केराको पात राखेर मकै वा गहुँको पीठोले छर्की कपडाले छोपेर दुई-तीन दिनसम्म राख्नुपर्छ। तेस्रो दिनसम्ममा लसलस भएर किनामाको परिकार बनिन्छ। त्यो किनामाको परिकारलाई याक्थुङ (लिम्बू) पूर्खाहरूले मौलिक खानाको रूपमा सिर्जना गरेका हुन्। त्यसैले हामी याक्थुङ (लिम्बू) समाजमा यो परिकारलाई मौलिक खानाको रूपमा लिने गरिन्छ।

च) फःन्छे?
फःन्छे? हरियो मकैबाट बनाइने परिकार हो। हरियो मकैलाई छोड्याएर पाक्नेगरी उसिनेर सुक्नेगरी घाममा सुकाउनुपर्छ। यसरी सुकाएको मकैको स्वाद गुलियो रहिरहन्छ। विशेषगरी यो ठण्डी समयमा खाजाको रूपमा खाने परिकार हो। यसलाई बनाएर मासुसँग पनि खान सकिन्छ। सुँगुर, खसीको खुट्टासँग उसिनेर तेल, घ्यूसँग अल्छाएर पनि खाँदा हुन्छ। लिम्बू भाषामा "फःन्" भनेको (असिना) र से?/छे? भनेको दाना (गेडा) हुन्छ। यसरी असिनाको गेडाझैं देखिने मकैका गेडागुडी खाने चलन भएकाले यसलाई "फःन्छे" भनिएको हो।

छ) साहाःङ् :
साहाःङ् बनाउन सुँगुरको भित्र्याँस (आन्द्रा-भुँडी/मुटु-कलेजो आदि) लाई बेसार र कागतीको रससँग मलेर केही समय राख्नुपर्छ। त्यसपछि पाक्नेगरी उसिनेर सेलाउनुपर्छ। अनि ओखर, काजु वा नरिवल, प्याज, लसुन, अदुवा र खोर्सानी मिलाएर याङ्वेन (झ्याउ)सँग पकाएर एक प्रकारको स्वादिष्ट खानाको परिकार बनाईन्छ।

ज) वाम्युःक
वाम्युःक कुखुराको भुत्लाबाट बनाइन्छ। कुखुरा मारेपछि आगोमा पोलिन्छ। पोलेको भुत्ला र पखेटा, आन्द्रा, कलेजो, जाँते र खुट्टा काटेर लसुन, प्याज, अदुवा, चामलसँग पकाएर बनाएको परिकारलाई वाम्युःक (तिते) भनिन्छ।
झ) सगि?सुम्बाक्
सगि?सुम्बाक भनेको सिस्नोको दाल हो। सिस्नोको कलिलो मुना वा फूलेको फूललाई पकाएर दालको रूपमा खाने चलन लिम्बू समुदायमा पुरानो चलन हो। पौराणिककालमा याक्थुङ् (लिम्बू) जातिमा हाम्रा पुर्खाहरूले "कःक्फेक्वा तङ्नाम्" चाडका बेलामा सिस्नोको दाल र कन्दमूलहरू बनाएर खाने चलन थियो भन्ने कहावत पाइन्छ।

झ) सगि?सुम्बाक्
सगि?सुम्बाक भनेको सिस्नोको दाल हो। सिस्नोको कलिलो मुना वा फूलेको फूललाई पकाएर दालको रूपमा खाने चलन लिम्बू समुदायमा पुरानो चलन हो। पौराणिककालमा याक्थुङ् (लिम्बू) जातिमा हाम्रा पुर्खाहरूले "कःक्फेक्वा तङ्नाम्" चाडका बेलामा सिस्नोको दाल र कन्दमूलहरू बनाएर खाने चलन थियो भन्ने कहावत पाइन्छ।

ञ) नाम्बङ्ःचा :
नाम्बङ्ःचा भन्नाले नेपाली भाषामा "सिलाम्" भनेर जानिन्छ। लिम्बू भाषामा सिलाम्लाई नाम्बङ् भनिन्छ। यो पनि लिम्बू जातिको एक विशेष प्रकारको खाने परिकार हो। चामललाई पानीमा निकै समय भिजाएर राख्नुपर्छ। सिलाम्लाई पनि पानीमा सफागरी पखाल्नुपर्छ। अनि भिजाएको चामललाई तारेपछि सिलाम्सँग मिलाएर यसलाई

तयार गरिन्छ र यो यत्तिकै काँचै खाने परिकार हो।

ट) फाःन्दो

फाःन्दो फर्सीको वियाँ, भटमास र खोर्सानी भुटेर ओख्लीमा कुटेर बनाईन्छ। यो अचार वा दालको रूपमा पनि खानासँग खान सकिने परिकार हो।

ठ) खिप्चिरी

यो परिकार चामल, दाल, गेडागुडी, कालोदाल, राजमाद्वारा बनाएर खानाकै रूपमा खाने परिकार हो।

ड) फेङ्जा :

फेङ्जालाई नेपाली भाषामा कागुनी भनिन्छ। कागुनीलाई ओख्लीमा कुटेर चामल बनाईन्छ। त्यो चामललाई तेल वा घिउमा चाम्रेको परिकारको रूपमा बनाएर खानाको रूपमा खाने चलन छ।

ढ) फासुप् :

बाँसको तामाबाट बनाएर खाने परिकारलाई फासुप् (मेसो) भनिन्छ।

ण) खे?सुङ्

खे?सुङ् भनेको नेपालीमा मर्चा हो। लिम्बू भाषामा "खे?"को अर्थ "फूलबुट्टा/अलङ्कार" र "सुङ्" अर्थ "पोको" भन्ने हुन्छ। विभिन्न प्रकारका जडीबुटीहरू फूलबुट्टाकै रूपमा पोकोपारी बनाइएको हुनाले यसलाई खे?सुङ (मर्चा) भनिन्छ। खे?सुङ् (मर्चा)को प्रयोगमा आउने जडीबुटीहरू :

- खोदा?ई (पोथ्राको जराको बोक्रा), जस्को स्वाद गुलियो हुन्छ।
- खु?यु?मा (पोथी भिमसेनपातीको पात), यो पिरो र गुलियो हुन्छ।
- पिपिचंक्वा (पोरे लहरोको पात र जरा फूल), यो पिरो हुन्छ।
- हाःम्बेक् (अदुवा)
- मची (डल्ले खुर्सानी)
- या?श्या?(चामलको पीठो)

बनाउने तरिका :

चामललाई पिसेर पिठो बनाई माथिका जडीबुटीसँग ठिकमात्रामा मिश्रण गरी यो मर्चा बनाइन्छ। याक्थुङ(लिम्बू) समाजमा मर्चाको आविष्कार भएसँगै त्यसको निरन्तर विकास र प्रयोगको रूपमा आजपनि जाँड, रक्सी र निघार उत्पादन गरी प्रयोग भईआएको छ र यसले लिम्बू समाजमा संस्कारको रूपमा विकास भई सामाजिक मान्यता प्राप्त गरेको छ। उनीहरूले आफूले सेवन गर्ने पेय पदार्थ निर्माण गर्नका लागि यी जडीबुटीहरूको खोज गरी एकप्रकारको औषधी (दवाई) बनाएर मद्यपान तयार गरी खान सिके। मर्चाको आविष्कार आजभन्दा १६ हजार वर्षदेखि १३ हजार वर्षको समयमा याक्थुङ जातिका पूर्खाहरूले आविस्कार गरेका थिए।

९.७ याक्थुङ (लिम्बू)/संयकहरू/समाजले मान्ने देवी/देउता तथा धार्मिक अनुष्ठानहरू :

याक्थुङ(लिम्बू) जाति सामानिजम (क्कबलष्क) मा विश्वास गर्ने एक प्राचीन जाति हो। यसप्रकारका जाति नेपाल बाहेक उत्तरी यूरोप तथा साइवेरितिर पनि रहेको देखिन्छ। यसप्रकारका जातिहरू अदृष्य शक्ति, भूतप्रेत, पितृआत्मा, देवीदेउता आदिमा विश्वास राख्छन् र तिनीहरूको पूजाआजा गर्नका लागि उनीहरूले आफ्नो समाज सुहाउँदो पद्दति विकास गर्दछन्। याक्थुङ(लिम्बू) समाजमा मानिने यसप्रकारका देवीदेउता तथा अनुष्ठानहरूलाई सङ्क्षिप्तमा तल देखाउने प्रयास गरिएको छ।

क). देवीदेवता :

याक्थुङ (लिम्बू) हरू झैं संयक लिम्बूहरूले विभिन्न प्रकारका देवीदेउता (माङसाम्माङ) हरूलाई मान्दछन् र विभिन्न अवसरहरूमा तिनीहरूको पूजाप्रार्थना गर्दछन्। जसको वारेमा तल सामान्य व्याख्या गरिएको छ।

१. तागेरेनिङ्वाफुमाङः

याक्थुङहरूले व्रम्हाण्डको सृष्टिकर्ता (परमात्मा वा आदिशक्ति) को रूपमा _ तागेरेनिङ्वाफुमाङलाई मान्दछन् र पुजाआजा गर्दछन्।

२. अःवामा सम्माङ :

यस देउतालाई घरको संरक्षकको रूपमा चिनिन्छ र घरको मूलखम्वामा वर्षमा एकपटक पूजाआजा गरिन्छ र सुँगुरको पाठाको भोगवली चढाइन्छ। काटमार नगर्नेले फलफूलले पूजाआजा गर्दछन्।

३. याक्वा साम्माङ् :

याक्वासाम्माङ् भनेको वालीनाली लगाउनुभन्दा ठीक अगाडि गरिने पूजाप्रार्थना हो । प्राचीन समयमा प्रविधिको विकास नभएकोले सिँचाई कम हुने, वालीनाली कममात्र फल्ने, अनिकाल लाग्ने र परिवारमा खान नपुग्ने भएकाले, "यो वर्ष अन्न प्रशस्तै फलाईदेउ, अनिकाल नलागोस्, परिवारलाई खानलाउन पुगोस्" भन्ने कामनाको साथमा यो पूजाप्रार्थना गर्ने चलन थियो।

४. नाहाङ्मा(साम्माङ) :

नाहाङ्मा देवता रिसाएमा परिवारमा अरूको रिसराग लाग्छ र मृत्यु समेत आउँछ भन्ने लिम्बू समुदायमा विश्वास रहिआएको छ । त्यसैले, घरमूली कुनैपनि प्रकारको आपद्-विपदमा नपरून्, दुर्घटनाहरूमा नपरून, समाजमा उनको शीर सधैं उच्च र ठाडो हुनसकोस् भन्दै घरमूलीको शक्ति, प्रतिष्ठा र समाजमा ईज्जत बढोस् भनी कामना गर्नलाई प्रत्येक वर्ष वा तीनवर्षमा यो पूजाआजा गरिन्छ।

५. ताम्भुङ्ना (वनदेवी) :

वनदेवीलाई खुसी राख्न नसकेमा परिवारमा दूर्भाग्य र रोग लाग्छ भन्ने थाक्थुङ समाजमा प्रचलित विश्वास रहीआएको थियो। त्यसैले याक्थुङ समाजमा कुनैपनि अन्य प्रकारको कर्म, अनुष्ठान सम्पादन गर्नुअघि ताम्भूङ्नाको पूजाप्रर्थना गर्ने चलन छ र पहिले वनदेवीलाई कुखुरा वा फूल चढाइन्छ।

६. पुङ्साम्माङ (खोल्मेनी देवी) :

खेतीपाति लगाउनुभन्दा अगाडि यक्वापूजा गर्ने वेलामा यसपाली घरमा अन्न धेरै फलोस्, किराफट्याङ्ग्रा नलागोस्, हावापनी, घाम आदि राम्रो रहोस् भन्दै धरको वाहिर कुनै चोखो र उच्चस्थानमा सानो देवताघर (खोल्मा) बनाएर पूजाआजा गर्ने चलन छ । यो पूजाआजा मूलतः वाली लगाउनु अघि(उँभौली) र पाकेपछि चढाउने(उँधौली)को वेलामा सँगै पुङ्साम्माङ्को पहिले पूजाप्रार्थना गरिन्छ। यतिवेला घरमुली छोरीमान्छेको मैनाम् (वस्त्र) आवश्यकता पर्दछ । सम्भवतः छोरी मानिसहरू कृषि कर्ममा वढी जोतिने पुरानो चलन अनुसार यो उनीहरूकै नामबाट पूजा गरिएको हो।

७. युमासाम्माङ (बोजुदेवी)

युमासाम्माङ् मातृशक्तिको प्रतीकात्मक रूप हो । लिम्बू समाजमा मातृक्तिलाई पुज्ने परम्परा प्राचीनकालदेखि नै रहेको छ। र उनीहरूले युमासाम्माङलाई वर्षमा २ पटक वैशाख महिना र मङ्सिर महिनातिर पूज्ने चलन छ। यो पूजाआजामा मूलतः बोका, सुँगुर वा कुखुरा आदि काटेर भोगवली दिने चलन छ। तर, काटमार नगर्नेहरूले नैवेद,

फलफूल चढाएर समेत पुज्ने चलन छ। अन्य लिम्बू जातिमा यो देवी चेम्जोङ् चेलीहरूबाट भित्रिएको विश्वास गरिन्छ। मुन्धुममा याक्थुङ लाजेको पारूहाङ तेम्बे "पितृ मैदान" र मारूङ तेम्वे "मातृ मैदान" लाई पवित्र भूमिको रूपमा वर्णन गरिएको पाईन्छ। जहाँ सिन्युक लाजे तेम्बे सुचुवाङ् मुनाखामुतु आफ्नो पराक्रमले स्थापित गरे। मुन्धुम अनुसार तागेरा निङ्वा फुमाङ सर्वश्रेष्ठ मानिन्छ।

त्यहाँ अर्को देश पनि थियो। त्यो देशलाई होरूहाङ लाजे भनिन्थ्यो र त्यहाँ होरूहाङ राजा थिए। ती राजाले आफ्नो मुलुकका मान्छेहरूलाई ज्यादै दुःख दिन्थे। त्यहाँका मान्छेहरूले दुःखवाट मुक्ति पाउनका लागि तागेरानिङ्वा फूमाङसँग सेवा/प्रार्थना गरे। तागेरानिङ्वाफूमाङले सपनामा आकाशवाणी दिई होरूहाङ्को हिंसाको शासनबाट अब छिट्टै मुक्त हुने छौं भनी सपनामा माङ्वाणी दिनुभयो।

होरूहाङ कै छिमेकी राजा सुवाहाङ्का दुई छोराहरू थिए। जेठोको नाम पेन्छेहाङ् र अर्कोको हेन्योहाङ्(मुनाफेन्हाङ्) थिए। सुबाहाङले सपनामा होरूहाङले जनतालाई साह्रै दुःख दिएकाले उसलाई हटाउँछु। तिमीले उसँग लडाई गर्नुपर्छ भन्ने समना दिएपछि बिहान उठेर राजकुमारहरूलाई आफू सामु हाजिर हुन लगाए।

सुवाङहाङले राजकुमारहरूलाई धनुवाण थमाउँदै आशीर्वाद दिए यी धनुवाण धारण गरेर वनमा जानु, गएर दाजूभाईबीच धनुवाणको प्रतिस्पर्धा गर्नु, प्रतिस्पर्धामा जसले जित्छ उसले होरूहाङसँग लडाई गर्न जानुपर्छ भनेर आदेश दिए। राजाको आदेश अनुसार राजकुमारहरू बनमा गए र एकआपसमा प्रतिस्पर्धा गर्दा भाइले जितेछन्। अनि घरमा आईपुगेर दाजुले आफ्नो वुवाको सामु परेनन् र भाइ गएछन्। वुवाले कसले जित्यो त भनी सोधनी गर्दा कान्छा छोराले दाजूले जित्यो भनी जवाफ दिएछन्, तर वुबाले वास्तविकता पहिले नै थाहा पाईसकेकाले कान्छा छोरालाई होरूहाङसँग युद्ध गरी विजय गर्नु भनी धनुवाणले अभिषेक गरी आशिर्वाद दिएर पठाईदिए।

कान्छा छोराले युद्धमा जानका लागि त्यो राजाको राजदरबार कहाँ छ र त्यहाँ कसरी जानेहोला भनी सोँचगरी निदाएको बेला वायुपंखी घोडा लिएर दक्षिणतर्फ जानु, त्यहाँ पुगेर माङलाई सम्झिनु र त्यसवेला सुनुगेन् युमाको शक्ति तिम्रो शरीरमा प्रकट हुन्छ भनी सपनीमा तागेरानिङ्वाफूमाङ्ले सन्देश दिए अनुसार त्यही बमोजिम गरेपछि युमासाम्मङको वलले राजा होरूहाङमाथि विजय प्राप्त गरेको भन्ने रहेको छ।

पछि उनै युमासाम्माङ याकथुङ लाजेमा यासोकजडमा प्रकट भएर उदाएपछि नै यिनलाई युमासाम्माङ(बोजुदेवी) भन्न थालियो भनिन्छ। हालमा युमासाम्माङ देवी याक्थुङ लाजेका याक्थुङवाहरूको साझादेवीको रूपमा नै पूजिन्छ र युमासाम्माङलाई घरकी मातृशक्ति देवको रूपमा उनको पूजाआजा गरिन्छ।

८. थेवासाम्माङ

यो युमासाम्माङको विपरितको देव वा वाजेदेवता हो। तर याक्थुङ समाजमा थुमाको जति पूजा हुन्छ, त्यति थेवाको गरिन्न। यो पूजामा घरमूलीको मैनाम राखेर उसको र परिवारको लागि शक्ति माग्ने गरिन्छ। यस पूजामा पहिले-पहिले राँगा समेत काट्ने चलन थियो तर आजभोलि कुखुराको वली दिने चलन वढीमात्रामा रहेको पाईन्छ। याक्थुङ (लिम्बू) जातिमा थेवासाम्माङलाई "पितृशक्ति" को रूपमा मान्ने चलन छ। यो साम्माङ(देव)को उत्पतिको सम्वन्धमा मुन्धुम्को वर्णन निकै रमाइलो छ।

उहिले मानव र देवताहरूबीच भेटघाट र बोलचाल हुन्थ्यो। त्यसबेलाको एक मिथक अनुसार याक्थुङ लाजेको पूर्व दिशाबाट फासुती नामसुती नाम गरेको ठाउँबाट एकैसाथ तीनवटा साम्माङहरू उत्पति भए। पहिलो थेबासाम्माङ् वा केम्बा साम्माङ, दोस्रो फोराकाम्फूनिदम्बा र तेस्रो मुटोङ्गो येङ्गेनाबाहरू थिए। उनीहरूले वालङ् निमेन् हुँदै कयङ्लुङ (कञ्चनजंघा) र फत्ताङलुङ (कुम्भकर्ण) को हिमालको टांकुराबाट चारै दिशातर्फ हेरिसकेपछि दक्षिणतर्फको याक्थुङ लाजेमा आउने विचार गरे।

उनीहरूले कुम्भकर्ण हिमालबाट तमर (इम्बिनीयाङधाङ्वा) नदी हुँदै हेवाखोलाको दोभानमा आइपुग्दा साह्रै गलेर विश्राम लिए। केही समयको बिसाईपछि त्यहाँबाट हेंवाखोलाको उकालो लागे। उकालो जाँदा लहरा-लुहुरी फाँड्दै जाँदा आप्ताङ्वा र तिताङ्वा सुम्बादेन् दुई खोलाको देभानमा पुग्दा साह्रै गलेकाले फेरि विश्राम लिए।

विश्राम लिएर बसेको बेला त्यहाँको जंगलमा भएको लहराहरूमा लसुनो फूलहरू ढकमक्क फुलेको थियो। थेवासाम्माङले त्यो बेतको लहराहरू काँटेर सर्दक्पा (शरीर) ढाक्ने गरी पहिरिए, वेतै लहराले पटुका बाँधे, टाउँके फेटा जस्तो लगाएर फेटाको वरिपरि लसुन फूल लगाए र एउटा हातमा बेतको लठ्ठी, अर्कोहातमा ढुङ्गाको जाँतोको खोः (ढाल) लिएर अगाडि जाँदा पेपेलुङमा पुगेर विश्राम लिए। त्यहाँ बसेर तल हेर्दा लाईवा र तुईवा नम गरेका दुईजना नेम्बाङहरू गोठमा बसेका देखेछन्। उनीहरूले गाईवस्तुहरू पालेका थिए र गाईवस्तुहरू जंगलमा चरणमा लैजाँदा बाघले खाइदिएकाले ती दाजुभाइ दिक्क भएर बाघलाई सोलापासो थापे तर जति थापेपनि थेबासाम्माङले सोलापासोलाई उठाईदिन्थे र बाघलाई कहिले पनि पासोमा पार्न सकेनन्।

ती गोठालाहरूले यसरी कसले सोलापासोलाई उठाइदिन्छ भने पत्ता लगाउन एकदिन ढुकी बस्नथाले। एकदिन एकजना केम्बा (अम्लो) पाको मान्छेले पासो उठाउँदै गरेको भेटेछन्। यो बुढोमान्छेलाई लगेर ठिङ्गुरो ठोकी त्यसरी किन सोलापासो उठाएको हो उसलाई सजाय दिनुपर्छ भनी दाजूभाइले सल्लाह गरेछन्।

अनि उनीहरूले थेबासाम्माङ् बुढालाई लहरा लुहुरीले जतिपपक बाँधेतापनि बाँध्न नसकी छुटिहालेकाले तिनीहरूले हार खाएछन् र त्यसैबेला थेबासाम्माङ आफू स्वयंले उनीहरूलाई भनेछन् कि तिमीहरूले मलाई बाँधेर लाने हो भने यसरी लहराले होइन्।। रातो, निलो, पँहेलो, कालो धागोको डोरोले (मेरी हुम्बाङ्खी) ले बाँध्नु अनिमात्र मलाई बाँध्नसक्छौ। उनकै भलाई अनुसार धागोले बाँधेर ल्याउँदा थेबासाम्माङ बीचैबाटैमा अल्पिए।

थेबासाम्माङ लाइवा र तुइवाहरूको आङ्मा परेकाले केही दिनपछि उनीहरू बहुलाउन र छटपटाउन थाले। उनीहरूले एकपट्टि काखीमा ढिकी र अर्कोपट्टि जाँतो च्यापी उफ्रँदा सजिलै घरका धुरी नाघे। त्यसपछि तिनीहरूका आङमा मुक्सामा (देव/शक्ति) चढेकाले वनमा गईवस्तु खाने बाघलाई पछारी मारेछन्।

त्यसरी छटपटाहट हुँदा त्यो गाउँका याक्पाङदेन थरका बुढो याक्थुङ् फेदाङ्मालाई बोलाएर जोखाना हेर्न लगाएछन्, जोखाना हेर्दा यिनीहरू गोठमा बस्दा एउटा बुढोलाई बाँधेर ल्याएका थिएछन् तर ती मान्छे नभएर उनी थेबासाम्माङ थिए। तीनै थेबासाम्माङ उनीहरूको आङ्मा चढेकाले यसरी छटपटाएको हो भनी भनेछन्।

अब कस्तो मानमनितो गर्दा यो व्यथा निको हुन्छन् त भनी फेदाङ्मालाई सोधानी गर्दा ३ वर्षे भेडालाई थान थपना राखी भोगबलि दिएर पूजापाठ गरीदिनुपर्छ भनी सल्लाह दिएपछि फेमखोला र हेंवाखोलाबीचको हेरेर इसाङ, इरेरे यदुङ्यक भन्ने स्थलमा फिजिरी फेदाङ्माहरूले थानथपना राखी तीनवर्षे भेंडासँग विधिपूर्वक पूजाआजा गरे। त्यसरी थेबासाम्माङ् नेम्बाङ् कुल वंश घरानामा थान्छेङ्मा गरी सारा याक्थुङ् (लिम्बू) जातिको साझा पितृ शक्तिको इष्टदेव बनेको मूल्यमान्यता स्थापित भएको छ।

ख) अनुष्ठानहरू :

याक्थुङ (लिम्बू) जातिहरू प्रकृतिपूजक भएकाले प्रकृतिको फेरवदल भइरहँदा उनीहरूले विभिन्न प्रकारका अनुष्ठानहरू सम्पन्न गर्ने गर्दछन्। मूलतः अन्नबालीहरू लगाउने बेलामा, अन्नबालीहरू पाकेपछि तिनको प्रयोग गर्नुअघि आफ्ना पितृको नाममा र विभिन्न देवीदेउता (माङसाम्माङ) हरूको नाममा पहिले चढाउने काम सम्पन्न गर्नुपर्दछ। त्यसपछि मात्र मानवले उपयोग गर्नुपर्छ भन्ने विश्वास गरिन्छ। ती अनुष्ठानहरूलाई सामान्य व्याख्या सहित तल उल्लेख गरिएको छ।

१. चासोक माङ्खमा (न्वागी) :
यो पूजाप्रार्थना अन्नवाली पाकीसकेपछि घरभित्र्याउलाई गरिने विधि हो । अन्नवाली पाकिसकेपछि मूलतः परिवारहरू खुसी भएर "तिमीले हामीलाई जीवनदायिनी अन्नबालीहरू फलाएर दियौ, अब मेरा परिवारहरू यिनै अन्नहरू खाएर बाँच्न, आफ्नो प्रगति गर्न सफल हुनेछन्, त्यसैले तिमीलाई धेरै धेरै धन्यवाद छ," भनी प्रार्थना गर्दै पहिले तिनै प्रकृति देवीहरूलाई अन्नपातहरू चढाएपछि मात्र याक्थुङ (लिम्बू) हरूले घरमा अन्न भित्र्याउने परम्परा रहेको थियो ।

२. साप्पोक चोमेन् :
गर्भवती महिलाको पेटमा रहेको वच्चाको रक्षार्थ गरिने पूजालाई साप्पोक चोमेन् भन्दछन् । यसमा गर्भ नतुहियोस्, राम्रो-बलियो र स्वस्थ्य बालक-बालिकाको जायजन्म होस् भनेर कामना गरिन्छ ।

३. मुरूङ्सित्लाङ (मूलखम्बा/वास्तु)
याक्थुङ (लिम्बू) जातिहरूले आफ्ना अनुष्ठानहरूलाई मुन्धुम शास्त्रले निर्देशित गरे अनुसार सम्पन्न गर्दछन् । त्यसमध्ये घरको मूल खम्बामा(अक्वानामा साम्माङ)को अनुष्ठान गर्ने विधिलाई मुरूङ्सित्लाङ् (मूलखम्बा वास्तु) को नामले जानिन्छ । यो अनुष्ठानको सुरूवात् कसरी भयो भन्ने बारेमा मुन्धुमी व्याख्या यस्तो छ :

मुन्धुमशास्त्र अनुसार तेतेतुम्याङ पाजाइबाले आफूबस्ने घर बनाइसकेर लुप्लीवदन्हाङ्मासँग गरेको वाचाबन्धन बमोजिम आफ् घरमा लिएर आए । यसरी लुप्लीवदन्हाङ्मालाई लिएर आउँदा दिदीलाई पुऱ्याउन उनकी बहिनी नेत्तिफुङ्दिन्नामा पनि आइन् ।

विवाह कार्यक्रम सकिएपछि साम्केलो केवाफुवामाहरू बिदाबारी भएपछि आफ् घरगाउँ फर्के । नेत्तिफुङदिन्नामालाई पनि बिदाबारी दिन खोज्दा फर्केर जान मानिनन् । पाजाईवाले दिदीसँग आफ् विवाह भइसकेकाले बहिनीलाई पत्नीको रूपमा स्वीकार गर्न नसक्ने र नेत्तिफुङदिन्नामा पनि घर नफर्किने भएपछि समस्या उत्पन्न भयो । त्यो अवस्थामा पाजाईवाले समस्याको समाधान गर्नका लागि मेरो घरको बलेसी काटेर कहिल्यै कतैपनि जान नपाउने र घरको मूलथाम नछोडि घरको रखवारीको रूपमा वस्नुपर्ने भनी साली नेत्तिफङदिन्नामालाई वाचाबन्धन गराई राखे । त्यसैको प्रतिकस्वरूप आजपर्यन्त आफ्नो घरको आक्वामा (वास्तु) को रूपमा प्रत्येकवर्ष मूल खम्बामा अक्वामाको मानमनिताको लागि पूजाप्रार्थना गर्ने चलन चलेको भन्ने विश्वास गरिन्छ ।

४. साक्मुरा वादेम्मा (गालीसराप बगाउने) :
घरपरिवारका सदस्यहरूले जानेर नजानेर विभिन्न प्रकारका राम्रा नराम्रा कामहरू गरेका हुनसक्छन् र उनीहरूले ठूलाहरूबाट वा अन्यबाट नराम्रो गाली, अपशव्द पाएका हुनसक्छन जसले उनीहरूका प्रगतिमा व्यवधान पुऱ्याउन सक्छ । त्यसैले, त्यस्तो कार्यहरू भएको, गाली खाएको खण्डमा यही गालीसरापको कर्मबाट पखालियोस् र उनीहरू त्यसबाट मुक्त होउन् भनी कामना गरी यो गालीसराप वगाउने पूजाआजा सम्पन्न गरिन्छ । यस विधि गर्दा मूलतः आफ्नो पितृत्व वा मातृत्वको नजिक रहेका नदीहरू खोजिन्छ र नभएमा नदीका दोभानहरू, किनारहरू, नदीको नजिकका कुलोहरूमा गालीसराप गर्दाका सामग्रीहरूलाई बगाउने गरिन्छ । यो विधिमा काटमार गरिन्न र फूल, अक्षता आदिबाट पूजा सम्पन्न गरिन्छ ।

याक्थुङ (लिम्बू) जातिमा रहेका विभिन्न अनुष्ठानहरूमा गालीसराप बगाउने (साक्मुरा वादेम्मा) कार्यलाई प्रमुख मध्येको एक मनिन्छ । यो विधिको बारेमा एक रमाइलो मुन्धुमी कथा छ ।

अनादिकालमा यस लोकमा राजा थिए, उनले प्रजाहरूको न्यायनिसाफ आफ्नो दरवारमा गर्दथे । तर उनको देशमा

अरू पाँचजना पञ्चहरूले पनि न्यायनिसाफ दिन्थे । त्यो कुरा राजाले थाहपाए पछि ती पाँच पञ्चहरूलाई पक्राउ गरि आफ्नो दरबारमा ल्याउन सिपाहीहरूलाई खटाए । राजाको आदेश अनुसार सिपाहीहरूले उनीहरूलाई पक्रेर दरबारमा ल्याए । राजाको दरबारमा उपस्थित भएपछि, पञ्चहरूले राजा समक्ष बिन्ती विसाएर महाराज हामीलाई किन बोलाउनुभएको हो भनी सोधनी गरे । तिमीहरू को हौ ? तिमीहरूले मेरो राज्यमा न्यायनिसाफ पनि गर्छौं रे ? तिमीहरूलाई यस्तो प्रकारले न्यायनिसाफ गर्ने आदेश कसले दियो अनि यो देशको राजा म भएकाले मेरो आदेश विना कसरी तिमीहरूले न्याय निसाफ गर्‍यौ ? साथै तिमीहरूले कस्तो प्रकारले न्यायनिसाफ गर्छौ त, भनी बुझ्नलाई मैले तिमीहरूलाई बोलाएको हो भनी राजाले भने।

राजाले अझै थपे, मेरो सामुन्ने सही ढङ्गले निसाफ गरेछौ भने तिमीहरू बाँच्नेभयौ नभए तिमीहरूले सजाय पाउनेछौ भनि राजाले भनेछन्। ती पाँचहरूले राजासमक्ष बिन्ती गरेछन् : “हजुर हामीलाई यसो एकान्तमा एक्छिन सल्ला गर्ने समय दिनुहोस्, हामी सल्लाह गरेर हजुरको सामु उपस्थित हुनेछौ” भनि बिन्ती गरेपछि राजाले उक्त मौका दिए। ती पाँच पञ्चहरू एकान्तमा गएर राजाले त हामीलाई सजाय दिनलाई बोलाएका रहेछन्, हामी सबैले एकबचन, एकबाचा र एकैशब्द बोल्नुपर्छ, भनि सल्लाह गरी राजाका सामु उपस्थित भएछन्।

उनीहरू फर्किए पछि राजाले सल्लाह गर्‍यौं त ? भनी सोध्दा ती पाँच पञ्चहरूले एकैस्वरमा “हजुर सल्लाह गरी उपस्थित् भयौं” भनी जवफ दिएछन्। राजाले के सल्लाह गर्‍यौ त भनी फेरी सोध्दा उनीहरूले “हामीहरूले त्यसरी केही गल्ती गरेको जस्तो लाग्दैन, दूधको दूध, पानीको पानी सत्य साँचो हो” भनी बिन्ती गरेछन्। राजाले आदेशको स्वरमा “तिमीहरूलाई आज परीक्षा लिनेछु, परीक्षामा पास भएछौ भने ठिकै छ, फेल भएछौ भने सजाय पाउनेछौ” भनी उर्दी गरे र दरबार भित्र गएर दुईवटा गाग्रोमा पानी भर्न लगाएछन्।

एउटा गाग्रोमा राजाले लगाउने फेटा (पागा) लगाएछन् र अर्को गाग्रोमा भने पानीमात्र लगाई विर्कोले छोप्न लगाएर बाहिर आँगनमा राखिदिएछन्। अनि राजाले गाग्राहरूलाई देखाएर पाँच पञ्चहरूलाई “यसभित्र के छ” भनी सोधेछन्। “तिमीहरूले भन्नसक्यो भने पक्का पाँच पञ्च ठहरियौ, भन्न सकेनौ भने कारवाहीमा पर्नेछौ” भनि राजाले थपेपछि पाँच पञ्चहरूले फेरि बिन्ती गरी एकान्तमा गएर सल्लाह गर्नपाउँ भनी बिन्ती बिसाएछन्। एकान्तमा गएर सल्लाह गरी राजाको सामु उपस्थित भएपछि पाँचहरूले “महाराज यो दाहिनेपट्टिको गाग्रोमा काली नाग पो रहेछ” भनेपछि भारदारहरूले गाग्रो घोप्ट्याउँदा त गाग्रोबाट साँच्चै कालो नागसर्प निस्किएछ। अनि अर्कोमा चाँही दूध रहेछ भनेछन्। नभन्दै त्यसबाट सेतो दूध निस्किएर बगेर गएछ। त्यो देखेर राजा आश्चर्यचकित भएछन्। “तिमीहरू साँचो सत्य पाँचहरू रहेछौ। अबदेखि यो पृथ्वीमा तुतुगेन तुम्याहाङको भूमिका खेली समाजमा न्यायनिसाफ दिनु।” भनेर आशीर्वचन दिएछन्।

त्यो खबर माथि सेसेवादेनमा तागेरानिङवाफुमाङले चाल पाएछन्। अनि माङले ती पाँच पञ्चहरूलाई परीक्षण गर्न यस पृथ्वीलोकमा रहेको एउटा घरको कुनै परिवारको महिलाको रूप लिएर आएछन। त्यो घरकी महिला भने त्यसबखतमा धारामा गएर आफ्ना श्रीमानका लुगा धुँदै थिएछन् “तिमीले किन मेरो बुढाको लुगा धुएको हो?” भनी रूपधारी महिलाले निहुँ खोजिछन्। “कसरी तिम्रो बुढा हो, मेरो पो बुढा हो” भनि घरकी महिलाले जबाफ दिएपछि उनीहरू बीच झगडा परेछ। दुवैजनाले आफ्नो लोग्नेको दाबी गर्दै बुढा भएकोमा पुगेपछि बुढाले पनि कुन उनको श्रीमती हो भनि खुट्याउन सकेनन्। दुवैजना महिलाको आकारप्रकार एकै भएकाले बुढाले छुट्ट्याउन नसकी अश्चर्यमा पर्दै नवाहाङ राजा समक्ष बिन्ती गर्न पुगेछन्।

नवाहाङ राजाले दुवै महिलाहरूलाई बोलाएर सोधपुछ गर्दा दुवैजनाले आफ्नो लोग्ने भएको दाबी पेश गरेछन्। रूप, रङ्गबाट कुनै किसिमले छुट्याउन नसकेपछि नवाहाङ राजाले “यी दुई महिलाहरूलाई तुम्याहाङ पाँच पञ्चहरूले मात्र खुट्याउन सक्छन् भनी उनीहरूलाई बलाउन आदेश दिएछन्। अनि पाँच पञ्चहरूलाई उपस्थित भएपछि “हामी यिनीहरूलाई खोलामा लगेरमात्र खुट्याउन सक्छौ भनेपछि राजा लगायत सबै उपस्थित मान्यवरहरू खोलामा पुगे। उनीहरूले त्रिवेणी खोलाको दोभान वारिपट्टि सातवटा लिङ्गो बास रोपेछन्। लिङ्गैपिच्छे सातवटा ढुङ्गा रोपेछन र

सातजोर लासो राखेछन् । कन्दमुलहरूलाई लासो माथि मिलाएर राखेछन् । साथै खोलाको बीचमा एउटा लिङ्गो रोपेछन । सातवटा लिङ्गो र ढुङ्गामा सातफन्को धागो वरिपरि लिङ्गोमा बेरेर एकजोडी करूवा लोहोटामा धागो छिराएछन् र करूवा लोहोटामा दूध भरेर राखेछन । त्यति सरजम तयारी गरेपछि ती पाँच पञ्चहरूले सबै मान्यवर उपस्थितहरूलाई सम्वोधन गर्दै भनेछन् : "हामीमाथि सङ्कट आईलाग्यो, जान्नु केही थिएन, एउटा सत्यबाचा मात्र हो । यी दुबै महिलाको दाबीको सत्यसाँचो तागेरानिङवाफुमाङले मात्र जान्नुहुन्छ । हामी त एउटा कारिन्दा मात्र हौ । त्यसैले, जसले यो धागोको तरङमा वारिपारि गरि यो करूवामा छिरेर निस्कन्नसक्छ उनैको बुढा हुन्छ," भनी वाचा गरिदिएछन् ।

त्यो बाचाबन्धन अनुसार रूप परिवर्तन गरी आएकी महिलाले पञ्चहरूले भनेको जस्तै धागोमा वारिपारि गरेछन् अनि "मेरो बुढा भयो हैन त" भनी पाँच पञ्चहरूलाई सोधेछन् । "तपाईं त मान्यवार सृष्टिकर्ता हुनुहुन्छ, हामीलाई आशीर्वाद दिनुहोस्, हामी त तपाईं कै सन्तान हौं" भनी पञ्चहरूले एकैस्वरमा बिन्ती गरेछन् । अवतार फेरिएर आएकी मानवरूपीले "तिमीहरू पञ्चहरूले गरेको कामको बारेमा थाहभयो, त्यसैले यो कुरा बुझ्न आएको थिएँ, कुरा साँचोसत्य रहेछ, तिमी पाँचहरूले यो पृथ्वीमा मनुस्यजातिको लागि राम्ररी न्यायनिसाफ गरी बस्नु, तिमीहरू हाङ र माङबाट ठहर गरिदियौ" भनी आशीर्वाद दिएर अल्पिएर गएछन् । त्यहाँदेखि नै याक्थुङ (लिम्बू) जातिमा गालीसराप बगाउने (साक्मुरा वादेम्मा) कार्यको सुरुवात भएको मानिन्छ ।

५. तङ्सिङ मुन्धुम् (श्रीबृद्धि गर्ने/आँखी/डाही नलागुन् भन्ने)

वर्तमान् नेपालको पूर्वी भागमा अनादिकालदेखि नै याक्थुङ्वा (लिम्बू) हरूको बसोबास भई उनीहरूले त्यस याक्थुङ भूमिको सामाजिक धरातलमा सुहाउने आफ्ना मुन्धुम (शास्त्र) अनुसारका विभिन्न संस्कारहरूका जग वसाली विकास गरेका थिए ।

यो मृत्युसंस्कारसँग जाडिएको एक संस्कार विधि हो । थाक्थुङ समुदायमा कुनै व्यक्तिको मृत्यु संस्कार विधि अन्तर्गत नूनतेलको कर्म सकिएपछि निधो गरिएको शुद्धाइँको कर्मको दिनको सामदेखि यो तङ्सिङ् विधि गरिन्छ । यस सुद्धाई कार्यमा तङ्सिङ्को विधि एकराते, तीनराते वा सातरात (एक रातमा सकिने, तीनरातमा सकिने वा सात रातमा सकिने) विधिहरू गरिन्छन् । कँहीकतै एकरातमा सङ्क्षिप्तमा सबै विधिहरूलाई अवलम्वन गर्दै साम्वाले संस्कार विधि सम्पन्न गर्दछन् । तीनरातसम्म काम हुनेभयो भने, दोश्रो रातमा मृतक परिवारको गालीसराप बगाउने आदि काम हुन्छन् र तेश्रो रातामा ग्रह काट्ने, सिलामसाक्माले मृत आत्मालाई छेक्ने आदि कर्महरू सम्पन्न हुन्छन् । त्यतिवेला छोरीमान्छेको तङ्सिङ्को रूपमा हँसिया, खुर्मी र छोरामान्छेको लागि खुकुरी, कर्द आदि राखिन्छन् ।

मुक्सिङ्(येगेसिङ-यो) तङसिङ् तोःम्मा गर्ने मुन्धुम अनुसार तङसिङ् मेहे(मुक्सिङ/येगेसिङ) तङसिङहरू सजाएर राख्नुपर्छ । छोराको चारपल्ट र छोरीको तीनपल्ट आआफ्नो तङसिङ्मा केकेक (शिरमा ट्वाक..ट्वाक गर्ने काम्) गर्नुपर्छ । अनि तङसिङ नभएकाहरूले आमाबुवाको तङसिङ् वा आफूभन्दा ठूलो मान्छेको तङसिङ्मा सम्झेर केकेक गर्नुपर्छ । यो तङसिङ् गर्दा तङसिङ् तोःम्मादेखि वाचन गरी नसकेसम्म तङसिङवालाहरू उभिनुपर्दछ । तङसिङ फेमा, तिक्मामाथि सेभामा/चोःत्लुङमा पुर्‍याएर तङसिङ् चढाउनुअघि खेमाहरूको बाटो छेक्नुपर्छ । अनि तङसिङ राख्ने चोःत्लुङ बनाउनुपर्छ । त्यसपछि तङसिङवालाहरूको पित्रीहरूलाई सम्झेर फाँक्नुपर्छ । तङ्सिङ् भित्र पनि मूलतः तल उल्लेख गरिएका विधाहरू पर्दछन् ।

- खेमा सेःम्मा तङसिङ मुन्धुम (मृतआत्मालाई छुट्याउने शास्त्र)
- खाम्बोःक सेःम्मा मुन्धुम(माटोको आत्मा छुट्याउने शास्त्र)
- सेभा कोःत्मा मुन्धुम(तङसिङ राख्नेस्थान खोज्ने शास्त्र)
- तङसिङ् तःक्मा मुन्धुम(संस्कार थाम्ने शास्त्र)
- पोमा वामा मुन्धुम(आशिर्वाद माग्ने शास्त्र)

६. माङ्गेन्ना (शिर उठाउने) मुन्धुम :

यो एक प्रतिकात्मक प्रकारको पूजाआजा हो। मानिसहरू बाँच्नका लागि सङ्घर्षरत रहँदा वा गतिशील हुँदा जानेर वा अन्जानमा गल्ती तथा कमजोरीहरू गर्ने गर्दछन् । जसका कारण उसको इज्जत, प्रतिष्ठामा आँचपुग्छ र शीर निहुराउनु पर्ने अवस्था सिर्जना हुनसक्छ। त्यसैले, उनीहरूलाई यो अवस्थाबाट मुक्ति दिलाउनका लागि भनेर यो पूजाआजा गरिन्छ । यतिवेला परिवारको सबै सदस्यहरूको सुस्वास्थ्यको कामना समेत गरिन्छ । यस पूजामा कुखुराहरूको वली चढाईन्छ । माङ्गेन्ना पूजाको चलनमा मूलतः माइतीहरूले चेलीहरूको प्रगति र कल्याणको कामना गर्दै र चेलीहरूले माइतीहरूको कल्याणको कामना गर्दै गरिने पूजाप्रार्थनाको कर्म हो । यो अनुष्ठानमा कुखुराको भाले र पोथी चाहिन्छ । एकजोडि कोदो र मर्चा मिसाएर बाँसको ढुङ्ग्रोमा हालेर वनाएको तोङ्वाको प्रतिक, एकजोडि साप्तोक (घुङ्ग्रिङ) र पूजा गरिने व्यक्तिको प्रतीक स्वरूप कम्मरभन्दा माथि पहिरिने वस्त्रको आवश्यकता पर्दछ जसलाई येवा वा मैनाम् भन्दछन्। र, यो पूजा गर्दा विवाहित चेली भएमा पनि माइतीघरमा आएर उक्त पूजाकार्य गर्नुपर्दछ।

सृष्टिको रचना गर्दा तागेरानिङ्वाफूमाङ(सृष्टिदेव)ले विभिन्न देवहरू (पोरोक्मी यम्फामी)को रचना गरी सृष्टिका अन्य रचनाहरू पूरा गर्न ज्ञान, बुद्धि र विवेक दिनुभयो । पोरोक्मी यम्फामी माङहरूले तागेरा निङवा फूमाङबाट आज्ञाबाट सृष्टिको रचनाहरू पुरा गर्दै चलायमान मानवको सृष्टि गर्नको लागि प्रयास गर्दा सफल नभई अन्तमा निङ्गालो बाँसको खरानी र पानीको लेऊ मुछेर मानवको रूप बनाई श्वास प्रश्वास भरी वोलाउँदा "के भनेको" भनी जवाफ आएपछि कस्तो कस्तो चिजको वनाउँदा नवोलेकोले रिसले "थुक्क" भनिदिए पछि त्यो वोलीले त्यो मानवको शिरढली, लल्याकलुलुक भई भुँईमा ढल्यो । पछि बल्लबल्ल सफल भएको मानव अचेत भएको देखी तागेरानिङ्वाफूमाङसँग गई फेरि बिन्ति बिसाएर विभिन्न जडिबुटीहरू सेरेङ्ना, खेयुङ, खेसुङसिदा, मिक्की लेक्वा, सुवा ही र पिपिजवा दबाई बनाएर खुवाउनु भनी पोरोक्मी यम्फामीलाई अराएपछि सृष्टिको त्यो पहिलो मानव ब्यूँतियो।

यसरी मुन्धुम अनुसार मानव उत्पत्ति भएको बेलादेखिनै शिर ढलेकोले सिद्धिशक्ति प्राप्तिका लागि याक्थुङ (लिम्बू) जातिले माङ्गेन्ना (शिर उठाउने) विधि मुन्धुमशास्त्र अनुसार गर्ने चलन रहेकोछ। र, यहीवेला देखि नै संयक वंश (याक्थुङ लिम्बू जाति) मा शीर उठाउने माङ्गेन्ना विधि चलिआएको भन्ने विश्वास गरिन्छ।

६.१ माङ्गेन्ना गर्न आवश्यक पर्ने सामाग्री तथा विधि :

लिम्बू जातिमा माङ्गेन्नालाई देवारी (लिम्बू पूजारी) वाट सम्पन्न गर्ने गरिन्छ। जसका लागि देहायका सामाग्रीहरू आवश्यक पर्दछन :

- कुखुराको भाले र पोथी (कतै अण्डाले काम चलाउने)
- केराको पत्ता
- अछेता, चामल

६.२ माङ्गेन्ना गर्ने मुन्धुम् तथा विधि :

माङ्गेन्ना गर्दा प्रायः साँझको समयदेखि सुरू गरिन्छ । माङ्गेन्ना गर्ने घरको कुनै चोखो भागलाई रोजेर सफा तुल्याइन्छ । त्यसमा केराको पत्तालाई विधिवत् रूपले विच्छ्याएर चुच्चो ढुङ्गाहरूलाई विभिन्न देवी-देवताको प्रतिकको रूपमा स्थापना गरी मुन्धुम फलाक्न सुरू गरिन्छ। यो विधि निकै लामो समयसम्म चल्छ र एकै प्रकारले लामो समयसम्म देवी-देवताहरूलाई पुकार गर्दै माङ्गेन्ना गरिने व्यक्तिको लागि गल्ती, कमी कमजोरीहरूको लागि क्षमा माग्दै शीर उच्च रहोस् र उसले चिताएको, साँचेको कामना पुराहोस् भनी आशिर्वाद् मागिन्छ। संयक लिम्बू वंशको माङ्गेन्ना गर्दा माङदेम्वा(देवारी)बाट वाचन गरिने मुन्धुम् देहाय अनुसार रहेको छ।

याक्थुङ् (लिम्बू) संयक वंशको माङ्गेन्ना मुन्धुम्[१४]

क्रम	याक्थुङ पान	क्रम	नेपाली भाषामा
१	[illegible]	१	उन्छेन्- ईक्सा होप्ते, खाम्बेक् होप्ते ॥ खेजिक नेस्से, खेहङ नेस्से । मुहङ् नेस्से, खेहङ नेस्से ॥ सिक्कुम् दाइमे, निङ्वा दाइमे । पेलिगेन् ग, पान्जाइ दाइमे ॥
२	[illegible]	२	ए- ईक्सा युक्खुङ, खाम्बेक् युक्खुङ । तलक्केन् ग ताइसाङ फच्छुङ ॥ इक्सा चङ्धो, खाम्बेक् चङ्धो । तान्छो थान्छिङ, युन्छो थान्छिङ ॥ सिक्कुम् दाइमे, निङ्वा दाइमे । पेलिगेन् ग, पान्जाइ दाइमे ॥
३	[illegible]	३	ए - मिधुङ युक्खुङ, मिराक् युक्खुङ । ईक्सा दिङ ग, खाम्बेक चङ्धो ॥ तलक्केन् ग, ताइसाङ फच्छुङ । तान्छो चोगुङ, युन्छो चोगुङ ॥
४	[illegible]	४	ए - मुसो नेस्सु, खियो नेस्सु । कुला फच्छु, कुनाम् फच्छु ॥ युन्छो लुङ ग, कुनाम् पिन्दे । ईक्सा चङ्धो, खाम्बेक चङ्धो ॥ सिन्युक् नेस्से, मुदेन नेस्से । तेमेन्दिङ ग, वलक नेस्से ॥
५	[illegible]	५	ए एप्फा ईसिक्, आच्छुम् ईसिक्, सिमिक् तोङनु,फामिक् तोङनु ॥ तेमेन केरे,पेहि केरे । पेलि गेन्ग,पान्जाइ नेस्सु,
६	[illegible]	६	ए लाजे युक्खु,सिइला युक्खु । युन्छो नुग,तान्छो सेःसिङ ॥ वया दिङ्ग,खेम्सिक् वाःरे । चिजिवला चोगु,मु सुःला चोगु ॥ मुदक् चोगु,खेम्सिक् याःरे ।

[१४] मिति २०७४ माघ १५ गतेका दिन साविक खुवाफुक गाविस हाल साँगुरी गाउँपालिका वडा नं. ३ निवासी दिल बहादुर संयक (वर्ष ७८) सँग संस्थाको अध्यक्ष राजेश तुम्बा संयकको माङ्गेना गर्दा रूद्र तुम्बा संयकले गरेको रेकर्ड लिप्यान्तरण गरिए अनुसार।

७	ᤀᤣ ᤔᤡᤰᤁᤡ ᤆᤥᤃᤢ, ᤑᤢᤡᤘᤠᤏᤣ ᤆᤥᤃᤢ । ᤜᤡᤸᤗᤡ ᤏᤢᤔᤣᤴ, ᤔᤣᤴᤇᤠᤶ ᤏᤢᤔᤣᤴ । ᤔᤣᤴᤇᤠᤶ ᤆᤥᤃᤢ, ᤕᤠᤶᤓᤡ ᤆᤥᤃᤢ । ᤐᤣᤗᤡᤃᤣᤴ ᤂ ᤐᤠᤴᤈᤠᤱ ᤔᤣᤕᤠᤖᤣᤴ । ᤀᤡᤆᤢᤱ ᤍᤡᤱ, ᤀᤣ᤹ᤑᤠ ᤐᤥᤂᤣ ।	७	ए मिक्कि चोगु, फुइवाने चोगु ॥ हिल्लि नुमेन, मेन्छाम नुमेन ॥ मेन्छाम चोगु, याम्भि चोगु ॥ पेलिगेन्गपान्जाङ मेयारेन् ॥ ईच्छुङ दिङग,एःफा पोखे ॥
८	ᤛᤡᤔᤡᤰ ᤋᤥᤱᤏᤢ, ᤑᤠᤔᤡᤰ ᤋᤥᤱᤏᤢ । ᤐᤣᤗᤡ ᤆᤥᤃᤢ, ᤛᤣᤘᤠ ᤆᤥᤃᤢ । ᤏᤠᤶᤛᤣᤘᤠ ᤆᤥᤃᤢ, ᤗᤠ᤹ᤛᤣᤘᤠ ᤆᤥᤃᤢ । ᤏᤠᤶᤛᤠ ᤁᤣᤛᤠ, ᤗᤠ᤹ᤛᤠ ᤁᤣᤛᤠ । ᤛᤰᤘᤠᤃᤣᤴ ᤂ, ᤔᤢᤀᤡ, ᤌᤠᤴᤇᤡᤱ । ᤐᤣᤗᤡ ᤔᤣᤕᤠᤖᤣᤴ ᤐᤠᤴᤈᤠᤱ ᤔᤣᤕᤠᤖᤣᤴ ।	८	सिमिक तोङनु, फामिक् तोङनु ॥ पेली चोगु, सेवा चोगु ॥ नाम्सेवा चोगु, लाःसेवा चोगु ॥ नाम्सा केसा, लाःसा केसा ॥ सक्वागेन्ग, मुई थान्छिङ ॥ पेली मेयारेनु पान्जाङ मेयारेन् ॥
९	ᤀᤣ ᤔᤣᤴᤇᤠᤃᤣᤴ ᤂ, ᤕᤠ᤹ᤶᤔᤡ ᤆᤥᤃᤢ ᤛᤠᤶᤛᤥ ᤗᤢᤱ, ᤕᤠᤶᤔᤡ ᤆᤥᤃᤢ । ᤛᤢᤍᤠᤱ ᤗ᤹ᤖᤣ, ᤔᤢᤍᤠᤱ ᤗ᤹ᤖᤣ । ᤐᤥᤖᤰᤛᤡ ᤏᤢ, ᤕᤶᤑᤠᤔᤡ ᤜᤠ, । ᤛᤣᤴᤍᤥ ᤐᤣᤛᤡ, ᤛᤣᤗᤠᤵ ᤐᤣᤛᤡ ।	९	ए मेन्छागेन्ग, याःम्मि चोगु साम्सो लुङग,याम्मि चोगु । सुदाङ लःरे, मुदाङ लःरे । पोरक्सि नु,यम्फामि हा । सेन्दो पेसी,सेलाप पेसी
१०	ᤀᤣ ᤁᤢᤒᤣ ᤑᤥᤂᤢ, ᤁᤢᤛᤠᤶ ᤑᤥᤂᤢ । ᤏᤠᤶᤛᤠᤖᤠᤔᤣᤴ, ᤗᤠ᤹ᤛᤠᤖᤠᤔᤣᤴ । ᤋᤠᤃᤣᤖᤠ ᤏᤡᤱᤘᤠ, ᤑᤢᤖᤣ । ᤛᤰᤘᤠ ᤃᤣᤴ ᤔᤢᤀᤡ, ᤌᤠᤛᤢ ।	१०	ए कुबे फोखु,कुसाम् फोखु ॥ नाम्सारामेन्, लाःसारामेन् ॥ तागेरा निङवा फुरे ॥ सक्वा गेन् मुई थासु ॥
११	ᤀᤣ- ᤛᤠᤱᤃᤣᤴ ᤐᤣᤖᤥ, ᤘᤕᤠ ᤐᤣᤖᤥ । ᤛᤡᤛᤠᤃᤣᤴ ᤔᤣᤴᤇᤡᤱ ᤛᤠ᤹ᤖᤥ । ᤏᤠᤗᤡᤃᤣᤴ ᤌᤠᤱᤘᤣᤴ ᤛᤠ᤹ᤖᤥ । ᤔᤡᤛᤢᤶ ᤍᤡᤱ, ᤔᤡᤖᤠᤰ ᤑᤥᤰᤂᤢ । ᤔᤡᤰᤁᤡ ᤗᤢᤱ, ᤑᤢᤱᤘᤠ ᤑᤥᤰᤂᤢ । ᤛᤱᤘᤠᤛᤠᤔᤣᤴ, ᤔᤠᤱᤃᤣᤴᤏᤠ ᤛᤠ᤹ᤔᤣᤴ । ᤐᤣᤗᤡ ᤕᤠᤖᤣ, ᤐᤠᤴᤈᤠᤱ ᤕᤠᤖᤣ ।	११	ए साङगेन पेरो, वया पेरो ॥ सिसागेन मेन्छिङ साःरो ॥ नालिगेन् थाङवेन साःरो ॥ मिसुम् दिङग, मिराक् फोक्खु ॥ मिक्कि लुङग, फुङवा फोक्खु ॥ सङवासामेन, माङगेन्ना साःमेन ॥ पेलि यारे, पान्जङ बारे ॥
१२	ᤀᤣ- ᤂᤠ᤹ᤐᤢ ᤏᤠᤔᤣ, ᤘᤜᤡ ᤏᤠᤔᤣ ᤏᤠᤶ ᤛᤣᤘᤠᤖᤥ, ᤗᤠ ᤛᤣᤘᤠᤖᤥ ᤏᤠᤘᤠ ᤍᤡᤱ, ᤆᤀᤡᤳ ᤌᤠᤴᤇᤡᤱ ᤔᤣᤘᤠ᤹ᤛᤥᤰ, ᤜᤡᤸᤗᤡ ᤏᤢᤔᤣᤴ ᤔᤢᤎᤡᤱ ᤏᤢᤔᤣᤴ, ᤆᤀᤡᤳ ᤌᤠᤴᤇᤡᤱ	१२	ए खाःपु नामे, वहि नामे नाम् सेवारो, ला सेवारो नावा दिङग, चईत थान्छिङ मेवाःसोग, हिल्लि नुमेन् मुधिङ नुमेन्, चईत थान्छिङ

१३	[illegible]	१३	ए पोरोक्मी नु, यम्फामी रे ॥ ईदु पेसी, सेलाम् पेसी ॥ ईमा सोःग, नाम्सारा मेन् ॥ ईमा सोःग, लाःसारा मेन् ॥ तागेराग, निङ्वा फुरे ॥ सेन्दो गेनम्, सेप्माङ् थासु ॥ सक्वा गेन्म, मुई थासु ॥
१४	[illegible]	१४	ए सेन्दो गेन्म, सेप्माङ् चङ्थो ॥ तुःतु गेन्नु, तुम्याहाङ् साःहाः ॥ याक्ला गेन्नु, सुहाङ् साःहाः ॥ खावा लुङ्नु, फाक्मुरा ईघाःपुहाः ॥ क्यागेन् तेसुम्, साङसाङ् तेसुम् ॥
१५	[illegible]	१५	ए साङ्गेन पेरो, पहि पेरो ॥ मिसुःम् दिङ्ग, मिराक् पोल्खुङ् ॥ मिक्कि लुङ्ग, फुङ्वा फोल्खुङ ॥ माङ्वा नाक्लो, येवो् दाङमेन् ॥ तागेराग, निङ्वाफु माङे ॥ पेलिगेनग, पान्जा थाङेरो ॥
१६	[illegible]	१६	येवो गेन्ःले, फुङ्वा युक्खुङ् ॥ सिङ्थुङ् पक्वा, लुङथुङ पक्वा ॥ येवो दाङमाले, वादुम् युक्खुङ् ॥ सिसा मेन्छिङ्, नालि थाङ्बेन ॥ कुन्छङ्वाबेन, सङ्वामाल्ले ॥ हाङ्वा नाक्लो, मुई नाक्लो ॥
१७	[illegible]	१७	ए मिसुम् फोल्खुङ, मिराक् फोल्खुङ ॥ सिक्कुम दिङ्ग, निङ्वा दाङमे ॥ नाम्वा केसा, लावा केसा ॥ पेली तोन्नु, हुक्सो युक्खुङलो ॥
१८	[illegible]	१८	ए- हाम्बेक्ला, खाम्हेःल्ला, आम्बेपजः कुल्ले यक्लो, पथे (बोधे) यक्लो सातिङ्गे तिङ्गेहाङले कुवाल्गर कुवाप्मिसा संयक हाङ्लो (फलाना……)

१९	[illegible]	१९	ए - सिसा-मेन्छिन् नालि-थाङबेन । येबो दाङमेन्ले येबोदाङबेनले ॥ वया:क्थाक्तुङलो, सेवाथाक्तुङलो । तागेरा निङवाफु माङे ॥
२०	[illegible]	२०	तेमेन थेङे वलङ थेङे । मिक्कि थेङे, फुङवा थेङे ॥ इक्शा चङधो, खाम्बेक चङधो । सङवामाल्ले साम्जिक ईसिक ॥ नालिगेन थाङबेन्ले । माङगेन्ना मेत्तुले ग वलङ थेङे ॥
२१	[illegible]	२१	ए- थक्सु, युङसिङबा, लाङबेबा, तुम्बा, तुम्सारे वलङ् थेङे ....लगायत
२२	[illegible]	२२	ए - सिसागेन् ग मेन्छिन् सा:रो नालिगेन् ग थाङबेन् सा:रो सिभाक् येबो दाङमेल्ले सिभाक् येबो दाङबेल्ले: सेवा थाक्तुङलो, निङवा फुमे ॥
२३	[illegible]	२३	ए - युङसिङबा, तुम्बा, तुम्सा वलङ् थेङेरो ॥ साम्जिक इसिक्, मुन्धुम इसिक ॥ मिक्कि चङधो, फुङवा चङधो ॥ माङगेना मेत:तुल्ले, वलक् थेङे ॥ तुम्याहाङ युखुसिआङ, वलक् थेङ्ङ ॥
२४	[illegible]	२४	ए तागेरा माङे, निङवाफु माङे । मिक्कि फोखुङलो, फुङवा फोखुङलो ॥ सेक्सुरी फुङ्ग, नाम्याङमी फुङलो । अन्दङ फुङग, सुनाली फुङलो । सिङजागो फुङग, याम्जाङमा फुङ ग ॥

२५	ᤀᤣ ᤛᤡᤛᤠ ᤃᤣᤴ ᤃ, ᤔᤣᤴᤆᤡᤴ ᤑᤢᤱᤘᤠ । ᤏᤠᤗᤡ ᤃᤣᤴ ᤃ, ᤌᤠᤡᤒᤣᤴ ᤑᤢᤱᤘᤠ । ᤛᤡᤱᤈᤠᤱᤃᤥ ᤑᤢᤱ ᤃ, ᤛᤥ᤹ᤔᤠ ᤑᤢᤱᤗᤥ । ᤔᤡᤰᤁᤡ ᤛᤣᤴᤍᤢᤱᤗᤥ ᤑᤢᤱᤘᤠ ᤛᤣᤴᤍᤢᤱᤗᤥ ।	२५	ए सिसा गेन् ग, मेन्छिन् फुङ्वा । नालि गेन् ग, थाइबेन् फुङ्वा ॥ सिङ्जाङ्गो फुङ् ग, सोःम्मा फुङ्लो । मिक्कि सेन्दुङ्लो फुङ्वा सेन्दुङ्लो ॥
२६	ᤀᤣᤒᤕᤠᤍᤡᤱ ᤜᤢᤰᤛᤥ ᤋᤥᤴᤍᤢᤱ ᤗᤥ । ᤛᤢᤖᤡᤳ ᤁᤣᤴᤃ, ᤁᤣᤈᤱ ᤑᤢᤱᤖᤥ । ᤔᤢᤁᤢᤶ ᤑᤢᤱᤘᤠ, ᤛᤣᤔᤡ ᤑᤢᤱᤘᤠ । ᤏᤠᤗᤡ ᤃᤣᤴ ᤃ, ᤌᤠᤡᤒᤣᤴ ᤑᤢᤱᤗᤥ ।	२६	एबयादिङ् हुक्सो तोन्दुङ् लो । सुरित् केन्ग, केजङ् फुङ्रो ॥ मुकुम् फुङ्वा, सेमी फुङ्वा । नालि गेन् ग, थाइबेन् फुङ्लो ॥
२७	ᤀᤣ - ᤏᤠᤶᤕᤥᤒᤠ ᤑᤢᤱᤏᤢ, ᤑᤣᤍᤠᤱᤔᤠ ᤑᤢᤱᤏᤢ । ᤗᤠᤛᤠ ᤋᤥᤱᤏᤢ, ᤏᤠᤶᤛᤠ ᤋᤥᤱᤏᤢ । ᤔᤡᤰᤁᤡ ᤛᤣᤴᤍᤢᤱᤗᤥ, ᤑᤢᤱᤘᤠ ᤛᤣᤴᤍᤢᤱᤗᤥ । ᤋᤡᤱᤍᤡᤱ ᤔᤣᤴᤍᤢᤶᤔᤣ, ᤏᤠᤜᤣᤴ ᤔᤣᤴᤍᤢᤶᤔᤣ ।	२७	ए- नाम्योबा फुङ्नु, फेदाङ्मा फुङ्नु । लासा तोङ्नु, नाम्सा तोङ्नु ॥ मिक्की सेन्दुङ्लो, फुङ्वा सेन्दुङ्लो । तिङ्दिङ् मेन्दुम्मे, नाहेन् मेन्दुम्मे ॥
२८	ᤀᤣ - ᤗᤠᤛᤠ ᤋᤥᤱᤏᤢ, ᤏᤠᤶᤛᤠ ᤋᤥᤱᤏᤢ । ᤔᤡᤰᤁᤡ ᤛᤣᤶᤒᤥᤱ, ᤑᤢᤱᤘᤠ ᤛᤣᤶᤒᤥᤱ । ᤔᤡᤰᤁᤡᤏᤣ ᤆᤥᤶᤒᤡ, ᤑᤢᤱᤘᤠᤏᤣ ᤆᤥᤶᤒᤡ । ᤏᤠᤗᤡᤃᤣᤴ ᤌᤠᤡᤒᤣᤴ, ᤛᤡᤛᤠᤃᤣᤴ ᤔᤣᤴᤆᤡᤴ । ᤔᤡᤰᤁᤡᤏᤣ ᤁᤥᤋᤡ, ᤑᤢᤱᤘᤠᤏᤣ ᤁᤥᤋᤡ ।	२८	ए - लासा तोङ्नु, नाम्सा तोङ्नु । मिक्की सेम्बोङ्, फुङ्वा सेम्बोङ ॥ मिक्कीने चोम्बी, फुङ्वाने चोम्बी । नालिगेन् थाइबेन्, सिसागेन् मेन्छिन् ॥ मिक्कीने कोती, फुङ्वाने कोती ॥
२९	ᤀᤣ - ᤘᤠᤖᤢᤶ ᤑᤢᤱᤃ, ᤛᤠᤶᤔᤠᤱᤏᤣ ᤑᤢᤱᤗᤥ ᤑᤢᤱᤘᤠᤏᤣ ᤋᤩᤣᤖᤥ, ᤔᤡᤰᤁᤡᤏᤣ ᤋᤩᤣᤖᤥ ᤘᤠᤎᤠᤴᤏᤣ ᤑᤢᤱᤃ, ᤛᤠᤶᤁᤢᤶᤔᤠ ᤑᤢᤱᤗᤥ ᤔᤡᤰᤁᤡᤏᤣ ᤋᤠᤖᤢᤱ, ᤑᤢᤱᤘᤠᤏᤣ ᤋᤠᤖᤢᤱ ।	२९	ए - वारूम् फुङग, साम्माङ्ने फुङ्लो फुङ्वाने त्येरो, मिक्कीने त्येरो वाधान्ने फुङग, सामकुम्मा फुङ्लो मिक्कीने तारूङ्ग, फुङ्वाने तारूङ्ग ॥
३०	ᤀᤣ - ᤛᤣᤰᤔᤢᤖᤡ ᤑᤢᤱᤃ, ᤏᤠᤶᤕᤠᤶᤔᤡ ᤑᤢᤱᤗᤥ ᤔᤡᤰᤁᤡᤏᤣ ᤑᤥᤂᤢᤱ, ᤑᤢᤱᤘᤠ ᤑᤥᤂᤢᤱ ᤋᤢᤶᤍᤢᤶᤏᤣ ᤑᤢᤱᤃ, ᤒᤕᤠᤏᤣ ᤑᤢᤱᤃ ᤒᤕᤠᤏᤣ ᤋᤠᤖᤢᤱᤗᤥ, ᤑᤢᤱᤘᤠᤏᤣ ᤋᤠᤖᤢᤱᤗᤥ ᤋᤢᤶᤍᤢᤶᤏᤣ ᤏᤣ᤹ᤛᤡ, ᤒᤕᤠᤏᤣ ᤏᤣ᤹ᤛᤡ ᤛᤣᤰᤔᤢᤖᤡ ᤑᤢᤱᤃ, ᤋᤢᤶᤕᤠᤜᤠᤱ ᤑᤢᤱᤗᤥ । ᤒᤕᤠᤏᤣ ᤑᤢᤱᤔᤣᤴ, ᤘᤠᤎᤠᤴᤏᤣ ᤑᤢᤱᤔᤣᤴ ।	३०	ए - सेक्मुरी फुङग, नाम्याम्मी फुङ्लो मिक्कीने फोखुङ्, फुङ्वा फोखुङ् तुम्दुम्ने फुङग, वयाने फुङग वयाने तारूङ्लो, फुङ्वाने तारूङ्लो तुम्दुम्ने नेःसी, वयाने नेःसी सेक्मुरी फुङग, तुम्याहाङ् फुङ्लो वयाने फुङ्मेन्, वाधान्ने फुङ्मेन ॥

३१	ᤔᤡᤰᤁᤡ᤺ᤏᤣ ᤆᤢᤵᤛᤣ, ᤑᤢᤱᤘᤠᤏᤣ ᤆᤢᤵᤛᤣ ᤒᤕᤠ ᤃᤧᤏᤢᤱ, ᤆᤓᤳᤏᤣ ᤆᤢᤵᤛᤣ ᤒᤕᤠᤏᤣ ᤏᤧᤘᤡ, ᤑᤢᤱᤘᤠᤏᤣ ᤏᤧᤘᤡ ᤔᤡᤰᤁᤡᤏᤣ ᤋᤩᤧᤖᤥ, ᤑᤢᤱᤘᤠᤏᤣ ᤋᤩᤧᤖᤥ ।	३१	मिक्कीने चुप्से, फुङ्वाने चुप्से बया गेनृग, चभत्ने चुप्से बयाने नेवी, फुङ्वाने नेवी मिक्किने त्येरो, फुङ्वाने त्येरो ॥
३२	ᤀᤧ - ᤛᤨᤛᤠᤶ ᤔᤧᤴᤈᤨᤴᤏᤣ, ᤆᤨ᤺ᤳᤗᤢᤱ ᤔᤧᤴᤈᤨᤴᤏᤣ । ᤔᤡᤰᤁᤡ ᤔᤧᤴᤈᤨᤴᤏᤣ, ᤑᤢᤱᤘᤠ ᤔᤧᤴᤈᤨᤴᤏᤣ । ᤜᤢᤰᤛᤨ ᤃᤧᤏᤢᤱ, ᤛᤧᤘᤠ ᤔᤧᤴᤈᤨᤴᤏᤣ । ᤒᤕᤠᤍᤡᤱ ᤐᤠᤴᤗᤧ, ᤛᤠᤶᤔᤢᤰ ᤐᤠᤴᤗᤧ ।	३२	ए - सोसाम् मेन्जोन्ने, चोःत्लुङ् मेन्जोन्ने मिक्कि मेन्जोन्ने, फुङ्वा मेन्जोन्ने हुक्सो गेनृग, सेवा मेन्जोन्ने बयादिङ् पानुले, साम्मुक् पानुले ॥
३३	ᤀᤧ - ᤏᤡᤛᤠ ᤔᤧᤴᤈᤨᤴᤏᤣ, ᤆᤨ᤺ᤳᤗᤢᤱ ᤔᤧᤴᤈᤨᤴᤏᤣ ᤌᤠᤡᤱᤌᤠᤱ ᤑᤨᤂᤢᤱ, ᤔᤠᤱᤃᤧᤏᤠ ᤑᤨᤂᤢᤱ ᤏᤠᤗᤡᤃᤧᤴ-ᤌᤠᤡᤒᤧᤴ, ᤆᤨ᤺ᤳᤗᤢᤱ ᤑᤨᤂᤢᤱᤗᤨ ᤛᤡᤛᤠ-ᤔᤧᤴᤇᤡᤴ ᤆᤨ᤺ᤳᤗᤢᤱ ᤑᤨᤂᤢᤱᤗᤨ ।	३३	ए - निसा नेन्जोन्ने, चोत्लुङ् मेन्जोन्ने थाइधाङ फोखुङ्, माङ्गेना फोखुङ् नालिगेन-थाइवेन्, चोःत्लुङ फोखुङ्लो सिसा-मेन्छिन् चोःत्लुङ् फोखुङ्लो ॥
३४	ᤀᤧ - ᤋᤢᤋᤢ-ᤆᤨ᤺ᤳᤗᤢᤱ, ᤋᤢᤶᤕᤠᤜᤠᤡᤱ ᤆᤨ᤺ᤳᤗᤢᤱ ᤛᤧᤂᤠ ᤋᤠᤖᤢᤱ, ᤑᤢᤱᤘᤠ ᤋᤠᤖᤢᤱ ᤏᤠᤶᤛᤠ ᤋᤨᤱᤏᤢ, ᤗᤠᤛᤠ ᤋᤨᤱᤏᤢ ᤒᤕᤠ ᤃᤧᤏᤢᤱ, ᤕᤧᤒᤨ ᤍᤠᤡᤱᤔᤧᤴ ᤑᤢᤱᤘᤠ ᤏᤢᤷ ᤔᤡᤰᤁᤡᤏᤣ ᤏᤢᤷ ᤋᤠᤃᤧᤖᤠ ᤏᤡᤱᤘᤠᤑᤢ ᤔᤠᤡᤱ ᤛᤧᤘᤠ ᤌᤠᤍᤧᤖᤨ, ᤜᤢᤰᤛᤨ ᤌᤠᤍᤧᤖᤨ ᤜᤢᤰᤛᤨ ᤋᤠᤰᤋᤧᤀᤨ, ᤛᤧᤘᤠ ᤋᤠᤰᤋᤧᤀᤨ ।	३४	ए - तुतु-चोत्लुङ, तुम्याहाङ चोत्लुङ सेख्खा तारूङ्, फुङ्वा तारूङ् नाम्सा तोङ्नु, लासा तोङ्नु बया गेनग् येबो दाङ्मेन् फुङ्वा नुःर मिक्कीने नुःर तागेरा निङ्वाफु माङे सेवा थाङेरो, हुक्सो थाङेरो हुक्सो ताक्तेओ, सेवा ताक्तेओ ॥
३५	ᤀᤧ - ᤒᤕᤠᤍᤡᤱ ᤛᤧᤘᤠ ᤋᤠᤖᤢᤱ ᤗᤨ ᤗᤢᤱᤎᤢᤱ ᤃᤧᤏᤢᤱ ᤑᤢᤱᤘᤠ ᤋᤠᤖᤢᤱᤗᤨ ᤛᤰᤘᤠ ᤏᤢᤷ ᤔᤢᤀᤡ ᤏᤢᤷ ᤑᤢᤱᤘᤠ ᤏᤢᤷ ᤆᤨ᤺ᤳᤗᤢᤱ ᤏᤢᤷ ।	३५	ए - बयादिङ् सेवातारूङ् लो लुङधुङ् गेनृगफुङ्वा तारूङ्लो सक्वा नुःरमुई नुःर फुङ्वा नुःरचोःत्लुङ् नुःर ॥
३६	ᤀᤧ - ᤏᤠᤗᤡᤃᤧᤴ ᤌᤠᤡᤒᤧᤴ ᤛᤠ᤺ᤖᤨ । ᤛᤡᤛᤠᤃᤧᤴ ᤔᤧᤴᤇᤡᤴ ᤛᤠ᤺ᤖᤨ । ᤕᤧᤒᤨ ᤍᤠᤡᤱᤎᤡᤗᤗᤧ ᤆᤨ᤺ᤳᤗᤢᤱ ᤔᤧᤴᤈᤨᤴᤏᤣ । ᤔᤡᤰᤁᤡ ᤔᤧᤴᤈᤨᤴᤏᤣ, ᤑᤢᤱᤘᤠ ᤔᤧᤴᤈᤨᤴᤏᤣ । ᤜᤠᤡᤱᤘᤠ ᤏᤠᤰᤋᤢᤱᤗᤨ, ᤔᤠᤡᤱᤘᤠ ᤏᤠᤰᤋᤢᤱᤗᤨ । ᤜᤢᤰᤛᤨ ᤋᤨᤴᤍᤢᤱᤗᤨ, ᤛᤧᤘᤠ ᤋᤨᤴᤍᤢᤱᤗᤨ ।	३६	ए - नालिगेनृग थाइवेन् साःरो । सिसागेनृग मेन्छीन् साःरो ॥ येबो दाङ्धील्लेचोःत्लुङ् मेन्जोन्ने । मिक्कि मेन्जोन्ने, फुङ्वा मेन्जोन्ने ॥ हाङ्वा नाक्तुङ्लो, माङ्वा नाक्तुङ्लो । हुक्सो तोन्दुङ्लो, सेवा तोन्दुङ्लो ॥

३७	ᤀᤧ - ᤏᤠᤶᤛᤧᤘᤠ ᤌᤠᤀᤡᤧᤖᤥ, ᤗᤠ᤹ᤛᤧᤘᤠ ᤌᤠᤀᤡᤧᤖᤥ ᤋᤠᤃᤧᤖᤠ ᤏᤡᤱᤘᤠᤑᤢ ᤔᤠᤍᤧ ᤜᤢᤰᤛᤥ ᤋᤥᤴᤍᤢᤱᤗᤥ, ᤛᤧᤘᤠ ᤋᤥᤴᤍᤢᤱᤗᤥ ᤛᤧᤰᤔᤢᤖᤡ ᤑᤢᤱᤏᤢ, ᤆᤔᤧᤏᤠ ᤑᤢᤱᤏᤢ ᤕᤧᤒᤥ ᤍᤠᤀᤡᤔᤧᤴ, ᤜᤠᤀᤡᤘᤠ ᤏᤠᤰᤗᤥ ।	३७	ए - नाम्सेवा थाइेरो, ला:सेवा थाइेरो तागेरा निङ्वाफु माडे । हुक्सो तोन्दुङ्लो, सेवा तोनदुङ्लो सेक्मुरी फुङ्नु, चमेना फुङ्नु येबो दाइमेन्, हाइवा नाक्लो ॥
३८	ᤀᤧ - ᤌᤥ-ᤕᤥ ᤔᤧᤳᤗᤀᤧ, ᤔᤢᤌᤠᤀᤡ ᤔᤧᤳᤗᤀᤧ ᤀᤡᤰᤛᤠ ᤆᤀᤡᤌᤥ, ᤂᤠᤶᤒᤧᤰ ᤆᤀᤡᤌᤥ ᤛᤡᤀᤡᤌᤢᤀᤡ ᤐᤰᤘᤠ, ᤗᤢᤀᤡᤌᤢᤀᤡ ᤐᤰᤘᤠᤏᤢ ᤜᤢᤰᤛᤥ ᤕᤢᤂᤢᤱᤗᤥ, ᤛᤧᤘᤠ ᤕᤢᤰᤂᤢᤱᤗᤥ ।	३८	ए - थो-यो मेत्लए, मुथाइ मेत्लए इक्शा चइथो, खाम्बेक चइथो सिङथुइ पक्वा, लुङथुइ पक्वानु हुक्सो युखुङ्लो, सेवा युक्खुङ्लो ॥
३९	ᤀᤧ - ᤋᤠᤍᤡᤃᤧᤴ ᤃ ᤛᤧᤵᤔᤠᤱ ᤏᤢ᤹ᤖ । ᤛᤠᤱᤌᤢ ᤏᤢ᤹ᤖ, ᤛᤰᤔᤠ ᤏᤢ᤹ᤖ । ᤕᤧᤒᤥᤍᤠᤀᤡᤔᤧᤴ᤹ᤗᤧ ᤛᤡᤁᤢᤶ ᤍᤡᤱᤃ, ᤏᤡᤱᤘᤠ ᤍᤠᤀᤡᤔᤧ ᤛᤠᤕᤥ ᤏᤠᤰᤁᤗᤥ, ᤕᤠᤱᤛᤠ ᤏᤠᤰᤗᤥ, ᤜᤡᤗᤡᤸᤏᤢᤔᤧᤴ ᤔᤢᤌᤡᤀᤡ ᤏᤢᤔᤧᤴ । ᤕᤧᤒᤥᤍᤠᤀᤡ ᤔᤧᤴ ।	३९	ए - तादिगेन् ग सेप्माङ नु:र ॥ सांघु नु:र, सक्मा नु:र ॥ येबोदाइमेन्:ले सिकुम् दिङ्ग, निङ्वा दाइमे सायो नाक्कलो, याङसा नाक्लो, हिल्लिनुमेन् मुथिइ नुमेन् ॥ येबोदाइ मेन् ॥
४०	ᤀᤧ - ᤘᤕᤠᤃᤧᤴ ᤗᤠᤛᤥ ᤛᤠᤔᤠᤍᤧᤴ ᤕᤥᤓᤠᤖᤠᤖᤥ ᤜᤢᤰᤛᤥᤛᤧᤘᤠ ᤕᤢᤂᤢᤱᤗᤥ ᤋᤠᤃᤧᤖᤠ ᤏᤡᤱᤘᤠᤑᤢ ᤔᤠᤍᤧ ᤑᤢᤱᤘᤠᤏᤧ ᤑᤥᤀᤡᤏᤧᤖᤥ ᤆᤥ᤹ᤳᤗᤢᤱᤏᤧ ᤑᤥᤀᤡᤏᤧᤖᤥ ।	४०	ए - वयागेन् लासो सामादेन् योभारारो हुक्सोसेवा युखुङ्लो तागेरा निङ्वाफु माडे फुङ्वाने फोइनेरो चो:त्लुङ्ने फोइनेरो ॥
